# ताप्ली गाउँपालिकाको एकीकृत ग्रामीण विकास योजना

## २०७६-२०८०



नेपाल सरकार

ताप्ली गाउँपालिकाको कार्यालय, रुपाटार

ताप्ली गाउँपालिका

उदयपुर, प्रदेश नं. १, नेपाल

**KEY EXPERTS**

Mr. Shailendra Kumar Pokharel

Dr. Govinda Basnet

Mr. Juddha Bahadur Gurung

Dr. Bhuvan Keshar Sharma

Dr. Bharat Subba

Dr. Pushpa Pokharel

Dr. Krishna Raj Pant

Er. Pradeep Pokharel

Mr. Minesh Ghimire

Mr. Manish Kokh Shrestha

Mr. Damodar Bhandari

**Program Development**

Mr. Surya Man Shrestha

Mr. Kanchan Dahal

Mr. Pabin Sherestha

**Fellow Researchers**

Mr. Satish Chandra Poudel

Mr. Rabindra Bhattarai

Mr. Ganga Shrestha

Mr. Pashupati Gaire

**COPYRIGHT**

© Tapli Rural Municipality Office, Rupatar, Udayapur, Province No. 1, Nepal, 2019.

**WAIVER**

The materials of this publication may be reproduced in whole or in part and in any form for educational or non-commercial uses, without permission from the copyright holder, provided acknowledgement of the source is made.

No use of this publication may be made for resale or other commercial purpose without prior permission of the Tapli Rural Municipality Office, Rupatar, Udayapur, Nepal.

**CITATION**

TRM (2019). Integrated Rural Development Plan of Tapli Rural Municipality 2076-2080. Tapli Rural Municipality Office, Rupatar, Udayapur, Nepal.

**TECHNICAL SUPPORT**

2011 Calls for Collective Inputs and Actions CODEFUND

**CONSERVATION DEVELOPMENT FOUNDATION (CODEFUND)**
Nikhileshwor Marg, Koteshwor, Kathmandu, Nepal
Website: www.codefundnepal.org.np
Facebook Page: www.facebook.com/codefund

# ताप्ली गाउँपालिकाको

# एकीकृत ग्रामीण विकास योजना

# २०७६-२०८०

ताप्ली गाउँपालिका, उदयपुर

प्रदेश १, नेपाल

# प्राक्कथन

उद्धवसिंह थापा
अधक्ष्य
ताप्ली गाउँपालिका
२०७६ असार २०

# भुमिका

लिलाराज श्रेष्ठ
कार्यकारी अधिकृत
ताप्ली गाउँपालिका
२०७६ असार २०

# विषय सूची


**प्राक्कथन** iv
**भुमिका** v
**कार्यकारी सारांश** ix
**भाग १: परिचय** १
१.१ पृष्ठभूमि १
१.२ योजना तर्जुमा विधि १
१.३ शुभारम्भ/अभिमूखीकरण गोष्ठी २
१.४ पार्श्वचित्रको तयारी २
१.५ जनगणना २
१.६ सन्दर्भ समाग्रीको पुनरावलोकान २
१.७ समुदाय स्तरीय समाग्री सङ्कलन २
१.८ भौगोलिक सूचनाका तथ्याङ्क २
१.६ विषयगत समीक्षा ३
१.१0 योजना तर्जुमा कार्यशाला गोष्ठी ३
१.११ योजनाको संरचनात्मक खाका ३

**भाग २: समाजिक तथा आर्थिक अवस्था** ४
२.१ अवस्थिति र सिमाना ४
२.२ क्षेत्रफल ४
२.३ भू-बनोट, तथा  धरातलीय स्वरूप र उँचाई ६
*२.३.१ भू-बनोट तथा धरातलीय स्वरुप* ६
*२.३.२  उचाइ र मोहडा* ७
२.४ जलवायू ९
२.५ तापक्रम ९
२.६  वर्षा ९
२.७ भू-बनोट तथा भू-क्षेत्र झ्ाण
२.८ वडागत रूपमा भू-उपयोग र भू-क्षेत्रको अवस्था ११
२.६ वन र यसको अवस्था १३
२ १0 वनका स्रोतहरू १४
२.११ वन्य स्रोतको व्यवस्थापन १६
२.१२ वन्यजन्तु र वातावरण १६
२.१३ जलस्रोत १८
२.१४ जल प्रणालीका स्रोत/सेवाको उपयोग १९
२.१५ पानीको गुणस्तर १९
२.१६ जलवायु परिवर्तन र विपद् १९
२.१७ मुख्य गाउँबस्ती २०
२.१८ जनसाङ्ख्यिकीको अवस्था २१
*२.१८.१ जनसङ्ख्याको आकार र जनघनत्व* २१
*२.१८.२ जनसङ्ख्या वृद्धि /उमेर संरचना/सक्रिय जनसङ्ख्या* २२
*२.१८.३ जातीयता, भाषा, धर्म* २२
*२.१८.४ घरमुली/घर स्वमित्व* २२
*२.१८.५ बैवाहिक अवस्था* २२
*२.१८.६ अपाङ्गता* २३
*२.१८.७ साक्षरता* २३
२.१६ पेशागत तथा रोजगारी स्थिति २३
२.२0 बैदेशिक लगानीको स्थिति २३
२.२१ भौतिक संरचना २३
*२.२१.१ आवासको प्रवृत्ति* २३
*२.२१.२ खानेपानी/ सरसफाई* २४
*२.२१.३ इन्धनको स्रोत* २४
*२.२१.४ सडकमा पहुँच* २४
*२.२१.५ सञ्चार* २४
२.२२ आर्थिक स्थिति २५
*२.२२.१  कृषि* २५
*२.२२.२ कृषि सामाग्री* २५
*२.२२.३ भूमिहीन घरधुरी* २५
*२.२२.४ खाद्य सुरक्षा अवस्था* २५
*२.२२.५ खाद्यान्न उत्पादन* २५

*२.२२.६ पशुपालन* २६
*२.२२.७ बैदेशिक रोजगार र विप्रेषण* २६
*२.२२.८ आम्दानीको स्रोत र वितरण* २६
*२.२२.९ पर्यटन* २७
*२.२२.१० व्यापार* २७
*२.२२.११ खानी क्षेत्रको स्थिति* २७
२.२३ सामाजिक पुर्वाधार २७
*२.२३.१ शैक्षिक केन्द्रहरू* २७
*२.२३.२ स्वास्थ्य* २८
*२.२३.३ सडक सञ्जाल* २८
*२.२३.४ सिंचाई* २८
*२.२३.५ बिद्युतीकरण* २८
*२.२३.६ उद्योग/प्रतिष्ठान* २८
*२.२३.७ हुलाक सेवा* २८
*२.२३.८ खेलकुद* २८
*२.२३.९ प्रहरी चौकी* २९
२.२४ प्रशासनिक संरचना २९
*२.२४.१ गाउँपालिका कार्यालय* २९
*२.२४.२ कर्मचारीहरूको विवरण* २९
*२.२४.३ बैङ्क तथा वित्तिय संस्था* २९
*२.२४.४ गैरसरकारी संस्था* २९
*२.२४.५ सामाजिक संस्था* २९
*२.२४.६ राजस्व परिचालन* २९
**भाग ३: समस्या, चुनौती तथा अवसरहरू** ३०
३.१ समस्या तथा चुनौतीहरू ३०
*३.१.१ जलस्रोतको चरम विक्षिप्तता* **घण**
*३.१.२ वनको दयनीय अवस्था* ३०
*३.१.३ वन्यजन्तुको चोरीशिकारी* ३०
*३.१.४ वन्यजन्तु र मिचाहा प्रजातीका विगविगी* ३०
*३.१.५ कृषियोग्य भूमिको संकुञ्चन* ३१
*३.१.६ खच्कदो पारिस्थितिक प्रणाली* ३१
*३.१.७ बढदो प्रवासन र जनसत्त्याको न्यून वृद्धिवस्था* ३१
*३.१.८ युवा पलायन* ३१
*३.१.९ न्यून साक्षरता* ३१
*३.१.१० खाद्य असुरक्षा* ३१
*३.१.११ न्यून प्राविधिक जनशक्ति तथा सेवा केन्द्र* ३२
*३.१.१२ कमजोर संस्थागत अवस्था* ३२
*३.१.१३ यतायात तथा सम्पर्क व्यवस्थाको कमी* ३२
३.२ अवसरहरू ३२
*३.२.१ जलवायुको विविधता* ३२
*३.२.२ पर्ती जग्गाको प्रयोग* ३२
*३.२.३ काठ र कार्बनको सञ्चित अवस्था* ३३
*३.२.४ पर्यटकिय ताप्लीडाँडा र ताप्लीपोखरी* ३३
*३.२.५ रातमाटे-कुमालेडाँडा-हाडेचौरको संरक्षण* ३३
*३.२.६ टाउकेको चुन डाँडा र औद्योगिक विकास* ३३
*३.२.७ गुणस्तरीय शिक्षास्थल* ३३
*३.२.८ बजारिकरणको संभावना* ३४
*३.२.९ विद्युत्तिय पूर्वाधारहरूको विस्तार* ३४
*३.२.१० सडक संञ्जालको विस्तार* ३४
*३.२.११ दूर सम्पर्कको सरल अवस्था* ३४
*३.२.१२ योजनावद्ध विकासको शुरूवात* ३४
*३.२.१३ नियमित बजेटको व्यवस्था* ३४
*३.२.१४ गैससहरूको कार्यक्रम र लगानी सहितको उपस्थिति* ३४
**भाग ४: एकीकृत ग्रामीण विकास योजना** ३५
४.१ दूरदृष्टि, उद्धेश्य र रणनीतिहरू ३५
*४.१.१ दूरदृष्टि* ३५
*४.१.२ उद्धेश्य* ३५
*४.१.३ रणनीतिक लक्ष्य* ३५
४.२ मार्गनिर्देशन र परिचालनका सिद्धान्तहरू ३७
*४.२.१ पारिस्थितिक प्रणाली अनुकूलन विधि* ३७
*४.२.२ राष्ट्रिय/अन्तराष्ट्रिय नीतिहरूको सम्मान* ३७
*४.२.३ अनुकूलन व्यवस्थाको प्रावधान* ३७
*४.२.४ उत्तरदायित्वरण* ३८
*४.२.५ दिगोपनको सुनिश्चितता* ३८
*४.२.६ साझेदारी र उच्चप्रतिफल* ३८

*५.२.७ परिणाममूखी कार्यका लागि आर्थिक दायरा* *३८*
*५.२.८ अग्रगामी सोचाई र व्यवहार* *३९*
*५.२.९ जाँचसूचीको अनिवार्य पालन* *३९*
५.३ विषयगत मूलक्षेत्रहरू *४१*
*५.३.१ आर्थिक विकास क्षेत्र* *४१*
*५.३.२ समाजिक विकास क्षेत्र* *४२*
*५.३.३ पूर्वाधार विकास क्षेत्र* *४२*
*५.३.४ सुशासन तथा लोकतन्त्र क्षेत्र* *४२*
*५.३.५ अन्तरसम्बन्धित क्षेत्र* *४२*
५.४ आर्थिक विकासका एकीकृत योजना ४३
*५.४.१ कृषि र प्राकृतिक स्रोत व्यवस्थापन क्षेत्र* ४३
*५.४.२ बाणिज्य, आपूर्ति तथा पर्यटन विकास एकीकृत योजना* ६६
५.५ समाजिक विकास क्षेत्र ८४
५.६ पूर्वाधार विकास १२०
५.७ लोकतन्त्र तथा सुशासन १३१
५.८ अन्तरसम्बन्धित विषय क्षेत्र १५५
**भाग ५: योजनाका लागि अनुमानित बजेट** **१७१**
५.१ अनुमानित बजेट १७१
५.२ बार्षिक बजेटको प्रवाह १७२
५.३ क्षेत्रगत बजेट १७२
*५.३.१ आर्थिक विकास* *१७२*
*५.३.२ उद्योग, वाणिज्य, आपूर्ति र पर्यटन* *१७३*
*५.३.३ सामाजिक क्षेत्र* *१७३*
*५.३.४ पूर्वाधार विकास* *१७४*
*५.३.५ लोकतन्त्र र सुशासन* *१७४*
*५.३.६ अन्तर सम्बन्धित विषयगत क्षेत्र* *१७५*
५.४ बजेटको सारांश १७५
**भाग ६: योजनाको कार्यान्वयन व्यवस्था** १८७
६.१ षियगत समूहको कार्यान्वयन विधि १८७
६.२ सहकारी र गैरसरकारी संस्थाहरूबीच सहकार्य १८७
६.३ परामर्श समितिको प्रावधान १८७
६.४ स्वतन्त्र अनुगमन संयन्त्र १८८
**सन्दर्भ समाग्री** १८९
**अनुसूचीहरू** १९०
अनुसूची-१ योजना तर्जूमा गोष्ठीका सहभागिहरू (गापा स्तरीय) १९०
अनुसूची-२ योजना तर्जूमा गोष्ठीका सहभागिहरू (वडा स्तरीय) १९२
अनुसूची-३ गापामा भएको दास्रो गोष्ठीका उपस्थितहरू १९६
अनुसूची-४ गापासँगका अन्य छलफलका उपस्थितहरू १९७
अनुसूची-५ गैससँगको छलफलका उपस्थितहरू १९८
अनुसूची-६ योजनाको पुर्ण बजेट तालिका १९९

# कार्यकारी सारांश

**१.१ पृष्ठभूमि**

१. नेपालमा संघीय शासन प्रणालीको अवलम्बन देशको विकासको बाटोमा ऐतिहासिक घटना भएको छ। राज्य पुनःसंरचनाको यस नयाँ ढाँचाले स्थानीय तहका सरकारहरुलाई विकासका निम्ति आफ्ना योजना आफैँले तर्जुमा र कार्यान्वयन गर्ने मौका दिएको छ। नेपालको संविधान-२०७२ ले स्थानीय तहका सरकारलाई आफ्नो क्षेत्राधिकारभित्र बसोवास गर्ने नागरिकका आकाङ्क्षा तथा आवश्यकता पूर्ति गर्ने कार्यका लागि अधिकार सम्पन्न बनाएको छ। संविधानले स्थानीय सरकारलाई आफ्नो क्षेत्रको व्यापक विकासका लागि आवधिक, रणनीतिक र वार्षिक योजना तर्जुमा गर्न पनि जिम्मेवार बनाएको छ। यसै पृष्ठभूमिमा उदयपुर जिल्लाको ताप्ली गाउँपालिकाले गाउँपालिका क्षेत्रको विस्तृत विकासको मार्ग निर्धारणका लागि योजना निर्माणमा सहयोग पुऱ्याउने उद्देश्यले एकीकृत विकास योजना तर्जुमा गर्न लागेको छ।

२. प्रदेश नम्बर एक अन्तर्गत उदयपुर जिल्लाका आठ वटा स्थानीय तह (एकाइ) हरु मध्ये एक ताप्ली गाउँपालिका महाभारत शृङ्खलामा पर्दछ। यो गाउँपालिका ६°२८’१४’’ पूर्वदेखि ८६°३६’२०’’ पूर्व र २७°०१’१७’’ उत्तरदेखि २७°०८’५४’’ उत्तरमा फैलिएको छ। वडा नम्बर ५ को रूपाटार यस गाउँपालिकाको सदरमुकाम हो। साविकका ओख्ले, लेखगाउँ, इनामे, ठानागाउँ र रूपाटार गाउँ विकास समिति (गाविस) हरुलाई मिलाएर यो गाउँपालिका बनाइएको छ। यस गाउँपालिकाको सबैभन्दा नजिकको बजार वा व्यापारिक केन्द्र कटारी हो जुन रूपाटारबाट करिब ५२ किलोमिटरको दुरीमा छ।

३. ताप्ली गाउँपालिकाको कुल क्षेत्रफल १२०.७२ वर्ग किलोमिटर रहेको छ। यो उदयपुर जिल्लाको कुल क्षेत्रफलको ५.७७ प्रतिशत हो। यो गाउँपालिका सुनकोसीमा ३०० मिटरदेखि इनामेको निगाल्बास नजिक २,३१० मिटरको उचाइमा अवस्थित छ।

४. सामान्यतः ताप्ली गाउँपालिकाको जलवायु उपोष्ण छ तर उच्च स्थानमा न्यानो तापक्रमसम्मको जलवायु पाइन्छ। यहाँ वार्षिक औसत २०९०.६० मिलिमिटर वर्षा हुने गर्दछ। गाउँपालिकाका वर्षामा पनि विविधता पाइन्छ। गाउँपालिकाको महाभारत शृङ्खलाको उत्तरी पानीढलोमा कम वर्षा हुने गरेको छ, वडा नं. ४ (थानागाउँ) को अधिकांश भाग।

५. यस गाउँपालिकाको सम्पूर्ण क्षेत्र सुनकोसी नदीको उपजलाधार क्षेत्रमा पर्दछ। गाउँपालिका क्षेत्रमा बग्ने मुख्य खोला यारी खोला हो। घारी खोला, सोरुङ खोला, राकुला खोला, गहते खोला मिलेर यारी खोला बनेको यो खोला गाउँपालिका भएर बग्दछ।

६. भू-उपयोग क्षेत्रमध्ये सन् २०१८ मा वनक्षेत्रले ढाकिएको क्षेत्र सबैभन्दा बढी ४७.९८% रहेको छ। त्यसपछिको खोतीयोग्य जमिन ३२.०८%, बुट्यान क्षेत्र १३.४३% रहेको छ। यी तिन प्रकारका अतिरिक्त घाँसे क्षेत्र र बलौटे जमिन क्रमशः ३.५५% र २.१९% रहेको छ। सन् १९९६ देखि सन् २०१८ सम्ममा गाउँपालिकामा भूउपयोगिता र ढाकिएको भूक्षेत्रमा उल्लेख्य परिवर्तन आएको छ। वन क्षेत्र ६% ले घटेको छ। त्यसैगरी खेतीयोग्य जमिन पनि ४.८६% घटेको छ। वन क्षेत्र र कृषियोग्य जमिन त्यसरी घट्दा बुट्यान क्षेत्र ११.१% ले बढेको छ।

७. वनक्षेत्रले ४७.९% भूभाग ओगटेको भए पनि यसको वितरण पातलो र कम घनापनयुक्त छ। सामान्य रूपमा ताप्लीका अधिकांश वन औसतमा ४३.१% को घनापनसहित खुला छ। बोट बिरुवाका आधारमा यहाँको वनलाई चार प्रकारमा छुट्याउन सकिन्छ : चिलाउने-सल्लोको वन, मिश्रित वन, उत्तिसको वन र साल-सल्लोको वन। गापामा कुल १७४ प्रजातिका बोटबिरुवा पाइन्छन्। तीमध्ये ६७ प्रजातिका रुख, ६७ प्रजातिका बुट्यान र ४० प्रजातिका जडीबुटी रहेका छन्। काठ दाउराको सञ्चितिको अध्ययनले ६ लाख ८५ हजार १८५.३७ घनफिट गोलिया विक्रीयोग्य रहेको देखाएको छ। त्यसैगरी १९ हजार १५४ टन दाउरा गापामा उपलब्ध छ। गापामा वनको कार्बन सञ्चिति ४ लाख ३५ हजार ०४५.४८ टन रहेको छ। गापाको कुल वनक्षेत्रको १५.४% सामुदायिक वन रहेको छ। करिब ८४२ घरधुरीका सदस्यहरु आठवटा सामुदायिक वन उपभोक्ता समूहमा आवद्ध छन्। जनभावना र पँधेरे पाखा क्रमशः ठानागाउँ र रूपाटारका ठुला सामुदायिक वन हुन्।

८. ताप्ली गाउँपालिकाले यहाँको सामाजिक आर्थिक विकासमा गैरकाष्ठ वन उत्पादनलाई पर्याप्त उपयोग गरेको देखिँदैन तथापि २७ परिवारका ३५ प्रजातिका बिरुवालाई खाद्यान्न र औषधिजन्य उपयोगमा प्रयोग हुने भनी वर्गीकरण गरिएको छ।

९. ताप्लीमा गरिएको वन्यजन्तुको अध्ययनले त्यहाँ १६० प्रजातिका वन्यजन्तु रहेका र तिनमा पुतली मात्र २७ प्रजातिका रहेको देखिएको छ।

**सामाजिक-आर्थिक विशेषता**

१०. यस गाउँपालिकाका २,५२८ घरधुरीमा बसोवास गर्ने कुल जनसङ्ख्या १४,९८९ (७,७१३ पुरुष र ७,२६६ महिला ) रहेको छ। गापामा सरदर घरधुरीको जनसङ्ख्याको आकार ५.८२ रहेको छ जुन राष्ट्रिय औसत ४.७ भन्दा बढी रहेको छ। प्रतिवर्ग किलोमिटर जनघनत्व १२४.१६ रहेको छ जुन राष्ट्रिय औसत जनघनत्व प्रतिवर्ग किलोमिटर १८१ भन्दा कम हो। २०५८ र २०६८ को राष्ट्रिय जनगणनामा साविकका पाँच वटा गाविस (ठानागाउँ र रूपाटारमा ऋणात्मक वृद्धिसहित) अहिलेको गापामा ०.२८% रहेको छ। गापामा बसाइँ सराइको प्रवृत्ति उच्च रहेको छ। पाँच वर्षको अन्तरको उमेर समूहका आधारमा ११ देखि १५ वर्षको उमेर समूह सबैभन्दा ठुलो छ भने ७१ देखि ७५ को सबैभन्दा सानो रहेको छ। आर्थिक रूपमा सक्रिय (१६-६०) वर्षको उमेर समूहको जनसङ्ख्या ५९.१८ प्रतिशत रहेको छ। १५ वर्षभन्दा कम उमेरको जनसङ्ख्या ३२.५४% रहेको छ ६० वर्षभन्दा माथिको जनसङ्ख्या ८.२२ प्रतिशत छ।

११. गापाका प्रमुख जातीय समूहहरुमा मगर (२१.४३%), राई (२०.६६%), तामाङ (१२.०३%) र ठकुरी (१०.६६%) रहेका छन्। अन्य समूहहरुमा छेत्री, ब्राह्मण, सुनुवार, कामी, दमाईं, सार्की, दसनामी र माझी रहेका छन्।

१२. पार्श्वचित्र तयार गर्दाको जनगणना अनुसार यस गापामा कुल ११४ जना अपाङ्गता भएका व्यक्तिहरु रहेका छन्। यस गापाको २४% भन्दा बढी जनसङ्ख्या अझै पनि असाक्षर छ। त्यस्तो असाक्षरता वडा नम्बर १ (ओख्ले) मा झन्डै ३६% छ। गाउँपालिकामा विश्व विद्यालय तहको अध्ययन गरेकाको सङ्ख्या ३% भन्दा कम छ।

१३. बहुसङ्ख्यक जनता (५८%) ले कृषिलाई प्राथमिक पेसा बनाएका छन्। दोस्रो ठुलो समूह विद्यार्थीको ३४% रहेको छ।

१४. भौतिक सुविधाका आधारमा कुल घरधुरीमध्ये ९१%मा पाइपको खानेपानी प्रणालीमा पहुँच रहेको छ। रूपाटार र थानागाउँ खानेपानीको समस्या रहेका वडा हुन्। ठानागाउँमा इनामेको पानीको मुहानबाट पानी ल्याइन्छ। केही वर्षयता पानीको मुहानका पानी कम हुँदै गएको छ। गापाका ९८% भन्दा बढी घरधुरीको विभिन्न प्रकारका शौचालयमा पहुँच छ। यस गापाका करिब ९९% घरधुरीले खाना पकाउनका लागि दाउराको प्रयोग गर्दछन्। केही वर्षयता खाना पकाउनका लागि ग्यासको प्रयोग बढ्दो छ। बत्ती बाल्नका लागि प्रयोग भएको मुख्य स्रोत सौर्य ऊर्जा ७३% र २२% विद्युत् रहेको छ। सबै वडाहरु ग्रामीण कच्ची सडकबाट जोडिएका छन् जुन वर्षाको बेला कहिलेकाहीँ बन्द पनि हुने गर्दछन्। गापामा निजी बस, जिप, भ्यान, मोटर साइकल र स्कुटर जस्ता निजी सवारी साधन रहेका छन्। यात्रुका लागि सार्वजनिक यातायात उपलब्ध छैन।

१५. गापाको जीविकोपार्जनको मुख्य आधार कृषि हो। आर्थिक दृष्टिले सशक्त देखिने यहाँको कुल जनसङ्ख्याको ४०% भन्दा बढी जनताको मुख्य पेसा कृषि नै हो जस्माा करिब ५८% जनता संलग्न छन्। यहाँ उत्पादन हुने मुख्य बाली धान, मकै र कोदो हुन्। तरकारी मुख्यतः घरायसी प्रयोजनका लागि उत्पादन गरिन्छ तर हालैका वर्षहरुमा मानिसहरु स्थानीय तथा नजिकैका बजारमा बिक्री गर्न पनि तरकारी उत्पादन गर्न थालेका छन्। फलफुल र अलैंची, अदुवा, आलु जस्ता नगदे बाली पनि गाउँपालिकामा उत्पादन गरिन्छ। आमरूपमा गाउँपालिकामा उपभोग गरेर बाँकी रहेको ३३ लाख रुपियाँ मूल्य बराबरको कृषि उत्पादन बिक्री हुने गर्दछ। कृषि सामग्री खरिदका लागि मानिसहरु कटारी बजारमा निर्भर छन्। यो गापा पर्याप्त खाद्यान्न नहुने गाउँपालिका हो, जहाँ ४६% घरधुरी छ महिनाभन्दा कम अवधिमा उपभोग गरि सकिने खाद्यान्न मात्र उत्पादन गर्दछन् भने १६% प्रतिशत घरधुरीले मात्र वर्षभरिलाई पुग्ने खाद्यान्न उत्पादन गर्दछन्। गापामा प्रतिव्यक्ति अन्न उत्पादन २०३ किलोग्राम रहेको छ।

१६. गापाको प्रमुख अर्थतन्त्र कृषिको अभिन्न अङ्गका रूपमा पशुपालन रहेको छ। यहाँ पालिने प्रमुख पशुमा बाखा, गाई, भैंसी र सुँगुर/बङ्गुर रहेका छन्। सन् २०१८ मा यस गाउँपालिकामा कुखुरा र हाँस आदि गरी ४७,३७६ वटा घरपालुवा पन्छी पालिएका देखिन्छन्। यहाँका २,०९३ घरधुरी बाखा पालनमा, १,३४१ घरधुरी गाई पालनमा र ९२६ घरधुरी भैंसी पालनमा संलग्न छन्। बाखा, सुँगुर/बङ्गुर र कुखुरा स्थानीय रूपमा मासुको उपभोगका लागि र केही वडामा लाग्ने

स्थानीय साप्ताहिक हाट बजारमा बेच्नका लागि पालिन्छन् । गोरु जमिन जोत्नका लागि पालिन्छन्, जसको प्रतिशत कुल पशुधनको ७ प्रतिशत छ ।

१७. केही वर्षयता वैदेशिक रोजगारी गापामा महत्त्वपूर्ण आर्थिक गतिविधि बनेको छ । गापाका १७% भन्दा बढी घरधुरीबाट कम्तीमा एक जना वैदेशिक रोजगारीमा गएका छन् । सन् २०१८ मा प्राप्त भएको विप्रेषण ८ करोड १० लाख रुपियाँ रहेको छ ।

१८. घरधुरीको आम्दानी र जमिनमा स्वामित्वबिचको असमानताको मात्रा गिनी कोफिसिअन्टमा रहेको छ । गिनी कोफिसिअन्ट असमानताको मापन हो र यो जति उच्च रहन्छ त्यसले त्यति नै असमानता रहेको देखाउँछ । गाउँपालिकाका घरधुरीको औसत आम्दानी र औसत जमिनमा स्वामित्वको गिनी कोफिसिअन्ट क्रमशः ०.६५९ र ०.५५६ रहेको छ ।

१९. यस गापामा हाल पर्यटनको कुनै गतिविधि देखिँदैन तर स्थानीय आगन्तुकलाई आकर्षण गर्ने केही स्थान भने यहाँ रहेका छन् । गापाको वडा नम्बर १ मा ताप्ली पोखरी र अरू अवलोकन स्थल पर्यटकका लागि आकर्षण हुन सक्ने केही स्थान हुन् । उदयपुर गढी र हलँसीको पर्यटनसँग यसलाई  जोड्दा यहाँका यी स्थानले पर्यटनलाई बढावा दिन सक्छन् । यसका साथै सांस्कृतिक महत्त्वका धेरै मन्दिर र बिहारहरु पनि गापाका क्षेत्रभित्र रहेका छन् । गापाका प्रमुख व्यापारिक वस्तुमा तरकारी, फलफुल, आलु, मासको दाल, भटमास, तेजपात, अलैँची, अदुवा, अम्लिसो र खसी बाखा जस्ता कृषिजन्य वस्तु रहेका छन् ।

२०. प्रारम्भिक सर्भेले ताप्ली गापामा फलाम र चुनढुङ्गाको सञ्चिति प्रचुर मात्रामा रहेको देखाएको छ । गापामा विशेष गरी यारी, सोउरुङ खोला र सुनकोसी नदी किनारमा धेरै गिटी बालुवा रहेको छ ।

२१. गापामा जम्मा ३८ वटा विद्यालय छन् । यी विद्यालयहरुमा कुल ३,५८८ विद्यार्थी अध्ययनरत छन् । गापामा शिक्षक-विद्यार्थी अनुपात आधारभूत तहमा १:१८ देखि उच्च माध्यमिक तहमा १:३१ सम्मको रहेको छ ।

२२. हरेक वडामा स्वास्थ्य चौकी र प्रसूति सेवा केन्द्र छन् । गापामा निजी औषधी पसलहरु पनि छन् ।

२३. यस गापाका क्षेत्रभर १३६ किलोमिटर सडक सञ्जाल रहेको छ भने सबै वडाका केन्द्रहरु कच्ची बाटोले जोडिएका छन् । यस गाउँपलिकामा ६३ किलोवाट विद्युत् उत्पादन हुने तिन वटा साना जल विद्युत् आयोजनाहरु रहेका छन् । नुने खोला ( १५ किलोवाट) बाट वडा नम्बर १ (ओख्ले) मा, राकुला खोला (२५ मेगावाट) बाट वडा नम्बर ४ (थानागाउँ) मा र यारी खोला (२३ किलोवाट) बाट वडा नम्बर ५ (रुपाटार) मा विद्युत् आपूर्ति हुने गरेको छ । गापालाई राष्ट्रिय प्रसारण लाइनमा जोड्ने कार्यमा राम्रो प्रगति रहेको छ ।

२४. गाउँपालिकाको रूपाटारमा एउटा बैङ्क रहेको छ । छ वटा गैरसरकारी संस्थाहरु स्वास्थ्य, शिक्षा, खानेपानी र कृषिक्षेत्रमा कार्यरत छन् । गाउँपालिकामा धेरै सहकारीहरु, महिला समूह, किसान समूह र युवा क्लब जस्ता संस्था छन् तर तीमध्ये अधिकांश सक्रिय छैनन् ।

**चुनौती र अवसर**

२५. घरधुरी गणना र समुदायको तहमा भएका कार्यशालाबाट प्राप्त सूचनाको विश्लेषणका आधारमा गाउँपालिकामा निम्न बमोजिमका चुनौती र अवसरहरु रहेका छन् ।  जलस्रोतको चरम विक्षिप्तता, वनको दयनीय अवस्था, वन्यजन्तुको चोरीशिकारी, वन्यजन्तु र मिचाहा प्रजातीका विगविगी, कृषियोग्य भूमिको संकुञ्चन, खच्कदो पारिस्थितिक प्रणाली, बढदो प्रवासन र जनसङ्ख्याको न्यून वृद्धिवस्था, युवा पलायन, न्यून साक्षरता, खाद्य असुरक्षा, न्यून प्राविधिक जनशक्ति तथा सेवा केन्द्र, कमजोर संस्थागत अवस्था, र यतायात तथा सम्पर्क व्यवस्थाको कमी जस्ता केही चुनैती अुनश भने जलवायुको विविधता, पर्ती जग्गाको प्रयोग, काठ र कार्बनको सञ्चित अवस्था, पर्यटकिय ताप्लीडाँडा र ताप्लीपोखरी, रातमाटे-कुमालेडाँडा-हाडेचौरको संरक्षण, टाउकेको चुन डाँडा र औद्योगिक विकास, गुणस्तरीय शिक्षास्थल, बजारीकरणको संभावना, विद्युत्तिय पूर्वाधारहरुको विस्तार,सडक संञ्जालको विस्तार, दूर सम्पर्कको सरल अवस्था, योजनावद्ध विकासको शुरुवात, नियमित बजेटको व्यवस्था, रगैससहरुको कार्यक्रम र लगानी सहितको उपस्थिति जस्ता गापाका अवसरहरु हुन् । अवसरहरु हुँदाहुँदै पनि गाउँपालिकाले सामना गर्नु पर्ने चुनौतीको समाधानका लागि निम्न लक्ष्य, उद्देश्य र रणनीतिहरु तर्जुमा गरिएको छ ।

**लक्ष्य र उद्देश्यहरू**

२६. *'कृषि, वन, पर्यटन र पूर्वाधार समृद्ध ताप्ली हाम्रो आधार'* भन्ने नारासाथ ताप्ली गाउँपालिकाको लक्ष्य एकीकृत ग्रामीण विकास योजना *'जलाधारको पारिस्थितिकीय एकीकरणमा सुधार गर्दै सामाजिक र आर्थिक समृद्धि'* रहेको छ। यो लक्ष्यसँगै *'कृषि उद्यमको प्रवर्द्धन, जलाधारमा आधारित विभिन्न पक्षहरुको संरक्षणमा आधारित रोजगारीको प्रवर्द्धन र वातावरणमैत्री निर्माणमार्फत गाउँपालिकाको सामाजिक-पारिस्थितिकीय समृद्धि हासिल गर्नु'* गाउँपालिकाको दीर्घकालीन रणनीतिक विकास योजना रहेको छ॥ विभिन्न विषय क्षेत्रगत उद्देश्यहरुबारे सम्बन्धित भागमा चर्चा गरिएको छ। यसका साथै समग्र विकासका लागि योजनाका उद्देश्यहरु निम्न बमोजिम छन् :

- दिगोरुपमा वतावरणीय स्रोत र सेवाहरुको प्रयोग गर्न एकीकृत जलाधार व्यवस्थापनको कार्यविधि आबलम्बन गरी पारिस्थितिक प्रणालीको हैसियतमा सुधार गर्ने, र स्रोत सहितको (Resource base) समाजिक-वातावरणीय समृद्धि गर्ने जसले विपद्⁄जोखीम न्यूनिकरण र समाज र पास्थितिक प्रणालीको वहन क्षमता बृद्धि गर्नेछ।
- उद्यम र उद्योगबाट ताप्लीका वासिन्दाहरुको आर्थिक समृद्धि बृद्धि गर्ने, र उच्च तुलनात्मक लाभ भएका कृषि-पशुधन उत्पादनको व्यवसायीकरण गर्ने।
- आर्थिक विकास र सामाजक कल्याणमा सहयोग पुऱ्याउने वातावरण मैत्री दिगो भौतिक पूर्वाधार निर्माण गर्ने।
- कृषिको उत्पादकत्व बृद्धि र बिभिन्न व्यवसाय⁄व्यापारका योजनाहरूबाट दिगो फायदा आर्जन गर्ने उद्धेश्यानुरुप गाउँपालिका, समुदाय र उनीहरूको संगठनहरुको पारिस्थितिक प्रणाली र वातावरण व्यवस्थापनका लागि क्षमता अभिवृद्धि गर्ने।
- समग्रमा स्थिर विकास प्रक्रिया सुनिश्चित गर्ने जवाफदेहीता र पारदर्शिता जस्ता सुशासनका चरित्र विकास गर्न सरकार र समुदायहरुको सङ्गठनहरुको विद्यमान सुशासन पद्धति सवलिकरण गर्ने।
- ताप्ली गापालाई समान्य शिक्षा र स्वास्थ्यको ज्ञान केन्द्रको गन्तव्यस्थलको रूपमा पहिचान स्थापित गर्न विद्यमान ज्ञान व्यवस्थापन प्रणालीलाई उच्च मापदण्डको बनाउन सुदृढीकरण गर्ने।
- विषयगत सबै क्षेत्रहरुका तथ्याङ्क र सूचनाहरु उत्पादन गर्न, संग्रह गर्न र यी तथ्याङ्क⁄सूचनालाई विभिन्न प्रयोगकर्त्ता सम्म प्रसारण गर्न एक प्रभावकारी सूचना तथा संञ्चारको संयन्त्र विकास गर्ने।
- समाजिक विभेद र असमानतालाई 'शून्य' स्तरमा झार्ने विशेष ध्येय सहित सामाजिक सद्भाव र कल्याण स्थापित गर्न स्वास्थ्य, पोषण, शिक्षा, सामाजिक सुरक्षा र लक्षित क्षेत्रमा समाजिक सेवा प्रवाह प्रणालीमा सुधार गर्ने।

२७. दीर्घकालीन रणनीतिक लक्ष्य र उद्देश्य प्राप्तिका लागि निम्न सिद्धान्तहरुका आधारमा विशेष क्षेत्रगत रणनीति तर्जुमा गरिएका छन्। **परिस्थिकीय⁄पर्यावरणमा आधारित पद्धतिः** पारिस्थितिकीय⁄पर्यावरणमा आधारित पद्धति जलाधार क्षेत्रका विभिन्न पक्षहरु (वन, जमिन, जल र अन्य स्रोतहरु) को सुदृढीकरण तथा अन्तर सम्बन्धलाई पहिचान गर्छन्। जलाधारको दिगो विकासका लागि हरेक पक्ष र त्यससँग सम्बन्धित अन्य खण्डहरुको पारस्परिक सम्बन्ध सुदृढीकरण गरिनु पर्दछ। **राष्ट्रिय तथा अन्तराष्ट्रिय नीतिहरुको पालनाः** योजनाका लक्ष्य र रणनीतिहरु राष्ट्रिय नीति र योजनाहरुसँग मेल खाने हुनु पर्दछ। त्यसका साथै तिनीहरुले नेपाल सरकार पक्ष रहेका महासन्धि तथा सन्धिहरुको सम्मान गर्नु पर्दछ। यो योजना दिगो विकासका लक्ष्यहरु सन् २०१५-२०३० बाट निर्देशित छ। **अनुकूलन गर्न सकिने व्यवस्थापनः** सामाजिक र वातावरणीय प्रक्रियाहरु गतिशील हुन्छन् र तिनको व्यवस्थापन गर्दा ती प्रक्रियाहरुको पृष्ठपोषण लिने संयन्त्र हुनु पर्दछ। यसले अग्रगामी पद्धतिको अनकूलनका लागि अवसरहरुको खोजी गर्दछ। **जबाफदेहिताः** योजना र त्यसको कार्यान्वयनको प्रभावकारिता धेरै हदसम्म कार्यान्वयन गर्ने निकायहरुको जबाफदेहितामा निर्भर हुन्छ। जबाफदेहिताको प्रवर्द्धनले सुशासनमा पनि योगदान गर्दछ। योजनाको कार्यान्वयनका लागि सामूहिक तथा व्यक्तिगत जबाफदेहिताको आवश्यकता पर्दछ। **दिगापनाः** रणनीतिहरु तथा गतिविधिहरु समग्र सामाजिक-पारिस्थिकितकीय⁄पर्यावरणीय दिगोपनामा योगदान गर्ने गरी तर्जुमा गरिएका हुनु पर्दछ। पहिचान गरिएका गतिविधिहरुले गाउँपालिकाको वातावरणीय दिगोपनामा नकारात्मक प्रभाव पार्नु हुँदैन। **साझेदारी तथा तालमेलकोशक्ति** (Synergy): कार्यान्वयनमा धेरैको संलग्नता सहित विकास तथा संरक्षणका प्रक्रियाको जालो जटिल हुन्छ। धेरै संस्थाहरुले विभिन्न गतिविधिहरु सञ्चालन गर्दछन्। कार्यान्वयनका विभिन्न पक्षहरुबिच साझेदारी र तालमेल गर्ने शक्तिको विकास गरिनु पर्दछ र स्रोतको प्रभावकारी उपयोग र देशको समग्र योजनामा मूलप्रवाहीकरण गर्नु पनि पर्दछ। **उत्पादन र लागतको अनुपात** (Economy of Scale): कार्यक्रमका प्रयासहरु न्यूनतम लक्षित नतिजा हासिल गर्नतर्फ केन्द्रित हुनु पर्दछ। अर्थपूर्ण नतिजा नदिने खालका धेरै गतिविधिहरु गर्नु हुँदैन। **अग्रदर्शी** (Forward looking) : योजनाहरु तिनमा आइपर्ने सम्भाव्य चुनौतीको सामना गर्न अग्रदर्शी तथा कार्यान्वयनको क्रममा उत्पन्न हुने अवसरहरु ग्रहण गर्ने खालका हुनु पर्दछ। प्रस्तावित गतिविधिले विद्यमान चुनौतीलाई मात्र नभएर प्राप्त हुने अवसरहरु लिन सक्नु पर्दछ।

**विषयगत क्षेत्र, रणनीति र रणनीतिक कार्य**

२८. एकीकृत ग्रामीण विकास योजनाका विषयगत क्षेत्रहरु स्थानीय तहको योजना तर्जुमा निर्देशिका २०७५ सँग तालमेलयुक्त छन् । देहाय बमोजिमका विषय क्षेत्रका आधारमा रणनीति र कार्यहरु तर्जुमा गरिएका छन् ।

- आर्थिक विकासः यसले कृषि, खाद्य सुरक्षा तथा पोषण, सिँचाइ, भू-उपयोग व्यवस्थापन, जलस्रोत, वन, जलाधार र जैविक विविधता संरक्षण, खनिज पदार्थ र खानी, उद्योग, व्यापार आपूर्ति, पर्यटन जस्ता क्षेत्रहरुलाई समेट्छ ।
- सामाजिक विकासः यसले जनसङ्ख्या र बसाइँ सराइ, शिक्षा, स्वास्थ्य तथा पोषण, खानेपानी तथा सरसफाइ, युवा विकास, लैङ्गिक समता र सामाजिक समावेशीकरण, बाल बालिका तथा किशोर, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, खेलकुद विकास, सामाजिक सुरक्षा र संरक्षण जस्ता उपक्षेत्रगत विषयहरुलाई समेट्छ ।
- पूर्वाधार विकासः यसमा विद्युत् तथा वैकल्पिक ऊर्जा, यातायात पूर्वाधार, सूचना तथा सञ्चार, सहरी विकास र स्थानीय तहको पूर्वाधार, एकीकृत वस्ती विकास र भवन निर्माण जस्ता विषयलाई समेटिन्छन् ।
- लोकतन्त्र र सुशासनः यसले राष्ट्रिय एकता, नेतृत्व विकास, अन्तरराष्ट्रिय आर्थिक सम्बन्ध, शान्ति र सुरक्षा, निर्वाचन प्रणालीमा सुधार, मानव अधिकार, न्याय प्रणाली, सुशासन जस्ता विषयवस्तुलाई समेट्छ ।
- अन्तर विषयक विषय क्षेत्रः यो विभिन्न विषय क्षेत्रबाट र तिनको तथ्याङ्क व्यवस्थापन गर्ने गरी निर्माण भएको हुन्छ, जसमा गरिबी निवारण, मानव स्रोत व्यवस्थापन, अनुसन्धान विकास, विपद् जोखिम न्यूनीकरण, वातावरण, जलवायु परिवर्तन, समुदाय र गैरसरकारी विषय क्षेत्रहरु समेटिएका हुन्छन् ।

**लगानी**

२९. योजना कार्यान्वयन गर्न पाँच वर्षका लागि कुल ९ अर्ब ३९ करोड ५७ लाख ४९ हजार रुपियाँ बजेट अनुमान गरिएको छ । यस बजेटले ताप्ली गाउँपालिकाले ५ वटा क्षेत्रगत र ४३ वटा उपक्षेत्रगत विषयलाई सम्बोधन गर्नेछ र ताप्ली गाउँपालिकामा सामाजिक पारिस्थितिकीय समृद्धितर्फ पाइला चाल्नेछ, जसमा गाउँपालिकाको भविष्यका विशेषता रहेका छन् ।

३०. ताप्लीको नगरपालिका वैशिष्ट्यका लागि विभिन्न संरचनाको निर्माण र मर्मतका लागि कुल अनुमानित बजेटको ठुलो हिस्साको माग रहन्छ । यस क्षेत्रले मात्र कुल बजेटको ३८ प्रतिशत (तिन अर्ब ६० करोड १२ लाख १२ हजार रुपियाँ) उपयोग गर्दछ । बजेटको दोस्रो ठुलो हिस्सा ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिका लागि सामाजिक सुरक्षामा र जनसङ्ख्या र बसाइँ सराइ, शिक्षा, स्वास्थ्य तथा पोषण, खानेपानी आपूर्ति तथा सरसफाइ, युवा विकास, बाल बालिका तथा किशोर, खेलकुद र अन्य यस्तै विषयमा जान्छ । अन्य अन्तर्सम्बन्धित विषय क्षेत्रसँग एकीकृत गर्दै यो लगानीले प्रभावहरु र तालमेलको शक्ति वृद्धि गर्नेछ । अन्ततः यसले ताप्ली गाउँपालिकालाई जीवन्त संस्थाका रूपमा उदीयमान बनाउन शक्ति प्रदान गर्दछ ।

३१. आर्थिक क्षेत्रले कुल अनुमानित बजेटको १३ प्रतिशत उपयोग गर्नेछ, जसले कृषि विकास, खाद्य सुरक्षा र पोषण, सिँचाइ, भूमि व्यवस्थापन, जलस्रोत, वन तथा जैविक विविधता र खनिज स्रोतमार्फत उत्पादकत्व वृद्धि गर्दै आर्थिक विकासको बलियो जग निर्माण गर्नेछ । यस आर्थिक क्षेत्रले प्राकृतिक स्रोतमा आधारित उद्योग, व्यापार तथा आपूर्ति क्षेत्रमा रोजगारी सिर्जना गर्नेछ, जसले युवा र किसान नेताहरुको व्यापक परिचालन गर्दै उत्पादन क्षेत्रमा बाह्य लगानीका लागि ढोका खोल्दछ । अतः बाख्रा, सुँगुर/बङ्गुर र कुखुरा पालन, दुग्ध, खनिज र कृषिजन्य उद्योग, तथा युवा, महिला र सामाजिक रूपमा वञ्चित समुदायहरुका लागि साना व्यवसायमा केन्द्रित हुँदै उद्योग, व्यापार र आपूर्ति क्षेत्रले मात्र १५ प्रतिशत (एक अर्ब ३९ करोड ८३ लाख ७६ हजार रुपियाँ) खर्च गर्नेछ ।

**कार्यान्वयन व्यवस्था**

३२. गाउँपालिकाको नियमित कार्यान्वयन संयन्त्रका अतिरिक्त कार्यान्वयनको प्रभावकारिताका लागि निम्नानुसारको कार्यान्वयन व्यवस्थापनको प्रस्ताव गरिएको छ :

- **कार्यान्वयनका लागि क्षेत्रगत आधार अवलम्बन** : स्थानीय जनताको स्थानिक समूह निर्माण गरी कृषि विकास, जलाधार संरक्षण, सामाजिक परिचालन जस्ता धेरै गतिविधि सञ्चालन गरिएमा ती गतिविधि बढी प्रभावकारी हुन सक्छन् । त्यसैले यसमा स्थानिक र सामाजिक दुबै आधारमा समूह निर्माणको कार्य पर्दछ । यसले संस्थागत आधार र सामाजिक पुँजी सुदृढीकरण दुबैमा काम गर्नेछ । गाउँपालिकाले यी समूहहरु मार्फत सम्बन्धित गतिविधिको कार्यान्वयन गर्नुपर्ने छ । समूहगत आधार अवलम्बनले कारोबारको लागत पनि कम गर्दछ ।

- **सहकारी र गैरसरकारी संस्थाहरुसँगको साझेदारी** : गाउँपालिकाभित्र सहकारीहरु स्थापना गर्न र तिनको सुदृढीकरणका निम्ति पहल हुनु पर्दछ । उद्यमशीलताको विकास (जस्तो कि पशुजन्य उत्पादनको प्रवर्द्धन, कृषि उपजको बजारीकरण) सहकारीहरुको परिचालन मार्फत कार्यान्वयन गरिनु पर्दछ । प्रोत्साहनका लागि उपयुक्त संयन्त्रको विकासले सहकारीहरुलाई परिचालन गर्नेछ र त्यसले गतिविधिको प्रभावकारी कार्यान्वयन र स्थानीय संस्थाहरुको क्षमता विकासमा सहयोग गर्दछ । त्यसैगरी गैरसरकारी संस्थाहरुले विकास गरेको सिप र अनुभवका आधारमा तथा गतिविधिहरुको प्रभावकारी कार्यान्वयन गर्न गाउँपालिकाले सामाजिक परिचालन, क्षमता विकास र अन्य कार्यान्वयनका अन्य गतिविधिहरुमा गैरसरकारी संस्थाहरुलाई संलग्न गराउनु पर्दछ । गाउँपालिकाले आफ्ना गतिविधिहरु कार्यान्वयनमा आफ्नो वित्तीय स्रोतको परिचालन गैरसरकारी संस्थाहरु मार्फत गर्नु पर्दछ । त्यस्तो सहयोगले गैरसरकारी संस्थाहरुलाई अन्य स्रोतबाट गाउँपालिकाको विकास गर्न पुँजी निर्माणका लागि पनि सहयोग गर्न सक्छ । साझेदार संस्थाहरु मार्फत गतिविधिहरुको कार्यान्वयनले साझेदार संस्थाहरुको क्षमता विकास गर्न, गाउँपालिकाको बोझ कम गर्न, प्रभावकारिता र पारदर्शिता दुबै प्रवर्द्धन गर्न सहयोग गर्दछ । तर गाउँपालिकाले त्यस्तो कार्यान्वयनको समयमा नै अनुगमन गर्ने सबल उपाय तर्जुमा गर्नु पर्दछ ।
- **कार्यान्वयन परामर्श समितिको गठन** : कृषि र पशुपालन उत्पादन, पूर्वाधार विकास र राजस्व परिचालन सिर्जना तथा परिचालनको क्षेत्रका प्राविधिक विज्ञहरु रहेको कार्यान्वयन परामर्श समिति गठन गर्नु पर्दछ । त्यसले योजनाको व्यावहारिक कार्यान्वयन र परिमार्जनका सम्बन्धमा परामर्श/सहजीकरण गर्दछ ।
- **स्वतन्त्र अनुगमन** : गाउँपालिकाले सार्वजनिक सुनुवाइ, लेखा परीक्षण र सामान्य अनुगमन जस्ता विविध गतिविधिहरु लागु गरेको भए पनि कार्यक्रमको समग्र कार्यान्वयनको प्रभावकारिता बढाउन योजना तर्जुमा र कार्यान्वयनमा संलग्न नभएका व्यक्तिहरु रहेको स्वतन्त्र अनुगमन टोली बनाउनु पर्दछ । अझ राम्रो र व्यवस्थित अनुगमन योजना तर्जुमा गरेर ठिकसँग परिपालन गरिनु पर्दछ । गतिविधि, प्रतिफल र नतिजाको तहमा अनुगमन गरिनु पर्दछ । अनुगमनबाट प्राप्त पृष्ठपोषणलाई योजना कार्यान्वयनमा राम्ररी समावेश गर्न र वार्षिक योजनामा पुनःसंयोजन गर्न सकिने गरी संयन्त्रको विकास गरिनु पर्दछ ।
- मथिका सबै प्रावधानका प्रभावकारी व्यवस्थापनले आगामी ५ वर्षमा ताप्ली गापामा समाजिक-वातावरणीय समृद्धिको बलियो जग निर्माण हुने छ, र सहकार्यको माध्यमबाट समन्यायिक र सद्भावना सहितको दिगो विकासको सकरात्मक प्रतिफलहरु गपाका जनताले उपयोग गर्न पाउने छन् ।

# भाग १: परिचय

## १.१ पृष्ठभूमि

नेपालको सर्वाङ्गिण विकासको लागि भर्खरैको सङ्घियता एक महत्वपूर्ण उपलब्धि हो । यद्यपि मुलुक विकसपथको क्रममा विशेषगरी जलस्रोतको उपयोगमा अविरल अग्रसर भएता पनि राज्यको नयाँ पुनर्संरचनाले स्थानीय स्तरका सरकारहरूलाई आफ्नो विकास मार्गको योजना निर्माण गर्न र कार्यान्वयन गर्न अभूतपूर्व थप अवसरहरू प्रदान गरेको छ । वि सं २०७२ मा लागु गरिएको *'नेपालको संविधान'* ले स्थानीय तहका सरकारका क्षेत्राधिकारमा बसोबास गर्दै आएका जनताहरूको अपूर्ण आकांक्षा सम्बोधन गर्ने अधिकारलाई प्रत्याभूत गरेको छ, र स्थानीय सरकारहरुलाई आफ्ना जनताको विकास र समृद्धिको बाटो कोर्ने र सो अनुसार कार्य गर्ने गराउने साथसाथै उनीहरुको कार्यक्षेत्रका प्राकृतिक र वित्तीय स्रोतको व्यवस्थापन र परिचालनको लागि जिम्मेवार पनि बनाएको छ । यसका लागि नेपालको संविधान-२०७२, स्थानीय सरकार संञ्चालन ऐन-२०७४, राष्ट्रिय योजना आयोगबाट प्रकाशित स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन-२०७५, चौधौं योजना, सहस्राब्दी विकास लक्ष्य लगायतका सरकारद्वारा प्रकाशनमा आएका दस्तावेजहरुले आगामी दिनमा गाउँपालिकाले आफ्नो क्षेत्रको बृहत् विकासको लागि आवधिक, रणनीतिक र वार्षिक योजनाहरू अघि बढाउन र अल्पकालिन, मध्यकालिन एवं दीर्घकालिनका कार्यक्रमहरु योजना सहित अघि वढाउन बाटो सरल बनाएको छ । उदाहरणका लागि :

- नेपालको संविधानले स्थानीय तहको अधिकार अनुसूची ८ को क्रमसंख्या नम्बर ६ मा स्थानीय तथ्याङ्क तथा अभिलेख संकलन सम्बन्धी अधिकारलाई सूचीकृत गरेको छ ।
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरुको कार्य विस्तृतीकरण प्रतिवेदनमा नेपालको संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकार सूचीको कार्य विस्तृतीकरण सम्बन्धी प्रतिवेदनमा स्थानीय तहको अधिकारलाई थप व्याख्या गरेको छ जस अनुसार स्थानीय तहका संभाव्य प्राकृतिक श्रोत र साधनको तथ्याङ्कीय अभिलेख तयार गर्ने कुरा उल्लेख छ ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को च, ड र थ मा बेरोजगारहरुको विवरण सहित स्थानीय तहको तथ्याङ्क सङ्कलन गरी अद्यावधी गर्दै जानु पर्ने उल्लेख छ । त्यसरीगरी, स्थानीय तहको विकास आवधिक र वार्षिक योजनाहरु बनाई सोको आधारमा योजनाबद्ध विकास गर्नु पर्ने कुराका साथै वार्षिक र आवधिक योजना बनाउनको लागि वस्तुगत विवरण तयार गर्नु पर्ने व्यवस्था पनि छ ।

नवनिर्वाचित स्थानीय सरकारहरू यस परिवर्त्तित जिम्मेबारीलाई आफ्नो क्षेत्रको विकासका लागि स्पष्ट विकास नीतिको रुपरेखा बनाउन र कल्पातित विकासको उमङ्ग पूरा गर्न संविधान प्रदत यो खुशीको क्षणलाई सदुपयोग गर्न कटिबद्ध छन् । संविधानद्वारा परिकल्पित विकास र समृद्धिको लक्ष्य गाँउपालिकाहरुले आफ्ना विद्यमान वस्तुस्थितिको वस्तुगत विश्लेषण, स्पष्टतः परिभाषित लक्ष्यहरु र विस्तृत र एकीकृत योजनाका आधारमा तय गरिएका कार्ययोजना कार्यान्वयन गरेर मात्र हासिल गर्न सकिन्छ । यसै पृष्ठभूमिमा प्रदेश-१ मा पर्ने उदयपुर जिल्लाको ताप्ली गाउँपालिका आफ्नो पालिका क्षेत्रलाई वातावरणीय-समाजिक समृद्धि (Socio-ecological prosperity) को संवाहककोरुपमा आफूलाई स्थापित गर्न र संविधान प्रदत आफ्नो पालिकालाई विकासको प्रवाहमा योजनाद्ध तवरमा अग्रसर गराउन चाहन्छ । यसैक्रममा गाउँपालिकाले आफ्नो बृहत् विकास गरी समाजिक-वातावरणीय समृद्धि को लागि मार्गनिर्देशन गर्ने प्रबल चाहनानुरुप यो *'ताप्ली गाउँपालिकाको एकीकृत ग्रामीण योजना'* तयार पारिएको छ ।

## १.२ योजना तर्जुमा विधि

नेपाल सरकारको राष्ट्रिय योजना आयोगद्वरा प्रकाशित 'स्थानीय तहको सरकारको आवधिक योजना तयारी मार्गनिर्देशन' का निर्देशन प्रावधान अनुसार र ताप्ली गाउँपालिकाको कार्यसम्पादन सूचीलाई आधार मानी यो 'ताप्ली गाउँपालिकाको एकीकृत ग्रामीण विकास योजना २०७६-२०८१' (Integrated Rural Development Plan of Tapli Rural Municipality 2019-2024) तर्जुमा गरिएको छ । तथापि, योजना तर्जुमा गर्दा समग्रमा प्राथमिक तथ्याङ्कहरुको (Primary Data) सङ्कलन, विश्लेषण र संश्लेषण गरी पालिका र वार्ड स्तरीय सहभागितामूलक योजना तर्जुमा गोष्ठी, गाउँपालिका भित्र र बाहिर सरोकारवालाहरुसँगको छलफल, विषयवस्तु तथा स्वतन्त्र विशेषज्ञहरुसँगको छलफल, पालिकाका कर्मचारी तथा निर्वाचित पदाधिकारी र विकास समितिका प्रतिनिधिहरुसँगको छलफल र परामर्श जस्ता विधि अनुसरण

गरिएको थियो । यसक्रममा, विद्यालय, क्लब, आमा तथा महिला समूहहरु जस्ता अनैपाचारिक समूहहरु, वन उपभोक्ता समितिहरु, व्यापारिक संस्था र स्थानीय राजनीतिक संस्थाहरुसँग, र पालिकाका विषयगत स्थानीय निकायहरुसँग आवश्कताअनुरुप वेग्लावेग्लै परामर्श तथा छलफल पनि गरिएको थियो । योजना तर्जुका केही महत्वपूर्ण बँदागत प्रक्रिया तल प्रस्तुत गरिएको छ :

## १ ३ शुभारम्भ/अभिमूखीकरण गोष्ठी

योजना तर्जुमाको प्रारम्भिक अवस्थामा गाउँपालिका कार्यालय रुपाटारमा एक शुभारम्म कार्याशाला गोष्ठीको आयोजना गरियो जस्मा गापाका निर्वाचित अधिकारी, विभिन्न स्थानीय निकायका कर्मचारी, सामुदायिक वन उपभोक्ता, जल उपभोक्ता र क्लव लगायतका थुप्रै औपचारिक तथा अनौपचारिक समूहहरु, विद्यालय, राजनीतिक वर्ग आदिको सहभागिता रहेको थियो । यस गोष्ठीले योजना तर्जुमाको उद्धेश्य, विस्तृत विधि र विभिन्न चरणका तालिकाको रुपरेखा र योजना सम्बद्ध समसामयिक विषयहरुमाथि प्रकास पाऱ्यो । यस कार्यक्रमले योजनाबद्ध कार्यको महत्वमाथि पनि छलफल गऱ्यो र योजना तर्जुमाको कार्य शुभारम्भ भएको जानकारी गरायो । यस्तै गोष्ठी प्रत्येक वडा कार्यलयमा संञ्चालन गरी गापामा भेला हुन असमर्थ अन्य समुदाय र उनीहरुको संस्थाहरुलाई योजना तर्जुमाका बारेमा विस्तृत जानकारी सहित यस कार्यमा स्थानीय निकायहरु र वासिन्दाहरुको भूमिकाबारे छलफल गरियो ।

## १ ४ पाश्र्वचित्रको तयारी

योजना तर्जुमाको प्रारम्भिक चरणमा ताप्ली गापाको भू-जैविक तथा सामाजिक/आर्थिक अवस्थाको प्राथमिक तथ्याङ्क सङ्कलन, विश्लेषण, संश्लेषण र स्थितिको मूल्याङ्कन गरी गाउँपालिका पार्श्वचित्र (एचयाषभि) तयार पारियो । यस कार्यको शिलशिलामा विभिन्न आवश्यक कार्यहरु गरियो :

## १ ५ जनगणना

घरधुरी स्तरीय जनसङ्ख्या, शिक्षा, अर्थव्यवस्था, आदि जस्ता तथ्याङ्कको संङ्कलन हरेक वडाका घरधुरीको जनगणना संङ्कलन विधिबाट गरिएको थियो जस्का लागि गापाको सहयोगमा स्थानीय १० जना गणकहरुलाई २ दिने कार्यशाला गोष्ठी सञ्चालन गरी प्रत्येक वार्डमा जनगणना गर्न क्षमता विकास गरियो तत्पश्चात जनगणनाको कार्य सम्पन्न गरिया र जनगणनाद्वारा संङ्कलित कोरा तथ्याङ्कलाई अशुद्धताहरूको परिक्ष्ण तथा जाँच गरी माईक्रोसफ्ट एक्सेलमा प्रशोधन, विश्लेषण र शंश्लेषण (ःछ्अचयकयात भ्हअभ्) गरियो । यसरी प्रशोधित तथ्याङ्कलाई विषयगत क्षेत्रगतका तथ्यसत्यको विश्लेषण गर्न र सो को नक्सा, रेखाचित्र, र अन्य दष्ट्रव्य समाग्रीहरु चित्रण गर्न प्रयोग गरियो ।

## १ ६ सन्दर्भ समाग्रीको पुनरावलोकान

माथि उल्लेखित जनगणनाको साथसाथै विषयगत जिल्ला वन कार्यालय, कृषि र पशुधन ज्ञानस्रोत केन्द्र, पहिलेको गाविसका प्रकोप जोखिम प्रबन्धन योजना तथा अन्य येजनाहरु, राजनीतिका दलका मुखपत्र, केन्द्रिय तथ्याङ्क विभागका इत्यादि संस्थाहहरूका प्रकाशिन प्रतिवेदनहरु जस्ता सहायका सन्दर्भ समाग्री (Secondary data) को खोजीगरी सो को समाक्षा तथा मूल्याङ्कन पनि गरिएको थियो ।

## १ ७ समुदाय स्तरीय समाग्री सङ्कलन

सामुदायिक स्तरको जानकारी जुन घरेलु तहको जानकारीको भन्दा पृथक हुन्छ । यस्ता जानकारीहरुको सङ्कलन वार्ड स्तरमा भेला र गोष्ठीहरू सञ्चालन गरी सङ्कलन गरिएको थियो । यस विधिले योजना निर्माण प्रत्रियमा समुदायको प्रतक्ष्य संलग्नता हुनगई उनीहरुको आफ्ना सरोकारका विषय र चाहनाहरुलाई योजनामा समावेश गर्न र योजनामा स्थानीय समुदायको आफ्नोपनको सुनिश्चितता गर्न मद्वत पुग्यो ।

## १ ८ भौगोलिक सूचनाका तथ्याङ्क

जनगणना र समुदाय स्तरबाट उत्पादित सूचना समाग्रीलाई प्रयोगका दृष्टिले प्रभावकारी र सान्दर्भिक बनाउन दिनानुदिन प्रचलनमा आइरहेको भौगोलिक सूचना प्रणाली (Geographical Information System) सँग आवद्ध गरियो । यसका लागि घरधुरीका स्थानाङ्कन जनगणना गर्दा ग्लोबल पोजिशनिङ्ग प्रणाली {(Global Positioning System (GPS) प्रयोग गरी भौगोलिक निर्देशाङ्क (Coordinates) सहितको प्रत्येक घरधुरीका आर्थिक-समाजिक तथ्याङ्कको सङ्कलन गरियो र सो

को विश्लेषणानुसार वन/जङ्गल, खोलानाला, खेत/बारी/पाखा, बगर, घाँसे मैदान/खुल्ला चउर जस्ता प्राकृतिक स्रोत र गाउँ/वस्ती, भाषा/जाती, कृषि/पशुधन, जस्ता आर्थिक-समाजिक अवस्थालाई पालिका र वार्ड स्तरमा भौगोलिक निर्देशाङ्क सहितको अङ्कतीयीकरण गरिएका सूचनाहरु (Digitized info) लिपिवद्ध गरियो। यसकासाथै, हरेक वडामा विद्यमान अवस्थामा संरचनाहरु जस्तै वार्डको सीमा, मठ-मंदीर, गुम्बा, चर्च, कुवा/धारा, वन, खोला, नदी, चौतारा, खेत/बारी/पाखा, गाउँ/वस्ती, महत्वपूर्ण धार्मिक र सांस्कृतिक क्षेत्रहरू, विद्यालय, स्वास्थ्य चौकी, सरकारी भवन/वार्ड कार्यालयहरू, माइक्रो हाइड्रो पावर हाउस आदिको स्थानाङ्कन भू-उपग्रहको चित्र प्रयोग गरी बनाइएको प्रारम्भिक नक्साहरूलाई वडामा भएको समुदायसँगको छलफल र गोष्ठीले प्रमाणीकरण गऱ्यो।

पुनश्चः भू-उपग्रहबाट लिइएका विभिन्न समयको तस्बिरहरूले समय अन्तरालमा ताप्लीको भू-यपयोग आएको परिवर्त्तनको प्रवृत्तिबारे विष्लेषण गर्न पनि धेरै सहयोग पुऱ्यायो।

## १ ६ विषयगत समीक्षा

वन, वन्यजन्तु, जलस्रोत, आर्थिक-समाजिक अवस्था, सुशासन, भौगालिक अवस्था, भ-ूविज्ञानको इत्यादि सम्वन्धि विषयगत तथ्याङ्कहरु विशिष्ट विज्ञहरूले अनुसन्धानात्मक विधि अपनाई सेप्टेम्वर महिनामा स्थलगत परिक्षण गरी सम्पादन गर्नुभएको थियो।

## १ १0 योजना तर्जुमा कार्यशाला गोष्ठी

योजना तर्जुको शिलशिलामा ताप्ली गापमा दुईदिने योजना तर्जुमा कार्यशाला गोष्ठीको आयोजना भयो जस्मा गापाका र विषयगत सरकारी निकायहरुका पदाधिकारीहरु, गापा वडाका सदस्यहरु, विद्यालयका शिक्षकहरु, महिला समूह, राजनीतिक दलका नेताहरू, समुदायका सदस्यहरू, गैरसरकारी संस्थाका प्रतिनिधि, र सरोकारवालाहरुको बृहत सहभागिता थियो। यो गोष्ठीले योजनाको दूरदृष्टि, उद्धेश्यहरु, उद्धेश्य प्राप्तीका लागि आवश्यक विकास रणनीति र गरिने हस्तक्षेपी कार्यक्रमका (Intervention) प्राथमिकताका क्षेत्रहरूको पहिचान गऱ्यो र योजनाका प्रारम्भिक ढाँचा प्रति सहमति जनायो।

अनुसूची १  मा यस गोष्ठीमा सहभागीहरुको नामावली सूचीबद्ध गरेको छ।

गापा स्तरीय गोष्ठीका अतिरिक्त प्रतेक वडामा वार्ड अधिकार, समुदायका सदस्य, स्कूल शिक्षक, महिला समूह, वन उपभोक्ता समूह, जल उपभोक्ता समूह, स्थानीय लब्धप्रतिष्ठित व्यक्ति, क्लव,सहकारी संस्था, सरोकारवाला, अन्य वासिन्दा इत्यादि बिच बेग्लाबेग्लै वडा स्तरीय योजना तर्जुमा कार्यशाला गोष्ठी भयो। यी गोष्ठीले प्रतेक वडाका प्राथमिकताका गतिविधिहरु पहिचान गऱ्यो र सो लाई योजनामा लिपिवद्ध गर्न सहमति गऱ्यो। यसकासाथै, गोष्ठीले प्रस्तावित योजनाको नक्शा, लक्षित वर्ग र स्थलहरू, विषयगत क्षेत्रहरुमा गरिने प्रस्तावित कार्यक्रम र गतिविधिहरूको भौगोलिक स्थानको चयन र यसको वर्णन  र अन्य लक्ष्यहरुको प्रमाणीकरण पनि गऱ्यो। यसक्रममा  उदयपुर जिल्लाको सदरमुकाम गाईघाटमा गापाका पदाधिकारी र गापामा कार्यरत गैसस संस्थाहरू बिच योजनाका मूख्य खाका र त्यसलाई लागु गर्न सरोकारवाला गैससको भूमिकाबारे परामर्श बैठक पनि सम्पन्न भयो।

## १ ११ योजनाको संरचनात्मक खाका

यो योजनाको प्रतिवेदनलाई ६ वटा भागमा लिपिवद्ध गरिएको छ। भाग १ मा ताप्ली गाउँपालिको बृहत् एकीकृत ग्रामीण विकास योजनाको तयारीको सन्दर्भमा वर्णन गरिएकोछ। भाग २ ले गाउँपालिकाको प्राकृतिक, सामाजिक र आर्थिक अवस्थाहरुको बारेमा जनगणनामा आधारित अवस्था चित्रण गरेको छ। भाग ३ मा परिच्छेद २ को विषयगत अवस्थाहरुलाई चुनौती र अवसरहरुको रुपमा बुँदागतरुपमा व्याख्या गरेको छ। त्यसैगरी भाग ४ ले योजनाको दूरदृष्टि, उद्धेश्य, रणनीति, कार्यनीति र कार्यहरुको ढाँचा सहितको हरेक विषयगत क्षेत्रका योजनाहरुलाई वर्णन गरेको छ। भाग ५ मा यो योजनाको कार्यन्वयनमा पाँच वर्षको अवधिमा लाग्नसक्ने अनुमानित लागतका साथसाथै हरेक क्षेत्रमा लाग्नसक्ने वार्षिक बजेटकोबारेमा विस्तृत लेखाको प्रवन्ध गरिएको छ। अन्तमा, भाग ६ ले योजनाको कार्यन्वयन पक्षलाइ समेटेको छ। यस योजनामा १५ एप्रोच पेपर-२०७५ का सान्दर्भिक अंशहरुलाई आवश्यकताले माग गरे बमोजिम उपक्षेत्रको पृष्टभूमिमा उतारिएको छ।

योजनाको अन्तिम भागमा अनुसूची समावेश गरिएको छ।

# भाग २: समाजिक तथा आर्थिक अवस्था

## २.१ अवस्थिति र सिमाना

नेपालको भौगोलिक विभाजनमा प्रदेश १ को उदयपुर जिल्लाका आठ पालिकाहरु मध्ये ताप्ली एक गाउँपालिका हो जुन महाभारत श्रृंखलाको उच्च पहाडी, समथर बेंसी र टारहरु लगायत विविध भौगोलिक बनावटमा पूर्व अक्षांशको ८६°२८'१४"-८६°३६'२०" देखी उत्तर देशन्तर २७°०१'१७"-२७°०८'५४" सम्म फैलिएको छ (चित्र १) । पहाडी प्रदेशमा अवस्थित यो गाउँपालिका मनोरम पहाडी संरचनाले भरिपूर्ण छ र यसको सदरमुकाम वडा नम्बर ५ को रूपाटार हो । रूपाटारबाट पश्चिम/दक्षिण करिब ५२ किलोमिटर दुरीमा रहेको कटारी नगरपालिकाको कटारी बजार यहाँको सबभन्दा नजिकको प्रमुख व्यापारिक स्थल हो । पूर्व-पश्चिम महेन्द्र राजमार्गको मिरचैयाबाट सुरुहुने मिरचैया-कटारी-सोलु उत्तर-दक्षिण राजमार्गको बेतेनी सेक्सन ताप्ली गाउँपालिकालाई जोड्ने सबैभन्दा नजिकको कालोपत्रे सडक हो । बेतिनी भरखरै विस्तारै विश्रामस्थलको रूपमा विकसित हुँदै गइरहेका चिया-खाजाका केही घर/पसल भएको बजारोन्मुख र कटारीलाई सोलुखुम्बुसँग जोडने सानो प्रवेश बजार पनि हो ।

ताप्ली गाउँपालिका साविकका पाँच गाउँ विकास समितिहरु (ओख्ले, लेखगाउँ, इनामे, ठानागाउँ र रूपाटार) लाई समायोजन गरी बनाइएको छ । साविकका यी हरेक गाविसहरु हाल गाउँपालिकाका बेग्ला बेग्लै वडाको रुपमा रहेका छन्। यस गाउँपालिकाको दक्षिणमा उदयपुरगढी गाउँपालिका, पश्चिममा कटारी नगरपालिका, पूर्वमा लिखुङ्चुङ्ग गाउँपालिका, दक्षिण पूर्वमा उदयपुर जिल्लाको रौतामाई गाउँपालिका र उत्तरमा खोटाङ जिल्लाको हलेँसी तुवाचुङ गाउँपालिका पर्दछन् । सुनकोसी नदीले खोटाङ जिल्लासँगको यसको सिमाना छुट्याएको छ ।

## २.२ क्षेत्रफल

ताप्ली गाउँपालिकाको कुल क्षेत्रफल १२०.७२ वर्ग किलोमिटर रहेको छ, जुन उदयपुर जिल्लाको कुल क्षेत्रफलको करिब ५.७७ प्रतिशत हुन आउँछ । यस गाउँपालिकाका वडाहरुमध्ये क्षेत्रफलको हिसाबले रूपाटार सबैभन्दा ठूला ठूलो र लेखगाउँ सबभन्दा सानो वडा हो । प्रत्येक वडाको क्षेत्रफल तालिका १ मा देखाइएको छ ।

*तालिका १. ताप्ली गाउँपालिकाका प्रत्येक वडाको क्षेत्रफल*

| वडाको नाम | वडा नम्बर | क्षेत्रफल (वर्ग किमि.) | कुलप्रतिशत |
|---|---|---|---|
| ओख्ले | १ | २३.२० | १९.२२ |
| लेखगाउँ | २ | १९.७७ | १६.३८ |
| इनामे | ३ | २३.०२ | १९.०७ |
| ठानागाउँ | ४ | २४.३२ | २०.१५ |
| रूपाटार | ५ | ३०.४१ | २५.१९ |
| कुल | | १२०.७२ | |




चित्र १. ताप्ली गाउँपालिकाको अवस्थिति

## २.३ भू-बनोट, तथा  धरातलीय स्वरूप र उँचाई

### २.३.१ भू-बनोट तथा धरातलीय स्वरूप

ताप्ली गाउँपालिकाको भूबनोट आग्नेय चट्टान, पत्रे चट्टान र सिलेट, चुनढुङ्गा जस्ता परिवर्तित चट्टानको समिश्रणबाट बनेको छ। यी चट्टान उच्च हिमाली चट्टान समूह (Higher Himalaya Rock Group) भित्रको काठमाडौं समूह (Kathmandu Group) सँग मेल खान्छन्। सोरुङ खोला खण्ड र तावा खोला खण्ड (Sorung Khola Formation and Tawa Khola Formation) जस्ता केही स्थलीय खण्ड/संरचना (Formation) को अवस्थिति स्पष्टसँग बाहिरबाट दखिन्छ र  दानेदार चट्टान भएको पाईन्छ। ताप्ली गाउँपालिकाको मध्य भागको ठूला ठूलो हिस्सा पनि त्यस्तै दानेदार आग्नेय चट्टान (Granitic rock) ले ढाकेको पाईन्छ। यहाँको भूसंरचना उच्चस्तरका रूपान्तरित चट्टान (Metamorphic rock) बनेको छ, जुन धेरै बाक्लो छ जसमा दानेदार क्वार्ज, सिस्ट, ग्नइस, चुनढुङ्गा र केही भागमा डोलोमाइटहरू पाईन्छन् (चित्र २)।




*चित्र २ : ताप्ली गाउँपालिकाको भूबनोट र स्थलगत स्वरूप*

ताप्ली गाउँपालिका क्षेत्रले मिश्रित भू परिसंरचना समेटेको छ। गाउँपालिकाको उत्तरपश्चिम भागमा सोरुङखोला खण्ड पर्दछ जसमा साना काला-खैरा देखि हरिया-सेता खालका विभिन्न प्रकृति र गुणस्तरका क्वार्ज-बायोटाइट-सिस्ट, क्वार्ज-फेल्डस्पार-बायोटाइट-सिस्ट जसमा सेतो क्वार्ज र माइको क्वार्जसँग मिसिइनुका साथै पेगमाटाइटिस-सिस्ट, Cs-calc सिलिकेटको चट्टान भित्र वलात् प्रवेश गरेको अवस्थामा छन्। त्यसैगरी, गाउँपालिकाको उत्तरपूर्वी भागमा तावा खोला खण्ड पर्दछ जुन काला-खैरा रङ्गका मुस्कोभाईट-बायोटाइट-क्वार्ज-सिस्टका खस्रा दानाहरू दुई चट्टानको पत्र (तलतिर एम्फिबोल्स (Amphiboles) को पत्र र माथितिर हल्काखैरा-सेता क्वार्जको पत्रको) विच मिसिएर बनेको छ। गाउँपालिकाका मध्य भागमा सबैतिर बाक्लै फैलिएको आग्नेय चट्टान पर्दछ जुन बाथोलिथ (Batholiths) को रूपमा अन्य चट्टानको पत्रमा घुसेको छ। ताप्ली गाउँपालिकाको तल्लो र मध्य भेगमा सोरुङखोला खण्ड पर्दछ र यस क्षेत्रमा आग्नेय चट्टान क्षिछयाक्षिछया भई सबैतिर ग्रेनाइटका टुक्राहरू यत्रतत्र छरिएको पाईन्छ।

भूधरातलीय आधारमा ताप्ली पहाडी गाउँपालिका क्षेत्र हो। यो गाउँपालिका होंचो (Lowland) भाग - जसलाई 'टार' भनिन्छ - बाट उत्तरतिर महाभारत पर्वत श्रृंखलाको उच्च पहाडसम्म तलबाट क्रमशः सबै दिशामा फैलिएको छ। गाउँपालिकाको वडा १ को अधिकांश उत्तरी भेग र खोला-बेंसीको होचो भागले ताप्ली गाउँपालिकाको ८.६८% क्षेत्रफल समेट्छ। त्यसैगरी, गाउँपालिकाको ५०० मिटरदेखि १२०० मिटरसम्मको उचाइमा मध्यभाग (Midland) पर्दछ जसले गाउँपालिकाको कुल क्षेत्रफलको ५१.६० प्रतिशत भूभाग ओगटेको छ। गाउँपालिकाको बाँकी ३९.७३ प्रतिशत भूभाग उच्च महाभारत श्रृंखलाको ११०० देखि २३०० मिटरसम्मको उचाइ भित्र पर्दछ। महाभारत श्रृंखलाको ११०० मिटरभन्दा माथिको भाग ज्यादै उबड-खाबड (Rugged) र चट्टानयुक्त छ र यस श्रश्रृंखलाको उत्तरी, पूर्वी र पश्चिमी मोहडा धेरै भिरालो जहाँ धेरै गहिरा र साँघुरा उपत्यका र साना खोलानालाको जलाधारहरू छन्।

### २.३.२ उचाइ र मोहडा

गाउँपालिकाको ठानागाउँ स्थित सुनकोसी क्षेत्रमा सबैभन्दा कम उचाइ ३०० मिटरदेखि इनामेको निगालबाँसमा अधिकतम उचाइ २,३१० मिटरसम्म रहेको छ। ताप्लीको कुल क्षेत्रफलको ८.६४% भाग ५०० मिटरभन्दा कम उचाइभित्र पर्दछ। गाउँपालिकाका अधिकांश क्षेत्रफल उत्तरी मोहडाको छ (चित्र ३)।

*तालिका २ : ताप्ली गाउँपालिका विभिन्न उचाइ भित्र पर्ने क्षेत्रफलको विवरण*

| क्रमसङ्ख्या | उचाइ (मिटरमा) | क्षेत्रफल (हेक्टरमा) | प्रतिशत |
|---|---|---|---|
| १ | < 500 | 1,043.2 | 8.6 |
| २ | 500 - 1000 | 4,347.9 | 36.0 |
| ३ | 1000 - 1500 | 4,497.5 | 37.3 |
| ४ | 1500 - 2300 | 2,183.2 | 18.1 |
| | कुल | 12,071.8 | 100 |

*तालिका ३ : ताप्ली गाउँपालिकाका विभिन्न मोहडामा पर्ने क्षेत्रफलको विवरण*

| क्रमसङ्ख्या | मोहडा | क्षेत्रफल (हेक्टरमा) | प्रतिशत |
|---|---|---|---|
| १ | उत्तरी | 2,298.9 | 19.0 |
| २ | उत्तर पूर्वी | 1,641.8 | 13.6 |
| ३ | पूर्वी | 1,326.8 | 11.0 |
| ४ | दक्षिण पूर्वी | 856.5 | 7.1 |
| ५ | दक्षिणी | 916.3 | 7.6 |
| ६ | दक्षिण पश्चिमी | 1,169.9 | 9.7 |
| ७ | पश्चिमी | 1,630.2 | 13.5 |
| ८ | उत्तर पश्चिमी | 2,231.6 | 18.5 |
| | कुल | 12071.8 | 100 |







**चित्र ३ : ताप्ली गापाका वडाका उचाई र मोहडाको अवस्था चित्र । माथिः उचाई र तलः मोहडा ।**

## २.४ जलवायू

सामान्यत: ताप्ली गाउँपालिकामा उपोष्ण वा उष्ण मनसुनी हावापानी (sub-tropical) किसिमको हावापानी पाईन्छ तर जलवायूको यो विशेषतामा पनि विविधता छ। उच्च क्षेत्रमा न्यानो समशीतोष्ण हावापानी वा उष्ण प्रदेशीय हावापानीसम्मका पाखा, बनजङ्गल र वस्तीहरू छन् ।




| | जन | फेब्रु | मार्च | अप्रि | मे | जुन | जुला | अग | सेप्टे | अक टो | नोभे | डिसे |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अधिकतम | २२ | २४ | २९ | ३३ | ३३ | ३२ | ३१ | ३१ | ३० | ३० | २७ | २३ |
| न्युनतम | १० | १२ | १६ | २१ | २३ | २५ | २५ | २५ | २४ | २१ | १७ | १२ |
| औसत | १६ | १८ | २२ | २७ | २८ | २९ | २८ | २८ | २७ | २५ | २२ | १७ |

**चित्र ४ : ताप्ली गाउँपालिकामा मासिक अधिकतम र न्यूनतम तापक्रम सेल्सियसमा (जल तथा मौसम विज्ञान विभागको उदयपुर गढी केन्द्रको तथ्याङ्क, २०१९)**

गापाभित्र वर्षामा पनि विविध विशेषता छ । ताप्लीको महाभारत श्रृंखलाको उत्तरी मोहडाको भिरालो भाग वर्षाको छाया (Rain-shade area) क्षेत्रको विशेषताले चिनिन्छ यस्ता क्षेत्रमा थोरै वा सिमित वर्षा हुने गर्दछ। गापमा यस्तो क्षेत्र वडा ४ (ठानागाउँ), वडा ५ रूपाटारको अधिकांश हिस्सा र वडा १ ओख्ले को धेरैजसो भाग पर्दछ। वडा २ लेखगाउँ र वडा ३ इनामेमा तुलनात्मक रूपमा बढी वर्षा हुने क्षेत्र हुन् ।

ताप्ली गाउँपालिकामा मौसम केन्द्र छैन, त्यसैले मौसमको प्रवृत्तिको विश्लेषण त्यहाँको नजिकमा रहेका जल तथा मौसम विज्ञान विभागका उदयपुर गढी र कुरुले घाटका मौसम केन्द्रको तथ्याङ्कका आधारमा गरिएको छ ।




**चित्र ५ : ताप्ली गाउँपालिकामा औसत मासिक वर्षा (जल तथा मौसम विज्ञान विभागको उदयपुर गढी केन्द्रको तथ्याङ्क)**

## २.५ तापक्रम

सामान्यत: पुष माघ जाडो हुने महिना हुन् । त्यस बेला गाउँपालिकामा तापक्रमको पारो न्यूनतम १०.३° सेल्सियससम्म झर्दछ भने गर्मी महिनामा तापक्रम अधिकतम ३३° सेल्सियससम्म पुग्छ। यहाँको ज्यादै गर्मी हुने महिना जेठ हो। मङ्सिरदेखि फागुनसम्म जाडो मौसम हुन्छ भने चैतदखि असोजसम्म ३३° सेल्सियसभन्दा माथि तापक्रम बढेर गर्मी हुन्छ। माघ महिनामा सरदर तापक्रममा १५.९° सेल्सियसदेखि असारमा आएर औसत तापक्रममा २८.५° सेल्सियससम्म हुन्छ (चित्र ४)।

यहाँको वार्षिक औसत अधिकतम र न्यूनतम तापक्रम (Maximum minimum annual average temperature) क्रमश: २८.६° सेल्सियस र १९.१° सेल्सियस रहेको छ। ताप्लीको औसत वार्षिक तामक्रम प्रायजसो न्यानो रहने अर्थात् २३.९° सेल्सियस सम्म रहन्छ जो शारीरिक तापक्रम (Physiological temperature) भन्दा केही कम हो। यस्तो तापक्रमा अधिकांश पशु तथा कृषि बालीका लागि राम्रो मानिन्छ।

## २.६ वर्षा

गाउँपालिका नजिकैका कुरुले घाट, खोटाङ र उदयपुर गढी, उदयपुरका मौसम केन्द्रले राखेको वर्षाको अभिलेख अनुसारको तथ्याङ्कले नै गापाको औसत वर्षाको अनुमानित मात्रा देखाउँछ (तालिका ४)। यस गापामा औसत ४७४.३५ मिलिमिटरका साथ पानी पर्ने महिना असारबाट सुरु हुन्छ र साउन र भदौमा यसको मात्रा क्रमश: वृद्धि हुँदै जान्छ। असोज महिनामा

आकस्मिक वर्षा सहितको औसत वर्षा २२०.४५ मिलिमिटिरसम्म हुन्छ। सामान्यत: कात्तिकदेखि जेठसम्मका महिनाहरु सुख्खा महिना हुन् र यी महिनामा गाउँपालिकामा वर्षा हुँदैन।

वर्षाको प्रवृत्ति (Pattern) को विश्लेषण गर्दा ताप्लीमा औसत वार्षिक वर्षा २०९०.६० मिलिमिटर हुने गरेको देखिन आउँछ जसले ताप्ली उच्च वर्षा हुने क्षेत्र हो भन्ने भान पार्दछ, तर वर्षाको यो प्रवृत्ति ताप्लीको अन्य सुख्खा क्षेत्रमा हेर्दा त्यस्ता क्षेत्रमा औसत मासिक वर्षा (Avergarge mponthy rainfall) १७४.२२ मिलिमिटर मात्र हुने गर्दछ।

*तलिका ४ : नजीकका केन्द्रको मापन अनुसार ताप्लीको औसत वर्षा (जल/मौसम विज्ञान विभाग, सन् २०१९)।*

| महिना | कुरुले घाट केन्द्र | उदयपुर गढी केन्द्र | औसत |
|---|---|---|---|
| जनवरी | 8.20 | 6.3 | 7.25 |
| फेब्रुअरी | 6.70 | 4 | 5.35 |
| मार्च | 30.30 | 28.5 | 29.4 |
| अप्रिल | 48.20 | 52.3 | 50.25 |
| मे | 122.50 | 132.7 | 127.6 |
| जुन | 486.40 | 462.3 | 474.35 |
| जुलाई | 613.70 | 638.2 | 625.95 |
| अगस्ट | 534.70 | 510.6 | 522.65 |
| सेप्टेम्बर | 231.60 | 209.3 | 220.45 |
| अक्टोबर | 20.20 | 14.4 | 17.3 |
| नोभेम्बर | 7.20 | 6.8 | 7 |
| डिसेम्बर | 2.30 | 3.8 | 3.05 |
| *औसत मासिक वर्षा* | *176.00* | *172.43* | *174.22* |

## २.७ भू-बनोट तथा भू-क्षेत्र

### *भू-उपयोग तथा भू-क्षेत्रको प्रवृत्ति*

ताप्ली गाउँपालिकामा भूउपयोग र भू क्षेत्रको प्रवृत्तिको विश्लेषण सन् २०१७ मा भूउपग्रहबाट प्राप्त सूचना गुगल अर्थ (Google Earth) बाट लिएर नापी विभागको भूस्रोत नक्साङ्कन आयोजनाबाट प्राप्त सन् १९९६ को भू-उपयोग र ढाकिएको भू-क्षेत्रसँग तुलना गरी प्रस्तुत गरिएको छ। सन् २०१८ भू-उपयोग र ढाकिएको भू-क्षेत्रको विश्लेषणबाट ताप्ली गाउँपालिकाको सबैभन्दा ठूला ठूलो क्षेत्रफल ४७.९८% ले वनले ओगटेको छ, त्यसपछि क्रमश: खेतीयोग्य जमिनले ३२.०८% र बुट्यान क्षेत्रले १३.४३% भू-क्षेत्र ढाकेको छ। यी तिन किसिमको भू-क्षेत्रभन्दा अलग जस्तै घाँसेक्षेत्र र बलौटे क्षेत्रले क्रमश: ३.५५% र २.१९% गापाकाका क्षेत्रफल ढाकेको छ। पार्श्वचित्र बनाउनेक्रममा गरिएको अध्ययनले नदी र यसका किनाराको बलौटे क्षेत्र आन्तरिक र व्यापारिक प्रयोजनका लागि अत्यन्त राम्रा स्थान हुन सक्ने सङ्केत दिएको छ। यस अतिरिक्त, गापामा बाँझो जमिन र जलक्षेत्र भने अति कम रहेको पाइएको छ। जलक्षेत्रको कमीले गाउँपालिकालाई पानीको प्रयोग र यसका व्यवस्थापनमा गम्भिर हुनुपर्ने तर्फ स्पष्ट संङ्केत देखाएको छ।

विगतका २२ वर्षमा ताप्लीका वनक्षेत्र करिब ६% विन्दुले घटेको छ। यस तथ्याङ्ले ताप्लीमा प्रतिवर्ष लगभग ३३ हेक्टर वनविनाश हुँदै गरेको सत्यताको पुष्टी गर्द छ। जलक्षेत्र कम हुनु र वनक्षेत्र विनाश बढ्नु गापाको दिगो विकास र समृद्धिको लागि बिग्रह र चिन्ताको विषय हो। त्यसैगरी, खेतीयोग्य भू-क्षेत्र पनि ४.८६% विन्दुले घटेको छ। वनक्षेत्र र खेतीयोग्य भू-क्षेत्रमा घटेको जमिनको ११.१% विन्दुले यी बुट्यान क्षेत्रमा रूपान्तरित भएको पाइन्छ। खेतीयोग्य जमिनको ठूला हिस्सा लामो समयदेखि खेतीविना बाँझो वा पर्ती अवस्थामा छ, जुन क्रमश: बुट्यानमा परिणत भएको हुनु पर्दछ। त्यसैगरी, प्राकृतिक जङ्गल क्षेत्र पनि वन फँडानी हुँदै बुट्यान क्षेत्रमा परिणत भएको छ (तालिका ५)।

*तालिका ५ : सन् १९९६ र २०१८ को बिचमा भू-उपयोग र ढाकिएको भू-क्षेत्रमा आएको परिवर्तन*

| क्रम सङ्ख्या | भू-उपयोग र ढाकिएको भू-क्षेत्रको प्रकार | सन् १९९६ | | सन् २०१८ | | % परिवर्तन |
|---|---|---|---|---|---|---|
| | | क्षेत्रफल (हेक्टरमा) | प्रतिशत | क्षेत्रफल (हेक्टरमा) | प्रतिशत | |
| १ | वन | 6,505.70 | 53.89 | 5,792.10 | 47.98 | (5.91) |
| २ | बुट्यान | 281.10 | 2.33 | 1,621.50 | 13.43 | 11.10 |
| ३ | घाँसेक्षेत्र | 472.80 | 3.92 | 428.50 | 3.55 | (0.37) |
| ४ | खेतीयोग्य जमिन | 4,459.00 | 36.94 | 3,872.90 | 32.08 | (4.86) |
| ५ | पर्ती जमिन | 46.80 | 0.39 | 57.10 | 0.47 | 0.08 |
| ६ | बलौटे क्षेत्र | 252.80 | 2.09 | 264.50 | 2.19 | 0.10 |
| ७ | नदी/पोखरी | 53.60 | 0.44 | 35.30 | 0.29 | (0.15) |
| | कुल | 12,071.80 | 100 | 12,071.80 | 100 | |

## २.८ वडागत रूपमा भू-उपयोग र भू-क्षेत्रको अवस्था

वडा नम्बर ५ (रूपाटार) र वडा नम्बर २ (लेखगाउँ) कुल क्षेत्रफलका आधारमा गाउँपालिकाका क्रमशः सबैभन्दा ठूला र साना वडा हुन्। तिनको क्षेत्रफल क्रमशः ३,०४०.५ हेक्टर (२५.१९%) र १,९७६.७ हेक्टर (१६.३७%) रहेको छ। त्यसपछि वडा नम्बर ४ (ठानागाउँ, २४३२.१ हेक्टर), वडा नम्बर १ (ओख्ले, २,३२०.४ हेक्टर) र वडा नम्बर ३ (इनामे, २,३०२.१ हेक्टर) पर्दछन्। विस्तृत विवरण गाउँपालिकाको पार्श्वचित्रमा उल्लेख गरिएको छ। गापामा ढाकिएको जमिनमध्ये वनक्षेत्र सबैभन्दा ठूलो क्षेत्र वन हो जसले कुल क्षेत्रफलको ४८% अंश समेटेको छ (चित्र ६, ७ )। यसमद्धे वडा ४ ठानागाउँ सबैभन्दा धेरै वनक्षेत्र रहेको वडा हो भने वडा १ ओख्ले कम वनक्षेत्र रहेको वडा हो। अन्य वडामा समग्रमा १०% भन्दा पनि कम वनक्षेत्र छ। गापाको विकासका लक्ष्य हासिल गर्ने र राष्ट्रिय लक्ष्यमा उल्लेख्य योगदान पुर्‍याउने दृष्टिकोणले पनि गापाले वनलाई सम्बोधन गर्न रणनीतिक तथा कार्यनीतिक दुवै प्रयास गर्नु आवश्यक देखिन्छ।

गापामा १३% भन्दा बढी जमिन बुट्यान क्षेत्रले ढाकेको छ। सबैभन्दा बढी बुट्यान क्षेत्र वडा ५ (रूपाटार), त्यसपछि वडा ४ (ठानागाउँ) र वडा १ (ओख्ले) हुन्। इनामेमा नगण्य मात्रामा बुट्यान छ। यसैगरी, गापामा करिब ३.६% घाँसेक्षेत्र रहेको छ। इनामे र ओख्लेमा ठूलो प्रतिशतमा घाँसेक्षेत्र छ। राष्ट्रिय तहको झन्डै ११.५६% घाँसेक्षेत्रको तुलनामा यो घाँसेक्षेत्र धेरै भने होइन (नेपाल सरकार सन् २०१४)। पर्ती/बाँझो जमिनको हकमा गापामा ०.४७% मात्र बाँझो जमिन छ। इनामेमा बाँझो जमिन छैन तर रूपाटार र ठानागाउँमा केही पर्ती जमिन क्रमशः २७.२ हेक्टर (०.२३%) र १९.५ हेक्टर (०.१६%) छ।

गापाको कुल खेतीयोग्य जमिन ३२.०८% मध्ये वडा ३ (इनामे) मा सबैभन्दा ठूला हिस्सा (९७९.२ हेक्टर, ८.११%) रहेको छ। त्यसपछि रूपाटार (८८०.७ हेक्टर, ७.३%), लेखगाउँ (७८६.९ हेक्टर, ६.५२%), ओख्ले (६१६.९ हेक्टर, ५.११%) र ठानागाउँ (६०९.२ हेक्टर, ५.०५%) रहेको छ। रूपाटारको यारी, घारी, कुभिण्डे, बडहरे र गहते, र ठानागाउँको राकुला खोलाको क्षेत्रमा धानखेती हुन्छ। यस गापाको २६४.५ हेक्टर (२.१९%) बलौटे क्षेत्रमध्ये वडा ५ (रूपाटार) र वडा ४ (ठानागाउँ) मा सबभन्दा बढी बलौटे क्षेत्र क्रमशः १.३६% र ०.४% रहेको छ। यारी खोला र यसका शाखाहरु रहेका अन्य वडामा नगण्य मात्रामा बलौटे क्षेत्र रहेको छ। नदी र तालतलैयाले यस गाउँपालिकाको ३५.३ हेक्टर क्षेत्रफल ढाकेको छ। यसमध्ये मुख्य रूपमा यारीखोला र यसका सहायक खोलाहरुका कारण रूपाटारमा मात्र २३.६ हेक्टर जलक्षेत्र रहेको छ। त्यस्तै, ठानागाउँमा (६.७ हेक्टर), ओख्लेमा (४.४ हेक्टर) र लेखगाउँमा (०.५ हेक्टर) जलक्षेत्र रहेको छ, तर इनामेमा जलक्षेत्र छैन।







*चित्र ६ सन् १९९६ (माथि) र सन् २०१८ (तल) बिच ताप्लीका वनक्षेत्रमा भएको परिवर्तन*




*चित्र ७ ताप्ली गाउँपालिकामा भू-उपयोग र भू-क्षेत्र, २०१८*

## २.६ वन र यसको अवस्था

### *सामान्य परिचय*

३०० मिटरदेखि २३०० मिटरसम्मको उचाइमा जलवायूको विविधताले ताप्लीमा विविध जातिका वन र वनस्पतिका लागि उपयुक्त वातावरण प्रदान गरेको छ । यसैले गर्दा गाउँपालिकामा वनले कुल क्षेत्रफलको ४७.९८ प्रतिशत भाग ढाकेको छ तर यहाँको वनको अवस्था राम्रो छैन । यहाँका वनक्षेत्र पातला छन् र वनको घनापन न्यून छ । जलवायूको विविधताको प्रत्यक्षत्यक्ष्य प्रभाव गाउँपालिकागाउँपालिकाको वन वातावरणमा पनि परेको स्पष्ट अनुमान गर्न सकिन्छ । जस्तै, केही वडाहरुमा न्यानो वा समशीतोष्ण हावापानी छ भने केहीमा उष्ण प्रदेशीय (Tropical) तथा उपोष्ण वा उष्ण मनसुनी (Sub-tropical) र न्यून समशीतोष्ण हावापानी (Lower temperate climate) पाइन्छ । यी हावापानीका विविधपन वनका संरचनामा पनि प्रतिबिम्वित भएको पाइन्छ । जस्तै, वनस्पतिको संरचना (Floristic composition) का आधारमा ताप्लीमा चिलाउने-सल्लोको वन (Schima-Pine forest), मिश्रित वन, उत्तिस वन (Alnus forest) र सालसल्लोको वन (Sal-Pine forest) जस्ता चार प्रकारका वन पाइन्छ (तालिका ८) । ताप्लीमा उपोष्ण हावापानीमा हुने वन वा उष्ण मनसुनी (Sub-tropical) वन सबैभन्दा बढी छ । वडा ५ रूपाटारमा चारै प्रकारका वन पाइन्छन् भने अरू वडामा मिश्रित वन पाइन्छ । त्यसैले ताप्लीमा न्यानो समशीतोष्ण हावापानी वा उष्णप्रदेशीय, उपोष्ण हावापानी वा उष्ण मनसूनी र न्यून समशीतोष्ण हावापानी रहेको छ । ताप्ली गाउँपालिकामा रहेका सरकारी वनहरूको विवरण (तालिका ६) मा देखाईएको छ ।

*तालिका ६ ताप्ली गाउँपालिकामा वनका प्रकार र तिनको वितरण (उचाइ मी.)*

| क्रसं | वनका प्रकार | उचाइ | हावापानी | मुख्य प्रजाति | वडाहरु | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | १ | २ | ३ | ४ | ५ |
| १ | चिलाउने-सल्ला | १३५०-१५५० | उपोष्ण/उष्ण मनसुनी | *S. robusta, P. roxburghii* | | | | ■ | ■ |
| २ | मिश्रित वन | ४००-१७५० | उपोष्ण/उष्ण मनसुनी | *Bambusa* sp., *S. wallichii, A. Anepalensis, Macaranga* sp. | ■ | ■ | ■ | | ■ |
| ३ | उत्तिसका | १५००-१७५० | उपोष्ण/उष्ण मनसुनी | *Alnus nepalensis* | | | | | ■ |
| ४ | साल-सल्लो | ६००-८०० | न्यानो समशीतोष्ण/उष्ण प्रदेशीय | *S. robusta, P. roxburghii* | | | | | ■ |

### *वनछत्*

वनछत् रूख बिरूवाको छहारीले वनको भूईंलाई कतिमात्रामा छोपेको छ भन्ने र वनको हैसियतलाई सजिलै आङ्कलन गर्ने एक प्रकारको साधारण तर वैज्ञानिक पद्धति हो । वन जङ्गलको व्यवस्थापनको लेखाजोखा गर्न वनछत् मापन गर्ने र त्यसको अभिलेखलाई राखिन्छ । वन व्यवस्थापनमा वनछत् वनको अनुगमन र मूल्याङ्कनको सूचक पनि हो । उच्च वनछत् प्रतिशतले वनको राम्रो अवस्था वा हैसियत छ भन्ने जनाउँदछ । सामान्यतः ताप्ली गाउँपालिकामा सबै जङ्गलको वनछत् सरदर ४३.१ प्रतिशतले खुल्ला छ अर्थात् गाउँपालिकाका सबै वन ४७ प्रतिशतले नाङ्गा छन् । यस्तो वनको अवस्था वडा ५ रूपाटारमा बढी छ, जहाँ वनको घनापन २२ प्रतिशत मात्र छ । यहाँ वन पुरै खुला हुने गरी रुख काटिएका छन् र जङ्गलको अवस्था अत्यन्त खराब छ । ठानागाउँमा पनि रूपाटारकै जस्तै वनछत् घट्ने क्रम बढ्दो छ । उच्च भूगोलका वडाहरु लेखगाउँ, ओख्ले र इनामे मा बाहिरबाट भ्mट्ट हेर्दा अपेक्षाकृत वनको अवस्था राम्रो जस्तो देखिए पनि त्यहाँका जङ्गलको वनछत् क्रमशः ५२, ५० र ४९ प्रतिशत रहेको छ (चित्र ८) ।

यी तथ्यले ताप्ली गाउँपालिकाले सबै वडामा जङ्गलको हैसियतमा सुधार ल्याउन तर वडा ५ रूपाटारमा भने ज्यादै गम्भिर भइ तत्कालमा नै वन सुधारका कार्य गर्न सम्बन्धित निकायलाई परिचालन गर्न आवश्यक छ ।




***चित्र ८: ताप्ली गाउँपालिकामा प्रतेक वडाका वनमा वनछत् (Forest Canopy) को वर्त्तमान हैसियत, २०७६***

### *वनस्पति विविधता*

गापामा कुल १७४ प्रजातिका बोट विरुवा पाइएको छ । यी प्रजातिहरु मध्ये ६७ रुखको प्रजाति, ६७ वटा बुट्यानको प्रजाति र ४० वटा जडीबुटीको प्रजाति रहेका छन् । वनस्पतिको यो विविधता छोटो समयमा गरिएको अनुसन्धानबाट आएको हो ।

## २ १0 वनका स्रोतहरू

### *काठको सञ्चिति*

रुख अथवा बुटानहरुका मूल र हाँगाको फाइबरको तत्व रहेको कडा भाग काठ हो । यसमध्ये दाउरा हुने काठको मूल्य सबभन्दा कम हुन्छ जब कि निर्माण कार्यमा र फर्निचर बनाउन उपयोगी हुने काठ वा मुढा सबैभन्दा राम्रो मानिन्छ र यस्ता काठको मूल्य पनि उच्च हुन्छ । गापामा व्यापारिक प्रयोजनको काठ र दाउरा थुप्रै रहेको पाइएको छ । जस्तै, ताप्लीमा कुल ६८५,१८५.७३ घनफीट बिक्रीयोग्य मुढा र १९,१५४ टन दाउरा गाउँपालिकामा उपलब्ध छ (चित्र ९) । यो सञ्चिति पहाडी र हिमाली क्षेत्रको राष्ट्रिय औसतभन्दा कम हो ।

विस्तृत विवरण गाउँपालिकाको पार्श्वचित्रमा उल्लेख गरिएको छ।




*चित्र ९: ताप्ली गापामा काठको सञ्चिति खासगरी गोलिया र दाउरा, २०७६*

### *कार्बनको सञ्चिति*

ताप्ली गापामा औसत कार्बन सञ्चिति प्रति हेक्टर ७०.८ टन रहेको छ। यसमध्ये रुख बिरुवाबाट ४३५,०४५.४८ टन कार्बन सञ्चिति भएको देखिन्छ जो सबैभन्दा बढी वडा ५ मा ११७,६७३.३ टन छ (चित्र १०)।

भौगोलिक भिन्नता भएका स्थानमा जलवायु/मौसमी अवस्था पनि फरक-फरक हुन्छ र यस्ता भिन्न अवस्थामा हुर्केका खास रुखको कार्बन ग्रहण गर्ने क्षमता पनि फरक-फरक हुन्छ। उदाहरणका लागि, ओख्लेमा पात्लेको बोटले सबैभन्दा धेरै कार्बनको सञ्चिति (१७,४११.४७ टनभन्दा बढी) गरेको पाइएको छ, जबकि उही प्रजातिको रुखबाट वडा २ लेखगाउँ मा १०,९१८.०९ टन र वडा ३ इनामेमा ११,७१२.७२ टन मात्र सञ्चिति गरेको पाइएको छ। वडा ४ ठानागाउँ र ५ रूपाटार मा सल्लोले सबैभन्दा बढी कार्बन सञ्चितिमा क्रमशः ५५,९४३ र ५३,६७० टनको योगदान गरेको छ।




*चित्र १० : ताप्ली गापाको प्रतेक वडमा कार्बन सञ्चितिको अवस्था, २०७६*

### *गैरकाष्ठ वन पैदावर*

गाउँपालिकाले आफ्नो सामाजिक आर्थिक विकासमा गैरकाष्ठ वन पैदावरहरुको व्यवसायिक उपयोग गरेको छैन । तर खाद्य र अन्य परम्परागत औषधोपचारमा गैरकाष्ठ वन पैदावरहरुका २७ जाति अन्तर्गतका ३५ प्रजातिको घरेलु उपयोग गरेको पाइन्छ (तालिका ७)। विस्तृत विवरण गाउँपालिकाको पार्श्वचित्रमा उल्लेख गरिएको छ ।

*तालिका ७ : ताप्ली गाउँपालिकाका हरेक वडामा उपलब्ध गैरकाष्ठ वन उत्पादनका प्रजातिका जैविक प्रकारको सङ्ख्या*

| गैरकाष्ठ पैदावरको वर्ग | गैरकाष्ठ पैदावर प्रजाति सङ्ख्या | वडा १ | वडा २ | वडा ३ | वडा ४ | वडा ५ |
|---|---|---|---|---|---|---|
| रुख | 10 | ● | ● | ● | ● | ● |
| बुट्यान | 12 | ● | ● | ● | ● | ● |
| जडीबुटी | 6 | ● | ● | ● | ● | ● |
| लहरा | 7 | ● | ● | ● | ● | ● |
| जम्मा | 35 | | | | | |

## २.११ वन्य स्रोतको व्यवस्थापन

गापामा वनको व्यवस्थापन दुई किसिमले भइरहेको छ । यसमध्ये एक व्यवस्थापन राष्ट्रिय वन व्यवस्थापन हो जो नेपाल सरकारको प्रत्यक्ष लगानी र प्राविधिकहरुको प्रयासबाट हुने गर्दछ । गापाको कुल वनक्षेत्रको अधिकांश जङ्गल (८४.६%) अहिले पनि राष्ट्रिय वन व्यवस्थापन अन्तर्गत पर्दछ । यो वन गापाको साविकको ठानागाउँ रेन्ज पोस्ट र तावाश्री रेन्जपोस्टको कार्य क्षेत्रभित्र पर्दछ । अर्को वन व्यवस्थापन समुदायबाट गरिने व्यवस्थापन हो जो समुदायको प्रत्यक्ष निगरानी तर नेपाल सरकारको कानुनी तथा प्राविधिक सहयोगमा गपामा व्यवस्थापन गरिदैं आएको छ । हाल गापाको कुल वनक्षेत्र मध्ये १५.४%अर्थात् ८९३ हेक्टर वनजङ्गल सामुदायिक वन व्यवस्थापन अन्तर्गत संरक्षण र उपयोग गरिदैं आएको छ जो गापाको जम्मा क्षेत्रफलको ७.४% हुन आउँछ । यस व्यवस्थापनमा ८४२ घरधुरीका सदस्यहरु ८ वटा साव उपभोक्ता समूहहरुमा सङ्गठित भएका छन् ।

वन व्यवस्थापनको कार्यमा सबै साव उपभोक्ता समूहहरुमा महिलाको सहभागिता राम्रो छ । साव उपभोक्ता समूहहरुका कार्य समितिमा औसतमा ३१% महिलाको सहभागिता छ तर वडा १ ओख्लेको पञ्चावती हरियाली सामुदायिक वनमा सबै कार्यकारी पदहरुमा महिला मात्र छन् भने यसै वडाको नवहरियाली सामुदायिक वनको कार्य समितिमा महिलाहरुको सहभागिता ५५% छ । महिलालाई साव व्यवस्थापनमा परिचालन गर्ने हकमा ओख्ले सबै वडा भन्दा प्रगतिशिल र प्रभावकारी देखिन्छ । जनभावना र पँधेरापाखा, ठानागाउँ र रूपाटारका वन यहाँका सबैभन्दा ठूला सामुदायिक वन हुन् । ताप्लीमा धार्मिक वन छैन । त्यसैगरी, निजी वन घर-आँगन तथा खेतबारीमा लगाइएको छरिएका डालेघाँसको रुपमा पाखा र खेतबारीका डिलमा मात्र सीमित छ ।

## २.१२ वन्यजन्तु र वातावरण

पार्श्वचित्र तयार गर्दाको अवस्थामा जैविक विविधताको स्थलगत अध्ययनबाट गापामा १६० प्रजातिका वन्यजन्तु पाइएको छ । यस विविधतामा पुतलीका २८ प्रजाति पाइएका छन् भने पंक्षी समूहका प्रजातिमध्ये सबैभन्दा बढी प्रजाति सङ्ख्या अर्थात् ७६ प्रजाति (वन्यजन्तुको विविधताको ४७ प्रतिशत भन्दा बढी) छ । वन्यजन्तुको विविधताको यो श्रृंखलालाई क्रमशः मत्स्य प्रजातिले करिब १७ प्रतिशतले, पुतलीका प्रजातिले १५ प्रतिशत,




*चित्र ११ : ताप्ली गापामा वन्यजन्तुको विविधताको चित्र, २०७६*

स्तनधारीका प्रजातिले (झण्डै ११ प्रतिशत, र सरिसृप र उभयचर दुबैका प्रजातिले गरी ९ प्रतिशतले पछ्याएका छन् (चित्र ११) । ताप्ली गापामा पानीको अवस्था मर्माहित भएकोले गर्दा यहाँ पाइने मत्स्य जातिका दुई प्रजाति जोखिमपूर्ण र लोपोन्मुख अवस्थामा रहेको पाइएको छ । त्यस्तै सरिसृप र स्तनधारीमा पनि एक एक वटा प्रजाति लोपोन्मुख अवस्थामा पुगेका छन् ।

***मत्स्य प्रजाति***

गाउँपालिकामा चार तह (Order) मा पर्ने आठ परिवार (Family) का १९ जातिका कुल २८जाति (Genus) का माछा भेटिएका छन् । यी माछाका अधिकांश प्रजाति वडा नम्बर ४ र ५ भएर बग्ने सुनकोसीमा र यसका यारी खोला, सोरुङ खोला, कुभिन्डे खोला र राकूला खोला जस्तो प्रशाखा मिसिएका दोभानहरुमा पाइन्छन् । माछाको प्रकारमध्ये कुल माछाको विविधतामा सिप्रिनिडी र सिसोरिडी परिवारका प्रजातिको बाहुल्यता क्रमशः ५६ र १९ प्रतिशतले रहेको छ । ताप्लीका दुई प्रजातिका माछा हाल जोखिम तथा लोपोन्मुख अवस्थामा छन् । गापाका सबै खोला, नाला, झरना, कुवा र अन्य जलस्थलहरूमा पानीका मात्राको उल्लेख्य कमीका कारण नै माछाका प्रजातिहरूको यो अवस्था भएको हो ।

***उभयचर***

गापाका विभिन्न क्षेत्रमा बुफोनिडी (Bufonidae) र रानिडी (Ranidae) अर्डरमा पर्ने दुई परिवारभित्रका तीन जातिका चार प्रजाति उभयचरहरू पाइन्छन् ।

***सरिसृप***

गापामा एकै अर्डरभित्रका ७ परिवार र यी परिवारभित्र १० जाति अन्तर्गतका ११ प्रजातिका सरिसृप पाइन्छन् । यी परिवारमा सबैभन्दा धेरै कोलुब्रिडी (Colubridae) र भारानिडी (Varanidae) का प्रजाति पाईन्छ । सरिसृपका अधिकांश प्रजाति आम रूपमा पाइन्छन् तर वडा १ ओख्लेमा सुनगोहोरो (*Varanus lavescens*) पाइएको छ जो लोप हुने अवस्थामा छ ।

***पंक्षीहरू***

यस गाउँपालिकामा १४ अर्डरभित्रका ३७ परिवारमा ६६ विविध जातिमध्येका ७६ प्रजातिका पंक्षीहरु पाइन्छन् (तालिका १९) । चराहरुमध्ये मुस्सिकापिडी परिवारका चरा प्रजातिको हिसाबले धेरै विविधतायुक्त छ । उदाहरणका लागि, मुस्सिकापिडी परिवारका चराले गाउँपालिकामा पाइने चरा प्रजातिका कुल ८% ओगटेको छ । अन्य प्रजातिमा फासिआनिडी र कुकुलिडी परिवारका पंक्षी रहेका छन् । अधिकांश प्रजातिका पंक्षी आम रूपमा पाइने भए पनि केही भने पाहुना चरा छन् जो केही समयका लागि ताप्लीको भूगोलमा बस्छन्, रमाउँछन् र पुनः आफ्नो गन्तव्यमा फर्कन्छन् । गापामा पाइने चराहरुमध्ये ४ प्रजातिका चरा दुर्लभ अवस्थामा र १ प्रजातिका चरा लोपोन्मुख अवस्थामा छन् ।

***स्तनधारी***

गापामा १३ परिवारका १८ जातिभित्रका १८ प्रजातिका स्तनधारी जनावर पाइन्छन् । तीमद्धे रोडेन्सिया अर्डरका मुरिडी परिवारमा २२ प्रतिशत भन्दा धेरै स्तनधारी प्राणीको प्रजातिको विविधता छ । रोडेन्सिया अर्डरको यो विविधताको अंशलाई मांसाहारी *(Carnivora)* अर्डरले पछ्याएको छ जसको पाँच परिवारमध्येको मुस्टेलिडी परिवारका मात्र ११ प्रतिशतभन्दा बढी मांसाहारी स्तनधारीहरुको प्रजाति ताप्ली गाउँपालिकामा पाइन्छ । गाउँपालिकामा पाइने केही उल्लेख्य स्तनधारी प्राणीमा निरबिरालो *(Viverricula indica)*, वन बिरालो *(Felis chaus)*, बँदेल *(Sus scrofa)*, रतुवा/राते मृग *(Muntiacus muntjac)*, सालक *(Manis pentadactyla)* र वनमुसा *(Nesokia indica)* रहेका छन् । ओत् *(Lutra lutra)* जस्तो दुर्लभ तथा महत्त्वपूर्ण स्तनधारी प्रजाति गाउँपालिकाको वडा ५ रूपाटार भएको स्थानीय वासिन्दा बताउँदछन् ।

***पुतली***

गाउँपालिकामा पुतलीहरु प्रशस्त पाइन्छन् । अध्ययन समय गर्मीयाममा गरिएकाले यस समयमा लेपिडोप्टेरा अर्डरका मात्र पुललीहरुको पहिचान र अभिलेख गर्न सकियो । यस हिसाबले लेपिडोप्टेरा अर्डरको एउटै वर्गका ८ परिवारमा पर्ने २८ जातिको ३४ प्रजातिका पुतलीहरु गापामा पाइएको थियो । यस विविधतामध्ये गापामा निम्फलिडी *(Nymphalidae)* परिवारमामात्र ३५%भन्दा बढी पुतलीका प्रजाति छन् भने त्यसपछि क्रमशः डानिडी *(Danaidae)* र लिकाएनिडी *(Lycaenidae)* परिवारका पुतलीको प्रजातिको बाहुल्यता रहेको छ

## २.१३ जलस्रोत

ताप्ली गापामा दुई प्रकारका जलभण्डार रहेका छन् : (१) दिगो स्वच्छ पानीयुक्त नदी/खोला, र (२) दह र पोखरी जस्ता परिमार्जित रूपमा पानी सञ्चय गरिएका जलक्षेत्र । यसका साथै ताप्ली गाउँपालिकाका केही स्थानमा सामुदायिक व्यवस्थापन अन्तर्गत सञ्चालन गरिएका केही कुवा र धाराहरु पनि छन् ।

### *नदी र खोला*

गापाको कुल क्षेत्रफलको ०.३०% जलक्षेत्र रहेको छ । समग्र गापाका नै सुनकोसी नदीको जलाधार उपक्षेत्रमा रहेको छ र जल प्रणालीमध्ये वर्षैभरी पानी हुने बाह्रमासे खोलानाला यहाँका प्रमुख जलस्रोतका प्राकृतिक जलसंरचना हुन् । गापा क्षेत्रमा सुनकोसी नदीको बहाव २.२ किलोमिटर लम्बाईमा पश्चिम-पूर्व भएर वहेको छ र यसले उत्तरमा खोटाङ जिल्लालाई छुट्याउँदै गापाको उत्तरी सीमाको काम गरेको छ (तालिका २६) । यस गापाको कुल क्षेत्रफलको १७% भन्दा बढी भाग सुनकोसी नदीको प्रत्यक्ष जलबहाव क्षेत्र (Catchment) अन्तर्गत पर्दछ । सुनकोसीका अन्य उपजलाधार क्षेत्रमा सोरुङ खोला, यारीखोला र राकूला खोला रहेका छन् । तिनीहरुको उपजलाधार क्षेत्रले समेटेको क्षेत्र क्रमशः १५%, ६९% र करिब १४% हुन आउँदछ । राकूला र सोरुङ खोला क्रमशः गापाको पूर्वी र पश्चिमी सीमा भएर सुनकोसी नदीमा मिसिन्छन् ।

यारीखोला सुनकोसी नदीको सबैभन्दा ठूलो उपजलाधार क्षेत्र हो । यो खोला गापाको ईनामेको दक्षिणी भाग रचानेदेखि सबै वडालाई क्रमशः छिचोल्दै गापाको उत्तरी सीमामा खोटाङलाई उत्तर पार्दै सुनकोसीमा गएर विसर्जन हुन्छ । रचानेदेखि सुनकोसी नदीसम्मको यारीखोलाको लम्बाई २०.७ किलोमिटर छ र यसको जलबहाव क्षेत्रमा ७ वटा लघु जलाधार क्षेत्र छन् ।

गापाकाका सबै खोला दक्षिणबाट उत्तर बगेका छन् तर सुनकोसी नदी पश्चिमबाट पूर्वतर्फ बग्दछ । घारी र गहते जस्ता केही खोला हिउँदमा सुक्छन् । जलाधारले यहाँका सबै वडाहरुमध्ये वडा ५ को सबभन्दा बढी क्षेत्रफल (२५%) समेटिएको छ र गापाका नदी/खोलाको जम्मा लम्बाईको करिब ९०% लम्बाई यसै वडाभित्र पर्दछ । तथापि गापाका वडा ५ र वडा ४ को केही भाग पानीको अभावमा रहेका क्षेत्र हुन् ।

### *सिमसार*

ताप्ली पोखरीलाई हाल स्थायी रूपमा पानी सञ्चय हुने गरी पुनरुद्धार गरिएको छ । यो वडा नम्बर २ (लेखगाउँ) मा १,७४० मिटरको उँचाइमा २७°०१'४६.००" उत्तर र ८६°३३'३१.००" पूर्वमा महाभारत पर्वत श्रृंखलामा अवस्थित छ । पोखरीको मुख्य पोखरी क्षेत्र र जलाधार क्षेत्र क्रमशः एक हेक्टर र ०.५. हेक्टर रहेको छ । पोखरीको पूर्व र दक्षिणमा हरियो र खुला चौर छ पश्चिमतिर भने बारी र बस्ती रहेको छ । यस पोखरीको उत्तर दिशामा गैरीगाउँ–ताप्ली कच्ची सडकले उत्तरतिरको सीमाको काम गरेको छ । दक्षिणतिरको माटाको बाँधले पानीको निकासा थुनेको छ । पश्चिमतिरको डिलमा पञ्चकन्या मन्दिर रहेको छ । यसको पश्चिमतिरको डिलमा समथर बारी सहित सानो वस्ती छ ।

जलाधार क्षेत्रमा उत्तिस, घँगौरु *(Pyracantha cranulata)*, धुपी, चिलाउने र फलेदो *(Erythrina indica)* को बुट्टयान जङ्गल छ । जलाधार क्षेत्रमा पाइने केही जन्तुहरुमा भ्यागुता *(Hoplobatrachus tigerinus)*, ब्वाँसेसर्प *(Lycodon sp)*, पानीहाँस, बकूलला *(Casmerodius albus)*, घोरल *(Naemorhedus goral)*, रतुवा *(Muntiacus muntjac)* र खरायो *(Lepus sp)* रहेका छन् ।

ताप्ली पोखरीको सांस्कृतिक र पर्यटकीय महत्व रहेको छ । पोखरीको उत्तरतर्फ गाउँपालिकाले एउटा दुई तल्ले विश्रामस्थलको निर्माण गरेको छ भने विद्यालय भवनको दक्षिणको उच्च तथा समथरस्थलमा एउटा भ्यूटावर निर्माणधीन अवस्थामा छ । यो टावर गणतन्त्र नेपालको पूर्व अवस्थामा नेपाल पर्यटन बोर्डको लगानीमा शुरुवात् भएको हो र तत्पश्चात् सन् २०१९ मा प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले पनि लगानी गरेको छ । यी सबै लगानी ताप्ली डाँडाको मनोरम र पोखरीको अवस्थालाई सुधार गर्दै यस ठाउँलाइ पर्यापर्यटनको लागि विकास गर्नु हो । यस पोखरीको डिलमा नयाँ वर्षमा लाग्ने मेलामा १,००० भन्दा बढी यात्रुले यस स्थानको अवलोकन तथा भ्रमण गर्दछन् । हरेक वर्ष यसको दक्षिणमा रहेको विद्यालयको चउरमा भलिवल खेल पनि खेलाउने गरिन्छ ।

सिम्ले पोखरी यस गाउँको अर्को एउटा सानो सिमसार हो ।

### *ढुङ्गेधारा*

ताप्लीमा धेरै कुवा तथा ढुङ्गे धारा छ। गाउँवस्ती खानेपनीको पाइपबाट वितरण गरिनु अघि यिनै धारा र कुवाबाट खानेपानीको आपूर्ति हुने गर्थ्यो। हाल यी सबै वडा ५ को पलटारका धारा कुवाहरु बाहेक भग्नावशेषको अवस्थामा जीर्ण भएका छन्। धेरै कुवा तथा ढुङ्गे धाराहरु घरपालुवा तथा वन्यजन्तुका लागि पानीको स्रोत पनि रहेका छन्।

## २.१४ जल प्रणालीका स्रोत/सेवाको उपयोग

राकूला, नुनेखु र यारीखोलाको पानीबाट तिन वटा लघु जलविद्युत् सञ्चालित छन्। यी तीन प्लान्टबाट ६३ किलोवाट जल विद्युत् उत्पादन गरिएको छ। ती प्लान्टबाट उत्पादन हुने बिजुली वडा नम्बर ५ का ठानागाउँ, रूपाटार, कटहरे र वडा १ को ओख्लेमा आपूर्ति भएको छ। यहाँका कतिपय खोल्साहरुको पानी किसान आफैले सानो कूलो जस्तो प्रणाली बनाएर सिँचाइमा उपयोग गरेका छन्। बिजुवा र कुभिन्डे खोलाको पानी वडा ५ का गैरीगाउँ र भैँसेमा सिँचाइका लागि आपूर्ति हुने गरेको छ। गहते र बडहरे खोलाको पानीले कपासटार र बडहरेका खेतमा सिँचाइ गरिन्छ। हिउँद वा सुक्खा याममा यी दुबै स्रोत प्रायः सुक्ने गर्छन्। गहते खोलाको पानीले तल्लो मादलेका खेतमा सिँचाइ सुविधा पुगेको छ।

खोलाको पानी खानेपानीमा पनि प्रयोग हुन्छ। गहते खोलाको पानी गहते, गिँदेरी र पालाटारका घरधुरीले प्रयोग गर्छन् भने बिजुवा खोलादेखि ल्याएको पानी गैरीगाउँ, तिल्केचौरदेखि रूपाटारसम्मका घरधुरीले प्रयोग गर्दै आएका छन्। घारीखोलाबाट ल्याएको पानी माथ्लो र तल्लो मादले र कुमालेटारका घरधुरीमा आपूर्ति हुन्छ। यी मुहानबाट सिँचाइका लागि पनि पानी आपूर्ति हुन्छ। त्यसैले यहाँका खोलाहरु खानेपानीका साथै विभिन्न वडाका खेतबारीका लागि सिँचाइका स्रोत पनि हुन्।

## २.१५ पानीको गुणस्तर

गुणस्तर परिक्षण गरिएको पानी पिउन योग्य, घरयासी प्रायोजन, पशुपंक्षी र सिंचाइको लागि योग्य मानिन्छ। ताप्ली गापाका केही खोला, कुवा र धाराको पानीको गुणस्तरे तालिका ८ मा छ।

*तालिका ९: ताप्ली गाउँपालिकाका केही खोला, कुवा र धाराको पानीको गुणस्तर, २०७६*

| क्रसं | मापदण्ड | यारीखोला | गहते खोला | गहते खोला | डिठ्ठा पँधेरो | धारा पाल्टार | एकाइ |
|---|---|---|---|---|---|---|---|
| १ | आइरन (Fe) | 0.15 | 0.16 | 0.17 | 0.19 | 0.12 | मिलिग्राम/लिटर |
| २ | म्याग्नेसियम (Mn) | 0.08 | <0.05 | 0.2 | <0.05 | <0.05 | मिलिग्राम/लिटर |
| ३ | जिङ्क (Zn) | <0.05 | <0.05 | <0.05 | <0.05 | <0.05 | मिलिग्राम/लिटर |
| ४ | किनेल (Ni) | <0.05 | <0.05 | <0.05 | <0.05 | <0.05 | मिलिग्राम/लिटर |
| ५ | लिड (Pb) | <0.01 | 0.03 | 0.06 | 0.02 | 0.03 | मिलिग्राम/लिटर |
| ६ | टी-क्रिमियम (T-Cr) | <0.05 | <0.05 | <0.05 | <0.05 | <0.05 | मिलिग्राम/लिटर |
| ७ | क्याड्मियम (Cd) | <0.003 | <0.003 | <0.003 | <0.003 | <0.003 | मिलिग्राम/लिटर |
| ८ | सोडियम (Na) | 6.51 | 6.51 | 6.23 | 6.44 | 7.31 | मिलिग्राम/लिटर |
| ९ | पोटासियम (K) | 4.82 | 4.82 | 4.72 | 3.94 | 2.65 | मिलिग्राम/लिटर |

## २.१६ जलवायु परिवर्तन र विपद्

ताप्ली गापामा विपद्का घटनाको लामो इतिहास छ। गापामा भइरहने विपद्हरुमा बाढी, पहिरो र खडेरी हुन्। खडेरी जस्ता केही जोखिमको प्रारम्भिक असर मन्द हुन्छ तर बाढी पहिरो जस्ता प्राकृतिक विपद्ले प्रारम्भमा नै घातक असर गर्छन्। हाल जीवीत मानिसहरुको सम्झनामा ताजै रहेका गापाका क्षेत्रमा भएका प्राकृतिक विपद्का घटनाहरुमा २०२२ सालको खडेरी, २०२८ सालको यारीखोलाको बाढी, २०४१ सालको बाढी र पहिरो, २०४५ सालको भुइँचालो, २०५६ र २०६५ सालका बाढी र २०७२ सालको भुइँचालो रहेका छन्। विभिन्न समयमा भएका विपद्का घटनाबाट भएको क्षतिको स्तर पनि फरक फरक छ। ती मद्धे स्थानीय मानिसहरु २०२२ सालको खडेरी, २०४१ सालको बाढी पहिरो तथा २०५६ को बाढी ज्यादै विनाशकारी रहेको बताउँछन्। केही उदाहरण निम्न छन् : हालैका वर्षहरुमा खाद्यान्नको पहुँचमा सुधार आएको छ। पहिलेको जस्तो खडेरीको असर पनि कम हुदै गएको छ तर मानिसहरुले केही वर्ष यता खडेरी निकै चर्किएको र बारम्बार लाग्ने गरेको बताएका छन्।

## २.१७ मुख्य गाउँबस्ती

तालिका १० मा प्रत्येक वडाका मुख्य मुख्य बस्तीहरुको सूची दिइएको छ । गाउँपालिकाका बस्तीहरु समान किसिमले छरिएका छन् ।

*तालिका १० : ताप्ली गापाका प्रत्येक वडाका प्रमुख बस्तीहरु र वडा सदरमुकाम, सन् २०१९*

| वडाहरु | मुख्य बस्तीहरु |
|---|---|
| वडा-१ (ओख्ले) | खोल्मे, ओख्ले, बेन्जी, हल्दे, डढुवा, डुम्रे, पिप्ले भन्ज्याङ, ढुसेनी, सिस्नेरी, मादले, कात्तिके, देब्रे, डाँडागाउँ, ग्रासे, बनपारा, सिम्ले, चारुङ्ग,शाहिडाँडा,गैरिगाउँ ।<br>वडा कार्यालय ओख्लेमा छ । |
| वडा-२ (लेखगाउँ) | तामाखर्क, पुलटार, गयाटार, बछाङ, ओढारे, हाँबुटार, आँबुटार, पल्टेन, लेखगाउँ, धापेनी, साकाला, कानकुवा, कालीमाटी, नारीमाला, गर्गरे, कराली, धारापानी, सानो ओख्ले, सौरबोटे, चिसापानी, गेर्खे भन्ज्याङ, ताप्ले, तल्लो ताप्ले ।<br>वडा कार्यालय लेखगाउँमा छ । |
| वडा-३ (इनामे) | ढुसेनी, डाँडागाउँ, भाङटार, राम्चे, दगाले, खोलाखर्क, सल्ले, भैँसेटार, अस्कान्डे, मदिरे, खोपागाउँ, झिल्किया, इनामे, मानदाता, कमेरे, तल्लो ताप्ली, सिद्धिटार, शिखरपुर, निगालबाँस, रुन्चे भन्ज्याङ, तल्लो हात्तीटार ।<br>वडा कार्यालय इनामेमा छ । |
| वडा-४ (ठानागाउँ) | भस्मे, ज्यामिरे, पोखरी, फलाँटे, लखन डाँडा, कोप्चे, टाउके, भिरगाउँ, होलागाउँ, ठानागाउँ, रिगिली, घम्पाखोला, तामाखर्क, बासपानी, गुमान टार, जतन पुर, आँपेचौर, बहिदार थुम्की, सेपिले, थुम्की, वनमाला, ठूलो थुम्की ।<br>वडा कार्यालय ठानागाउँमा छ । |
| वडा-५ (रूपाटार) | राजदह, आडमारा, बडहरे, सिम्ले, निबुवा टार, सिम्ले, बडहरे, दिया थुम्का, मादले, रूपाटार, गुवान टार, सिरुवानी, गहते, खोलेखर्क, केराबारी, रामपुर, खानीडाँडा, बिजुवा, तिल्केचौर, सल्ले, पाखुरे, लामीडाँडा, ढुङ्गा, कटहरे, फुर्के, भुटिया ।<br>वडा कार्यालय रूपाटारमा छ । |

## २. १८ जनसाङ्ख्यिकीको अवस्था

### २. १८ १ जनसङ्ख्याको आकार र जनघनत्व

जम्मा २,५८१ घरधुरी भएको यस गापाको कुल जनसङ्ख्या १४,९८९ (७,७१३ पुरुष र ७,२६६ महिला) रहेको छ। गापाको औसत घरधुरीको पारिवारिक आकार ५.८२ रहेको छ, जुन राष्ट्रिय औसत (४.७) भन्दा बढी हो। औसत जनघनत्व प्रतिवर्ग किलोमिटर १२४.१६ रहेको छ, जुन राष्ट्रिय औसत (प्रतिवर्ग किलोमिटर ११८) भन्दा कम हो।

यस गापामा सबैभन्दा बढी जनघनत्व वडा नम्बर ३ (इनामे) मा १३७ भन्दा केही बढी देखिन्छ भने सबैभन्दा कम वडा नम्बर १ (ओख्ले) मा करिब १०९ रहेको छ। सरदर लैङ्गिक अनुपात रूपाटारमा सबैभन्दा बढी झन्डै १११ र सबैभन्दा कम लेखगाउँमा १०१ सहित सरदर १०५.७ को अनुपातमा रहेको छ।

हाल वडाका रूपमा मानिएका साविकका गाउँ विकास समितिहरुमा २०५८ र २०६८ को राष्ट्रिय जनगणनाबाट आएका जनसाङ्ख्यिक परिवर्तनलाई पनि सूचीबद्ध गरिएको छ। यी राष्ट्रिय जनगणनाका नतिजाले के देखाउँछन् भने यी पाँच गाउँ विकास समितिमा २०५८ देखि २०६८ सम्ममा जनसङ्ख्याको वृद्धिदर ०.२८ मा झरिसकेको छ, ठानागाउँ र रूपाटारमा त यो दर ऋणात्मक वृद्धिमा रहेको छ। गापाका अनुसार २०६८ को जनगणनालाई २०५८ सँग तुलना गर्दा घरधुरीको सङ्ख्यामा २११ ले र जनसङ्ख्यामा ५३ ले कमी आएको छ। तीव्र गतिमा बढ्दो बसाइँ सराइले गाउँपालिकामा सन् २०११ देखि सन् २०१८ मा जनसङ्ख्याको बसाइँ सराइ ०.५३ प्रतिशत र घरधुरी बसाइँ सराइ ८.२ प्रतिशतले बढेको छ।




*चित्र १२: ताप्ली गापाका वडास्तरीय जनसङ्ख्याको अवस्था प्रतिशतमा, २०७६*

### २.१८.२ जनसङ्ख्या वृद्धि /उमेर संरचना/सक्रिय जनसङ्ख्या

गापाको सरदर वार्षिक जनसङ्ख्या वृद्धिदर राष्ट्रिय औसत १.३५% प्रतिशतभन्दा धेरै कम ०.२८ प्रतिशत रहेको छ। उमेर समूहहरुमद्धे पाँच वर्षको अन्तरालमा ११ देखि १५ वर्षको उमेर समूह सबैभन्दा ठूलो बन्ने देखिन्छ भने ७१ देखि ७५ वर्षको उमेर समूह सबैभन्दा सानो बन्ने देखिन्छ। कुल जनसङ्ख्याको ५९.१८% आर्थिक रूपमा सक्रिय जनसङ्ख्या (१६-६० वर्ष) देखिएको छ। १५ वर्षभन्दा मुनिको जनसङ्ख्या ३२.५४% र ६० वर्षभन्दा माथिको जनसङ्ख्या ८.२२% रहेको छ (चित्र १३)। विस्तृत विवरण गाउँपालिकाको पार्श्वचित्रमा उल्लेख गरिएको छ।




*चित्र १३ : ताप्ली गाउँपालिकामा उमेरका आधारमा जनसङ्ख्या समूह, २०७६*

### २.१८.३ जातीयता, भाषा, धर्म

ताप्ली गापाका प्रमुख जातीय समूहमा मगर (२१.४३%), राई (२०.६६%), तामाङ (१२.०३%) र ठकुरी (१०.४५%) पर्दछन्। अन्य समूहहरुमा छेत्री, बाहुन, कामी, दमाई, सार्की, दसनामी, माझी रहेका छन्।

गाउँपालिकामा बोलिने प्रमुख भाषाहरु नेपाली, मगर, तामाङ र राई भाषा हुन्। जनसङ्ख्याको ठूलो हिस्सा (८९.८%) को मातृभाषा नेपाली रहेको छ। त्यसपछि मगर (५.४%) राई (२.६%) र तामाङ (२.२%) मातृभाषाको स्थानमा रहेका छन्। सुनुवार र नेवारको जनसङ्ख्या क्रमशः ५.२ र ६.५% छ, उनीहरु आफ्नै भाषा बोल्छन् तथापि गापामा यी भाषालाई मातृभाषाका रूपमा राखिएको छैन।

यहाँको बहुसङ्ख्यक जनता हिन्दु छन्। त्यसपछि बौद्ध धर्मावलम्बी र इसाई धर्मावलम्बी छन्।

### २.१८.४ घरमुली/घर स्वमित्व

जनसाङ्ख्यिक विश्लेषणमा सबै घरधुरीको जबाफ प्राप्त हुन नसकेता पनि जबाफ दिने २,१९४ घरधुरीमध्ये ८६% ले घरको स्वमित्व पुरुषमा रहेको बताए। वडा नम्बर ५ (रूपाटार) मा भने महिला घरमुली रहेका परिवार धेरै (४.५%) छन्, र त्यसपछि महिला घरमुली धेरै हुनेमा इनामे र लेखगाउँ छन्।

### २.१८.५ बैवाहिक अवस्था

यस गाउँपालिकामा आधा जनसङ्ख्या विवाहित, ४८% अविवाहित र बाँकी २% मध्ये एकल, विधुवा वा सम्बन्ध विच्छेद गरिबसेका छन्।

### २.१८.६ अपाङ्गता

गपामा कुल ११४ जना अपाङ्गता भएका मानिस बसोबास गर्दछन् । तीमद्धे ठानागाउँमा सबैभन्दा बढी ३८%, ओख्लमा २७% र रूपाटारमा १५% छन् । इनामे र लेखगाउँमा थोरै सङ्ख्यामा मात्र अपाङ्गता भएका मानिस छन् ।

### २.१८.७ साक्षरता

गपामा २४% जनसङ्ख्या अझै पनि निरक्षर छ । सबैभन्दा उच्च असाक्षरताको दर वडा नम्बर १ (ओख्ले) मा झन्डै ३% छ त्यसपछि ठानागाउँ (२९% भन्दा बढी) र रूपाटार (झन्डै २२%) मा छ । गापाको यो साक्षरता दर राष्ट्रिय औसत (५९.५७% जो नेपाल सरकार/युएनडीपीको आङ्कडा) भन्दा उच्च (७५.७%) रहेको छ । वडाहरुमद्धये इनामे (वडा नम्बर ३) मा साक्षरता दर सबैभन्दा बढी (८७.३%) छ भने वडा नम्बर १ (ओख्ले) मा सबैभन्दा कम साक्षरता दर ६६% भन्दा थोरै मात्र बढी छ ।

विद्यालय शिक्षालाई आधारभूत र माध्यमिक गरी दुई तहमा विभाजन गरिएको छ । यस सन्दर्भमा गापामा आधारभूत शिक्षा प्राप्त जनसंख्या ३१% भन्दा बढी रहेको छ, जसमद्धे वडा नम्बर १ (लेखगाउँ) मा झन्डै ५०% र वडा नम्बर ५ (रूपाटार) मा सबभन्दा कम रहेको छ । गापामा माध्यमिक तहको शिक्षा हासिल गर्ने  जनसङ्ख्या ज्यादै न्यून (१५% भन्दा केही बढी मात्र) रहेको छ । जनसङ्ख्याका दृष्टिले माध्यमिक शिक्षा प्राप्त गर्ने सबभन्दा बढी जनसङ्ख्या वडा नम्बर ५ (रूपाटार) र सबैभन्दा कम वडा नम्बर ३ (इनामे) छन् । गापामा विश्वविद्यालय तहको उच्च शिक्षा प्राप्त जनङ्ख्या ३% भन्दा कम छ जस्को अनुपात हठानागाउँ र रूपाटार तुलनात्मक रूपमा राम्रो अवस्थामा छन् भने वडा नम्बर २ (लेखगाउँ) मा १% भन्दा कमले मात्र उच्च शिक्षा पाएका छन् ।

## २.१९ पेशागत तथा रोजगारी स्थिति

बहुसङ्ख्यक मानिस (५८%) को मुख्य पेशा कृषि रहेको छ । दोस्रोमा अध्ययन गर्ने विद्यार्थी (३४%) पर्दछन् । सरकारी र संस्थागत रोजगारी नगण्य (२.४%) रहेको छ । हाल मानिसहरु विस्तारै साना व्यवसाय सञ्चालनमा लागेका छन् । यस्ता व्यवसायमा १.५% जति जनता संलग्न छन् ।

इनामेका जनताको बढी चासो कृषि (६६% भन्दा बढी) मा छ भने ठानागाउँ र ओख्लेमा परम्परागत कृषि व्यवसाय तुलनात्मक रूपमा न्यून छ । इनामेका दुई प्रतिशतभन्दा बढी र रूपाटारका झन्डै दुई प्रतिशत जनता चिया पसल र अन्य व्यवसायमा संलग्न छन् । ठानागाउँ, ओख्ले, लेखगाउँ र रूपाटारबाट गरी करीब २% जनता वैदेशिक रोजगारीमा संलग्न देखिन्छन् जो स्पष्टत: छ । लेखगाउँमा विद्यार्थीको रोजगारीको प्रतिशत उच्च छ, त्यसपछि ओख्ले र रूपाटारमा विद्यार्थी रोजगारीमा बढी छन् ।

## २.२० वैदेशिक लगानीको स्थिति

यस विषयमा गापामा प्रत्यक्ष कुनै लगानी छैन । तर सेभ द चिल्ड्रेन (Save the Children) र वर्ल्ड भिजन (World Vision) संस्थाहरुले स्थनीय गैरसरकारी संस्थामार्फत् कृषि, स्वास्थ, खानेपानी र स्थानीय वासिन्दाका आयमूलक कार्यक्रममा लगानी भइरहेको छ ।

## २.२१ भौतिक संरचना

### २.२१.१ आवासको प्रवृत्ति

गाउँपालिकामा आवासको प्रवृत्ति परम्परागत ढुङ्गो माटोले घर बनाउने प्रविधिबाट हाल क्रमश: सिमेन्ट र इँट्टाले घर निर्माण गर्नेतर्फ ढल्कन थालेको छ । गारोको किसिमले हेर्दा यहाँका अधिकांश घरहरु ढुङ्गा माटोको गारोले बनेका छन् । यस्ता घरको हिस्सा झन्डै ९५% छ । काठले मात्र बनाएका घर २.८% मात्र छन् । केही वर्षयता यातायात सुविधा र बजारको पहुँचमा भएको सुधारले इँट्टा सिमेन्टको गारो लगाई बनाइएका घरहरुले परम्परागत ढुङ्गोमाटोका घरलाई विस्थापन गर्दै छ । रूपाटारमा तुलनात्मक रूपमा बढी सिमेन्ट र इँटाको गारो भएका घर छन्, त्यसपछि यस्ता संाचना इनामेमा छन् जबकि यस्तो घर ठानागाउँमा एउटा मात्र छ । छानाको प्रकारका दृष्टिले खरको छानो भएका घर यहाँ धेरै (७९%) छन् त्यसपछि जस्तापाताले छाएका घर १९% मात्र छन् । रूपाटार र इनामे दुवैमा यस्ता घर धेरै छन् ।

### २.२१.२ खानेपानी/ सरसफाई

गापामा ९१% जनसङ्ख्यामा पाइपको खानेपानीको पहुँचमा छ र यो सुविधा रूपाटार र इनामेमा धेरै छ। यस गापाले अब बाँकी  ९%(अर्थात् २२५ घरधुरी) जनसङ्ख्यामा यो जनसङ्ख्यामा सुविधाको विस्तार गर्न पहल गर्नु पर्दछ। यसो गरेमा सबै घरधुरी परिवारको पाइपको पानीमा पहुँच पुग्दछ।

रूपाटार र इनामेका १३२ घरधुरीले अझै पनि पँधेराबाट पानी ल्याउँछन्। रूपाटारका २० घरधुरी र ओख्लेका १० घरधुरीले खानेपानीका लागि क्रमशः खोला र अपरिभाषित स्रोतमा निर्भर छन्। रूपाटार र इनामे खानेपानीको स्रोतको रूपमा राम्रा स्थान भएका ठानिन्छ। ठानागाउँको खानेपानी इनामेको खानेपानीको स्रोतको पानी पनि प्रयोग भएको छ। साथै गापाका करिब ६०%  घरधुरी सामुदायिक धारामा निर्भर छन्। यस्तो निर्भरता सबैभन्दा बढी वडा नम्बर–५ (रूपाटार) मा २०% भन्दा बढी देखिन्छ भने यसपछि वडा नम्बर–३ इनामे र वडा नम्बर–४ ठानागाउँमा यसको प्रतिशत बढी छ। लेखगाउँमा आफ्नै घरमा धाराको पानी रहेका समुदायको सङ्ख्या सबैभन्दा कम छ। निजी धाराको खानेपानी सुविधा भएका घरधुरी ज्यादै सीमित (करिब ४% घरधुरी) मात्र छन्।

समय क्रमसँगै खानेपानी तथा सरसफाइ अभियानले उत्साहजनक रूपमा अधिकांश घरधुरीलाई शौचालय निर्माणमा योगदान पुऱ्याएको छ। गाउँपालिकामा ९८.३% घरधुरीले विभिन्न किसिमका शौचालय प्रयोगमा ल्याएको छ। इनामेलाई छाडेर अन्य वडाका करिब २% घरधुरी अझै पनि खुलाठाउँमा दिसा गर्दछन् जुन जनसङ्ख्यामा वडा नम्बर ५ मा सबैभन्दा बढी छ।

### २.२१.३ इन्धनको स्रोत

गाउँपालिकामा ९९% घरधुरीले खाना पकाउने इन्धनको रुपमा काठ दाउराको प्रयोग गर्दछन्।  अहिले एल पि जी ग्यास प्रयोग गर्ने घरधुरीको जनसङ्ख्याबढ्दै गएको छ।  गापामा सडकको पहुँच बढेसँगै इन्धन कटारीबाट आयात गरिन्छ। गापामा ७३% घरधुरीले बत्ती बाल्न सौर्य उर्जाको प्रयोग गर्दछन् भने २२% घरधुरीले बिजुलीको प्रयोग गर्दछन्।

### २.२१.४ सडकमा पहुँच

गपाभरी कालोपत्रे सडक छैन तर कच्ची सडकले मुख्य मुख्य बस्तीहरुलाई जोडेको छ। कुल घरधुरीको करिब ८% मो मुख्य सडकमा प्रत्यक्ष पहुँच छ भने सहायक सडकले २१% भन्दा बढी घरधुरी (अर्थात् ५५५ घरधुरी) लाई जोडेको छ। करिब ७० % घरधुरी आवागमनका लागि अझै पनि गोरेटो बाटोमा नै निर्भर छन्। सबै वडाहरु ग्रामीण धुले सडकको सञ्जालले जोडिएका छन्। यस्ता सडक बर्षायाममा कहिलेकाहीँ रोकिने गर्दछन्। गापामा निजी बस, जिप, भ्यान, मोटर साइकल र ट्र्याक्टर रहेका छन्। यात्रीका लागि सार्वजनिक यातायातका साधनहरु छैनन् तर व्यक्तिहरुले जीपबाट यो सुविधाको विस्तार गरेका छन्। मोटर साइकल यहाँको लोकप्रिय सवारी साधनमा पर्दछ। सबै वडाका सदरमुकामहरु र नजिकैको कटारी बजारकाबीच नियमित जीप सेवा सञ्चालनमा रहेको छ।

गापाको सदरमुकामसम्म जोड्ने जिल्ला सडकले रूपाटारबाट ५२ किलोमटरको दुरीमा रहेको उदयपुर जिल्लाको कटारी नगरपालिकासँग प्रत्यक्ष रूपमा जोडेको छ। यो सडकले पूर्व-पश्चिम राजमार्गलाई सिरहा जिल्लाको मिर्चैयामा पुगेर जोड्छ। गापामा रूपाटारलाई केन्द्रमा पारेर सबै वडाहरुलाई जोड्ने एउटा ठूलो सडक छ जसलाई चक्रपथ (रिङरोड) भन्ने भनिन्छ। गापमा कुल १३६.१६ किलोमिटर सडक छ जस्मा धेरै कृषि सडकहरु पर्दछन्।

### २.२१.५ सञ्चार

गाउँपालिकामा सञ्चारका दुई वटा साधन, सिडिएमए टेलिफोन र मोबाइल टेलिफोन सेवा हुन्। तीमद्धे मोबाइल फोन आम प्रयोगको साधन हो। यहाँका ३,८८१ जनाले मोबाइल लिएर प्रयोग गरेको पाइयो। गापाका लेखगाउँ र इनामेका केही स्थानमा मोबाइलको नेटवर्क सहज रूपमा पाइँदैन।

गापाको सदरमुकाम रूपाटारमा अहिले इन्टरनेटको पहुँच पुगेको छ।

## २.२२ आर्थिक स्थिति

### २.२२.१ कृषि

ताप्ली गापाको नागरिकहरुको जीविकोपार्जनको प्रमुख आधार कृषि हो । मानिसहरुले सामान्यत: अन्नबाली उत्पादन र पशुपालनको मिश्रित प्रणाली अपनाएका छन् । आर्थिक रूपमा सक्रिय जनसङ्ख्याको ४०% भन्दा बढीले कृषिलाई प्राथमिक पेशाका रूपमा अँगालेका छन् र करीब ५८% जनसङ्ख्या यस क्षेत्रमा संलग्न छन् । अन्नबालीको उत्पादनमा मुख्यत: घरायसी उपयोगका लागि अर्थात् निर्वाहमुखी रहेको छ । मुख्य अन्नबालीहरु धान, मकै र कोदो हुन् । आधिकांश: धान कम उचाइको सम्ममिलेका गराहरुमा उत्पादन हुन्छ । यो बाली सामान्यत: वर्षमा दुई पटक लगाउने गरिन्छ : खेतमा बर्षा/मनसुनमा धान र हिउँदमा मकै लगाइन्छ भने बारीमा हिउँदमा मकै र कोदोको उत्पादन हुन्छ ।

तरकारीको उत्पादन प्राय:जसो घरायसी उपभोगका लागि हुन्छ तर केही समय यता मानिसहरुले स्थानीय र नजीकैको बजारमा निर्यातका लागि तरकारी उत्पादन गर्न थालेका छन् । उच्च स्थानमा उत्पादन गरिएको तरकारी गापाभित्रै बिक्री हुन्छ तर रूपाटारको पालाटार र कटहरे, इनामे र लेखगाउँमा बजारमा बिक्री गर्नका लागि तरकारी उत्पादन हुन्छ । उत्पादित तरकारी कटारीमा बेच्न हालसालै वडा २ (लेखगाउँ) को नारीमालामा तरकारी सङ्कलन केन्दको स्थापना भएको छ ।

यहाँ केही विशेष बाली उत्पादन गर्नका लागि विशेष क्षेत्र पनि छन् जस्तो कि इनामेमा आलु, रूपाटारमा कालो दाल, ठानागाउँमा भटमास र लेखगाउँ र ओख्लेमा सुन्तला र अलैँची । लेखगाउँ र इनामेमा कृषकले अलैँची जस्ता नगदे बाली लगाउँछन् । ओख्ले, लेखगाउँ र इनामेमा गापाकाभन्दा बाहिरको बजारका लागि व्यापक रूपमा अदुवाको खेती हुन्छ । कागती र सुन्तला जस्ता फलफूल सबै वडामा उत्पादन हुन्छ । कटारी, धरान, विराटनगर जस्ता निकट क्षेत्रका तराईका बजारले तरकारी तथा फलफूलको उत्पादन बढाउन र उत्पादनको ब्रान्डिङका गर्ने अवसर प्रदान गर्दछन् ।

गापामा एउटा मात्र कृषि विकास केन्द्र रहेको छ ।

### २.२२.२ कृषि सामाग्री

यस गापाका वासिन्दाले युरिया, डीएपी, पोटास जस्ता विभिन्न प्रकारका रासायनिक विषादि तथा कुखुराका लागि दाना कटारीबाट ल्याउने गर्दछन् । कृषि सामग्री किन्नका लागि गापाभित्र कुनै पनि बिक्री केन्द्र छैन । अधिकांश घरधुरीले युरियाको प्रयोग गर्दछन् तर केही घरधुरी फस्फोरस, पोटास र कीटनाशक विषादी पनि प्रयोग गर्दछन् । वडागत आधारमा हेर्दा ओख्लेमा ठूलो परिमाणाममा कृषि सामग्रीको उपयोग हुने गर्दछ त्यसपछि रूपाटारमा र सबैभन्दा कम इनामेमा कृषि सामग्रीको उपयोग हुन्छ । गापाभित्र उन्नत बीउबीजन र आधुनिक कृषि औजारको प्रयोग गरिएको पाइएन ।

### २.२२.३ भूमिहीन घरधुरी

गापाको घरधुरी सर्वेक्षणको क्रममा कुल २,५५७ घरधुरीले भू-स्वामित्व सम्बन्धी प्रश्नमा जवाफ दिएका थिए जस्मा १६० घरधुरी अर्थात् ६.३% घरधुरी भूमिहीन छन् । वडा नम्बर ४ (ठानागाउँ) मा यस्ता घरधुरी सबैभन्दा धेरै (१२.६४%) भूमिहीन छन् त्यसपछि रूपाटारमा (७.४९%) र वडा नम्बर १ (ओख्ले) मा सबैभन्दा कम (०.६८%) छन् ।

### २.२२.४ खाद्य सुरक्षा अवस्था

खाद्य सुरक्षाका दृष्टिले यस गापाका ४७% घरधुरी ३ देखि ६ महिना मात्र खाद्यान्न पुग्ने अवस्थामा छन् तर खाद्य सुरक्षाको यो अवस्था इनामे (७०% भन्दा बढी), ठानागाउँ (६०% भन्दा बढी) र ओख्ले (५२% भन्दा बढी) मा राम्रो छ भने सबैभन्दा खराब अवस्था रूपाटारमा छ । समग्रमा ६ महिनाभन्दा कम अवधिका लागि खाद्यान्न पर्याप्तता भएका घरधुरीको हिस्सा ठूलो (५३% भन्दा बढी) रहेकाले यो गापा खाद्यान्न असुरक्षित गापा हो ।

### २.२२.५ खाद्यान्न उत्पादन

सन् २०१७/१८ मा गापामा ३,०८२ मेट्रिक टन खाद्यान्न उत्पादन भया जस्मा सबैभन्दा बढी मकै (४८% भन्दा बढी), धान ( २८% भन्दा बढी) र कोदो (२१% भन्दा बढी) को उत्पादन भयो । यहाँका घरधुरीहरु गहुँखेतीमा पनि संलग्न छन् तर खाद्यान्न उत्पादनमा यसको त्यती महत्व देखिँदैन । वडामद्धे वडा नम्बर ५ (रूपाटार) मा सबैभन्दा बढी १,००७ मेट्रिक टनभन्दा बढी

(३२.७%) खाद्यान्न उत्पादन छ भने यो सबैभन्दा कम वडा नम्बर ४ (ठानागाउँ) मा छ। वडा नम्बर १ धान, मकै र कोदोको उत्पादनका लागि परिचित छ। गापाको समग्र *प्रतिव्यक्ति* खाद्यान्न उत्पादन २०३.५ किलोग्राम रहेको छ, जुन राष्ट्रिय औसत *प्रतिव्यक्ति* लक्ष्य २०५ किलोग्राम (नेपाल सरकार २०१७) को भन्दा थोरै हो।

### २.२२.६ पशुपालन

ताप्ली गापाको अर्थतन्त्रको मूल आधार कृषि क्षेत्र हो भने त्यसको अभिन्न अङ्गका रूपमा पशुपालन रहेको छ। पालिएको प्रमुख पशुहरुमा बाखा, गाई, भैँसी र सुँगुर छन्। कुखुरा र हाँस समेतगरी पालिएका पशुधनमा जम्मा ४७ हजार ३७६ थान पशुपंक्षी गापामा छन्।

कुल पशुपंक्षीमद्धे ४८% घरपालुवा चौपाया छन्। पंक्षीहरु १७% छन् जसमा व्यापारिक प्रयोजनका लागि गरिएको पोल्ट्रीका कुखुरा समावेश गरिएको छैन। कुल पशुपंक्षीमा बाखा मात्र ३१% छन्। यहाँ भेडा पनि पालिन्छ तर यसको अर्थतन्त्रमा योगदान नगण्य मात्र छ। यस गापामा कुल २,०९३ घरधुरी बाखा पालन, १,३४१ गाई पालन, ९२६ भैँसी पालनमा संलग्न छन्। वडागत आधारमा वडा नम्बर ५ रूपाटार कुल ६,४५८ वटा पशुपंक्षी भएको पहिलो नम्बरमा छ भने त्यसपछि वडा नम्बर १ मा ५,२३६ वटा रहेका छन्। वडा नम्बर ४ लेखगाउँमा सबैभन्दा कम पशुपंक्षी छन्।

### २.२२.७ वैदेशिक रोजगार र विप्रेषण

गापामा वैदेशिक रोजगारी महत्त्वपूर्ण आर्थिक गतिविधि बनेको छ। गापाका १७% भन्दा बढी घरधुरीबाट कम्तीमा एक जना वैदेशिक रोजगारी (१५% शारीरिक श्रम र २% अवर्गीकृत श्रम) मा संलग्न छन्। कामको वर्गीकरण अन्तर्गत ९०% सामान्य कामदारको रूपमा विदेश जाने गरेका छन् जस्को अवस्था इनामेमा सबैभन्दा बढी र त्यसपछि ठानागाउँ र रूपाटारमा छ। विभिन्न गन्तव्य मुलुकहरुमद्धे अधिकांश मानिस खाडी मुलुकमा जान्छन् (४३२ जनामा ३४८ जना)।

गापामा सन् २०१८ मा विप्रेषणबाट ८ करोड १० लाख रुपैयाँ आएको थियो जसमद्धे वडा नम्बर ३ (इनामे) मा कुल विप्रेषणको ३२% (दुई करोड ५८ लाख रुपैयाँभन्दा बढी) र त्यसपछिका वडामा रूपाटार र ओख्लेमा आएको छ। लेखगाउँ र ठानागाउँ सबभन्दा कम विप्रेषण प्राप्त गर्ने वडामा पर्दछन्।

### २.२२.८ आम्दानीको स्रोत र वितरण

घरधुरीको आम्दानी रोजगारीको क्षेत्र अनुसार फरक पर्दछ। त्यस्ता क्षेत्रमा कृषि, सरकारी नोकरी, निजी क्षेत्रको नोकरी, पेन्सन र वैदेशिक रोजगारी पर्दछन्। यस गाउँपालिकाका अधिकांश घरधुरीको जीविकोपार्जनको प्राथमिक आधार कृषि रहेको छ तर किसानहरुले यस क्षेत्रमा भएको खर्च र आम्दानीको वास्तविक अभिलेख नराखेका कारणले आम्दानीको खास विश्लेषण गर्न कठिन छ। सबैभन्दा धेरै आम्दानी रोजगारीको अवर्गीकृत अनौपचारिक क्षेत्रबाट प्राप्त भएको छ। त्यसपछिको आम्दानीको श्रोत वैदेशिक रोजगारी हो। वैदेशिक रोजगारीको क्षेत्रबाट यहाँका ३०% भन्दा बढी घरधुरीको आम्दानी १८,४९८ रुपैयाँभन्दा बढी देखिएको छ।

गापाको प्रतिव्यक्ति आम्दानी प्रतिव्यक्ति राष्ट्रिय आम्दानी रु. १२७,६०० (नेपाल सरकार/राष्ट्रिय योजना आयोग, २०१४) भन्दा कम छ।

वार्षिक घरधुरी आम्दानीको र जमिनको जोतको आकारका आधारमा घरधुरीहरु बीचको असमानताको मूल्याङ्कन संचयी जनसङ्ख्या (Cumulative population) सँग संचयी आम्दानी (Cumulative income) र संचयी जमिनको जोत (Cumulative landholding) को लरेन्ज वक्ररेखा (Lorenz curve) तथा गिनी सूचकाङ्क (Gini Coefficient) को गणनाका आधारमा गरिएको थियो। गिनी सूचकाङ्क असमानता मापन गर्ने एक उपाय हो र यसको मान जति उच्च हुन्छ असमानता पनि त्यति नै बढी हुन्छ। यस सम्बन्धमा गरिएको विश्लेषणले सबै वडामा जमिनको जोतमा भन्दा पनि वार्षिक घरधुरी आम्दानीमा बढी असमानता भएको पाइयो। गापाको औसत आम्दानीको गिनी सूचकाङ्क ०.६५९ र जमिनको जोतको गिनी सूचकाङ्क ०.५५६ रहेको पाइयो।

### २.२२.९ पर्यटन

हाल गापामा पर्यटनको कुनै गतिविधि देखिन्न तथापि स्थानीय यात्रुलाई आकर्षित गर्ने केही आकर्षक स्थानहरु यहाँ मनग्गे छन् । त्यस्तो एउटा ठाउँ वडा नम्बर २ (लेखगाउँ) मा रहेको खुलाचौर र त्यसको पश्चिमपट्टि रहेको ताप्ली पोखरी हो । भर्खरै सुधार गरिएको अवस्थामा रहेको यस्त पोखरीको डिलमा देवीको एक मन्दिर छ जहाँ नयाँ वर्षको वैशाख सङ्क्रान्तिमा मेला लाग्ने गर्दछ । मेलामा वार्षिक १०,००० भन्दा बढी मानिस आउने गरेका छन् । लज, रेस्टुरेन्ट, म्युजियम, पार्क र पर्यटक केन्द्र जस्ता पर्यटकीय सुविधा गापामा छैनन् तर गापा सदरमुकाममा एउटा स्थानीय स्तरको होटल सञ्चालनमा छ । लेखगाउँको नारीमाला र ओख्लेको जोरढुङ्गामा स्थानीय व्यवस्थापनमा लज सञ्चालन गर्न थालिएको छ ।

ताप्ली पोखरीको स्तरोन्नति र गापाको दक्षिणमा रहेको उदयपुर गढी गाउँपालिकाको ऐतिहासिक उदयपुर गढीमा तथा उत्तरतिरको खोटाङ जिल्लाको हलेसीमा आउने पर्यटकको चाहनासँग मिल्नेगरी तुलनात्मक लाभका आधारमा लगानी र विस्तृत पर्यटन प्रवर्द्धनका गतिविधि मार्फत् संरक्षण गर्ने हो भने यसले केही पर्यटक आकर्षित गर्नसक्छ ।

### २.२२.१० व्यापार

गपामा कुनै नगर र सुपरिचित व्यापारिक केन्द्र छैनन् तर बस्तीहरुमा भने किराना पसलको खुल्ने प्रवृत्ति बढ्दो छ । यस गापाको सदरमुकामबाट ५२ किलोमिटरको दुरीमा रहेको कटारी बजार सबैभन्दा नजीकको व्यापारिक केन्द्र हो र गापाका जनता खाद्यान्न, कृषि सामग्री (बीउ, रासायनिक मल, मल, दाना), निर्माण सामग्री, किराना पसलका सामान र औषधी जस्ता विभिन्न सामग्रीका लागि यही बजारमा निर्भर छन् ।

गपाका प्रमुख व्यापारिक वस्तु तरकारी, फलफूल, आलु, मासको दाल, भटमास, तेजपात, अलैंची, अदुवा, अम्रिसो र बाख्रा जस्ता कृषि उपज हुन् । दुग्ध पदार्थ (विशेषगरी घीउ) को व्यापार पनि हुने गरेको छ तर आलो दुध र दुग्ध पदार्थ गापाभन्दा बाहिर बिक्री हुने गरेको छैन । गापाभित्र तरकारी, फलफूल, नगदे बाली, कुखुरा, बाख्रा, बङ्गुरको व्यावसायिक उत्पादन हुन थालेको भएता पनि यहाँको कृषि समग्रमा निर्वाहमुखी छ ।

### २.२२.११ खानी क्षेत्रको स्थिति

गापामा धातु र औद्योगिक दुवै खनिज पदार्थको भण्डार रहेको छ । धातु खनिज पदार्थमा फलाम [$FeS_2$] पाइन्छ, जुन गहते खोला र गिदेरी गाउँ नजीकमा छ । खानीडाँडामा र इनामेमासानो परिमाणमा गन्धकको कच्चा पदार्थ हरियो रङ्गको तामा [$Cu_2CO_3(OH)_2$] को रूपमा पाइन्छ । यसैगरी, औद्योगिक खनिज पदार्थका रूपमा ठानागाउँ र तारेभीर क्षेत्रमा चुनढुङ्गा छ । यो सेतो-खैरो देखि खैरो रङ्गको पातलो देखि मध्यम खालको पत्रदार अवस्थामा छ जो सिमेन्ट बनाउन उपयोगी हुनसक्ने चट्टान हो । गापाका तल्लो र बीचको भागमा क्वार्जाइट र ग्रेनाइट निर्माणका राम्रा सामग्री स्रोतका रुपमा छन् ।

## २.२३ सामाजिक पुर्वाधार

### २.२३.१ शैक्षिक केन्द्रहरू

गपामा सबै तह र कक्षाको विद्यालय शिक्षाको सुविधा उपलब्ध छ । यहाँ जम्मा ३८ वटा विद्यालयहरु छन् । ओख्ले र लेखगाउँमा धेरै सङ्ख्यामा विद्यालयहरु छन् । आधारभूत कक्षाका विद्यालय ओख्ले र रूपाटारमा बढी छन् । लेखगाउँ र इनामेमा बेग्लै प्राथमिक तहको शिक्षाको सुविधा छ । अन्य वडाहरुमा उच्च कक्षाका संरचनासँगसँगै प्राथमिक तहको सुविधा पनि छ । संरचनाका आधारमा यहाँ ४५%आधारभूत शिक्षाका विद्यालयहरु छन् त्यसपछि माध्यमिक तहका छन् । उच्च माध्यमिक शिक्षाको सुविधा ओख्ले, इनामे र रूपाटारमा मात्र छ ।

विभिन्न तहका शैक्षिक केन्द्रहरुमा कुल ३,५८८ जना विद्यार्थी छन् जुन गापाको जनसङ्ख्याको २३.९% हो । यसमा माध्यमिक तहका सबैभन्दा धेरै करिब १०% र त्यसपछि आधारभूत तह (६% भन्दा बढी) विद्यार्थी छन् । विद्यार्थीहरुमद्धे ५१% छात्रा छन् । त्यसैगरी, गापामा कुल १५७ जना शिक्षक रहेकामा ७५% शिक्षक र ४३% शिक्षिका छन् । गापामा शिक्षक र विद्यार्थीको अनुपात आधारभूत तहकको विद्यालयमा १:१८ छ र यही कुरा उच्च माध्यमिक विद्यालयमा १:१३ रहेको छ ।

गापाका विभिन्न वडाहरुमा जम्मा १७ वटा आधारभूत विद्यालय जस्मा ९६४ विद्यार्थी छन (५१% छात्र र ४९% छात्रा) । यस तहमा कुल ५३ जना शिक्षक छन् । ओख्लेमा विद्यार्थीको सङ्ख्याको ठूलो हिस्सा (१५% भन्दा बढी) यस तहमा छन् । वडागत

रूपमा शिक्षक-विद्यार्थी अनुपातको हकमा रूपाटारमा १४% देखि ठानागाउँको ४२% सम्म फरकफरक छ र यस आधारमा ठानागाउँका विद्यालयमा शिक्षक-विद्यार्थीको चाप बढी छ। यसैगरी, माध्यमिक र उच्च शिक्षाका लागि इनामे, ओख्ले र रूपाटारमा ढुङ्गा र सिमेन्टको जोडाइका दुईतले भवन छन्। सबै आधारभूत विद्यालयहरु जस्ताको पाताले छाएका छन्। शिक्षक र विद्यार्थीका लागि सबै विद्यालयहरुमा अलगअलग शौचालय छन् तर कुनै पनि विद्यालयमा राम्रो खेलमैदान छैन।

### २.२३.२ स्वास्थ्य

गापामा हातगोडा फुट्ने, किटाणु र जीवाणुबाट हुने सङ्क्रमण, झाडा पखाला र प्राथमिक उपचारसँग सम्बन्धित स्वास्थ्य समस्याका घटनाहरु बारम्बार आमरूपमा हुने गरेको छ। लेखगाउँ बाहेक सबै वडामा प्रसूति केन्द्रको सुविधा छ। कुनै पनि स्वास्थ्य केन्द्रमा डाक्टर र नर्स छैनन्, तर स्वास्थ्य सहायक र अनमि छन्। ओख्लेमा एम्बुलेन्स सेवा छ।

गम्भिर अवस्थाको उपचारका लागि यहाँका मानिसहरु उदयपुर जिल्लाको कटारीमा र धरान, विराटनगर वा काठमाडौं लगिन्छन्। खोप कार्यक्रमबारे विवरण उपलब्ध हुन नसकेकाले यहाँ यसको बर्णन गरिएको छैन।

### २.२३.३ सडक सञ्जाल

गापामा कुल १३६.१६ कि.मी. को कृषि सडकको सञ्जाल छ। सडक यातायातको सन्दर्भमा गपाको सदरमुकामसम्म जोड्ने जिल्ला सडकले रूपाटारलाई ५२ किलोमटरको दुरीमा रहेको उदयपुर जिल्लाको कटारीसँग प्रत्यक्ष जोडेको छ। यस सडकले पूर्व-पश्चिम राजमार्गलाई सिरहा जिल्लाको मिर्चैयामा पुगेर जोड्छ। गापामा रूपाटारलाई केन्द्रमा पारेर सबै वडाहरुलाई जोड्ने एउटा चक्रपथ सडक छ।

### २.२३.४ सिंचाई

गापामा आधुनिक तथा सरकारी स्तरबाट कुलो तथा नहर निर्माण गरिएका छैनन् तथापि कृषकहरुद्वारा व्यवस्थापन गरिएको कूलो तथा नहर छन्।

### २.२३.५ विद्युतीकरण

गापाको विद्युत् लाइन राष्ट्रिय विद्युत् संजाल (National grid) मा जोड्ने कार्य प्रगतिको अवस्थामा छ। यद्यपि गापामा हाल ६३ किलोवाट विद्युत् उत्पादन गर्ने तीन वटा जलविद्युत् केन्दहरु छन्। यसमा नुनेखोला (१५ किलोवाट) बाट वडा नम्बर १ (ओख्ले) मा, राकूला खोला (२५ किलोवाट) बाट वडा नम्बर ४ (ठानागाउँ) मा र यारीखोला (२३ किलोवाट) बाट वडा नम्बर ५ (रूपाटार) मा विद्युत् ऊर्जा उपलब्ध गराइएको छ।

### २.२३.६ उद्योग/प्रतिष्ठान

गपामा ठूला उद्योगहरु छैनन् तथापि, कुटानी पिसानी मिलहरु ज्स्ता घरेलु तथा साना उद्योगहरु सबै वडमा छन्।

### २.२३.७ हुलाक सेवा

गापामा अतिरिक्त हुलाक सेवा छ जुन विभिन्न उपकेन्द्रहरुबाट सञ्चालितमा छन्  ठानागाउँ र रूपाटारमा हुलाक सेवा अतिरिक्त हुलाकको रुपमा सोरुङको हुलाक कार्यालयको इलाका हुलाक कार्यालयबाट सञ्चालनमा छ। ओख्ले र लेखगाउँमा कटारी इलाका हुलाक कार्यालयबाट सञ्चालन हुने अतिरिक्त हुलाक कार्यालय छ। इनामेमा पूर्ण इलाका कार्यालय रहेको छ। सबै इकाई कार्यालयहरुमा गरी सरकारका २० जना हुलाक कर्मचारी छन्। यी कार्यालयहरुले विशेषगरी सरकारी दस्तावेजहरु आदानप्रदान गर्दछन्। इन्टरनेट र सामाजिक सञ्जालको बढ्दो प्रयोगले हुलाक सेवाको प्रयोग घटाएको छ।

### २.२३.८ खेलकुद

गापामा खेलकुदका पूर्वाधारहरु छैनन्। तर विद्यालय र क्लबहरुले केही खेलकुद विशेषगरी फुटबल र भलिबल खेलको आयोजना गर्दछन्। गापो नयाँ वर्षको अवसरमा ताप्लीडाँडामा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले फुटबल प्रतियोगिताको आयोजना गर्दछ। गापाले रूपाटारको कुमालेडाँडामा एक खेलकुद मैदान निर्माण गरिरहेको छ।

### २.२३.६ प्रहरी चौकी

गापाको रुपाटार र इनामेमा एकएक वटा गरी जम्मा २ वटा प्रहरी चौकीहरु छन। लेकगाउ, ओख्ले र ठानागाउमा प्रहरी चौकीहरु छैनन्।

## २.२४ प्रशासनिक संरचना

### २.२५.१ गाउँपालिका कार्यालय

रूपाटारको जमिनटारमा ताप्ली गाउँपालिकाको सचिवालय रहेको छ। यसको आफ्नो भवन वार्ड ५ को खड्का टोलमा निर्माणधीन अवस्थामा छ। गापाले प्रशासनिक र प्राविधिक उपसमूह दुवैबाट बनेको कर्मचारीहरुको समूहबाट प्रशासनिक तथा विकासका कार्यहरु सम्पादन गर्दछ। यसैगरी, सबै वडाका आफ्नै कार्यालयहरु छन्। इनामे र रूपाटारका वडा कार्यालयको आफ्नै भवनमा छ तर बाँकी वडाका कार्यालयहरु भाडामा सञ्चालन गरिएका छन्।

### २.२५.२ कर्मचारीहरूको विवरण

हाल गापामा ४६ जना कर्मचारी छन् जसमद्धे २५ जना स्थायी र २१ जना करार सम्झौताका कर्मचारी छन्। यीमद्धे १७ जना प्रशासनिक र २९ जना प्राविधिक कर्मचारी छन् जस्मा ३ जना राजपत्राङ्कित, ३४ राजपत्र अनङ्कित र ९ जना सहायक स्तरका कर्मचारी छन्। कर्मचारीका १४ पद अझ पनि रिक्त अवस्थामा छ।

### २.२५.३ बैङ्क तथा वित्तिय संस्था

गापामा एउटा मात्र प्राइम बैङ्क रुपाटारमा सञ्चालित अवस्थामा छ। यस बैङ्कले प्रतिदिन २ लाख देखि ३ लाख रुपैंयासम्मको कारोबार गरिरहेको छ। बैङ्कले प्रदान गर्ने प्रमुख सेवाहरुमा विप्रेषणको कारोबार, चेक राफसाफ, अन्तर बङ्क भुक्तानी आदि जस्ता सेवाहरु छन् साथै यसले स्थानीय तथा कृषि व्यवसायीहरुलाई ऋण पनि उपलब्ध गराउँछ। यसैगरी, गापामा १० वटा सहकारी संस्थाहरु छन्। यी संस्थाहरु रूपाटार र इनामेमा धेरै छन्। यी सहकारीले आफ्ना समूहका सदस्यहरुभित्र मात्र आर्थिक कारोबार गर्दछन्।

### २.२५.४ गैरसरकारी संस्था

गापामा ६ वटा गैरसरकारी संस्था (गैसस) छन्। गैससको सहयोगका मुख्य क्षेत्र खानेपानी, सरसफाइ र स्वास्थ्य, कृषि र शिक्षा रहेका छन्। यी क्षेत्रमा गैससहरुले वार्षिक लगानी गरेको तथ्याङ्क अध्ययनका समयमा प्राप्त गर्न सकिएन।

### २.२५.५ सामाजिक संस्था

विभिन्न वडाहरुमा केही क्लबहरु छन् तर यी आर्थिक र मानव संसाधनका आधारमा प्रभावकारी छैनन् तथापि यी संस्थाले खेलकुद र सांस्कृतिक समारोहा, जनचेतना अभिवृद्धि जस्ता गतिविधिमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएका छन्।

### २.२५.६ राजस्व परिचालन

गापाको सामान्य वित्तीय प्रवृत्ति पत्ता लगाउन आर्थिक वर्ष २०७४/७५ को नीति तथा योजना र आर्थिक वर्ष २०७५/७६ को वार्षिक बजेटलाई आधार बनाइएको छ। पार्श्वचित्रमा उल्लेख गरिएका स्रोतहरुबाट गापाले आव २०७४/७५ मा नेरु २६०,६४६,६७९ कुल आम्दानी गरेको थियो। यसमद्धे ससर्त अनुदान बाहेकको प्रस्तावित खर्च नेरु १४०,६७१,६७९ रहेको छ।

# भाग ३: समस्या, चुनौती तथा अवसरहरू

## ३.१ समस्या तथा चुनौतीहरू

जनगणना, समुदायसँगको छलफल, विषयगत स्थलगत अध्ययन र वार्ड स्तरीय कार्यशाला गोष्ठीबाट निष्कर्षमा आएका तथ्याङ्क र सूचनास्रोतको विश्लेषणबाट ताप्ली गापाका निम्न चुनौती र अवसरहरूको पहिचान गरिएको छ :

### ३.१.१ जलस्रोतको चरम विक्षिप्तता

केही वर्षदेखि गापाका पराकालदेखी संञ्चालनमा रहेका पानीका धारा/कुवा र प्राकृतिक अवस्थाका जरुवा पानी, पोखरी, आहाल, सानाठूला खोलाहरु अन्य जलस्रोत सुक्दै गइरहेका र यी स्रोतमा पानीको मात्रामा कमी र जलप्रवाह निरन्तर घट्दै गइरहेको छ। यसको फलस्वरुप वार्ड नम्बर ४ र ५ मा पर्ने स्थान र वस्तीहरुमा पानीको आपूर्तिमा संङ्कट समना गर्नुपरेको छ। हाल यी वार्डका वस्ती र टोलहरुमा वार्ड ३ को जलस्रोतबाट खानेपानीको आपूर्ति भइरहेको छ। पाइपबाट पानी डोऱ्याएर खानेपानी वितरण गर्ने प्रणालीले पानीलाई बाटोमा फैलिन र चुहुन दिदैन जसले गर्दा जुन जलाधारबाट पानी डोहराईन्छ उक्त जलाधारमा सुख्खाहुनेको जोखिम बढ्दछ। पाइपबाट लगिने पानीले सम्भवत बाटोमा थोरै पानी अविछिन्न हुने मौका पाउँछ जसले जलाधारको पूनर्सिंचित (Recharge) हुने प्राकृतिक क्रिया कमजोर हुनजान्छ। जलस्रोतमा पानीको उपलब्धतामा कमी आएकाले गापाको तरकारी खेती र अन्नबालीको उत्पादनमा गम्भीर प्रभाव पारेको छ। पोखरी संरक्षण, वर्षाको पानी सङ्कलन (Rainwater harvest), पानीको बहुद्धेशिय उपयोग (Multipurpose use) आदि जस्ता जलसङ्कट मोचन संरक्षण प्रणालीका उपायहरुको केही हदसम्म गाउँपालिकामा अभ्यास भएता पनि यी प्रणालीले पालिकामा उल्लेख्य गति लिन सकेको छैन। यदि गापामा जलस्रोत संरक्षणका उपायहरु नअपनाइने हो भने पारिस्थितिक प्रणाली लगायत गापाको सम्पूर्ण समाजिक तथा आर्थिक अवस्थामा नराम्रो असर गर्ने छ।

### ३.१.२ वनको दयनीय अवस्था

गापामा वनको क्षेत्रफल लगभग ४८% छ जो वनको राष्ट्रिय औसत आङ्कडा भन्दा उच्च हमे तथापि पालिकामा वनजङ्गलको हैसियत भने नाजुक अवस्थामा छ। यहाँको वनजङ्गलको वनछत् (Forest canopy) को अवस्था विग्रिएको छ जसले गापाका वनजङ्गल क्षेत्रफलको आधारमा राम्रो भएता पनि यसका हैसियत भने विग्रिदै गएको प्रमाणित गर्दछ। राष्ट्रिय र सामुदायिक दुवै किसिमका वनमा खुल्ला चरिचरनमाथि कुनै रोकतोकको प्रभावकारी व्यवस्था छैन जसले वनको अवस्था विगारेको छ। अधिकांश सामुदायिक वनहरुको कार्य समितिहरु प्राय निष्क्रिय छन् र धेरै सा.व.का कार्य योजनाहरु नविकरण पनि गरिएको छैन। यस अवस्थामा सबै वनहरुको व्यवस्थापनमा उल्लेख्य सुधार ल्याउनु अहिलेको सर्वोपरि चासोको विषय हुनजान्छ।

### ३.१.३ वन्यजन्तुको चोरीशिकारी

गापामा हुने वन्यजन्तुको अवैध शिकारवारे वस्तुगत अध्ययनका कुनै दस्तावेहरुको अभिलेखीकरण भएको छैन यद्यपि ताप्लीमा वन्यजन्तुको निरन्तर अवैध शिकार जस्ता गतिविधिले हदसम्मको सिमापार गरेको सत्यता त्यहाँका वासिनदाहरु स्विकार्दछन जुन सत्यतालाई स्थलगत अवलोकन अध्ययनले पनि प्रमाणित गरेको छ। वनको विग्रदो अवस्था, चरम अवस्थाका वन्यजन्तुको अवैध शिकार र विद्यमान खेतीपातीको परम्परागत वर्त्तमान अभ्यासको अर्न्तसम्वन्धको परिणामस्वरुप गाउँपालिकाका जैविक विविधतामा उल्लेख्य गिरावट आएको छ।

### ३.१.४ वन्यजन्तु र मिचाहा प्रजातीका विगविगी

बाँदर, बँदेल, दुम्सी, र हरिण जस्ता वन्यजन्तुहरुले कृषकका खेतीबालीमा अतिक्रमण गरी बाली विनाश गर्नेक्रम केही वर्ष देखी बढ्दो छ जो कृषि उत्पादनको लागिस मस्याहरूमद्धे एक प्रमुख समस्या हो। वनजङ्गलका नजिकका वस्ती र खेतीमा यो समस्याको अवस्था निकै गम्भिर छ। कृषिका विषयमा गरिने हस्तक्षेपी कार्यहरुका (Intervention) लागि वन्यजन्तुबाट

हुनसक्ने यो पिडा सोचनिय छ। यद्यपि वन्यजन्तुले दिएको समस्या बराबरको पिडा नभए पनि गापाको वातावरण बनमारा (*Eupatorium adenophorum*) र ल्वाङ्गफूल (*Lantana camara*) जस्ता वनस्पतिका मिचाहा प्रजातीको दिनानुदिन बढ्दो अतिक्रमणबाट विशेषगरी भौगोलिकरुपमा कम उचाईं भएको क्षेत्रहरु ग्रसित छन्। बनमाराले ल्वाङ्गफूलले झैं उच्च उचाईंका क्षेत्रहरुमा त्यती असर गरेको छैन।

### ३.१.५ कृषियोग्य भूमिको संकुञ्चन

विगतको २० वर्षमा ताप्ली गापाको भूउपयोग प्रणालीमा ठूलो परिवर्त्तन आको छ। यो अवधिमा कृषियोग्य भूमि र वनक्षेत्र घटेर झाडी र बुटयान क्षेत्रमा पारिणत भएको तथ्याङ्कले देखाउँदछ। यसैगरी, खेत पाखा बाँझो राख्ने प्रवृति पनि बढीरहेको छ। कृषियोग्य भूमिलाई पर्ती छाड्ने प्रवृतिलाई यथाशिघ्र रोक्नु आवश्यक छ।

### ३.१.६ खच्कदो पारिस्थितिक प्रणाली

विकासको मूलप्रवाहमा होमिएको गापामा नयाँ ग्रामीण सडकहरुको विकास र पुराना सडकहरुको विस्तार र मर्मत संभार प्रखररुपमा बढिरहेको छ। वातावरण र प्राविधिक मापदण्ड र नियमनका प्रावधानलाई पन्छाएर गरिएका यस्ता गतिविधिहरुले पारिस्थितिक प्रणाली र यसले दिने सेवा/सुविधामा नकरात्मक प्रभाव पर्दछ। यस्ता गतिविधिको कुप्रभाव र जोखिम गापाले अहिले भोग्नु परेको त छैन यद्यपि वातावरणीय मापदण्डको ख्यालराखी वातावरणीय सुरक्षा सुनिश्चित् गर्नु आवश्यक छ।

### ३.१.७ बढदो प्रवासन र जनसत्त्याको न्यून वृद्धिवस्था

गापाको सन् २००१ देखि २०११ सम्मको वार्षिक जनसङ्ख्याको वृद्धि दर ०.२८% छ जुन नेपालको औसत जनसङ्ख्याको वृद्धि दर १.३५% भन्दा धेरै कमी हो।सन् २०११ देखि सन् २०१८ मा जनसङ्ख्याको बसाईं सराइ ०.५३% र घरधुरी बसाइँ सराइ ८.२% ले बढेको छ। यस हिसावले गापाबाट ठूलो संङ्ख्यामा घरधुरीहरु प्रवासन/पलायन भएको प्रमाणित गर्दछ। दिगो विकासको लागि समाजिक-वातावरणीय लचकता (Socio-ecological resilience) लाई सुनिश्चित गर्दै उत्पादक स्रोत (Productive assets) र प्राकृतिक संसाधनको प्रभावकारी व्यवस्थापन गर्नुपर्दछ र यसका निमित्त कुनैपनि स्थानमा जनसङ्ख्याको निश्चित आकार र यसको वृद्धि दर कायम राख्नु धेरै जरुरी हुन्छ। गापामा २५ वर्षमुनिका जनसङ्ख्याको अनुपात बृद्धअवस्थाको जनसङ्ख्याको अनुपात भन्दा बढी छ जो गापाको जनसङ्ख्याको अवस्थाको सवल पक्ष हो।

### ३.१.८ युवा पलायन

गापाका १७% भन्दा बढी घरधुरीबाट कम्तीमा एक जना विशेषगरी युवा पुरुष र महिला वैदेशिक रोजगारीमा संलग्न छन्। विगतको अनुभवलाई हेर्दा यी मद्धे धेरै युवाहरु गाउँ फर्केर पुनः आफ्नो परमपरागत व्यवसायमा संलग्न हुनेछन् भन्ने सम्भावना धेरै कम छ र यो अवस्था कायम रहेमा गापाबाट युवाहरुको ठूलो सक्रिय जनशक्ति पलायन हुने छ जो विकासको लागि बाधक हो।

### ३.१.९ न्यून साक्षरता

उदयपुर जिल्लालाई *'साक्षर जिल्ला'* घोषण गरेको यो अवस्थामा ताप्ली गापामा कुल जनसंङ्ख्याको ६६% जनसंङ्ख्या साक्षर भएको पाईएको छ। यो न्यून साक्षरताको अवस्थाले गापाको समाजिक तथा आर्थिक कार्यक्रमका पहलहरुमा वाधा पुऱ्याउँछ।

### ३.१.१० खाद्य असुरक्षा

गापाको आर्थिक अवस्था मूख्यतः कृषिमा निर्भर छ र खाद्यान्नको उत्पादन गापामा ऋणात्मक छ। गापामा हाल प्रति व्यक्ति खाद्यान्न उत्पादन २०५ केजी छ जुन नेपालको राष्ट्रिय प्रति व्यक्ति खाद्यान्न उत्पादन लक्ष्य जस्तै २५० केजी प्रति व्यक्ति खाद्यान्न उत्पादन भन्दा कमी छ। खाद्य उत्पादनको यो असन्तुलनलाई खाद्य पर्याप्तता सुनिश्चित गर्ने तर्फ अघि बढ्दा नयाँ आर्थिक गतिविधिहरू गर्ने थप अवसरहरूको सृजना पनि हुन्छ। यद्यपि यसलाई खाद्यान्नको पर्याप्त उत्पादनको अर्थमा मात्र संङ्कुचित भएर हेर्नुभन्दा बदलिरहेको परिप्रेक्ष्यमा खाद्यान्नको पर्याप्तता भन्नाले वजारमा खाद्यान्नको सजिलोसँग हुनसक्ने उपलब्धताको अवस्था र यस्ता वस्तुलाई किन्नसक्ने जनताका क्रय क्षमतालाई पनि बुझ्नु उतिकै आवश्यक हुन्छ।

### ३.१.११ न्यून प्राविधिक जनशक्ति तथा सेवा केन्द्र

गापाको स्वास्थ्य, कृषि, पशुचिकित्सा र निर्माण कार्य गर्ने जस्ता आदि निकायहरुमा जुनियर देखि मध्यम तहसम्मका आफ्नै प्राविधिक कर्मचारीहरु त छन् तर यी निकायहरुमा समुदाय र घरधुरीसम्म सेवा प्रवाह गर्न र सेवा/सुविधामा समुदायको पहुँच सुनिश्चित गर्न पर्याप्त सेवाकेन्द्र र प्राविधिक जनशक्तिहरु भने छैनन्। यसले गर्दा कृषि तथा पशुपालन सम्बन्धी प्राविधिक सहयोगको आवश्यकता पर्दा र तत्सम्वन्धी साधन र समाग्रीहरुको आयत गर्नुपर्दा समुदायहरुलाई कटारी बजारका कृषि-पशु केन्द्रहरूमा निर्भर गर्नुपरेको छ। निजी क्षेत्रमा कृषि, पशुचिकित्सा र मर्मत सम्बन्धी विषयगत प्राविधिक सेवाहरू प्रदान गर्ने पर्याप्त जनशक्तिहरु छैनन्। यसका साथै, गापामा बहुउद्देशीय प्रयोजनका वनस्पति/कृषि नर्सरीहरू पनि छैनन्।

### ३.१.१२ कमजोर संस्थागत अवस्था

गापामा आमा र महिला समूह, युवा क्लबहरू, बचत तथा ऋण समूहरु जस्ता स्थानीय स्तरका धेरै सामुदायिक संस्थाहरू छन् यद्यपि तिनीहरुको नियमित तथा सामान्य संस्थागत गतिविधिहरुको अवस्था धेरै कमजोर हुन्छ। यी समूहहरू लगभग निष्क्रिय छन्। कृषि सहकारी जस्ता संस्थाहरु त छन् तर यिनीहरुको न त कार्यक्षेत्र ठूलो र विस्तारित अवस्थामा छ न यिनीहरुको कार्य प्रभावकारिता नै उल्लेख्यीय छ। अधिकांश: महिला समूहहरु नियमित बैठक गर्दैनन् र उनीहरुको बचत तथा ऋणको अभ्यास पनि नियमित छैन। यो अवस्थामा पनि गापामा केही महिला समूहहरु सक्रिय छन् जो स्थानीय सुशासनको सवल पक्ष हो। गापाका निष्क्रिय अवस्थामा रहेका सबै संस्थाहरुको कार्यक्षमता सवल बनाई संस्थाहरुलाई पूनर्जिवित गर्ने र संस्थाको संञ्जाललाई सेवाप्रदायीको रुपमा गापाभित्र र बाहिर विकास विस्तार गर्न नितान्त आवश्यक छ।

### ३.१.१३ यतायात तथा सम्पर्क व्यवस्थाको कमी

कटारी नगरपालिकाको बेतनी-नुनथला खण्ड र बेतनी-सोरुङ्ग सडक खण्ड गापालाई बाहय नाका र बजारसँग जोड्ने प्रमुख कच्ची सडक हुन्। यी दुइमद्धे एक सडकको कालोपत्रे नभई गापाको बाहय सम्पर्क सजिलोसँग सम्भव छैन।

## ३.२ अवसरहरू

मथिका चुनौतीहरुका साथैसाथै गापामा अवसर प्रदायी स्रोतहरु आशलाग्दा अवस्थामा छन् जो  समुदायहरूको सामाजिक-पारिस्थितिक लचकता ल्याउन सहयोगी हुनसक्नेछन् र गापाको समाजिक-वातावरणीय समृद्धिको भावनारुप मननयोग्य छन्।

### ३.२.१ जलवायुको विविधता

गापाभित्रको विद्यमान भौगालिक तथा भूवनोटको विविधताले गापमा कृषि व्यवसायमा विविधिकरणका उपायहरु र आजीविकाका विकल्पहरूको विविधिकरण गर्न सक्ने विकल्प र उपयुक्त वातावरण प्रदान गर्दछ। गापाको क्षेत्रमा न्यानो देखि उच्च भेगका जलवायु पाईन्छ जसले गर्दा मौसमानुसारका र  विभिन्न भेगमा उचाईनुसारका विविध बालीनाली उत्पादन गर्न सकिन्छ। यारी, सोरुङ्ग र राकुला खोलाहरुको आसपासको बाढ तथा समथर भूमि धान खेतीको लागि उर्वरोग्य भूमि हो जबकि इनामेको उच्च क्षेत्र आलुको उत्पादनका लागि प्रख्यात छ। यसैगरी, ताप्लीको तल्लो उष्णप्रादेशिय भेगमा आँप र लिच्चि जस्ता फलफूलको व्यवसायिक खेती गर्न योग्य छ भने उच्च भेगमा सुन्तला, कागती र अनार जस्ता समशीतोष्ण फलहरूको खेती गर्न सकिन्छ। प्रकृतिले गापालाई खाद्यान्न र फलफूलको व्यवसायिक खेती गर्ने सुनौलो अवसर दिएको छ तथापि यी खेती गर्दा तराईको वजारहरुको आकार र सो अनुसारको मागलाई मननगरी कृषिका कार्यक्रमहरु गर्नुपर्दछ।

### ३.२.२ पर्ती जग्गाको प्रयोग

गापामा मनग्य पर्ती जग्गा छन्। यस्ता जग्गालाई खाली राख्दा क्षेत्र बुटयान र झाडीको क्रमवद्धरुपमा विकसित भई कालान्तरमा यी क्षेत्र प्राकृतिक वनक्षेत्रमा पारिणत हुन्छ। वन बृद्धिको दृष्टिकोणबाट पर्ती जग्गाहरु वनक्षेत्रमा परिवर्त्तन हुनु राम्रो हो तर पर्ती जग्गाको यो अवस्थाको प्रचूरतालाई गापाले आर्थिक उन्नतीको अवसरकारुपमा लिनु पर्दछ र यस्ता क्षेत्रमा डाले र भूईं घाँसको खेतीगरी नव प्रविधियुक्त व्यवसायिक पशुपालन गर्ने जस्ता उत्तम कार्यक्रम गर्नुपर्दछ। यो सुनौलो विकल्पलाई गापाले खेरफाल्नु हुँदैन। हाल गापामा पशुपालनलाई जिविकोपार्जनकोरुपमा अङ्गिकरण गरिएको छ। तर व्यवसायिकरुपमा यसलाई अघि बढाउँदा एकातर्फ यसले व्यवसायमा लाग्ने युवा कृषक, महिला र अन्य कृषकका लागि प्रतक्ष्य रोजगारीको अवसर दिनुका साथै यसले हरियाली बढी वातावरणमा सुधार हुने र जलाधारमा पनि सहयोग पुग्ने छ।

### ३.२.३ काठ र कार्बनको सञ्चित अवस्था

गापामा बिक्रीयोग्य काठको सञ्चिति ६८५,१८५.७३ घनफिट र कार्बनको सञ्चिति प्रतिहेक्टर ७०.८ टन रहेको छ। आर्थिक उन्नतीको दृष्टिकोणले काठ र कार्बनको यो सञ्चित अवस्थालाई बजारमा बेच्न सकिने अवसरको रुपमा लिनुपर्दछ। वनको बैज्ञानिक व्यवस्थापनलाई सवल बनाउँदै वन र कार्बनको यो सञ्चित मात्रालाई प्रयोगमा लाने तर्फ गापाले कदमचालेमा गापाले यसबाट वर्षेनी आर्थिक लाभ लिन सक्दछ।

### ३.२.४ पर्यटकिय ताप्लीडाँडा र ताप्लीपोखरी

गापाको उच्च भेगमा अवस्थित ताप्लीडाँडा गापाको एकमात्र यस्तो स्थल हो जो पर्यटन प्रवर्द्धनको शिलशिलावद्ध कार्यक्रमको पर्खाइमा छ। यो डाँडाको खुल्ला चउर, आमा-ढुङ्गा, गुफा, र डाँडा पश्चिमको ताप्ली पोखरीले यहाँको पर्यटकिय मानाङ्क बढाएको छ। यो पोखरीको केही किम्बदन्तीहरु छन्। तथापि ताप्लीडाँडाले हालसम्म गापाको समाजिक, आर्थिक र वातावरणीय विकासमा खास योगदान पुऱ्याएको छैन। यी सबै प्राकृतिक संरचनाहरु सहितको ताप्लीडाँडाले मात्र पर्यटनको विकास हुने सम्भावना न्यून छ तर यस डाँडालाई वनक्षेत्रसँग आवद्ध गराई पूर्व दक्षिणमा यारीखोलाको मुहान सम्म र पश्चिममा ओख्लेको नुनथलासम्म बढाउँदै ताप्ली पोखरीको क्षेत्रविस्तार गरी वन्यजन्तुको उद्यान केन्द्र र बगैंचा र अन्य पर्यटनका पूर्वाधार सहितको निरन्तर प्रवर्द्धन कार्यक्रमले यो क्षेत्रलाई पर्यटकीय स्थलकोरुपमा विकास गर्नसक्छ। गापाको उच्च भूगोलमा अवस्थित पर्यटकीय दृष्टिले तुलनात्मक लाभ भएको यो अवसरलाई गापाले सम्वोधन गर्नु पर्दछ। यो हस्तक्षेपी कार्यक्रमले गापाको समाजिक, आर्थिक र वातावरणीय विकासमा उल्लेख्य सकरात्मक प्रभाव पार्दछ।

### ३.२.५ रातमाटे-कुमालेडाँडा-हाडेचौरको संरक्षण

गापाको वडा-५ मा पर्ने रातमाटे, कुमालेडाँडा र हाडेचौर कमजोर र अस्थिर भूवनोटको छ। गापाको मूख्यालय र यसमा आवत-जावतका मूल सडक र बाटोहरुको संरचना पनि यिनै स्थानहरुको आसपासमा पर्दछ। यी क्षेत्रको वातावरणीय संतुलनले मात्र यारीखोलाको तल्लो जलाधारमा पर्ने गयाथान, तल्लो र माथ्लो कुमाले आदि जस्ता उर्वर खेतीयोग्य भूमिको संरक्षण गर्न सक्दछ। यसको साथसाथै गापाको मूख्यालय भएको क्षेत्रमा वातावरणीय दृष्टिले एक मनोरंञ्जन स्थल (Recreational area) को आवश्यकता हुन्छ र यसका लागि रातमाटे-कुमालेडाँडा-हाडेचौरको क्षेत्र अति उत्तम हुन्छ।

### ३.२.६ टाउकेको चुन डाँडा र औद्योगिक विकास

स्थलगत अवलोकन र प्रारम्भिक सर्वेक्षणबाट वडा-४ ठानागाँउमने टाउके डाँडामा चुनको खानी हुने सम्भावना छ। अव यस स्थानमा चुनको गुणास्तर र मात्रात्मक अवस्थाको जानकारी पत्तालगाउन बैज्ञानिक अनुसन्धानको आवश्यकता पर्दछ। ठानागाउँ वातावरणीय, समाजिक, आर्थिक र शैक्षिक अवस्थामा गापाको कमजोर वडा हो। यहाँ चुन उद्योग स्थापना गर्न सकेमा यसले गापाको सम्पूर्ण विकास कार्यमा योगदान त पुऱ्याउँदछ नै तर यसले ठानागाउँका विपन्न घरपरिवारको समाजिक तथा आर्थिक विकासमा उल्लेखनिय सुधार ल्याउने अवसर प्रदान गर्नेछ। कुनै पनि खनिजजन्य उद्योग स्थापनामा गर्न खानी विभागको स्विकृती हुनुपर्ने कानुनी प्रावधानलाई ध्यानमा राख्दै गापाले काठमाण्डौको खनिज विभागसँग समन्वय गर्न जरुरी छ। उद्योग स्थापनागरी समाजिक-वातावरणीय समृद्धि गर्ने यो राम्रो अवसरलाई अब कार्यन्वयनमा लानुपर्दछ।

### ३.२.७ गुणस्तरीय शिक्षास्थल

गापामा आधारभूत शिक्षा, माध्यामिक र उच्च माध्यामिक शिक्षा र यी विद्यालयहरुमा कुल ३,५८८ विद्यार्थी अध्ययनरत छन्। यहाँका केही विद्यालयहरु र शिक्षक वर्ग गुणास्तिरय शिक्षाका लागि प्रख्यात पनि छन्। यद्यपि, विद्यालयमा शिक्षक-विद्यार्थी अनुपात आधारभूत तहमा १:१८ देखि उच्च माध्यमिक तहमा १:३१ सम्मको रहेको छ। तर पनि वडा-५ को महेन्द्ररत्न उच्च माध्यमिक विद्यालय जस्ता केही विद्यालयहरुमा पूर्वाधार र शिक्षकहरुको शिक्षण विधिमा थप गुणात्मक सुधारगरी गापालाई नव प्रविधियुक्त शैक्षिक केन्द्रका रुपमा स्थापित गर्न सकिन्छ। यसका लागि कटिवद्ध स्थानीय राजनितिक नेतृत्व, शिक्षक समूह र सरोकारवाला संस्थाहरु पनि एका उत्कृष्ट विद्यालयलाई शिक्षाको गुणस्तरीय केन्द्रको रुपमा विकास गर्न तत्पर छन्।

### ३.२.८ बजारिकरणको संभावना

विद्यमान अवस्थामा गापामा बजार जस्ता प्रमुख व्यापारिक केन्द्र स्थापना हुने सम्भावना छैन तर तुलनात्मक लाभका कृषि तथा पशुधनका व्यवसायका दृष्टिमा यस गापाको भूगोल उर्वर छ। गापामा हुने कृषि तथा पशुधनको फसलले निकटका कटारी, जनकपुर, धरान, विराटनगर जस्ता चुरे र तराईका बजारमा सजिलै प्रवेशगरी तुलनात्मक लाभ आर्जन गर्न सक्दछ।

### ३.२.९ विद्युत्तिय पूर्वाधारहरूको विस्तार

गापामा विद्युत्तको आपूर्ति राष्ट्रिय प्रशारण लाइनबाट हुने सम्भावना बढ्दो छ र यसका लागि विद्युत्तको खम्बा र प्रसारण लाईन लगभग वडा-१ ओख्लेको नुनथालासम्म व्यवस्थित भैसकेको छ, । विद्युत्तिय विकासको यो क्रमले गापालाई चाँडै राष्ट्रिय प्रशारण लाइनसँग जोडिने छ र आशातित् आपूर्ति सुनिश्चित गर्नेछ। विद्युत्तको नियमित आपूर्तिले गापाको उद्यम विकासको प्रखर चाहनालाई सहज गराई सामाजिक-आर्थिक अवस्थामा उल्लेखनिय सुधार ल्याउने छ ।

### ३.२.१० सडक संञ्जालको विस्तार

गापाका सबै १३६ किलोमिटर ग्रामीण सडकहरु कच्ची छन् र यसको संञ्जालको विकास क्रमिक बढ्दो छ। यी सडकहरु कतै निर्माणीधिन अवस्थामा छन् कतै स्तरोन्न्ती हुँदैछन्। जे जस्ता भए पनि यी संञ्जालले स्थानीय वासिन्दाका दैनिकी र उनीहरुको समाजिक-आर्थिक गतिविधिमा मद्धत पुऱ्याएको छ। सडकको संञ्जालमद्धे सबै वडालाई जोडने हालको कच्ची चक्रपथलाई गापाले स्तरोन्नतीगरी सर्वकालिन यातायातका लागि तयार पार्नुपर्दछ जसले गापामा यातायातको क्रमतालाई नियमित गर्नेछ र गापाबाट हुने सबै प्रकारका सेवा र सुविधामा वासिन्दाहरुको पहुँच पुग्नेछ।

### ३.२.११ दूर सम्पर्कको सरल अवस्था

सडकको संञ्जाल जस्तै गापामा अहिले दूरसंञ्चारको अवस्थामा सुधार आएको छ। ठानागाउँको टाउकेमा दूरसंञ्चारको टावर संञ्चालनमा आएपछि गापाका सबैक्षेत्रमा मोबाईल र इन्टरनेटको सुविधा पुगेको छ। इन्टरनेट र समाजिक संञ्जालको सुविधाले अहिले गापा नेपालमात्र नभई विश्व समुदायसँग जोडिएको छ।

### ३.२.१२ योजनावद्ध विकासको शुरुवात

हाल गापा योजनाबद्ध किसिमले गाउँ विकासको क्रममा छ। योजनाबद्ध विकासका कार्यक्रमले निर्दिष्ट समयावधिभित्र विकासका लक्ष्य प्राप्त गर्न सहयोग पुऱ्याउँदछ। यस शिलशिलामा तयार पारिएको यो *'ताप्ली गाउँपालिकाको एकीकृत ग्रामीण विकास योजना'* महत्वपूर्ण दस्तावेज सावित हुने छ जसले गापाको आउने ५ वर्षे गतिविधिहरुलाई निर्देषित गर्ने छ।

### ३.२.१३ नियमित बजेटको व्यवस्था

नयाँ नेपाल गणतन्त्रको संरचनामा गएपछि सबै स्थानीय सरकारी निकायहरुलाई आफ्ना वित्तिय स्रोतको खोजी गर्न सो अनुसार विकासका गतिविधिहरु गर्ने संवैधानिक तथा कानुनी अधिकार प्राप्त हुनुका साथै गापाले केन्द्रिय र राज्य सरकारबाट विभिन्न शिर्षकमा अनुदान, ससर्त सहयोग र अन्य आर्थिक सहयोग पनि प्राप्त गर्ने वातावरण सृजना भएको छ। उदाहरणका लागि गापाले आर्थिक वर्ष २०७५/७६ मा केन्द्रिय सरकारबाट नेरु. २६०,६४६,६७९ प्राप्त गरेको थियो। गापाले केन्द्र र राज्य सरकारबाट प्राप्त गर्ने वार्षिक अनुदान र अन्य सहयोगलाई अरु पनि स्रोतहरु परिचालनगरी स्रोतको आकार बढाई विकासको दायरा र लक्ष्य बढाउने अवसरको रुपमा लिनु आवश्यक हुन्छ।

### ३.२.१४ गैससहरूको कार्यक्रम र लगानी सहितको उपस्थिति

गापामा गैरसरकारी सैस्थाहरु क्रियशिल हुनु विकासको लागि राम्रो लक्षण हो। गैससका परियोजनाले सरकारका लक्षित वर्गमा सोझै लगानी गर्दछन्, कार्यको आन्तरिक अनुगमन गर्दछन र योजनाको लचकता पनि निर्धारण गर्दछन्, र यसका लागि सरकारलाई आर्थिक भार पर्दैन। गापामा केही वर्ष देखि सेभ द चिल्ड्रेन र वर्ल्ड भिजन जस्ता गैससहरु कृषि, स्वास्थ, खानेपानी, शिक्षा र वालवालका र स्थानीय वासिन्दाका आयमूलक कार्यक्रममा कार्यरत छन्। यी संस्थाले गापाको क्षेत्रगत विकासमा ठूलो सहयोग पुऱ्याएका छन्। यी संस्थाहरुले पुऱ्याएको विगतको सफलतालाई अनुभवको रुपमा ग्रहणगरी गापाले हरेक वडामा कम्तीमा दुइ गैसस परिचालनगरी विकासमा गैससहरुको भूमिका बढाउन र लगानी बृद्धि गर्न आवश्यक छ।

# भाग ५: एकीकृत ग्रामीण विकास योजना

## ५.१ दूरदृष्टि, उद्धेश्य र रणनीतिहरू

चुनौती र अवसरहरूको विद्यमान अवस्था र पृष्ठभूमिमा रहेर ताप्ली गाउँपालिकाको एकीकृत विकासका लागि निम्न दूरदृष्टि, उद्देश्य र रणनीति तर्जुमा गरिएको छ :

### ५.१.१ दूरदृष्टि

स्थानीय समुदाय र राजनीतिक प्रतिनिधिहरुबीचको सर्वसहमतिबाट ताप्ली गापाको दीर्घकालीन विकासको दूरदृष्टिको निर्धारण गरिएको छ। यो सर्वसम्मतिले '***कृषि, वन, पर्यटन र पूर्वाधार समृद्ध ताप्ली हाम्रो आधार***' भन्ने दर्शनलाई आगामी दिनहरुमा गापाको दूरगामी विकासको एकमात्र नारा हुने निर्क्योल गरेको छ। यो दूरदृष्टिले ताप्ली गापालाई सामाजिक-वातावरणीय समृद्धि (Socio-ecological prosperity) को विकासपथमा अग्रसर गराउन कृषि, वन, पर्यटन, र पूर्वाधारहरु नै प्राथमिकताका हस्तक्षेपी कार्यक्षेत्रहरु (Intervention areas) र विकासका जग हुन् भन्ने स्पष्ट आधार तय गरेको छ।

### ५.१.२ उद्धेश्य

यस योजनाको प्रमुख उद्धेश्य ताप्ली गाउँपालिकाको एकीकृत विकास गरी ताप्लीवासीको समाजिक तथा वातावरणीय समृद्धि गराउनु हो। यसका अन्य सहउद्धेश्यहरु यस प्रकारका छन् :

1. दिगोरुपमा वतावरणीय स्रोत र सेवाहरुको प्रयोग गर्न एकीकृत जलाधार व्यवस्थापनको कार्यविधि आबलम्बन गरी पारिस्थितिक प्रणालीको हैसियतमा सुधार गर्ने, र स्रोत सहितको (Resource base) समाजिक-वातावरणीय समृद्धि गर्ने जसले विपद्/जोखीम न्यूनिकरण र समाज र पारिस्थितिक प्रणालीको वहन क्षमता बृद्धि गर्नेछ।
2. उद्यम र उद्योगबाट ताप्लीका वासिन्दाहरुको आर्थिक समृद्धि बृद्धि गर्ने, र उच्च तुलनात्मक लाभ भएका कृषि-पशुधन उत्पादनको व्यवसायीकरण गर्ने।
3. आर्थिक विकास र सामाजक कल्याणमा सहयोग पुऱ्याउने वातावरण मैत्री दिगो भौतिक पूर्वाधार निर्माण गर्ने।
4. कृषिको उत्पादकत्व बृद्धि र बिभिन्न व्यवसाय/व्यापारका योजनाहरूबाट दिगो फायदा आर्जन गर्ने उद्धेश्यानुरुप गाउँपालिका, समुदाय र उनीहरूको संगठनहरुको पारिस्थितिक प्रणाली र वातावरण व्यवस्थापनका लागि क्षमता अभिवृद्धि गर्ने।
5. समग्रमा स्थिर विकास प्रक्रिया सुनिश्चित गर्ने जवाफदेहीता र पारदर्शिता जस्ता सुशासनका चरित्र विकास गर्न सरकार र समुदायहरुको सङ्गठनहरुको विद्यमान सुशासन पद्धति सवलिकरण गर्ने।
6. ताप्ली गापालाई समान्य शिक्षा र स्वास्थ्यको ज्ञान केन्द्रको गन्तव्यस्थलको रूपमा पहिचान स्थापित गर्न विद्यमान ज्ञान व्यवस्थापन प्रणालीलाई उच्च मापदण्डको बनाउन सुदृढीकरण गर्ने।
7. विषयगत सबै क्षेत्रहरुका तथ्याङ्क र सूचनाहरु उत्पादन गर्न, संग्रह गर्न र यी तथ्याङ्क/सूचनालाई विभिन्न प्रयोगकर्त्ता सम्म प्रसारण गर्न एक प्रभावकारी सूचना तथा संञ्चारको संयन्त्र विकास गर्ने।
8. समाजिक विभेद र असमानतालाई 'शून्य' स्तरमा झार्ने विशेष ध्येय सहित सामाजिक सद्भाव र कल्याण स्थापित गर्न स्वास्थ्य, पोषण, शिक्षा, सामाजिक सुरक्षा र लक्षित क्षेत्रमा समाजिक सेवा प्रवाह प्रणालीमा सुधार गर्ने।

### ५.१.३ रणनीतिक लक्ष्य

गाउँपालिकाको दीर्घकालीन रणनीतिक लक्ष्यमा *'कृषि उद्यमशीलता, जलाधार-अवयव संरक्षण केन्द्रित रोजगारी र वातावरण मैत्री पूर्वाधारको विकासको माध्यमद्वारा गाउँपालिकाको समाजिक तथा पर्यावरणीय समृद्धि'* गर्नु हो।

चित्र १४ ले रणनीतिक लक्ष्य प्राप्तीका लागि विकासका मूल विषयगत क्षेत्र र उपक्षेत्रहरु बिच विभिन्न विधाका अन्तर्सम्वन्ध देखाएको छ ।




*चित्र १४: ताप्ली गापाका एकीकृत विकासका लागि विषयगत मूलक्षेत्र र उपक्षेत्रहरु विचको रणनीतिक अन्तर्सम्बन्ध ।*

## ५.२ मार्गनिर्देशन र परिचालनका सिद्धान्तहरू

ताप्ली गापाको दीर्घकालीन रणनीतिक लक्ष्य प्राप्त गर्न, प्रत्येक क्षेत्र र उप क्षेत्रहरूका समय-सिमा भित्रका उद्देश्यहरु, उद्धेश्य प्राप्तीका लगि आवलम्बन गरिने प्रमुख रणनीति र क्रियाकलापहरू तयार पारिएका छन् जसलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्न र सो अनुसार उपलब्धीहरु हाँसिल गर्न मार्गनिर्देशन र परिचालनका सिद्धान्तहरू पनि तय गरिएको छ। यी सिद्धान्तहरुलाई रणनीतिक कार्यविधिकारुपमा अनिवार्य अपनाउनु पर्नेछ। यी सिद्धान्तहरू निम्न छन् :

### ५.२.१ पारिस्थितिक प्रणाली अनुकूलन विधि

पारिस्थितिक प्रणालीमा आधारित कार्यविधिले पारिस्थितिक प्रणाली र विकास एकआपसमा सहसम्वन्ध र सहअस्तित्वको विषय भएको तथ्य स्विकार गर्दछ। ताप्लीको विकास जलाधारको एकीकृत विकास हो त्यसैले विकासको क्रममा प्रत्येक विकासका अंशखण्ड (Componet) र यस खण्डका अन्य अंशखण्डहरुसँगको सम्बन्धनलाई सवल तथा सुदृढ बनाउँदै जलाधारको दिगो विकासको सुनिश्चितता गर्नु आवश्यक हुन्छ। तसर्थ ताप्ली गापाका जलाधारसँग सम्बद्ध जङ्गल, जमिन, पानी र अन्य क्षेत्रहरू बीचको अन्तर्सम्बन्धलाई सुदृढ गर्दै विकासका गतिविधिहरुको सञ्चालनले मात्र गापाले विकासको प्रतिफलहरुको दीर्घकालिन उपभोग गर्न सम्भव छ। यस अर्थमा ताप्ली गापा आफैमा एउटा पारिस्थितिक प्रणाली हो र यसको व्यवस्थापनमा *'पारिस्थितिक अवस्थाको प्रयोग गर, तर यसलाई विचलित नगर (Use ecosystem, but don't lose them'* भन्ने व्यवहारिक मान्यताको पालना गर्न निम्न ध्यान दिनु पर्छ :

- पारिस्थितिक प्रणालीको प्राकृतिक प्रक्रिया र अवयवहरु विचको अर्न्तनिष्ठा (Ecosystem functions and integrity) लाई विच्छिन्न गर्न सकिन्न।
- पारिस्थितिक प्रणालीको व्यवस्थापनका लागि स्थानाविशेष सिमा र स्थानहरुविचको सिमापार (Trans-boundary) को अवस्था अपरिहार्य हुन्छ।
- पारिस्थतिक प्रणालीको परिवर्त्तनलाई टार्न सकिन्न (Inevitabiliy of change), यो पारिस्थतिक प्रणालीको अकाटय चरित्र हो।
- मानिस पारिस्थतिक प्रणालीको अभिन्न अंश हो।
- ज्ञानानुकूल व्यवस्थापन (Knowledge-based adaptive managment) पारिस्थतिक प्रणालीको व्ब्वस्थापनका लागि अपरिहार्य छ।
- पारिस्थतिक प्रणालीको व्यवस्थापनमा बहुसरोकारवालाहरुको भूमिका र सहकार्य महत्वपूर्ण हुन्छ।
- विकासका सबै मूलप्रवाहमा पारिस्थितिक प्रणाली अनुकूलन विधि (Ecosystem-based management approach) लाई प्रवाहित गर्नपर्दछ।

### ५.२.२ राष्ट्रिय/अन्तराष्ट्रिय नीतिहरूको सम्मान

यस योजनाको उद्धेश्य र रणनीतिहरु नेपाल सरकारले प्रतिपादित र आवलम्बन गरेका सबै राष्ट्रिय नीति र योजनाहरु मर्म र भावनानुरूप हुनुपर्दछ र साथसाथै यस योजनाले नेपाल सरकार पक्षधर भएको सबै अन्तराष्ट्रिय अधिवेशन र सन्धिहरुबाट निर्देशित सबै प्रावधानहरुलाई अक्षरस पालना गर्नुपर्दछ। यो *'ताप्ली गाउँपालिको एकीकृत ग्रामीण विकास योजना'* दिगो विकासका लक्ष्यहरू (२०१५-२०३०) बाट निर्देशित छ र यसले राष्ट्रिय योजना आयोगको *'१५ औं योजना अवधारण पत्र'*, र *'राष्ट्रिय जैविक विविधता रणनीति र कार्ययोजना'* को भावनानुरूप जैविक विविधताको आइची लक्ष्य (Aichi Biodiversity Targets), र मौसम परिवर्त्तनसँग आवद्घ UNFCCC अन्तर्राष्ट्रिय सन्धिहरूको प्रावधानहरुलाई पनि समेटेको छ।

### ५.२.३ अनुकूलन व्यवस्थाको प्रावधान

सामाजिक र वातावरणीय प्रक्रियाहरू अत्यन्त गतिशील छन्। हाम्रा वातावरण र विकासका कार्यहरु गतिशिलताको यो सिद्धान्तबाट पृथक रहन सक्दैन। एक समयमा सम्पादन गरेका नीति र कार्यविधिले अर्कोपल्ट पहिलेको झैं उपलब्धि हाँसिल गर्दछ भन्ने कुनै प्रमाणिक भरोशा हुन्न त्यसकारण व्यवस्थापन पक्षले समाजिक तथा वातावरणीय प्रक्रियाका प्रतिक्रियाहरु

समयमै बुझ्नसक्नु पर्दछ र सो अनुकूल आफ्ना गतिविधिहरु निरन्तर सञ्चालन गर्नु पर्दछ। कार्यक्रम संञ्चालनको यो लचिलो प्रावधानले अनुकूलनका अग्रमूखी गतिविधिहरुको खोजी गर्ने अवसर प्रदान गर्दछ।

### ५.२.४ उत्तरदायित्वरण

योजनाको कार्यन्वयन र प्रभावकारिता धेरै हदसम्म कर्त्ता संस्थाहरूको कार्यहरु प्रतिको उत्तरदायित्वमा भर पर्दछ। उतरदायित्व निर्वाह गर्न असक्ष संस्थाले विकास कार्यमा प्रभावकारी भूमिका खेल्न सक्दैन। तसर्थ, संस्थाहरुको उत्तरदायित्व वहन गर्न सक्ने क्षमताले विकासका गतिविधिहरुको लक्ष्यसम्म पुग्न सहयोग गर्नुका साथै सुशासनमा पनि उल्लेखनीय योगदान पुर्‍याउँछ। यही सिद्धान्त व्यक्तिमा पनि लागु हुन्छ। योजनाको प्रभावकारी र सफल कार्यान्वयनका लागि सामूहिक र व्यक्तिगत उत्तरदायित्वको महत्वपूर्ण भूमिका हुन्छ र समाजका हरेक तप्का र विधाले कार्यक्रम र गतिविधि प्रति उतरदायी हुनु अत्यन्त आवश्यक छ।

### ५.२.५ दिगोपनको सुनिश्चितता

कार्यक्रमका रणनीति र गतिविधिहरू समग्रमा सामाजिक तथा वातावरणीय स्थिरतालाई कायम राख्ने हिसाबले तयार पारिएको हुन्छ। यस अर्थमा नकरात्मक प्रभाव पार्नसक्ने गतिविधिहरुको सञ्चालनले विकास कार्यमा स्थान पाउनु हुँदैन र यस्ता कार्यक्रम योजनामा पर्नुहुन्न। त्यसकारण यो योजनालो कार्यक्रम र कार्यहरुको सूचीमा वातावरण प्रभाव अनुगमन र मूल्याङ्कनलाई विशेष महत्व दिईएको छ र विकासकार्यको प्रभावकारी अनुगमन गर्न एक स्वतन्त्र अनुगमन निकायको प्रावधान गरेको छ। यो प्रावधान शुरुमा खर्चिलो झैं लाग्दछ तर कालान्तरमा यसले गापालाई नेपालमा सक्षम गापाकोरुपमा स्थापित गर्नुका साथै गापालाई वातावरणजन्य विपद्‌बाट हुने घर-धनको क्षति, जिवन विनासको भय, पूर्वाधार र सम्पतीको क्षतिले पर्नसक्ने थप आर्थिक भार र व्यवस्थापनमा लाग्ने खर्चको अनावश्यक झन्झटबाट जोगाउँदछ। ताप्ली गापाले विकासका हरेक गतिविधिहरुले समाजिक तथा वातावरणीय सन्तुलनको मर्म प्रति गम्भिर र सजग हुनु पर्दछ र यसको सुनिश्चितताका लागि यो पक्षलाई आफ्नो जाँचसूचीमा (Checklist) समावेशगरी कार्य सम्पादन गर्न आवश्यक छ।

### ५.२.६ साझेदारी र उच्चप्रतिफल

पारिस्थितिक प्रणालीको अनुकूलन व्यवस्थापन (Ecosystem Based Adaptation) ले वातावरण संरक्षण जस्तो गहन कार्यमा साझेदार र सरोकारवालाहरुको भूमिकालाई पूर्णरुपले अङ्गिकरण गरेको छ। यिनीहरुको सहकार्य र सहअस्तित्वको कार्यक्रमले वातावरण संरक्षणका जटिल भन्दा जटिल मुद्धाहरुलाई समयसिमा भित्रै समाधान गर्ने सामर्थ्य राख्दछ।

विकास र संरक्षणका प्रक्रियाहरूसँग विविध विधा र कारकहरूको अन्तर्सम्वन्ध हुन्छ र यी सम्बन्धहरु सधै एकै प्रकृतिका र सरल हुन्छन् भन्ने कुनै ग्यारेन्टी हुन्नन्। यस अवस्थामा जटिल मुद्धामा उदाहरणीय योगदान गरेका वा विशिष्ट काम गरेका संस्थाहरुसँग जस्तै विपद् र कार्बन व्स्थापन कार्यको लागि मूलकर्त्ता संस्थाले विपद् र कार्बन व्वस्थापनको सहकार्य साझेदारीमा गर्नसक्छ, अथवा समान प्रकृतिका कार्यक्रम गर्ने अन्य धेरै सरकारी, अर्धसरकारी, अन्तर्सरकारी, गैसस र समुदायका संस्थाहरुसँग समन्वयमा वा सह-लगानीमा  कार्यक्रमहरु सम्पादन गर्नसक्छ। यस्ता साझदारी सहकार्यले साधारणतया समान्य प्रतिफल भन्दा र उच्चप्रतिफल/उपलब्धी (Synergy) हाँसिल गर्दछ। कुनै पनि संस्था पूर्ण सक्षम हुन्न। स्रोत र सीपको सधै कमी भोगिरहेको सत्यतालाई उदयपुर जिल्लाको दूर्गम गाउँपालिकमद्धे ताप्ली गापाले पूर्ण मनन गरी विषयगत जटिल मुद्धाहरुको लागि मात्र नभएर गापाको एकीकृत विकासका लागि आवश्यक थप स्रोत/सीपको लागि वाहिरी संघ/संस्थाहरुसँगको समन्वयमा र साझेदारीमा समाजिक तथा वातावरणीय समृद्धिका कार्यक्रमहरु संञ्चालन गर्न र उच्चप्रतिफल हाँसिल गर्ने तफ अग्रसर हुन आवश्यक छ। साझेदारी कार्यक्रमको समन्वय र कार्यन्वयनले स्रोतहरुको प्रभावकारी व्यवस्थापन गर्नुका साथै सरकारका रणनीतिक/नीतिगत प्रावधानहरुलाई स्थानीय विकासमा संस्थागत गर्दछ।

### ५.२.७ परिणाममूखी कार्यका लागि आर्थिक दायरा

कुनै पनि गतिविधिहरुको सञ्चालनले इच्छानुसार लक्षियत परिणामहरू ल्याउने स्तरको हुनुपर्दछ। धेरै गतिविधिहरु कार्यान्वयन गर्ने तर अर्थपूर्ण नतिजा उपलब्ध नहुने जस्ता कार्यक्रमले स्रोत-साधनको गलत प्रयोग गर्दछ। गापाले यस्ता मिथ्या कार्यक्रमलाई समयमा नै बर्जित गर्नुपर्दछ। यस अर्थमा, गापाले बृहत परिणाम र उपलब्धिका लागि हरेक वर्ष कार्यक्रमहरुलाई अनुभव र सिकाईका आधारमा बृद्धि गर्दै जानुपर्दछ र यसका लागि आर्थिक दायराको विस्तार, स्रोत र अवसरको खोजी र बहुसरोकारवालाहरुसँगको सहकार्यको लागि अग्रसर हुनुपर्दछ।

### ५.२.८ अग्रगामी सोचाई र व्यवहार

यो योजनाको कार्यन्वयनले गापा र यसको वासिन्दाको विकासका प्रवल चाहनाको प्रतिरक्षा गर्नसक्ने, भविष्यमा देखा पर्ने वाधा र चुनौतीहरुको सामना गर्न सक्ने, उतरदायित्व वरण गर्ने र जवाफदेयी हुनसक्नुको साथै कार्यान्वयनको शिलशिलामा देखापर्ने कुनै पनि अवसरहरूलाई खेर जान नदिने हुनुपर्दछ। यसका लागि ताप्ली गापाले आफ्नो कार्यविधिमा गुणात्मक सुधारगरी प्रशासनिक र प्राविधिक क्षमता अभिबृद्ध गर्नु आवश्यक छ। गापा र यसका सबै कर्मचारीहरुमा अग्रगामी सोच र व्यवहारको विकासले विकासका सबै कार्यक्रम र गतिविधिलाई परिणामदायी बनाउन सहयोग गर्दछ। ताप्ली गापाको यो एकीकृत ग्रामीण विकास योजनाको कार्यन्वयन अग्रगामी सोच र व्यवहारको आवलम्बनबाट मात्र सम्भव छ।

### ५.२.६ जाँचसूचीको अनिवार्य पालन

माथि उल्लेखित रणनीतिक र मार्गनिर्देशन र कार्य परिचालनका सिद्धान्तहरुको अतिरिक्त स्थानीय वासिन्दाहरुलाई सबै प्रकारका सेवा र सुविधाहरुलाई प्रभावकारीरुपमा प्रदान तर्न र विकासका गतिविधिहरुलाई परिणममूखी बनाउन ताप्ली गापाल व्यवहारिक कार्यविधि कडाइकासाथ आवलम्बन गर्न जरुरी छ। गापाबाट प्राप्त कुनै पनि सेवा र सुविधा लिने वा लिनजाने वा चाहने सबै सेवाग्राहीहरुले गापाले निर्धारण गरेको कार्यविधिको *'जाँचसूची'* का सबै सूचकहरुलाई पूणरुपले पालना गरेको हुनुपर्दछ। यस्तो आचरण पुरा नगर्ने सेवाग्राहीलाईसूचक पालना नगरुञ्जेलसम्मका लागि गापाबाट पाउने सेवा र सुविधामा कडाइकासाथ रोक लगाउनु पर्दछ। यो *'रोकावट'* को व्यवहारिक पालना सरल र सहज छैन तथापि यो ससर्त र अनिवार्य हुनुपर्छ। यस कार्यका लागि सेवाग्राही व्यक्ति र घरधुरीको कार्य सम्पादनका अभिलेख सहितको प्रभाकारी अनुगमन र मूल्याङ्कन व्यवस्था हुन जरुरी छ। यस्ता प्रावधानलाई व्यवस्थापन नगरुञ्जेलसम्म नागरिकामा श्रम र लगानी बेगर विकास पाइन्छ भन्ने भावनाको विस्तार हुन्छ जो दिगो विकास आर्जन गर्नका लागि सबैभन्दा घातक शत्रु हो। निम्न बुँदाहरुलाई गापाको कार्यविधिको *'जाँचसूची'* मा समावेश गर्न सिफारिस गरिएको छ जसको अनिवार्य पालन नभएमा योजनाले अपेक्षा गरेको उपलब्धिहरु हाँसिल हुनेछैन। यी बुँदाहरु यस प्रकारका छन् :

1. सबै राजनीतिक पार्टी, सामाजिक नेता लगायतका सरोकारवालाहरूको घोषण-पत्रमा *'स्कूल बाहिर कुनै वालवालिका नहुन् (No Child Stay-Out of Schools)'* भन्ने नीति समावेश गरी जोखिम अवस्थाका, अल्पसङ्ख्यक, वञ्चित र फरक क्षमताका बच्चालाई नि:शुल्क शिक्षाका लागि दवाव दिन यो प्रावधानलाई गापाको *'जाँचसूची'* मा राखिएको हो। यस प्रावाधानको प्रभावकारी कार्यन्वयनले गापाका सबैलाई विद्यालयमा जान मद्वत् गर्दछ र शिक्षको पहँचमा सबैको सुनिश्चितता गर्दछ।
2. सेवाग्राहीलाई प्रदान गरिने सबै सेवा, सुविधा र कार्य सम्पादनमा *'वार्षिक १० वोट वृक्षारोपण* (Ten-Trees Plantation Approach)*'* को व्यवहारिक आचरणको विकास गर्न ताप्ली गापाको *'जाँचसूची'* सहितको कार्यविधि। यसले ताप्लीका लगभग २,८०० घरधुरीले वार्षिक २८,००० बोटविरुवा सामुदायिक वन वा नीजि जग्गामा हुर्काउने परिपाटीको विकास हुन्छ र हरेक वर्ष कम्तीमा २० हेक्टरमा वनको हैसियतमा सुधार हुन्छ।
3. खुल्ला चरिचरनको चरम अवस्थाबाट बनक्षेत्रलाई जोगाउन र खोलानालमा पानीको सुख्दो अवस्थामा उल्लेखनीय सुधार गर्न ताप्ली गापाले वनको स्थानीय निकायसँग सहकार्यमा नेपाल सरकारको विद्यमान ऐन/नियमको प्रवधानलाई कडीकडाईका साथ वन, खुल्ला चउर, नदीका किनारा आदिमा खुल्ला चरिचरन तुरुन्त बन्देज गर्नुपर्दछ। गापाको *'जाँचसूची'* सहितको कार्यविधिमा *'बन्ध चरन (No Open Grazing)'* समावेश गरिएको छ।
4. गापाको आर्थिक विकासको महत्वपूर्ण पाटोमद्धे पशुधनको व्यवसायिक कृषिउद्योग एक हो। यो उद्योगको विकास डालेघाँस र भूईंघाँस वेगर सम्भव छैन। गापाले घरेलु चौपायाको पालन होस् या त पशुधनको व्यवसायिक योजना लागु गर्नेमा होस् डालेघाँस/भूईंघाँसको प्रचुर उपलब्धतालाई महत्व दिनुपर्दछ। त्यसैले गापाको *'जाँचसूची'* सहितको कार्यविधिमा *'प्रचुर डालेघाँस (Loading the Fodder)'* को प्रावधान राखिएको छ जसलाई पशुविकासको स्थानीय निकायले कार्यक्रमको अनुगमन सहित यो कार्य अनिवार्य लागु गर्नुपर्दछ । यस कार्यले वनमा गाई-बस्तुका चाप कमी गर्नुका साथै वनको हैसियत र जलाधारको अवस्थामा पनि सुधार ल्याउने छ।
5. बढ्दो जल सङ्कट, सुख्दै गईरहेका खोलानाला, कुवा र पोखरी र संङ्चनमा रहेका जलाधार क्षेत्र र दिनानुदिन बढ्दो तापक्रमले सुख्दै गएका पाखा, बारी र खेतहरुमा पानीको व्यवस्था गर्नु सजिलो छैन। गापाले यथासम्भव धेरै भन्दा धेरै ससाना पोखरीहरु निर्माण गरी वर्षे पानीको संग्रह गर्न ढिलो भईसकेको छ। यसका लागि *'पोखरीयुक्त गाउँ (A*

*Pond Approach Villages)'* कार्य सञ्चालन विधिको भावनानुसार हरेक गाउँमा समुदायहरुले कम्तीमा एउटा पोखरी बनाई त्यसमा बाह्रैमासा पानी अडाउने व्यवस्थाको सुरुवात गर्ने उद्धेश्यले *'पोखरीयुक्त गाउँ'* लाई गापाको *'जाँचसूची'* राखिएको छ ।

6. आधुनिक विकासको सूचकमद्धे ऊर्जाको प्रयोगमाथि घर-समुदायको पहुँच हुनु पनि एक हो । ताप्लीका वासिन्दाले ऊर्जाका लागि अब दाउराको प्रयोग गर्ने परिपाटी क्रमशः हटाउँदै जानु पर्दछ । यसका लागि गापाले प्रतेक घरधुरीमा वैकल्पिक ऊर्जाको व्यवस्था गर्ने कार्यक्रमलाई प्रभावकारी बनाउन यसको *'जाँचसूची'* मा *'बैकल्पिक उर्जायुक्त घर (All Alternative Energy Cooking Devices HHs)'* को व्यवस्था सहित कार्यक्रम सञ्चालन गर्नु आवश्यक छ । यसको अर्थ आगामी दिन र वर्षमा ताप्ली गापाले ऊर्जा विकासलाई महत्वकासाथ लिएको छ र यो योजनाको कार्यन्वयनले ताप्ली गापाका सबै घरधुरीमा गोवर ग्याँस, सोलार तथा विद्युतिय उपकरणहरू जस्ता वैकल्पिक ऊर्जाका सेवा र सुविधाबाट लाभान्वित हुनेछन् ।

7. कुमालेटार, जमिनटार/रुपाटार, इनामे, जोरढुङ्गा र ठानागाउँ जस्ता ताप्ली गापका वस्तीहरुमा बजार व्यवसाय क्रमशः बढ्दो छ । यी वस्ती/बजार लगायत ताप्लीका सबै वस्तीहरुमा सूचक सहितको स्वास्थ्य र सरसफाइका नतिजाहरुको अपेक्षा गर्नु पर्दछ । यसका लागि गापाको *'जाँचसूची'* मा *'शौचालय र सेवा (All HHs with Toilet)'* र *'0 ठोस फोहर* (0 Solid Waste)*'* को अनिवार्यता गरिएको छ । यस प्रावधानले सबै विद्यालय, कार्यालय, र गाउँ-बजार केन्द्रहरूको मानकीकरण *'0 ठोस फोहर'* को आधारमा र सबै घरहरुको मापन अनिवार्य शौचालयको आधारमा जाँचसूची प्रमाणीकरण गरेर मात्र सरकारी अनुदान दिने व्यवस्थाको कार्यन्वयन गर्नु पर्दछ ।

माथिका कतिपय सूचक घरधुरी र व्यक्तिमा र बाँकि सूचक समुदाय र कार्यालयहरुका लागि अनिवार्य वनाइएको छ । घरधुरी, व्यक्ति र कार्यालय जो सुकै होस माथि उल्लेखित ८ वटा सूचकहरुलाई गापाले सेवा, सुविधा, अनुदान, विकासका ठेक्कापट्टा जस्ता हरेक गतिविधिमा ससर्त र कडाइकासाथ लागु गर्नुपर्दछ । ताप्ली गापाको हालको आर्थिक विकासको अवस्था ग्रामीण चरित्र र स्वभाव भएको छ । यस्तो चरित्र भएको ठाउँमा नीतिगत र औपचारिक कार्यहरुको सम्पादन गर्न सजिलो हुँदैन तथापि गापाको अग्रगामी विकासको चाहनालाई अहिले देखि नै लागु गर्न माथिका ८ वटा सूचकहरुलाई गापाको नेतृत्वले औपचारिकरुपमा *'जाँचसूची'* को प्रमाणीकरण गर्ने पद्धति अपनाउनु पर्दछ ।

## ५.३ विषयगत मूलक्षेत्रहरू

*'ताप्ली गाउँपालिकाको एकीकृत ग्रामीण विकास योजना'* को विषयगत मूलक्षेत्रहरू नेपाल सरकारको राष्ट्रिय योजना आयोगले स्थानीय निकायहरुको योजना तयार पार्नको लागि बनाईएको सहयोगि दस्तावेज 'स्थानीय तहको योजना तर्जुका दिग्दर्शन, २०७५' को भावनानुरुप ४ वटा मूलविषयमा केन्द्रित छ (चित्र १५ )।

उल्लेखीत विषयगत मूलक्षेत्रहरुको केन्द्रमा सुशासन पद्धति रहेको छ। सुशासनको अवस्था जतिजति सवल हुँदै जान्छ गापाले स्थनीय वान्दिाहरुलाई हरेक विषयगत विधामा त्यसैगरी सेवा र सुविधाहरुमा पनि प्रदान गर्दै जान्छ।




*चित्र १५:ताप्ली गापाका एकीकृत विकासका लागि विषयगत मूलक्षेत्रहरुको संरचनात्मक अन्तर्सम्बन्ध।*

एकीकृत ग्रामीण विकास योजनाका ती क्षेत्रहरू यस प्रकारका छन् :

### ५.३.१ आर्थिक विकास क्षेत्र

यस विषयगत मूलक्षेत्रमा निम्न उपक्षेत्रहरु र हरेक उपक्षेत्रका ताप्ली गापासँग सम्बद्ध हुने विषयहरु समावेश गरिएका छना्। ती उपक्षेत्रहरुक र त्यसका कार्यक्षेत्रहरु यस प्रकारका छन् :

**कृषि तथा प्राकृतिक स्रोत व्यवस्थापन उपक्षेत्र :** यस भित्र खाद्य सुरक्षा र पोषण, सिंचाइ, भूमि व्यवस्थापन, जलस्रोत, वन तथा जैविक विविधता र खानी तथा खनिज जस्ता विषयहरुलाई समेटिएको छ।

**उद्योग; वाणिज्य; आपूर्ति र पर्यटन उपक्षेत्र :** यस भित्र उद्योग; वाणिज्य; आपूर्ति र पर्यटन जस्ता विषयहरुलाई समेटिएको छ ।

### ५.३.२ समाजिक विकास क्षेत्र

गपाको यो विषयगत क्षेत्रभित्र ११ वटा उपक्षेत्रहरु छन् । ती हुन् :

- जनजनसङ्ख्यार वसाइसराई उपक्षेत्र
- शिक्षा उपक्षेत्र
- स्वास्थ्य र पोषण उपक्षेत्र
- खानेपानी र सरसफाई उपक्षेत्र
- युवा विकास उपक्षेत्र
- लैंगिक समानता तथा महिला सशक्तिकरण उपक्षेत्र
- बच्चा तथा र किशोरावस्था उपक्षेत्र
- जेष्ठ नागरिक उपक्षेत्र
- अशक्त जनसङ्ख्या उपक्षेत्र
- खेल विकास उपक्षेत्र
- सामाजिक सुरक्षा र संरक्षण उपक्षेत्र

### ५.३.३ पूर्वाधार विकास क्षेत्र

यो विषयगत मूलक्षेत्रभित्र ७ वटा उपक्षेत्रहरु समावेश गरिएको छ । ती उपक्षेत्रहरु यस प्रकारका छन् :

- ऊर्जा विकास उपक्षेत्र
- यातायात पूर्वाधार विकास उपक्षेत्र
- सञ्चार र सूचना पूर्वाधार विकास उपक्षेत्र
- पलिकाको पूर्वाधार विकास उपक्षेत्र
- सहरी विकास उपक्षेत्र
- ग्राणि विकास उपक्षेत्र
- बस्ती विकास उपक्षेत्र

### ५.३.४ सुशासन तथा लोकतन्त्र क्षेत्र

यो विषयगत मूलक्षेत्रभित्र गापाको प्राथमिकताका १० वटा उपक्षेत्रहरु छन् । ती उपक्षेत्रहरु यस प्रकारका छन् :

- राष्ट्रिय एकता उपक्षेत्र
- शान्ति र सुरक्षा उपक्षेत्र
- नेतृत्व विकास उपक्षेत्र
- अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध विकास उपक्षेत्र
- निर्वाचन प्रणाली सुधार उपक्षेत्र
- मानव अधिकार उपक्षेत्र
- न्याय प्रणाली उपक्षेत्र
- सुशासन उपक्षेत्र
- प्रशासनिक सुशासन उपक्षेत्र
- भ्रष्टाचार निवारण उपक्षेत्र

### ५.३.५ अन्तरसम्बन्धित क्षेत्र

यस क्षेत्रले माथि उल्लेखीत सबै क्षेत्र र उपक्षेत्रसँग अन्तरसम्बन्ध राख्ने विषय र विधालाई जनाउँदछ । यस भित्र ४ वटा उपक्षेत्रहरु छन् । ती यस प्रकरका छन् :

- तथ्याङ्क व्यवस्थापन प्रणाली उपक्षेत्र
- गरिबी उन्मूलन उपक्षेत्र
- अनुसन्धान र विकास उपक्षेत्र
- वातावरण, जलवायु परिवर्त्तन र विपद् व्यवस्थापन उपक्षेत्र

गापाको समाजिक तथा वातावरणीय समृद्धि गर्न माथिका विषयगत क्षेत्र र उपक्षेत्र गरिने प्राथमिकताका कार्यक्रमहरुलाई अगामी भाग र उपभागमा बर्णन गरिएको छ ।

## ५.५ आर्थिक विकासका एकीकृत योजना

### ५.५.१ कृषि र प्राकृतिक स्रोत व्यवस्थापन क्षेत्र

*कृषि*

कृषि उपक्षेत्र र यससँग सम्बन्धित व्यवसायहरु ताप्ली गापाका स्थानी वासिन्दाहरुको जीविकोपार्जनको मेरुदण्ड हो । ताप्ली गापाको ५८% वासिन्दाहरुको मुख्य पेशा कृषि हो र यस क्षेत्रले गापाको समाजिक तथा आर्थिक विकासमा विशेष महत्व राख्दै आएका छ । यस क्षेत्रमा ताप्ली गापामा गरिएका र गरिने विकासका सबै कार्यक्रम र गतिविधिहरुले दिगो विकासको लक्ष्य १ *'सबै क्षेत्रमा सबै किसिमका गरीबीको अन्त्य (End poverty in all its forms everywhere)}* र २ *'भोकमरी अन्त्य, खाद्य सुरक्षाको सुनिश्चितता तथा पोषणावस्थामा सुधार र दीर्घकालिन कृषिको प्रवर्द्धन (End hunger, achieve food security and improved nutrition and promote sustainable agriculture)}* पुरा गर्न विशेष योगदान दिन्छ । नेपालको कृषि विकासका लक्ष्य र कार्यक्रमहरु कृषि विकास रणनीति (२०१५-२०३५) बाट निर्देशित छ । यस रणनीतिले कृषि क्षेत्रमा व्यवसायिकरण, यन्त्रिकीकरण *(mechanization)* र प्रतिस्पर्धा बढाई परिमाणत्मक तथा गुणात्मक दुबै प्रकारले कृषि उत्पादन बृद्धि गर्न जोड दिएको छ ।

माथि उल्लेखित परिवेशमा ताप्ली गापाको कृषि अवस्थाका विश्लेषण गर्दा यहाँको विद्यमान कृषिको न्यून उत्पादकत्वको अवस्था, परम्परागत तथा निर्वाहमुखी कृषि प्रणालीको निरन्तरता, कृषकहरुको रसायनिक मल, किटनाशक औषधि तथा औजार जस्ता कृषि समग्रीहरु प्रति समयमा पर्याप्त पहुँच हुन नसक्नु र दक्ष जनशक्ति तथा प्राविधिकाहरुको अभाव जस्ता थुप्रै चुनौतीहरु छन् । यसै गरी गापामा किसानहरुका लागि सेवा विस्तार गर्न सक्षम कृषि सहकारी छैन र बजारको पनि अभाव छ । केही वडामा सहकारीहरु भएता पनि यिनीहरुको उद्यम तथा व्यवसाय गर्ने क्षमताको विकास भईसकेको छैन । यद्यपि ताप्ली गापाका विभिन्न उचाईका वस्ती र स्थलहरुमा पाईने जलवायुको विविधताले यहाँ विविध कृषि बालीको परिणममूखी उत्पादन हुनसक्ने अवसर र प्रबल सम्भावनाहरु पनि उतिकै छन् जस्तो कि गापा आफैमा विशेष बाली उत्पादन गर्न सक्षम विशेष क्षेत्र भएको क्षेत्र हो । यसैले गर्दा यहाँका किसानहरुले केही वर्ष देखी बजारको सम्भावना अनुसारको तेजपत्ता, अदुवा, आलु र तरकारीहरु जस्ता कृषि तथा गैरकाष्ठ बालिहरुको उत्पादन सुरु गरेका छन् । केही घरधुरीले कालो चना र आलुको खेतीबाट फाइदा लिन थालेका छन् । कटहरे, रुपाटार, लेकगाउँ र आख्लेमा टनेल प्रविधिबाट व्यवसायिक तरकारी खेतीको शुरुवात भएको छ । लेखगाउँ र इनामेमा कृषकले अलैंची जस्ता नगदे बाली पनि लगाउँछन् । ओख्ले, लेखगाउँ र इनामेमा बाहिरीको बजारका लागि व्यापक रूपमा अदुवाको खेती हुन्छ । कागती र सुन्तला जस्ता फलफुल सबै वडामा उत्पादन हुन्छ । खसी बोका, बङ्गुर र ब्रोइलर जस्ता पशुधन र पंक्षीहरुका घरधुरी स्तरीय व्यवसायिक बेचविखनको प्रचलन क्रमशः बढ्दो छ । गापाले पशुधनबाट दुध, डेरी र बाखा पालनमा प्रोत्साहनका कार्यक्रमहरु लागू गर्दै आएको छ । ताप्ली गापाका नजीकको उदयपर जिल्लाको सबैभन्दा ठूलोमद्धे एक कटारी र तराईका अन्य बजारहरुले ताप्ली गापामा कृषि तथा पशुधनको व्यवसायिक उद्यम हुनसक्ने सम्भावना र अवसरहरु प्रदान गरेको छ ।

माथि उल्लेखित ताप्ली गापाका अवसरहरुका आधारमा कृषि उपक्षेत्रका निम्न सोच, लक्ष्य र उलब्धिहरु तर्जमा गरिएको छ :

***कृषि उपक्षेत्रगत सोच***

दिगो व्यावसायिक कृषि ताप्ली गापाको सम्बृद्ध विकासको आधार ।

***उपक्षेत्रगत लक्ष्य***

कृषि र पशुधनको व्यवसायिक उत्पादनको बृद्धि गरी खाद्य सुरक्षा सुनिश्चित र आर्थिक सम्बृद्धि गर्ने ।

***उपक्षेत्रगत उद्धेश्य***

- कृषि र पशुधनको व्यवसायिक उद्यमका लागि नीतिगत तथा कानुनी संयन्त्र, कार्यक्रम र कार्यहरुको ढाँचा बनाउने र लागु गर्ने ।
- कृषि तथा पशुधनको उत्पादनमा बृद्धि गर्ने खाद्य असुरक्षाको अन्त्य गर्ने ।
- तुलनात्मक लाभका कृषि र पशुधनको व्यवसायिक उद्यमद्वारा गापाको आर्थिक विकास गर्ने र प्रत्येक घरधुरीको आयआर्जनमा बृद्धि गर्ने ।

- कृषि र पशुधनको उपक्षेत्रलाई उत्पादनमूलक बनाउन यस क्षेत्रमा युवाहरुको भूमिका बढाउने र युवाशक्ति परिचालन गर्ने ।
- कृषि र पशुधनको उपक्षेत्रमा प्रभावकारी सेवाका लागि प्राविधिक तथा सङ्गठनात्मक क्षमताको अविबृद्धि गर्ने ।
- कृषि तथा पशुधन विकासका लागि कृषक व्यक्ति, अगुवा कृषक तथा कृषकहरुको समूहहरुको क्षमता विकास गर्ने ।
- कृषि तथा पशुधन विकासका लागि कृषि सहकारीको माध्यमबाट कृषि समाग्री, आधुनिक उपकरण र औजार र वित्तिय व्यवस्था गर्ने ।
- यस उपक्षेत्रलाई सुसङ्गठित बनाउन तथ्याङ्क र सूचनाको उत्पादन, संग्रह र वितरण, अनुसंधान र पूर्वाधारहरु विकास/निर्माण गर्ने ।
- कृषि तथा पशुधनको विकासलाई प्रभावकारी वनाउन र यस उपक्षेत्रमा बाह्य लगनी गर्न उद्यमी व्यवसायी र गैरसरकारी संस्थाहरुसँग साझदारीका परियोजनाहरु निर्माण गर्ने र सञ्चालन गर्ने ।मा कृषि तथा पशुधन विकासका सबै कार्यक्रम र गतिविधिहरुका प्रभावकारी अनुगमन गर्ने ।
- कृषि तथा पशुधनको विकासमा उल्लेख्य योगदान पुऱ्याउने वासिन्दा, विद्यालय र शिक्षक विद्यार्थीलाई प्रोत्साहन र पुरष्कारको व्यवस्था गर्ने ।

***अपेक्षित उपलब्धि***

यस उपक्षेत्रमा सञ्चालन गरिएका कार्यक्रम र गतिविधहरुले निम्न उपलब्धिहरु प्दान गर्नेछ :

- बालिनालीको उत्पादनले राष्ट्रिय उत्पादनको आङ्कडा/नतिजालाई उछिन्ने छ ।
- खाद्य असुरक्षाको अवस्था पूर्ण प्रतिशतले सुरक्षित हुने छ ।
- सबै वडामा कृषि सहकारीबाट कृषि समाग्री वितरण, सेवा सञ्चालन र उत्पादनको बजारीकरण हुने संरचना तयार हुने छ ।
- कृषि तथा पशुधनको विकासमा पाँच वटा उद्यमी र गैससको लगानी हने छ ।
- कृषि तथा पशुधनका विकासबात प्रतेक घरधुरीको औसत आयमा कम्तिमा २०% बृद्धि हुने छ ।

***अनुमानित लागत***

यस उपक्षेत्रका कार्यक्रमहरुको कार्यन्वयनमा ५ वर्षमा अनुमानित कुल बजेटको १३.१२% अर्थात नेरु. 1,251,397,000 खर्च गर्दछ ।

कृषि विकास उपक्षेत्रका रणनीति तथा कार्यक्रमहरु तलका तालकामा लिपिवद्ध गरिएका छन् ।

## *कृषि उपक्षेत्रका रणनीति तथा कार्यक्रमहरू*

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| 1 | **कृषि विकास** | | | |
| 1.1 | गापाका तुलनात्मक लाभ एबम् उच्च मूल्यका कृषि बाली तथा पशुपंक्षीको उत्पादनको बृद्धि र त्यस्ता बस्तुहरुको निकासीका निमित्त आवश्यक वातावरण तयार पार्ने । | केन्द्र तथा प्रदेशका सम्बन्धित मन्त्रालय र विभागहरुसँग ताप्ली गापाका तुलनात्मक लाभ एबम् उच्च मूल्यका कृषि बाली तथा पशुपंक्षीको उत्पादन बृद्धि र त्यस्ता बस्तुहरुको निकासीका निमित्त आवश्यक वातावरण तयार पार्न समन्वय । | समन्वय | १५ |
| | | कृषि विकासलाई विषयगत निकायहरुको क्रियाकलापसँग आवद्धगरी *'बृहत कृषि कार्यक्रम तथा कार्यको ढाँचा'* (Framework) तयार तथा स्विकृत । | कार्यक्रम तथा कार्यहरुको ढाँचा | १ |
| | | कृषि बाली र पशु व्यवसायका लागि कृषक तथा उनीहरुको समूहलाई पूँजी प्रतिको पहुँच विस्तार गर्न वित्तिय संस्थाहरुसँग समन्वय र सम्बन्धनका निमित्त सहयोग । | समन्वय | |
| | | सबै कृषकहरुको कृषिबाली र पशु व्यवसायमा बिमाको व्यवस्था । | घरधुरी | १९०० |
| | | ताप्ली गापाका भौगोलिक क्षेत्रमा तुलनात्मक लाभ एबम् उच्च मूल्यका कृषि बाली तथा पशुका उत्पादन बस्तुहरुलाई कृषिबनसँग एकिकृत गर्दै कृषि सहकारीको व्यवस्थापनबाट व्यवसायीकरण गर्न सम्भाव्यता अध्ययन । | तयारी | १ |
| 1.2 | शिक्षा, अनुसंधान र प्रचार-प्रसार कार्यक्रमहरुलाई तुलनात्मक लाभ एबम् उच्च मूल्यका कृषि बाली तथा पशुपंक्षीको उत्पादन, बस्तुहरुको विशिष्टिकरण (Branding) र निकासी, र सेवा प्रवाहगर्ने क्षमता विकास गरी उत्पादनहरुको पूर्ण उपलब्धताको सुनिश्चितता गर्ने । | तुलनात्मक लाभ एबम् उच्च मूल्यका कृषि तथा पशु स्रोतका महत्ववारे माध्यामिक स्तरीय कक्षामा १ क्रेडिट घंटाको पाठ्यक्रम अध्यापन कार्यको थालनी । | पाठ्यक्रम | १ |
| | | लक्षित विद्यालयमा कृषि तथा पशु विकासका कार्य गर्ने सर्वोत्कृष्ट विद्यालयलाई प्रोत्साहन सुविधा र थप सहयोग । | विद्यालयहरु | ६ |
| | | ताप्ली गापाकाका सबै कृषि तथा पशु स्रोतहरुको पूर्ण अभिलेख निर्माण तथा व्यवस्थापन *(तथ्याङ्क प्रणाली)* । | तयारी | ५ |
| | | कृषि तथा पशु विकासका प्रचार-प्रसार समाग्रीहरुको निर्माण र वितरण । | ब्रोसर/वार्षिक | १० |
| | | वातावरण र मानव स्वास्थका विषयसँग गहन सम्बन्ध राख्ने कृषि तथा पशु विकासका प्रचार-प्रसार समाग्रीहरुलाई समुदायले बुझ्ने गरी एफ.एम.रेडियो, वेब पोर्टल, समाजिक संञ्जाल र एप्स सफ्टवेर जस्ता माध्यमबाट प्रसारण *(संचार तथा सूचना)*। | प्रसारण परिमाण | ५०० |
| 1.3 | कृषि सहकारीको माध्यमबाट (Outlet) कृषि तथा पशुधनका उत्पादनलाई व्यसायीकरण गर्न र सेवास्तरका लागि कृषि तथा पशु सेवाकेन्द्रको क्षमता अभिबृद्धि गर्ने । | नारीमलामा स्थित विद्यमान कृषि तथा पशु स्वास्थसेवा केन्द्रका भवन, उपकरण र अन्य सुविधामा सुधार तथा संरचनाको मर्मत संभार । | भवन, उपकरण र सेवा सुविधा | २ |
| | | कृषि समाग्रि र पशु सेवा विस्तारका लागि स्थानीय सहकारी संस्थालाई सेवा केन्द्र र उप-केन्द्र स्थापना गर्न तयारपार्ने र औपचारिक सम्झौता गरी कार्य विधि सहितको वित्तिय संयन्त्रको संञ्चालन । | सहकारी/केन्द्र | ५ |
| | | नारीमलामा कृषि बिउ तथा बिउ पशु बैंङ्क (Seed bank/seed animals) को स्थापना । | बिउ तथा बिउ पशु बैंङ्क ८ पटक | १ |
| | | कृषि र पशुको उत्पादन प्रभाकारीरुपमा बढाउन कृषि बिउ तथा बिउ पशुको बैङ्कको उप-केन्द्रहरु अन्य वडामा विस्तार । | उपकेन्द्र | ४ |
| | | कृषि र पशु सेवाको विकासको लागि नव प्रविधि र सीपहरु लक्षित कृषकको घरधुरीसम्म पुऱ्याउन सरोकारवाला गैसस संस्थाहरुको परिचालन र सो लाई प्रभावकारी र दिगोरुपमा प्रवाह गर्न सरोकारवालाहरुलाई बिउ पूजि (Seed fund) को व्यवस्था । | गैसस ८ वर्ष | २५ |
| 1.4 | गापामा कृषि र पशुधनको उत्पादन र निर्यात बढाउन निजी र सहकारी क्षेत्रको लगानी सुनिश्चित गर्ने *(उद्योग, वाणिज्य तथा आपूर्ति)* | कृषि र पशु बस्तु उत्पादन र निर्यातका लागि समन्वय बैठक र लगानी सम्मेलन । *(उद्योग, वाणिज्य र आपूर्ति)* । | समन्वय | २ |
| | | कृषकहरुको कृषि बाली तथा पशु व्यवसाय र पहललाई उद्यमकोरुपमा बढाउन लगानीको निरन्तर व्यवस्था गर्न स्थानीय सहकारीहरुको परिचालन । | सहकारी | ५ |

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| | | कृषि बाली तथा पशुधनका ठूला उद्यम व्यवसायलाई दिगोरुपमा संञ्चालन गर्न निजी क्षेत्रको लगानी परिचालन । | निजी क्षेत्र | ३ |
| | | उद्यमी कृषकद्वारा संञ्चालित फलफूल, तरकारी, डालेघाँस र बोटविरुवा सहितको बहुद्धेशिय कृषि-नर्सरी स्थापना गर्न ससर्त सहयोग । | नर्सरी | ५ |
| 1.5 | गापाकामा तुलनात्मक भूगोल र विशेष उच्च लाभका कृषि बाली तथा पशु उत्पादन र बस्तुहरुलाई कृषिबनसँग एकिकृत गर्दै कृषि सहकारीको व्यवस्थापनबाट बजारीकरण गर्न अवसरहरुको सृजना गर्ने । | अगुवा कृषकलाई तुलनात्मक लाभ एबम् उच्च मूल्य *‘कृषि बाली तथा पशु विकासको व्यवसायिक योजना’* बनाउन तालिम र सो योजनाहरुको कार्यान्वयन । | तयारी * पटक | १८० |
| | | *‘सुन्तला खेती कृषक समूह’* लाई *‘सुन्तला खेतीको व्यवसायिक योजना’* कार्यान्वयन गर्न ससर्त सहयोग । | अगुवा कृषक | ८ |
| | | *‘अलैंची खेती कृषक समूह’* को *‘अलैंची खेती व्यवसायिक योजना‘* लागु गर्न ससर्त अनुदान सहयोग । | अगुवा कृषक | १५ |
| | | *‘तरकारी कृषक समूह’* को *‘तरकारी खेती व्यवसायिक योजना‘* लागु गर्न ससर्त सहयोग । | अगुवा कृषक | १५ |
| | | *‘निबुवा-कागती कृषक समूह’* को *‘निबुवा-कागती खेती व्यवसायिक योजना‘* लाई कृषि वनसँग एकिकृत गरी लागु गर्न ससर्त सहयोग । | अगुवा कृषक | ३० |
| | | *‘अदुवा खेती कृषक समूह’* को *‘अदुवा खेती व्यवसायिक योजना‘* लाई कृषि वनसँग एकिकृत गरी लागु गर्न ससर्त सहयोग । | अगुवा कृषक | ६० |
| | | *‘आलु कृषक समूह’* को *‘आलु खेती व्यवसायिक योजना‘* लाई कृषि वनसँग एकिकृत गरी लागु गर्न ससर्त सहयोग । | अगुवा कृषक | ५ |
| | | *‘दुग्ध कृषक समूह’* को दुध भण्डारण र परिवहन सुविधा सहितको *‘दुग्ध विकास व्यवसायिक योजना‘* लाई कृषि वनसँग एकिकृत गरी लागु गर्न ससर्त सहयोग । | अगुवा कृषक | ४५ |

### खाद्य सुरक्षा तथा पोषण

नेपालको संविधानले खाद्य सुरक्षालाई नेपाली नागरिको आधारभुत अधिकारको प्राथमिक सूचीमा राखेको छ । कृषि उपक्षेत्रमा उल्लेख गरिए झैं भोकमरीको अन्त्य, खाद्य सुरक्षा, सुधारिएको पोषण, कृषि विकासको दिगो व्यवस्था र यसको प्रचार जस्ता कुराहरु दिगो विकासको लक्ष्य १ र २ मा पूर्णरुपमा समेटिएको छ । यी लक्ष्यलाई नेपालको कृषि विकास रणनीति र कार्यक्रम (२०१५-२०३५) मार्फत् विकासको मूल प्रवाहमा आवद्ध गरी खाद्य र पोषण सुरक्षालाई नेपालको दिगो विकासको प्राथमिकताको क्षेत्रमा राखेको छ । यस परिवेशमा गापामा प्रतिव्यक्ति खाद्यान्नको उत्पादन २०३ के.जी रहेको छ र गापामा खाद्य असुरक्षा छ । यहाँका १६% घरधुरीले मात्र १ वर्षलाई पुग्ने खाद्यान्नको उत्पादन गर्छन र जनसङ्ख्याको लगभग ४७% घरधुरीलाई उनीहरुको खाद्य उत्पादनले ६ महिना भन्दा कम समयसम्म मात्र धान्न सक्दछ । यसमद्धे इनामेमा ७०% भन्दा बढी, ठानागाउँमा ६०% भन्दा बढी) र ओख्लेमा ५२% भन्दा बढी घरधुरीलाई उनीहरुको खाद्यान्न उथ्पादनले पुग्दछ तर वडा ५ ) मा रूपाटारमा खाद्य सुरक्षको अवस्था अरु वडा भन्दा खराब छ । समग्रमा गापामा ६ महिनाभन्दा कम अवधिका लागि खाद्यान्न पर्याप्तता भएका घरधुरीको सङ्ख्या उच्च रहेको तर  खाद्यान्न अपुग हुने घरधुरीको हिस्सा भने ५३ % रहेका कारण गापमा खाद्यान्नको अभावमा छ । खाद्यान्नको यो अभावलाई केही हदसम्म पशपंक्षी पालनले सहयोग पुऱ्याएको छ । यसअर्थमा कुल २,०९३ बाखा पालन, १,३४१ गाई पालन, ९२६ भैंसी पालन गापामा विद्यमान छ । यो पशुपक्षीको घरेलु व्यवसाय वडा नम्बर ५ रूपाटारमा धेरै छ र यो क्रमलाई वडा १ ल पछ्याको छ । वडा ४ लेखगाउँमा पशुपंक्षीको घरेलुव्यवसाय सबैभन्दा कम छ ।

विगतमा गापामा खाद्यान्नको अभाव भएता पनि पछिल्ला वर्षमा यसको उपलब्धता बढेको छ । खाद्यान्न अभावको यो वर्त्तमान अवस्थालाई समाधान गर्न र आर्थिक समृद्धिको बढ्दो चाहनालाई उपलब्धिमूलक बनाउन युवाहरुको वैदेशिक रोजगारमा जाने क्रम केही वर्ष देखी बढेको छ । गापाका १७% भन्दा बढी घरधुरीबाट कम्तीमा एक जना युवा वैदेशिक रोजगारीमा संलग्न छन् र यसबाट सन् २०१८ मा गापा भित्र ८ करोड १० लाख रुपियाँ विप्रेषण भएको छ ।  यी विषयलाई मनन गर्दै ताप्ली गापाको एकीकृत विकासका लागि कृषि क्षेत्रलाई मेरुदण्डकोरुपमा लिईदै गर्दा खाद्य असुरक्षाको वर्त्तमान अवस्था गापाका लागि आफैमा ठूलो चुनौतीको विषय देखिन्छ । यस अवस्थामा खाद्यान्नको उत्पादन बढाउनु, उत्पादनको विविधता र वितरण प्रणालीमा सुधार गर्नु र आय बृद्धिका नयाँ उपायहरुको खाजी गर्नु र सोलाई लागु गर्नु नै खाद्य सुरक्षका गापाका भरपर्दा कार्यक्रमहरु हुन् । यसक्रममा उल्लेखनीय कुरा के छ भने ताप्ली गापाको प्रतिव्यक्ति आम्दानी राष्ट्रिय आम्दानी रु. १२७,६०० भन्दा कमी छ । आगामी वर्षमा गापाको यो प्रतिव्यक्ति आम्दानी बढ्नु पर्दछ । यसका लागि मानव पोषणका विविध विषय र क्षेत्रमा चेतना जगाउनु आवश्यक पनि छ । यिनै यथार्थलाई केन्द्रमा राखी खाद्य सुरक्षा र पोषण उपक्षेत्रका सोंच, लक्ष्य, उद्धेश्य र कार्यक्रमहरुको तर्जुमा गरिएको छ जो यस प्रकारका छन् :

#### खाद्य सुरक्षा उपक्षेत्रगत सोच

खाद्य सार्वभौमिकता, संप्रभुता, पोषण र खाद्य सुरक्षा सुनिश्चित गाउँपालिका ।

#### उपक्षेत्रगत लक्ष्य

आयबृद्धका नव अवसरहरुको खोज, खाद्यान्नको विविधता र उत्पादन बृद्धि र उद्यम व्यवसाय, स्वास्थ्य र पौष्टिक खानाको पहुँचमा सुधार गरी खाद्य र पौष्टिक सुरक्षाको सुनिश्चिता गर्ने ।

#### उद्धेश्यहरू

- खाद्य सुरक्षा र पोषणसँग सम्बन्धित विद्यमान खाद्य सम्प्रभुता ऐनका प्रावधानहरु कार्यान्वयन गर्ने ।
- खाद्य असुरक्षालाई दिगोरुपमा सम्बोद्धन गर्न सहकारी पचािलन गर्ने ।
- खाद्य सङ्कट र कुपोषणका लक्षित घरधुरीसम्म पुग्न र स्थिति सुनिश्चित गर्न योजना सहितका सरोकारवाला संस्थाहरुको परिचालन सञ्चालन गर्ने ।
- मल, किटनाशक दवाई, उन्नत्त विउ, नश्ल पशु जस्ता कृषि समाग्रीलाई सुलभ र दिगोरुपमा उपलब्ध गराउन दिगो संयन्त्र निर्माण गर्ने ।
- गापाका कुनै एक स्थानमा सुविधा सम्पन्न एक *'जगेडा भंडार'* *(Buffor-storage)* स्थापना गर्ने ।
- कृषि विकास उपक्षेत्रसँग सम्बद्ध गरी खाद्यको उत्पादन र निर्यातमा वृद्धि गर्ने ।

- खाद्य असुरक्षा भएका लक्ष्यित घरधुरीका पहिचान गर्ने र खाद्यान्न उत्पादनका वैकल्पिक कार्यक्रममा उनीहरुलाई लगाउने ।
- भूमिहिन/न्यून आयका घरधूरी सदस्यहरुलाई लघु र अन्य उद्यमहरुमा खाद्य सुरक्षाको लागि रोजगारी दिने ।
- खाद्य असुरक्षा भएका भूमिहिन लक्ष्यित घरधुरीका युवाहरुको लागि रोजगारीको अवसर प्रदान गर्ने ।
- न्यून आय भएका घरधुरी/कृषकहरुलाई व्यवसाय सञ्चालन गर्न क्षमता बृद्धि गर्ने, *'गैरकृषि व्यवसाय योजना'* बनाउने र योजना लागु गर्न सहयोग गर्ने ।
- कृषकहरुलाई जैविक मल, विनाशकारी किट-जीव, पानी र वन्यस्रोत इ. र अन्य प्रविधिहरुलाई समञ्जस्य गरी एकिकृत कृषि खेती गर्न प्रशिक्षण र अध्ययन भ्रमण गर्ने ।
- बाखा पालन गर्ने घर, बंङ्गुर पालन गर्ने घर, कुखुरा पालन गर्ने घर र टनेलमा तरकारी खेती गर्ने  घरको साना किसान र महिलाहरुलाई औपचारिक वैठम मार्फत तयार पार्ने र व्यवसायिक योजना सहितको व्यवसाय गर्ने ।
- बाखा पालन गर्ने घर, बंङ्गुर पालन गर्ने घर, कुखुरा पालन गर्ने घर र टनेलमा तरकारी खेती गर्ने  घरको साना किसान र महिलाहरुलाई मार्फत व्यवसायिक योजना सहितको व्यवसाय गर्न सहयाग गर्ने ।
- *गैरकृषि व्यवसाय योजना'* बनाउन र सो लाई लागु गर्न भूमिहिन/निम्न आयका घरघुरी सदस्यहरुलाई तालिम  गर्ने।
- स्वास्थ्यकर र पौष्टिक खाद्यान्न उपभोगमा जनचेतना जगाउने ।

***अपेक्षित उपलब्धि***

यस उपक्षेत्रका कार्यक्रमहरुको पाँच वर्षको सञ्चालन पश्चात् निम्न उपलब्धि हुने अपेक्षा गरिएको छ :

- गापमा खाद्यान्नको उत्पादनमा बृद्धि भई खाद्य असुरक्षा र भोखमरीको अन्त्य हुनेछ ।
- सहकारीद्वारा सञ्चालित सुविधा सम्पन्न एक *'जगेडा भंडार' (Buffor-storage)* को  स्थापना हुनेछ ।
- गैरसरकारी निकायहरुको सहकार्यमा ७०० घरधुरीले एकीकृत कृषि खेती गरी २०% ले कृषि उत्पादन बढाउने गापाको उद्धेश्यमा सहयोग पुग्ने छ । र प्रतिव्यक्ति खाद्यान्न उत्पादन राष्ट्रिय स्तरमा पुऱ्याईने छ ।
- कम्तीमा १,००० घरधुरीले प्रति वर्ष जैविक मल, विनाशकारी किट-जीव, पानी र वन्यस्रोत इ. र अन्य प्रविधिहरुको सुविधा प्राप्त गर्ने छन् ।
- १,३०० भन्दा वढी घरधुरी/कृषकको क्षमता विस्तार भई २५ वटा समूहले मौरी पालन र १२० वटा घरधुरीले सिन्कौलीको खेती व्यवसाय गरी खाद्यान्नको विकल्प खोज्ने छन् ।
- २५ वटा न्यून आय भएका तथा भूमिहिन घरधुरी सदस्यहरुलाई लघु र अन्य उद्यमहरुमा खाद्य सुरक्षाको लागि रोजगारी मिल्ने छ ।

***अनुमानित लागत***

यस उपक्षेत्रका कार्यक्रमहरुको कार्यन्वयनमा ५ वर्षमा अनुमानित कुल बजेटको ०.५८% अर्थात नेरु. 54,045,000 लाग्नेछ ।

खाद्य सुरक्षा र पोषण उपक्षेत्रका रणनीति तथा कार्यक्रमहरु तलका तालिकामा लिपिवद्ध गरिएका छन् ।

***खाद्य सुरक्षा/पोषण उपक्षेत्रका रणनीति तथा कार्यक्रमहरू***

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| २ | **खाद्य सुरक्षा तथा पोषण** | | | |
| २.१ | ताप्ली गापाकाका सबै नागरिकको खाद्य सुरक्षा र पोषण अवस्थालाई सम्वोधन गर्न एक दीर्घकालिन खाद्य संसाधन-सञ्चालन संयन्त्रको आवलम्बन गर्ने । | ताप्लीमा खाद्य असुरक्षा र कुपोषणको समस्या समाधान गर्न सम्बन्धित मन्त्रालयहरु, विभागहरु र सरोकारी संस्थाहरुसँग समन्वय । | समन्वय | २० |
| | | गापामा खाद्य सुरक्षा र पोषणसँग सम्बन्धित विद्यमान खाद्य सम्प्रभुता ऐनका प्रावधानहरुको कार्यान्वयन । | मोटामोटी | ५ |
| | | ठानागाँउमा निर्देशिका र कार्यविधि सहितको सुविधा सम्पन्न एक *'जगेडा भंडार'* *(Buffor-storage)* को स्थापना र सहकारीबाट यसको व्यवस्थावन *(वाणिज्य तथा आपूर्ति)* । | जगेडा भंडार | १ |
| | | खाद्य सङ्कट र कुपोषणका लक्षित घरधुरीसम्म पुग्न र स्थिति सुनिश्चित गर्न योजना सहितका सरोकारवाला संस्थाहरुको परिचालन । | गैसस ८ वर्ष | २५ |
| २.२ | ताप्ली गापमा कृषिका उत्पादकत्वको बृद्धि गरी खाद्य सुरक्षा सुनिश्चित गर्न खाद्य सुरक्षाको एकमुष्ट कार्यक्रम (Package) व्यवस्था अपनाई खाद्य सुरक्षा सुनिश्चित गर्ने *(उद्योग, वाणिज्य तथा आपूर्ति)* । | कृषकहरुलाई जैविक मल, विनाशकारी किट-जीव, पानी र वन्यस्रोत इ. र अन्य प्रविधिहरुलाई समञ्जस्य गरी एकिकृत कृषि खेती गर्न प्रशिक्षण र अध्ययन भ्रमण । | घरधुरी | ७०० |
| | | मल, किटनाशक दवाई, उन्नत्त विउ, नश्ल पशु जस्ता कृषि समाग्रीलाई सुलभ र दिगोरुपमा उपलब्ध गराउन दिगो संयन्त्र निर्माण र यसको आवलम्बन । | घरधुरी * वर्ष | ५,००० |
| | | गापामा बाखा पालन गर्ने १,००० घर, बंङ्गुर पालन गर्ने २५० घर, कुखुरा पालन गर्ने १५ घर र टनेलमा तरकारी खेती गर्ने ४० घरको साना किसान र महिलाहरुलाई औपचारिक वैठम मार्फत तयार पार्ने । | वैठक | १० |
| २.३ | गैरकृषि व्यवसाय मार्फत् भूमिहिन तथा निम्न आय भएका घरधुरीहरुको आयबृद्धि गर्ने *(आपूर्ति)* । | *'गैरकृषि व्यवसाय योजना'* बनाउन र सो लाई लागु गर्न भूमिहिन/निम्न आयका घरघुरी सदस्यहरुलाई तालिम । | तालिम | ४ |
| | | भूमिहिन/न्यून आयका घरधुरीलाई चिउरीको खेती गर्दै *'मौरी पालन व्यवसाय'* गर्न ससर्त सहयोग । | घरधुरी समूह | २५ |
| | | भूमिहिन/न्यून आयका घरधुरीलाई सिनकौलीको संरक्षण गर्दै *'सिनकौलीको आपूर्ति र निकासी व्यवसाय'* गर्न ससर्त सहयोग । | घरधुरी | १२० |
| | | भूमिहिन/न्यून आयका घरूरी सदस्यहरुलाई लघु र अन्य उद्यमहरुमा खाद्य सुरक्षाको लागि रोजगारी । | घरधुरी/वर्ष | २५ |

### *सिंचाइ विकास उपक्षेत्र*

परापूर्वकालदेखि नै नेपाली किसानहरुले स्थानीय प्रविधिको उपयोग गर्दै खोला नदीमा बाँध निर्माण गरी कुलोको माध्यमद्वारा खेतबारीमा पानी पुऱ्याइ सिंचाइ गर्दै आएका छन् । यस्ता परम्परागत सिंचाइ प्रविधिलाई निरन्तरता दिंदै कृषिका उत्पादन बृद्धिका लागि योग्य भूमिमा बाह्रै महिना सिंचाइ सुविधा पुऱ्याई उत्पादकत्व बढाउन सिंचाइको दिगो व्यवस्था गरिनु अत्यन्त आवश्यक छ । यस परिवेशमा नेपालको सबै सिंचाइका कार्यक्रम र कार्यहरु नेपालको सिंचाइ नीति (२०७०) बाट निर्देशित छ जसको दीर्घकालिन दूरदृष्टि *'मुलुकका सम्पूर्ण कृषियोग्य भूमिमा कृषि उत्पादकत्वमा योगदान पुग्ने गरी बर्षैभरि दिगो एवं भरपर्दो सिंचाइ सुविधा पुऱ्याउने'* रहेको छ र आ.व. २०७४/७५ सम्म नेपालको २६ लाख ६५ हजार सिंचाइयोग्य कृषि भूमिमद्धे१४ लाख ७३ हजार हेक्टरमा सिंचाइ सुविधाका पूर्वाधार पुगिसकेको छ । नेपालको सिंचाइको नीतिगत व्यवस्थाले (१) कृषिमा उत्पादकत्व अभिवृद्धि गर्न टेवा पुऱ्याउनका लागि मुलुकमा उपलब्ध जलस्रोतको अधिकतम उपयोग गरी सिंचाइ क्षेत्रको दिगो विकास एवं विस्तार गर्न, (२) सिंचाइ संरचनाहरुको उचित मर्मत संभार, प्रभावकारी जल व्यवस्थापन, आधुनिकीकरण गर्न तथा नयाँ सिंचाइ योजनाहरुको निर्माण गरी वर्षैभरी भरपर्दो सिंचाइ सेवा पुऱ्याउन, (३) सिंचाइका लागि सतह तथा भूमिगत जलस्रोतलाई संयोजनात्मक रुपमा उपयोग गर्न, (४) संभाव्यताका आधारमा मुलुकका सवै क्षेत्रमा सिंचाइको संतुलित र सामन्जस्ययुक्त विकास गर्न, र (५) बहुउद्देश्यीय जलाशय एवं अन्तर जलाधार जलस्थानान्तरण योजना लगायत सिंचाइसम्बन्धी प्रविधिको विकास तथा कार्यान्वयन गर्न सक्षम हुने गरी संगठनात्मक सुधार तथा जनशक्तिको क्षमता अभिवृद्धि गर्न सबै स्तरका सरकारी निकायहरुलाई बाटो खुलेको छ ।

स्थानीय गाउँका खेतीमा परम्परागत सिंचाइ प्रणालीको मर्मत संभार र नयाँ प्रविधिमा आधारित सिंचाइ प्रणालीको माध्यमबाट सिंचत क्षेत्रको विस्तार भइरहेको छ । केही हदसम्म सिंचाइको अवस्था ताप्ली गापासँग मिल्दछ तथापि यस गापामा खेतीयोग्य जमिनका ठूला चाक्ला क्षेत्रमा वर्षैभरी सिँचाईको सुविधा छैन । गापामा भएका सिँचाई प्रणालीहरू किसानद्वारा सञ्चालित सिंचाइ प्रणाली (Farmers Managed Irrigation) र गुरुत्वाकर्षणमा आधारित परम्परागतका प्रणालीबाट (Traditional gravity flow system) अग्लाठाँउबाट होचाठाउँमा पानप सिर्चाका लागि प्रवाह गरिएका छन । यारी, घारी र राकुला खोलामा किसानद्वारा सञ्चालित सिंचाइ प्रणालीहरु कार्यन्वयनमा छन् तर अधिकांब यी संरचनाहरु प्रत्येक वर्ष पहिरो र बाढीले क्षतिग्रस्त हुने गर्छन् । ठानागाउँ र रूपटारको अधिकांश ठूला भागहरु वर्षाको छायाक्षेत्र (Rainshed area) मा पर्छन् र यहाँ थोरै वर्षा हुन्छ । यी क्षेत्रमा वर्षाको पानी सङ्कलन, प्लास्टिक पोखरी निर्माण जस्ता सिंचाईका आधुनिक तथा वैकल्पिक प्रविधि प्रयोग भएका छैनन् यद्यपि रुपाटार, पलाटार, कटहरे, इनामेमा सिमसिमे सिँचाइ (Sprinkler irrigation) को अभ्यास भइरहेको छ र यो प्रविधि गापामा लोकप्रिय छ तर यसको संस्थागत व्यवस्थापन भएको छैन । खोलानालामा पानीको बहावमा कमी हुनु, विद्यमान कुवा, धारा र पोखरीहरुको अवस्था विग्रनु, मौसम परिवर्त्तनको चपेट तथा बढदो प्रभाव, प्रविधि र सीपको कमी, स्थानीय संस्थाहरुको कमजोर व्यवस्थापन क्षमता, वित्तिय स्रोतमा कृषक/समूहको कमजोर पहुँच, ज्ञानस्रोत केन्द्र नहनु इत्यादि गापाका सिंचाइ सम्बद्ध जल्दाबल्दा चुनौतीहरु हुन् ।

खाने पानी र सिंचाइ पानी दुबै स्थानीय वासिन्दालाई आवश्यक पर्ने कार्यक्रमहरु हुन् यद्यपि गापामा पानीको घट्दो उपलब्धताले यी दुबै प्रणालीको पानी वितरणमा असर पार्दछ जसको लागि दुबै प्रणालीमा आवद्ध उपभोक्ताहरुलाई जलस्रोत संरक्षणको लागि प्रेरित गराउनु आवश्यक छ । सिंचाइ प्रणालीको निर्माण पछिको मर्मत-सम्भार व्यवस्थापन एवम् सञ्चालनमा उपभोक्ता सूहका सक्रिय सहभागितालाई थप सुदृढ गर्नुपर्ने आवश्यकता हुन्छ । सिंचाइको थप पूर्वाधार विकास र सम्पन्न सिंचाइका संरचनाको सुदृढीकरण गरी व्यवस्थित बनाउन लगानी गर्न पनि उतिकै आवश्यक छ । सिंचाइ नीति (२०७०) मा रहेर ताप्ली गापाका विद्यमान परम्परागत सिंचाइ प्रणालीमा सुधार गर्नु देखी सिमसिमे सिंचाइ र साना जलाशययुक्त पोखरीका निर्माण जस्ता नवप्रविधिको विस्तार गर्नु अहिलेको कृषि उत्पादन बढाउने र घट्दो जलस्रोतलाई पूनर्स्थापना गर्ने संयुक्त उत्तम उपाय हो । यिनै यथार्थलाई मनन गरी सिंचाइ विकास उपक्षेत्रका न्म्नि सोंच, लक्ष्य, उद्धेश्य र कार्यक्रमहरुको तर्जुमा गरिएको छ :

#### ***सिंचाइ उपक्षेत्रगत सोच***

दिगो एबम् भरपर्दो सिंचाइ सुविधा उपलब्ध गराई कृषि उत्पादन तथा उत्पादकत्व बृद्धिमा योगदान ।

#### ***उपक्षेत्रगत लक्ष्य***

ताप्ली गापाका सबै किसिमका कृषियोग्य भूमिमा वातावरण अनुकूलन सहितको दिगो एबम् भरपर्दो सिंचाइ सरविधा उललब्ध गराउने ।

***उद्धेश्यहरू***

- अल्प, मध्यम र दिर्घकालिन कार्यक्रमहरु सहितको *'सिचाईं कार्यक्रम तथा कार्यहरुको बृहत ढाँचा'* (Framework) बनाउने र वतावरण, जलवायु/विपद् मैत्री सर्वकालिन सिंचाइ, जलाशययुक्त सिंचाइ र सिमसिमे सिंचाइका लागि सम्भाव्यता अध्ययन गर्ने ।
- यारी, घारी, चिसापानी र कुभिण्डे खोलाहरुमा सिंचाई प्रणालीका संरचना र सुविधहरुको प्रयोग र 'उपभोक्ता शूल्क' को आवश्यकताबारे कृषक समूहलाई अभ्यस्त पार्ने र यो प्रावधान लागु गर्ने ।
- आर्थिकरुपले विपन्न कृषकहरुलाई करेसाबारी र अन्य कृषि गतिविधिका निमित्त सिमसिमे सिंचाईका उपकरण र सहयोगी समाग्री वितरण गर्ने र न्यून खाद्य सुरक्षा भएका साना किसानलाई सौर्य-सिमसिमे सिंचाई प्रणालीका मर्मत गर्न क्षमता विकास गर्ने र तालिम प्राप्त किसानलाई यस प्रविधिको मर्मत-संभार गर्न उपकरण, औजार र सहयोगी समाग्रीहरु सहयोग गर्ने ।
- सौर्य पम्पबाट पानी खिंचि ताप्ली गापाका ४ स्थानमा सिमसिमे सिंचाई गर्न परिक्षण-परियोजना र यसको कार्यविधि सहितको *'सौर्य-सिमसिमे सिंचाइ कार्य योजना'* तयार पर्ने र अन्य ९ स्थानमा विस्तार गर्ने ।
- जलाशययुक्त सिंचाइको लागि ताप्लीडाँडा र कुभिण्डे खोलाबाट रुपाटारमा सिंचाई गर्न सम्भाव्यता अध्ययन गर्ने ।
- ताप्ली पोखरीमा जलाशय विस्तार र जल भण्डारण गरी नजिकका वस्तीमा सिंचाईका लागि सहयोग गर्ने ।
- जिर्ण/मर्मत अवस्थाका गापाका किसानहरुका कुलोहरुको मर्मत-संभार गर्न सहयोग गर्ने र पानीको स्रोत संरक्षण गर्ने ।

***अपेक्षित उपलब्धि***

- *'सिचाईं कार्यक्रम तथा कार्यहरुको बृहत ढाँचा'* निर्माणका साथै सिंचाइका नव प्रविधिको परिक्षण र विस्तार गरी कम्तीमा ५०% कृषि योग्य जमिनलाई वर्षभर सिँचाइ सुविधा पुग्नेछ र कृषि उत्पादनको २०% बृद्धि लक्ष्य हाँसिल गर्न सहयोग पुग्नेछ ।
- *'उपभोक्ता शूल्क'* को प्रावधानले सिंचाइ व्यवस्थालाई दिगो र चुस्तदुरुस्त राख्न सहयोग पुग्नेछ र सबै किसानहरूले आफ्ना सिँचाइ प्रणालीको राम्रो व्यवस्थापन गर्नेछन् ।
- आर्थिकरुपले विपन्न १६० कृषक घरधुरीलाई सिमसिमे सिंचाईबाट खाद्यान्न सुरक्षा हुने र विपन्न १७ कृषकलाई सिंचाइ संरचनाको मर्मत-सम्भारका लागि तालिम, उपकरण र रोजगारीको अवसर हुनेछ ।
- सौर्य पम्पबाट सिमसिमे सिंचाइबाट १३ सुख्खा स्थानमा सिंचाइ सुविधा विस्तार हुने । सुख्खा क्षेत्रहरूले आधुनिक सिँचाइ प्रविधि जस्तै प्लास्टिक पोखरी निर्माण, स्प्रिंकलर, थोपा सिँचाइ, बहुप्रयोग सेवाहरूको सिंचाई सुविधा हुनेछ । साथै, ताप्ली पोखरीमा जलाशय विस्तार र १.५ किमि साना सिंचाई सुविधा हुनेछ

***अनुमानित लागत***

यस उपक्षेत्रका कार्यक्रमहरुको कार्यन्वयनमा ५ वर्षमा अनुमानित कुल बजेटको २.३५% अर्थात नेरु. २२०,७५७,००० लाग्नेछ ।

सिंचाइ विकास उपक्षेत्रका रणनीति तथा कार्यक्रमहरु तलका तालिकामा राखिएका छन् ।

***सिंचाइ उपक्षेत्रका रणनीति तथा कार्यक्रमहरू***

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| ३ | **सिंचाइ सुविधा** | | | |
| ३.१ | गापाका सबै सिचाईका परियोजनाहरुमा नेपालको राष्ट्रिय सिचाई गुरु योजना, राष्ट्रिय कृषि विकास रणनीति (सन् २०१५-२०३५) र राष्ट्रिय जलवायु अनुकूलन कार्यक्रम (सन् २०१०) को प्रावधानहरुलाई समावेश गर्ने। | राष्ट्रिय नीति र कार्यक्रमहरुसँग तालमेल हुनेगरी ताप्ली गापाका अल्प, मध्यम र दिर्घकालिन कार्यक्रमहरु सहितको *'सिचाईं कार्यक्रम तथा कार्यहरुको बृहत ढाँचा'* (Framework) को निर्माण तथा स्विकृती। | कार्यक्रम ढाँचा | १ |
| | | यारी, घारी, चिसापानी र कुभिण्डे खोलाहरुमा किसानद्वारा संचालित सिंचाई प्रणाली (Farmer Managed Irrigation System) लाई दिगो र प्रभावकारी बनाउन *'उपभोक्ता शूल्क'* को प्रावधान। | निर्देशिका | १ |
| ३.२ | गापाका साना तथा विपन्न किसानहरुको आवश्यकतालाई मध्य नजर राखी कृषिका विशेष क्षेत्रमा (Pocket area) वतावरण तथा जलवायु/विपद् मैत्री सर्वकालिन सिंचाई सुविधाको सुनिश्चितता गर्ने। | वतावरण, जलवायु/विपत् मैत्री सर्वकालिन सिंचाइका लागि ठानागाँउ, रुपाटार, ईनामे र लेखगाँउमा सम्भाव्यता अध्ययन *(अनुसंधान र विकास)*। | तयारी | १ |
| | | राकुला, यारी, र कुभिण्डे खोलाबाट सर्वकालिन सिंचाई परियोजनाका लागि कृषक समूहरुलाई ससर्त सहयोग। | कुलो | ६ |
| | | आर्थिकरुपले विपन्न कृषकहरुलाई करेसाबारी र अन्य कृषि गतिविधिका निमित्त सिमसिमे सिंचाई (Sprinkler irrigation) का उपकरण र सहयोगी समाग्रीको ससर्त सहयोग वितरण। | घरधुरी | १६० |
| ३.३ | गापाका उच्च भेग र सुख्खा क्षेत्रमा गैर-परम्परागत सिंचाई प्रविधि (Non-conventional irrigation technology) को वहुपयोगी सेवा विकास विस्तार गर्ने। | ताप्ली गापाका क्षेत्रमा सौर्य पम्प द्वारा सिमसिमे सिंचाइ र यसको दिगो व्यवस्थापनबारे सम्भाव्यता अध्ययन *(अनुसंधान र विकास)*। | तयारी | १ |
| | | सौर्य पम्पबाट पानी खिंचि ताप्ली गापाका ४ स्थानमा सिमसिमे सिंचाई गर्न परिक्षण-परियोजना र यसको दिगो विस्तार गर्न *'सौर्य-सिमसिमे सिंचाइ कार्य योजना'* तयार। | परिक्षण-परियोजना | ४ |
| | | दिगो व्यवस्थापनका कार्य विधि सहितको *'सौर्य-सिमसिमे सिंचाई कार्य योजना'* ताप्ली गापाका थप नौ स्थानमा विस्तार। | सिमसिमे सिंचाई विस्तार | ९ |
| | | जलाशययुक्त सिंचाइको लागि ताप्ली डाँडा र कुभिण्डे खोलाबाट रुपाटारमा सिंचाई गर्न सम्भाव्यता अध्ययन *(अनुसंधान र विकास)*। | तयारी | २ |
| | | ताप्ली पोखरीमा जलाशय विस्तार र जल भण्डारण गरी नजिकका वस्तीका किसानलाई सुख्खायाममा सिंचाई गर्न ससर्त सहयोग। | डयाम/नहर ( १.५ किमि) | १ |
| ३.४ | किसानद्वारा संञ्चालित सिंचाई प्रणालीको मर्मत र संभार गर्न तथा यस्ता प्रणालीको दिगो व्यवस्थापनका लागि अन्य संभावनाको खोजी गर्न किसानहरुको क्षमता अभिबृद्धि गर्ने। | सिंचाई प्रणालीका संरचना र सुविधहरुको प्रयोग र *'उपभोक्ता शूल्क'* को आवश्यकताबारे कृषक समूहलाई अभ्यस्त पार्ने। | समूहको मिटिङ्ग | ३० |
| | | न्यून खाद्य सुरक्षा भएका साना किसानलाई सौर्य-सिमसिमे सिंचाई प्रणालीका मर्मत गर्न सिप विकासको तालिम *(मानव संसाधन विकास)*। | तयारी | १७ |
| | | तालिम प्राप्त साना किसानलाई सौर्य पद्धपतिबाट सिमसिमे सिंचाई प्रणालीको मर्मत-संभार गर्न उपकरण, औजार र सहयोगी समाग्रीहरु एक पटकका लागि ससर्त सहयोग। | किसान सङ्ख्या | १७ |
| | | विद्यमान जिर्ण वा मर्मत अवस्थाका ताप्ली गापाका किसानहरुका कुलोहरुको मर्मत-संभार गर्न ससर्त अनुदान सहयोग। | कुलो | १३ |

*भुमि व्यवस्थापन*

नेपालको संविधानमा व्यवस्था भएको सम्पत्तिको हक, खाद्य सुरक्षा र सम्प्रभुताको हक, महिलाको हक र भूमिहीन दलितको हक कार्यान्वयन गर्न तथा सन् २०३० सम्ममा हाँसिल गरिसक्नुपर्ने दिगो विकासका लक्ष्य प्रप्त गर्न उपलब्ध सीमित भूमि तथा भूमिस्रोतको दिगो व्यवस्थापन गर्न आवश्यक रहेको छ। भूमिको समुचित उपयोग सुनिश्चित गर्न भूमि वर्गीकरण गरी भू-उपयोग योजना तयार गर्न, आधुनिक प्रविधिको प्रयोग मार्फत् नापनक्सामा शुद्धिता कायम गर्दै परम्परागत जग्गा प्रशासनको शैलीमा समय सापेक्ष सुधार गरी भूमि व्यवस्थालाई सुरक्षित, पारदर्शी, विश्वसनीय बनाउन र देशको सम्पूणि भूमिलाई नापनक्सा तथा भू-सूचना प्रणालीमा आबद्ध गरी अनलाइन सेवा प्रवाह तथा डिजिटल अभिलेख तयार गनि आवश्यक नीति, कानुन, पूर्वाधार तयारी तथा स्रोत साधन परचािलन अपरिहार्या देखिन्छ। यसै सन्दर्भमा नेपालको सम्पूर्ण भू-भागको ७०६ स्थलरूप नक्सा, ७ प्रदेशका ७७ जिल्ला तथा ७५३ स्थानीय तहको प्रशासनिक नक्सा तयार भएको छ। देशको कुल आवादी क्षेरत्रो करिब ७५% कित्ता नापी-नक्सा, सोको डिजिटल अभिलेख जग्गा दर्त्ता तथा जग्गाधनी पूर्जा वितरण भइसकेको र नक्सामा आधारित जग्गा प्रशासन प्रणाली लागु भइसकेको छ। भू-उपयोग नीति (२०६९) लागु भई भूमिको वर्गीकरण गर्ने र भू-उपयोग नक्सा तथा डाटाबेस तयार गर्ने कार्य ३५५ स्थानीय तहमा सम्पन्न भइसकेको छ।

नेपालको भू-उपयोग नीति (२०६९) ले सबै तहका सरकारलाई भूमि तथा भूमिस्रोतको महत्तम उपयोगका लागि भूमिको वर्गीकरण गर्न, वर्गीकरणको आधारमा भूमिको संरक्षण, व्यवस्थापन र उपयोगलाई प्रोत्साहित गर्न, भूमिको खण्डीकरणलाई व्यवस्थित गर्न तथा योजनाबद्ध शहरीकरणलाई प्रोत्साहित गर्न, विकास र वातावरण बीच सन्तुलन कायम राख्न, भौगोलिक, सांस्कृतिक, धार्मिक, ऐतिहासिक, पर्यटकीय लगायत विशेष महत्वका क्षेत्रहरु रहेको भूमिको संरक्षण गर्न, भू-उपयोग नीतिलाई सम्बोधन गर्ने गरी भू उपयोग योजना तयार गर्न, उपयोगको आधारमा न्यूनतम मूल्याङ्कन एवम् भूमिकर प्रणाली निर्धारण गर्न, र उपयोगमा नरहेको भूमिलाई समुचित प्रयोगमा ल्याउने व्यवस्था मिलाउन नीतिगत निकासा दिएको छ। यस सर्न्भमा ताप्ली गापाको भूमि/जग्गा एक महत्तत्वपूर्ण उत्पादनका साथसाथै सामाजिक स्रोत पनि हो। यसको अतिरिक्त, भूमिको व्यवस्था उत्पादनसँग गाँसिएकाले यसले समाजिक एवम् आर्थिक सुरक्षा प्रदान गर्दछ। विगतका वर्षमा ताप्ली गापाको भू-उपयोगमा महत्वपूर्ण परिवर्त्तनहरू भई भूस्वरुप पनि परिवर्त्तन भएको छ। कृषियोग्य जमिन र जङ्गलको क्षेत्रफल क्रमशः ४.८६% र ५.९% ले घटेको छ तर झाडी तथा बुटचानको क्षेत्रफलमा ११.१% ले बृद्धि भएको देखिन्छ। वर्षौं देखी जग्गालाई खाली छाड्ने प्रबृति बढेको छ। गरीब धनी विचको भू-वितरणमा असमानता छ र यसको मापनमा जीनी गुणाङ्क ०.५५६ रहेको छ जसले असमानताको स्तरलाई देखाउँदछ। यसको समुचित व्यवस्थापनका लागि राष्ट्रिय भू-उपयोग नीतिको मर्मअनुरुप ताप्ली गापाले सबै वार्डहरुको भू-प्रणाली र भू-क्षमताका लागि माटोको सर्वेक्षण र जोखिम मूल्याङ्कन अध्ययन गर्न, विशेष तुलनात्मक लाभ भएका क्षेत्रमा भू-विखण्डन र भू-परिवर्त्तन रोक्न, गपाका सबै तथ्याङ्कहरुको अध्यावधिक संग्रह, पुनर्प्रयोग र वितरण विधि सहितको आधार-तथ्याङ्कहरु कम्प्युटर प्रणालीमा व्यवस्थित गर्न, सबै घरधुरी र जग्गाको जियोरिफरेन्स सहितको नापी र यसको लगत कम्प्युटरमा अध्यावधिकीकरण गर्न, प्रयोजन विहिन सबै जग्गाको लगतसूची तयार गर्न र त्यस्ता जग्गाहरुलाई प्रयोगमा ल्याउन आवश्यक छ।

माथि उल्लेखित यथार्थलाई मनन गरी भूमि विकास उपक्षेत्रका निम्न सोंच, लक्ष्य, उद्धेश्य र कार्यक्रमहरुको तर्जुमा गरिएको छ :

***भूमि व्यवस्थापन उपक्षेत्रगत सोच***

दिगो, समन्यायिक, उत्पादनमूखी दिगो भूमि व्यवस्थापन।

***उपक्षेत्रगत लक्ष्य***

नेपालको भू-उपयोग नीति-(२०६९र दिगो विकासको मर्मानुरुप भूमि व्यवस्थापनलाई समाजिक तथा वातावरणीय समृद्धिको आधार बनाउने।

***उद्धेश्यहरू***

- भू-व्यवस्थापनलाई आधुनिकीकरण तथा प्रभावकारी बनाउन सम्बद्ध सरकारी निकायहरुसँग समन्वय र सहकार्य गर्ने।
- नयाँ प्रविधिमा आधारित भूमि प्रशासन सुधार गर्ने।
- उचित भूमि प्रयोगको माध्यमबाट जमिनको उत्पादकत्व अभिवृद्धि र सुविधाहरूको साझा साझेदारीलाई प्रोत्साहन गर्ने।

- राष्ट्रिय भू-उपयोग नीतिको मर्मअनुरुप ताप्ली गापाका सबै वार्डहरुको भू-प्रणाली र भू-क्षमताका लागि माटोको सर्वेक्षण र जोखिम मूल्याङ्कन अध्ययन गर्ने ।
- विशेष तुलनात्मक लाभ भएका क्षेत्रमा भू-विखण्डन र भू-परिवर्त्तन रोक्ने ।
- ग्सबै तथ्याङ्कहरुको अध्यावधिक संग्रह, पुनर्प्रयोग र वितरण विधि सहितको आधार-तथ्याङ्कहरु कम्प्युटर प्रणालीमा व्यवस्थित गर्ने
- सबै घरधुरी र जग्गाको जियोरिफरेन्स सहितको नापी र यसको लगत कम्प्युटरमा अध्यावधिकीकरण गर्ने ।
- प्रयोजन विहिन अवस्थाका सबै जग्गाको लगतसूची तयार गर्ने र प्रयोग गर्ने ।
- सबै सरोकारवालाहरुको जग्गा/सम्पतिको एकीकृत मूल्याङ्कन गर्ने ।
- जग्गा दर्त्ता र अन्य समान्य सेवा जस्ता नागरिकहरुको उच्च चिन्ताका सबै सेवाहरु प्रभावकारीरुपमा निरन्तर प्रदान गर्ने (

***अपेक्षित उपलब्धि***

- भू-विखण्डन र भू-परिवर्त्तन अवस्थामा उल्लेख्य सुधार हुने छ र रोकिने छ ।
- सबै वार्डहरुको भू-प्रणाली र भू-क्षमताका लागि माटोको सर्वेक्षण र जोखिम मूल्याङ्कन अध्ययन हुने छ ।
- भूमि व्यवस्थापनका लागि जियोरिफरेन्स सहितको घरधुरी र तिनीहरुको बृहत्तर डाटाबेस तयार हुने छ र एकीकृत भौगोलिक सूचना प्रणालीको विकास हुने छ ।
- प्रयोजन विहिन जग्गाहरुको उचित प्रयोग गरी कृषि उत्पादनको बृद्धिमा सहयोग पुग्ने छ ।
- ग्गा जमिन पतन, परित्याग योजना अवधि भित्र रोकिनेछ ।
- स्थानीय वासिन्दाले बैज्ञानिक पद्धतिमा आधारित भू-व्यवस्थापनका सेवा पाउनेछन् ।

***अनुमानित लागत***

यस उपक्षेत्रका कार्यक्रमहरुको कार्यन्वयनमा ५ वर्षको अवधिमा अनुमानित कुल बजेटको ०.०१% अर्थात नेरु. १,०५५,000 लाग्नेछ । यस शिर्षकमा अनुमानित लागत कम देखिएको छ तथापि माथि उल्लेखित उद्धेश्य प्राप्तीका लागि गरिने गतिविधिहरुको प्रकृति अध्ययन र अनुसंधान भएकाले यसका लागि आवश्यक लागत अनुसंधान उपक्षेत्रमा व्यवस्था गरिएको छ ।

भूमि व्यवस्थापन उपक्षेत्रका रणनीति तथा कार्यक्रमहरु तलका तालिकामा राखिएका छन् ।

***भूमि व्यवस्थापन उपक्षेत्रका रणनीति तथा कार्यक्रमहरू***

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| 4 | **भूमि व्यवस्थापन** | | | |
| 4.1 | नीतिगत एकरुपताबाट तथ्याङ्क व्यवस्थापन र प्रभावकारी सेवा विस्तार गरी ताप्ली गापाका सबैप्रकारका भूमिको उत्पादकत्व तथा भू-उपयोगको वहन क्षमताको बृद्धि गर्ने । | राष्ट्रिय भू-उपयोग नीतिको मर्मअनुरुप ताप्ली गापाका सबै वार्डहरुको भू-प्रणाली र भू-क्षमताका लागि माटोको सर्वेक्षण र जोखिम मूल्याङ्कन अध्ययन (अनुसन्धान र विकास) । | तयारी | |
| | | विशेष तुलनात्मक लाभ भएका क्षेत्रमा भू-विखण्डन र भू-परिवर्त्तन (Alteration) रोक्न विषयगत मन्त्रालय र विभागहरुसँग सहकार्य । | सहकार्य | १ |
| | | गपाका सबै तथ्याङ्कहरुको अध्यावधिक संग्रह, पुनर्प्रयोग र वितरण विधि सहितको आधार-तथ्याङ्कहरु (Database) कम्प्युटर प्रणलीमा व्यवस्थित (तथ्याङ्क व्यवस्था)। | आधार-तथ्याङ्क | १ |
| | | गापाका सबै घरधुरी र जग्गाको जियोरिफरेन्स सहितको नापी र यसको लगत (Database) कम्प्युटरमा अध्यावधिकस्करण (अनुसंधान र विकास) । | तयारी | १ |
| | | प्रयोजन विहिन अवस्थाका सबै जग्गाको लगतसूची तयार र सो जग्गा सुकुम्वासीहरुलाई वितरण (अनुसंधान र विकास) । | तयारी | १ |
| | | सबै सराकारवालाहरुको जग्गा/सम्पतिको एकीकृत मूल्याङ्कन (अनुसंधान र विकास) । | तयारी | १ |
| | | जग्गा दर्त्ता र अन्य समान्य सेवा जस्ता नागरिकहरुको उच्च चिन्ताका सबै सेवाहरुको निरन्तरता । | सेवा र वर्ष | ५ |

### *जलस्रोत विकास*

जलस्रोतको समुचित व्यवस्थापन र विकासबाट नै जलविद्युत, सिंचाइ, खानेपानी जस्ता क्षेत्रको विकासलाई अगाडि बढाउन र दिगो विकास लक्ष्य २ (भोखमरी अन्त्य, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त र दिगो कृषिको प्रवर्द्धन), ६ (सबैको निम्ति खानेपानीको साथै सरसफाईको उपलब्धता र यसको दिगो व्यवस्थापन), ७ (भरपर्दो, दिगो र आधुनिक ऊर्जामा सबैको पहुँच ), १५ (पृथ्वीको भूपरिधिस्तरीय पारिस्थितिकीय प्रणालीको दिगो संरक्षण, वनको दिगो व्यवस्थापन, मरुभूमीकरण र जमिनको क्षयीकरणको रोकथाम, र जैविक विविधताको संरक्षण) प्राप्तीको लागि जलस्रोतको उचित व्यवस्थापन महत्वपूर्ण छ। संविधानले जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहुउपयोगमा जोड दिएको छ यद्यपि नेपालको जलस्रोतका विषय र मुद्धाहरु राष्ट्रिय जलस्रोत रणनीति (२००२), राष्ट्रिय पानी योजना (२००५) र राष्ट्रिय सिमसार नीति (२०१२) जस्ता नीतिगत संयन्त्रबाट निर्देशित छन्। यसमद्धे सिमसार नीतिले सिमसार क्षेत्रको संरक्षण, पुनर्स्थापन र प्रभाकारी व्यवस्थापन गरी जैविक विविधता र वातावरण संरक्षण गर्न, स्रोतहरुको दिगो/बुद्धिमतापूर्ण उपयोग गरी त्यस्ता स्रोतमा आश्रित समुदायको समृद्धिमा टेवा पुर्‍याउन, र सिमसार क्षेत्र व्यवस्थापनमा सुशासन कायम गर्दै सरोकारवालाहरुको ज्ञान/क्षमता अभिवृद्धि गर्न जोड दिएको छ। साथै जलस्रोतको उपयोग गरी जलविद्युत, सिंचाइ, खानेपानी जस्ता विकासलाई दिगो बनाउन जलस्रोतका मुहान, जलप्रवाह, भूमिगत जलस्रोत इत्यादि सम्बन्धी अध्ययन/अनुसुन्धान सहित तथ्याङ्कको सूक्ष्म विश्लेषण गर्न र जलउत्पन्न विपद्बाट मानववस्ती, कृषियोग्य भूमि, भौतिक पूर्वाधारको संरक्षण र विपद न्यूनीकरणका प्रविधिको विकास/विस्तार गर्नु आवश्यक छ।

नेपालको जलस्रोतको नीतिगत संयन्त्रले जलस्रोत सुशासन मवबुत बनाउन जलस्रोतको एकीकृत व्यवस्थापन (Integrated Water Resource Managment) अपनाउन सुझाव दिन्छ। ताप्ली गापाका प्रमुख जल प्रणालीमा यारी, घारी, नुक्नेखु, राकुला, गहते र सोरुङ्ग खोलाहरु पर्दछन्। गापाको उत्तरी सीमा क्षेत्र सुनकोशी नदीसम्म पर्दछ। तिनवटा खोलामा जल विद्युतका साना उत्पादनकेन्द्रहरु सञ्चालनमा छन्। केही वर्षदखि यी खोलाहरुका साथै पानीका कुवा, ढुङ्गेधारा, जरुवापानी र पोखरीहरुमा पानीको मात्रा र वहावमा कमी आएको छ। गापाको सबैभन्दा ठूलो यारी खोला विगतका दशकमा तर्न सकिन्न थियो तर यो खोला अहिले सुख्खायाममा तल्लोतटमा आउञ्जेल सुक्नेसम्मको अवस्थामा हुन्छ र समाजिक तथा वातावरणीय समृद्धिको लागि यो प्रमुख चिन्ताको विषय हो। जलवायु परिवर्त्तन, वनको विग्रदो हैसियत तथा अन्य कारणबाट सिर्जित असरका कारया पानीको उपलब्धतामा आएको अनिश्चितता, अव्यवस्थित भू-उपयोग र सडक सञ्जालको निर्माण, पहिरो तथा भूक्षय जस्ता गम्भिर गतिविधिलाई समयमा सुधारर्न नसके आउने केही वर्ष भित्र नै ताप्ली गापामा जलसङ्कट हुनेछ। सिंचाई, पिउने पानी र जलवायु प्रणालीका लागि पानीको स्रोत आपूर्ति गर्नु अहिलेको प्राथमिकता हो। गाउँमा सिमसिमे सिंचाइका समान्य प्रविधि भित्रिएका छन र यसको प्रबर्द्धन हुन जरुरी छ। यी सबैकुरालाई ध्यानमा राख्दै जलस्रोत विकासका निम्न सोंच, लक्ष्य, उद्धेश्य र कार्यक्रमहरुको तर्जुमा गरिएको छ :

#### ***जलस्रोत उपक्षेत्रगत सोच***

जलस्रोतको दिगो संरक्षण र बहुप्रयोगबाट ताप्ली गापाको समाजिक तथा वातावरणीय समृद्धिमा बृद्धि।

#### ***उपक्षेत्रगत लक्ष्य***

जलस्रोतको समन्वयात्मक विकास र बहुआयामिक तथा समन्यायिक उपयोगबाट ताप्ली गापाको समाजिक तथा वातावरणीय समृद्धि हाँसिल गर्ने।

#### ***उद्धेश्यहरू***

- जलवायु/प्रकोप नियन्त्रण सहितको जलस्रोतको बहुप्रयोजन र दिगो संरक्षणको लागि नीति, कानुनी संयन्त्र तथा जलस्रोत कार्यक्रम र कार्यको ढाँचा बनाउने र कार्यन्वयन गर्ने।
- जलवायु परिवर्त्तन, विपद् व्यवस्थापन र जलस्रोतका विषयमा ज्ञान, सीप र प्रविधि विकासका लागि विश्वविद्यालय, सम्वन्धित मन्त्रलाय र विभागहरु र गैरसरकारी संस्थाहरुसँग सहकार्यमा गर्ने।
- जलस्रोतहरुको सूची, स्रोतको परम्परागत व्यवस्थापन तथा अभ्यासका अभिलेख र डाटाबेसको व्यवस्थापन गर्ने।
- जलस्रोतको एकीकृत तथा दिगो व्यवस्थापन गर्ने।
- एकीकृत जलस्रोत व्यवस्थापन गर्न जल उपभोक्ता समूहहरूको क्षमता विस्तार र योजनमा आधारित एकीकृत कार्यक्रम गर्ने।

- समुदायिक र राष्ट्रिय वनमा पोखरीहरुको सञ्जाल निर्माण, बेत र बाँसको बृक्षारोपण, बायोइन्जिनियरिङ्ग, खोलाको माइक्रो बेसींका हरेक पोखरी वरीपरी वृक्षारोपण, पहिलेका वार्डका समुदायिक/सार्वजनिक भूमिमा वर्षाका पानी अड्ने साना पोखरी निर्माण, यारी, घारी, कुभिण्डे, चिसापानी र गहते खोलाहरुको किनारामा स-साना पानी जम्ने कक्षहरुको निर्माण, वृक्षारोपण र मत्स्यपालन इत्यादि जस्ता समजिक, वातावरणीय र प्रविधिरुको एकीकृत व्यवस्थापन गर्ने ।
- जलस्रोतका जोखिममा रहेका मानववस्ती र कृषियोग्य भूमिको पहिचान गर्ने र पहिरोको स्थिरीकरण र जैविक इंजीनियरिंगका दिगो संरचनाहरुको निर्माण र मर्मत-सम्भारका लागि सहयोग गर्ने ।
- नदी किनार स्थिरीकरणका लागि जनसहभागिताका बायोइन्जिनियरिंगका संरचना निर्माण गर्ने र त्यस्ता संरचनाहरूको मर्मत-संभार गर्न सहयोग गर्ने ।
- माइक्रो बेसीं व्यवस्थापनका वारेमा जनचेतना अभिबृद्धि, क्षमता विस्तार र यस विधामा उत्कृष्ट काम गर्ने जलउपभोक्ता समूहहरूलाई पुरष्कार र प्रोत्साहन गर्ने दिगो अभ्यास गर्ने ।

***अपेक्षित उपलब्धि***

- जलवायु र प्रकोपसम्बद्ध जलस्रोतको बहुउद्देश्यीय प्रयोजन र दिगो संरक्षणको लागि नीति/कानुनी संयन्त्रको कार्यन्वयन र गापाको जलस्रोत विकासको लागि *'स्थानीय कार्यक्रम र कार्यहरूको ढाँचा'* निर्माण हुने छ ।
- सोरुङ्ग र लिबुङ्ग्चुङ्ग गापाका राकुला खोलाको संरक्षण र बहुप्रयोगका लागि व्यवस्थापन संयन्त्र सहित खोलाहरुको संरक्षण हुने छ ।
- वेसीं स्तरीय जल/जैविक विविधताबारे अनुसन्धान, पहिरो/नदी काटान र अन्य सम्भाव्य जोखिम क्षेत्रहरुको मूल्याङ्कन र परम्परागत अभ्यासको डाटाबेसको संग्रह, पूनर्प्रयोग र प्रसारको व्यवस्थापन हुने छ ।
- यारी, घारी, गहते र कुभिण्डे खोलामा बेंसी स्तरीय दिगो व्यवस्थापनबाट पानीको उपलब्धता जलप्रवाहमा बृद्धि भई सिंचाइ, जलविद्युत र खानेपानीको सुविधामा र जलप्रकोपको जोखिमको न्यूनीकरण हुने छ । यसै शिलशिलामा पाँच वर्षमा ५० वटा पोखरीका निर्माण हुने छ र सबै कुवा, ढुङ्गेधारा र पोखरीको संरक्षण भइ भूमिको आर्द्रता बढी वातावरण संक्षणमा सहयोग पुग्ने छ र वेंसीमा हरियाली बढ्ने छ ।
- स्थानीय वासिन्दा र जलउपभोक्ता समूहहरुको क्षमता अभिबृद्धि हुनेछ ।

***अनुमानित लागत***

यस उपक्षेत्रका कार्यक्रमहरुको कार्यन्वयनमा ५ वर्षको अवधिमा अनुमानित कुल बजेटको २.६४% अर्थात नेरु. २४७, ८४०,००० लाग्नेछ ।

जलस्रोत विकास उपक्षेत्रका रणनीति तथा कार्यक्रमहरु तलका तालिकामा राखिएका छन् ।

***जलस्रोत उपक्षेत्रका रणनीति तथा कार्यक्रमहरू***

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| 5 | **जलस्रोत** | | | |
| 5.1 | राष्ट्रिय र राज्य नीति र अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरुप जलस्रोतको बहुउद्देश्यीय प्रयोजन तथा दिगो संरक्षणको लागि नीति र कानुनी संयन्त्र लागु गर्ने । | राष्ट्रिय र राज्य नीति र अन्तराष्ट्रिय प्रतिबद्धता अनुरुप जलस्रोतको बहुउद्देश्यीय प्रयोजन र दिगो संरक्षणको लागि नीति र कानुनी संयन्त्रको कार्यन्वयन । | कार्यान्वयन * पटक | १५० |
| | | जलवायु र प्रकोपलाई ध्यानमा राखी जलस्रोतको बहुउद्देश्यीय उपयोग र दिगोपनका लागि *'स्थानीय कार्यक्रम र कार्यहरूको ढाँचा'* को तयारी र कार्यान्वयन । | कार्यक्रम र कार्यहरू | १ |
| | | नदी जन्य स्रोत (बालुवा, ढुङ्गा, गेग्रान, माछा) को निकासाका लागि नियामक संयन्त्र आई.ई.ई र ई.आई.ए को कार्यन्वयन । | संवेदीकरण | ५ |
| 5.2 | दुइ वा सो भन्दा बढी सरकारी इकाईका सीमामा पर्ने जलस्रोतबाट दिगो र आपसी लाभको सुनिश्चितता गर्ने । | सीमाका जलस्रोत व्यवस्थापनको लागि राज्य र केन्द्रमा अन्तर सरकारी निकार्यहरूसँग समन्वय । | समन्वय | १० |
| | | कटारी नगरपालिकाका सोरुङ्ग र लिबुङ्चुङ्ग गापाका राकुला खोलाहरुको लागि सम्वन्धित निकायहरु विच संझौता तथा संयुक्त कार्ययोजना । | संझौता र संयुक्त कार्ययोजना | २ |
| | | सोरुङ्ग र लिबुङ्चुङ्गका राकुला खोलाहरुको संयुक्त कार्य योजनाको कार्यान्वयनका लागि लगानी । | संयुक्त कार्ययोजना | २ |
| 5.3 | विश्वविद्यालय र अन्य सरोकारवालाहरुको सहकार्यमा जलस्रोतको दिगो संरक्षण र बहुउद्देश्यीय उपयोगका लागि ज्ञान र प्रविधिको विस्तार गर्ने । | वेसीं स्तरीय जल र जैविक विविधताबरे अनुसंधान गर्न अनुसंधान अनुदानका लागि विश्वविद्यालयसँग सम्झौता (अनुसंधान र विकास) । | तयारी | ५ |
| | | जलस्रोतहरुको सूची, स्रोतको परम्परागत व्यवस्थापन तथा अभ्यास र इ. बारे अभिलेख राख्न सहकार्यका लागि साझेदारहरु पहिचान र मिलान कोष । | कोष/पटक | ५ |
| | | जलस्रोत र संसाधनको डाटाबेसको अभिलेख र यसको प्रसार (तथ्याङ्क प्रणाली) | तयारी | १ |
| 5.4 | संरचनागत र गैर संरचनात्मक प्रविधि र कार्यक्रमबाट पानीको मात्राको पुनर्स्थापना, मौसम परिवर्त्तन र विपद् जस्ता विषयलाई ध्यानमा राख्दै यारी खोलाको जलाधारक्षेत्रको प्रभावकारी व्यवस्थापन गर्ने । | चिसापानी, कुभिण्डे, गहते र घारी खोला, र अरु साना खोलाहरुको माइक्रो बेसीं स्तरमा अभिमूखीकरण कार्यक्रममार्फत जल उपभोक्ता समूहहरूको तयार । | जल समूहहरू | १० |
| | | एकीकृत जलस्रोत व्यवस्थापनका लागि *'जल व्यवस्थापन योजना'* बनाउन जल उपभोक्ता समूहहरुलाई तालिम (मानव संसाधन विकास) । | तालिम/योजना | १० |
| | | समुदायिक र राष्ट्रिय दुवै वनक्षेत्रमा साधरण संरक्षण पोखरीहरुको सञ्जाल निर्माण, र यारी खोलाको माइक्रो बेसींका हरेक पोखरी वरीपरी वृक्षारोपण । | पोखरीहरु | ७५ |
| | | पहिलेका प्रत्येक वार्डका समुदायिक र सार्वजनिक भूमिमा १० वटा वर्षाका पानी अड्ने साना पोखरीहरुको निर्माण । | वर्षे पोखरी | ५० |
| | | यारी, घारी, कुभिण्डे, चिसापानी र गहते खोलाहरुको किनारामा स-साना पानी जम्ने कक्षहरुको निर्माण र हरेक कक्षको वरीपरी वृक्षारोपण । | जल कक्षहरु | ३१ |
| | | यारी खोलामा निर्माण गरिएका साना कक्षमा जलिय पारिस्थितिक प्रणलीमा क्षति नहुने व्यवसायिक माछा पालनको सुरुवात । | माछा पालन २ ठाउँमा | २ |
| | | प्रतेक खोलाधारका माइक्रो बेसीं र गल्लीमा पानी अड्याउन बाँसका चेक बाँधहरूको निर्माण, र बाँध वरीपरी वृक्षारोपण । | बाँसका बाँधहरु | ४३० |
| | | वृक्षारोपण र सरसफाईका गतिविधिहरू गरी कुवा र जरुवापानीका स्थलहरुको पुनर्स्थापना, र त्यस्ता संरचनाको मर्मत संभार । | पानीका कुवा र जरुवा | ३० |
| | | जलस्रोतका माइक्रो बेसीं व्यवस्थापनमा उत्कृष्ट काम गर्ने जल उपभोक्ता समूहहरूलाई पुरष्कार र प्रोत्साहन । | पुरष्कार * वर्ष | ५ |
| 5.6 | पहिरो र नदी काटानको जोखिमबाट सूरक्षित राख्न ताप्लीका सबै वडामा भू-संरक्षण कार्यक्रम गर्ने । | पहिरो र नदी काटान र अन्य सम्भाव्य जोखिम क्षेत्रहरुको मूल्याङ्कन *(अनुसंधान र विकास र वातावरण, जलवायु परिबर्त्तन र प्रकोप न्यूनिकरण)* । | तयारी | १ |
| | | ताप्ली गापाका ईनामे, ठूलो थुम्की र अन्य स्थानहरुका पहिरोको स्थिरीकरणका लागि जैविक इंजीनियरिंग, र त्यस्ता संरचनाहरुको मर्मत-संभार । | विस्तृत परियोजना रिपोर्ट/कार्यान्वयन | २ |
| | | घारी, कुभिण्डे, गहते र यारी खोलाहरुका नदी किनार स्थिरीकरणका लागि बायोइन्जिनियरिंग, र त्यस्ता संरचनाहरूको मर्मत-संभार । | बायोइन्जिनियरिंग स्थलहरु | ४ |

### *वन तथा जैविक विविधता*

नेपालको दिगो विकासको लागि वन-जङ्गल र जैविक विविधताको समुचित व्यवस्थापन हुनु आवश्यक छ। हाल नेपालको कुल भू-भागको ४४.७४% भाग वन क्षेत्रको महत्वपूर्ण प्राकृतिक सम्पदा हो। वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता र जलाधार व्यवस्थापनलाई समेट्ने यो क्षेत्र प्रत्यक्ष रूपमा पर्यापर्यटन, जलविद्युत, कृषि, पशुपालन, स्वच्छ पर्यावरण र वन तथा जडिबुटिमा आधारित उद्योगसँग गाँसिएको छ। वनबाट प्राप्त हुने काठ, दाउरा, जडिबुटी, हरित उद्यम र पर्यटनको विस्तार समृद्धिका आधार हुन् भने स्वच्छ पर्यावरण, हरियाली, जैविक विविधता, प्राकृतिक रमणीयिता, समुन्नत जलाधार, प्राकृतिक स्रोत व्यवस्थापनमा महिला, आदिवासी तथा स्थानीय समुदायको सहभागिता एवम् पहुँच र लाभको निष्पक्ष र न्यायोचित वितरण सुखि नेपालीका महत्वपूर्ण सूचक हुन्। यी स्रोतको अध्ययन, अनुसन्धान, अभिलेखीकरण तथा दर्ता र गुण पहिचान गर्दै मूल्य अभिवृद्धि गरी तुलनात्मक लाभ लिन सक्नु स्थानीय निकायहरुका लागि एक अवसर हो।

जैविक विविधताको दृष्टिले नेपाल सम्पन्न मुलुक हो। यहाँ ११८ प्रकारका पारिस्थितिक प्रणाली,७५ प्रकारका वनस्पतिका वर्ग। ३५ प्रकारका वन, १२,४८० वनस्पति प्रजाति, ११, ८६१ प्राणी प्रजाति पहिचान भएका छन् जसमद्धे ६० (०.४८ %) वनस्पतिका प्रजातिहरू र ९५ (०.८१ %) प्राणीका प्रजातिहरू सङ्कटापन्न अवस्थामा छन्। २० वटा संरक्षित क्षेत्र (वन क्षेत्रको कुल २३.३%), १० वटा अन्तराष्ट्रिय महत्वका सिमसार क्षेत्र, ११ वटा वनस्पति उद्यान, २२,६०० वटा सामुदायिक वन (वन क्षेत्रको कुल ३९%) र १० हजार भन्दा बढीको सङ्ख्यामा रहेका अन्य समुदायमा आधारित निजी/पारिवारिक वन र कृषि वनहरुमा जैविक विविधताको संरक्षण भइरहेको छ। नेपालका वन, जलाधार र जैविक विविधतामा गरिएका सबै प्रकारका कार्यक्रमहरु र गतिविधिहरुलाई राष्ट्रिय वन नीति (२०७५) र नेपाल जैवविविधता रणनीति र कार्य योजना (२०१४-२०२०) ले प्रभावित तथा निर्देशित गर्दछ र यी सबै कार्यले दिगो विकासको लक्ष्य १, २, ३, ६, १३ र १५ मा योगदान पुऱ्याउँदछ। वन/जैविक विविधताको यो अवस्थालाई नेपालले सन् २०३० सम्म कुल भूभागको २३.३ % भाग संरक्षित क्षेत्रको रूपमा कायम गर्ने, समुदायद्वारा व्यवस्थित वनलाई हालको ३९% बाट बढाएर ४२% सम्म पुऱ्याउने, वन क्षयीकरलाई रोक्ने तथा प्रतिवर्ष ५,००० हेक्टर अतिरिक्त वृक्षारोपण गर्ने जस्ता लक्ष्य लिएको छ।

माथिको परिदृष्यमा ताप्लीमा गापामा क्षेत्रफलको हिसाबले ४७.९८% क्षेत्रफलमा वन छ जो वनको राष्ट्रिय औसत ४४.७४% क्षेत्रफल भन्दा बढी छ यद्यपि वनको औसत वनछत ४३.१% मात्र छ जसले वनको हैसियत नराम्रो भएको जनाउँद छ। वितेको २ दशकमा गापाको वन क्षेत्र ५३.९८% बाट ४७.९८% मा झरेको छ तर बुटचान क्षेत्र बढेको छ। वन क्षेत्रमा खुल्ला चरिचरन, जथाभावि काठ् काटने, रुख ढाल्ने, वन्यजन्तुका अवैध शिकार र वन क्षेत्रबाट सडकको सञ्जाल निर्माण जस्ता कार्यहरु प्रशस्त छन्। सामुदायिक वनहरु गठन भएका छन् तर यिनीहरुको व्यवस्थापन पक्ष कमजोर छ। केही सा.व.बाट खोटो सङ्कलन गर्ने कार्यहरू भएका छन् तर यसले गापाको आर्थिक पक्षमा योगदान पुऱ्याएको छैन। मानव-वन्यजन्तुको द्वन्द्व र पानीको घट्दो उपलब्धता वन विशेष अन्य चुनौतीहरु हुन्। यस परिवेशमा गापाले वनको सूक्ष्म अध्ययन, अभिलेखीकरण र वनको हैसियतमा सुधार गरी वन्यजन्तुका उद्यान र मनोरञ्जनस्थलको व्यवस्थाको सम्भावनालाई विकास मूलाधारमा समेट्न आवश्यक छ। उल्लेखित राष्ट्रिय लक्ष्य र गापाको आवश्यकतालाई मनन गरी यस उपक्षेत्रको कार्यक्रमहरु तर्जुमा गरिएको छ।

#### ***वन/जैविक विविधता उपक्षेत्रगत सोच***

वन र जैविक विविधताको दिगो व्यवस्थापनबाट ताप्ली गापाको समाजिक तथा वातावरणीय समृद्धिमा योगदान।

#### ***उपक्षेत्रगत लक्ष्य***

वन, जैविक विविधता तथा वातावरणको दिगो र सहभागितामूलक व्यवस्थापनबाट वातावरणीय सन्तुलन र दिगो विकास कायम राख्दै वनजन्य उद्यम तथा पर्यटनको विकास र वन्यजन्य वस्तु तथा सेवाको उतपादन, मूल्य अभिवृद्धि र वितरण गरी गापाको अर्थतन्त्रमा वृद्धि गर्ने।

#### ***उद्धेश्यहरू***

- प्रभावकारी अन्तर-सरकारी समन्वय र नीतिगत संसाधन र उपयुक्त संयन्त्र (Enabling mechanism) को सुनिश्चितता गर्ने।
- स्थानीय ज्ञान, सीप र अभ्यास सहितको वन र जैविक विविधताको वैज्ञानिक व्यवस्थापनका लागि समुदाय र उनीहरूको संस्थाको ज्ञान क्षमता बढाउने।

- राष्ट्रिय, सामुदायिक र निजी वनको हैसियत र वन्यजन्तुको वासस्थानको स्थितिमा सुधार गर्ने ।
- वन र मानव बस्तीको अन्तर-क्षेत्रमा (Interface) हुने मानव-वन्यजन्तु विचको द्वन्द (Human-wildlife conflict) कमी गर्न दिगो संयन्त्रको विकास गर्ने ।
- सडक, भवन, प्रसारण लाईन जस्ता पूर्वाधार निर्माणहरुको कारणले वनमा हुने क्षतिलाई कम गर्न उपयुक्त उपायहरू अपनाउने ।
- वातावरणीय पर्यटन र मनोरन्जनका मान्यता र मूल्यसँग सरोकार भएका वन, जैविक विविधता र वन्यजन्तुहरुको भू-परिधि स्तरमा (Landscape level) संरक्षण व्यवस्थापन प्रदर्शन गर्ने र न्यायोचित तवरणले नाफा वितरण गर्ने ।
- वन तथा जैविक विविधता स्रोतको अध्ययन, अनुसन्धान, अभिलेखीकरण तथा दर्ता र गुण पहिचान गर्ने ।

***अपेक्षित उपलब्धि***

- वन/जैविक विविधतामा सम्बद्ध बिभिन्न निकायहरु बीच समन्वय तथा यसको वितरणबारे संयन्त्र सहितको *'स्थानीय जैविक विविधता रणनीति र कार्य योजना'* तयार र कार्यान्वयन हुने ।
- वन/जैविक विविधता स्रोतहरुको अध्ययन, अनुसन्धान, अभिलेखीकरण तथा दर्ता र गुण पहिचान, जैव-संभाव्यता (Bio-prospecting), स्थानीय ज्ञान, सीप र अभ्यासहरु, स्थानीय संस्कृति, प्रणाली र समुदायको सम्पत्ती-अधिकार को पंजीकरण सहितको डाटावेसको संग्रह, पूनर्प्राप्ती र प्रचार/प्रसारको व्यवस्था हुने ।
- उपभोक्ता समूहबाट संञ्चालित ५ वटा डाले र अन्य घाँसहरू सहितको बहुउद्देश्य नर्सरीहरू दिगोरुपमा सञ्चालन हुनेछन् । *'वार्षिक १० वोट वृक्षारोपण'* गर्ने प्रवृतिबाट २० हेक्टर अतिरिक्त वन विकास हुने छ । वन्यजन्तु सहितको समुदायिक वन/जैव विविधताको वैज्ञानिक व्यवस्थापनको लागि १०० जना सा.व.उ.स.हरुको क्षमता वृद्धि हुने छ, । वनको पुनरुञ्जीवन प्रक्रिया र पशु व्यवसाय एकीकृत गरी ८५० हेक्टर वनको हैसियतमा सुधार हुने छ । ५०० हेक्टरमा जल संरक्षण मैत्री च्यूरी, काठका प्रजातिहरू र बाँसहरु र थप ५०० हेक्टर निजी धूर/ढिस्का र खुल्ला स्थानमा डाले र भूई घाँसहरू रापिने ।
- *'अवैध शिकार/स्रोत निकासी विरुद्ध वन समूह'* मा २५ जना युवाहरुको क्षमता अभिवृद्धि गरी वन्यजन्तुको अवैध शिकार नियन्त्रण गरिने छ । वन्यजन्तु व्यवस्थापनका लागि मोबाइल अनुप्रयोगहरू र कार्यविधि निर्देशिका सहितको *'वन्यजन्तु राहत कोष'* र द्वन्द-बीमाको दिगो अभ्यास हुने छ ।
- लैङ्गिक समानता, मौसम परिवर्तन/विपद्, जैविक विविधता/वन्यजन्तु, सिमसार र जल संरक्षणलाई सबै सावउसको कार्ययोजनामा समावेश गरी थप १२ नयाँ सा.व.को गठन र हस्तान्तरण हुने ।
- ताप्ली डाँडामा भू-परिधि स्तरीय वन र जैविक विविधताको संरक्षणको लागि मनोरन्जनका सेवा लगायत उपयुक्त सुविधाहरू सहितको पार्क सञ्चालन हुने ।

***अनुमानित लागत***

यस उपक्षेत्रका कार्यक्रमहरुको कार्यन्वयनमा ५ वर्षको अवधिमा अनुमानित कुल बजेटको १३.३२% अर्थात नेरु. १,२५१,३९७,००० लाग्नेछ ।

वन तथा जैविक विविधता विकास उपक्षेत्रका रणनीति तथा कार्यक्रमहरु तलका तालिकामा राखिएका छन् ।

***वन/जैविक विविधताका रणनीति तथा कार्यक्रमहरू***

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| 6 | **वन र जैविक विविधता** | | | |
| 6.1 | गापामा वन क्षेत्रको दिगो व्यवस्थापनका लागि प्रभावकारी अन्तर-सरकारी समन्वय र नीतिगत संसाधनमार्फत् उपयुक्त संयन्त्रको सुनिश्चितता गर्ने । | वनको दिगो व्यवस्थापनलाई पारिस्थितिक प्रणाली र मानव स्वास्थ्यको अभिन्नरूपमा क्रियशिल हुन बिभिन्न तहका निकायहरु बीच समन्वय । | समन्वय | १० |
| | | जैविक विविधताको संरक्षणबाट हुने लाभ र यसको वितरणबारे संयन्त्र (ABS mechanism) सहितको *'स्थानीय जैविक विविधता रणनीति र कार्य योजना'* तयार र कार्यान्वयन । | स्थानीय जैविक विविधता रणनीति र कार्य योजना | १ |
| | | *'वार्षिक १० वोट वृक्षारोपण'* र वन सबैको आर्थिक समुन्नतिको पाटो भएको कुरालाई अभ्यस्त पार्न ताप्ली गापाका क्षेत्रगत कार्यालयहरु विच वन व्यवस्थापनलाई एकीकृत गर्ने संयन्त्रको विकास । | निर्देशिका | १ |
| | | वन व्यवस्थापनको लागि एक स्वतन्त्र अनुगमन र मूल्याङ्कन संयन्त्र । | अनुगमन र मूल्याङ्कन | ५० |
| 6.2 | गापामा वनको उत्पादकत्व बढाउन स्थानीय ज्ञान, सीप र अभ्यास सहितको वन र जैविक विविधताको वैज्ञानिक व्यवस्थापनका लागि समुदाय र उनीहरूको संस्थाको ज्ञान क्षमता बढाउने । | इन्टर्नशिप र अनुसन्धानमार्फत् वन र वन्यजन्तुहरूको वैज्ञानिक व्यवस्थापनका लागि विश्वविद्यालयसँग समझौता (अनुसंधान र विकास) । | तयारी | १० |
| | | REDD⁺⁺को महत्व र वन्यस्रोतको (जैविक विविधता र वन्यजन्तु) परिमाण सहितको पार्श्वचित्र तयार *(अनुसंधान र विकास)* । | तयारी | १ |
| | | जैव-संभाव्यता (Bio-prospecting) र स्थानीय ज्ञान, सीप र अभ्यासहरु, स्थानीय संस्कृति, प्रणाली र समुदायको सम्पत्ती-अधिकारको पंजीकरण (अनुसंधान र विकास) । | जैविक स्रोत र स्थानीय सम्पतिहरुको पंजीकरण | १ |
| | | गापाका राष्ट्रिय वन गर्न वैज्ञानिक वन व्यवस्थापन विधिलाई जिल्ला वन कार्यालयको कार्यक्रमसँग समावेश गर्ने । | राष्ट्रिय वन | ५ |
| | | वन्यजन्तु सहितको समुदायिक वन र जैव विविधताको वैज्ञानिक व्यवस्थापनको लागि सावउसहरुलाई प्रशिक्षण दिन सरोकारवालासँग सहकार्य (मानव संसाधन विकास) । | प्रशिक्षण/१०० व्यक्ति | १० |
| | | स्थानीय ज्ञान, सीप र अभ्यासहरू सहितको जैविक स्रोतहरुको आधार-तथ्याङ्कको दस्तावेज निर्माण र वनको दिगो व्यवस्थापनको लागि यसको प्रसार (तथ्याङ्क प्रणाली) । | आधार-तथ्याङ्क | १ |
| 6.3 | चरिचरन नियन्त्रण, गोठे घाँस/चारा ख्वाउने, र खुल्ला विग्रेका वनमा डाले घाँस र बाँस रोपी राष्ट्रिय, सामुदायिक र निजी वनको हैसियत र वन्यजन्तुको वासस्थानको स्थितिमा सुधार (सन् २०२४ सम्म वनछत ३०% हुने) गर्ने । | ताप्ली गापामा वनको पुनरुञ्जीवन (Regeneration), चरन नियन्त्रण र वन्यजन्तुहरूको अवैध शिकार रोक्न सर्वसहमतिका लागि गोष्ठी । | गोष्ठी | ५ |
| | | ताप्ली गापामा वन्यजन्तुको अवैध शिकार, छाडा वस्तु चरिचरन र अवैध रूख काट्ने जस्ता गतिविधि रोक्न जनचेतना कार्यक्रम (मानव संसाधन विकास) । | घटना | ३६ |
| | | योजना र प्रोत्साहन सहितको *'अवैध शिकार/स्रोत निकासी विरुद्ध वन समूह'* को गठन र गस्ती । | समूह * वर्ष | ५५ |
| | | सावउस लाई सिल्विकल्चर र व्यवस्थापन प्रशिक्षण, र समाग्री सहयोग *(मानव संसाधन विकास)* । | प्रशिक्षण/समाग्री | ५ |
| | | वनको पुनरुञ्जीवन प्रक्रिया र पशु व्यवसाय एकीकृत गरी वनको हैसियतमा सुधार गर्न सावउसलाई सहयोग । | पुनरुञ्जीवन/हेक्टर | ८५० |
| | | अवैध वन फडानी रोक्न र वनको सुरक्षाको लागि कानुनी प्रावधानको कार्यान्वयन । | पुनरुञ्जीवन/हेक्टर | ८५० |
| | | उपभोक्ता समूहबाट संञ्चालित डाले र अन्य घाँसहरू सहितको बहुउद्देश्य नर्सरीहरू | नर्सरी | ५ |

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| | | व्यवस्थित गर्न समूहलाई एक पटक सहयोग । | | |
| | | जल संरक्षण मैत्री च्यूरी जस्ता वृक्षका प्रजातिहरू कम उचाईमा, काठका प्रजातिहरू उच्च भेगमा र बाँसहरु गल्लीहरुमा रोप्ने कार्यक्रम । | वृक्षरोपण/हेक्टर | ५०० |
| | | निजी जग्गाका धूर र ढिस्का र खुल्ला स्थानमा डाले घाँसहरू र भूई घाँस रोप्न घरधुरी/व्यक्तिलाई सहयोग । | वृक्षरोपण/हेक्टर | ५०० |
| | | लैङ्गिक समानता, जलवायु परिवर्तन र विपद् व्यवस्थापनका साथसाथै जैविक विविधता, वन्यजन्तु, सिमसार र पानीको संरक्षण विषयलाई सावउसको कार्य योजनामा समावेश गरी अध्यावधिक गर्न सहयोग । | कार्य योजना | १० |
| | | लैङ्गिक समानता, जलवायु परिवर्तन र प्रकोप व्यवस्थापनका साथसाथै जैविक विविधता, वन्यजन्तु, सिमसार र पानीको संरक्षण विषयलाई समेटी नयाँ सावउसको गठन र वन हस्तान्तरण । | सामदायिक वन हस्तान्तरण | १२ |
| 6.4 | गापाका वन र मानव बस्तीको अन्तर-क्षेत्रमा (Interface) हुने मानव-वन्यजन्तु विचको द्वन्द (Human-wildlife conflict) कमी गर्न एक दिगो संयन्त्रको विकास गर्ने । | वन्यजन्तुको संरक्षण मूल्य र महत्वको लागि समुदायहरुलाई सचेतनामूलक कार्यक्रम । | सचेतनामूलक कार्यक्रम | १० |
| | | वन्यजन्तु व्यवस्थापन, वन्यजन्तुबाट हुने पिडा र संरक्षण उपायहरूको बारेमा मोबाइल अनुप्रयोगहरू (Mobile Apps) र एफएम रेडियोबाट सूचना, समाचार तथा सन्दर्भ समाग्री प्रसारण । | प्रसारण * महिना | ६० |
| | | गापामा मानव-वन्यजन्तु द्वन्दलाई सम्बोधन गर्न कार्यविधि निर्देशिका सहितको *'वन्यजन्तु राहत कोष'* को निर्माण र द्वन्द-बीमा संयन्त्रको दिगो अभ्यास । | राहत कोष * वर्ष, निर्देशिका | ५ |
| | | उपयुक्त संस्थागत संयन्त्र (जस्तै सहकारी संस्था) मार्फत *'वन्यजन्तु राहत कोष'* प्रति समुदायहरूको पहुँच पुऱ्याउन संस्थागत संयन्त्रको व्यवस्था गर्न समुदायलाई सहयोग । | घटना * पटक | २०० |
| | | वन्यजन्तु सहितको जैविक विविधता तथा वनको वैज्ञानिक व्यवस्थापनमा युवाको बढ्दो भूमिकाको लागि २५ जना युवालाई प्रशिक्षण *(मानव संसाधन विकास र युवा विकास)* । | तयारी | २५ |
| 6.5 | गापामा सडक, भवन, प्रसारण लाईन जस्ता पूर्वाधार निर्माणहरुको कारणले वनमा हुने क्षतिलाई कम गर्न उपयुक्त उपायहरू अपनाउने । | आई.ई.ई. र ई.आई.ए. का प्रतिवेदनका सुझाव र प्रावधानहरुको पूर्ण र प्रभावकारी कार्यान्वयन । | अनुगमन र मूल्यांकन | २५ |
| | | सबै वार्डको निर्माण स्थलहरुमा माटोको स्थिरीकरण गर्न घाँस तथा विरुवाहरुको रोपण । | विरुवा रोपण * वर्ष | ५ |
| | | उच्च संरक्षण महत्वका रूख र अन्य प्रजातिहरूको बोटलाई वैकल्पिक सूरक्षित स्थानहरूमा स्थानान्तरण । | मोटामोटी | ५ |
| 6.6 | गापामा वातावरणीय पर्यटन र मनोरन्जनका मान्यता र मूल्यसँग सरोकार राख्ने वन, जैविक विविधता र वन्यजन्तुहरुको भू-परिधि स्तरमा (Landscape level) संरक्षण व्यवस्थापन प्रदर्शन गर्ने । | गापामा वन र वन्यजन्तुको वासस्थानको भू-परिधि स्तरीय संरक्षणका लागि राज्य र छिमेकी सरकारी निकायहरूसँग समन्वय र सेयर कोषको व्यवस्था । | बैठक | १० |
| | | भू-परिधि स्तरीय वन र जैविक विविधताको संरक्षण र वातावरणीय पर्यटनका लागि ओख्ले र लेखगाँउको महाभारत पर्वत श्रृंखलामा पर्ने संगमस्थलको सम्भाव्यता अध्ययन *(अनुसंधान र विकास)* । | तयारी | १ |
| | | भू-परिधि स्तरीय वन र जैविक विविधताको संरक्षणको लागि मनोरन्जनका सेवा लगायत उपयुक्त सुविधाहरू सहितको विस्तृत परियोजना प्रतिवेदन तयार र सो को कार्यान्वयन । | विस्तृत परियोजना रिपोर्ट * कार्यान्वयन वर्ष | ५ |




*चित्र १६: गापामा वृक्षारोपण र पोखरी संरक्षण गर्नका लागि रणनीतिक स्थलहरु ।*

### *खनिज सम्पदा*

खनिज सम्पदा राष्ट्रिय विकासको मूल आधारका साथै अर्थिक समृद्धि र औद्योगिक विकासको पूर्वाधार पनि हो । खनिज कार्उमा वातावरणीय सन्तुलन कायम राख्दै यसको व्यवस्थित र दीर्घकालीन उपयोगले नै आर्थिक तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि औद्योगिक उत्पादन र उत्पादकत्वमा सकरात्मक परिवर्त्तनका साथै राष्ट्रिय आयमा वृद्धि हुने निश्चितछ । नेपालमा खानी तथा भूगर्म विभागले कानूनी प्रावधान र संस्थागत व्यवस्थाका आधारमा खनिज नियमन तथा प्रशासन र खनिज अन्वेषण तथा भूवैज्ञानिक सर्वेक्षण जस्ता कार्यहरु गर्दै आएको छ । हालसम्मको अन्वेशषणबाट करिब ६० वटा विभिन्न किसिमका खनिज पदार्थ नेपालमा रहेको देखिन्छ । नेपालको संविधानले प्राकतिक साधन स्रोतको संरक्षण। सम्वर्द्धन र उपयोग सम्वन्धी नीतिमा *'राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्रकृतिक स्रोत साधनको संरक्षण, सम्वर्द्धन र वातावरण अनुकूल दिगोरुपमा उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिंदै प्राप्त प्रतिफलहरुको न्यायोचित वितरण गर्ने'* भन्ने व्यवहोरा उल्लेख छ ।

नेपालमा खनिज सम्पदाकाृ यथेष्ट विकासमा नहनुमा सान्दर्भिक नीति, ऐन, नियम तयारनहुनु, यथेष्ट लगानीनहुनु र निजी क्षेत्रलाई यसको विकासमा आकर्षण गर्न नसक्नुका साथै दक्ष जनशक्तिको अभाव र नयाँ प्रविधिको समुचित उपयोग नहुनु हो । नेपालको भौगोलिक अवस्थिति, भौगर्भिक संरचना र भू-धरातलिय वनौट आफैमा सरल छैन र यी स्वरुपसँग जुध्न सक्ने खनिज पहँच मार्ग र विजुली जस्ता पूर्वाधारहरु र अन्य उपयुक्त साधन र स्रोतको पनि अभाव छ । तथापि खनिज लगायतका प्राकृतिक स्रोत प्रयोग गर्ने माति उल्लेखित संविधान प्रदत भावनालाई प्रभावकारी रुपमा कार्यन्वयवन गर्न नेपाल सरकारले राष्ट्रि खनिज नीति (२०७४) ल्याएको छ । यस नीतिले मुलुकमा उपलब्ध खनिज स्रोतको संरक्षण, सम्वर्द्धन र उपयोग एबम् दिगो विकास गर्दै राष्ट्रको आर्थिक समुन्नतिमा योगदान पुऱ्याउने, खनिज कार्यलाई सरल, प्रभावकारी र परिणममूखी बनाउन आवश्यक कानून निर्माण एबम् संघीय ढाँचा अनुरुप संस्थागत संरचना निर्माण गर्ने र खनिज सम्पदाको उपयोग। विकास एबम् नवीनतम प्रविधिको प्रयोग र प्रवर्द्धनका लागि प्रतिस्पर्धाको आधारमा नीजी क्षेत्रलाई आकर्षित गर्ने जस्ता उद्धेश्य लिएको छ ।

माथि उल्लेखित परिदृष्यमा ताप्ली गापामा खानी र खनिजहरूको दिगो उत्खननले गापाको र राष्ट्रको आर्थिक समृद्धिको अवसर प्रदान गर्दछ । ताप्ली गापाको इनामेमा परम्परागत रुपमा तामाको खानी प्रयोगमा रहेको पुष्टी हुन्छ । ठानागाउँ र जतनपुरमा चुनढुङ्गा र पाइराइटको प्रशस्त भण्डार रहेको पाइएको छ । यद्यपि यी खनिजहरूको व्यावसायिक उत्खननका लागि सम्भाव्यताको आङ्कलन गर्न सूक्ष्म तथा गहन अध्ययनको आवश्यकता पर्दछ । यसका साथै यारी, सोरुङ्ग खोला र सुनकोशी नदीको किनारमा वालुवाको (Sandmine) को ठूलो भण्डार पनि छ । यी स्रोतहरूको दिगो उत्खनन, उपयोग र लाभहरुको समन्यायिक बाँडफाँड गर्नु जस्ता कार्य गापाका भोलीका गम्भिर चुनौती हुन् ।

माथि उल्लेखित राष्ट्रिय चाहनन र गापाको आवश्यकतालाई मनन गरी यस उपक्षेत्रको निम्न सोंच, लक्ष्य, उद्धेश्य र कार्यक्रमहरु तर्जुमा गरिएको छ :

#### ***खनिज सम्पदा उपक्षेत्रगत सोच***

खानी र खनिजको संरक्षण र सम्वर्द्धनबाट गाउँपालिकाको समृद्धिमा योगदान ।

#### ***उपक्षेत्रगत लक्ष्य***

नीजि स्रोत आकर्षण तथा नयाँ प्रविधिको प्रयोग गरी गापाका खनिजको अध्ययन आुसन्धान गर्ने र वातावरण अनुकूलनारुप, उत्खनन गर्ने र यसबाट हुने लाभको समन्यायोचित रुपमा वितरण गरी ताप्ली गापाको समाजिक तथा वातावरणीय समृद्धिमा सहयोग पुऱ्याउने ।

#### ***उद्धेश्यहरू***

- प्राकृतिक स्रोतहरुको दिगो उत्खननको लागि अवसरहरूको खोजी र अन्वेषण गर्ने ।
- ताप्ली गापामा खनिज उत्खननका लागि सर्वेक्षण गर्ने ।
- प्रभावकारी नियमक र अनुगमन संयन्त्रको साथसाथै बालुवा उत्खनन गर्न ई.आई.ए.गर्ने र अनुगमन गर्ने ।

***अपेक्षित उपलब्धि***

- यारी, शोरुङ्ग, घारी, गहते खोलाहरु र सुनकोसी नदीको किनाराबाट अनुगमन सहित वालुवाको खानी सञ्चालन भइ गापाको राजस्वमा वृद्धि हुने छ ।
- टाउकेको डाँडामा चुनखानीका लागि गुणात्मक तथा मात्रात्मक वैज्ञानिक अनुसन्धान गरिने छ ।
- चुनखानीको लागि सरकार र नीजि संस्थाहरुसँग अवसरका लागि समन्वय हुने छ ।

***अनुमानित लागत***

यस उपक्षेत्रका कार्यक्रमहरुको कार्यन्वयनमा ५ वर्षको अवधिमा अनुमानित कुल बजेटको ०.०४% अर्थात नेरु. ४,१५०,000 लाग्नेछ ।

खनिज सम्पदा विकास उपक्षेत्रका रणनीति तथा कार्यक्रमहरु तलका तालिकामा राखिएका छन् ।

***खनिज सम्पदा उपक्षेत्रका रणनीति तथा कार्यक्रमहरू***

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| 1 | **खनिज स्रोत** | | | |
| 1.1 | प्राकृतिक स्रोतहरुको दिगो उत्खननको लागि अवसरहरूको खोजी र अन्वेषण गर्ने । | ताप्ली गापामा खनिज उत्खननका लागि सर्वेक्षण *(अनुसंधान र विकास)* । | तयारी | १ |
| | | प्रभावकारी नियमक र अनुगमन संयन्त्रको साथसाथै बालुवा उत्खनन गर्न ई.आई.ए. । | वर्ष | २ |

### ५.५.२ बाणिज्य, आपूर्ति तथा पर्यटन विकास एकीकृत योजना

#### *उद्योग विकास उपक्षेत्र*

औद्योगिकीकरणले मुलुकको आर्थिक समुन्नतिमा सहयोग पुऱ्याउँदछ। नेपालको संविधानले अर्थतन्त्रको विकासको लागि उद्योगधन्दा र स्रोत साधनको संरक्षण र प्रवर्द्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने र राष्ट्रिय हित अनुकूल आयात व्यवस्थापन र नियति प्रवर्द्धनका क्षेत्रमा वैदेशिक पुँजी तथा प्रविधिको लगानीलाई आकर्षित गर्दै औद्योगिक पूर्वाधार विकासमा प्रोत्साहन र परिचालन गर्ने जस्तो विकासको बाटो पहिल्याएको छ। औद्योगिक क्षेत्रमा गरिने सबै किसिमका गतिविधिलाई राष्ट्रिय औद्योगिक नीती (२०६७) ले प्रभावित पार्दछ जसको उद्धेश्य १) गुणस्तरीय तथा प्रतिस्पर्धात्मक औद्योगिक उत्पादन एवम् उत्पादकत्व अभिवृद्धिबाट राष्ट्रिय आय र रोजगारीमा बढोत्तरीसहित औद्योगिक वस्तुको निर्यात बढाउनु, २) स्थानीय स्रोत, कच्चा पदार्थ, सीप र साधनको परिचालन गरी सन्तुलित राष्ट्रिय तथा क्षेत्रीय विकासमा उद्योग क्षेत्रको योगदान बढाउनु, ३) नविनतम प्रविधि एवम् वातावरणमैत्री उत्पादन प्रक्रियालाई प्रयोग गरी उद्योग व्यवसायलाई दिगो एवम् भरपर्दो क्षेत्रको रूपमा स्थापित गर्नु, ४) औद्योगिक विकासका लागि आवश्यक उत्पादनशील जनशक्ति तथा व्यवस्थापकीय क्षमताको विकास गर्दै सवल लगानीको आधार खडा गरी नेपाललाई दक्षिण एशिया क्षेत्र तथा विश्वकै आकर्षक लगानीस्थलको रूपमा स्थापित गर्नु, र ५) औद्योगिक बौद्धिक सम्पत्ति अधिकारको संरक्षण गर्नु रहेको छ। हालसम्म कुल गार्हस्थ उत्पादनमा द्वितीय क्षेत्रको योगदान १४.१८% र उत्पादन मूलक क्षेत्रको योगदान ५.४% छ र स्थापित ११ औद्योगिक क्षेत्रमद्धे हाल १० वटा सञ्चालनमा छन्। यसले कुल राष्ट्रिय रोजगारीमा ८.१% ले योगदान पुऱ्याएको छ।

नीतिगत तथा कानूनी प्रावधानका बाबजुत नेपालमा औद्योगिक विकासले फड्को मार्न सकेको छैन। उद्योगका लागि औद्योगिक असुरक्षा, असहज श्रम सम्बन्ध, उर्जाको न्यून उपलब्धता, कमजोर पूर्वाधार सुविधा, दक्ष जनशक्तिको अभाव, प्रविधि ग्रहण गर्ने क्षमताको कमी, न्यून उत्पादकत्व, निर्यातयोग्य वस्तुहरूको विविधीकरणमा कमी, कमजोर आपूर्ति व्यवस्थापनको स्थिति जस्ता मुख्य समस्या छन्। नेपाली श्रम विदेशी बजारमा होमीनु,, व्यवस्थापनदेखि मजदुर तहसम्म दक्ष जनशक्तिको अभाव र भएका स्रोतहरू उपयोगविहीन अवस्थामा रहनुले पनि उद्योग क्षेत्रमा लगानी बढ्न नसकेको हो। स्वदेशमै लगानी गर्ने, पूंजीगत/बौद्धिक सम्पत्तिको अधिकतम उपयोग उत्पादन क्षेत्रमा गर्ने र मुलुकमै स्वरोजगारको अवसर बढाउने तथा विश्वासिलो औद्योगिक वातावरण सिर्जना गर्ने अहिलेको आवश्यकता हुन्। यसका अतिरिक्त नेपालको भौगोलिक अवस्थिति, भू-धरातलीय वनौट, विश्वभर वढ्दो तीव्र प्रतिस्पर्धात्मक वातावरण, आर्थिक उदारीकरण, विश्वव्यापीकरणको प्रभाव, सूचना तथा संचार प्रविधिको वढ्दो एवं वदलिँदो भूमिका, वातावरणीय चुनौती जस्ता विषयलाई मध्यनजर गर्दै औद्योगिक र व्यापारिक प्रक्रियाहरू सरल, सहज र पारदर्शी वनाई उद्योगको भूमिका वृद्धि गर्नु आजको आवश्यकता रहेको छ।

माथि उल्लेखित परिवेशमा ताप्ली गापाले कृषि/पशुजन्य उद्योगमा युवा तथा स्वदेशी लगानीकर्ताको भूमिका बढाई ग्रामीण अर्थतन्त्रलाई मजबुत बनाउँदै देशको दिगो विकासमा सहयोग पुऱ्याउने सम्भावनाहरु रहेको छ। यहाँ तुलनात्मक लाभ र भूगोलको सकरात्मक वातावरण छ। गापामा कृषि आधारित केही उद्यमहरू बढिरहेका छन्। तराईका प्रमुख बजारहरूमा निकटता, राष्ट्रिय प्रसारण लाइनसँगको जडानमा सुधार, यातायात, र संचारका माध्यमहरुको पहुँच जस्ता कुराहरुले कृषि, प्राकृतिक संसाधनमा आधारित उद्योगहरूको थालनीको हुनुका साथै चुनढुङ्गाको उद्योगका लागि उपयुक्त अवसर पनि छ।

गापाका सवल पक्ष र स्थानीय सरकारको उद्योग विकासमा अघि बढने प्रवला चाहनालाई मध्यनजर गरी निम्न सोंच, लक्ष्य र उद्धेश्य सहितको कार्यक्रमहरु तर्जुमा गरिएको छ :

**उद्योग उपक्षेत्रगत सोच**

ताप्ली गापाको समाजिक तथा वातावरणीय समृद्धिका लागि दिगो प्राकृतिक स्रोतमा आधारित औद्योगिक विकास।

**उपक्षेत्रगत लक्ष्य**

स्वदेशी लगानी र युवाशक्ति परिचालन गरी लघु उद्योग मार्फत गापामा राजस्व र रोजगारीको सृर्जना गर्ने।

**उद्धेश्यहरू**

- रोजगार केन्द्रित प्राकृतिक संसाधनमा आधारित लघु उद्यम, कुटीर र साना उद्योग स्थापनाका नीति तथा कानुन बनाउने।

- लघु उद्यम, कुटीर र साना उद्योगहरूको दिगो र प्रभावकारीरुपमा सञ्चालन गर्न क्षमता अभिवृद्धि, कर्जाका लागि वित्तीय संस्थामा पहुँच र सहयोगका लागि संयन्त्र बनाउने ।
- उच्च तुलनात्मक लाभ र उच्च मूल्यका खनिजहरुको उद्योग गर्न उपयुक्त वातावरण तयार पार्ने र उद्यम तथा उद्योगहरु सञ्चालन गर्ने ।
- पशुजन्य स्रोतमा आधारित उद्यमलाई कृषिवनसँग एकीकृत गरी प्रवर्द्धन गर्ने ।
- वन संसाधनमा आधारित उद्यम र हरित उद्यमका लागि वित्तीय व्यवस्थाको गर्ने ।
- स्वदेशी लगानी बढाई रोजगारीको अवसर प्रदान गर्ने ।

***अपेक्षित उपलब्धि***

- *'संयुक्त सञ्चालन निर्देशिका'* सहितको *'नीति र कार्यक्रमको ढाँचा'* को कार्यन्वयन हुने छ ।
- एकीकृत पशुजन्य तथा प्राकृतिक स्रोतमा आधारित उद्यमहरू तथा उद्योगको लागि सम्भाव्यता अध्ययन र *'उद्यम विकास योजना'*, गैरकाष्ठ उद्योगका लागि *'हरित उद्यम व्यवसायिक योजना'*, बोटलिंग पानी र आलु चिप्सको व्यवसायका लागि *'उद्यम विकास योजना'* तयार तथा पंजीकरण र यी सबै क्षेत्रका उद्यमीको क्षमाता अभिवृद्धि हुने छ र ठानागाउँमा चूनढुंगा कारखानाका लागि अनुसंन्धान र विस्तृत परियोजना प्रतिवेदन तयार हुने छ । हरेक घरधुरीको उद्योगमा सेयर लगानी हने । भूमिहिन घरधुरी र युवाहरुलाई उद्यम र उद्योगमा राजगारीको अवसर प्राप्त हुने ।
- प्रति वर्ष २,००० वटा बाखा पालन, ५०० वटा सुँगुर पालन, पशुपंक्षीको चारा उद्योग, आलुको चिप्स उद्योग र पानी उद्योग संञ्चालन हुने छ ।
- स्विच एशिया, विश्व बैंक समूह र $B_4G$ आदि जस्ता संस्थाहरुको सहयोग लिन प्रस्तावमा आधारित हरित उद्यम संञ्चालन गर्न निजी संस्थाहरुसँगको सहकार्य गरिने छ ।

***अनुमानित लागत***

यस उपक्षेत्रका कार्यक्रमहरुको कार्यन्वयनमा ५ वर्षको अवधिमा अनुमानित कुल बजेटको २.४९% अर्थात नेरु. २३४,२८५,००० लाग्नेछ ।

उद्योग विकास उपक्षेत्रका रणनीति तथा कार्यक्रमहरु तलका तालिकामा राखिएका छन् ।

***उद्योग उपक्षेत्रका रणनीति तथा कार्यक्रमहरू***

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| 8 | **उद्योग** | | | |
| 8.1 | गापामा हरित आयको लागि (Green income) रोजगार केन्द्रित प्राकृतिक संसाधनमा आधारित लघु उद्यम, कुटीर र साना उद्योग स्थापना गर्न राज्य सरकारसँग संयुक्त कार्यको शुरुवात गर्ने । | लघु उद्यम, कुटीर र साना उद्योग स्थापनाका लागि राज्यमा विषयगत मन्त्रालय र विभागहरूसँग समन्वय । | समन्वय बैठक | १५ |
| | | गापामा उद्योग, वाणिज्य, आपूर्ति र पर्यटनको लागि सबै कानुनी संयन्त्रहरुसँग तालमेल गरी गापाको *'नीति र कार्यक्रमको ढाँचा'* को तर्जुमा । | कार्यक्रमको फ्रेमवर्क | १ |
| | | लघु उद्यम, कुटीर र साना उद्योगहरूको स्थापनाका लागि *'संयुक्त सञ्चालन निर्देशिका'* को विकास । | निर्देशिका | १ |
| 8.2 | स्रोत सम्पन्न र ठूला किसानहरूको पशुजन्य स्रोतमा आधारित उद्यमशीलतालाई कृषिवनसँग एकीकृत गरी ताप्ली गापामा प्रवर्द्धन गर्ने । | एकीकृत पशुजन्य स्रोतमा आधारित उद्यमहरू (बाख्रा र सँगुर) र पशुको चाराको लागि कारखाना स्थापना गर्न सम्भाव्यता अध्ययन *(अनुसंधान र विकास)* । | अध्ययन | १ |
| | | बाख्रा र सँगुरको उद्यम-व्यवसय गर्न *'उद्यम विकास योजना'* को तयारी र व्यवसायको पञ्जीकरण तथा दर्ता । | योजना | ३ |
| | | स्थानीय घरधुरीहरुलाई लाभको सुनिश्चितता गरी बाख्रा र सँगुरको उद्यम-व्यवसाय संचालन गर्न लगानी सम्मेलन । | सम्मेलन घटना | १ |
| | | बाख्रा र सँगुरको उद्यम-व्यवसायका लागि प्रशिक्षण र अध्ययन भ्रमण, र पुनर्ताजकिए कार्यक्रम *(मानव संसाधन र विकास, र युवा विकास)* । | तयारी | ७० |
| | | बाख्रा र सँगुरको उद्यम-व्यवसायका लागि प्रशिक्षण र अध्ययन भ्रमण, र पुनर्ताजकिए कार्यक्रम *(मानव संसाधन र विकास)* । | घटना | ५ |
| 8.3 | वन संसाधन आधारित उद्यम विकासबाट हरित-वित्तिय व्यवस्थाको प्रवर्द्धन तथा र हरित उद्यमका उद्यमीहरूको लागि वित्तीय संस्थाहरुसँगको पहुँच सुनिश्चित गर्ने । | दिगो काष्ठ बाली (Timber harvest) र काठ कारखानाको स्थापनाको लागि सम्भाव्यता अध्ययन *(अनुसन्धान र विकास)* । | तयारी | १ |
| | | दुई प्रमुख व्यावसायोग्य गैरकाष्ठ प्रजातिहरूको *'हरित उद्यम व्यवसायिक योजना'* तयार र दर्ता तथा प्रमाणीकरण । | व्यवसायिक योजना | २ |
| | | गैरकाष्ठ प्रजातिहरूमा आधारित *'हरित उद्यम व्यवसायिक योजना'* को कार्यान्वयन । | उद्यम | २ |
| | | ग्रीन क्लाइमेट कोषबाट कार्बन क्रेडिट र कोष प्राप्त गर्न वन तथा वातावरण मन्त्रालयको समर्थन र सहयोग लिन लबी । | प्रस्तावना पत्र | १ |
| | | स्विच एशिया, विश्व बैंक समूह र $B_4G$ आदि जस्ता संस्थाहरुको सहयोग लिन प्रस्तावमा आधारित हरित उद्यम संञ्चालन गर्न निजी संस्थाहरुसँगको सहकार्य । | प्रस्तावना पत्र | २ |
| 8.4 | गापामा साना उद्योग स्थापनाको लागि वित्तीय संस्थाहरुसँग उद्यमीहरुको पहुँच सुनिश्चित गर्न उपयुक्त वातावरण तयार पार्ने । | ताप्ली गापामा बोतलमा पेय पानी र आलु चिप्सको कारखाना स्थापना गरी निर्यात गर्न सम्भाव्यता अध्ययन *(अनुसंधान र विकास)* । | तयारी | १ |
| | | स्थानीय घरधुरीहरुलाई लाभको सुनिश्चितता हुनेगरी बोटलिंग पानी र आलु चिप्सको व्यवसायिक योजना तयार र लगानी सम्मेलन । | लगानी सम्मेलन घटना | १ |
| | | बोटलिंग पानी र आलु चिप्सको व्यवसायका लागि *'उद्यम विकास योजना'* तयार । | उद्यम विकास योजना | २ |
| 8.5 | गापाको समृद्धिका लागि उच्च तुलनात्मक लाभ तथा उच्च मूल्यका खनिजहरुको उद्योग गर्न उपयुक्त वातावरण तयार पार्ने । | खनिजजन्य उद्योग स्थापनाको लागि राज्यका सम्वन्धित मन्त्रालयहरू र विभागहरूसँग समन्वय । | समन्वय | १० |

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| | | ठानागाउँका स्थानबाट चुनढुंगाको गुणस्तर र खानीयोग्य मात्राकाबारेमा सम्भाव्यता अध्ययन र इजाजतपत्र प्रक्रिया प्रक्रिया *(अनुसंधान र विकास)*। | तयारी | १ |
| | | ठानागाउँ चूनढुंगा कारखाना स्थापनाका लागि विस्तृत परियोजना प्रतिवेदन तयार र इजाजतपत्र प्रक्रिया। | विस्तृत परियोजना प्रतिवेदन | १ |
| | | स्थानीय समुदायहरु/घरधुरीहरुलाई शेयर सहितको दीर्घकालीन लाभ हुनेगरी चूनढुंगा उद्योगमा लगानी गर्न लगानी सम्मेलन। | लगानी सम्मेलन घटना | १ |
| 8.6 | गापामा लघु उद्यम, कुटीर र साना उद्योगहरूको दिगो र प्रभावकारीरुपमा सञ्चालन गर्न क्षमता अभिवृद्धि, ऋणका लागि वित्तीय संस्थामा पहुँच र अन्य सहयोग गर्न एक संयन्त्रको विकास गर्ने। | उद्यम, कुटीर र उद्योग संचालकाहहरूको लागि सहुलियत दरमा ऋण लिन बैंक र स्थानीय सहकारीहरूसँग समन्वय। | समन्वय वैठक | १० |
| | | कृषिवन र प्राङ्गारिक मलको उत्पादन सँगै एकीकृत गरी प्रति वर्ष २००० वटा बाखा पालन गर्न ससर्त आर्थिक सहयोग। | बाखा फार्म | ३ |
| | | कृषिवनसँग एकीकृत गरी प्रति वर्ष ५०० वटा सुँगुर पालन गर्न ससर्त आर्थिक सहयोग। | सुँगुर फार्म | ५ |
| | | कृषिजन्य स्रोत तथा यसका अवशेष सामग्रीहरूबाट पशु विकासका लागि चारा उद्योग संञ्चालन गर्न ससर्त आर्थिक सहयोग। | चारा उद्योग | १ |
| | | पेय पानी उद्योगमा (Bootling water industry) भूमिहीन नागरिक र युवालाई रोजगारीको सुनिश्चितता गर्दै पानी उद्योगमा सरकारको ससर्त शेयर लगानी। | पेय पानी उद्योग | २ |
| | | चुनढुंगा उद्योगमा भूमिहीन नागरिक र युवालाई रोजगारीको सुनिश्चितता गर्दै चुनढुंगा उद्योगमा सरकारको ससर्त शेयर लगानी। | शेयर लगानी | १ |
| | | आलुको चिप्स उद्योग र यसका उत्पादनहरुमा भूमिहीन नागरिक र युवालाई रोजगारीको सुनिश्चितता गर्दै आलुको चिप्स उद्योगमा सरकारको ससर्त शेयर लगानी। | शेयर लगानी | १ |




*चित्र १५: गापाका भूगोलमा उच्च तुलनात्मक लाभ हुनसक्ने खसी-बाख्रा, सँगुर, कुखुरा र मिश्रित पशुधन व्यवसायका लागि उतम रणनीतिक स्थलहरु ।*




*चित्र १९: गापाका भूगोलमा उच्च तुलनात्मक लाभ हुनसक्ने नगदेबाली कृषि व्यवसायका लागि उतम तथा रणनीतिक स्थलहरु ।*




चित्र २०: गापाका भूगोलमा उच्च तुलनात्मक लाभ हुनसक्ने तरकारीको व्यवसायिक खेती हासब्ने लागि उतम तथा रणनीतिक स्थलहरु

### *बाणिज्य विकास उपक्षेत्र*

कुनै पनि क्षेत्रको विकासको लागि बाणिज्य विकासको महत्वपूर्ण योगदान हुन्छ । यस अर्थमा विश्वव्यापीकरण तथा यातायात र संचारको संजालले एकीकृत तथा आत्मनिर्भर विद्यमान विश्व अर्थतन्त्रमा व्यापार र वाणिज्य क्षेत्रले तीव्र आर्थिक वृद्धि र विकासमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । उत्पादनका साधनको रूपमा विश्वबजारमा उपलब्ध सीप, पुँजि र प्रविधिको उपयोग गरी प्रतिस्पर्धी र तुलनात्मक लाभ भएका वस्तुको उत्पादन, आन्तरिक उपभोग तथा विश्वबजारमा प्रवेश गराउन सकेमा बढ्दो व्यापार घटा न्यून गर्दै सबल राष्ट्रिय अर्थतन्त्र निर्माण गनि सकिन्छ । यो यथार्थलाई ताप्ली गापाले नेपाल भित्रको बाणिज्य अवस्थामा आफ्नो तुलनात्मक स्थान खोज्नु पर्दछ । ताप्ली गापाले आफ्नो बाणिज्य व्यवस्था सबल बनाउन आन्तरिक पूवाधारको विकास र व्यापार तथा लगानीको वातावरण एवम् बाह्य रूपमा व्यापारिक साझेदारसँग द्विपक्षीय, क्षेत्रीय तथा वहुपक्षीय व्यापार सम्झौताको कार्यन्वयन गर्नु आवश्यक छ ।

नेपालको संविधानले राष्ट्रिय हित अनुकूल नियति प्रवर्द्धन तथा आयात व्यवस्थापनका क्षेत्रमा पुँजी तथा प्रविधिको लगानीलाई आर्कति गर्ने नीति लिनुका साथै आन्तकि व्यापारमा कुनै प्रकारको अवरोध गर्न नपाईने कुराको प्रत्याभूति गरेको छ । यसका साथै बाणिज्य क्षेत्रको विकास तथा विस्तार र निर्यात प्रवर्द्धनका लागि वाणिज्य नीति तथा नेपाल व्यापार एकीकृत रणनीति ( २०७३) जस्ता क्षेत्रगत नीति र रणनीति मुलुकले अवलम्बन गरेको छ । यिनै संयन्त्र नै ताप्ली गापाले आफ्नो क्षेत्रको बाणिज्य विकासको व्यवस्थापन गर्ने आधार हुन् ।

हालको अवस्थामा ताप्ली गापासँग आयत निर्यातका वस्तुहरुको कुनै लेखा छैन यद्यपि खसी बोका, बंङ्गुर, घिउ, अलैची, तेजपात, आलु, कालोचना, मास, भटमास, अदुवा, अलैंची आदि जस्ता कृषि तथा पशुजन्य घरेलु उत्पादनहरुको परम्परागत बेचविखनको प्रथा कायम छन् । अलैची, आलु र तेजपात जस्ता अधिकांश स्थानीय निर्यातयोग्य उत्पादनहरु प्रशोधन नभइ र करको दायरा बिना नै कच्चा समाग्रीको रुपमा ठूलो आयातनमा बिक्रि तथा निर्यात हुन्छ । यी उत्पादनले गापाको राजस्व आयमा कुनै योगदान पुऱ्याएको देखिन्न । गापाले आफ्नो भूगोललाई उत्पादनका दृष्टिले फलफूल, नगदेबाली र अन्नबाली उत्पादन गर्ने क्षेत्र निर्धारण त गरेकोछ तर यी प्राथमिकताका फसलहरुको निर्यातयोग्य आयतनमा उत्पादन तथा निर्यात भएको लेखा छैन । यस अर्थमा, ताप्ली गापमा बजारको प्रकृति तथा आचरणको विकास र प्रार्दूभाव हुन बाँकि छ । गापाले बाणिज्य विकास र प्रवर्द्धनको योजना सहितको उपयुक्त वातावरण तयार गर्दै उत्पादकत्व र प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी व्यापार क्षेत्रमा संरचनागत परिवर्त्तन गर्नु, निर्यात प्रवर्द्धनको शुरुवात गर्नु र आयातलाई सन्तुलित गर्दै वस्तुगत व्यपार विविधीकरण तथा वस्तुको प्रमाणिकरण, लेवलिङ्ग, ब्राण्डिङ्ग गरी गुणस्तरीय उत्पादन र यी उत्पादनबाट नेपालको वा नेपाल बाहिरको बजारमा खपत बढाउने कार्यक्रमलाई क्रमशः बढाउदै जानु आवश्यक छ ।

माथि उल्लेखित महत्वका विषयवस्तुलाई मध्यनजर गरी ताप्ली गापाको बाणिज्य विकास गर्नका निमित्त निम्न सोंच, लक्ष्य र उद्धेश्य सहितको कार्यक्रमहरु तर्जुमा गरिएको छ :

#### ***बाणिज्य उपक्षेत्रगत सोच***

गापाको आर्थिक समृद्धिका लागि स्थानीय वस्तुहरुको व्यवसायिकरण निर्यात प्रवर्द्धन ।

#### ***उपक्षेत्रगत लक्ष्य***

स्थानीय वस्तुहरुको व्यवसायिक बृद्धिबात ग्रामीण अर्थव्यवस्थामा मजबुत बनाई नेपालको वाणिज्य विकासमा योगदानको पुऱ्याउने ।

***उद्धेश्यहरू***

- उच्च भूगोल र तुलनात्मक लाभका वस्तुहरूको अन्वेषण, उत्पादन र निर्यातका लागि नीति नियम बनाउने । वातावरण तयार पार्ने ।
- कृषकहरुको उत्पादन र निर्यातकासङ्कलन तथा आपूर्ति गर्न सहकारी संस्थाहरूसँग सहकार्य गर्ने ।
- संस्था र व्यक्तिगत फर्महरुलाई प्राकृतिक स्रोत र कृषिजन्य वस्तुहरूको उत्पादन र निर्यातको गर्न वित्तय व्यवस्था सुनिश्चित गर्ने ।
- खाद्यान्न तथा आधारभूत उपभोगका वस्तुहरुको गुणत्मक उत्पादन तथा तुलनात्मक लाभका निर्यातजन्य वस्तु तथा सेवाको उत्पादन वृद्धि गर्नु ।
- प्राकृतिक स्रोत र कृषिजन्य वस्तुहरूको भण्डारण क्षमता, पारवाहन टचाङ्क जस्ता प्रभावकारी पूर्वाधारहरुको विकास गर्ने ।

***अपेक्षित उपलब्धि***

- स्थानीय वस्तुहरुको निर्यातयोग्य उत्पादन र उत्पानदहरुको बजारीकरणका लागि उपयुक्त वातावरण सृजना हुने ।
- उच्च तुलनात्मक लाभको वस्तुहरुको व्यवसायिक निर्यात प्रवर्द्धन गर्न वाणिज्य सम्मेलन हुने ।
- कृषि विकास उपक्षेत्रसँग आवद्ध गरी खाद्यान्न, तरकारी तथा उपभोगका स्थानीय उत्पादनमा वृद्धि हुने र यस्ता उपभोग्य वस्तरहरुको आयतमा कमी हुने ।
- सहकारीसँगको सहकार्यमा ५ वटा उत्पादन र निर्यातका वस्तुहरुको सङ्कलन तथा आपूर्ति केन्द्रहरुको दिगोरुपमा संञ्चालन हुने ।
- सबै निर्यातयोग्य व्यवसायको बिमा व्यवस्था लागु गरी व्यवसाय सुरक्षित गरिने ।
- सुविधा सहितका ३ वटा दुग्ध सङ्कलन डिपो र दूध भण्डारण केन्द्रहरु सञ्चालनमा आउने ।

***अनुमानित लागत***

यस उपक्षेत्रका कार्यक्रमहरुको कार्यन्वयनमा ५ वर्षको अवधिमा अनुमानित कुल बजेटको १.९६% अर्थात नेरु. १८४, ३२५,००० लाग्नेछ ।

बाणिज्य विकास उपक्षेत्रका रणनीति तथा कार्यक्रमहरु तलका तालिकामा राखिएका छन् ।

***वाणिज्य उपक्षेत्रका रणनीति तथा कार्यक्रमहरू***

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| 9 | **वाणिज्य** | | | |
| 9.1 | गापामा उच्च भूगोल र तुलनात्मक लाभका वस्तुहरूको अन्वेषण, उत्पादन र निर्यातका लागि उपयुक्त वातावरण तयार पार्ने । | कृषि र उद्योगबाट उत्पादित निर्यातयोग्य वस्तुहरूको प्रवर्द्धनका लागि राज्य र केन्द्र सरकारसँग नियमित समन्वय गर्ने संयन्त्र विकास । | समन्वय | १५ |
| | | उच्च तुलनात्मक लाभको वस्तुहरुको व्यवसायिक निर्यातको लागि इच्छुक संस्था र व्यक्तिहरुलाई आमन्त्रण र वाणिज्य सम्मेलन । | वाणिज्य सम्मेलन | २ |
| 9.2 | संस्था र व्यक्तिगत फर्महरुलाई गापामा प्राकृतिक स्रोत र कृषिजन्य वस्तुहरूको उत्पादन र निर्यातको लागि बैंङ्क क्रेडिट र वित्तीय स्रोतहरूसँगको पहुँचको सुनिश्चितता गर्ने । | कृषकहरुको उत्पादन र निर्यातका वस्तुहरुको लागि सङ्कलन तथा आपूर्ति केन्द्रहरु सञ्चालनका कार्यविधि निर्देशिका तयार पार्न सहकारी संस्थाहरूसँग समन्वय । | सहकारी, कार्यविधि निर्देशिका | ५ |
| | | सहकारीको योजनाहरूको स्विकृति र साझेदार सहकारी संस्थालाई सुरक्षा, बैंक क्रेडिट र अन्य सुरक्षा सहयोग प्रदान । | योजना/ऋण | ५ |
| | | सबै योजनाहरूको बैंक बीमा | विमा * वर्ष | २५ |
| 9.3 | गापाबाट प्राकृतिक स्रोत र कृषिजन्य वस्तुहरूको गुणात्मक उत्पादन र निर्यात गर्न भण्डारण क्षमता, पारवाहन टयाङ्क (Movable tank) इ. जस्ता प्रभावकारी पूर्वाधारहरुको विकास गर्ने । | सङ्कलन र चिस्यान केन्द्रहरू र निर्यातजन्य वस्तुहरूको व्यवसायिक योजनाहरूको लागि सम्भाव्यता अध्ययन *(अनुसंधान र विकास)*। | तयारी | १ |
| | | गापाका प्रत्येक वार्डमा सहकारीद्वारा संञ्चालित निर्यातजन्य उत्पादनहरूको सङ्कलन केन्द्रको स्थापना । | सङ्कलन केन्द्र | ५ |
| | | ३ वटा दुग्ध सङ्कलन डिपो र दूध भण्डारण केन्द्र । | डिपो र भण्डारण केन्द्र | ४ |
| | | दुधको पारवाहनको लागि टयाङ्कर सहयोग । | टयाङ्कर | २ |

## *आपूर्ति उपक्षेत्र*

मुलुकभर नागरिकको दैनिक जिवनयापनमा अत्यावश्यक वस्त तथा सेवाको सहज र निर्बाध आपूर्ति सुनिश्चित गर्नु राज्यको प्रमुख दायित्व हो । नेपालको संविधानले उपभोक्तको हकको सुनिश्चितता गर्न प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु र सेवा प्राप्त गर्ने हक र गुणस्तरहीन सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हकको व्यवस्था गरेको छ । साथै, कालोबजारी, एकाधिकार, कृतिम अभाव सृजना, प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको पूर्ण अन्त्य गर्दै अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हकहित संरक्षण गर्ने राज्यको नीति रहेको छ । यसका लागि उपभोक्ता संरक्षण ऐन लगायतका कानुनी व्यवस्था पनि गरिएको छ । आपूर्ति व्यवस्थाको सवल प्रवन्धले दिगो विकासको लक्ष्य १२ (दिगो उपभोग र उत्पादन ढाँचाहरू सुनिश्चित गर्ने) लाई पूरा गर्न योगदान पुऱ्याउँछ ।

ताप्ली गापामा औपचारिक आपूर्तिको कुनै स्पष्ट व्यवस्था छैन यद्यपि रुपाटार, कुमालेबजार, कटहरे, ठानागाउँ, इनामे जोरढुङ्गामा, नारीमला र केही स्थानमा केही पसलहरु र सेवाकेन्द्रहरु सञ्चालनमा छन् तथापि यी सबै पसल र सेवाकेन्द्रहरुको आपूर्ति व्यक्तिगत प्रयासबाट नजिकैको विशेषगरी उदयपुर जिल्लाको कटारीबाट हुनेगर्दछ । लगभग ३०० को हाराहारीमा रहेका यी असङ्गठीत व्यापारिक पसलहरुको संस्थागत तथा कानूनन् व्यवस्थापनले भविष्यमा ताप्लीको बजारीकरणमा उल्लेख्य योगदान पुग्नेछ तथापि हालसम्म यिनीहरुको व्यवस्थापन अनौपचारिकतामा मात्र सिमित छ र यसको बजार अनुगमनको ठोस तथा प्रभाकारी व्यवस्था छैन । आपूर्तिको व्यवस्थापनको दृष्टिले यिनीहरुको पंजीकरण, प्रमाणीकरण, आधुनिक बजार व्यवस्थापन,  र सेवा विस्तारका लागि पुँजीको वृद्धि र अन्य विषयमा क्षमता विकास गर्नु आवश्यक छ । यसैगरी गापाका सबै वडामा गरी १०० वटा भन्दा बढी मोटरसाइकल र जीपका साधनहरु सञ्चालनमा छन् र यी सबैलाई चाहिने इन्धन पेट्रोलियमको आपूर्ति र मर्मतका लागि गापामा कुनै स्थायी व्यवस्था छैन ।

गापामा मोबाइल, तार जडित टेलीफोन, टेलिभिजन जस्ता संचारको दिनानुदिन विस्तार भइरहेको छ । गाडि र संचारका साधनहरुको मर्मत्-सम्भारका लागि सबैले कटारी जानुपर्ने अनिवार्य खर्चालु वाध्यता छ र गापाको ठूलो कोष यसमा खर्चिन्छ । यस परिवेशमा भर्खरै बढ्दै गइरहेको ससाना बजारहरुलाई औपचारिकरुपमा विकास गर्नु, नियमित र प्रभावकारी रुपमा बजारको अनुगमन गरी व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित सरक्षण गर्नु, भोली हुनसक्ने कृतिम अभावको संभावनालाई अहिलेदेखि नै व्यवस्थित गर्दै लैजानु, चुहावट, ठगी, हालको खुल्ला मूल्य व्यवस्था र हुनसक्ने अस्वभाविक मूल्य अभिवृद्धि, कार्टेलिङ्ग र सिण्डिकेट अन्त्य गरी प्रतिस्पर्धा कायम गर्नु, खाद्य वस्तु, औषधि तथा स्वस्थ्य उपकरण, रू, निर्माण सामग्री, कृषि सामग्री, पेट्रोलियम पदार्थको सहज आपूर्ति तथा खाद्य सुरक्षाको प्रत्याभूति बनाइराख्नु गापाको अहिलेको आवश्यकता हो । गापाले यसकार्यका लागि सबै वडाका युवालाई र सहकारीहरुलाई खाद्यान्नको व्यवसायिक उत्पादनमा वृद्धि गर्न, अत्यन्त महत्वका औषधि, कृषि/पशु विकासका उपकरण तथा समाग्रीका आपूर्ति गर्न, अन्य सानाठूला व्यवसाय गर्न र बृहतररुपमा आपूर्तिका आवश्यकताकावारे जनचेतना जगाउन पचिालन गर्नु पर्दछ ।

माथिका आपूर्तिका आवश्यकतालाई मध्यनजरमा राख्दै ताप्लीको गापाको आपूर्ति व्यवस्थाको विकास गर्न निम्न सोंच, लक्ष्य र उद्धेश्य सहितको योजना तर्जुमा गरिएको छ :

### *आपूर्ति उपक्षेत्रगत सोच*

ताप्ली गापामा प्रभावकारी तथा स्वचालित आपूर्ति प्रणाली र उपभोक्ताको हकहित संरक्षणको विकास ।

### *उपक्षेत्रगत लक्ष्य*

गुणस्तरीय वस्तु र सेवाको सहज, सर्वसुलभ र नियमित आपूर्ति व्यवस्था गरी उपभोक्ताको हित संरक्षण तथा आपूर्ति प्रणलीमा नागरिकको पहुँच सहज बनाउने ।

### *उद्धेश्यहरू*

- स्थानीय उत्पादनको आपूर्ति बढाउन र बाहय उपभोग्य समाग्रीको आपूर्ति घटाउन, र मालको कृत्रिम अभाव कार्टलिङ्गको अन्त्य गर्न उपयुक्त वातावरण बनाउने ।
- चरम गरिबी, जेष्ठ नागरिक, एकल महिला र अन्य नागरिक घरधुरीका लागि खाद्य र आधारभूत सामग्रीको आपूर्ति गर्न स्थायी संयन्त्र स्थापना गर्ने ।

- खाद्य सुरक्षा र पोषणको लागि तरकारी/पशु उत्पादनको आपूर्ति बढाउने, र उत्पादनको बचतबाट थप आम्दानी बढाउने ।
- तरकारी/पशु उत्पादनको आपूर्ति बढाउन र थप आम्दानीको लागि अतिरिक्त आपूर्ति बढाउन क्षमता अभिवृद्धि गर्ने
- संवेदनशील वस्तुहरूको आपूर्तिको लागि डिपो स्थापना गर्ने ।
- बजार प्रणालीलाई स्वच्छ, प्रतिस्पर्धी, उपभोक्ताप्रति जिम्मेवार बनाउने ।

***अपेक्षित उपलब्धि***

- एक प्रभावकारी बजार नियमन र अनुगमन संयन्त्र स्थापना हुने छ ।
- उपभोक्ताहरूलाई आपूर्ति श्रङ्खला र सेवाहरूको लागि सहकारी माफत् १० वटा आपूर्ति केन्द्र सञ्चालन हुने ।
- बजार तथा घरका हरेक पसलमा मूल्य नियमन सूची सहित बिक्रि समाग्रीका रसीद दिने व्यवस्था हुने ।
- २० वटा निजी कम्पनी र फर्महरुले आपूर्ति र सेवा प्रदान गर्ने छन् र गरीब घरधुरी/असूरक्षित १७०० सदस्यका लागि वस्तु र सेवाको सहज आपूर्तिका लागि पहिचान प्रमाणीकरण पत्र र सहुलियत कार्ड प्रदान गरिने ।
- डाले घाँस खेती र प्रभावकारी जैविक मल व्यवस्थापनसँग एकीकृत गरी १,००० घरधुरीलाई बाखा पालन, २५० घरधुरीलाई बङ्गुर पालन, १५ घरधुरीलाई कुखुरा पालन, ४० घरधुरीलाई टनेल प्रविधिमा आधारित तरकारी व्यवसायिक खेती गर्न क्षमता वृद्धि हुने र वस्तुहरुको उत्पादन, आपूर्ति र निकासीमा वृद्धि हुने ।
- वर्षाको पानी सङ्कलन प्रविधिलाई एकीकृत गर्न १० घरधुरी/किसानहरूको क्षमता विकास हुने ।
- निजी स्तरमा ३ वटा पेट्रोलियम/डिजेल/मट्टीतेलको डिपो सञ्चालन हुन ।
- औषधिको आपूर्ति सहज र गुणस्तरीय सेवा दिन १० वटा पसलहरु सञ्चालनमा आउने ।
- आम उपभोक्ताले उचित मूल्यमा गुणस्तरीय वस्तु र सेवाको अवस्था सृजना भएको अनुभव गर्ने ।।

***अनुमानित लागत***

यस उपक्षेत्रका कार्यक्रमहरुको कार्यन्वयनमा ५ वर्षको अवधिमा अनुमानित कुल बजेटको १.०५% अर्थात नेरु. ९८,२७०,००० लाग्नेछ ।

आपूर्ति व्यवस्था उपक्षेत्रका रणनीति तथा कार्यक्रमहरु तलका तालिकामा राखिएका छन् ।

### *आपूर्ति उपक्षेत्रका रणनीति तथा कार्यक्रमहरू*

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| 10 | **आपूर्ति** | | | |
| 10.1 | गापामा स्थानीय उत्पादनको आपूर्ति बढाउन र बाहय उपभोग्य समाग्रीको आपूर्ति घटाउन, र मालको कृत्रिम अभाव कार्टलिङ्गको अन्त्य गर्न उपयुक्त वातावरण सिर्जना गर्ने। | कृषि उत्पादन बढाउने तर आयात घटाउने वाणिज्य र व्यापारका लागि राज्य र केन्द्र सरकारहरुसँग समन्वय। | समन्वय | १० |
| | | उपभोक्ताहरूलाई राम्रो आपूर्ति श्रृङ्खला र सेवाहरूको लागि सहकारीलाई सुविधा सहयोग। | आपूर्ति केन्दहरु | १० |
| | | सबै बजार र घरमा संञ्चालित पसलहरूमा मूल्य नियमन व्यवस्थाको प्रवर्तन। | अनुगमन/पटक | १२०० |
| | | पसलहरुमा समाग्रीहरुको मूल्य सूची राख्ने र बिक्रि समाग्रीका रसीद दिने व्यवस्था। | मोटामोटी * वर्ष | ५ |
| | | सहकारीहरूको आपूर्ति योजनाहरूको स्वीकृति र योजना सञ्चालनका लागि वित्तीय क्रेडिट सुनिश्चित गर्न सहयोग। | योजना | १५ |
| | | आपूर्ति व्यवसाय सञ्चालनका लागि निजी कम्पनीहरु र फर्महरुलाई सहयोग। | फर्म | २० |
| 10.2 | कानूनी प्रावधान अनुसार चरम गरिबी, जेष्ठ नागरिक, एकल महिला र अन्य नागरिक घरधुरीका लागि खाद्य र आधारभूत सामग्रीको आपूर्ति गर्न एक स्थायी संयन्त्र स्थापना गर्ने *(खाद्य सुरक्षा)*। | सबै गरीब घरधुरी र असुरक्षित सदस्यहरूको लागि पहिचान प्रमाणीकरण पत्र र सहुलियत कार्ड प्रदान। | प्रमाणीकरण पत्र | १७०० |
| | | गरीब घरधुरी र असूरक्षित सदस्यहरूको लागि आधारभूत उपभोग्य वस्तुहरूको लागि सहुलियतमा समाग्री। | घरधुरी * महिना | १७०० |
| 10.3 | साना-गरीब किसान र महिलाहरूको खाद्य सुरक्षा र पोषणको लागि तरकारी/पशु उत्पादनको आपूर्ति बढाउन उनीहरुको पहुँच बढाउने, र उत्पादनको बचतबाट थप आम्दानी बढाउने *(खाद्य सुरक्षा)*। | साना किसान र महिलाद्वारा सञ्चालित साना व्यवसायहरूका लागि ऋण प्रवाह गर्न बैंङ्कसँग समन्वय। | समन्वय | ३० |
| | | डाले घाँस खेती र प्रभावकारी जैविक मल व्यवस्थापनसँग एकीकृत गरी घरधुरी स्तरमा बाख्रा पालन गर्न ससर्त सहयोग। | घरधुरी | १००० |
| | | डाले घाँस खेती र जैविक मल व्यवस्थापनसँग एकीकृत गरी घरधुरी स्तरमा सुँगुर पालन गर्न ससर्त सहयोग। | घरधुरी | २५० |
| | | डाले घाँस खेती र जैविक मल व्यवस्थापनसँग एकीकृत गरी घरधुरी स्तरमा कुखुरा पालन गर्न ससर्त सहयोग। | घरधुरी | १५ |
| | | वर्षाको पानी सङ्कलनर टनेल खेतीलाई एकीकृत गरी तरकारीहरु खेती गर्न ससर्त सहयोग। | घरधुरी | ४० |
| 10.4 | साना-गरीब किसान र महिलाहरूको खाद्य सुरक्षा र पोषणको लागि तरकारी/पशु उत्पादनको आपूर्ति बढाउन र थप आम्दानीको लागि अतिरिक्त आपूर्ति बढाउन क्षमता अभिवृद्धि गर्ने *(मानव संसाधन र विकास)*। | डाले/भूई घाँस खेती र जैविकमल व्यवस्थापनलाई बाख्रा पालनसँग एकीकृत गर्न घरधुरी/किसानहरूलाई प्रशिक्षण। | तयारी | १० |
| | | डाले/भूई घाँस खेती र जैविकमल व्यवस्थापनलाई सुँगुर पालनसँग एकीकृत गर्न घरधुरी/किसानहरूलाई प्रशिक्षण। | तयारी | १० |
| | | डाले/भूई घाँस खेती र जैविकमल व्यवस्थापनलाई कुखुरा पालनसँग एकीकृत गर्न घरधुरी/किसानहरूलाई प्रशिक्षण। | तयारी | १० |
| | | वर्षाको पानी सङ्लन प्रविधिलाई एकीकृत गर्न घरधुरी/किसानहरूलाई प्रशिक्षण। | तयारी | १० |
| 10.5 | संवेदनशील वस्तुहरूको आपूर्तिको लागि डिपो स्थापना गर्ने *(यातायात)*। | निजी स्तरमा पेट्रोलियम/डिजेल/मट्टीतेलको डिपो सञ्चालन र यसका लागि गापाबाट कोषको व्यवस्था। | डिपो | ३ |
| | | औषधि केन्द्रहरू र पसलहरूको लागि इजाजतपत्र | पसल | १५ |

## *पर्यटन विकास उपक्षेत्र*

अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषीय, बहुधर्म र सामाजिक विविधता एवं ऐतिहासिक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण नेपाल, विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गन्तव्यस्थलको रुपमा सुपरिचित छ। विज्ञान, प्रविधि र संचार प्रणालीमा भएको अभूतपूर्व विकासले समुच्च विश्व नै एउटा गाउँको रुपमा परिणत हुँदै गइरहेकोमा नेपालले यस्ता सम्पदालाई विश्व सामु प्रस्तुत गर्दै विश्व पर्यटन बजारलाई आकर्षित गरी अत्यधिक लाभ लिन सक्ने क्षमता अभिवृद्धि गर्नु आवश्यक छ। पर्यटन व्यवसाय आफैमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस व्यवसायको विविधीकरण र विस्तारद्वारा नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य भएको छ। यसलाई मनन गरी नेपाल सरकारले पर्यटन नीति (२०६७) लागु गरेको छ जस्को उद्धेश्य १) पर्यटन क्षेत्रको विविधीकरण र विस्तारद्वारा सर्वसाधारण नागरिकमा स्वरोजगारको सिर्जना गरी पर्यापर्यटन र ग्रामीण पर्यटनलाई गरिबी निबारणसँग आवद्ध गरी उनीहरूको जीवनस्तरमा सुधार गर्न पर्यटन उद्योगको प्रवर्द्धन गरी यसलाई राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधारको रुपमा विकास गर्ने, २) देशका मूर्त-अमूर्त प्राकृतिक, सांस्कृतिक, जैविक तथा मानव निर्मित सम्पदाहरुको खोज, संरक्षण, सम्बर्द्धन एवं विकास गरी नेपाललाई पर्यटकीय दृष्टिले आकर्षक र प्रमुख गन्तव्य स्थलको रुपमा विकास गर्ने, ३) सुलभ, सुरक्षित, भरपर्दो र नियमित हवाई तथा स्थल यातायातको माध्यमद्वारा पर्यटन क्षेत्रको विकास, विस्तार र प्रबर्द्धन गर्ने, र ४) पर्यटकीय पूर्वाधारको विकास र निर्माणको क्रममा वातावरण संरक्षण गर्दै त्यस्ता प्राकृतिकस्रोत/साधनको दिगो उपयोग गर्ने रहेको छ।

माथिका उद्धेश्य अनुरुप नेपालमा पर्यटनको विकास हुन सकेको छैन। नेपालको पर्यटन विकासमा पर्यटन उपज र क्रियाकलापको अपेक्षित विकास र विविधीकरण हुन नसक्नु, अन्तराष्ट्रिय स्तरमा पर्यटन प्रवर्द्धन अपेक्षित रुपमा गर्न नसकिनु, पर्यटन पूर्वाधारको कमी हुनु, धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण सम्वर्द्धन र यसको विकासमा निजी क्षेत्रलाई पर्याप्त सहभागी गराउन नसक्नु, यसमा उद्यमशीलता विकासलाई जोड्न नसकिनु, प्राप्त लाभको न्यायोचित वितरण हुन नसक्नु र पर्यटकीय गतिविधि प्रविधिमैत्री नहुनु जस्ता प्रमुख समस्या रहेका छन्। नेपाल संघीय संरचना गएपछि राज्य र स्थानीय स्तरका सरकारहरु पर्यटन विकासको प्रवाहमा कटिबद्ध देखिन्छन् र सन् २०२० लाई पर्यटन वर्षको रुपमा मनाउन व्यस्त र तल्लिन छन्। यसक्रममा ताप्ली गापा पनि आफ्नो भौगोलिक र साँस्कृतिक विशषतालाई पर्यटन विकासको मेरुदण्ड ठान्दछ। यस गापाको विकास दर्शनानुसार पर्यटन समृद्धिका चार खम्बा मध्ये एक हो। यस क्षेत्रले दिगो विकासको लक्ष्य-८ (*स्थिर, समावेशी र दिगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्द्धन गर्ने*) प्राप्त गर्न योगदान पुर्‍याउँछ र यो पर्यटन नीति २०६७ र पर्यटन भिजन २०२० बाट निर्देशित छ। यद्यपि गापामा पर्यटन गतिविधिहरु लगायत पूर्वाधारहरु न्यून छ तर ताप्ली डाँडा र पोखरी, ठानागाउँ, सुनकोसी नदी जस्ता आकर्षक स्थान सहित नजिकका धार्मिक, साँस्कृतिक र प्राकृतिक रुपमा मनोरम उदयपुरगढी र हलेशी जस्ता स्थलहरु पनि छन् जसले गापामा पर्यटनको संभावनालाई बढाएको छ। गापाले केही वर्षदेखि पर्यटन पूर्वाधारमा लगानी पनि गर्दै आएको छ तर पनि पूर्वाधारमा यो लगानीको मात्रात्मक वृद्धिका साथै मानव संसाधनको विकासमा पनि जोडदिनु आवश्यक छ।

गापाको विकास दर्शन र माथिका यथार्थका भावनानुरुप ताप्लीको गापाको पर्यापर्यटन विकासका लागि निम्न सोंच, लक्ष्य र उद्धेश्य सहितको योजना तर्जुमा गरिएको छ :

### ***पर्यटन उपक्षेत्रगत सोच***

ताप्ली गाउँपालिका एक आकर्षक, सुरक्षित, मनेरम र प्रख्यात पर्यटन गन्तव्यस्थल बन्ने।

### ***उपक्षेत्रगत लक्ष्य***

ताप्ली गापा नेपालमा प्रकृति र संस्कृतिमा आधारित पर्यटनमा विकास भइ यसको लाभको न्यायोचित वितरणबाट स्थानीय समुदायको आम्दानीमा वृद्धि हुने।

### ***उद्धेश्यहरू***

- सार्वजनिक-निजी साझेदारीको मर्मानुरुप गापालाई पर्यटन गन्तव्यस्थलका रूपमा स्थापित गर्न उपयुक्त वातावरण तयार पार्ने।
- सार्वजनिक-निजी उच्च कोटीको पर्यटन पहल प्रवर्द्धन गर्न वित्तीय स्रोत सुनिश्चित गर्ने।
- उच्च मानभएको प्रकृतिक-सांस्कृतिक-पर्यटनको लागि समुदाय र ग्रामीण संस्थाहरुको क्षमता विकास गर्ने।

- धार्मिक-सांस्कृतिक स्थल, मठ-मन्दिर र प्राकृतिक गुफा, स्मारकको  पुनर्स्थापना गर्ने र गापाको संस्कृति संरक्षण र पर्यटन विकास गर्न गाउँ संग्रहालय स्थापना गर्ने ।
- युवाहरुलाई परिचालन गरी ताप्ली गापाका पर्यटन विकासको पहलमा योगदान पुऱ्याउने ।
- ताप्लीडाँडालाई उच्च महत्वको प्रमुख पर्यटन गन्तव्यस्थलको रूपमा प्रवर्द्धन गर्ने ।
- कुमाल्टार-हाडेचौर-रात्माटे क्षेत्रलाई मनोरञ्जनस्थलको रुपमा विकास गर्ने ।
- पर्यापर्यटन प्राप्त लाभलाइ समन्यायिक रुपमा जनस्तरसम्म पुऱ्याउने ।

***अपेक्षित उपलब्धि***

- ताप्ली गापाको *'पर्यटन नीति, कार्यक्रम र कार्यको ढाँचा'* पर्यापर्यटन सम्बद्ध सबै प्रकारका अध्ययन, योजना र योजनाको विस्तृत प्रतिवेदन तयार र कार्यन्वयन हुने र एकीकृत पर्यटन विकास योजना लागु गर्न २ लगानी सम्मेलन हुनछ ।
- होमस्टे, होटल तथा लज सञ्चालन गर्न क्रमश ११ र ५ वटा समूहका सदस्य सहित थप १० जना युवाका क्षमता विकास गर्ने र ५ ठाउँमा योजना सहित होमस्टे, होटल तथा लजको सेवा प्रवर्द्धन/विस्तार हुने ।
- ग्रामीण संग्राहालयका लागि १५ जनालाई कार्ययोजना सहित क्षमता विकास र ३ वटा संग्राहालय सञ्चालन हुने छन् ।
- सबै धर्म र आस्थाका २५ मठ/मंदीर र चौताराहरुको संरक्षण हुने, युवाहरुको सांस्कृतिक समूहको सञ्जाल क्षमता विकास र ६ समूहलाई सहयोग गरी लोक गीत, नाच तथा परम्परागत साँस्कृतिक संरक्षण हुने ।
- ताप्ली डाँडालाई ओख्ले र लेखगाउँ सहितको १८०० हेक्टरमा विस्तार गरी बहुद्धेशीय प्रयोजनको भ्यूटावर, बगैंचा, मनोरञ्जनको सुविधा सहितको ताप्ली पोखरीको विस्तृत स्वरुप, स्वास्थ्य सुविधा सहितको प्राणी उद्यान तथा वन्यजन्तु उद्धार केन्द्र, आगन्तुक केन्द्र, तारबार/बगैंचा/आमा ढुङ्गाको संरक्षण, खानेपानी, सरसफाइ र सरसफाई सुविधा आदि सहित पर्यटन स्थलको रुपमा संञ्चालन हुने छ ।
- सानो थुम्की देखि तलका हाडेचौर-रात्माटे देखि ठूलो कुमालेको शिरानको जरुवापानी सम्मको क्षेत्रलाई सम्पूर्ण संरचना र सुविधा सहितको मनोरञ्जन स्थलको रुपमा संञ्चालन हुने ।
- पर्यटन मार्फत भरपर्दो रोजगारी सिर्जना हुने ।

***अनुमानित लागत***

यस उपक्षेत्रका कार्यक्रमहरुको कार्यन्वयनमा ५ वर्षको अवधिमा अनुमानित कुल बजेटको ९.३८% अर्थात नेरु. ८८१,४९६,००० लाग्नेछ ।

पर्यापर्यटन विकास उपक्षेत्रका रणनीति तथा कार्यक्रमहरु तलका तालिकामा राखिएका छन् ।

***पर्यटन उपक्षेत्रका रणनीति तथा कार्यक्रमहरू***

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| 11 | **पर्यटन** | | | |
| 11.1 | ताप्ली गापाका सबै नागरिकलाई साझा फाइदा हुनेगरी सार्वजनिक-निजी साझेदारीको को मर्मानुरुप ताप्ली गापालाई पर्यटन गन्तव्यका रूपमा स्थापित गर्न उपयुक्त वातावरण तयार पार्ने । | उच्च कोटीको पर्यटनका लागि नीति तथा कार्यक्रमको निर्माण गर्न र राज्यको लगानीको हिस्साका लागि सम्वन्धित मन्त्रालयहरु, विभागहरु र सरोकारवालाहरुसँग समन्वय । | समन्वय | २० |
| | | ताप्ली गापाको *'पर्यटन नीति, कार्यक्रम र कार्यको ढाँचा'* निर्माण । | नीति, कार्यक्रम र कार्यको ढाँचा | १ |
| | | ताप्ली डाँडालाई उदयपुर गढी (उदयपुर) र हलेसी (खोटाङ्ग) सँग केबलकारले जोडी पर्यटन परिपथ निर्माण र सुनकोशीमा नदी राफ्टिङ्ग गर्न सम्भाव्यता अध्ययन *(यातायात, र अनुसंधान र विकास)* । | प्रारम्भिक तयारी | १ |
| | | ताप्ली गापाको एकीकृत पर्यटन विकास योजनाको निर्माण । | योजना | १ |
| 11.2 | ताप्ली गापामा सार्वजनिक-निजी उच्च कोटीको पर्यटन पहल प्रवर्द्धन गर्न वित्तीय स्रोतको पहुँचको सुनिश्चित गर्ने । | एकीकृत पर्यटन विकास योजना लागु गर्न सम्भाव्य लगानी संस्था र व्यक्तिहरूसँग समन्वय । | समन्वय | १० |
| | | एकीकृत पर्यटन विकास योजना लागु गर्न लगानी सम्मेलन । | लगानी सम्मेलन | २ |
| 11.3 | ताप्ली गापामा उच्च मानभएको प्रकृतिक-सांस्कृतिक-पर्यटनको लागि समुदाय र ग्रामीण संस्थाहरुको क्षमताको विकास गर्ने । | होमस्टेका लागि सर-सुविधाहरूको तयारी र सञ्चालकहरुलाई अध्ययन भ्रमण *(मानव संसाधन विकास)* । | तयारी र भ्रमण | १ |
| | | ताप्ली गापाका पर्यटन महत्व भएका स्थलहरुमा होमस्टेका लागि व्यवसायिक योजना निर्माण । | होमस्टे व्यवसायिक योजना | १ |
| | | होमस्टे व्यवसायिक योजना लागु गर्न समूहरुलाई ससर्त सहयोग । | होमस्टे समूह | ११ |
| | | सम्भावित पर्यटनस्थलहरूमा खाना पकाउने र लज व्यवस्थापन गर्न, र होटल लजको व्यवसायिक योजना बनाउन तालिम *(मानव संसाधन विकास)* । | तयारी | ३ |
| | | होटल लजको व्यवसायिक योजना लागु गर्न ससर्त सहयोग । | होटल लजको योजना | ५ |
| | | खाना पकाउने र लज व्यवस्थापनको प्रशिक्षणमा १० जना युवाको संलग्नता (युवा विकास र मानव संसाधन विकास) | तयारी | १० |
| 11.4 | सबै धार्मिक-सांस्कृतिक स्थल, मठ-मन्दिर र प्राकृतिक गुफा, स्मारकको पुनर्स्थापना गर्ने र ताप्ली गापाको संस्कृति संरक्षण र पर्यटन विकासको अभिन्न निधिको रूपमा गाउँ संग्रहालय स्थापना गर्ने । | ताप्ली गापाका सबै मन्दिरहरूको जिर्णोद्वार तथन उल्लेख्य सुधार कार्य । | मन्दिरहरू | १२ |
| | | ताप्ली डाँडा र कन्काइमाई, रुपाटारको गुफाहरुको उल्लेख्य सुधार कार्य । | गुफा | २ |
| | | ईनामेको गुम्बाको उल्लेख्य सुधार कार्य । | गुम्बा | १ |
| | | समुदायहरूद्वारा व्यवस्थापन गरिँदै आएका सबै देवस्थल र धार्मिक-सांस्कृतिक स्थानहरूको मर्मत संभार । | वर्ष | २५ |
| | | ग्रामीण संग्राहालय स्थापना गर्न वार्डको नेताहरु र गाउँलेहरुलाई तयार पार्ने । | वैठक | ३ |
| | | कार्य योजना र संञ्चालन निर्देशिका सहितको ग्रामीण संग्राहालयको विस्तृत परियोजना प्रतिवेदन तयार । | विस्तृत परियोजना प्रतिवेदन | १ |
| | | कार्य योजना र सञ्चालन निर्देशिका सहितको ग्रामीण संग्रहालय सञ्चालन गर्न १५ जनालाई प्रशिक्षण *(मानव संसाधन विकास)* । | प्रारम्भिक तयारी | २ |
| | | पूर्वाधार, सांस्कृतिक महत्वका प्रदर्शन समाग्री र अन्य वस्तुहरू सहितको ग्रामीण | | ३ |

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| | | संग्रहालय स्थापना र यसको दिगो सञ्चालनको लागि सहयोग । | | |
| | | महत्वपूर्ण रणनीतिक स्थानहरूका चौताराहरुमा विश्रामस्थल सहितको सुधार । | चौतारा र विश्रामस्थल | २५ |
| 11.5 | युवाहरुलाई दिगो विकासको निधिको रूपमा संस्कृति संरक्षणका लागि परिचालन गरी ताप्ली गापाका पर्यटन विकासको पहलमा योगदान पुऱ्याउने । | परम्परागत र आदिवासी संस्कृति संरक्षणमा युवाहरूको संलग्नता बढाउन विभिन्न सांस्कृतिक समूहहरूको युवाहरुको सञ्जाल तयार । | वैठक | १० |
| | | संस्कृति संरक्षणको संस्थागत विकास गर्न युवा क्लबहरुलाई तालिम *(युवा विकास र मानव संसाधन विकास)* । | प्रारम्भिक तयारी | ५ |
| | | युवाहरुको सञ्जाल र समूहहरुलाई सांस्कृतिक गतिविधिहरू नियमित गर्नका लागि ससर्त सामग्री सहयोग । | ६ समूह * वर्ष | ३० |
| 11.6 | ताप्ली गापाको ताप्ली डाँडालाई उच्च महत्वको प्रमुख पर्यटन गन्तव्यस्थलको रूपमा प्रवर्द्धन गर्ने । | ताप्ली डाँडालाई राज्य कै पर्यटनस्थलको रुपमा प्रवर्द्धन गर्न उद्योग, पर्यटन, वन र वातावरण मन्त्रालयसँग राज्यको लगानीका लागि समन्वय । | समन्वय | १० |
| | | समितिद्वारा ताप्ली डाँडाको पर्यटन व्यवस्थापन गर्नका लागि क्षमता विकास तालिम *(मानव संसाधन विकास)* । | प्रारम्भिक तयारी | ५ |
| | | ताप्ली डाँडाको क्षेत्रलाई ओख्ले र लेखगाउँ सहितको १८०० हेक्टरमा विस्तार गरी पर्यटन विकासका लागि  विस्तृत परियोजना प्रतिवेदन र साईट प्लान तयार । | विस्तृत परियोजना प्रतिवेदन | १ |
| | | स्वास्थ्य सुविधा सहितको प्राणी उद्यान तथा वन्यजन्तु उद्धार केन्द्रको स्थापना । | प्राणी उद्यान/वर्ष | ५ |
| | | ताप्ली पोखरीको तटबन्धन, क्षेत्रफल दोब्बरले विस्तार र सिमसार पुनर्स्थापनाका अन्य उल्लेख्य कार्यहरु । | सिमसार पुनर्स्थापना/वर्ष | ३ |
| | | ताप्ली डाँडामा आगन्तुक केन्द्र (Visitor center) र अन्य पूर्वाधार भवनहरूको निर्माण । | भवनहरू | ४ |
| | | तारबार/बगैंचा/आमा ढुङ्गाको संरक्षण आदि । | सालाखाला/वर्ष | ५ |
| | | ताप्ली डाँडामा बहुउद्देश्यीय प्रयोजन भएको भ्यू टावर । | भ्यू टावर | १ |
| | | ताप्ली डाँडामा खानेपानी, सरसफाइ र सरसफाई सुविधा विस्तार । | सालाखाला/वर्ष | ५ |
| | | आमा ढुङ्गाको संरक्षणमा थप मानका कार्यहरु । | सालाखाला/वर्ष | २ |
| | | ताप्ली डाँडाका पर्यटन पवर्द्धनका प्रचार प्रसार समाग्री तयार तथा वितरण, र ठाउँठाउँमा साइन पोष्ट । | सालाखाला/वर्ष | ५ |
| 11.7 | ताप्ली गापाको पर्यटन गन्तव्यस्थल बनाउने पहलमा प्रमुख भूमिका खेल्नसक्ने कुमाल्टार-हाडेचौर-रात्माटे क्षेत्रलाई मनोरञ्जनस्थलको रुपमा विकास गर्ने । | सानो थुम्की देखि तलका हाडेचौर-रात्माटे देखि ठूलो कुमालेको शिरानको जरुवापानी सम्मको  क्षेत्रलाई मनोरञ्जनस्थलको रुपमा विकास गर्न विस्तृत परियोजना प्रतिवेदन र साईट प्लान तयार । | विस्तृत परियोजना प्रतिवेदन/साईट प्लान | १ |
| | | पार्कका लागि आवश्यक बगैंचा, विश्राम गृह, खेल सामग्री आदि जस्ता संरचना र सुविधाहरू निर्माण । | संरचना * वर्ष | ५ |
| | | आगन्तुक केन्द्र र अन्य पूर्वाधार भवनहरू निर्माण । | भवनहरू | |
| | | तारबार/ वगैंचा आदि निर्माण। | मोटामोटी/वर्ष | ५ |
| | | खानेपानी, सरसफाइ र सरसफाइको सुविधा व्यवस्था । | मोटामोटी/वर्ष | ५ |
| | | पार्क संञ्चालन तथा मर्मत संभार । | वर्ष | ५ |
| | | प्रवर्द्धन समाग्री, साईन पोष्ट र प्रवर्द्धन समाग्री उत्पादन तथा वितरण । | मोटामोटी/वर्ष | ५ |




*चित्र २१: मनोरञ्जनस्थल निर्माण गर्न उतम तथा रणनीतिक स्थल थुम्की-हाडेचौर-कुमाले डाँडा-रातमाटे क्षेत्र ।*

## ४ ५ समाजिक विकास क्षेत्र

### *जनसङ्ख्या तथा बसाइँसराई*

जनसङ्ख्या बहुपक्षिय सरोकारको विषय हो । यसको व्यवस्थापनमा सबै क्षेत्रको संलग्नता आवश्यक छ । जनसङ्ख्याको वृद्धि, बनावट, र वितरणलाई वैज्ञानिक रुपमा व्यवस्थापन गर्नसके जनसङ्ख्याले राष्ट्रिय विकासमा सकरात्मक योगदान पर्‍याउँदछ । जनसङ्ख्यामा परिवर्त्तन ल्याउने प्रमुख ३ तत्व जन्म, मृत्यु र बसाइँसराई हुन् । यो परिवर्त्तनशील भएकाले यसका लक्ष्यहरु भौगोलिक, समाजिक तथा आर्थिक संरचाना अनुसार फरकफरक हुन्छन् । जनसङ्ख्या र विकाससम्बन्धी दीर्घकालीन योजनाले जनसङ्ख्याको प्रक्षेपण गरी देशलाई आवश्यक पर्ने स्वास्थ्य, इन्विनियरिङ्ग, कृषि, शिक्षा तथा अन्य क्षेत्रका दक्ष प्राविधिकहरु भैगोलिक आधारमा भन्दा पनि जनघनत्वका आधारमा न्यायोचित वितरण गर्नुपर्ने मान्यता राख्दछ । नेपालमा प्रतिमहिला प्रजनन घटे पनि सङ्ख्यात्मक रुपमा जनसङ्ख्या वृद्धि हुँदै गएको छ । घट्दो जन्मदर र वृद्ध जनसङ्ख्याको अनुपात बढ्न केही समय लाग्ने अवस्थाका बीचमा भएको श्रमलाई जनसाङ्खिक लाभांश (Demographic dividend) का रुपमा उपयोग गर्नु आवश्यक छ ।

समतामूलक सामाजिक, आर्थिक तथा सांस्कृतिक संरचना निर्माणमा योगदान गर्दै नागरिकलाई गुणस्तरीय जिवनयापनको लागि अवसरको वृद्धि गर्न जनसङ्ख्या सम्बन्धी *जनसङ्ख्या परिप्रेक्ष्य योजना (२०६७-२०८७),* जनसङ्ख्या र विकास सम्बन्धी अनर्राष्ट्रिय सम्मेलनका कार्ययोजना, *दिगो विकास लक्ष्य र राष्ट्रिय जनसङ्ख्या नीति (२०७१)* कार्यान्वयनमा छन् । नेपालको संविधानले जनसङ्ख्या व्यवस्थापनको कार्यलाई संघ, प्रदेश र स्थानीय तहका सरकारको कार्य जिम्मेवारीमा राखेको छ र यी तहका एकल तथा साझा अधिकारको कार्य विस्तृतीकरणले योजना, परिवार नियोजन र जनसङ्ख्या व्यवस्थापनलाई संघ र प्रदेशको साझा जिम्मेवारीमा राखेको छ भने व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध बिच्छेद, बसाइँसराई) जस्ता तथ्याङ्क व्यवस्थापन गर्ने कार्य संघ, प्रदेश र स्थानीय तहको अधिकारको राष्ट्रिय कार्यसूचीमा रारखेमो छ । यसको फलस्वरुप जनसङ्ख्याको वार्षिक वृद्धिदर १.३५% (राष्ट्रिय जनगणना, २०६८), प्रजननशील महिलाको कुल प्रजनन दर २.३% प्रति महिला (नेपाल जनसाङ्खिक स्वास्थय सर्वेक्षण, २०७३), जनसाङ्खिक लाभांशको रूपमा रहेको उत्पादनशील जनसङ्ख्या ५७% र विदेशमा रहेको उत्पादनशील जनसङ्ख्या ७.३% रहेको छ । यस परिप्रेक्षमा जनसङ्ख्या/बसाइँसराई सबै सार्वजनिक नीतिमा पहिलो प्राथमिकताका साथ व्यवस्थापन गर्नु महत्वपूर्ण हुन्छ । एकातिर प्रजनन दर घट्दै गएको, औसत आयु वृद्धिहुँदै गएको र युवाशक्ति विदेशिने क्रम बढ्दो छ भने अर्कोतिर ज्येष्ठ नागरिकको जनसङ्ख्या बढ्दो छ । बाह्य/आन्तरिक बसाइँसराई उच्च भएकाले जनसङ्ख्याको वितरणमा असमानता बढ्दो छ र यसबाट आर्थिक उत्पादन र वितरणमा प्रत्यक्ष प्रभाव पर्न नदिन जनसङ्ख्या/बसाइँसराईलाई व्यवस्थापन गर्नु अपरिहार्य छ ।

यस परिप्रेक्ष्यमा ताप्ली गापामा वार्षिक जनसङ्ख्याको वृद्धिदर हाल ०.२८% छ जुन राष्ट्रिय औसत १.३५% भन्दा धेरै कमी हो यसमा पनि वडा ४ र ५ मा यो वृद्धिदर नकारात्मक छ । प्रवास र वैदेशिक रोजगारको कारण जनसङ्ख्याको बृद्धि दरमा कमी भएको हुनुपर्दछ । सन् २०११ देखि २०१८ सम्मको अवधिमा गापामा बाह्य बसाइँसराई ८.२% रहेको छ । यसैगरी आर्थिक हिसाबले सक्रिय जनसङ्ख्या कुल जनसङ्ख्याको ५९.१८% र १५ बर्ष मुनिका व्यक्तिहरू ३२.५४% मात्र छ । सामाजिक–आर्थिक समृद्धिका लागि जनसंख्याको वृद्धि दरमा कमी र प्रवासन उच्च हुनु गापाको लागि ठूलो चुनौती रहेको छ । यी जम्मेबारी र चुनैतीका पक्षलाई मध्य नजरगरी ताप्ली गापाको जनसङ्ख्या/बसाइँसराई व्यवस्थापनका निम्न सोंच, लक्ष्य र उद्धेश्य सहितको योजना तर्जुमा गरिएको छ :

#### ***जनसङ्ख्या/बसाइँसराई उपक्षेत्रगत सोच***

ताप्ली गापाको समाजिक-वातावरणीय समृद्धिका लागि उत्पादकमूलक जनसाङ्खिक तथा मानव संसाधन स्रोत ।

#### ***उपक्षेत्रगत लक्ष्य***

ताप्ली गापामा जनसङ्ख्या तथा बसाइँसराइको उचित व्यवस्थापन गर्ने ।

#### ***उद्धेश्यहरू***

- जनसङ्ख्या व्यवस्थापनलाई दिगो विकासको अभिन्न अङ्गको रूपमा संस्थागत विकास गर्ने ।
- जनसङ्ख्या/जनसाङ्ख्यिकीय र अन्य सामाजिक विषयहरुको आधार-तथ्याङ्क/सूचनाहरु तयार तथा अध्यावधिक गर्ने र सूचना उपलब्ध गराउने ।

- प्रवासनको अवस्थालाई न्यूनस्तरमा ल्याउने ।
- जनसङ्ख्या वृद्धि दर विनियमित गर्न दुई वा सो भन्दा कम बच्चा भएका परिवारलाई 'प्रशंसा पुरष्कार' र उपलब्ध सुविधा सेवाहरुमा पहुँच बढाउने ।

***अपेक्षित उपलब्धि***

- गापाको *'जनसङ्ख्या कार्यक्रम र कार्यको ढाँचा'* निर्माण हुने र मिलान कोषको व्यवस्था सहित कार्यान्वयन हुने ।
- लैङ्गिक, भाषिक, आर्थिक, पिछडिएका समूह, शारीरिक र मानसिकरुपले भिन्न वर्ग र जेष्ठ नागरिकहरुलाई रोजगारी र सबै प्रकारका अवसरहरुमा संविधानको सामाजिक समावेशीकरणको प्रावधान प्रवर्त्तन हुने ।
- गापाको नागरिक पंञ्जिकरण र जन्म, मृत्यु, विवाह, प्रवास आदि जस्ता गहन तथ्याङ्क (Vital Statistics) को अङ्कीयीकरण (Digitization) सहितको आधार तथ्याङ्क नियमित रुपमा अध्यावधिक हने र केन्द्रीय तथ्याङ्क विभागको राष्ट्रिय तथ्याङ्क व्यवस्थापन प्रणालीकसँग जोडिने ।
- गापाका *'सामाजिक विकास समिति'* का सदस्यहरुको क्षमता वृद्धि हुने र विषयगत क्षेत्र संबद्ध सबै जनङ्ख्या र जनसङ्ख्यिकीय परिवर्त्तनका सूचाङ्कहरुको निरन्तर अनुगमन हुने ।
- प्रवासन रोक्न १७५ जना युवाको २० वटा व्यवसायिक योजनाहरू कार्यान्वयन हुने र प्रवासनोमूख बस्तीमा सडक, सिंचाइ, विद्यालय, बिजुली आदि जस्ता संरचना/सुविधाहरूको सुधार र विस्तार हुने ।
- आप्रवासीबाट संञ्चालन हुने रोजगार केन्द्रित ५ वटा व्यवसायिक योजना संञ्चालन हुने ।
- दुई वा दुई भन्दा कम बच्चाहरू भएका परिवारहरुलाई सम्मान पत्र दिइने र त्यस्ता १०० परिवारलाई बिजुली, सिंचाई आदिका लागि विशेष सुविधा र सेवाहरू प्रदान हुने ।
- जनसङ्ख्याको वृद्धि दर संकुचन गर्न जनचेतनाको ५ वटा अभियान सञ्चालन हुने ।
- परिवार नियोजनका साधनहरुमा आवश्यक सबै घरधुरीलाई प्रदान गर्ने व्यवस्था हुने ।
- शहरीकरण र बसाइँसराइ व्यवस्थित हुने ।
- रोजगारीको वातावरण सृजना हुने ।

***अनुमानित लागत***

यस उपक्षेत्रका कार्यक्रमहरुको कार्यन्वयनमा ५ वर्षको अवधिमा अनुमानित कुल बजेटको ०.३९% अर्थात नेरु. ३६,९३३,००० लाग्नेछ ।

जनसङ्ख्या र बसाइँसराई उपक्षेत्रका रणनीति तथा कार्यक्रमहरु तलका तालिकामा राखिएका छन् ।

### ***जनसङ्ख्या/बसाइँसराईका रणनीति तथा कार्यक्रमहरू***

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| 12 | **जनसङ्ख्या तथा वसाई सराई** | | | |
| 12.1 | गापामा जनसङ्ख्या व्यवस्थापनलाई दिगो विकासको अभिन्न अङ्गको रूपमा एकीकृत गरी प्रभावकारी समन्वय र संस्थागत विकास गर्ने । | राज्य र केन्द्रको सम्वन्धित विभाग र कार्यालहरु र काठमाडौंमा केन्द्रिय तथ्याङ्क विभागसँग समन्वय बैठक । | समन्वय | १० |
| | | ताप्ली गापाको *'जनसंख्या कार्यक्रम र कार्यको ढाँचा'* निर्माण र यसको कार्यान्वयन । | कार्यक्रम र कार्यको ढाँचा | १ |
| | | लैङ्गिक, भाषिक, आर्थिक, पिछडिएका समूह, शारीरिक र मानसिकरुपले भिन्न वर्ग र जेष्ठ नागरिकहरुलाई गापाका रोजगारी र सबै प्रकारका अवसरहरुमा संविधानको सामाजिक समावेशीकरणको प्रावधान प्रवर्त्तन (Enforcement)। | प्रवर्त्तनका घटना | २० |
| | | *'जनसंख्या कार्यक्रम र कार्यको ढाँचा'* लागुगर्न लगानीका लागि राष्ट्रिय, क्षेत्रीय र अन्य प्रमुख सरोकारवालाहरू बीच कार्यशाला गोष्ठी । | कार्यशाला गोष्ठी * वर्ष | ५ |
| | | *'जनसङ्ख्या कार्यक्रम र कार्यको ढाँचा'* कार्यान्वयनको लागि मिलान-कोष | मिलान-कोष * वर्ष | ५ |
| 12.2 | जनसङ्ख्या/जनसाङ्ख्यिकीय र अन्य सामाजिक विषयहरुको आधार-तथ्याङ्क/सूचनाहरु तयार तथा अध्यावधिक गरी सरोकारवालाहरूलाई  नीति विकास र योजना तर्जुमा गर्न आवश्यक सूचना उपलब्ध गराउने *(तथ्याङ्क प्रणाली र मानव संसाधन विकास)*। | ताप्ली गापाका तथ्याङ्कलाई केन्द्रीय तथ्याङ्क व्यवस्थापन प्रणालीसँग जोड्न केन्द्रीय तथ्याङ्क विभागसँग समन्वय । | सम्झौता | १ |
| | | *'जनसंख्या कार्यक्रम र कार्यको ढाँचा'* कार्यान्वयन र प्रगतिहरूको अनुगमन गर्न ताप्ली गापाका *'सामाजिक विकास समिति'* का सदस्यहरुलाई प्रशिक्षण *(मानव संसाधन विकास)*। | तयारी * वर्ष | ५ |
| | | जनसङ्ख्या/जनसाङ्ख्यिकीय जनसंख्या र आदि आधार-तथ्याङ्क अध्यावधिक गर्ने र वितरण/प्रसार गर्ने व्यवस्था *(तथ्याङ्क प्रणाली)*। | तयारी * वर्ष | ५ |
| | | नागरिक पंञ्जिकरण र जन्म, मृत्यु, विवाह, प्रवास आदि जस्ता गहन तथ्याङ्क (Vital Statistics) को अङ्कीयीकरण (Digitization) गर्ने, र यी सूचनालाई आधार-तथ्याङ्कसँग संयोजन *(तथ्याङ्क प्रणाली)* । | तयारी * वर्ष | ५ |
| | | विषय विकास क्षेत्रका सबै पहलहरुसँग संबद्ध जनङ्ख्या/जनसङ्ख्यिकीय परिवर्त्तनका सूचाङ्कहरुको निरन्तर अनुगमन । | अनुगमन * वर्ष | ५ |
| 12.3 | गापामा आप्रवासनको अवस्थालाई न्यूनस्तरमा ल्याउन प्रोत्साहन र सुविधाहरूको प्रभावकारी उपायहरु आवलंबन गर्ने *(युवा विकास)*। | उत्पादन क्षेत्रमा युवाहरुको संलग्नताका लागि *'प्रधानमन्त्री स्वरोजगार कोष', 'राष्ट्रपति महिला उत्थान कार्यक्रम', 'गरीबी उन्मूलन कोष'* र *'साना उद्यमशील स्वरोजगार कोष'* सँग समन्वय । | समन्वय | १०० |
| | | प्रवासनको प्रवृत्तिलाई रोक्न १७५ जना युवालाई उनीहरुको २० वटा व्यवसायिक योजनाहरू कार्यान्वयन गर्न ससर्त सहयोग । | तयारी * वर्ष | २० |
| | | प्रवासने रोक्न प्रवासन सम्भाव्य बस्तीमा सडक, सिंचाइ, विद्यालय, बिजुली आदि वस्ता   संरचना र सुविधाहरूको सुधार । | तयारी * वर्ष | १३ |
| | | ताप्ली गापामा आप्रवासीबाट संञ्चालन हुने रोजगार केन्द्रित तथा निर्यातजन्य व्यवसायिक योजनालाई सुविधा प्रदान तथा संयुक्त लगानी । | तयारी * वर्ष | ५ |
| 12.4 | रणनीतिक रूपमा जनसङ्ख्या वृद्धि दर विनियमित गर्न दुई वा सो भन्दा कम बच्चा भएका परिवारलाई 'प्रशंसा पुरष्कार' र उपलब्ध सुविधा सेवाहरुमा सरल उपाय अपनाई यस्ता परिवारको सेवा/सुविधामा पहुँच बढाउन प्रोत्साहन गर्ने । | दुई वा दुई भन्दा कम बच्चाहरू भएका परिवारहरुको जनसङ्ख्या वृद्धि दर कमी गर्ने कार्यको सम्मानमा प्रमाणपत्र वितरण वार्षिक कार्यक्रम । | प्रमाणपत्र वितरण | ५ |
| | | दुई भन्दा कम बच्चाहरू भएका परिवारहरुलाई बिजुली, सिंचाई आदिका लागि विशेष सुविधा र सेवाहरू प्रदान । | घरधुरी | १०० |
| | | ताप्ली गापाको जनसङ्ख्या कार्यक्रम र कार्यको ढाँचाले निर्दिष्ट गरे बमोजिम जनसङ्ख्याको वृद्धि दर तोकिएको सिमामा संकुचन गर्न जनचेतनाको अभियान, र परिवार नियोजनका साधनमा सहयोग । | अभियान सङ्ख्या | २५ |

### *शिक्षा विकास उपक्षेत्र*

शिक्षा विकासको आधार स्तम्भ हो । यसले मर्यादित, परिष्कृत तथा सम्मान्नित रोजगारी र उद्यम विकासका लागि सीप, ज्ञानयुक्त तथा लक्ष मानव संसाधनको निर्माण गर्दछ । ज्ञानमा आधारित समाजको माध्यमबाट मुलुकको दिगो शान्ति र समद्धिको विकास हुन्छ । नेपालको संविधानले शिक्षा सम्बन्धी नागरिकको हकलाई मौलिक अधिकारको रुपमा प्रत्याभूत गरेको छ र आधारभुत तहसम्मको शिक्षामा पहुँच, आधारभूत तहम्मको अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिक तहसम्मको निःशुल्क शिक्षा पाउने हकको व्यवस्था गरेको छ । अपाङ्ग र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, प्रत्येक नेपाली समुदायलाई आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने प्रत्याभूतका साथै शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक तथा रोजगारीमूलक बनाउँदै शिक्षामा राज्यको लगानी अभिवृद्धि गर्दै निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने नीति अवलम्बन गरेको छ । यसका लागि नेपालले *शिक्षा नीति (२०७६)* भर्खरै ल्याएको छ जसले *'शिक्षित, सभ्य, स्वस्थ र सक्षम मानव संसाधन, सामाजिक न्याय, परिवर्तन र समृद्धि'* को परिकल्पना गरेको छ । यी संयन्त्रको प्रावधानले नेपाललाई विश्वव्यापी *दिगो विकासको लक्ष्य– ४ (समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने)* मा योगदान पुऱ्याउन सहयोग गर्दछ ।

सबैका लागि गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्न नसकिनु, शिक्षमा लक्षित समूहका बालबालिकाको पहुँच सुनिश्चित गर्न नसकिनु, भर्ना भएका विद्यार्थीको निरन्तरता कायम गर्न नसकिनु, क्षेत्रगत तथा विषयगत सबै विद्यालयमा शिक्षक व्यवस्थापन गर्न नसकिनु, प्राविधिक शिक्षालाई शिक्षाको मूलधारको रूपमा विकास गर्न नसकिनु, प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास एवम् शिक्षा सम्बन्धी अधिकार कार्यान्वयन गर्नका लागि पयप्ति स्रोतको व्यवस्थापन गर्न नसकिनु, विश्वविद्यालय शिक्षालाई अनुसन्धान/ज्ञानमा आधारित बनाई अर्थतन्त्रमा टेवा पुऱ्याउन सक्ने जनशक्ति उत्पादन गर्न नसकिनु, बजारको माग बमोजिम जनशक्ति तयार गर्न नसकिनु, उत्पादित जनशक्तिले भने झैं रृजगारी नपाउनु, प्रतिभाहरुको पलायन नियन्त्रण जस्ता विषयहरु शिक्षा क्षेत्रका विद्यमान समस्याहरु हुन् । यस परिवेशमा संविधानले शिक्षालाई मौलिक हकको रुपमा स्थापित गर्न स्थानीय सरकारलाई जिम्मेवार गराएको पनि छ तसर्थ विद्यालय शिक्षाको सर्वसुलभता, पूर्वाधारको विकास, समन्यायिकता, गुणस्तर वृद्धिगरी शिक्षमा आकर्षण अभिवृद्धि, विद्यार्थीको अनुपातमा शिक्षकको दरबन्दी, शैक्षिक सुशासन, व्यवसायिक तथा प्राविधिक शिक्षको व्यवस्था, अपाङ्ग तथा लैङ्गिक मैत्री शिक्षा, आधुनिक संचार र प्रविधियुक्त शिक्षा, बजार रोजगारीको अवसरानुसारको शिक्षा आदिलाई अबका दिनमा स्थानीय सरकारले नै सम्बोधन गर्नु पर्दछ ।

माथि उल्लेखित विषयमा केन्द्रीतभई ताप्ली गापालाई हेर्दा शिक्षा क्षेत्रको विकासको यस गापाले धेरै कायइहरु ग्र्नु पर्दछ । यस गापाको साक्षरता दर राष्ट्रिय औसत ५९.७% भन्दा ७५.५% बढी छ तथापि वार्ड १ जस्ता केही वडामा निरक्षरता दर ३६ प्रतिशत जति छ । धेरैजसो विद्यालयहरूको भौतिक अवस्था र शिक्षाको गुणस्तर राम्रो छैन । गापामा प्राविधिक र व्यावसायिक शिक्षामा प्रशिक्षण र तालिम लिएका व्यक्तिहरू न्यून छन् । आधुनिक प्रविधि/संचारको आधारशिलामा देशको समृद्धिका लागि दक्ष जनशक्ति निर्माण गर्ने लक्ष्यमा सहयोग पुग्ने र ताप्ली गापाको समाजिक-वातावरणीय समृद्धिका लागि निम्न सोच, लक्ष्य, उद्धेश्य र कार्यक्रमहरुको तर्जूमा गरिएको छ :

#### ***शिक्षा उपक्षेत्रगत सोच***

ताप्ली गापाको समाजिक, आर्थिक तथा वातावरणीय समृद्धिका लागि दक्ष मानव संसाधनको विकास ।

#### ***उपक्षेत्रगत लक्ष्य***

गुणस्तरीय शिक्षाको माध्यमबाट नवीन, सक्षम र दक्ष उत्पादनशील मानव संसाधनको विकास गर्ने ।

#### ***उद्धेश्यहरू***

- गापाको शिक्षा क्षेत्रको रणनीति तथा आवश्यक कानुनी व्यवस्था गर्ने ।
- प्रारम्भिक बाल विकास र शिक्षा कार्यक्रम {Early Childhood Development/Education Program (ECD)} लाई शिक्षा प्रणालीको अभिन्न अङ्गको रूपमा सबै बच्चाहरूको लागि अनिवार्य गर्न संरचना र सुविधाहरुमा सुधार र विस्तार गर्ने ।
- सन् २०२४ सम्म निरक्षरता हटाउने ।

- दिगो विकासको लक्ष्य-४ सँग सम्बद्ध सबै वालवालिकाहरुको निशुल्कः शिक्षाका लागि शिक्षाको पहुँचमा सुधार गर्ने ।
- छात्रा र फरक क्षमताका विद्यार्थीहरूको गुणस्तरीय शिक्षाको लागि शिक्षा केन्द्रहरूमा अनुकूल संरचना र सुविधामा सुधार गर्ने ।
- क्षेत्रगत विषयका सबै मुद्धा र कार्यक्रमलाई अतिरिक्त पाठ्यक्रममा एकीकृत गराई विद्यार्थी र शिक्षकहरूको क्षमताको सुदृढीकरण गर्ने ।
- नेपालको पोलीटेक शिक्षा अध्ययनका निमित्त गापालाई सर्वोत्तम शिक्षण गन्तव्यको रूपमा स्थापित गर्ने ।

***अपेक्षित उपलब्धि***

- वन, पानी, ऊर्जा र स्वास्थ्य क्षेत्र समेटी *'शिक्षा व्यवस्थापन सूचना प्रणाली'* (EMIS) को व्यवस्थापन र वार्षिक अध्यावधिकीकरण, विद्यमान १७ ECD केन्द्रहरूको संरचना/सुविधा/गुणस्तर इ. को मूल्याङ्कन र शिक्षकलाई नवप्रविधि र समकालीन विषयमा क्षमता वृद्धि र ५ वटा ECD केन्द्रहरूको थप विस्तार हुने ।
- २५ वटा साक्षरता शिक्षा केन्दको व्यवस्थापन गरी गापाबाट निरक्षरताको अन्त्य हुनेछ र साक्षरतामा सहभागि ६२० घरधुरीमद्धे सर्वोतम् १२४ घरधुरीको योजना सहितको व्यवसायबाट आय वृद्धि हुने ।
- सबै सरोकारवालाहरूको घोषण-पत्रमा *'स्कूल बाहिर कुनै वालवालिका नहुन्'* नीति समावेश हुने र ग्रेड-१ मा वालवालिकाको उपस्तिथि १००%ले वृद्धि गर्न ५ वटा अभियान सञ्चालन हुने । जोखिम अवस्थाका, अल्पसङ्ख्यक, वञ्चित र फरक क्षमताका बच्चाको लागि १०५ सिट छात्रवृत्तिान दिने ।
- सबै स्कूलमा बिद्यार्थीहरूको जुका, रक्ताल्पता र कुपोषण आदि को ६० पल्ट स्वास्थ्य जाँच हुने छ ।
- ३८ विद्यालयो सुधार, जनसङ्ख्या र भूगोलको आधारमा ५ वटा विद्यालयहरूलाई गाभिने र स्थानान्तरण हुने, र विपद्/भूकम्पबाट क्षतिग्रस्त विद्यालय पुनर्निर्माण हुने र सबै स्कूलमा राम्रो बगैचा हुने ।
- कृषि/पशुधन, वन व्यवस्थापन/वृक्षरोपण, जल संरक्षण र सरसफाइको स्कूल र स्कूल बाहिर सर्बोत्कृष्ट नमूना प्रदर्शन गर्ने विद्यालय, विद्यार्थी र शिक्षकलाई पुरष्कार र प्रोत्साहनको व्यवस्था हुने।
- १ वटा कृषि-पशु व्यवहारिक शिक्षालय र एक मोडेल १०+२ स्कूल उच्च गुणस्तर शिक्षालयको रुपमा प्रवर्द्धन हुने।
- उच्च शिक्षामा अध्ययन गर्न १० जना युवा विद्यार्थीहरूलाई फेलोशिप छात्रवृति दिने ।

***अनुमानित लागत***

यस उपक्षेत्रका कार्यक्रमहरुको कार्यन्वयनमा ५ वर्षको अवधिमा अनुमानित कुल बजेटको ११.४४% अर्थात नेरु. १,०७५,१४५,००० लाग्नेछ ।

शिक्षा विकास उपक्षेत्रका रणनीति तथा कार्यक्रमहरु तलका तालिकामा राखिएका छन् ।

***शिक्षा उपक्षेत्रका रणनीति तथा कार्यक्रमहरू***

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| 13 | **शिक्षा** | | | |
| 13.1 | गापामा प्रारम्भिक बाल विकास र शिक्षा कार्यक्रम {Early Childhood Development/Education Program (ECD)} लाई शिक्षा प्रणालीको अभिन्न अङ्गको रूपमा सबै बच्चाहरूको लागि अनिवार्य गर्न संरचना र सुविधाहरुमा सुधार र विस्तार गर्ने । | गापाको शिक्षा क्षेत्रको रणनीति अनुरुप ECD को गुणस्तर वृद्धि र क्षेत्र विस्तार गर्न विषयगत मन्त्रालय, विभाग र सरोकारवालाहरूसँग समन्वय । | वैठक * पटक | १५ |
| | | वन, पानी, ऊर्जा र स्वास्थ्य क्षेत्र समेटी ताप्ली गापाको *'शिक्षा व्यवस्थापन सूचना प्रणाली'* को व्यवस्थापन र EMIS को वर्षिक अध्यावधिकीकरण *(तथ्याङ्क प्रणाली)*। | तयारी | ५ |
| | | खाना, पोषण, सरसफाइ इ. लाई मध्य नजर गरी विद्यमान ECD केन्द्रहरूको संरचना र सुविधा, गुणस्तर, शिक्षकहरू इ. को मूल्याङ्कन । | मूल्याङ्कन * पटक | १ |
| | | ECD शिक्षकहरुलाई गुणस्तर शिक्षाका लागि नयाँ प्रविधिको प्रयोग र शिक्षाका समकालीन मुद्धा/विषयहरु सहितको प्रशिक्षण *(मानव संसाधन विकास)* | तयारी | ३ |
| | | विद्यमान ECD को लागि गापाको निरन्तर बजेटको व्यवस्था । | ECD केन्द्र * १७ * वर्ष | १०५ |
| | | अन्य ठाउँमा ECD केन्द्रको कार्य क्षेत्र विस्तार । २ | ECD केन्द्र * वार्ड | ५ |
| 13.2 | गापाबाट सन् २०२४ सम्म निरक्षरता हटाउने । | ताप्ली गापाका सबै वार्डहरुमा निरक्षर व्यक्ति भएका स्थलहरुको पहिचान *( अनुसन्धान र विकास)*। | तयारी | १ |
| | | TOT र गापाका सबै वार्डहरुका ६२० घरधुरीका लागि अनौपचारिक शिक्षाको प्याकेज कार्यान्वयन *(मानव संसाधन विकास)*। | केन्द्र | २५ |
| | | अनौपचारिक शिक्षाका सर्वोत्कृष्ट २० प्रतिशत शिक्षार्थिलाई व्यवसायिक योजना संञ्चालन गर्न र योजनाको आकार वृद्धि गर्न वित्तीय संस्थासँग संबन्धन सहित १२५ जनालाई प्रोत्साहन सहयोग । | व्यवसायिक योजना | २० |
| 13.3 | ताप्ली गापामा दिगो विकासको लक्ष्य-४सँग सम्बद्ध सबै वालवालिकाहरुको निशुल्कः शिक्षाका लागि शिक्षाको पहुँचमा सुधार गर्ने । | सबै राजनीतिक पार्टी, सामाजिक नेता लगायतका सरोकारवालाहरूको घोषण-पत्रमा *'स्कूल बाहिर कुनै वालवालिका नहुन्'* नीति समावेश गरी जोखिम अवस्थाका, अल्पसङ्ख्यक, वञ्चित र फरक क्षमताका बच्चालाई नि:शुल्क शिक्षाका लागि प्रभावग्राही (Sensitize) व्यवस्था । | प्रभावग्राही * वर्ष | ३ |
| | | विद्यालयको ग्रेड-१ मा वालवालिकाको उपस्तिथिमा सुधार ल्याउन भर्ना अभियान सञ्चालन । | अभियान * वर्ष | |
| | | शिक्षा क्षेत्रको नीति बमोजिम विद्यालयहरुमा विद्यार्थिको कुल भर्नाको १०% सिट छात्रवृत्तिको रुपमा जोखिम अवस्थाका, अल्पसङ्ख्यक, वञ्चित र फरक क्षमताका बच्चाको लागि दिने प्रावधान कार्यान्वयन । | विद्यार्थिहरु * वर्ष | |
| | | सबै ECD का बच्चाहरूलाई दिउँसो खानाको दिगो प्रवन्धको लागि सरोकारवालाहरुलाई संलग्न गराउने व्यवस्था । | ECD * वर्ष | ८५ |
| | | सबै स्कूलमा बिद्यार्थीहरूको जुका, रक्ताल्पता र कुपोषण आदि को नियमित स्वास्थ्य जाँचको लागि स्वास्थ्य केन्द्रहरूको परिचालन र अन्य सरोकारवालाहरुको संलग्नताको व्यवस्था *(स्वास्थ्य र पोषण)*। | पटक | ६० |
| 13.4 | गापाका छात्रा र फरक क्षमताका विद्यार्थीहरूको गुणस्तरीय शिक्षाको लागि शिक्षा केन्द्रहरूमा अनुकूल संरचना र सुविधामा सुधार गर्ने । | विद्यालय सुधार योजना {School Improvement Pln (SIP)} बनाउन विद्यालय सुधार समिति, अभिभावक-शिक्षक संघ र स्कूल शिक्षकहरूको कार्यशाला गोष्ठी । | गोष्ठी * ३८ स्कूल * २ वर्ष | |

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| | | अन्य सरोकारवालाहरूको सहयोगमा विद्यालय सुधार योजनाको कार्यान्वयन र गापाको आर्थिक सहयोग । | मोटामोटी * ३८ स्कूल * ५ वर्ष | |
| | | सीमान्त, वञ्चित र अल्पसङ्ख्यक विद्यार्थीहरूको गुणस्तरीय शिक्षामा उनीहरुको पहुँचका लागि प्रत्येक वार्डमा आवासीय छात्रवास व्यवस्था । | छात्रवास * वर्ष | ५ |
| | | जनसङ्ख्या र भूगोलको आधारमा विद्यालयहरूलाई एक आपसमा गाभ्ने र केहीको स्थानान्तरण । | विद्यालयहरू | |
| | | विपद् र भूकम्पबाट क्षतिग्रस्त विद्यालय पुनर्निर्माणको लागि सम्वन्धित मन्त्रालय र विभागहरूसँग समन्वय । | समन्वय * पुनर्निर्माण | २० |
| | | पुराना विद्यालयहरूको पूर्वाधारहरूको पुनरुद्धार/मर्मतसम्भार । | सालाखाला * वर्ष | ५ |
| | | शिक्षक-विद्यार्थीहरूबाट *'सुन्दर बगैंचा'* कार्यक्रमलाई अतिरिक्त क्रियाकलापसँग समावेश गराइ प्रत्येक स्कूलमा संञ्चालन । | वगैंचा * वर्ष | १९० |
| 13.5 | विद्यार्थी र शिक्षकहरू भविष्यका स्तम्भ हुन् भन्ने मान्यतालाई मूर्तरुप दिन क्षेत्रगत विषयका सबै मुद्दा र कार्यक्रमलाई अतिरिक्त पाठ्यक्रममा एकीकृत गराई विद्यार्थी र शिक्षकहरूको क्षमताको सुदृढीकरण गर्ने । | कृषि र पशुपालन व्यवस्थापन विषयमा सर्वश्रेष्ठ नमूना प्रदर्शनकालागि शिक्षक र विद्यार्थीहरूलाई प्रोत्साहन । | प्रदर्शन (Demo) | १० |
| | | विद्यार्थी र शिक्षकलाई कृषि र पशुधनको सर्वश्रेष्ठ प्रदर्शनको लागि पुरष्कार । | पुरष्कार * वर्ष | ५ |
| | | विद्यार्थी र शिक्षकलाई वन व्यवस्थापन र वृक्षरोपणको सर्वश्रेष्ठ प्रदर्शनको लागि प्रोत्साहन । | वृक्षरोपण स्थलहरु | १० |
| | | विद्यार्थी र शिक्षकलाई वन व्यवस्थापन र वृक्षरोपणको सर्वश्रेष्ठ प्रदर्शनका लागि पुरष्कार । | पुरष्कार * वर्ष | ५ |
| | | विद्यार्थी र शिक्षकलाई जल संरक्षणको सर्वश्रेष्ठ प्रदर्शनको लागि प्रोत्साहन । | कुवा र साना खोलाहरु | १० |
| | | विद्यार्थी र शिक्षकलाई जल संरक्षणको सर्वश्रेष्ठ प्रदर्शनको लागि पुरष्कार । | पुरष्कार * वर्ष | ५ |
| | | विद्यार्थी र शिक्षकलाई जल संरक्षणको सर्वश्रेष्ठ सरसफाइका लागि प्रोत्साहन । | विद्यालय * वर्ष | १० |
| | | विद्यार्थी र शिक्षकलाई जल संरक्षणको सर्वश्रेष्ठ सरसफाइकालागि पुरष्कार । | पुरष्कार * वर्ष | ५ |
| 13.6 | गापालाई नेपालको पोलीटेक शिक्षा अध्ययनका निमित्त सर्वोत्तम शिक्षण गन्तव्यको रूपमा स्थापित गर्ने । | उच्च तुलनात्मक भूगोल भएको स्थानमा कृषि-पशु व्यावहारिक शिक्षा स्थापना गर्न र १०+२ विद्यालयहरु मद्धे एक उत्कृष्ट विद्यालयलाई उच्च तथा गुणत्मक शिक्षाका लागि प्रवर्द्धन गर्न मूल्याङ्कन अध्ययन, र यी स्थापना गर्न निजी, कर्पोरेट र अन्य संस्थाबाट आर्थिक सहयोगको लागि प्रस्तावना-पत्र तयार *(अनुसंधान र विकास)*। | प्रारम्भिक तयारी | २ |
| | | बढ्दो बजार शक्तिसँग प्रतिस्पर्धा गर्ने दक्ष जनशक्ति उत्पादन गर्न कृषि-पशु व्यवहारिक शिक्षालयको स्थापना । | शिक्षालय * वर्ष | ५ |
| | | प्रयोगशाला, छात्रावास, खेलकुद आदि सुविधाहरू र मानव संसाधन सहितको एक मोडेल १०+२ स्कूललाई उच्च गुणस्तर शिक्षालयको रुपमा प्रवर्द्धन । | शिक्षालय * वर्ष | ५ |
| | | योग्यता र क्षमताका आधारमा उच्च शिक्षामा अध्ययन गर्न युवा विद्यार्थीहरूलाइ फेलोशिप छात्रवृति । | विद्यार्थि * वर्ष | ५० |

### *स्वास्थ तथा पोषण विकास*

स्वास्थ्य क्षेत्रमा भएका प्रगतिहरूलाई विकासका प्रमुख सूचकाङ्कहरूको रुपमा लिइन्छ। नेपालको संविधानले स्वास्थ्यलाई जनताको मौलिक हकको रूपमा स्थापित गरिसकेको सन्दर्भमा सङ्क्रामक रोगहरू नियन्त्रणमा प्राप्त उपलब्धिहरूलाई कायम राख्नु, नवजात शिशु तथा मातृ मृत्युदरलाई वाञ्छित तहसम्म घटाउनु, बढ्दै गएको नसर्ने रोगको प्रकोप नियन्त्रण गर्नु र कुनै पनि बेला हुनसक्ने स्वास्थ्य सम्बन्धि विपद् व्यवस्थापन तत्काल गर्नु, जेष्ठ नागरिक, शारीरिक र मानसिक अपाङ्गता भएका, एकल महिला, खास गरी गरिब, सीमान्तकृत र जोखिममा रहेका समुदायलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनु राज्यको दायित्व हो। जनउत्तरदायी एवं कुशल व्यवस्थापनको माध्यमबाट आवश्यक सबै स्रोत र साधनको अधिकतम् परिचालन गरी स्वास्थ्य क्षेत्रमा विद्यमान तथा नयाँ चुनौतीहरूलाई सम्बोधन गर्दै नागरिकको स्वास्थ्य प्रतिको हक सुरक्षित गर्न *राष्ट्रिय स्वास्थ्य नीति (२०७१)* नागरिकको मौलिक अधिकारको रूपमा रहेको आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने, प्रत्येक नागरिकले सहज रुपले गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरी आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवं जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको स्थापना गर्ने, र स्वास्थ्य सेवा प्रवाहमा जनसहभागिता प्रवर्द्धन र निजी तथा सहकारी क्षेत्रको संलग्नता वृद्धि र व्यवस्थित गर्दै अपनत्वप्रवर्द्धन गर्ने उद्धेश्यले लागु भएको छ। यस प्रावधानले *दिगो विकासको लक्ष्य-३ (सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने)* प्राप्त गर्न योगदान दिन्छ।

माथिको सन्दर्भमा लोककल्याणकारी राज्यको अवधारणानुरूप स्वास्थ्य क्षेत्रलाई नाफामूलकबाट क्रमशः सेवामूलक क्षेत्रमा रूपान्तरण गर्नु आवश्यक छ। संविधानको एकल तथा साझा अधिकार सूची अनुसार संघ, प्रदेश र स्थानीय तहलाई स्वास्थ्य सेवाको जिम्मेवारी दिंदै स्वास्थ्य नीति, मापदण्ड, गुण्स्तर, अनुगमन, परम्परागत उपचार सेवा र सरुवा रोग नियन्त्रण जस्ता कार्यलाई संघको अधिकार भित्र राखिएको छ। यो क्षेत्रमा गुणस्तरीय स्वास्थ सेवाको पुहुँच हुननसक्नु, सेवामा एकरूपता नहुनु, सेवामूलक तथा जनस्वास्थ्यप्रति उत्तरदायी सेवा तथा जनशक्तिको अपर्याप्तता, सेवामा लगानी अनुसारको प्रतिफल नआउनु, सरकारी स्वास्थ्य संस्थामा आवश्यक आधुनिक उपकरण, विशेषज्ञ चिकित्सक र समाग्रीको अभाव हुनु, सर्ने-नसर्ने रोग, कुपोषण, दुर्घटना विपद्जन्य स्वास्थ्य समस्या बढ्दै जानु, विश्वव्यापीकरणसँगै खानपान तथा जीवनशैलीमा आएको परिवर्त्तनले नसर्ने रोगहरुको थप भार तथा मानसिक समस्याको चाप बढ्नु, ५ वर्ष मुनिका करिब एक तिहाईभन्दा बढी बालबाक र प्रजनन उमेर समूहका महिलामा न्यून पोषण हुनु, समुदायमा प्रदान गरिने स्वास्थ्य सेवामा निजी क्षेत्रको सहभागिता, प्रभावकारी नियमन व्यवस्थाको कमी हुनु जस्ता समस्याले अपेक्षानुरुप स्वास्थ्य सेवा विस्तार हुनसकेको छैन।

ताप्ली गापामा स्वास्थ्य क्षेत्रमा लिपिबद्ध तथ्याङ्क र प्रगती विवरणको दस्तावेज छैन तथापि विगतको दौरानमा नेपालमा शिशु, प्रसूति र समान्य स्वास्थ्यमा उल्लेखनीय सुधार भएको छ। यहाँको। प्रत्येक वडामा हेल्थपोस्टहरू र बर्थिङ सेन्टरहरू छन्। केही निजी ओषधि पसलहरु पनि सञ्चालनमा छन्। समान्यतया मानिसहरू बिरामी उपचारका लागि कटारी, गाईघाट, धरान, र विराटनगर जान्छन्। गापामा सेवा प्रदायी र प्राविधिक मानव संसाधनको गुणस्तर सुधार गर्न आवश्यक छ। त्यस्तै गरी मानव पोषणको सम्बन्धमा जनचेतना जगाउनु पनि अत्यन्त आवश्यक छ। गापाामा स्वास्थय बीमा प्रणाली व्यवहारमा लागु भएको छैन। माथिका विषयवस्तुलाई मध्यनजरराखी गापामा स्वस्थ्य/पोषण विकासका निमित्त निम्न सोच, लक्ष्य, उद्धेश्य र कार्यक्रमहरुको तर्जूमा गरिएको छ :

#### ***स्वास्थ्य/पोषण उपक्षेत्रगत सोच***

स्वस्थ, उत्पादनशील, जिम्मेवार तथा सुखी ताप्लीवासी तथा समाजको निर्माण।

#### ***उपक्षेत्रगत लक्ष्य***

स्वास्थ्य प्रणालीमा सुधार गरी स्थानीय जनतालाई गुणस्तरीय स्वास्थ्य सेवाहरूको सहज पहुँचको सुनिश्चिता गर्ने।

#### ***उद्धेश्यहरू***

- स्वास्थ्यमा हानिकारक सर-सामान र उत्पादनहरू *'सबै नीतिमा स्वास्थ्य'* को कार्यनीति आवलंबन गरी सबै क्षेत्रको संलग्नतामा नियमन र कार्यन्वयन गर्ने।
- स्वास्थ्यका तथ्याङ्कको उत्पादन र प्रविधिमा आधारित स्वास्थ्य सूचना प्रणाली प्रविधि {Health Information System (MIS)} को व्यवस्था गर्ने।
- संक्रामक र गैर-संक्रामक रोगको प्रकोप विरूद्ध नियन्त्रणका उपायहरू अपनाउने।

- प्रतिरोधात्मक, प्रवर्द्धक, उपचारात्मक र पुनर्स्थापनात्मक (Palliative) स्वास्थ्य हेरचाह र चिकित्साका सेवाहरूमा नागरिकहरूको पहुँच सुनिश्चित गर्ने ।
- वालवालिकाको आधारभूत स्वास्थ्य र कुपोषणको घटनाहरू न्यूनीकरण गर्न स्वास्थ्य केन्द्रहरूमा सुविधा र सेवाहरू सुनिश्चित गर्ने ।
- स्वास्थ्य चौकीहरूमा संरचना र चिकित्सा सुविधाहरूमा सुधार गर्ने ।
- सूरक्षित प्रजनन् स्वास्थ्य, परिवार नियोजन र सुरक्षित मातृत्वका लागि अधिकारसम्मत प्रजनन सेवाहरूको पहुँच सुनिश्चित गर्ने ।
- आपतकालीन शल्य-चिकित्सा र ट्रमा उपचार र सिप विकास विस्तार गर्न प्रविधियुक्त बहुउद्धेश्यीय स्वास्थ्य सेवा र सीप विकास केन्द्र {Hi-tech multipurpose health service and skill development center(HSCC)} स्थापना गर्ने ।

***अपेक्षित उपलब्धि***

- *'पोषण लक्ष्य र पोषण संवेदनशील'* का कार्य स्वास्थ्य/बजारका संस्थाहरुसँग आवद्ध हुने,सबै विषयगत मुद्दा/विषयसँग आवद्ध सहितको स्वास्थ्य सूचना प्रणाली प्रविधि (MIS) स्थापना हुने र यसलाई केन्द्रीय तथ्याङ्क विभागको प्रणालीसँग आवद्ध हुने ।
- प्रतिबन्धित सूर्ती र रक्सी जस्ता स्वास्थ्य/पोषणमा प्रतिकूल वस्तुका खुल्ला विक्रि नियन्त्रण हुने ॥
- संक्रामक/गैर-संक्रामक रोग नियन्त्रण गर्न समन्वय, प्रकोपक्षेत्रको नक्साङ्कन, तत्परता (Preparedness) कार्यक्रमको व्यवस्था, क्षमता वृद्धि सहित ३ वटा एम्बुलेन्स सेवा सञ्चालन, युवाद्वारा योजना सहितको १५ वटा औषधिपसलबाट गुणस्तरीय सेवा र  विद्यमान ५ वटा पुनर्वास केन्द्रहरूमा सुविधामा सुधार हुने ।
- दूरस्वास्थ्य सेवाहरू (Tele-medicine) सञ्चालन, र सबैमा स्वास्थ्य बीमाको व्यवस्था, *खोप कोष'* को स्थापना, र सबै बिद्यार्थीहरूको जुका, रक्ताल्पता र कुपोषणको नियमित जाँचको व्यवस्था हुने, र विद्यमान ५ वटा स्वास्थ्य चौकीहरूको भवन/संरचनाहरू निर्माण/नवीकरण तथा उपकरण प्रदान, सूँडेनीका क्षमता विृद्धि र ५जना थप सूँडेनीको व्यवस्था, गर्भनिरोधक साधन/खोपहरूको परामर्श/जनचेतना वृद्धि गर्न ४५ वाल महिला आमास्वास्थ्य सेविकालाई सहयोग, प्रसूति स्वास्थ्य हेरचाह, शिशुजन्मका लागि Birthing facilities र पोषण सहित गर्भवतीहरूको नियमित जाँच व्यवस्था हुने ।
- स्थानीय घरधुरीको सेयर लगानी सहितमो *'उच्च प्रविधि सिप सृजना केन्द'* (HSCC)} रूपाटारमा सञ्चालन शुने ।

***अनुमानित लागत***

यस उपक्षेत्रका कार्यक्रमहरुको कार्यन्वयनमा ५ वर्षको अवधिमा अनुमानित कुल बजेटको १.७४% अर्थात नेरु. १३६,६३०,००० लाग्नेछ ।

स्वास्थ्य/पोषण विकासका रणनीति तथा कार्यक्रमहरु तल तालिकामा राखिएका छन् ।

***स्वास्थ्य/पोषण उपक्षेत्रका रणनीति तथा कार्यक्रमहरू***

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| 14 | **स्वास्थ्य** | | | |
| 14.1 | गापामा सूर्तिजन्य र मदिरा जस्ता स्वास्थ्यमा हानिकारक सर-सामान र उत्पादनहरू *'सबै नीतिमा स्वास्थ्य'* को कार्यनीति आवलंबन गरी सबै क्षेत्रको संलग्नतामा नियमन र कार्यन्वयन गर्ने । | क्षेत्रगत कृषि, खानेपानी, सरसफाई, खाद्य र पोषण, सडक, शिक्षा, वातावरण, प्रदूषण आदि संस्थाहरुको नीति तथा कार्यक्रमा स्वास्थ्यका मुद्धालाई समावेश गर्न समन्वय । | समन्वय | १५ |
| | | *'पोषण लक्ष्य र पोषण संवेदनशील'* का सबै कार्यक्रमहरुलाई स्वास्थ्य र बजारका संस्थाहरुसँग आवद्ध गराउने व्यवस्था । | समन्वय | १५ |
| | | निर्धारित स्थानहरू र समयमा मात्र प्रतिबन्धित सूर्ती र रक्सीको बिक्रीको अनुमति । | अनुमति पत्र | १५० |
| | | सूर्तिजन्य र मदिराका उत्पादनहरूको प्रतिबन्धित बिक्री व्यवस्थाबारे सार्वजनिक सूचना र एफ.एम. रेडियोबाट प्रसारण । | प्रसारण पटक | ५० |
| | | बजार केन्द्रहरूको नियमित अनुगमन तथा दण्ड र पुरष्कार जस्ता प्रावधानहरूको कार्यान्वयन । | अनुगमन * पटक | ४८० |
| | | स्वास्थ्य र पोषणका सबै निर्माण र विकास गतिविधिहरूमा IEE र EIA को प्रावधानहरूको अनुगमन समावेश । | अनुगमन/पटक | ६० |
| 14 | नीति निर्माण, अनुगमन र अन्य प्रयोजाका निमित्त स्वास्थ्यका तथ्याङ्को उत्पादन र प्रविधिमा आधारित स्वास्थ्य सूचना प्रणाली प्रविधि (Health Information System) को व्यवस्था गर्ने । | सबै क्षेत्रहरुका मुद्धा र विषयसँग आवद्ध गरी ताप्ली गापामा स्वास्थ्य सूचना प्रणाली प्रविधि (MIS) को स्थापना । | घरधुरी * वर्ष | ५ |
| | | वार्षिक अध्यावधिकको प्रावधान सहितको तथ्याङ्क प्रणलीको व्यवस्था र तथ्याङ्क प्रणालीको मर्मत सम्भार *(तथ्याङ्क प्रणाली)* । | तयारी | |
| 14 | गापामा संक्रामक र गैर-संक्रामक (Communicable and non-communicable) रोगहरूको प्रकोप विरूद्ध नियन्त्रणका उपायहरू अपनाउने । | संक्रामक र गैर-संक्रामक रोगहरूको प्रकोपको नियन्त्रणको लागि सम्वन्धित निकाय र विभागहरूसँग समन्वय तथा तत्परता कार्यक्रमको व्यवस्था । | वैठक * पटक | १५ |
| | | संक्रमणीय रोगहरूको लागि जोखिम क्षेत्रहरूको नक्साङ्कन र नक्सा अध्यावधिक गर्ने व्यवस्था *(तथ्याङ्क प्रणाली)* । | तयारी | १ |
| | | राज्यसँगको समन्वयमा स्वास्थ्यमा आपतकालीन जोखिम व्यवस्थापनको लागि अतिरिक्त एम्बुलेन्स सेवाहरूको संञ्चालन । | एम्बुलेन्स | २ |
| | | एम्बुलेन्स सेवाको व्यवस्थापनका लागि क्षमता विकास गर्न प्रशिक्षण *(मानव संसाधन विकास)* । | तयारी | १ |
| | | ३ वटा एम्बुलेन्स सेवा (२ व्यक्ति र एम्बुलेन्स सहितको) मद्धे एक एम्बुलेन्स सेवा नरिमलामा हुने गरी त्यस सेवालाई सहायक समाग्री/ उपकरण, मर्मत संभार र संञ्चालन खर्च । | मोटामोटी * वर्ष | ५ |
| | | व्यवसायिक योजन सहितको औषधि पसलहरु संञ्चालनको लागि युवाहरुलाई ससर्त कोष सहयोग *(युवा विकास)* । | औषधि पसलहरु | १५ |
| | | विद्यमान ५ वटा पुनर्वास केन्द्रहरूमा सुविधा सुधार । | पुनर्वास केन्द्रहरू * २ पटक | १० |
| | | राज्य र केन्द्रमा सम्वन्धित निकायहरूको सहयोगमा औषधि, उपकरणहरु, एन्टिबायोटिकको प्रयोगको अनुगमन । | पटक | १२५ |
| 14.4 | गापामा प्रतिरोधात्मक, प्रवर्द्धक, उपचारात्मक र पुनर्स्थापनात्मक (Palliative) स्वास्थ्य हेरचाह र चिकित्साका सेवाहरूमा नागरिकहरूको | राज्यका सम्वन्धित निकायहरू, विभागहरू र सरोकारवालाहरूसँग समन्वय र निःशुल्क आधारभूत स्वास्थ्य सेवाहरूको लागि सबै नागरिकहरूलाई स्वास्थ्य-उपचार-प्याकेज र निर्देशिका । | पटक | २० |

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| | पहुँच सुनिश्चित गर्ने *(सामाजिक सुरक्षा क्षेत्र)*। | | | |
| | | नियमित स्वास्थ्य अभियान र मोबाइल स्वास्थ्य सेवाहरूको लागि गैरसरकारी र निजी संस्थाहरूसँग सहकार्य। | पटक | १५ |
| | | दूर-स्वास्थ्य सेवाहरूको लागि गैरसरकारी र निजी संस्थाहरूसँग सहकार्य। | | २ |
| | | सबै नागरिकलाई स्वास्थ्य बीमाको पहल। | पहल | १ |
| | | खोप सेवाहरूको दिगोपनका लागि *'खोप कोष'* को स्थापना। | वर्ष | ५ |
| 14.5 | गापामा वालवालिकाको आधारभूत स्वास्थ्य र कुपोषणको घटनाहरू न्यूनीकरण गर्न स्वास्थ्य केन्द्रहरूमा सुविधा र सेवाहरूको सुनिश्चितता गर्ने। | सबै स्कूलमा विद्यार्थीहरूको जुका, रक्ताल्पता र कुपोषण आदि को नियमित स्वास्थ्य जाँचको लागि स्वास्थ्य केन्द्रहरूको परिचालन *(शिक्षा र वालवालिका र किशोरावस्था)*। | तयारी | १० |
| | | स्कूले वालवालिकाहरूलाई खोप सेवा नियमित गर्न सवन्धित निकाय र विभागहरूसँग समन्वय *(वालवालिका र किशोरावस्था)*। | समन्वय | २० |
| 14.6 | गापाका विद्यमान स्वास्थ्य चौकीहरूमा नागरिकहरूको राम्रो स्वास्थ्य देखभालको लागि संरचना र चिकित्सा सुविधाहरूमा सुधार गर्ने। | विद्यमान स्वास्थ्य चौकीहरूको भवन संरचनाहरूको निर्माण र नवीकरण। | भवन | ५ |
| | | राम्रो स्वास्थ्य सुविधाहरूको लागि स्वास्थ्य चौकिरूलाई सामग्री र उपकरणहरू प्रदान। | समाग्रीहरू * वर्ष | ५ |
| 14.7 | गापामा सूरक्षित प्रजनन स्वास्थ्य, परिवार नियोजन र सूरक्षित मातृशिशुका लागि अधिकारसम्मत प्रजनन सेवाहरूको पहुँच सुनिश्चित गर्ने *(लैङ्गिक समानता, र महिला सशक्तिकरण)*। | सुँडेनीका {Traditional Birth Attendant (TBA)} लागि सीप विकास तालिम र प्राथमिक उपचारका समाग्रीाहरू (Medical kit) प्रदान *(मानव संसाधन)*। | तयारी | २ |
| | | गर्भनिरोधक साधन र खोपहरूको प्रयोगको लागि परामर्श र जनचेतना वृद्धि गर्न वाल महिला आमा स्वास्थ्य सेविकालाई सहयोग प्रदान। | ४५ सेविकाहरू * वर्ष | २२५ |
| | | दक्ष सुँडेनी {Skill Birth Attendant (SBA)} को नियुक्ति। | ५ SBA * वर्ष | २५ |
| | | प्रसूति स्वास्थ्य हेरचाह, शिशु जन्मका लागि आवश्यक सुविधाहरू (Birthing facilities) र पोषण सहित गर्भवती महिलाहरूको नियमित जाँच *(लैङ्गिक समानता, र महिला सशक्तिकरण)*। | मोटामोटी * वर्ष | २५ |
| 14.8 | गापामा आधुनिक स्वास्थ्य सेवा सुविधा, सेवाहरू (आपतकालीन शल्य-चिकित्सा र ट्रमा उपचार) र सिप विकासको लागि उच्च प्रविधि सहितको बहुउद्धेश्यीय स्वास्थ्य सेवा र सीप विकास केन्द्र (Hi-tech multipurpose health service and skill development center) स्थापना गर्ने। | अस्पतालका सेवाहरू, योग, पञ्चकर्म र शारीरिक स्वास्थ्यका सुविधा, कुशल जनशक्ति तयार र ज्येष्ठ नागरिकको सीप प्रयोग गरी उनीहरूलाई विकास प्रक्रियामा संलग्न गराउने एक *'उच्च प्रविधि सिप सृजना केन्द'*रूपाटारमा स्थापना गर्न सम्भाव्यता अध्ययन सर्वेक्षण। | सम्भाव्यता अध्ययन | १ |
| | | HSCC स्थापनाका लागि रूपाटारको कमिने पाखामा जग्गा प्रदान। | मोटामोटी | १ |
| | | गापाको सहकार्य कोष, गापाका घरधुरीको सेयर र दातृहरूको सहयोग कोषबाट HSCC को स्थापना। | गापाको कोष * वर्ष | ४ |

### *खानेपानी तथा सरसफाई विकास*

सुरक्षित खानेपानीको आपूर्ति तथा सरसफाईका सेवाहरूको पहुँच सार्वजनिक स्वास्थ्य सुधार गर्न र राष्ट्रिय गरीबी न्यूनीकरणका उद्देश्यहरुलाई पूरा गर्ने आधारभूत आवश्यकता हो । यी आवश्यक आधारभूत सेवाहरूमा नागरिकको पहुँचको अभावले रोगको उच्च जोखिम बढाउँद छ । असुरक्षित पानीको प्रयोगका कारण दुबै ग्रामीण र शहरी क्षेत्रका धेरै मानिसहरू पानीजन्य र पानी सम्बन्धी रोगहरूबाट प्रभावित छन । त्यसैले यस सेवालाई नेपालको संविधानले मौलिक हकको रूपमा व्यवस्था गरेको छ । साथै, अन्तर्राष्ट्रिय रुपमा समेत दिगो विकास लक्ष्य-६ ले खानेपानी तथा सरसफाई सम्बन्धी सन् २०३० सम्म सबैको निम्ति खानेपानीको साथै सरसफाईको उपलब्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने लक्ष्य निर्धारण गरेको छ । यस व्यवस्थालाई नेपालको नेपालमा वि.स. १९५१ देखि शुरुवात भएको खानेपानी र सरसफाइको निरन्तर व्यवस्थापनले हालसमम लगभग ९४.९% जनसङ्ख्यालाई आधारभूत स्तरको र २०% जनसङ्ख्यालाइ सुधारिएको ( उच्च तथा मध्यम स्तर) खानेपानी सेवामा पहुँच पुऱ्याएको अवस्था छ । सरसफाईतर्फ हालका वर्षमा उल्लेख्य प्रगति भई ९८% घरधुरीले आधारभूतस्तरको सरसफाई सेवा उपयोग गरिरहेका छन् जसबाट बालमृत्युदर कम हुन, सरदर आयु वृद्धि हुन र नागरिकको समग्र स्वास्थ्य अवस्थमा सुधार भई उत्पादनशील समयमा वृद्धि भएको तथा सामाजिक रहनसहन र बालबालिकाको विद्यालय उपस्थिति दरमा अनुकूल सुधार गन योगदान पुगेको छ । तथापि विभिन्न प्राकृतिक तथा मानवजन्य कारणले स्रोतहरुमा आएको ह्रासका कारण पानीको उपलब्धतामा कमी आएको छ । अपेक्षा अनुरुप खानेपानी सेवालाई सुरक्षित, भरपर्दो र दिगो बनाउन सकिएको छैन । मानव बस्तीको विस्तार र विकाससँगैं मानव मल-मुत्रजन्य फोहोरको व्यवस्थापनको अभावमा नदीनाला, जलाशय तथा वातावरण क्रमश प्रदूषित हुँदै गएका छन् ।

नेपालको संविधानद्वारा प्रदत खानेपानी ⁄ सरसफाईको अधिकार अनुरुप सबैलाई स्वच्छ र सुरक्षित खानेपानीको आपूर्ति गर्नु, ह्रास हुँदै गएका सतहगत तथा अन्य पानीका स्रोतको जगेर्ना गर्नु, खानेपानी ⁄ सरसफाईका संरचनालाई जलवायु परिवर्त्तन अनुकूल तथा विपद् व्यवस्थापनमैत्री बनाउँदै लैजानु, खानेपानी तथा सरसफाईको सेवामा परेको चाप व्यवस्थित गर्नु, परिवर्तित संरचनाको सन्दर्भमा खानेपानी तथा सरसफाई क्षेत्रको व्यवस्थित विकासका लागि तिनै तहमा क्षमता अभिवृद्धि गर्नु, शहर/बस्तीमा उपयुक्त आर्थिक ⁄ प्राविधिक उपायद्वारा मानव सिर्जित मल मूत्र लगायतका फोहोर पानीको सङ्कलन र प्रशोधन गरी उचित व्यवस्थापन गर्नु यस क्षेत्रका प्रमुख चुनौती हुन् । यद्यपि परविर्तित सन्दर्भमा समुदाय स्तरमा आयोजना पहिचान, तर्जुमा र कार्यान्वयनबाट उत्तरदायित्व वृद्धि हुने, जीवन शैलीमा आएको सुधारसँगै गुणस्तरयुक्त खानेपानी र सरसफाई सेवाको बढ्दो माग, नदीनाला, तालतलैया तथा जलाशय लगायत अन्य वातावरणीय स्वच्छताका विषयमा जनचेतनामा आएको सकारात्मक अभिवृद्धि, खानेपानी र सरसफाईको सेवा प्रवाहमा निजी क्षेत्रको बढ्दो आकर्षण, सामुदायिक, गैरसरकारी तथा विकास साझेदारको सहभागिता र अन्य सम्भावनाको खोजी यस क्षेत्रका अवसरहरु पनि हुन् ।

ताप्ली गापामा पाइपको खानेपानीमा पहुँच भएका मानिसहरुको जनसङ्ख्या ९१% छ । त्यस्तै, शौचालय सुविधामा पहुँच पुगेका परिवारहरूको जनसङ्ख्या ९८% । यद्यपि पाइपयुक्त पानीको पहुँच पाइरहेका कतिपय घरपरिवारको समाजिक तथा आर्थिक अवस्था तुलनात्मक हिसाबले राम्रो छ । तर गापामा पानीको उपलब्धता घट्दै गइरहेको छ । रूपाटार र ठानागाउँका वासिन्दाहरूले पानीको हाहाकारमा भोग्नुपरेको छ । कतिपय ठाउँमा खानेपानीका पुराना संरचनाहरु काम लाग्ने अवस्थामा छैनन् भने कतिपय बस्तीमा पाइपयरक्त खानेपानीको पहुँच विस्तार गर्नुपर्ने छ । पानीका स्रोतहरू सुक्दै गएका छन् । ठोस फोहोरमैला व्यवस्थापनको कुनै प्रणालीको विकास भएको छैन । यिनै परिवेशमा गापाको खानेपानी/सरसफाईका लागि निम्न सोच, लक्ष्य, उद्धेश्य र कार्यको तर्जूमा गरिएको छ :

#### *खानेपानी/सररफाई उपक्षेत्रगत सोच*

स्वच्छ र सुरक्षित खानेपानीको दिगो आपूर्ति र सरसफाइको सेवा सुविधायुक्त ताप्ली गापा ।

#### *उपक्षेत्रगत लक्ष्य*

सबै घरमा आधारभूत स्तरको खानेपानी ⁄ सरसफाई सेवाको पहुँचको सुनिश्चित गर्दै गुणस्तरीय सेवा विस्तार गर्ने ।

#### *उद्धेश्यहरू*

- सुरक्षित पानीको पर्याप्त आपूर्ति र सरसफाईका सेवालाई गरीब, सीमान्तकृत र विपन्न घरधुरीलाई प्राथमिकता दिदै सबैलाई सेवा सुनिश्चित गर्ने ।
- सुरक्षित र खानेपानी आपूर्ति र सरसफाईको विस्तारक्षेत्र बढाउने ।

- शुल्क सहितको मौसम परिवर्त्तन र विपद्सँग सम्वद्ध खानेपानी, सरसफाई र सिंचाई जस्ता बहुउपयोगी सेवा MUSS र सुविधाहरू मागमा आधारित जलाशयको निर्माण गर्ने ।
- माइक्रो बेसीं स्तरको जलाधारबाट पानीका सबै स्रोत र मुहानहरूको सुरक्षा गर्ने ।
- मौसम परिवर्त्तन र विपद्सँग सम्वद्ध गराई स्थानीय सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने ।

***अपेक्षित उपलब्धि***

- *'खानेपानी तथा सरसफाईको कार्यक्रम र कार्यको ढाँचा'* निर्माण तथा कार्यन्वयन हुने ।
- जल उपभोक्ता तथा सरसफाई संघ WUSA को संञ्जाल, मार्फत् जलवायु परिवर्त्तन र विपद्सँग सम्वद्ध गरी गरीब, सीमान्तकृत र वञ्चित घरधुरीलाई प्राथमिकता दिदै ५ वटा खानेपानी आपूर्ति र सरसफाई योजना सञ्चालन हुने ।
- मध्यमस्तरको खानेपानी र सरसफाई योजनामा शुल्क धारणको व्यवस्था सञ्चालनमा आउने, शुल्क धारणानुरुप आधरभूत स्तरबाट मध्यमस्तर सम्म पुऱ्याउन १,१५० घरधुरीको नक्साङ्कन सहितको खानेपानीको आपूर्ति र सरसफाई हुने र खानेपानीको सेवा नपुगेका र न्यून आयका २२५ घरधुरीमा सुलभ चर्पि सहितको पाइप-पानीको जडान् हुने ।
- विजुवा खोला देखि वार्ड-५को मैयावारीमा जलाशयको निर्माणको सम्भाव्यता अध्ययन र सोलाई लगानी सेयरका आधारमा मैयावारीमा परिक्षण र परिक्षणपश्चात् हरेक वडामा गरी जम्मा ५ ठाउँमा विस्तार हुने ।
- प्रदूषण रहित, चरिचरन मुक्त र निर्माण गतिविधि विहिन जलस्रोतको मूहान संरक्षण गर्न आचार संहिता र निर्देशिकाको निर्माण हुने, ५० वटा स्थानमा साइनपोष्ट राख्ने, १५० हेक्टरमा मूहानका माइक्रो बेसी स्तरमा वृक्षारोपण हुने र मूहानहरू संरक्षण गर्न विद्यार्थी लगायत सबै नागरिकलाई जागरुक बन्ने ।
- खानेपानी आपूर्ति र सरसफाईका स्किमहरूको योजना, विकास र व्यवस्थापन प्रभावकारी बनाउन WUSA का १५ जना सदस्यहरूलाई तालिम, योजना सञ्चालन र MUSS को मर्मत संभारका गर्न प्रशिक्षण र सरसफाईका लागि महिला समूह, युवा क्लब र अन्य संस्थाहरूको परिचालन हुने ।
- जलस्रोतहरूको मूहानको सर्वोउत्तम व्यवस्थापनका लागि पुरष्कार योजनाको नियमित व्यवस्था हुने ।

***अनुमानित लागत***

यस उपक्षेत्रका कार्यक्रमहरुको कार्यन्वयनमा ५ वर्षको अवधिमा अनुमानित कुल बजेटको १.७३% अर्थात नेरु. १६२,४००,००० लाग्नेछ ।

खानेपानी तथा सरसफाई विकासका रणनीति तथा कार्यक्रमहरु तल तालिकामा राखिएका छन् ।

***खानेपानी/सरसफाई उपक्षेत्रका रणनीति तथा कार्यक्रमहरू***

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| 15 | **खानेपानी तथा सरसफाई** | | | |
| 15.1 | गापामा पर्याप्त र सूरक्षित पानीको आपूर्ति र सरसफाईका सेवालाई गरीब, सीमान्तकृत र विपन्न घरधुरीलाई प्राथमिकता दिदै जलवायु परिवर्त्तन र विपद् व्यवस्थापनसँग आबद्ध गरी सबैलाई सेवा सुनिश्चित गर्न उपयुक्त वातावरण बनाउने । | पानीको आपूर्ति र सरसफाईसँग सम्वद्ध नीति र मुद्धाहरुका बारेमा सम्वन्धित मन्त्रालय र विभाग, र सरोकारवालाहरुसँग समन्वय । | वैठक | १५ |
| | | खानेपानीको आपूर्ति र सरसफाईको क्षेत्रमा *'एक घर एक धारो'* प्रावधानलाई अन्य क्षेत्रगत मुद्धाहरूसँग सम्वद्ध गराई *'खानेपानी तथा सरसफाईको कार्यक्रम र कार्यको ढाँचा'* निर्माण । | कार्यक्रम र कार्यको ढाँचा | १ |
| | | जल उपभोक्ता तथा सरसफाई संघ WUSA को संञ्जाल, उनीहरूको प्रमाणीकरण र निर्णय प्रक्रियामा संलग्नता । | WUSA संञ्जाल * वर्ष | ५ |
| | | जलवायु परिवर्त्तन र विपद् व्यवस्थापनसँग सम्वद्ध गरी गरीब, सीमान्तकृत र वञ्चित घरधुरीलाई प्राथमिकता दिदै प्रतेक वार्डका वार्षिक पानी आपूर्ति र सरसफाई योजना निर्माण । | वार्षिक योजना | ५ |
| 15.2 | गापामा सहभागितामूलक व्यवस्थापनाबाट सूरक्षित र पर्याप्त पिउने पानी आपूर्ति र सरसफाई सेवाहरूको विस्तार क्षेत्र बढाउने । | प्रत्येक वडामा संञ्चालनमा नरहेका खानेपानी योजनाहरूको पहिचान र तिनीहरूको पूनःस्थापना । | योजना | १० |
| | | ताप्ली गापाका मध्यमस्तरको खानेपानी र सरसफाई योजनामा शुल्क धारण गर्न सर्वसम्मतिबाट सहमति विकास । | कार्याशाला गोष्ठी | १ |
| | | सेवा-शुल्कको धारणानुरुप पानीको वितरण र सरसफाई सुविधालाई आधरभूत अवस्थाबाट मध्यमस्तर सम्म पुऱ्याउन लक्षित घरधुरीको पहिचान तथा नक्साङ्कन । | नक्साङ्कन | १ |
| | | ताप्ली गापाका आधरभूत अवस्थाका पानीको वितरण र सरसफाई सुविधालाई वृद्धि गरी ११५० घरधुरीमा सेवा-शुल्क सहित मध्यम स्तरको सेवा सुविधा प्रदान । | घरधुरी | ११५० |
| | | खानेपानीको वितरण विस्तार नपुगेका र न्यून आयका सबै लक्षित घरधुरीमा सुलभ चर्पि सहितको पाइप-पानीको धारा जडान् । | घरधुरी | २२५ |
| 15.3 | गापामा सेवा र विस्तारलाई दिगोरूपमा प्रदान गर्न पर्याप्त शुल्क सहितको मौसम परिवर्त्तन र विपद् व्यवस्थापनसँग सम्वद्ध खानेपानी, सरसफाई र सिंचाई जस्ता बहु-उपयोगी सेवा {Multi-Use Services (MUSS)} र सुविधाहरू मागमा आधारित जलाशयको निर्माण गर्ने । | जलवायु परिवर्त्तन र विपद् व्यवस्थापनसँग सम्वद्ध गरी सेवा शुल्क सहितको MSS का लागि सम्वन्धित मन्त्रालय र विभाग, र सरोकारवालाहरूसँग समन्वय । | समन्वय | १५ |
| | | विजुवा खोला देखि ताप्लीको वार्ड-५को मैयावारीमा MUSS अनुरूप बिजुवाबाट पानी डोहऱ्याई मागमा आधारित जलाशयको निर्माण गर्न सम्भाव्यता अध्ययन *( अनुसंधान र विकास)* । | तयारी | १ |
| | | MSS अनुरूप बिजुवा खोलाबाट पानी डोहऱ्याई माग भएनुसार जलाशय निर्माण कार्यलाई मौसम परिवर्त्तन र विपद व्यवस्थापनसँग सम्बद्ध गरी लगानी सेयरका आधारमा मैयावारीमा परिक्षण । | परिक्षण स्थल | १ |
| | | MSS अनुरूप मागनुसार जलाशय निर्माण कार्यलाई मौसम परिवर्त्तन र विपद व्यवस्थापनसँग सम्बद्ध गरी लगानी सेयरका आधारमा अन्य वस्तीहरूमा विस्तार । | विस्तार स्थलहरू | ५ |

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| 15.4 | ताप्ली गापामा खानेपानी आपूर्तिका सबै योजनाहरूको माइक्रो बेसीं स्तरको जलाधारबाट पानीका सबै स्रोत र मुहानहरूको सुरक्षा गर्ने । | WUSA सँगको सहकार्यमा प्रदूषण रहित, चरिचरन मुक्त र निर्माण गतिविधि विहिन जलस्रोतको मूहान संरक्षण गर्न आचार संहिता र निर्देशिकाको निर्माण । | आचार संहिता र मार्गनिर्देशिका | १ |
| | | प्रदूषण, चरन र निर्माण जस्ता कार्यहरू जलस्रोतहरुको सबै मूहानमा प्रतिवन्ध गर्ने सूचना सहितको साईन पोष्ट, र यस्ता पोष्टका प्रत्येक २ बर्षमा अध्यावधिकीकरण । | साइन पोष्ट * पटक | ५० |
| | | पेय पानी आपूर्तिको जलस्रोतका सबै मूहानका माइक्रो बेसी स्तरका जलाधारमा वृक्षारोपण । | हेक्टर | १५० |
| | | खानेपानीको मूहान स्रोतहरूमा छाडा चरिचरन र वन विनास नियन्त्रण गर्न यपभोक्ताहरूको गस्ती । | मोटमोटी * वर्ष | २५ |
| 15.5 | खानेपानी आपूर्ति र सरसफाईका कार्यक्रमहरूको दिगोपनका लागि मौसम परिवर्त्तन र विपद्सँग सम्वद्ध गराई स्थानीय सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने । | दिगोरूपमा जलस्रोतको सबै मूहानहरूलाई जलवायु परिवर्त्तन र विपद्सँग सम्वद्ध गरी ताजा जलको संरक्षण गर्न सबै नागरिकलाई प्रभावग्राहीकरण (Sensitization)। | घटना * वर्ष | ५ |
| | | मौसम परिवर्तन र विपद्का विषयसँग ताजा पानीको संरक्षण, खानेपानी र सरसफाईलाई सम्वद्ध गरी विद्यार्थीहरूका लागि जनचेतना बृद्धी कार्यक्रम । | ३८ वटा स्कूल * वर्ष | १९० |
| | | उदयीमान नव प्रविधि र नविन अभ्यासहरूलाई मध्यनजर गरी खानेपानी आपूर्ति र सरसफाईका स्किमहरूको योजना, विकास र व्यवस्थापन प्रभावकारी बनाउन WUSA का सदस्यहरूलाई तालिम *(मानव संसाधन विकास)*। | तयारी | १५ |
| | | योजनाहरूको सञ्चालन र MUSS को मर्मत संभारका लागि प्रशिक्षण *(मानव संसाधन विकास)*। | तयारी | ५ |
| | | जलस्रोतहरूको मूहानको सर्वोउत्तम व्यवस्थापनका लागि पुरष्कार योजना *(राष्ट्रिय एकता)*। | तयारी | ५ |
| | | ताप्ली गापामा सरसफाईको स्थिति सुधार गर्न महिला समूह, युवा क्लब र अन्य संस्थाहरूको परिचालन । | मोटामोटी * वर्ष | ७५ |

### *युवा विकास*

युवा शक्ति राष्ट्रको अमूल्य सम्पत्ति हो । युवाहरू राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणको अग्रगामी र परिवर्तनका संवाहक हुन् । युवाहरू साहस, रचनात्मकता, सीखने योग्यता र उच्च आत्मविश्वासको कारण राष्ट्रको मुख्य सम्पदाको रूपमा रहेका छन् जुन राष्ट्र निर्माणको प्रमुख स्रोत मानिन्छ । नेपालमा १६ वर्ष देखि ४० वर्षको उमेर समूहका कुल जनसङ्ख्याको ४३.३% जनसङ्ख्या युवा वर्गमा पर्दछ । गुणात्मक र मात्रात्मक दुबै दृष्टिकोणबाट युवाहरू देशको मेरुदण्ड भएकाले उनीहरुलाई राष्ट्रिय विकासको मूलधारमा ल्याउनु आवश्यक छ । यसका लागि राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, सामाजिक, साँस्कृतिक र आर्थिक अधिकारहरुको  पूर्ण उपयोग गर्ने वातावरण तयार गरी युवाको सर्वाङ्गीण विकास, सशक्तीरण र युवा उद्यमशीलताका लागि शिक्षा, स्वास्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्ने संवैधानिक व्यवस्था रहेको छ । युवाहरुको अर्थपूर्ण सहभागिता, योग्यता र नेतृत्व विकासको माध्यमबाट सम्पन्न, आधुनिक र पूर्णरुपले न्यायिक नेपाल निर्माण गर्ने उद्धेश्यले नेपाल सरकारले *'राष्ट्रिय युवा नीति (२०७२)'* पनि लागु गरेकोछ । संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को प्रस्ताव नं २२५०, दिगो विकास लक्ष्यहरु र युथ भिजन (२०२५) ले युवाको विकास र सहभागितामा जोड दिएको छ । तथापि नेपालको सर्बाङ्गीण विकासमा युवाहरुको भूमिकालाई सशक्त बनाउन सकिएको छैन । युवा लक्षित नीति, योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयन हुन नसक्नु, बजारको माग र जनशक्तिको आपूर्तिबीच सामञ्जस्य नहुनु, युवा विकासको लागि ठोस योजना नहुनु, युवासँग सम्बन्धित तथ्याङ्कीय आधार नहुनु, युवाहरुलाई उद्यमशीलता तथा रोजगारीका अवसरहरु सीमित हुनु, ठूलो सङ्ख्यामा युवा शक्ति विदेश पलायन हुनु, गरिबी, विभेद, कुरीति र अन्धविश्वासजन्य चिन्तन तथा अभ्यासहरु समाजमा विद्यमान रहनु युवा विकासका प्रमुख अवरोध हुन् ।

ताप्ली गापाको एकीकृत विकासमा युवाहरुको भूमिकालाई गर्दा गापामा  १५-४० वर्षका युवाहरुको जनसङ्ख्या ४४.२% छ जो राष्ट्रिय औसत युवाको जनसङ्ख्याको ४०% भन्दा बढी छ । युवाको जनसङ्ख्याको यो मान ताप्ली गापाको विकासको लागि सुनौलो अवसर हो । यद्यपि यो शक्ति विशेषगरी पुरुष रोजगारीको लागि बिदेशीने क्रम बढ्दो छ । गापामा रोजगारीका कुनै नयाँ अवसरहरु छैनन् । केही युवा क्लबहरू छन् तर प्रायः धेरै क्लबहरुको संस्थागत क्षमता कमजोर छ र यी निष्क्रिय छन् । युवा विकासको लागि युवा क्षमताको विकास गर्नु, युवा प्रतिभा पलायनलाई रोक्नु, युवा लक्षित जीवनोपयोगी, प्राविधिक र व्यावसायिक शिक्षा सर्वसुलभ रूपमा उपलब्ध गराउनु, गापामा रोजगारीका अवसर वृद्धि गर्नु, युवामा सकारात्मक सोचको निर्माण गरी स्वयंसेवी संस्कृतिको विकास र श्रमको सम्मान गने संस्कृतिको विकास गर्नु, वित्तीय स्रोतमा युवाको सहज पहुँच सुनिश्चित गर्नु, युवा सशक्तीकरण गदै गापाको तथा राष्ट्रको सामाजिक, सांस्कृतिक तथा आर्थिक रूपान्तरण गर्नु, विद्यमान जनसाङ्ख्यीक लाभलाई उपयोग गर्नु जस्ता कार्यक्रमबाट चुनैतीहरुलाई अवसरमा बदल्न सक्नु पर्दछ । यिनै यथार्थलाई मनन् गरी ताप्लीको युवा विकासका निम्न सोच, लक्ष्य, उद्धेश्य र कार्यको तर्जूमा गरिएको छ :

#### ***युवा उपक्षेत्रगत सोच***

दक्ष युवा शक्ति ताप्ली गापाको समाजिक-वातावरणीय विकासको बलियो जग ।

#### ***उपक्षेत्रगत लक्ष्य***

सबै विषगत क्षेत्रका स्वस्थ, सकरात्मक सोचयुक्त, सिर्जनशील, अधिकारप्रति सचेत र कर्तव्यनिष्ट युवाशक्तिको विकास तथा परिचालन गर्ने ॥

#### ***उद्धेश्यहरू***

- युवाद्वारा सञ्चालित उद्यम तथा साना व्यवसायहरूलाई वित्त व्यवस्था गर्ने ।
- युवाकासाना व्यवसायका लागि प्राविधिक र व्यवसायिक सीपहरूको क्षमता अभिबृद्धि गर्ने ।
- युवाका उच्च तुलनात्मक लाभका भौगोलिक क्षेत्रहरूमा उच्च मूल्यको कृषि उत्पादनहरुको वाणिज्ययीकरण गर्ने ।
- क्षमता विकास र युवाका योजनाहरुबाट खाद्य सुरक्षाको स्थानीय संयन्त्र सबल बनाउने ।
- युवाहरूको प्रवासनको प्रवृत्ति न्यूनिकरण गर्ने ।
- युवा शक्तिलाई रोजगारमूलक कृषि, उद्यमशीलता, साना कुटीर र अन्य उद्योगहरूको मूलधारमा प्रवाहित गर्ने ।

***अपेक्षित उपलब्धि***

- युवाका रोजगारीका कार्यलाई *'प्रधानमन्त्री स्वरोजगार कोष'* र *'राष्ट्रपति महिला उत्थान कार्यक्रम', 'गरीबी उन्मूलन कोष'* र *'साना उद्यमी स्वयंरोजगार कोष'* सँग आवद्ध हुने, युवाहरुको योजना सहितका ५ वटा सञ्जाल, क्षमता विस्तार, वित्तिय व्यवस्था र ५ व्यवसाय सञ्चालनमा हुने ।
- युवाका साना व्यवसायका लागि बहुउद्धेशीय कृषि नर्सरीहरूका लागि ५ जना, एफ.एम. रेडियो र टिभी स्टेशनबाट आधुनिक प्रविधि र नवप्रवर्तनीय सूचनाहरुको प्रसारण गर्न २ जना, १०० जनालाई कृषि/पशु विकासका सेवाका योजना बनाउन र ५ जनालाई सेवा विस्तार गर्न, ३८ जनालाई तुलनात्मक लाभको क्षेत्रहरुमा व्यापार योजना सहित उदयीमान गराउन, १० जनालाई खानेपानी मिस्त्री र अन्य सीप, महिला र गरीब सहितका १७५ जनालाई व्यवसायिक/सीप र व्यवसायिक योजनाहरू बनाउन, १५ जना युवाहरुलाई औषधि पसल, २५ जनालाई घरमा वायरिङ्ग, र बिजुली उपकरण, सौर र बायोग्याँस उपकरणको मर्मत संभार जस्ता प्राविधिक/व्यवसायिक सीपहरूको क्षमता अभिबृद्धि हुने र व्यवसायबाट स्वरोजगारीको ग्यारेण्टी हुने ।
- व्यवसायिक योजना सहित ५ जनाले सुन्तला, ५ जनाले अलैंची, ५ जनाले तरकारी, १० जनालाई निबुवा-कागती, १० जनाले अदुवा, ४ जनाले आलु र ९ जनाले परिवहन सुविधा सहितको *'दुग्ध विकास व्यवसायिक योजना'* दुध भण्डारण कार्यन्वयन गरी निर्यातमूखी कृषि उत्पादन हुने ।
- युवाद्वारा *'जगेडा भंडार' सञ्चालन,* १५ जनाबाट एकीकृत खेती, एकीकृत कीट व्यवस्थापन, जल व्यवस्थापन, २५ जनाबाट जैव विविधताको वैज्ञानिक व्यवस्थापन, ७० जनाबाट बाखा र सँगुर पालन, १० जनाबाट कूकिङ्ग र होटल-लज व्यवस्थापन, १० जनाबाट संस्कृति संरक्षणको संस्थागत विकास, १५ जनालाई औषधि विज्ञान अध्ययन र फार्मास्यूटिकल केन्द्र सञ्चालन र शिक्षावृतिको व्यवस्थाबाट आयबृद्धि भइ खाद्य सुरक्षा सुनिश्चित हुने ।
- युवाको प्रवासन पलायन रोक्न १७५ जना युवाकका २० वटा स्किम कार्यन्वयन हुने, पलायन संभाव्य १५ बस्तीमा सडक, सिंचाई, विद्यालय, बिजुली आदिका संरचना र सुविधा विस्तार हुने, र आप्रवासीका ५ योजनामा संयुक्त लगानी गरी प्रवासन प्रवृतिको न्यूनीकरण हुने ।
- गापाका साना उद्यम, साना कुटीर, जल र खनिज उद्योगमा १०० जनालाई रोजगारीको अवसर, युवाहरुका १३ वटा व्यापारका स्किम लागि प्रधानमन्त्री स्वरोजगार कोष लिन मिलान कोष र सहकारीबाट कोषको व्यवस्था, वैदेशिक रोजगारबाट फर्केका ५० जनालाई रोजगार केन्द्रित कृषि, उद्यमशीलता, साना कुटीर र अन्य उद्योगहरूमा सहयोग हुने ।

***अनुमानित लागत***

यस उपक्षेत्रका कार्यक्रमहरुको कार्यन्वयनमा ५ वर्षको अवधिमा अनुमानित कुल बजेटको २.९७% अर्थात नेरु. २७९,४५४,००० लाग्नेछ ।

युवा विकासका रणनीति तथा कार्यक्रमहरु तल तालिकामा राखिएका छन् ।

***युवा उपक्षेत्रका रणनीति तथा कार्यक्रमहरू***

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| 16 | **युवा विकास** | | | |
| 16.1 | ताप्ली गापामा युवाद्वकारा सञ्चालित उद्यम तथा साना व्यवसायहरूलाई कृषिवनसँग आवद्ध गरी प्रवर्द्धधन गर्न वित्त सहयोग सहितको प्रावधानको व्यवस्था गर्ने । | युवाका कार्यक्रमहरुलाई *'प्रधानमन्त्री स्वरोजगार कोष'* र *'राष्ट्रपति महिला उत्थान कार्यक्रम', 'गरीबी उन्मूलन कोष'* र *'साना उद्यमी स्वयंरोजगार कोष'* {Small Entrepreneur Self Employment Fund (YSESEF)} सँग आवद्ध गराई युवाहरुलाई उत्पादन क्षेत्रमा संलग्न गराउन विषयगत मन्त्रालय, विभाग र सरोकारवालाहरुसँग समन्वय । | समन्वय | १० |
| | | व्यवसायिक योजनानुसार कार्यक्रम लागु गर्न युवाहरुको संञ्जाल बनाउन सहजीकरण । | सञ्जार्ल * योजना * वर्ष | ५ |
| | | युवाद्वारा संचालित उद्यमहरुलाई प्रवधिक सहयोग । | प्राविधिक सेवा | २ |
| | | युवाका  व्यवसायिक योजनाहरुको लागि बैङ्कबाट कर्जा र बिमा सहयोग । | सालाखाला * वर्ष | ५ |
| 16.2 | ताप्ली गापामा युवाद्वारा सञ्चालित साना व्यवसायका लागि विभिन्न क्षेत्रमा युवाहरूको प्राविधिक र व्यवसायिक सीपहरूको क्षमता अभिबृद्धि गर्ने । | युवा किसानद्वारा सञ्चालित ग्रामीणस्तरीय बहुउद्धेशीय कृषि नर्सरीहरूमा फलफूल, तरकारी, डालेघाँस र रूखका प्रजातिहरूका लागि युवा उद्यमीलाई प्रशिक्षण । | तयारी | ५ |
| | | एफ.एम. रेडियो र टिभी स्टेशनहरू आदिबाट कृषि र पशु स्वास्थ्यका विषयमा आधुनिक प्रविधि र नवप्रवर्तनीय सूचनाहरुको प्रसारणको लागि युवाहरू परिचालन । | युवा * वर्ष | २५ |
| | | उच्च तुलनात्मक लाभको भौगोलिक क्षेत्रहरुमा युवालाई किसानको रूपमा उदयीमान गराउन उनीहरुलाई व्यापार योजना बनाउन र कार्यान्वयन गर्न प्रशिक्षण । | तयारी | ३८ |
| | | १०० जना कृषकहरुलाई कृषि-पशु विकासका सेवाका लागि व्यवसायिक योजना लागु गर्न प्रशिक्षण । | तयारी | १०० |
| | | कृषि-पशु विकासका सेवा र व्यवसायिक योजना बनाउन युवा किसानलाई प्रशिक्षण । | तयारी | १५ |
| | | १० जना युवालाई खानेपानी मिस्त्री र अन्य सीपहरूको तालिम । | तयारी | १० |
| | | महिला र गरीब सहितका १७५ जना युवाहरुलाई व्यवसायिक/सीप र उनीहरुको व्यवसायिक योजनाहरू बनाउन  तालिम *(मानव संसाधन विकास)*। | तयारी | १७५ |
| | | १५ जना युवाहरुलाई औषधि पसल संञ्चालन गर्न तालिम *(स्वास्थ्य र पोषण)*। | तयारी | १५ |
| | | घरमा वायरिङ्ग, र बिजुली उपकरण, सौर र बायोग्याँस उपकरणहरुको मर्मत संभार गर्न बिजुली मिस्त्रीको लागि युवाहरुलाई प्रशिक्षण *(उर्जा र मानव संसाधन विकास)*। | तयारी | २५ |
| 16.3 | ताप्ली गापामा युवा संलग्नता, कृषिवन र सहकारीलाई एकीकृत गरी उच्च तुलनात्मक लाभका भौगोलिक क्षेत्रहरूमा उच्च मूल्यको कृषि उत्पादनहरुको वाणिज्ययीकरण (Commercialization) गर्ने । | सुन्तला खेतीको व्यवसायिक योजनालाई कृषिवनसँग एकीकृत गरी कार्यन्वयन र सुन्तला खेतीलाई बजारीकरण गर्न युवा कृषकहरुलाई ससर्त सहयोग । | युवा कृषक | ५ |
| | | अलैंची खेतीको व्यवसायिक योजनालाई कृषिवनसँग एकीकृत गरी कार्यन्वयन र अलैंची खेतीलाई बजारीकरण गर्न युवा कृषकहरुलाई ससर्त सहयोग । | युवा कृषक | ५ |
| | | तरकारी खेतीको व्यवसायिक योजनालाई कृषिवनसँग एकीकृत गरी कार्यन्वयन र तरकारी खेतीलाई बजारीकरण गर्न युवा कृषकहरुलाई ससर्त सहयोग । | युवा कृषक | ५ |
| | | निबुवा-कागती खेतीको व्यवसायिक योजनालाई कृषिवनसँग एकीकृत गरी कार्यन्वयन र निबुवा-कागती खेतीलाई बजारीकरण गर्न युवा कृषकहरुलाई ससर्त सहयोग । | युवा कृषक | १० |
| | | अदुवा खेतीको व्यवसायिक योजनालाई कृषिवनसँग एकीकृत गरी कार्यन्वयन र अदुवा खेतीलाई बजारीकरण गर्न युवा कृषकहरुलाई ससर्त सहयोग । | युवा कृषक | १० |
| | | आलु खेतीको व्यवसायिक योजनालाई कृषिवनसँग एकीकृत गरी कार्यन्वयन र आलु | युवा कृषक | ४ |

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| | | खेतीलाई बजारीकरण गर्न युवा कृषकहरुलाई ससर्त सहयोग। | | |
| | | दुध भण्डारण र परिवहन सुविधा सहितको *'दुग्ध विकास व्यवसायिक योजना'* लाई कृषि वनसँग एकिकृत गरी कार्यन्वयन र यसलाई बजारीकरण गर्न युवा कृषकहरुलाई ससर्त सहयोग। | युवा कृषक | ९ |
| 16.6 | क्षमता विकास र युवाका योजनाहरुबाट खाद्य सुरक्षाको स्थिति संबोधन गर्न स्थानीय संयन्त्र सबल बनाउने *(कृषि र उद्योग क्षेत्र र मानव संसाधन विकास)*। | ताप्ली गापाका प्रत्येक वडामा औषधि पसल र अन्य सेवाहरूको व्यवसाय योजनाहरू लागु गरी कृषि-पशु सेवाहरुका लागि युवा किसानहरूलाई ससर्त सहयोग। | योजना | १५ |
| | | ठानागउँमा सुविधा सहितको *'जगेडा भंडार'* स्थापना गर्न युवा कृषकलाई ससर्त सहयोग। | युवा * वर्ष | २५ |
| | | एकीकृत खेती (जैविक मल, एकीकृत कीट व्यवस्थापन, जल व्यवस्थापन) र अन्य तरिकाहरूको लागि युवाहरुलाई परिचालन। | घरधुरी | ५० |
| | | वन्यजन्तु सहित सामुदायिक वन र जैव विविधताको वैज्ञानिक व्यवस्थापनमा युवाहरूको बढ्दो भूमिकाका लागि २५ जना युवाहरूको संलग्नता *(वन र जैवविविधता)*। | तयारी | २५ |
| | | बाख्रा र सँगुर पालनसँग सम्बद्ध उद्यम विकासको प्रशिक्षण र अध्ययन भ्रमण कार्यक्रममा ७० जना युवाको संलग्नता *(मानव संसाधन विकास र उद्योग)*। | व्यक्ति | ७० |
| | | कुकिङ्ग र होटल-लज व्यवस्थापनको प्रशिक्षणमा १० जना युवाको संलग्नता *(पर्यटन र मानव संसाधन विकास)*। | तयारी | १० |
| | | संस्कृति संरक्षणको संस्थागत विकास गर्न युवा क्लबहरूलाई प्रशिक्षण *(पर्यटन र मानव संसाधन विकास)*। | तयारी | ५ |
| | | महिला र गरीब समेतका १७५ युवालाई व्यावसायिक/सीप प्रशिक्षण र उनीहरुको व्यवसायिक योजनाहरुको तर्जुमा *(मानव संसाधन विकास)*। | तयारी | १७५ |
| | | औषधि विज्ञान अध्ययन गर्न र फार्मास्युटिकल केन्द्रहरू सञ्चालन गर्न १५ जना युवाहरूलाई शिक्षावृति *(स्वास्थ्य र पोषण)*। | तयारी | १५ |
| 16.7 | युवाहरूको प्रवासनको प्रवृत्ति न्यूनिकरण गर्न ताप्ली गापामा अवसरहरूको सृजना गर्ने *(जनसंङ्ख्या तथा बसाँईसराई)*। | युवाहरूको प्रवासनको प्रवृत्ति न्यूनिकरण गर्ने २० वटा स्किम बनाउन र त्यसको कार्यन्वयन गर्न १७५ जना युवाहरुलाई सहयोग। | योजना | २० |
| | | प्रवासनको प्रवृत्ति कम गर्न प्रवासनका दृष्टिले जोखिम बस्तीहरुमा सडक, सिंचाई, विद्यालयहरू, बिजुली आदिका संरचना र सुविधाहरूको सुधार। | वस्तीहरु | १३ |
| | | आप्रवासीलाई आकर्षण गर्न आप्रवासीका रोजगारी सृजना गर्ने र निर्यात गर्ने व्यवसायहरुको संञ्चालनमा सरलीकरण सुविधा र संयुक्त लगानी। | व्यक्तिहरु/संस्था | ५ |
| 16.8 | ताप्ली गापाका युवा शक्तिलाई रोजगार केन्द्रित (Employment centric) कृषि, उद्यमशीलता, साना कुटीर र अन्य उद्योगहरूको मूलधारमा प्रवाहित गर्ने *(उद्योग)*। | गापाका साना उद्यम, साना कुटीर, जल र खनिज उद्योगहरूमा रोजगार अवसरहरू प्रदान। | व्यक्तिहरु/व्यवस्थाका लागि खर्च | १०० |
| | | युवाहरुका १३ वटा व्यापारका स्किम लागि प्रधानमन्त्री स्वरोजगार कोष र कोषको पहँचका लागि गापाबाट मिलान कोष सहयोग र सहकारीबाट कोषको व्यवस्था। | व्यापारका स्किम | १३ |
| | | वैदेशिक रोजगारबाट फर्केका ५० जना युवाहरूलाई सीपमा आधारित स्थानीय उद्यममा संलग्न गराउन सहयोग। | व्यक्ति | ५० |

### लैङ्गिक समानता, समावेशी र महिला सशक्तीकरण

नेपालमा बिभिन्न वर्ग/समूहहरूका समाजकल्याणका सूचाङ्कहरु विभन्न अनुपातमा निरन्तर सुधार भइरहेको । विगतका दशकमा गरीबीको स्तर नाटकीय रूपमा घटेको छ यद्यपि स्थान विशेष समानताको अवस्था र सामाजिक पहिचानका आधारमा अझै पनि धेरै असमानताहरु व्याप्त छन् । उदाहरणका लागि, नेपालको जीवनस्तर सर्वेक्षण {Nepal Living Standards Survey (NLSS) 2011} मा नेपालमा गरीबीको रेखामुनि रहेका मानिसहरुको अनुपात सन् २००३/०४ देखि २०१०/११ सम्ममा ३१% बाट घटेर २५% मा पुगेको थियो । हालाङ्की गैर दलितको (२३%) तुलनामा दलितको गरीबीको यो दर अत्यधिक (४२%) छ । त्यस्तै गरी नेपालमा ५०% महिला र १५% पुरुष अशिक्षित थिए जवकि पहाडी/हिमाली भेगका ३२% महिला अशिक्षित थिए जुन अवस्था तराई महिलामा ६०% ले बढी थियो । नेपालका महिलाहरु आयमूलक काममा पुरुषभन्दा प्रतेक दिन औसतमा एक घण्टा मात्र कम काम गर्छन् जवकि गैरआय क्षेत्रमा महिलाको कार्यभार पुरुषभन्दा तिनगुणाे बढी छ । महिला कर्मचारीको हकमा सन् २०१४ मा निजामती सेवामा १०.६% र राजपत्रानाङ्कीत तहमा २०% महिला थिए । महिला जनसङ्ख्याको २०% देखि ५०% महिलाले उनीहरूको जीवनकालमा हिंसाको अनुभव भोग्नु परेको थियो (जनसाङ्खीकीय स्वास्थ्य सर्वेक्षण २०११) ।

नेपालको संविधानले लैङ्गिगक विभेदको अन्त्य गर्न सङ्कल्प सहित महिलालाई लैङ्गिगक भेदभावविना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ सम्बन्धी हक, राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक लगायत मौलिक हकको प्रत्याभूति गरेको छ । राष्ट्रिय जनगणना (२०६८) को तथ्याङ्क अनुसार सम्पतिमा स्वामित्व पुगेको महिला २६% र मतृ मृत्यु दर प्रतिलाख जीवित जन्ममा २३९, महिला र पुरुषको श्रमशक्ति सहभागिता दर क्रमशः २६.३ र ५३.८% तथा बेरोजगारी दर क्रमशः १३.१ र १०.३% छ । त्यसैगरी कुल प्रजनन दर २.३% रहेको छ । नेपालले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी माहासन्धि (१९७९) को अनुमोदन गरी सोँही अनुरूप नीति तथा कार्यक्रमहरु कार्यन्वयन गर्दै आएको छ । त्यसैगरी दिगो विकासका लक्ष्य ३,४, ५, ९, १०, ११ र १४ मा यो विषय समावेश भएको छ । महिलहरुको क्षमता, श्रम, सीप र पसिनालाई विकास प्रक्रियामा लगाई संविधानको मर्म अनुरूप सामाजिक समानता कायम गर्न आवश्यक छ ।

माथिका प्राधान अनुसार ताप्ली गापामा लैङ्गिक समानता, समावेशी र महिला सशक्तीकरणकाबारेमा प्रगती प्रतिवेदनहरु पाइदैनन् । गापाका महिलाको जनसङ्ग्याको लगभग ४८.५% रहेको छ । लैङ्गिक अनुपात सरदरमा १०५.७ छ जो रूपाटारमा सबैभन्दा बढी (१११) र लेखगाउँमा सबैभन्दा कम (१०१) छ । गापाका हरेक वडामा महिला समूहहरु छन् तर यिनीहरुको संस्थागत अवस्था कमजोर छ । यसका लागि आर्थिक/सामाजिक जीवनमा सारभूत लैङ्गिगक समानता कायम गर्नु, गापामा लैङ्गिगक दृष्टिकोणलाई मूलप्रवाहीकरण गरी लैङ्गिक उत्तरदायी शासन पद्धति संस्थागत गर्नु, संघ र प्रदेश बीच लैङ्गिक समानता सम्बन्धी नीति, योजना तथा कार्यक्रमहरु सामाञ्जस्यता कायम गर्नु पारिवारिक/सामाजिक मूल्य, मान्यता र लैङ्गिक भूमिकामा परिवर्त्तन ल्याउनु, महिलाको घरेलु श्रम र हेरचाह कार्यलाई मूल्य कायम गरी राष्ट्रिय आर्थिक आयमा महिलाको योगदानको गणना गनु, महिलामाथि हुने सबै किसिमका हिंसा, विभेद र शोषणको अन्त्य गर्नु, सम्पतिमाखथ महिलाको पहुँच स्थापित गर्नु, ग्रामीण महिला सहित समग्रमा सबै महिलको जीवनमा सुधार ल्याउनु, विद्यालय शिक्षामा लैङ्गिक समदर कायम गर्नु जस्ता कार्यहरु गर्नु पर्दछ । यिनै यथार्थलाई मनन् गरी ताप्ली गापाको लैङ्गिक समानता, समावेशी र महिला सशक्तीकरणका निमित्त निम्न सोच, लक्ष्य, उद्धेश्य र कार्यको तर्जूमा गरिएको छ :

#### लैङ्गिक समानता/समावेशी/महिला सशक्तीकरणका उपक्षेत्रगत सोच

समाजिक-वातावरणीय समृद्धिको लागि लैङ्गिक समनतामूलक ताप्ली गाउँपालिका ।

#### उपक्षेत्रगत लक्ष्य

महिला/लक्षित वर्गको सामाजिक/आर्थिक क्षमता अभिवृद्धि गरी समान/अर्थपूर्ण सहभागिता सहित सारभूत समानता कायम गर्ने ।

#### उद्धेश्यहरू

- नीति, कानून र योजना तर्जुमाकै अवस्था देखि महिलाको सहभागिता ५०% ले सुनिश्चित गरी लैङ्गिक समानताका लागि उपयुक्त वातावरण बनाउने ।
- सबै क्षेत्रहरुमा लैङ्गिक समानता र महिला सशक्तिकरणको समीक्षाका लागि संयन्त्र विकास गर्ने ।

- समाजिक र आर्थिक रुपबाट वञ्चित महिलाहरूको सामाजिक उत्थान र आर्थिक सार्वभौमताको लागि सशक्तिकरण गर्ने ।
- प्रसूति स्वास्थ्य हेरचाह, शिशु जन्मका आवश्यक सुविधा र राम्रो पोषणावस्थाका सुविधाहरुको सुनिश्चितता गर्ने ।
- ताप्ली गापामा सबै प्रकारका घरेलु हिंसा र सामाजिक विभेदको बिरूद्ध महिलाहरूलाई सशक्त बनाउने ।

***अपेक्षित उपलब्धि***

- गापाको *'लैङ्गिक समानता र महिला सशक्तिकरणको कार्यक्रम र कार्यको ढाँचा'* निर्माण, आचार संहिता सहित तयार र मानव संसाधन र बजेटसहितको वेग्लै कार्य इकाईको स्थापना हुने ।
- लैङ्गिक समानताका र महिला सशक्तीकरणका लागि २५ वटा जनचेतना कार्यक्रम र घरेलु हिंसा/सामाजिक विभेद बिरूद्ध २५ वटा जनचेतना र जनजागरण अभियान हुने ।
- सबै वार्डहरुको लैङ्गिक नक्शा र सूचक सहितको आधार-तथ्याङ्क तयार र वार्षिक अध्यावधिकीकरण हुने ।
- लैङ्गिक समानताका कार्यक्रम र कार्यहरू सहितको महिला समूहहरुको छाता संञ्जाल हुने र २ जना सामाजिक परिचालकहरू मार्फत समूहहरु परिचालन हुने ।
- गरीब महिला सदस्यहरुको १० वटा महिला समूहको संस्थागत विकासका लागि संस्था संञ्चालन, वचत/ऋण, हिसाव किताव व्यवस्थापन गर्न क्षमता अभिबृद्धि हुने र उनीहरुको १ सहकारी संस्था हुने ।
- स्वास्थ्य सेवामा आधारभूत स्वास्थ्य सहायक पढन ५० जना बालिकालाई छात्रवृत्ति, २५ जनालाई नर्सिङ्ग शिक्षा पढन छात्रवृत्ति ।
- प्रसूति स्वास्थ्य, बर्थिङ्ग सुविधा र पोषणको लागि गर्भवती महिलाहरूको नियमित जाँच ।
- सबै प्रकारका घरेलु हिंसा र सामाजिक विभेदको कानुनी परामर्श, पैरवी र अन्य उपचार लागि सो अन्त्यका लागि समर्पित right-based संस्थासँग समन्वय हुने र कानुनी उपायका लागि एकल महिलालाई सहयोग हुने ।

***अनुमानित लागत***

यस उपक्षेत्रका कार्यक्रमहरुको कार्यन्वयनमा ५ वर्षको अवधिमा अनुमानित कुल बजेटको ०.९४% अर्थात नेरु. ८८,३०५,००० लाग्नेछ ।

लैङ्गिक समानता/समावेशी/महिला सशक्तीकरण विकासका रणनीति तथा कार्यक्रमहरु तल तालिकामा राखिएका छन् ।

***लैङ्गिक समानता/समावेशी/महिला सशक्तीकरणका रणनीति तथा कार्यक्रमहरू***

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| 17.1 | नीति, कानून र योजना तर्जुमाकै अवस्था देखि ताप्ली गापाका विकासका हरेक क्षेत्रका कार्यक्रम र कार्यहरुका ढाँचा निर्माण गर्दा महिलाको सहभागिता ५०% ले सुनिश्चित गरी लैङ्गिक समानताका लागि उपयुक्त वातावरण बनाउने । | ताप्ली गापाको *'लैङ्गिक समानता र महिला सशक्तिकरणको कार्यक्रम र कार्यको ढाँचा'* निर्माण गर्न विषयगत मन्त्रालय र विभागहरूसँग समन्वय । | बैठक | १० |
| | | सामाजिक र आर्थिक रूपबाट वञ्चित महिलाहरुको सामाजिक र आर्थिक परिवर्तनका लागि राष्ट्रपति महिला उत्थान कार्यक्रम र राष्ट्रिय महिला समितिसँग समन्वय । | बैठक | १० |
| | | विद्यमान सबै नीतिहरू, ऐन र कार्यक्रमहरूको पुनरावलोकन तथा समीक्षा, र *'लैङ्गिक समानता र महिला सशक्तिकरणको कार्यक्रम र कार्यको ढाँचा'* निर्माण । | कार्यक्रमको ढाँचा | १ |
| | | लैङ्गिक समानताका संवेदनशील विषयहरुका लागि आचार संहिता निर्माण र सबै क्षेत्रमा यस संहिताको कार्यान्वयन । | आचार संहिता | १ |
| | | लैङ्गिक समानताका र महिला सशक्तीकरणका लागि जनचेतना कार्यक्रम अभियान । | अभियान * वर्ष | २५ |
| 17.2 | गापामा सबै क्षेत्रहरुमा लैङ्गिक समानता र महिला सशक्तिकरणको समीक्षाका लागि संयन्त्र विकास गर्ने *(तथ्याङ्क प्रणाली)* । | लैङ्गिक समानता र महिला सशक्तिकरणको मामिला हेर्न गापा कार्यलयमा 'सामाजिक विकास समिति' अन्तर्गत मानव संसाधन र बजेटसहितको बेग्लै कार्य इकाईको स्थापना । | इकाइ * वर्ष | |
| | | ताप्ली गापाका सबै वार्डहरुको लैङ्गिक नक्शा र सूचकहरु सहितको आधार-तथ्याङ्क तयार र वार्षिकरुपमा आधार-तथ्याङ्कको अध्यावधिकीकरण *(तथ्याङ्क प्रणाली)* । | आधार-तथ्याङ्क/नक्सा * वर्ष | ५ |
| | | ताप्ली गापाका क्षेत्रगत र गापाका सबै प्रतिवेदनहरू र प्रकाशन समाग्रीहरुमा लैङ्गिक समानताका विषयहरुको लागि पर्याप्त स्थान दिने व्यवस्था । | विस्तृत प्रतिवेदन | ५ |
| 17.3 | गापामा समाजिक र आर्थिक रूपबाट वञ्चित महिलाहरूको सामाजिक उत्थान र आर्थिक सार्वभौमताको लागि सशक्तिकरण गर्ने । | गापाको सबै क्षेत्रहरूमा लैङ्गिक समानताका कार्यक्रम र कार्यहरू सहितको महिला समूहहरु र गापा स्तरीय समूहहरूको छाता संञ्जाल । | घटना * वर्ष | ५ |
| | | २ जना सामाजिक परिचालककहरू मार्फत समूहहरु परिचालन । | परिचालक * वर्ष | १० |
| | | सबै वार्डका सामाजिक र आर्थिकरुपमा गरीब महिला सदस्यहरुको महिला समूहको संस्थागत विकासका लागि तालिम (संस्था संञ्चालन, बचत/ऋण, हिसाब किताव व्यवस्था इ.) मार्फत् क्षमता अभिबृद्धि *(मानव संसाधन विकास)* । | १० समूहको तयारी * ३ तालिम * वर्ष | १५० |
| | | सामाजिक र आर्थिकरुपले गरीब महिला सदस्यहरूको समूहलाई राष्ट्रपति महिला उत्थान कार्यक्रम र राष्ट्रिय महिला समितिसँग आवद्ध गर्न सहयोग र सबै समूहहरुलाई निरन्तर सहयोग । | महिला समूहहरु | १० |
| | | सामाजिक र आर्थिक हिसाबले गरीब महिला सदस्यहरूको महिला समूहलाई उनीहरूको चासोको सहकारी व्यवस्थापनका लागि सहयोग । | सहकारी | १ |
| | | स्वास्थ्य सेवाहरूको लागि आधारभूत स्वास्थ्य सहायक पढन बालिकालाई छात्रवृत्ति । | छात्रा * वर्ष | ५० |
| | | गरीब आर्थिक अव्यवस्थाका घरधुरीका छात्रालाई उच्च शिक्षाको लागि शिक्षावृति । | छात्रा * वर्ष | ५० |
| | | छात्राहरुलाई नर्सिङ्ग शिक्षा पढन छात्रवृत्ति । | छात्रा * वर्ष | २५ |
| | | लैङ्गिक समानता र महिला सशक्तिकरणको उत्कृष्ट कार्य सम्पादन प्रदर्शन गर्ने महिला समूहलाई पुरस्कार र प्रोत्साहन *(राष्ट्रिय एकता)* । | तयारी * वर्ष | ५ |
| 17.4 | गापामा प्रसूति स्वास्थ्य हेरचाह, शिशु जन्मका आवश्यक सुविधा र राम्रो पोषणावस्थाका सुविधाहरुको सुनिश्चितता गर्ने *(स्वास्थ्य र पोषण)* । | प्रसूति स्वास्थ्य, बर्थिङ्ग सुविधा र पोषणको लागि गर्भवती महिलाहरूको नियमित जाँच । | तयारी * वर्ष | २५ |
| 17.5 | गापामा सबै प्रकारका घरेलु हिंसा र सामाजिक विभेदको बिरूद्ध महिलाहरूलाई सशक्त बनाउने । | सबै वार्डहरूमा सबै घरेलु हिंसा र सामाजिक विभेद बिरूद्ध जनचेतना र जनजागरण अभियान । | अभियान * वर्ष | २५ |
| | | सबै प्रकारका घरेलु हिंसा र सामाजिक विभेदको कानुनी परामर्श, पैरवी र अन्य उपचार लागि सो अन्त्यका लागि समर्पित right-based संस्थासँग समन्वय गर्न सहजीकरण । | घटनामा आधारित सहयोग | २५ |
| | | घरेलु हिंसाको बिरूद्ध उपयुक्त कानुनी उपायका लागि एकल महिलालाई सहयोग । | मोटामोटी सहयोग | ५० |

### *बालवालिका तथा किशोरकिशोरी*

बालबालिका तथा किशोरकिशोरी समाजका अभिन्न अङ्ग हुन् र विकासका कुनै पनि गतिविधिले यिनीहरुको हितलाई समेट्नु पर्दछ । नेपालको संविधानले बालबालिकाको हकलाई मौलिकले हकको रुपमा व्यवस्था गरी बाल बचाउ, बाल संरक्षण, बालविकास र बाल सहभागिता जिस्ता विषयहरु समेटी सर्वाङ्गीण विकासको प्रत्याभूत गरेको छ । बालअधिकार सम्बन्धी महासन्धि (१९८९) तथा अन्य बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि र इच्छाधीन आलेखहरूमा गरेको प्रतिबद्धताअनुरूप नेपाल सरकारले बाल अधिकार सम्बन्धी नीति तथा कानुन तर्जुमा गरी कार्यान्वयन गदै आएको छ । *दिगो विकासको लक्ष्य-४ (समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने) र लक्ष्य-५ (लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी तथा बालबालिकाहरूलाई सशक्त बनाउने)* मा बालबालिकाको गुणस्तरीय शिक्षा तथा स्वास्थ्य, सुरक्षित, पहुँचयोग्य र सार्वजानिक हरितस्थलमा पहुँच, बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने सबै प्रकारका विभेद, शोषण, दुर्व्यवहार र हिंसाको अन्त्य गरी सशक्त गर्ने जस्ता लक्ष्य छन् । नेपाल सरकार बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सहित अन्य अन्तर्राष्ट्रिय सन्धिहरूको पक्ष राष्ट्र हो र बालबालिका तथा किशोरकिशोरीको विषयलाई सम्बोधन गर्न नेपालले *बालबालिका सम्बन्धि ऐन (२०७५)* र *राष्ट्रिय किशोर स्वास्थ्य र विकास रणनीति (२०५७)* को व्यवस्था गरेको छ । यिनै महासन्धि र कानुनी व्यवस्था अनुरुप नेपाल सरकारले बालबालिका तथा किशोरकिशोरीको विकासका कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने हुन्छ ।

माथिका प्रावधानहरु केही हदसम्म नेपालमा लागु भएता पनि सबै बालबालिकाको गुणस्तरीय शिक्षा र स्वास्थ्यमा सहज पहुँच नहुनु, मनोरञ्जन, बालसहभागिता, बालमैत्री वतावरणको अभाव हुनु, बालश्रम र सडक बालबालिकाको अवस्था विद्यमान रहनु, असाहय र अनाथ बालबालिकाको संरक्षण तथा व्यवस्थापन हुन नसक्नु, बालविवाह, हिंसा, शोषण, यौन दुर्व्यवहार, बलात्कार, हत्या, अनधिकृत ओसार पसार विद्यमान रहनु, किशोरी शिक्षाको कमी हुनु, कानुनको विवाद र बाल विज्याईंजस्ता समस्याको प्रभावकारी सम्बोधन गरी उनीहरूको भावी जीवनलाई सहज बनाउँदै परिवार र समाजमा पुनर्मिलन र पुनर्स्थापना गराउन नसक्नु र वैकल्पिक स्याहारको माध्यमबाट अनाथ बालबालिकाको पुनर्स्थापना गर्न नसक्नु यस क्षेत्रका जल्दाबल्दा राष्ट्रिय समस्या हुन् ।

ताप्ली गाउँपालिकामा बच्चाहरू र किशोर किशोरीहरूको जनसङ्ख्याको अनुपात ४३.८६% छ । यी बालबालिका तथा किशोरकिशोरीहरुको गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवाहरूमा पर्याप्त पहुँच नहुनुका साथै गापामा बालमैत्री वातावरणको अभाव छ । तथापि संविधानले बावबालिकाको हकलाई मौदिक हकको रुपमा प्रत्याभूत गर्नु, संघीय संरचना अनुसार यिनीहरुका लागि छुट्टै कानुन, नीति, योजना, कार्यक्रम तथा सस्थागत संयन्त्र स्थानीय तहदेखि संघीय तहसम्म स्थापना तथा सत्तचालन हुँदै जानु, दिगो विकासको लक्ष्यमा यो विषय समावेश हुनु र राज्यको तिनै तहको सरकारको अधिकार क्षेत्रभित्र पर्नु, सेभ द चिल्ड्रेन तथा स्थानीय संघ-संस्थाविच लमो समय देखि समन्वय, सहकार्य तथा सहजीकरणमा कार्यक्रमहरु संञ्चालनमा रहनु जस्ता वर्त्तमान अवस्थाहरु गापामा बाल तथा किशोरकिशोरीहरुको विकास प्रवर्द्धन गर्नका लागि अवसरहरु हुन् ।

माथिका यथार्थलाई मनन् गरी ताप्ली गापाको बालबालिका तथा किशोरकिशोरीहरुको विकासका निमित्त निम्न सोच, लक्ष्य, उद्धेश्य र कार्यको तर्जूमा गरिएको छ :

#### ***बालवालिका/किशोरकिशोरी उपक्षेत्रगत सोच***

बाल अधिकारको सुनिश्चित बालमैत्री समाजको विकास ।

#### ***उपक्षेत्रगत लक्ष्य***

सबै प्रकारका हिंसा, दुर्व्यहार र शोषणबाट मुक्त गराउँदै बालबालिका तथा किशोरकिशोरीहरुलाई गापाको विकास गर्दै राष्ट्र निर्माणयोग्य र सक्षम नागरिकको रुपमा विकास गर्ने ।

#### ***उद्धेश्यहरू***

- बाल स्वास्थ्यका अवस्थामा सुधार गरी बाल मृत्युदर न्यून गर्ने ।
- दिगो विकासको लक्ष्य-४ अनुसार सबै बच्चाका लागि निःशुल्क बाल शिक्षामा समावेशी र समान पहुँचको प्रावधानको सुनिश्चित गरी किशोरकिशोरी मैत्री वातावरण सृर्जना गर्ने ।

- सबै बच्चा र किशोर किशोरीहरूलाई सबै प्रकारका शारीरिक र मानसिक लगायत विभेद सबै प्रकारका हिंसा, विभेद, दुर्व्यवहार, शोषण र उपेक्षको अन्त्य गर्ने
- बच्चाहरूलाई सक्रिय र जिम्मेवार नागरिककारुपमा तयार पारी पुस्तान्तरणमा देशको भावि नेताकारुपमा तयार पार्दै लाने ।

***अपेक्षित उपलब्धि***

- सबैसरोकारवालाहरूको घोषणपत्रमा *'स्कूल बाहिर कुनै वालवालिका नहुन्'* नीति समावेश हने र कार्यन्वयनमा आउने ।
- सबै स्कूलमा बिद्यार्थीहरूको जुका, रक्ताल्पता र कुपोषण आदि को ६० पटक नियमित स्वास्थ्य जाँच हुने ।
- बाल पोषण र शिक्षा सुधारका वार्षिक १७ वटा सहभागितामूलक कार्यक्रम हुने ।
- सबै स्कूलमा बाल अधिकार र प्रजनन स्वास्थ्यको लागि शिक्षकहरूलाई क्षमता अभिबृद्धिका लागि वार्षिक १७ वटा तालिम हुने ।
- विद्यालयको ग्रेड-१ मा वालवालिकाको उपस्तिथिमा सुधार ल्याउन ५ वटा भर्ना अभियान सञ्चालन हुने ।
- अल्पसङ्ख्यक, वञ्चित र शिक्षामा भिन्न क्षमता भएका बच्चाहरूको आवश्यकता सुनिश्चिता गर्न क्षमता अभिबृद्धि हुने, र विद्यार्थिको कुल भर्नाको १०५ सिट छात्रवृत्तिको रुपमा जोखिम अवस्थाका, अल्पसङ्ख्यक, वञ्चित र फरक क्षमताका बच्चाहरूको लागि दिने प्रावधान कार्यान्वयन हुने ।
- सबै ECD का बच्चाहरूलाई दिउँसो खाजाको दिगो प्रवन्ध हुने ।
- सबै स्कूल र सार्वजनिक स्थानहरूमा बच्चा मैत्री संरचनाहरू निर्माणका हुने ।
- बच्चाहरूमा गरिने हिंसा बिरूद्ध सबै वार्डहरूमा जनचेतना र जागरणका २५ वटा अभियान सञ्चालन हुने ।
- सबै वार्डमा आपतकालिन बाल उद्धार कोषको व्यवस्था हुने ।
- अन्तरपुस्ताका मुद्धाहरू सम्बोधन गर्न उत्कृष्ट बच्चाहरूको चयन गर्न मापदण्ड लागु हुने ।
- १०० जना नेता विद्यार्थीहरु निर्माण हुने ।

***अनुमानित लागत***

यस उपक्षेत्रका कार्यक्रमहरुको कार्यन्वयनमा ५ वर्षको अवधिमा अनुमानित कुल बजेटको १.५२% अर्थात नेरु.१४३,०२५,000 लाग्नेछ ।

बालवालिका तथा किशोरकिशोरीका विकासका रणनीति तथा कार्यक्रमहरु तल तालिकामा राखिएका छन् ।

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| 18 | **वाल तथा किशोर** | | | |
| 18.1 | विषयगत निकायहरुको सहकार्यमा स्वास्थ्य केन्द्रहरूको सेवा संञ्चालनबाट ताप्ली गापामा बाल स्वास्थ्यका अवस्थामा सुधार गरी बाल मृत्युदर न्यून गर्ने *(स्वास्थ्य र सरसफाई, र शिक्षा)* । | स्कूले बच्चाहरूलाई खोपहरू नियमित गर्न सम्वन्धित निकाय र विभागहरूसँग समन्वय । | खोप कार्य * वर्ष | २० |
| | | सबै स्कूलमा बिद्यार्थीहरूको जुका, रक्ताल्पता र कुपोषण आदि को नियमित स्वास्थ्य जाँचको लागि स्वास्थ्य केन्द्रहरूको परिचालन र अन्य सरोकारवालाहरुको संलग्नताको व्यवस्था *(स्वास्थ्य र पोषण र शिक्षा)* । | स्वास्थ्य परिक्षण * वर्ष | ६० |
| | | ँबाल पोषण र शिक्षा सुधार गर्नका लागि  कार्यक्रम र कार्यहरू गर्न सरोकारवालाहरूसँग सहभागितामूलक कार्य । | बालकेन्द्र * वर्ष | ८५ |
| | | सबै स्कूलमा बाल अधिकार र प्रजनन स्वास्थ्यको लागि शिक्षकहरूलाई आधारभूत प्रशिक्षण । | स्कूल * वर्ष | ८५ |
| 18.2 | दिगो विकासको लक्ष्य-४ अनुसार ताप्ली गापामा सबै बच्चाका लागि नि:शुल्क बाल शिक्षामा समावेशी र समान पहुँचको प्रावधानको सुनिश्चित गर्ने । | राजनैतिक नेता, गापाका प्रतिनिधि, गापाका सल्लाहकार सदस्य, कर्मचारी आदिलाई दिगो विकासको विशेषगरी लक्ष्य-४ जस्ले जोखिममा रहेका, अल्पसङ्ख्यक, वञ्चित र शिक्षामा भिन्न क्षमता भएका बच्चाहरूको आवश्यकता सुनिश्चि गर्नेबारे प्रभावग्राहीकरण । | प्रभावग्राहीकरण * वर्ष | ५ |
| | | सबै राजनीतिक पार्टी, सामाजिक नेता लगायतका सरोकारवालाहरूको घोषणपत्रमा *'स्कूल बाहिर कुनै वालवालिका नहुन्'* नीति समावेश गरी जोखिम अवस्थाका, अल्पसंख्यक, वञ्चित र फरक क्षमताका बच्चाहरुलाई नि:शुल्क शिक्षाका लागि प्रभावग्राही गर्ने व्यवस्था । | प्रभावग्राही * वर्ष | |
| | | विद्यालयको ग्रेड-१ मा वालवालिकाको उपस्तिथिमा सुधार ल्याउन भर्ना अभियान सञ्चालन । | भर्ना अभियान * वर्ष | |
| | | शिक्षा क्षेत्रको नीति बमोजिम विद्यालयहरुमा विद्यार्थिको कुल भर्नाको १०% सिट छात्रवृत्तिको रुपमा जोखिम अवस्थाका, अल्पसङ्ख्यक, वञ्चित र फरक क्षमताका बच्चाहरूको लागि दिने प्रावधान कार्यान्वयन कार्यन्वयन । | विद्यार्थिहरु * वर्ष | १८०० |
| | | सबै ECD का बच्चाहरूलाई दिउँसो खाजाको दिगो प्रवन्धको लागि सबै सरोकारवालाहरुलाई संलग्न । | ECD * वर्ष | ८५ |
| | | सबै स्कूलमा बिद्यार्थीहरूको जुका, रक्ताल्पता र कुपोषण आदि को नियमित स्वास्थ्य जाँचको लागि स्वास्थ्य केन्द्रहरूको परिचालन र अन्य सरोकारवालाहरुको संलग्नताको व्यवस्था *(स्वास्थ्य र पोषण)* । | पटक | ६० |
| 18.3 | ताप्ली गापाका सबै बच्चा र किशोर किशोरीहरूलाई सबै प्रकारका घरेलु हिंसा र सामाजिक विभेदबाट सूरक्षित राखी सुरक्षा सुनिश्चित गर्ने । | सबै बच्चाहरू र किशोर किशोरीहरूको सबै प्रकारको हिंसा र सामाजिक विभेदबाट कानुनत मुक्त र सूरक्षित जीवनको सुनिश्चितका लागि समन्धित निकाय र विभाग, र सरोकारवालावालाहरूसँग समन्वय । | वैठक | १० |
| | | सबै स्कूल र सार्वजनिक स्थानहरूमा बच्चा मैत्री संरचनाहरू निर्माणका लागि निर्देशन । | निर्देशन | |
| | | आपतकालिन बाल उद्धार कोषको स्थापनाको लागि वार्षिक कोष योगदान । | बाल उद्धार कोष | १ |
| 18.4 | बच्चाहरूलाई सक्रिय र जिम्मेवार नागरिककारुपमा तयार पारी पुस्तान्तरणमा देशको भावि नेताकारुपमा तयार पार्दै लाने । | अर्को पुस्ताका मुद्धाहरू सम्बोधन गर्न तयार पारिने उत्कृष्ट बच्चाहरूको चयन गर्न मापदण्डको विकास । | मापदण्ड | १ |
| | | ताप्ली गापा बाहिर एक्सपोजर घटनाहरूमा अभिमूख गराउन सम्भाव्य नेता विद्यार्थीहरूको चयन । | घटनाहरु | ५ |
| | | मुख्य सम्मेलन र गोष्ठीहरूको राष्ट्रिय मंञ्मा उत्कृष्ट विद्यार्थीहरूको लागि एक्सपोजर । | १० बच्चा * २ घटना वर्ष * ५ वर्ष | १०० |

### *ज्येष्ठ नागरिक*

नेपालको जनसाङ्खिकीय रूपरेखाले बढ्दो उर्वरता, जन्मदरमा वृद्धिको अपेक्षा (Expectation of life at birth rate) र आंशिक उमेरको बढ्दो आशाको परिणामस्वरूप आगामी दशकमा जनसङ्ख्यामा वृद्धि हुने अडकल गरेको छ। नेपालमा विगतमा वृद्ध जनसङ्ख्याको अनुपात पति १० लाखमा केही कमी भए पनि यो अनुपात क्रमशः बढ्दो छ। ज्येष्ठ नागरिकहरु समाजको अभिन्न अङ्ग हुन् र यसको उचित व्यवस्थापनले विकासको पहिचान दिन्छ।

नेपालको संविधानले ज्येष्ठ नागरिकको अधिकारलाई मौलिक अधिकारका रूपमा समाहित गरेको छ र राज्यले ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा प्रदान गरेको छ। दिगो विकास लक्ष्यहरुमा जेष्ठ नागरिकलाई सामाजिक सुरक्षाको लगायत सुरक्षित, समावेशी र पहुँचयोग्य हरित तथा सार्वजानिक खुल्ला ठाउँहरुमा पहुँच सर्वसुलभ गर्ने विषय समावेश भएको छ। सरकारले नागरिकको संरक्षण, स्याहारसुसार र सुरक्षा गर्नको लागि बृद्धा आश्रम ( हेरचाह केन्द्र) र दिवा सेवा केन्द सञ्चालन, यातायतमा विशेष सहुलियत, औषधोपचार खर्च, सामाजिक सुरक्षा भत्ता लगायतका सेवा प्रदान गरेको छ। तथापि ज्येष्ठ नागरिकलाई सेवा सुविधा र सामाजिक सुरक्षा पर्याप्त उलपब्ध गराउन सकिएको छैन। यसका साथै शारीरिक र मानसिक रुपमा असक्त, असाहय, एकल, वेवारिसे तथा पीडामा परेका ज्येष्ठ नागरिकको उचित संरक्षण गर्न सकिएको छैन। सन्तानले बाबु-आमा प्रति पुरा गर्नुपर्ने दायित्व बहन र हेरचाहमा क्रमशः ह्रास हुँदै गइरहेको छ। बुढ्यौलीको कारणले लाग्ने विभिन्न रोगहरुको निदान तथा उपचारको यथोचित व्यवस्था पनि छैन। उनीहरुको ज्ञान, सीप र अनुभव नयाँ पीढिमा हस्तान्तरण गर्न सकिएको छैन र राष्ट्रले यसबाट फायदा लिन सकेको छैन। यी विभिन्न कारणले समाजमा ज्येष्ठ नागरिक प्रतिको श्रद्धा र सम्मानमा स्खलन आइरहेको छ जो मुलुकको सर्वाङ्गिण विकासको लागि चुनैती हुन्।

ताप्ली गाउँपालिकामा ज्येष्ठ नागरिक (७० बर्ष भन्दा बढी उमेर) को अनुपात ३% छ। जेष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्नुको अलावा, जेष्ठ नागरिकले सामना गरिरहेका मुद्धाहरूलाई सम्बोधन गर्न र ज्येष्ठ नागरिकहरूको ज्ञान र सीपलाई नयाँ पुस्तामा सार्न ठोस प्रयासहरू भएका छैनन। गापाका जेष्ठ नागरिकहरुलाई सेवा सुविधा र सामाजिक सुरक्षा पर्याप्त उपलब्ध गराउन सकिएको छैन। शारीरिक र मानसिक रुपमा अशाहाय, एकल, पिडामा परेका जेष्ठ नागरिकको लागि कुनै स्याहार केन्द्र सञ्चालनमा छैन र उनीहरुको , बुढचौलीका स्वस्थ्य उपचारको कुनै बन्दोवस्ती पनि छैन। आगामी दिन तथा वर्षमा ताप्ली गापाले ज्येष्ठ नागरिकको विषयलाई समान रुपमा सम्बोधन र व्यपस्थापन गर्नु पर्दछ र उनीहरुको सेवा सुविधाको लागि विशेष व्यवस्था गर्नु पर्दछ। ज्येष्ठ नागरिकको ज्ञान र सीपलाई समाज तथा पूर्वाधार विकासमा उपयोग गर्नु, उनीहरुको आर्थिक तथा सामाजिक हक अधिकारको संरक्षण गर्नु, ज्येष्ठ नागरिकको उमेर वृद्धि हुँदै जाँदा वरिष्ठ नागरिक सम्बन्धित मुद्धाहरूको लागि विशेष ध्यानको व्यवस्था गर्नु जस्ता गापाका चुनौति र अवसरहरु हुन्।

मथिका बुँदाहरुलाई मनन् गरी ताप्ली गापाको ज्येष्ठ नागरिकका विकासका निमित्त निम्न सोच, लक्ष्य, उद्धेश्य र कार्यको तर्जूमा गरिएको छ :

#### ***ज्येष्ठ नागरिक उपक्षेत्रगत सोच***

सबै ज्येष्ठ नागरिकको संरक्षण र सम्मानित जीवनको प्रत्याभूति सहितको समृद्ध ताप्ली गाउँपालिका।

#### ***उपक्षेत्रगत लक्ष्य***

ज्येष्ठ नागरिकको जीवन सुरक्षित, सम्मानजनक, र ब्यबस्थित बनाई र गापााको समृद्धिका लागि उनीहरुको ज्ञान, सीप र अनुभवको उपयोग गरी ताप्ली गापाको दिगो विकास गर्ने र राष्ट्र निर्माणमा सहयोग पुऱ्याउने।

***उद्धेश्यहरू***

- जेष्ठ नागरिकहरूको राम्रो हेरचाह र स्याहासुसारका लागि एक संयन्त्र व्यवस्था गर्ने ।
- पारिवारिक, आर्थिक, र कानुनी माध्यमबाट ज्येष्ठ नागरिकहरूको अधिकारको रक्षा गर्ने ।
- ज्येष्ठ नागरिक, सेवानिवृत्त कर्मचारी र अन्यको ज्ञान, सीप, र अनुभव अभ्यासहरूलाई समाजको सामाजिक आर्थिक रूपान्तरणको लागि उपयोग गर्ने र अन्तर-युवापुस्ता सीप हस्तान्तरणको पहल गर्ने ।
- ज्येष्ठ नागरिकका लागि व्यवस्था गरिएका समाजिक सुरक्षा सहयोग लिन सरल व्यवस्था गर्ने ।

***अपेक्षित उपलब्धि***

- सबै ज्येष्ठ नागरिक क्लबको आर्थिक तथा सामाजिक विकासका लागि *'जेष्ठ नागरिकका कार्यक्रम र कार्यको ढाँचा'* तयार हुने र कार्यान्वयन हुने ।
- कार्यविधि निर्देशिका सहितको हरेक वार्डमा ज्येष्ठ नागरिक क्लब गरी जम्मा ५ क्लबहरु सञ्चालन हुने ।
- सरकारी र सार्वजनिक स्थानहरूमा कार्यालय, स्कूल र अन्य भवनहरूमा ज्येष्ठ नागरिक मैत्री संरचनाहरूको प्रावधानको कार्यान्वयन हुने ।
- घर विहिन ज्येष्ठ नागरिकहरूको लागि *'उच्च प्रविधि सिप सृजना केन्द्र'* सञ्चालन हुने र स्वास्थ्य सेवामा सुविधा र सेवाहरू प्रवाह हुने ।
- ६५ जना जेष्ठ नागरिक सम्बद्ध सिर्जना तथा सीपमूलक कार्यक्र सञ्चालनभई उनीहरुको ज्ञान र सीपको प्रयोग हुने ।
- ज्येष्ठ नागरिकहरूले समाज कल्याण, वातावरण र अन्य क्षेत्रमा पुऱ्याएको योगदना कार्यहरूको कदर गर्न सम्मान पत्रको र ज्येष्ठ नागरिक प्रमाणपत्र व्यवस्था हुने ।
- युवामा ज्ञान स्थानान्तरणको लागि ५ वटा छलफल, गोष्ठी र अन्तरक्रिया कार्यक्रम ञ्चालन हुने ।
- ज्येष्ठ नागरिकहरूको उत्तम अनुभव र सिकाई अभ्यासहरूको हरेक वर्ष प्रकाशन र प्रसार गरिने ।
- गापा भित्र संञ्चालनमा रहेका सबै सार्वजनिक सवारी साधनहरूमा ज्येष्ठ नागरिकहरूका लागि सहुलियत प्रदान हुने ।

***अनुमानित लागत***

यस उपक्षेत्रका कार्यक्रमहरुको कार्यन्वयनमा ५ वर्षको अवधिमा अनुमानित कुल बजेटको ०.१३% अर्थात नेरु. १२,१६०,000 लाग्नेछ ।

ज्येष्ठ नागरिकहरूका लागि रणनीति तथा कार्यक्रमहरु तल तालिकामा राखिएका छन् ।

***ज्येष्ठ नागरिकका रणनीति तथा कार्यक्रमहरु***

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| 19 | **जेष्ठ नागरिक** | | | |
| 19.1 | ताप्ली गापामा जेष्ठ नागरिकहरूको राम्रो हेरचाह र स्याहासुसारका लागि एक संयन्त्र व्यवस्था गर्ने *(स्वास्थ्य र पोषण)*। | हरेक वार्डमा कार्यविधि निर्देशिका सहितको वरिष्ठ नागरिक क्लबहरूको स्थापना । | वरिष्ठ नागरिक क्लब | ५ |
| | | वार्डका सबै जेष्ठ नागरिक क्लबको आर्थिक तथा सामाजिक हकअधिकार सुरक्षा गर्न *'जेष्ठ नागरिकका कार्यक्रम र कार्यको ढाँचा'* को तर्जुमा । | कार्यक्रम र कार्यहरुको ढाँचा * वर्ष | ५ |
| | | सरकारी र सार्वजनिक स्थानहरूमा कार्यालय, स्कूल र अन्य भवनहरूमा जेष्ठ नागरिक मैत्री संरचनाहरूको प्रावधानको कार्यान्वयन । | प्रोटोकल* वर्ष | ५ |
| | | घर विहिन जेष्ठ नागरिकहरूको लागि *'उच्च प्रविधि सिप सृजना केन्द्र'* मा स्वास्थ्य सेवामा सुविधा र सेवाहरूको सिर्जना *(स्वास्थ्य र पोषण)*। | प्रोटोकल* वर्ष | ५ |
| | | सीपमूलका कार्यक्रमा जेष्ठ नागरिकहरूको संलग्नताको लागि सहयोग । | व्यक्तिहरू | ६५ |
| | | जेष्ठ नागरिकहरूले समाज कल्याण, वातावरण र अन्य क्षेत्रमा पुऱ्याएको योगदना कार्यहरूको कदर गर्न सम्मान पत्रको व्यवस्था *(राष्ट्रिय एकता)*। | तयारी | ५ |
| 19.2 | जेष्ठ नागरिक, सेवानिवृत्त कर्मचारी र अन्यको ज्ञान, सीप, र अनुभव अभ्यासहरूलाई अन्तर-युवापुस्ता सीप हस्तान्तरणको पहल गर्ने । | जेष्ठ नागरिकहरूबाट युवामा ज्ञान स्थानान्तरणको लागि नियमित छलफल, गोष्ठी र अन्तरक्रिया । | घटना * वर्ष | ५ |
| | | जेष्ठ नागरिकहरूको उत्तम अनुभव र सिकाई अभ्यासहरूको प्रकाशन र प्रसार । | प्रकाशन * वर्ष | ५ |
| 19.3 | ताप्ली गापामा जेष्ठ नागरिकका लागि व्यवस्था गरिएका समाजिक सुरक्षा सहयोग लिन सरल व्यवस्था गर्ने *(सामाजिक सुरक्षा)*। | सबै जेष्ठ नागरिकहरुलाई जेष्ठ नागरिक प्रमाणपत्र प्रदान । | व्यक्तिहरू | ५०० |
| | | गापा भित्र संञ्चालनमा रहेका सबै सार्वजनिक सवारी साधनहरूमा जेष्ठ नागरिकहरूका लागि सहुलियत प्रदान *(सामाजिक सुरक्षा)*। | तयारी | ५०० |

### *शारिरीकरूपले भिन्न व्यक्तिका विकास*

नेपालको संविधानले मानसिक वा शारीरिक रुपले सामान्य जीवन बिताउन नसक्नेलाई अहक्तता, अपाङ्ग वा शारिरीकरुपले भिन्न व्यक्ति भनि परिभाषित गरेको छ। यस्ता शारिरीकरुपले भिन्न व्यत्तिलाई शारीरिक अशक्तता, ७ वटा वर्गमा राखिएको छ। यस्ता व्यक्तिहरुको चाहना, सिप र सङ्कल्पलाई देशले विकासमा लाउनु जरुरी छ। यसका लागि नेपालको संविधानले आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सनिश्चित गर्न समानुपातिक र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने सङ्कल्प गरेको छ र राज्यले विशेष व्यवस्था पनि गरेको छ। उदाहरणका लागि अशक्तता भएका नागरिकले सम्मानजनक जीवन बिताउन नागरिक, राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक अधिकारको सम्बन्धमा कानुनी संरक्षणको व्यवस्था गरेको छ। दिगो विकास लक्ष्यहरुमा अपाङ्ग मैत्री विद्यालयहरु र अन्य सार्वजनिक सुविधाहरुमा पहुँचको प्रावधान छ। अपाङ्गगता भएका व्यक्तिहरूका लागि मानव अधिकार ऐन-२०७४, एशिया र प्रशान्त क्षेत्रिको इन्चोन रणनीति (२०१३-२०२२) लगायतका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरुको कार्यन्वयन गर्दै आएको छ। यशै शिलशिलमा नेपालमा विश्वव्यापी मान्यताका अनुसारको समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम कार्यन्वयनमा रहेको छ। यसै मर्मलाई गापाहरुले पनि आफ्नो विकासका कार्यक्रममा प्राथमिकतामा राखि कार्यन्वयन गर्नुपर्दछ।

ताप्ली गापामा जम्मा ४३८ जना अपाङ्गगता भएका नागरिकहरु छन् जसमा २३७ जना पुरुष र २०१ जना महिला छन्। अपाङ्गता भएका व्यक्तिको लागि रोजगारी, सामाजिक सहभागिता र आय आर्जनका अवसरमा समान पहुँच नहुनु, सुचना सेवा, नियमित स्वास्थ्य सेवा, परामर्श सेवा नहुनु, विद्यालय वातावरण अपाङ्ग मैत्री नहुनु र नदेखिने अपाङ्गता (Invisible disability) को पहिचान र सही सम्बोधन नहुनु गापाका जल्दाबल्दा समस्या हुन्। यी समस्याशरुको न्यूनीकरण वा निराकरण गर्न अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐनले निर्देशित गरेको संरचनाको निर्माण, गापामा आवश्यक नीतिको व्यवस्था, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिको लागि पुर्वाधार, आवश्यकता अनुसार सेवा सुविधा तथा उपकरणको व्यवस्था, सबै भौतिक संरचनाहरु अपाङ्गमैत्री बनाउन, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको लागि शिक्षा, स्वास्थ्य, तालिम र आवश्यकता अनुसार रोजगारी उपलब्ध गराउन आवश्यक छ जुनकुरन नेपालको संविधानले अवसरकोरुपमा सबै गापाहरुलाई प्रदान गरेको छ। यिनै प्रावधान, अवसर र गापाको विद्यमान अवस्थाका आधारमा ताप्ली गापामा शारिरीकरुपले भिन्न व्यक्तिका विकासका निमित्त निम्न सोच, लक्ष्य, उद्धेश्य र कार्यको तर्जूमा गरिएको छ :

#### ***शारिरीकरूपले भिन्न व्यक्ति उपक्षेत्रगत सोच***

शारिरीकरुपले भिन्न व्यक्तिको सम्मानजनक र आत्मनिर्भर जीवन भएको ताप्ली गापा।

#### ***उपक्षेत्रगत लक्ष्य***

शारिरीकरुपले भिन्न व्यक्तिहरुको लागि सेवा, सुविधा, साधन र स्रोतमा पहुँच स्थापित गरी सामाजिक र आर्थिक सशक्तिकरण गरी ताप्ली गापामा सम्मानजनक जीवनयापनको वातावरण सिर्जना गर्ने।

#### ***उद्धेश्यहरू***

- सबै सार्वजनिक भौतिक संरचना, कार्यालय भवन, यातायात, सेवा र सेवा केन्द्र, साधन र स्रोत, सञ्चार र सूचना र प्रविधिमा सबै अशक्तहरूको {People with disability (PwD)} सरल पहुँचको सुनिश्चितता गर्ने।
- अशक्त (PwDs) समुदायलाई आर्थिक सार्वभौमता, शिक्षा र खेलकूदको गतिविधिका निमित्त सशक्त बनाउने।
- अशक्तहरूका लागि व्यवस्था गरिएका समाजिक सुरक्षा सहयोग लिन सरल व्यवस्था गर्ने।
- अशक्तहरूको  लागि स्वास्थ्य सुविधा, पुन:स्थापना, र आवश्यक उपकरण प्रबन्धकोसुनिश्चित गर्ने।
- अशक्त व्यक्तिको सामाजिक र आर्थिक सशक्तीकरण गर्ने।

### *अपेक्षित उपलब्धि*

- समन्वय, र राज्यबाट गापाका अशक्तहरूको लागि प्राप्त हुने सामग्री/उपकरणहरूको व्यवस्था हुने।
- अशक्त-मैत्री कार्यालय, विद्यालय र अन्य भवनहरू सहितको सबै सरकारी तथा सार्वजनिक विकास संरचनाहरू हुने।
- कार्यविधि निर्देशिका सहितको *‘अशक्त नागरिकका कार्यक्रम र कार्यहरुको ढाँचा’* निर्माण र अशक्त नागरिकहरूको हरेक वार्डमा कार्यविधि सहितको क्लब स्थापना हुने।
- अशक्तहरूको आर्थिक सार्वभौमताको लागि क्षमता अभिबृद्धि तथा अशक्त समुदायको क्लबद्वारा संञ्चालित कार्ययोजना सहितको १ वटा साना व्यवसायलाई सहयोग पुग्ने ।

- अशक्तहरू वालवालिकाको गुणस्तर शिक्षाका लागि ३०० जनालाई सहयोग पुग्ने ।
- अशक्तहरूको लागि प्रतिवर्ष खेलकुदका कार्यक्रमको आयोजना हुने ।
- सबै किसिमका ४३८ जना अशक्तहरूलाई प्रमाणपत्र/परिचयपत्र प्रदान हुने ।
- सबै सार्वजनिक सवारी साधनहरूमा अशक्त नागरिकहरूका लागि सहुलियतामा सवारी सुविधा प्रदान हुने ।
- अशक्त जनसङ्ख्यालाई घरमै स्वास्थ्य सेवा, औषधि र अन्य सुविधाहरू वर्षको २ पटक प्रदान गरिने ।

***अनुमानित लागत***

यस उपक्षेत्रका कार्यक्रमहरुको कार्यन्वयनमा ५ वर्षको अवधिमा अनुमानित कुल बजेटको ०.२७% अर्थात नेरु. २,५४,३६,००० लाग्नेछ ।

अपाङ्गता भएका व्यक्ति लागि रणनीति तथा कार्यक्रमहरु तल तालिकामा राखिएका छन् ।

*शारिरीकरूपले भिन्न व्यक्ति रणनीति तथा कार्यक्रमहरू*

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| 20 | **भिन्न क्षमता भएका व्यक्तिहरु** | | | |
| 20.1 | गापामा उपलब्ध सबै सार्वजनिक भौतिक संरचना, कार्यालय भवन, यातायात, सेवा र सेवा केन्द्र, साधन र स्रोत, सञ्चार र सूचना र प्रविधिमा सबै अशक्तहरूकोसरल पहुँचको सुनिश्चितता गर्ने (सामाजिक सुरक्षा)। | सम्वन्धित मन्त्रालय र विभागहरूको अशक्तहरूको लागि बनाईएका कार्यक्रम र कार्यहरुको ढाँचालाई ताप्ली गापाको कार्यक्रमको ढाँचासँग आवद्ध गर्न समन्वय, र राज्यबाट गापाका अशक्तहरूको लागि प्राप्त हुने सामग्री/उपकरणहरू लिने व्यवस्था। | समन्वय | १० |
| | | अशक्तहरूको लागि अशक्त-मैत्री कार्यालय, विद्यालय र अन्य भवनहरू सहितको सबै सरकारी तथा सार्वजनिक विकास संरचनाहरू हुने प्रावधान अनुरूप सो को कार्यान्वयन। | महिनाहरू | ६० |
| 20.2 | गापाका अशक्त (PwDs) समुदायलाई उनीहरूको आर्थिक सार्वभौमता, शिक्षा र खेलकूदको गतिविधिका निमित्त सशक्त बनाउने। | कार्यविधि निर्देशिका सहितको *'अशक्त नागरिकका कार्यक्रम र कार्यहरुको ढाँचा'* निर्माण र अशक्त नागरिकहरूको क्लब स्थापना। | कार्यक्रमका ढाँचा * क्लब * वर्ष | ५ |
| | | अशक्तहरूको आर्थिक सार्वभौमताको लागि प्रशिक्षण तथा अशक्तहरू समुदायको क्लबद्वारा संञ्चालित साना व्यवसायलाई सहयोग। | व्यवसायिक योजना | १ |
| | | अशक्तहरू विशेषगरी अशक्त वालवालिकाको गुणस्तर शिक्षका लागि विद्यालयमा भर्ना र अध्ययनका लागि सहयोग। | छात्र * वर्ष | ३०० |
| | | अशक्तहरूको लागि खेलकुदका कार्यक्रम। | घटना * वर्ष | ५ |
| 20.3 | गापामा अशक्तहरूका लागि व्यवस्था गरिएका समाजिक सुरक्षा सहयोग लिन सरल व्यवस्था गर्ने *(सामाजिक सुरक्षा)*। | सबै किसिमका ४३८ जना अशक्तहरूलाई प्रमाणपत्र/परिचयपत्र प्रदान। | सालाखाला | ४३८ |
| | | गापा भित्र संञ्चालनमा रहेका सबै सार्वजनिक सवारी साधनहरूमा अशक्त नागरिकहरूका लागि सहुलियत प्रदान *(सामाजिक सुरक्षा)*। | तयारी | ४३८ |
| 20.4 | गापाका स्वास्थ्य केन्द्रहरूमा अशक्तहरूको लागि स्वास्थ्य सुविधा सुनिश्चित गर्ने *(सामाजिक सुरक्षा)*। | अशक्त जनसङ्ख्यालाई उनीहरूको क्लब र घरमा स्वास्थ्य सेवाहरू प्रदान गर्न स्वास्थ्य केन्द्रहरूसँग समन्वय। | २ पटक * वर्ष | ५० |
| | | अशक्तसमुदायहरूको लागि स्वास्थ्य सेवा, औषधि र अन्य सुविधाहरू प्रदान। | व्यक्ति * पटक * वर्ष | ४३८० |

## *खेलकुद विकास*

मानविय स्वास्थ्यको हित तथा रोगहरूको रोकथाम गर्न, अपाङ्गजनको भलाइ र समावेशीकरण गर्न, बच्चा र युवाहरुको विकास र शिक्षाको सुदृढीकरण गर्न, सामाजिक समावेशीकरण बढाउन, द्वन्द्व रोकथाम र शान्ति निर्माण गर्न, र लैङ्गिक समानताको प्रवर्द्धन तथा महिलाहरुको सशक्तिकरण गर्न खेलकुद विकासको आवश्यकता पर्दछ। खेलकुद दिगो विकासको एक अभिन्न अङ्ग पनि हो। सहिष्णुता र सम्मानको प्रबर्द्धनमा, विकास र शान्तिको प्राप्तिमा, महिला युवा व्यक्ति तथा व्यक्ति र समुदायको सशक्तिकरणका साथै स्वास्थ्य, शिक्षा र सामाजिक समावेशीकरणका क्षेत्रगत उद्देश्यहरूमा खेलकुदको योगदान अत्यन्त महत्वपूर्ण हुनुका साथै विश्वव्यापीरुपमा बढ्दो खेलकुद विकास आर्थिक विकासको अभिन्न पाटो हँदै गइरहेको पाइएन्छ।

व्यक्तिको शारीरिक तन्दुरुस्ती, मानसिक र संवेगात्मक पक्षको सन्तुलित विकासकमा खेलकुदको महत्वपूर्ण भूमिका रहन्छ। खेलकुद, राष्ट्रिय एकता बढाउन र अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय पहिचान प्रबर्द्धन गर्न महत्वपूर्ण साधन हो। विश्वव्यापी मूल्यमान्यता र प्रविधिको संयोजनबाट नागरिकलाई रोजगार सृर्जना गर्ने, खेल पर्यटनको माध्यमबाट दिगो विकासका शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता तथा आर्थिक बृद्धि लगायत लक्ष्यहरु हासिल गर्न स्थानीय तह देखि नै खेलकुदको संस्थागत विकास एवम् पूर्वाधार निर्माण गरी *सबैका लागि खेलकुद* अभियानलाई सार्थक बनाउनु आवश्यक छ।

ताप्ली गापामा खेल विकासका लागि सङ्गठितरुपमा कार्यहरु भएका छैनन्। केही युवा क्लबहरू बाहेक, गापामा खेलहरूको प्रबर्द्धन गर्न संस्थागत प्रयासको अभाव छ। गाउँका मौलिक तथा परम्परागत खेलहरु जस्तै डण्डी वियो, कवडी खेल र धुरखेलहरु क्रमशः लोप भए झैं अवस्थामा छन्। गापामा खेलकुद विकासको नीतिसङ्गत कार्यक्रमहरु कार्यन्वयनमा छैन र खेलकुदका लागि पूर्वाधार, प्रशिक्षण सुविधाहरूको कमि र जागरुक युवकहरुको कमी पनि उतिकै छ। अधिकांश खेलकुदका कार्यक्रमहरु स्कूलका खुल्ला चउरमा हुने गर्दछन्। यद्यपि गापाले रुपाटारमा हाल एक खेलकुदको मैदान संञ्चालनमा ल्याएको छ। गापाको सक्रियतामा ताप्ली डाँडामा भलिवलको प्रतिस्पर्धात्मक खेल वार्षिकरुपमा संञ्चालन गरिदै आएको छ। गापाले खेलकुद विकासका जनशक्तिको निर्माण देखि पूर्वाधारका थुप्रै कार्यहरु गर्नु पर्ने हुन्छ। यिनै अवाश्यकतालाई मध्यनजर गरी गापाको खेलकुद विकासका निम्न सोच, लक्ष्य, उद्धेश्य र कार्यको तर्जूमा गरिएको छ :

### ***खेलकुद उपक्षेत्रगत सोच***

प्रविधिमैत्री खेलकुदको विकास तथा प्रबर्द्धनयुक्त ताप्ली गापा।

### ***उपक्षेत्रगत लक्ष्य***

खेलकुदको विकास र विस्तार गरी स्वस्थ्य, सक्षम, प्रतिस्पर्धी र अनुशासित नागरिक तयार पार्दै राष्ट्रको सम्मानमा सहयोग पुऱ्याउने।

### ***उद्धेश्यहरू***

- खेलकुदको दिगो विकासको लागि दिगो संयन्त्र बनाउने।
- गुणस्तरीय बाह्य खेल गतिविधिहरू संञ्चालन गर्न खेल पूर्वाधारहरू सुधार र विकास गर्ने।
- एकीकृत अवधारणा अनुसार खेलकुद प्रवर्द्धनको लागि पहल गर्ने।
- कापर्डी र डंण्डी/बियो जस्ता परम्परागत र स्थानीय खेलहरूलाई प्रवर्द्धन गर्ने।

### ***अपेक्षित उपलब्धि***

- कार्यविधि निर्देशिका सहितको एक *'खेलकुद विकास समिति'* को गठन हुने।
- *'खेलकुद कोष'* र खेलकुदका कार्यक्रमका प्रवर्द्धन तथा परम्परागत खेलकुदका गतिविधिहरुलाई प्रवर्द्धन गर्न राष्ट्रिय खेलकुद परिषदसँग राम्रो तथा दिगो समन्वय विस्तार हुने र *खेलकुद कोष'* सञ्चालन हुने।
- गापास्तरीय खेलकुदको क्यालेन्डर निर्माण र क्यालेन्डर अनुसार गतिविधिहरूको कार्यान्वयन हुने।
- गापा भन्दा बाहिरका खेलकुदका कार्यक्रमहरूमा हरेक वर्ष १५ जना युवाहरूको सहभागिता हसने र उनीहरूको बन्दोवस्तीका लागि खर्चको व्यवस्था हुने।
- भैंसेटारमा सुविधा सहितको एक खेल मैदानको निर्माण हुने।

- ६ वटा माध्यामिक विद्यालयहरूमा खेल मैदानको अवस्था सुधार हुने ।
- खेल बुलेटिनको प्रकाशन र गापामा स्तरीय खेलकुदको लागि पाठ्यक्रम र क्यालेन्डर निर्माण, र विद्यालयहरूमा खेलकुद पाठ्यक्रमको कार्यन्वयन हुने ।
- खेलकुद गतिविधिहरूको सर्वश्रेष्ठ २ प्रदर्शनकर्तालाई हरेक वर्ष सम्मानपत्रको व्यवस्था गरिने ।
- कपर्डी र डण्डी-बियोका राष्ट्रिय वार्षिक खेलकुद कार्यक्रम आयोजना गर्ने र उत्कृष्ट खेल प्रदर्शन गर्ने युवालाई प्रोत्साहन र पुरष्कार ।

***अनुमानित लागत***

यस उपक्षेत्रका कार्यक्रमहरुको कार्यन्वयनमा ५ वर्षको अवधिमा अनुमानित कुल बजेटको १.३०% अर्थात नेरु. १२२,५४५,००० लाग्नेछ ।

खेलकुद विकासका लागि रणनीति तथा कार्यक्रमहरु तल तालिकामा राखिएका छन् ।

***खेलकुदका रणनीति तथा कार्यक्रमहरू***

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| 21 | **खेलकुद विकास** | | | |
| 21.1 | ताप्ली गापामा खेलकुद र यसका सुविधालाई दिगो विकासको कोशेढुङ्गाकोरूपमा विकास गर्न दिगो संयन्त्र बनाउने । | ताप्ली गापामा कार्यविधि निर्देशिका सहितको *'खेलकुद विकास समिति'* को गठन । | समिति * सञ्चालन खर्च * वर्ष | ५ |
| | | राज्यको सम्वधित मन्त्रालय, केन्द्रिय मन्त्रालय र सरोकारवालाहरूसँग *'खेलकुद कोष'* को लागि समन्वय र खेलकुदका कार्यक्रमका प्रवर्द्धन । | समन्वय | १५ |
| | | गापा स्तरीय खेलकुदको क्यालेन्डर निर्माण र क्यालेन्डर अनुसार गतिविधिहरूको कार्यान्वयन । | क्यालेन्डर | १ |
| | | तापली गापामा खेलकुदको दिगो व्यवस्थापनको लागि *'खेलकुद कोष'* मा वार्षिक कोष योगदान । | खेलकुद कोष * वर्ष | १ |
| | | गापा भन्दा बाहिरका खेलकुदका कार्यक्रमहरूमा युवाहरूको सहभागिता र उनीहरूको बन्दोवस्तीका लागि खर्च । | १५ युवा * वर्ष | ७५ |
| 21.2 | ताप्ली गापामा गुणस्तरीय आउटडोर खेल गतिविधिहरू संञ्चालन गर्न खेल पूर्वाधारहरू सुधार गर्ने । | भैंसे टारमा एक खेल मैदान निर्माणको लागि सम्भाव्यता अध्ययन । | सम्भाव्यता अध्ययन | १ |
| | | भैंसे टारमा सुविधा सहितको एक खेल मैदानको निर्माण । | खेल मैदान * वर्ष | ३ |
| | | भैंसे टारको खेल मैदानको सञ्चालन र मर्मतसम्भार । | सालाखाला * वर्ष | ३ |
| | | ६ वटा माध्यामिक विद्यालयहरूमा खेल मैदानको अवस्था सुधार गर्न गापाको कोष । | कोष * ६ स्कूल * वर्ष | ३० |
| | | खेल बुलेटिनको प्रकाशन । | बुलेटिन * वर्ष | ५ |
| 21.3 | ताप्ली गापामा सबै क्षेत्र विकासका कार्यक्रम र कार्यको ढाँचा विशेष गरी युवा र शिक्षा क्षेत्रको ढाँचासँग एकीकृत अवधारणा अनुसार खेलकुद प्रवर्द्धनको लागि पहल गर्ने । | खेलकुद पाठ्यक्रम निर्माण र पाठ्यक्रमलाई विद्यालय शिक्षामा सम्वन्धन । | | १ |
| | | गापामा स्तरीय खेलकुदको लागि पाठ्यक्रम र क्यालेन्डर निर्माण, र विद्यालयहरूमा पाठ्यक्रमको कार्यन्वयन । | ५ घटना * वर्ष | २५ |
| | | खेलकुद गतिविधिहरूको सर्वश्रेष्ठ २ प्रदर्शनकर्तालाई हरेक वर्ष सम्मानपत्र । | तयारी | १० |
| 21.4 | ताप्ली गापाका कापर्डी र डंण्डी/बियो जस्ता परम्परागत र स्थानीय खेलहरूलाई प्रवर्द्धन गर्ने । | परम्परागत खेलकुदका गतिविधिहरुलाई प्रवर्द्धन गरी यस्ता खेलका राष्ट्रिय कार्यक्रम ताप्ली गापामा आयोजना गर्न राष्ट्रिय खेलकुद परिषदसँग समन्वय । | समन्वय | १५ |
| | | कपर्डी र डंण्डी/बियोका राष्ट्रिय वार्षिक खेलकुद कार्यक्रम आयोजना गर्न युवा क्लबहरूलाई सहयोग । | घटना * वर्ष | ५ |
| | | कपर्डी र दण्डी/बियोका उत्कृष्ट खेल प्रदर्शन गर्ने युवालाई प्रोत्साहन र पुरष्कार । | पुरष्कार | |

## *समाजिक सुरक्षा तथा संरक्षण*

नेपाल बहु-सास्कृतिक, बहु-भाषिक तथा बहु-समाजिक चरित्र भएको मुलुक हो । यहाँको विभिन्न भौगोलिक क्षेत्रमा विभिन्न समाजिक आयामका जनसंङ्ख्या भएका मानिसहरुको बसोबास छ । विभिन्न जातजाती र उमेरका बृद्ध, अशक्त, एकल महिला तथा पुरुष, विभिन्न कारणवस पिछडिएका र उत्पिडनमा रहेका वर्गहरु यहाँको समाजमा विद्यमान छन् र दिगो विकासको लक्ष्य प्राप्तीका लागि यी सबै वर्गलाई विकासको मुलधारमा समाहित गर्नु नेपालको आवश्यकता तथा चुनौती पनि हो । त्यसकारण यिनीहरुको गरिबी निवारण, सम्मानजनक जीवन, र उज्वल भविष्य सुनिस्चित गर्न सामाजिक सुरक्षाको आवश्यकता छ । सामाजिक सुरक्षा प्रणाली सामाजिक, आर्थिक, र प्राकृतिक अनिश्चितताहरु विरुद्ध बिमा र संयन्त्रको रूपमा सेवा गर्दछ । नेपालको संविधानले सामाजिक सुरक्षा, खाद्य सुरक्षा, खाद्य सम्प्रभुता, आवास, स्वास्थ्य, शिक्षा र रोजगारीको हकलाई मौलिक हकको रुपमा स्थापित गरेअनुरुप सबै नागरिकको गुणस्तरीय जीवन सुनिस्चताको लागि राज्यले सामाजिक सुरक्षा र संरक्षणको नीति अवलम्वन पनि गरेको छ ।

दिगो विकास लक्ष्यहरू हासिल गर्न राज्यको प्रतिबद्धता पूरा गर्न सामाजिक सुरक्षा प्रदान गर्न पनि आवश्यक छ । सामाजिक सुरक्षाको प्रभावकारिताको लागि प्रशासनको सुधार गर्नु महत्वपूर्ण छ । आर्थिक तथा सामाजिक वञ्चितिकरण तथा जोखिममा परेकाहरुको सामाजिक संरक्षणका लागि सामाजिक सुरक्षा ऐन-२०७५, जारी भएको तथा श्रमिकको सामाजिक सुरक्षाको लागि योगदानमा आधारित सामाजिक सुरक्षा ऐन-२०७४ कार्यन्वयनमा रहेको छ । क्षेत्रगत रुपमा नेपाल सरकारको विभिन्न निकायबाट विभिन्न समुहहरुलाई खाद्यान्न, पोषण, स्वास्थ्य, शिक्षा, कृषि, श्रम तथा रोजगारीका क्षेत्रहरुमा सामाजिक सुरक्षा कार्यक्रम संचालित छन् । नेपाल सरकारले आ.व २०७५/७६ मा कुल बजेटको ११.३ % रकम यस कार्यका लागि विनियोजन गरेको छ । यसै शिलशिलामा धेरै सरकारी तथा गैर सरकारी निकायहरूले देशका विभिन्न ठाउँमा खाद्यान्न, पोषण शिक्षा, कृषि र रोजगार क्षेत्रहरूमा लक्षित समूहहरूलाई सुरक्षा कार्यक्रमहरू प्रदान गर्दै आएकाछन् ।

विगत केही वर्ष देखि कानुनतः ताप्ली गापाले समाजिक सुरक्षाका दायित्व वहन गर्दै आएको छ । विगतको अनभव र कार्य सम्पादनको आधारमा अब गरिने समाजिक कार्यक्रमहरु अझ प्रतिफलमूखी हुनु जरुरी छ । यसका लागि गापाले समाजिक सुरक्षा लगायतका सबै प्रकारका डाटाबेसहरु चुस्त-दुरुस्त राख्न आवश्यक राख्नुका साथै प्रशासनिक क्षमता पनि प्रभावकारी हुनु आवश्यक छ । यिनै अवाश्यकता र गापाको भूमिकालाई मध्यनजर गरी गापाको समाजिक सुरक्षा विकासका निम्न सोच, लक्ष्य, उद्वेश्य र कार्यको तर्जूमा गरिएको छः

### *समाजिक सुरक्षा/संरक्षण उपक्षेत्रगत सोच*

दिगो तथा प्रभावकारी सामाजिक सुरक्षा प्रणाली सहितको ताप्ली गाउँपालिका ।

### *उपक्षेत्रगत लक्ष्य*

सामाजिक सुरक्षा र संरक्षणलाई दिगो र पहुँचयोग्य बनाई नागरिक हक सुरक्षित गर्ने ।

### *उद्धेश्यहरू*

- आय नभएका घरधुरी, अशक्त व्यक्ति, विधवा, अभिभावक विहिन/असहाय बच्चाहरू र परिवारविहिन व्यक्तिहरूलाई सामाजिकसंरक्षण गर्ने ।
- सबै नागरिकलाई सामाजिक सुरक्षाका स्वास्थ्य सेवा, यात्रा र सामाजिक सुरक्षा भत्ता जस्ता सबै सुविधाहरूको सरल पहुँचको सुनिश्चितता गर्ने ।
- सामाजिक सुरक्षा प्रणालीमा गापाका सबै व्यक्तिहरुलाई नामाङ्कन गर्ने ।
- सबै सामाजिक बहिष्कृत मानिसहरूलाई सामाजिक सुरक्षा प्रदान गर्ने ।
- सामाजिक, आर्थिक, र वातावरणीय जोखिमहरूलाई कम गर्ने ।

### *अपेक्षित उपलब्धि*

राज्य र केन्द्रमा रहेका मन्त्रालय र विभागहरूसँग समन्वय गरिने, जेष्ठ नागरिक, अशक्त जनसङ्ख्या, दलित, विधवा र असहाय बच्चाहरू र अन्यको तथ्याङ्क वार्षिकरूपमा अध्यावधिक हुन, जेष्ठ नागरिक र अशक्तहरूलई सबै वाहनहरूमा सहुलियत प्रदान हुने, सबै जेष्ठ नागरिक, अशक्त, दलित, विधवा महिलाहरुका लागि सामाजिक सुरक्षा भत्ताको व्यवस्था हुने, सबै नागरिकलाई स्वास्थ्य बीमाको व्यवस्था हुने र तेस्रो देशजाने युवालाई सामाजिक सुरक्षा बीमा प्रदान हुने ।

***अनुमानित लागत***

यस उपक्षेत्रका कार्यक्रमहरुको कार्यन्वयनमा ५ वर्षको अवधिमा अनुमानित कुल बजेटको ३.७०% अर्थात नेरु.३४७,३४०,००० लाग्नेछ ।

सामाजिक सुरक्षा लागि रणनीति तथा कार्यक्रमहरु तल तालिकामा राखिएका छन् ।

***समाजिक सुरक्षाका रणनीति तथा कार्यक्रमहरू***

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| 22 | **सामाजिक सुरक्षा** | | | |
| 22.1 | आय नभएका घरधुरी, अशक्त व्यक्ति, विधवा, अभिभावक विहिन/असहाय बच्चाहरू र परिवारविहिन व्यक्तिहरूलाई सामाजिक सुरक्षाको विद्यमान व्यवस्थानुसार संरक्षण गर्ने । | सामाजिक सुरक्षाका प्रावधानहरूको प्रभावकारी कार्यान्वयनको लागि राज्य र केन्द्रमा रहेका मन्त्रालय र विभागहरूसँग समन्वय । | वैठक | १० |
| | | ताप्ली गापाका जेष्ठ नागरिक, अशक्त जनसङ्ख्या, दलित, विधवा र असहाय बच्चाहरू र अन्यको तथ्याङ्क वार्षिकरूपमा अध्यावधिक कार्य सम्पादन *(तथ्याङ्क प्रणाली)* । | तयारी | ५ |
| | | | | |
| 22.2 | ताप्ली गापाका सबै नागरिकलाई सामाजिक सुरक्षाका स्वास्थ्य सेवा, यात्रा र सामाजिक सुरक्षा भत्ता जस्ता सबै सुविधाहरूको सरल पहुँचको सुनिश्चितता गर्ने *(स्वास्थ्य र पोषण)* । | जेष्ठ नागरिक र अशक्तहरूलई गापा भित्र यात्रा गर्दा सबै वाहनहरूमा सहुलियत । | सालाखाला | ३००० |
| | | सबै जेष्ठ नागरिकका लागि सामाजिक सुरक्षा भत्ता । | व्यक्ति * महिना | ३००० |
| | | सबै अशक्त नागरिकका लागि सामाजिक सुरक्षा भत्ता । | व्यक्ति * महिना | २६२८० |
| | | सबै दलित नागरिकका लागि सामाजिक सुरक्षा भत्ता । | व्यक्ति * महिना | १२००० |
| | | सबै विधवा महिलाका लागि सामाजिक सुरक्षा भत्ता । | १५८ व्यक्ति * महिना | ९४८० |
| | | सबै नागरिकलाई स्वास्थ्य बीमाको पहल । | २५८१ घरधुरी * वर्ष | ४२,००० |
| | | रोजगारीको लागि तेस्रो देशजाने युवालाई सामाजिक सुरक्षा बीमा । | व्यक्ति * महिना | १००० |

## ४ ६ पूर्वाधार विकास

### *विद्युत तथा वैकल्पिक उर्जा*

विद्युत समाजको सामाजिक-आर्थिक रूपान्तरणको लागि महत्वपूर्ण साधन हो । नयाँ प्रविधिको विश्वव्यापी विस्तार द्रुतगतिले भइरहेको परिप्रेक्षमा घरेलु प्रयोजन देखि लिएर कृषि प्रयोजन, उद्योगधन्दा लगायतका आर्थिक क्रियाकलापहरुमा विद्युत र विद्युतीय उपकरणको प्रयोगले उत्पादन प्रक्रियालाई धेरै हदसम्म सहज र लागत किफायती तुल्याएको छ । त्यसैगरी, खासगरी हाम्रो जस्तो मुलुकमा जलविद्युत र अन्य वैकल्पिक उर्जाको इन्धनको रुपमा गरिने प्रयोगले वातावरण संरक्षण र ग्रामीण भेगका नागरिकहरुको स्वस्थ जीवनयापनको निम्ति समेत केही हदसम्म सहयोग पुर्‍याएको हुन्छ ।

जलविद्युत उत्पादनको लागि उपयुत्तल भौगोलिक अवस्था र जलस्रोतको उपलब्धता हुनु, औद्योगिकीकरण एवम् आर्थिक गतिशिलता र कृषि क्षेत्रको आधुनिकीकरणले जलखवद्युत क्षेत्र आर्थिक रूपान्त्रणको संवाहकको रूपमा पहिचान हुनु, यस क्षेत्रमा स्वदेशी तथा वैदेशिक लगानी खुला हुनु, जलखवद्युत उत्पादनमा निजी क्षेत्रको लगानी बढनु, जलखवद्युत आयोजनामा स्थानीय निकायको लगानी बढ्दी जनताको स्वामित्व कायम हुनु, जलविद्युत आयोजनाको विकासमा आन्तरिक क्षमता वृद्धि हुनु, जलविद्युत उत्पादन, प्रसारण र विरणमा संरचनागत खण्डीकरण एवम् तिनै तहका सरकारको कार्य क्षेत्र र जिम्मेवारी स्पष्ट हुनु यस क्षेत्रको विकासका अवसरहरु हुन् ।

माथिको परिवेशमा ताप्ली गापालाई हेर्दा यहाँ काठदाउरालाई ९९% घरधुरीले खाना पकाउने इन्धनको रुपमा प्रयोग गर्ने यस गापामा विद्युत आपूर्तिको आवश्यकता टड्कारो देखिन्छ । यस गापामा स्थानीय नुने खोला, यारी खोला र राकुला खोलाबाट तीन साना जलविद्युत उत्पादनबाट ६३ किलोवाट क्षमताको बिजुली उत्पादन भइरहेको छ । गापामा ७३% मानिसहरु ठूलो प्रकाशका लागि सौर्य ऊर्जामा भर पर्छन् । यहाँका केही स्थानमा विद्युतको उपलब्धताले साना उद्यमहरू जस्तै चामल मिल, फोटोकपी केन्द्रहरू इत्यादिका लागि सम्भाव्यता खोलेको छ । हाल गाउँपालिकाको प्रसारण लाइनलाई राष्ट्रिय ग्रिडसँग जोड्न शुरू गरिएको छ । राष्ट्रिय प्रसारण लाइनको माध्यमबाट विश्वसनीय बिजुली आपूर्ति भएमा यहाँको आर्थिक समृद्धि हासिल गर्न महत्वपूर्ण सहयोग पुग्न सक्छ । गापामा छरिएका घर/वस्तीहरु हुनाले यसलाई राष्ट्रिय प्रसारण लाइनसँग जोड्न चुनौतिपूर्ण र खर्चिलो हुने देखिन्छ तर पनि अत्यावश्यक छ । साथसाथै, सम्भाव्यताको आधारमा थप लघु जलविद्युत आयोजनाहरुको निर्माण र सौर्य उर्जाको प्रयोगमा समेत गापाले ध्यान दिनु जरुरी छ । यस क्षेत्रको सुधारले दिगो विकासको लक्ष्यहरू– ७ र ८ पूरा गर्न योगदान पुर्‍याउँछ ।

माथि उल्लेखित अवाश्यकता र गापाको भूमिकालाई मध्यनजर गरी गापाको विद्युत तथा वैकल्पिक उर्जा विकासका निम्न सोच, लक्ष्य, उद्धेश्य र कार्यको तर्जूमा गरिएको छ :

***विद्युत तथा वैकल्पिक उर्जा उपक्षेत्रगत सोच***

उज्यालो र समृद्ध ताप्ली गापा निर्माणको निम्ति सर्वसुलभ विद्युत तथा वैकल्पिक उर्जाको आपूर्ति ।

***उपक्षेत्रगत लक्ष्य***

गापा मा विद्युत आपूर्ति गरी आर्थिक वृद्धि गर्नु समाविक अवस्थामा सुधार ल्याउन विद्युत प्रसारण लाईनलाई राष्ट्रिय प्रसारण लाइनसँग जोड्ने र अन्य वैकल्पिक उर्जाको प्रविधिको उपयोग गर्ने ।

***उद्धेश्यहरू***

- राष्ट्रिय प्रसारण लाइन र सौर्य ऊर्जा प्रणाली मार्फत् गापा का सबै परिवारलाई विद्युत/स्वच्छ उर्जा आपूर्तिमा सहज पहुँचको सुनिश्चितता गर्ने ।
- उर्जा दक्षतामा वृद्धि गर्दै गाउँपालिकाको अर्थतन्त्र बृद्धि गर्न उत्पादक क्षेत्रमा विद्युत उपयोग/खपत बढाउने ।
- वन संसाधनमा दबाब कम गर्न इन्धनको वातावरण मैत्री प्रविधि जस्तै बायोग्यास, सुधारिएको चुलो (ICS), स्मोक वाटर हीटर आदिको प्रयोग बढाउने ।

***अपेक्षित उपलब्धि***

- गाउँपालिका भित्र सबैजसो बस्तीमा लघु जलविद्युत र राष्ट्रिय प्रसारण लाइनको माध्यमबाट विद्युतको भरपर्दो पहुँच पुगेको हुने ।
- दुर्गम वस्तीमा सौर्य प्रणाली मार्फत् विद्युत आपूर्ति भएको हुने ।

- दक्ष उर्जा उपयोगको माध्यमबाट गापा मा उत्पादकत्व शक्ति बढेको र ग्रामीण अर्थतन्त्रको विस्तार भएको हुने ।
- कम्तीमा ५०% घरपरिवारले उर्जा संचिति (Power saving)/दक्ष प्रविधि (जस्तै, बायोग्यास, सुधारिएको चुलो आदि) प्रयोग गरिरहेका हुनेछन्, जसले इन्धनको निम्ति वनपैदावारमाथिको निर्भरता कम गरी वन वातावरण संरक्षण र नागरिकहरुको स्वास्थ्यमा समेत अनुकूल असर पारेको हुने ।

***अनुमानित लागत***

यस उपक्षेत्रका कार्यक्रमहरुको कार्यन्वयनमा ५ वर्षको अवधिमा अनुमानित कुल बजेटको ०.७१% अर्थात नेरु.६६,५२५,००० लाग्नेछ ।

विद्युत तथा वैकल्पिक उर्जाका लागि रणनीति तथा कार्यक्रमहरु तल तालिकामा राखिएका छन् ।

***विद्युत /वैकल्पिक उर्जाका रणनीति तथा कार्यक्रमहरू***

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| 23 | **उर्जा** | | | |
| 23.1 | राष्ट्रिय प्रसारण लाइन (National grid) र उर्जा व्यवस्थापनबाट भरपर्दो बिजुली आपूर्तिको लागि पहुँच विस्तार गर्ने, र ताप्ली गापामा स्मार्ट मिटरिङ्गको व्यवस्था गर्ने । | राष्ट्रिय प्रसारण लाइन (कटारी-बेतिनी) बाट प्रसारण लाइनको विस्तारको लागि प्रदेशका सम्बन्धित मन्त्रालय, विभागहरु र प्रसारण मार्गमा पर्ने पालिकाहरुँग समन्वय । | समन्वय | २० |
| | | गाउँपालिकाका सबै वडाहरुको घरधुरीमा स्मार्ट मीटर (Smart metering) सहित आपूर्ति लाइन विस्तार । | मोटमोटी * वर्ष | ४ |
| | | नूनेखोला, राकुला र यारी खोलामा जडित उर्जा स्किम मा संरचना सुधारको निम्ति मूल्याङ्कन *(अनुसन्धान र विकास)* । | तयारी | १ |
| 23.2 | ताप्ली गापामा राष्ट्रिय प्रसारण लाइनको विद्युतको पहुँच बाहिर रहेका घरधुरीलाई सौर्य उपकरणबाट उर्जामा पहुँचको सुनिश्चितता प्रदान गर्ने । | गापाका १२५ घरधुरीमा बत्ती उज्यालोको लागि सौर्य उपकरणहरुको दायरा वृद्धि गर्न सरोकारवाला निकायहरुसँग कार्य । | घरधुरीहरु | १२५ |
| | | गापामा दिगो सेवाको निम्ति सौर्य प्रणालीको मर्मत तथा संञ्चालनको व्यवस्था । | मर्मत * वर्ष | ५ |
| 23.3 | गापामा दाउराको खपत कमी गर्न नयाँ उदीयमान बजार केन्द्रहरुका घरहरुमा वायोग्यास र हुड स्टोभ जस्ता प्रभावकारी उर्जावचत प्रविधि उपकरणहरुको प्रयोगलाई प्रवर्द्धन गर्ने । | उर्जाका वैकल्पिक प्रविधिय उपकरणको प्रवर्धनको निम्ति वैकल्पिक उर्जा प्रवर्धन केन्द्र र अन्य खालका सरोकारवाला निकायहरुसँग समन्वय । | बैठक | १० |
| | | वायोग्याँस र हुड स्टोभ जस्ता उपकरणहरुको प्रवर्द्धनात्मक क्रियाकलापहरुको संञ्चालन । | कार्यक्रमहरु | १० |
| | | वायोग्याँस (१५० वटा घरमा) र हुड स्टोभ (२५ वटा होटलमा) जडान । | वायोग्याँसः १५० वटा र हुड स्टोभः २५ वटा | १७५ |
| | | दिगो सेवाको निम्ति वायोग्याँस प्रणालीको मर्मत तथा संञ्चालन व्यवस्था । | मर्मत * वर्ष | ५ |
| 23.4 | गाउँपालिकामा हाउस वाइरिङ्ग, विद्युतीय उपकरणहरु, सौर्य उपकरणहरु आदि जस्ता चीजहरुको मर्मत र सम्भारको निम्ति समुदायको क्षमता बढाउने । | हाउस वाइरिङ्ग र विद्युतीय उपकरणहरु, सौर्य र वायोग्यास उपकरणहरु आदि जस्ता चीजहरुको मर्मत र सम्भारको निम्ति यूवाहरुलाइ तालीम *(युवा विकास र मानव संसाधन विकास)* । | तयारी | २५ |
| | | हाउस वाइरिङ्ग र विद्युतीय उपकरणहरु, सौर्य र वायोग्यास उपकरणहरु आदि जस्ता चीजहरुको मर्मत र सम्भारको निम्ति यूवाहरुलाई आवश्यक वस्तु तथा औजारहरु सहयोग । | व्यक्ति | २५ |

## *यातायात पूर्वाधार (सडक)*

यातायात क्षेत्रले मुलुकको सामाजिक आर्थिक रूपान्तरण र आर्थिक समृद्धिमा महत्वपूर्ण भूमिका खेल्छ । यस क्षेत्रले उद्योग, व्यापार, संचार, शिक्षा, पर्यटन, ग्रामीण/शहरी विकास जस्ता अन्य भौतिक तथा सामाजिक पूर्वाधार निर्माणमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । गापा को सन्दर्भमा पनि समग्र दीर्घकालीन सोंच अनुसारको उपलब्धि हासिल गर्न यातायात क्षेत्रको सन्तुलित विकास अपरिहार्य छ । हाल गापा मा यातायात सुविधा त्यत्ति सहज छैन । कुल घरधुरीको करीब आठ प्रतिशतको मात्र मुख्य सडकमा प्रत्यक्ष पहुँच छ । तर सहायक सडकले भने २१ प्रतिशतभन्दा बढी घरधुरी (अर्थात् ५५५ घरधुरी) लाई जोडेको छ । गापाका करीब ७०% घरधुरी आवागमनका लागि अझै पनि गोरेटो बाटोमा नै निर्भर रहनु गापाको निम्ति एक प्रमुख चुनौती नै हो ।

गापाको मुख्यालय रुपाटार जिल्ला सदरमुकाम कटारीबाट ९२ किलोमिटर टाढा छ । गापा भरि नै कालो पत्रे सडकहरू छैनन् । यद्यपि कच्ची सडकहरूको भने राम्रो सञ्जाल रहेको छ । केही सडकहरू सबै मौसममा पहुँच योग्य हुँदैनन् । गाउँपालिकामा जम्माजम्मी करीब १३६ किलोमिटर सडक सञ्जाल छ । गापा लाई चतारा–गुर्मी सडक जस्ता रणनीतिक सडकहरुसँग जोडिएमा गाउँपालिकामा नयाँ आर्थिक अवसरहरू खुल्न सक्ने देखिन्छ । यस क्षेत्रको अर्को प्रमुख चुनौती भनेको सडकहरू मध्ये धेरैले प्राविधिक दिशानिर्देशनलाई अनुसरण गरेका छैनन् । संघ, प्रदेश र गापा को समन्वयात्मक प्रयासमा पर्यावरणीय र प्राविधिक दिशानिर्देशनहरूको पालना सहित यी सडकहरुको स्तर उन्नति गर्नु र आफ्नो क्षेत्रभित्र पर्यावरणमैत्री र भरपर्दो यातायात सुविधाको व्यवस्था गर्नु गापा को एक प्रमुख अभिभारा रहेको छ । यस क्षेत्रको उपलब्धिले दिगो विकासको लक्ष्य-९ पूरा गर्न योगदान दिनेछ । यी आवश्यकताका र गापाको भूमिकालाई मध्यनजरगरी गापाको सडक यातायात पूर्वाधारको दिगो विकासका निम्न सोच, लक्ष्य, उद्धेश्य र कार्यको तर्जूमा गरिएको छ :

***सोंच***

ताप्ली गापाको दिगो विकासको लागि भरपर्दो सडक सञ्जाल ।

***लक्ष्य***

भरपर्दो सडक संजालको विस्तार र सुधार गरी सामाजिक-आर्थिक विकास र व्यापारको सहजीकरण मार्फत् गापा को समृद्धिमा योगदान पुर्‍याउने ।

***उद्देश्यहरू***

- गापाका उपयुक्त स्थानहरुमा सबै वातावरणीय सुरक्षा र सङ्केत सहितको यातायात सञ्जालको दिगो विकासको निम्ति सहज वातावरण निर्माण गर्ने ।
- लागत प्रभावकारी प्रविधिको प्रयोग गरी प्राविधिक र वातावरणीय दिशानिर्देशनहरूको अनुसरण गर्दै वर्षभरि नै भरपर्दो सेवा प्रदान गर्न सडक सञ्जाल विस्तार र सुधार गर्ने ।
- आर्थिक गतिविधि बढाउन रणनीतिक महत्वको राजमार्गहरू (जस्तै घ्युर्मी–चतारा) लाई जोड्ने ।
- सडक पूर्वाधारहरुको उचित संरक्षण र नियमित मर्मतसम्भार, उपयुक्त सवारी साधन व्यवस्थापन सहित सहज यातायात/आवागमन प्रणाली सुनिश्चित गर्ने ।
- सडक सञ्जाल निर्माणको कारण हुनसक्ने प्रकोप जोखिम र जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण गर्ने ।

***अपेक्षित उपलब्धिहरू***

- सबै वार्ड कार्यालयहरू र गाउँपालिकाका कार्यालयहरू भरपर्दो सडक संजालले वर्षभर जोडिएको हुने ।
- गाउँपालिकाका सबै बजार र उत्पादन केन्द्रहरूमा भरपर्दो सडक पहुँच पुगेको हुने ।
- गाउँपालिकासंग राष्ट्रिय र क्षेत्रीय सडक जोड्ने घुर्मी–चतारा सडक जोडिएको हुने ।
- गाउँपालिकामा वातावरणमैत्री यातायात प्रणाली स्थापित भएको हुने ।

***अनुमानित लागत***

यस उपक्षेत्रका कार्यक्रमहरुको कार्यन्वयनमा ५ वर्षको अवधिमा अनुमानित कुल बजेटको २८.४३% अर्थात नेरु.२,६७०,७५८,००० लाग्नेछ र यस उपक्षेत्रका रणनीति तथा कार्यक्रमहरु तल तालिकामा राखिएका छन् ।

***यतायात पूर्वाधारका रणनीति तथा कार्यक्रमहरू***

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| 24 | **यातायात सञ्जाल** | | | |
| 24.1 | गापाका उपयुक्त स्थानहरुमा सबै वातावरणीय सुरक्षा र सकेतहरु सहितको यातायात सञ्जालको दिगो विकासको निम्ति सहज वातावरण निर्माण गर्ने । | यातायात क्षेत्रको दिगो विकासको लागि सडक बोर्ड सहित प्रदेश र केन्द्रका सम्बन्धित मन्त्रालय तथा विभागहरुसँग समन्वय । | समन्वय | १५ |
| | | एकीकृत विकासको लागि यातायात क्षेत्रको प्राथमिकतावद्घ परियोजना बैङ्क सहितको यतायात कार्यक्रम र कार्यको ढाँचा तयार । | अध्ययन | १ |
| | | सबै प्राथमिकताका सडकसँग सम्बन्धित परियोजनाहरुका वातावरणीय सुरक्षाको पूर्ण प्रवर्तन सहितको विस्तृत परियोजना प्रतिवेदन तयार । | विस्तृत परियोजना प्रतिवेदन | २० |
| 24.2 | सबै वातावरणीय सुरक्षा सहितको एकीकृत र दिगो विकासको निम्ति रणनीतिक सडक संञ्जाल, व्यापारिक र बजार केन्द्रहरुसँग ताप्ली गापाको  पहुँच पुर्‍याउन प्रदेश सरकारसँग सहकार्य गर्ने । | रणनीतिक सडक संञ्जाल र निकटवर्ती बजार केन्द्रहरुसँग ताप्ली गापाको  पहुँचको निम्ति सम्बन्धित मन्त्रालय र विभागहरुसँग समन्वय । | बैठक | १५ |
| | | चतरा-घुर्मी सडक खण्डमा सुनकोशी सडकमार्ग सँगको रणनीतिक सडक सम्बन्ध र सहयोग कोष  को निम्ति पहल । | कि.मी. | ५ |
| | | कटारी नगरपालिकासँग जोड्ने रुपाटार-नूनथला-बेतिनी जिल्ला सडकलाई वातावरणमैत्री ढङ्गले कालोपत्रे गर्ने गरी विस्तृत परियोजना तयार र  निर्माण । | कि.मी. | १२ |
| 24.3 | ताप्ली गापाका सबै वडाहरुलाई जोड्ने सबै मौसममा चल्ने चक्रपथको विद्यमान अवस्थालाई सबै वातावरणीय सुरक्षा सहित स्तरोन्नति गर्ने । | सबै मौसममा सेवा पुग्ने, वातावरणमैत्री र प्रकोप संवेदनशील संरचनाको दृष्टिकोणले सबै वडाहरु र वडा कार्यालयहरुलाई जोड्ने चक्रपथको विस्तृत परियोजना प्रतिवेदन तयार । | विस्तृत परियोजना प्रतिवेदन | १ |
| | | नाला, वायो इन्जिनियरिङ्ग र सङ्केत चिन्हआदि सहितको कालोपत्रे चक्रपथ निर्माण । | कि. मी. | ६५ |
| 24.4 | गापामा वातावरणीय सुरक्षा सहितको ग्रामीण शाखा सडकहरु निर्माण गर्ने स्थानीय समुदायहरुको पहललाई सहयोग गर्ने । | विभिन्न वडाहरुमा सबै शाखा सडकहरुको प्रारम्भिक वातावरणीय परीक्षण सहितको सम्भाव्यता अध्ययन । | अध्ययन | १ |
| | | विभिन्न वडाहरुमा रहेका शाखा सडकहरुको वायो इन्जिनियरिङ्ग र वातावरणीय सुरक्षा सहित स्तरोन्नति । | कि. मी. | ३० |
| | | सबै वायो इन्जिनियरिङ्गका उपायहरु सहित शाखा सडक निर्माण गर्ने स्थानीय समुदायहरुको पहललाई सहयोग । | कि. मी. | ९० |
| 24.5 | ताप्ली गापामा सबै मौसममा यातायात सुविधाको निम्ति स्थायी पुल संरचना सहितको यातायात सञ्जालको सुधार गर्ने । | विभिन्न वडाहरुमा सबै पुलहरुको प्रारम्भिक वातावरणीय परीक्षण सहितको सम्भाव्यता अध्ययन । | अध्ययन | १ |
| | | सबै वातावरणीय तथा प्रकोप सुरक्षा सहित प्राथमिकताका पुलहरुको निर्माण । | पुलहरु | १२ |
| 24.6 | ताप्ली गापामा पर्यटन विकासको दृष्टिकोणले केबलकार र रोपवे जस्ता आधुनिक र उच्च प्रविधियुक्त यातायातका साधनहरुको निम्ति पहल गर्ने *(पर्यटन)* । | सम्बन्धित मन्त्रालय, विभागहरु, स्थानीय सरकारहरु र अन्य सरोकारवालाहरुसँग ताप्ली डाँडा देखि हलेसीको धार्मिक सम्पदा सम्म केबलकार संञ्चालन गर्न समन्वय । | समन्वय | १० |
| | | केबलकार संञ्चालनको निम्ति सबै वातावरणीय तथा विपद् सुरक्षा सहितको सम्भाव्यता अध्ययन *(पर्यटन)* । | तयारी | १ |
| | | केबलकार (ताप्ली डाँडा-हलेसी बजार) को संरचना निर्माण र संञ्चालनको निम्ति लगानी सम्मेलन । | सम्मेलन | १ |
| | | केबलकार परियोजनाको निम्ति बैंक ऋणको लागि र गापाबाट पालिका कोष सहकार्य र नागरिकहरुबाट शेयर लगानीको निम्ति व्यवसायीहरुलाई सहजीकरण । | मोटामोटी | १ |
| 24.7 | सवारी यातायातमा राम्रो पहुँच सहित नागरिकहरुको गुणस्तरीय जीवनयापनको निम्ति ताप्ली गापाका सबै बस बिसौनीहरुमा वातावरणीय सरसफाई र अन्य सुरक्षा उपायहरु अपनाई बस स्टेसनहरुमा यातायातका साधनहरु र सुविधाहरुको निर्माण गर्ने । | सबै वडाहरुमा निर्दिष्ट क्षमता सहितको बसपार्कको निम्ति जग्गा प्राप्ति । | मोटामोटी | ५ |
| | | बसपार्कको निम्ति संञ्चालन निर्देशिका र पार्कको दिगो संञ्चालनको निम्ति पार्किङ्ग शुल्कको व्यवस्था । | निर्देशिका/मापदण्ड | १ |
| | | सूरक्षित खानेपानी, बगैंचा, विश्राम गृह, शौचालय र सरसफाई तथा फोहरमैला व्यवस्थापन संरचना सहितको सुविधायुक्त बसपार्क निर्माण । | वसपार्क * वर्ष | ५ |
| | | नीजि क्षेत्रबाट संञ्चालित पेट्रोल/डिजेल/मट्टीतेल डिपोहरुलाई सहयोग *(आपूर्ति)* । | तयारी | |
| | | मर्मत, सम्भार र अन्य सेवाको निम्ति नीजि क्षेत्रबाट संञ्चालित सवारी साधन वर्कसपहरुलाई सहयोग । | कार्यशाला | १ |

## *सूचना तथा संचार प्रविधि*

नेपालको संविधानले सूचना तथा संचारको हकलाई नागरिकको आधारभूत र मौलिक हकको रुपमा स्थापित गरेको छ । भरपर्दो संचारमा पहुँचले मुलुकको सामाजिक र आर्थिक रुपान्तरण र सुदृढीकरणमा धेरै मद्दत गर्दछ । सूचना प्रविधिको पहुँचमा सुधारले धेरै योजनाहरूको प्रभावकारी कार्यान्वयनमा मद्दत गर्दछ । सूचना तथा संचार प्रविधिको विकासले दिगो विकास लक्ष्यका १७ वटा लक्ष्यहरु प्रत्येकको प्राप्तिको निम्ति सहयोग पुऱ्याउँछ ।

यस गापा को सन्दर्भमा, गापाको सामाजिक आर्थिक विकास र विस्तारमा सूचना तथा संचार प्रविधिले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने भएपनि त्यसको पर्याप्त, गुणस्तरीय र भरपर्दो सुविधाको व्यवस्थामा कमी रहेको छ । विगतका वर्षहरुमा भन्दा मोबाइल सेटको स्वामित्व लिने र प्रयोग गर्ने व्यक्तिको सङ्ख्या गापामा बढेको छ तर पनि हाल करीब २५% जनसङ्ख्याको मात्र यसमा पहुँच छ । मोबाइल नेटवर्कको पहुँच केही भौगोलिक क्षेत्रमा सीमित रहेको छ र त्यो पनि सहज छैन । इन्टरनेटमा पहुँच गाउँपालिका कार्यालयसम्म मात्र सीमित छ । अतिरिक्त र इलाका हुलाक कार्यालय गरी ७ वटा हुलाक कार्यालयहरुले सेवा पुऱ्याइरहेका छन् । कृषि, पर्यटन जस्ता क्षेत्रहरु नै आर्थिक विकासको महत्वपूर्ण आधार भएको यस गापामा कृषि सामग्रीको उपलब्धता र उत्पादित वस्तुहरुको बजार व्यवस्थापन र पर्यटन सेवामा सूचना प्रविधिको प्रयोगको निम्ति पूर्वाधार विकास गर्नु र त्यसको अभ्यासको विस्तार गर्नु अपरिहार्य छ । यी आवश्यकताका र गापाको भूमिकालाई मध्यनजरगरी गापाको सूचना तथा संचार प्रविधिको विकासका निम्न सोच, लक्ष्य, उद्धेश्य र कार्यको तर्जूमा गरिएको छ :

### *सूचना तथा संचार प्रविधिका सोंच*

गपामा प्रभावकारी सञ्चार र सूचना प्रविधि सेवाहरूमा सबैको पहुँच ।

### *लक्ष्य*

सञ्चार र सूचना प्रविधिमा गाउँवासीहरुको पहुँच तथा अधिक प्रयोग सुनिश्चित गरी सामाजिक-आर्थिक रुपान्तरणको माध्यमबाट उनीहरुको जीवनस्तरमा गुणात्मक सुधार गर्ने ।

### *उद्देश्य*

- गाउँपालिकाको सबै स्थानमा राम्रो गुणस्तरीय, विश्वसनीय मोबाइल नेटवर्कको पहुँच सुनिश्चित गर्ने ।
- गाउँपालिकामा सबै सबै स्थानमा गुणस्तरीय इन्टर्नेट नेटवर्कको पहुँच विस्तार गर्ने ।
- आर्थिक उत्पादकत्व अभिवृद्धि र बजार व्यवस्थापन गर्न मोबाइल र इन्टरनेट सेवाहरूको अनुप्रयोगको विस्तार गर्ने ।
- सूचना प्रविधिको अधिकतम प्रयोग गरी गाउँपालिकामा सुशासन कायम राख्ने र सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउने ।
- आधुनिक प्रविधिको प्रयोग गरी हुलाक सेवालाई चुस्त दुरुस्त सेवा प्रवाह गर्न सक्ने बनाउने ।

### *अपेक्षित उपलब्धि*

- गाउँपालिकामा भरपर्दो टेलिफोन र मोबाइल नेटवर्कमा नागरिकहरुको विश्वव्यापी पहुँच सुनिश्चित भएको हुने ।
- गाउँपालिकामा गुणस्तरीय इन्टर्नेट सेवामा नागरिकहरुको पहुँच सुरक्षित गरिने ।
- आधुनिक सूचना प्रविधिको प्रयोगबाट गाउँपालिकाको सेवा प्रवाहमा सुधार भइ नागरिकहरुको निम्ति गुणस्तरीय सेवा प्राप्त भएको हुने ।
- कृषि तथा पर्यटन क्षेत्रमा आधुनिक सूचना प्रविधिको प्रयोगबाट कृषि उत्पादकत्व वृद्धि, उचित बजार व्यवस्थापन, पर्यटन प्रवर्धनको कारण गापा मा रोजगारी श्रृजना र आर्थिक वृद्धि भएको हुने ।

### *अनुमानित लागत*

यस उपक्षेत्रका कार्यक्रमहरुको कार्यन्वयनमा ५ वर्षको अवधिमा अनुमानित कुल बजेटको ०.७२% अर्थात नेरु.२, ६७,४७५,००० लाग्नेछ ।

यस उपक्षेत्रका रणनीति तथा कार्यक्रमहरु तल तालिकामा राखिएका छन् ।

***सूचना/संचार प्रविधिका रणनीति तथा कार्यक्रमहरू***

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| 25 | **सूचना तथा संचार** | | | |
| 25.1 | ताप्ली गापामा प्रभावकारी संचार तथा सूचना सेवामा सबै नागरिकहरुको पहुँच सुनिश्चित गर्ने । | ठानागाउँमा रहेको टेलिफोन टावरको स्तरोन्नतिको निम्ति केन्द्रका सम्बन्धित मन्त्रालय तथा विभागहरुसंग समन्वय । | समन्वय | ५ |
| | | ठानागाउँमा रहेको टेलिफोन टावरको स्तरोन्नति । | मोटामोटी * वर्ष | २ |
| | | संचारको निम्ति वेव पोर्टल, सामाजिक संञ्जाल, मोबाइल एप्सको विकास ... *(तथ्याङ्क प्रणाली र कृषि विकास)* । | एप्स | १ |
| 25.2 | ताप्ली गापाका सबै नागरिकहरूको सञ्चार र सूचनाको अधिकारको रक्षा गर्न सबै क्षेत्रगत प्रगति/मुद्धाहरु प्रसारण गर्न एफ.एम. रेडियो र टिभी स्टेशनहरूको स्थापना गर्न अवसरहरूको खोजी गर्ने । | सम्बन्धित मन्त्रालय, विभागहरु, छिमेकी पालिकाहरु र अन्य सरोकारवालाहरुसँग एफ.एम. रेडियो र टि.भी. संयुक्त संञ्चालन गर्न समन्वय । | समन्वय | १० |
| | | ताप्लीमा एफ.एम. रेडियो स्टेसन र त्यसको सेवा स्थापनाको निम्ति सहयोग । | पटक * वर्ष | ५ |
| | | टि.भी. स्टेसनको निम्ति अवसरको खोजी गर्न सरोकारवालाहरुसँग सहकार्य । | मूल्याङ्कन | २० |
| 25.3 | ताप्ली गापामा सबै हुलाक सेवाहरुको दिगो संञ्चालनको निम्ति संरचना, सुविधा र क्षमतामा सुधार गर्ने । | न्यून लागत पर्ने सबै हुलाक कार्यालयहरुको भवन संरचना निर्माण । | भवन | ५ |
| | | हुलाक कार्यालयहरुको निम्ति संञ्चालन र सुविधा । | महिना | ६० |

### *शहरी तथा ग्रामीण विकास*

*'समृद्ध नेपाल, सुखी नेपाली'* को राष्ट्रिय सोंचको प्राप्तिको निम्ति शहरी विकास र ग्रामीण विकास दुई महत्वपूर्ण क्षेत्रहरु हुन् । गाउँलाई वातावरणमैत्री, विपद् प्रतिरोधी, व्यवस्थित, आर्थिक गतिविधिले लैश शहरको रुपमा रुपान्तरण  र विकास गर्नु नै शहरी विकास हो । त्यसैगरी, गाउँलाई परम्परागत सामाजिक स्वरुपबाट आर्थिक, सामाजिक, राजनैतिक, सांस्कृतिक र भौतिक पूर्वाधारको सन्दर्भमा आधुनिक ढाँचामा रुपान्तरण  गर्ने प्रक्रियालाई ग्रामीण विकास भनिन्छ । शहरीकरणको कारण शहरबजारमा ग्रामीण भेगबाट भइ आउने बसाइसराइको चापका कारण थप आर्थिक, सामाजिक र भौतिक पूर्वाधारको विकास गर्नु हरेक नयाँ शहरको निम्ति अनिवार्य देखिन्छ । जहाँ कि गुणस्तरीय शहरी पूर्वाधार सेवा तथा सुविधा प्रवाहले शहरी वातावरण र जीवनस्तरमा सुधार ल्याउन मद्दत गर्दछ । त्यसैगरी, ग्रामीण क्षेत्रमा विभिन्न ग्रामीण विकास कार्यक्रमको माध्यमबाट उत्पादन र उत्पादकत्वमा वृद्धि, रोजगारीको श्रृजना, स्थानीय उत्पादनको बजार व्यवस्था, सीमान्तकृत समूह सम्म विकासको प्रतिफलको वितरण गर्दै शहर र ग्रामीण क्षेत्रको विकास प्रक्रियाबीच अन्तरसम्बन्ध कायम राखी नागरिकहरुको गुणस्तरीय जीवन सुनिश्चित गर्न सकिन्छ ।

यस गापामा विगतका पछिल्ला वर्षहरुमा शहरी केन्द्रहरूको थप विकास र विस्तार भइरहेको छ । एकातिर यस्ता शहरी केन्द्रहरूको योजनाबद्ध विकास गर्नु आवश्यक छ, जसमा वातावरण अनुकूल पूर्वाधार, प्रकोप प्रतिरोधी, उद्यममैत्री जस्ता विशेषताहरु हुन्छन् । अकोतर्फ, ग्रामीण विकासका कार्यक्रमहरुको माध्यमबाट ग्रामीण क्षेत्रको सामाजिक आर्थिक विकास गरी नागरिकहरुको जीवनस्तरमा सुधार ल्याउनु जरुरी छ । गाउँ र शहरबीचको असमानतालाई न्यूनीकरण गर्दै ग्रामीण–शहरी सम्बन्धलाई सहज बनाउनु पर्छ । यस गापामा मुख्य चुनौती भनेको बढ्दो शहरी केन्द्रहरूमा योजनाबद्ध विकासको अभाव र आवश्यक पूर्वाधारहरु अपुग हुनु हो । यस परिवेशमा शहरी विकास र ग्रामीण विकासका योजनाहरुले यी केन्द्रहरूमा देखा पर्न सक्ने दीर्घकालीन परिवर्तनको परिकल्पना गरेको हुनुपर्दछ । यी आवश्यकताका र गापाको भूमिकालाई मध्यनजरगरी गापाको शहरी तथा ग्रामीण विकासका निम्न सोच, लक्ष्य, उद्धेश्य र कार्यको तर्जूमा गरिएको छ :

#### *शहरी/ग्रामीण विकासका सोंच*

भरपर्दो र पहुँचयोग्य स्थानीय स्तरको पूर्वाधारको विकास मार्फत् दिगो आर्थिक सामाजिक समृद्धि ।

#### *उपक्षेत्रगत लक्ष्य*

भरपर्दो स्थानीय स्तरको पूर्वाधारको विकासको माध्यमबाट गापा को सामाजिक र आर्थिक रूपान्तरण गर्ने ।

#### *उद्देश्य*

- उत्पादन तथा बजारमैत्री र वातावरणीय सुरक्षाको हिसाबले दिगो सामुदायिक (शहरी तथा ग्रामीण) पूर्वाधार निर्माणको माध्यमबाट समृद्ध गाउँ शहरको निर्माण गर्ने र नागरिकहरुको जीवनस्तरमा सुधार ल्याउने ।
- एकीकृत बस्ती केन्द्रहरुलाई बढावा दिएर लागत किफायती र गुणस्तरीय सार्वजनिक सेवाहरूको प्रवाह गर्ने ।
- स्थानीय स्तरको पूर्वाधारको व्यवस्थापनमा स्थानीय समुदायको क्षमता अभिवृद्धि गर्ने ।

#### *अपेक्षित उपलब्धि*

गापाको एकीकृत शहरी विकास योजना र एकीकृत ग्रामीण विकास योजना निर्माण भएको हुनेछ, गापा भित्र उपयुक्त स्थानहरुको छनौट गरी १० वटा वातावरणमैत्री, प्रकोप प्रतिरोधी संरचना लगायत आवश्यक पूर्वाधार सहितको शहरी केन्द्रहरुको निर्माण भएको हुनेछ, गापा का सबै वडा कार्यालयहरू र उत्पादन केन्द्रहरू भरपर्दो वर्षै भरी यातायातको साधन चल्ने सडकसंग जोडिएको र आवश्यक पूर्वाधारहरू (जस्तै, ठोस फोहोरमैला हटाउने, सार्वजनिक साधन पार्किंग स्थानहरू) सहितको भएको हुनेछन, विकसित शहरी केन्द्रहरु र ग्रामीण क्षेत्रहरुमा उत्पादन र रोजगारीको श्रृजना भई नागरिकहरुको आर्थिक स्तर सुधार भएको हुनेछ, र नागरिकहरुको निम्ति किफायती र गुणस्तरीय सार्वजनिक सेवा प्रवाह सुनिश्चित भएको हुनेछ ।

#### *अनुमानित लागत*

यस उपक्षेत्रका कार्यक्रमहरुको कार्यन्वयनमा ५ वर्षको अवधिमा अनुमानित कुल बजेटको ६.१२% अर्थात नेरु.२, ५७५,१५०,००० लाग्नेछ । यस उपक्षेत्रका रणनीति तथा कार्यक्रमहरु तल तालिकामा राखिएका छन् ।

*शहरी/ग्रामीण विकासका रणनीति तथा कार्यक्रमहरू*

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| 26 | **गाउँपालिका संरचना** | | | |
| 26.1 | गापामा कुशल एवं प्रभावकारी सेवा प्रवाह र विकासका कदमहरुको व्यवस्थापन सुनिश्चित गर्ने । | सबै क्षेत्रसँग सम्बन्धित निर्देशिकाहरु र मापदण्डहरुको विकासको गर्न प्रदेश तथा केन्द्रका सम्बन्धित मन्त्रालय र विभागहरुसँग समन्वय । | क्षेत्रगत निर्देशिका | १ |
| | | सबै क्षेत्रगत कार्यक्रमहरु र कार्यहरुको कार्यान्वयनमा नीजि क्षेत्र, सहकारीहरु, गैरसरकारी संस्थाहरु र अन्य सामाजिक संस्था परिचालन । | कार्यक्रम | १० |
| 26.2 | गापामा जेष्ठ नागरिकहरु, अपाङ्गता भएका व्यक्तिहरु र बालबालिकाहरुको सहज पहुँच सुनिश्चित हुनेगरी गाउँपालिकाको सचिवालय भवन र सेवा केन्द्रहरुको निर्माण गर्ने *(प्रशासकीय शासन)* । | ताप्ली गापाका सबै उप-क्षेत्रगत इकाईहरुको निम्ति पर्याप्त ठाउँ सहितको सुविधा र साधन सम्पन्न मूख्यालय भवनको डिजाइन, इष्टिमेट र निर्माण । | भवन | १ |
| | | गापाको मूख्यालय कार्यालय भवनको मर्मत सम्भार र सञ्चालन । | महिना | ३६ |
| | | सबैखाले नागरिकमैत्री आधारभूत सुविधा र साधन सहितको वडा कार्यालयहरुको निर्माण । | भवन | ३ |
| | | सबै वडा कार्यालयहरुको संञ्चालन र मर्मत सम्भार । | ५ कार्यालय * महिना | ३०० |
| | **शहर विकास** | | | |
| 26.3 | गापामा उत्पादित वस्तुहरुको व्यापारीकरण, वातावरण र विपद्को हिसाबले सुरक्षाको सुनिश्चितता सहित भौगोलिक र तुलनात्मक लाभका क्षेत्रहरुमा एकीकृत शहरी केन्द्रहरुको विकासोन्मुख कार्यक्रम र कार्यहरुको थालनी गर्ने । | शहरी विकासको निम्ति उच्च तुलनात्मक लाभका केही प्रमुख स्थानहरुको प्रवर्द्धको निम्ति प्रदेशका सम्बन्धित मन्त्रालय तथा विभागहरु र अन्य सरोकारवालासँग समन्वय । | समन्वय | १० |
| | | शहरी घर तथा कम्प्लेक्सहरुको निम्ति भवन संहिताको विकास र कार्यान्वयन । | संहिता | १ |
| | | शहरी संरचना र सुविधाको हिसाबले कुमाले बजार, रुपाटार, जोरढुंङ्गा र इनामेको शहरीकरणको निम्ति सम्भाव्यता अध्ययन । | अध्ययन | ३ |
| | | वातावरण र विपद्को जोखिमको सामना गर्ने सुरक्षात्मक उपायहरु सहितको शहरी संरचना, सुविधा र सफाईको निम्ति दुइवटा स्थानहरुका नमूनास्वरुप छनौट (Piloting) का लागि योजना निर्माण, नक्साङ्कन र लागत इष्टिमेट । | विस्तृत परियोजना प्रतिवेदन | १ |
| | | पहिलो छनौटस्वरुप रुपाटार र कुमाले बजारमा शहरी सुविधाको निम्ति कार्यक्रम (Intervention) । | शहरीकरण | २ |
| | | गापाका सबै वडामा आवश्यक शहरी विकासका सबै अवायवहरु सहितको ४ शहरी समूह निर्माण । | शहरी क्षेत्र | ४ |
| | | भवन संहिता र क्षेत्रगत निर्देशिका पूरागर्ने शर्तमा बढ्दो शहरी केन्द्रमा भवन सुधारको लागि जनतालाई प्याकेज (बैंङ्क ग्यारण्टी) । | घरधुरीहरु | २०० |

## *एकीकृत ग्रामीण बस्ती विकास*

नेपालको संविधानले आवासको अधिकारलाई मौलिक अधिकारका रूपमा समेटेको छ । संविधानले योजनाबद्ध र व्यवस्थित बस्ती विकासको अवधारणालाई समेत आत्मसात गरेको छ, जसलाई एकीकृत बस्ती विकासको योजनाले सार्थक तुल्याउँछ । एकीकृत बस्तीहरूले सेवा वितरणको लागत घटाउनुका साथै गुणस्तरीय सेवा प्रवाहमा मद्धत गर्दछ । असुरक्षित क्षेत्रहरूमा प्रकोप जोखिम विरूद्ध मानव जीवन तथा सम्पत्तिको संरक्षणको लागि सुरक्षित स्थानहरूमा एकीकृत बसोबासको विकास गर्नु आवश्यक हुन्छ । आर्थिक विकासको योजना सहितको एकीकृत बस्तीले जोखिममा रहेका नागरिकहरुको सुरक्षाका साथै आय आर्जन र रोजगारीको प्रत्याभूति समेत प्रदान गर्दछ । आवासको अधिकार ऐन २०७२ जारी हुनुले एकीकृत बस्तीको कार्यान्वयनमा सहयोग पुऱ्याउँछ । सरकारले जनता आवास (People's housing) कार्यक्रम शुरू गरिसकेको छ जुन गापामा एकीकृत बस्तीलाई प्रवर्धन गर्ने उदाहरण पनि हो । एकीकृत बसोबास विकासका लागि प्रमुख चुनौतिहरू आय स्तरमा विविधता, प्रमुख व्यवसाय, सांस्कृतिक अवरोधहरू यस पहलको सफल कार्यान्वयनमा अवरोध पुऱ्याउँछन् ।

छरिएको बस्ती र बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपको जोखिम रहेको यस गापा मा पनि प्रकोप र वातावरणीय सुरक्षा सहितको एकीकृत वस्ती विकासको थालनी गर्नु अपरिहार्य देखिन्छ । आर्थिक उपार्जनको विकल्प सहितको सबै सुविधा उपलब्ध एकीकृत बस्ती नै यस गापा का नागरिकहरुलाई प्रभावकारी सेवा प्रवाह र तिनीहरुको जीवनस्तर सुधारको निम्ति एक भरपर्दो माध्यम हुनसक्छ । तर यस गापा मा एकीकृत बस्ती विकासको निम्ति केही चुनौती र अवसरहरु भने पक्कै छन् । यस उपक्षेत्रका आवश्यकताका आधारमा गापाको एकीकृत ग्रामीण बस्ती विकासका निम्न सोच, लक्ष्य, उद्धेश्य र कार्यको तर्जूमा गरिएको छ :

### *एकीकृत ग्रामीण बस्ती विकासका सोंच*

सुरक्षित, उत्थानशील, वातावरण मैत्री एकीकृत बस्ती

### *लक्ष्य*

सुरक्षित, उत्थानशील, वातावरण मैत्री एकीकृत र योजनाबद्ध बस्ती विकास मार्फत् लक्षित समूहका नागरिकहरुको लागि सुविधा सम्पन्न र दिगो आवासको व्यवस्था गर्ने ।

### *उद्देश्य*

- नागरिकहरुको लागि  सुरक्षित, उत्थानशील, वातावरण मैत्री, सुलभ एकीकृत बस्ती विकास गरी दिगो आवासको व्यवस्था गर्ने ।
- एकीकृत बस्तीको माध्यमबाट लागत किफायती र प्रभावकारी सार्वजनिक सेवा प्रवाह र आर्थिक उपार्जनको विकल्प प्रदान गरी नागरिकहरुको जीवनस्तरमा सुधार ल्याउने ।
- निजी र सरकारी भवनहरूको लागि स्थानीय संस्कृति, प्रविधि र सुरक्षालाई ध्यानमा राख्ने भवन कोडहरू विकास गरी सुन्दर बस्ती निर्माण गर्ने ।
- भवन संहिताको अनुसरण गर्दै गुणस्तरीय सरकारी तथा नीजि भवनहरू निर्माण गर्ने ।

### *अपेक्षित उपलब्धि*

- योजना अवधि समाप्त भएपछि गापा का हरेक वडामा कम्तीमा एउटा भौतिक सुविधा सहितको नमूना एकीकृत बस्तीको विकास भएको हुनेछ ।
- गाउँपालिकामा एकीकृत सेवा वितरणको लागि उपयुक्त भवन निर्माण गरी सेवा प्रवाह गरिएको हुनेछ ।
- गाउँपालिकामा  नयाँ सरकारी तथा नीजि भवनहरु सबै भवन निर्माण संहिता (building code) अनुरुप निर्मित र सुरक्षित हुनेछन् ।

### *अनुमानित लागत*

यस उपक्षेत्रका कार्यक्रमहरुको कार्यन्वयनमा ५ वर्षको अवधिमा अनुमानित कुल बजेटको २.३६% अर्थात नेरु. २२१३०४,००० लाग्नेछ । यस उपक्षेत्रका रणनीति तथा कार्यक्रमहरु तल तालिकामा राखिएका छन् ।

***एकीकृत ग्रामीण विकासका रणनीति तथा कार्यक्रमहरू***

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| 27 | **ग्रामीण विकास** | | | |
| 27.1 | गापाको एकीकृत ग्रामीण विकास योजना तयार र कार्यान्वयन गर्ने । | गापाको एकीकृत ग्रामीण विकास योजना (IRDP) तयार गर्ने | योजना | १ |
| | | गापाको एकीकृत ग्रामीण विकास योजना को प्रारम्भिक वातावरणीय परीक्षण (IEE) मूल्याङ्कन । | अध्ययन | १ |
| | | गापाको एकीकृत ग्रामीण विकास योजनाको छपाई र प्रचारप्रसार । | प्रकाशन प्रति | ५०० |
| | | एकीकृत ग्रामीण विकास योजनाको भावनामा आधारित  योजना निर्माण, नक्साङ्कन र कार्यक्रम कार्यान्वयनको निम्ति सबै क्षेत्रगत निकायहरुसँग समन्वय । | समन्वय | १० |
| | **एकीकृत ग्रामीण बस्ती विकास** | | | |
| 27.2 | गापामा सबै विपद् र वातावरणीय सुरक्षा सहितको एकीकृत वस्ती विकासको थालनीको लागि सहज वातावरण निर्माण गर्ने । | एकीकृत वस्ती विकासको निम्ति सम्बन्धित मन्त्रालय तथा विभागहरु र अन्य सरोकारवालासँग समन्वय । | समन्वय | १० |
| | | ग्रामीण घरहरुको निम्ति भवन संहिताको विकास र कार्यान्वयन । | भवन संहिता | १ |
| | | गापामा एकीकृत वस्ती विकासको निम्ति मूख्य स्थानहरुको पहिचान । | मूल्याङ्कन | १ |
| | | एकीकृत गाउँ वस्ती (Cluster) को निम्ति जग्गा प्राप्ति, गाउँलेहरुलाई तयार पार्ने र विस्तृत परियोजना प्रतिवेदनको निमित थालनी । | मोटामोटी | २ |
| 27.3 | गापामा विपद् र वातावरणीय सुरक्षा सुनिश्चितता सहितको एकीकृत वस्ती विकासको लागि कम्तीमा पनि २ वटा स्थानहरु नमूना प्रदर्शन गर्ने । | नमूनाको रुपमा दुइ वटा स्थानहरुमा एकीकृत गाउँ वस्ती निर्माणको लागि विस्तृत परियोजना प्रतिवेदन तयारी र कार्यान्वयन । | मोटामोटी | २ |
| | | गाउँलेहरुलाई एकीकृत गाउँ व्यवस्थापनको बारेमा तालीम र गाउँ व्यवस्थापन समितिको गठन *(मानव स.साधन विकास)* । | तयारी | २ |
| | | दुइ ठाउँमा वस्ती गाउँहरु (Cluster villages) को नमूना परिक्षण । | घरधुरी * २ स्थान | १५० |
| | | निर्देशिका र सुरक्षाका सबै उपायहरु आदिको सुनिश्चितता सहित खानेपानी, सरसफाई, करेसाबारी, शौचालय, वैकल्पिक उर्जा उपकरणहरु, वायोग्याँस, घाँस रोप्ने, पशुपालन आदियुक्त एकीकृत आवासको निम्ति सशर्त प्रोत्साहन मार्फत् सामुहिक गाउँको लागि हरेक घरधुरीलाई सहयोग । | घरधुरी * २ स्थान | १५० |

## ५.७ लोकतन्त्र तथा सुशासन

### *राष्ट्रिय एकता*

एकताले सबैलाई सहकार्य गर्न, नकारात्मक चीजहरूको सामना गर्न, कुकर्मबाट जोगीन र गौरब तथा स्वाभिमानी भएर बाँच्न सहयोग गर्दछ। राष्ट्रिय एकताले जनतामा राष्ट्रिय एकता र एकताको भावना, राष्ट्रिय सुरक्षा र एकताको लागि भावना र चाहना जगाउँछ, जसले गर्दा राष्ट्रिय इच्छा र सँगै बस्ने र राष्ट्रिय पहिचानको समर्थन गर्ने संकल्पलाई सुदृढ पार्दछ। राष्ट्रिय एकताका सरकारहरू संसदमा सबै वा धेरै पार्टीहरू मिलेर बनेको गठबन्धनको सरकार हुन्छ र यस्ता सरकार प्रायः युद्ध वा गम्भीर राजनैतिक सङ्कटको समयमा गठन हुन्छन्। गापाको हकमा गाउँको विकासमा सबैको मतैक्यबद्धता भन्ने बुझ्नु पर्दछ।

नेपालको संविधानले नेपाललाई बहुजातीय, बहुभाषीक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात विविधताबीचको एकता निमार्ण गर्ने सङ्कल्प गरेको छ। त्यसैगरी, संविधानले राज्यका नीतिहरु अन्तर्गत नपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता र स्वाधिनताको संरक्षण गदै राष्ट्रिय एकता अक्षुण्ण राख्ने तथा विभिन्न जातजाती, भाषा, धर्म, संस्कृती र सम्प्रदायबीच पारस्परीक सद्भाव, सहिष्णुता र ऐक्यबद्धता कायमगरी संघीय इकाइबीच परस्परमा सहयोगात्मक सम्बन्ध विकास गर्दै राष्ट्रिय एकता प्रबर्द्धन गर्ने नीति अंङ्गीकार गरेको छ। संविधानले यो मूल मर्मलाई आत्मसात गर्दै नेपालमा रहेका विभिन्न जातजाती, भाषा, धर्म, संस्कृतीको जगेर्ना र सम्बर्द्धन गर्न राष्ट्रिय एकता नीति ल्याई सो मार्फत् सम्पूर्ण नागरिकहरुबीच सद्भाव बढाउन विभिन्न प्रयासहरु गरेको छ। यसै अनुरुप गापामा पनि  बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक र भौगोलिक विविधता रहेको र तिनीहरू बीच आपसी मेलमिलापको सम्बन्ध छ। यद्यपि, गाउँपालिकामा राष्ट्रिय स्तरको तुलनामा विविधताका जटिलताको परिमाण कम भए पनि राष्ट्रिय एकतामा योगदान पुऱ्याउने सद्भावलाई अझ सुदृढ पार्न प्रयासहरू गरिनु आवश्यक छ।

ग्रामीण विकासको लागि गाउँका वासिन्दा र त्यहाँका संस्था तथा राजनीतिक सङ्गठनबीच आगामी ५ वर्षमा एकता बढाई विवादरहित दिगो विकास गर्ने ध्येयले ताप्ली गापाले निम्न सोंच, लक्ष्य, उद्धेश्य र गतिविधिहरु तर्जुमा गरेको छः

#### ***राष्ट्रिय एकताका उपक्षेत्रगत सोच***

एकता सहितको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनयुक्त ताप्ली गापा।

#### ***उपक्षेत्रगत लक्ष्य***

विविधताको पहिचान सहितको ग्रामीण एकता मार्फत् गापाको सामाजिक, आर्थिक र सांस्कृतिक विकास गर्ने।

#### ***उद्धेश्यहरू***

- नागरिक र संस्थाहरूको एक्यैबद्धता (Solidarity) नै ताप्ली गापाको सामाजिक-वातावरणीय (Socio-ecological) समृद्धिको पूर्व-शर्त भन्ने मान्यताको विकास गर्ने।
- विषयगत क्षेत्रमा प्रशंसनीय योगदान भूमिका खेल्ने नागरिक र उनीहरूका संस्थाहरूको स्वःकार्यको सम्मान गर्ने।
- विविधताको संरक्षण र राष्ट्रिय एकता प्रवर्द्धन गर्ने।

#### ***अपेक्षित उपलब्धि***

- गापाद्वारा प्रदान गरिने हरेक सेवा र सुविधाका लागि क्षेत्रगत सबै कार्यक्रमहरूमा ग्रामीण एकताका कार्यक्रम अनिवार्य शर्तकोरूपमा समावेश गर्ने व्यवस्था हुने।
- गापामा ग्रमीण एकताको महत्वका जागरण प्रत्येक वर्ष अभियान सञ्चालन हुने।
- गापामा विकास मुद्धा र द्वन्द्व निवारण सम्बन्धी विषयमा सघन बहस पैरवी गर्न कार्यविधि निर्देशिका सहितको थिङ्क-टयाङ्क मञ्च को स्थापना हुने।
- गापाको विकास पत्रिका (Development journal) को वार्षिक प्रकाशन हुने।
- गापामा जलस्रोतको मूहानको उत्तम व्यवस्थापन गर्ने १ जनालाई पुरष्कारको व्यवस्था हुने।

गापामा लैङ्गिक समानता र महिला सशक्तिकरणका उत्कृष्ट कार्य प्रदर्शन गर्ने महिला समूहलाई पुरष्कार र प्रोत्साहन गरिने।

- समाज कल्याण, वातावरण संरक्षण र अन्य क्षेत्रमा जेष्ठ नागरिकहरूले गरेका प्रशंसनीय कार्यहरूको लागि कदरपत्र प्रदान हुने ।
- गापामा खेलकुदका गतिविधिहरूमा उत्कृष्ट खेल प्रदर्शन गर्ने २ खेलाडीलाई हरेक वर्ष सम्मान हुने ।
- गापामा वातावरण, जैविक विविधता, कृषि र पशुधन र जलस्रोत संरक्षणका क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याउने प्रत्येक वष ४ जनालाई पुरष्कार र प्रोत्साहन हुने ।
- वार्षिक कार्यक्रममा युवा नेतृत्वको प्रशंसनीय भूमिका खेल्ने १ युवालाई कदरपत्र प्रदान हुने ।
- गापामा मानव अधिकार क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने २ व्यक्तिको सम्मानका लागि कार्यक्रम हुने ।

***अनुमानित लागत***

यस उपक्षेत्रका कार्यक्रमहरुको कार्यन्वयनमा ५ वर्षको अवधिमा अनुमानित कुल बजेटको ०.२९% अर्थात नेरु. २७,०५०,००० लाग्नेछ ।

राष्ट्रिय एकताका रणनीति तथा कार्यक्रमहरु तल तालिकामा राखिएका छन् ।

***राष्ट्रिय एकताका रणनीति तथा कार्यक्रमहरू***

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| 28 | राष्ट्रिय एकता | | | |
| 28.1 | नागरिक र उनीहरूको संस्थाहरूको एक्यैबद्धता नै ताप्ली गापाको सामाजिक-वातावरणीय समृद्धिको पूर्व-शर्त भन्ने मान्यताको विकास गर्ने । | गापाद्वारा प्रदान गरिने हरेक सेवा र सुविधाका लागि क्षेत्रगत सबै कार्यक्रमहरूमा ग्रामीण एकताका कार्यक्रम अनिवार्य शर्तकोरूपमा समावेश गर्ने व्यवस्था । | वैठक | १० |
| | | गापामा ग्रमिण एकताको महत्वका जागरण अभियान । | घटना * वर्ष | १० |
| | | गापामा विकास मुद्धा र द्वन्द्व निवारण सम्बन्धी विषयमा सघन बहस पैरवी गर्न कार्यविधि निर्देशिका सहितको थिङ्क-टयाङ्क मञ्चको स्थापना । | कार्यविधि सहितको फोरम * संञ्चालन वर्ष | ५ |
| | | ताप्लीगापाको विकास पत्रिकाको प्रकाशन । | विकास पत्रिका | ५ |
| 28.2 | ग्रामीण एकता सबल पार्न विभिन्न विषयगत क्षेत्रमा प्रशंसनीय योगदान भूमिका खेल्ने नागरिक र उनीहरूका संस्थाहरूको स्वःकार्यको सम्मान गर्ने । | ताप्ली गापामा जलस्रोतको मूहानको उत्तम व्यवस्थापन गर्नेलाई पुरष्कारको स्किम *(सिंचाई)* । | घटना * वर्ष | ५ |
| | | गापामा लैङ्गिक समानता र महिला सशक्तिकरणका उत्कृष्ट कार्य प्रदर्शन गर्ने महिला समूहलाई पुरष्कार र प्रोत्साहन *(लैङ्गिक समानता र महिला सशक्तिकरण)* । | समूह * वर्ष | ५ |
| | | समाज कल्याण, वातावरण संरक्षण र अन्य क्षेत्रमा जेष्ठ नागरिकहरूले गरेका प्रशंसनीय कार्यहरूको लागि कदरपत्र प्रदान *(जेष्ठ नागरिक)* । | घटना * वर्ष | ५ |
| | | ताप्ली गापामा खेलकुदका गतिविधिहरूमा उत्कृष्ट खेल प्रदर्शन गर्ने २ खेलाडीलाई हरेक वर्ष सम्मान *(खेलकुद विकास)* । | घटना * वर्ष | १० |
| | | गापामा वातावरण, जैविक विविधता, कृषि र पशुधन र जलस्रोत संरक्षणका क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याउनेलाई पुरष्कार र प्रोत्साहन । | ४ पुरष्कार * वर्ष | २० |
| | | वार्षिक कार्यक्रम (Annual events) मा युवा नेतृत्वको प्रशंसनीय भूमिका खेल्ने युवालाई कदरपत्र प्रदान *(नेतृत्व विकास)* । | युवा नेताहरु | ५ |
| | | मानव अधिकार क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तिको सम्मानका लागि कार्यक्रम *(मानव अधिकार)* । | कार्यक्रम | २ |
| | | सबै प्रकारका सुरक्षा तथा कसूरका घटनाहरू बायोमेट्रिकमा दर्ता अभिलेख राख्नका लागि क्षमता विकास । | तयारी | ५ |

### *शान्ति सुव्यवस्था र सुरक्षा*

शान्ति र सुरक्षा मानव जीवनको एक अनिवार्य कारक हो । शान्तिमय र सुरक्षित वातावरण प्रत्येक समाजको लागि महत्वपूर्ण छ किनकि यसले देशको आर्थिक र सामाजिक विकासको सबै पक्षलाई असर गर्छ, र यो मानव अधिकारको प्राप्तिका लागि अपरिहार्य छ । शान्ति सुव्यवस्था र सुरक्षाको विश्वसनीय वातावरण सुशासन र विकासको पूर्वशर्त हो । सुशासन र विकासका दिगो शान्ति र स्थिरताको मूल आधार हो ।

नेपालको संविधानले नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता र स्वाधिनताको संरक्षण गर्दै राष्ट्रिय एकता अक्षुण्ण राख्ने, राष्ट्रिय सुरक्षा प्रणलीको विकासगरी शान्ति सुरक्षाको व्यवस्था गर्ने, सर्वाङ्गीण मानवीय सुरक्षाको प्रत्याभुती गर्ने, राष्ट्रिय सुरक्षा नीतिको आधारमा सबै सुरक्षा निकायहरुलाई सबल, सुदृढ, समावेशी र जनउतरदायी बनाउने नीतिलाई आत्मसात गरेको छ । संघीय व्यवस्था बमोजिम स्थानीय तहमा प्रभावकारी शान्ति र सुरक्षा प्रणलीको विकास गर्दै समुन्नत, आत्मनिर्भर र दिगो आर्थिक विकासका लागि शान्ति सुरक्षाको उपयुक्त वातावरण निमार्ण गर्नु गापाको प्राथमिकताको विषय हो । शान्ति र सुरक्षाको वातावरण, सुशासन सुनिश्चिता लागि आवश्यक छ । समग्र विकास प्रक्रियामा शान्ति र सुरक्षालाई आन्तरिककरण गर्न आवश्यक छ । दिगो विकासको सुनिश्चितता गर्दै शान्ति सुरक्षाले गापाको सुशासनलाई बढावा दिन टेवा पुर्‍याउछ । गापाको वर्तमान अवस्थामा, आन्तरिक सुरक्षा (पुलिस प्रशासन) को लागि पूर्वाधारहरू अव्यवस्थित र अविकसित छन् जुन शान्ति, सुव्यवस्था र सुरक्षा  सुनिश्चित गर्नका लागि एक ठूलो चुनौती रुपमा गापामा रहेको छ । यिनै आवश्यकतालाई महशुसगरी आगामी ५ वर्षमा शान्ति सुव्यवस्था तथा सुरक्षका लागि ताप्ली गापाले निम्न सोंच, लक्ष्य, उद्धेश्य र गतिविधिहरु तर्जुमा गरेको छः

#### *शान्ति सुव्यवस्था र सुरक्षा उपक्षेत्रगत सोच*

सुरक्षित र शान्त समाज सहितको ताप्ली गाउँपालिका

#### *उपक्षेत्रगत लक्ष्य*

गाउँपालिकामा सर्वाङगीण मानवीय सुरक्षा सहित विकास र सम्वृद्धिको लागि शान्ति र सुरक्षाको सुनिश्चिता गर्ने ।

#### *उद्धेश्यहरू*

- प्रहरी पोष्टबाट गरिने सुरक्षाका सेवाहरूलाई प्रभावकारी बनाउन सुविधाहरुमा सुधार गर्ने ।
- समाजमा शान्ति सुनिश्चित गर्न समतामूलक विकास र सुशासन प्रबर्द्धन गर्ने ।
- गापामा सुरक्षा पूर्वाधारलाई सुदृढीकरण गर्ने ।

#### *अपेक्षित उपलब्धि*

- राज्य र नजिकका स्टेशनहरूमा सुरक्षाका विभागहरूसँग क्षमता अभिवद्धि र सुरक्षाका अन्य मुद्धाहरूको विषयमा समन्वय हुने, पुलिस चौकीमा बायोमेट्रिक सेवा उपकरण जडान हुने र  यसका लागि क्षमता विकास हुने ।
- सुरक्षाका प्रावधानका बारेमा *'के गर्न हुने'* र *'के नगर्न नहुने'* बारे रेडियोबाट सचेतन कार्यक्रम हुने ।
- सामाजिक-वातावरणीय समृद्धिका लागि नागरिकहरूको भूमिकालाई स्पष्टपार्न सूचना सहितको होर्डिङ्ग बोर्डहरू रणनीतिक बिन्दुहरूमा स्थापना हुने ।
- द्वन्द्व निवारण सेवाहरूमा निरन्तरता हुने
- सुरक्षाका तथ्याङ्कका अभिलेख बायोमेट्रिक पद्धतिबाट हुने र रिपोर्टिङ्ग च्यानलबाट सूचनाहरूको संप्रेषण गरिने ।

#### *अनुमानित लागत*

यस उपक्षेत्रका कार्यक्रमहरुको कार्यन्वयनमा ५ वर्षको अवधिमा अनुमानित कुल बजेटको ०.२५% अर्थात नेरु. २३,५६५,००० लाग्नेछ । शान्ति सुव्यवस्था र सुरक्षाका रणनीति तथा कार्यक्रमहरु तल तालिकामा राखिएका छन् ।

***शान्ति सुव्यवस्था र सुरक्षाका रणनीति तथा कार्यक्रमहरू***

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| 29 | **शान्ति र सुरक्षा** | | | |
| 29.1 | विद्यमान प्रहरी पोष्टबाट गरिने सुरक्षका सेवाहरूलाई प्रभावकारी बनाउन सुविधाहरुमा सुधार गर्ने । | राज्य र नजिकका स्टेशनहरूमा सुरक्षाका विभागहरूसँग क्षमता अभिवद्धि र सूरक्षका अन्य मुद्धाहरूको विषयमा समन्वय । | समन्वय * वर्ष | २५ |
| | | पुलिस स्टेशनलाई बायोमेट्रिक सेवाहरूको लागि उपकरण । | सालाखाला * वर्ष | ५ |
| | | सुरक्षाका प्रावधानका बारेमा 'के गर्न हुने' र 'के नगर्न नहुने' विषयमा एफ.एम. रेडियोबाट नागरिकहरूलाई ताप्ली गापमा सचेतन कार्यक्रम । | प्रसारण * वर्ष | २०० |
| | | सामाजिक-वातावसणीय समृद्धिका लागि नागरिकहरूको भूमिकालाई स्पष्टपार्नेसूचना सहितको होर्डिङ्ग बोर्डहरू रणनीतिक महत्वका प्रवेश बिन्दुहरूमा स्थापना र यी बोर्डहरूको मर्मत संभार । | होर्डिङ्ग बोर्डहरू | २० |
| | | द्वन्द्व निवारण सेवाहरूलाई लाभार्थी घरधुरी सम्म पुऱ्याउन सेवारूलाई निरन्तरता । | द्वन्द्व निवारणका घटना | २०० |
| | | सबै प्रकारका तथ्याङ्का अभिलेख राख्न बायोमेट्रिक पद्धतिको शुभारम्भ र रिपोर्टिङ्ग च्यानलबाट सूचनाहरूको संप्रेषण । | बायोमेट्रिक * वर्ष | ५ |
| | | सबै प्रकारका सुरक्षा तथा कसूरका घटनाहरू बायोमेट्रिकमा दर्त्ता अभिलेख राख्नका लागि क्षमता विकास । | तयारी | ५ |

## *नेतृत्वको विकास*

नेतृत्व विकासले सङ्गठनहरूमा नेतृत्व भूमिकामा व्यक्तिको क्षमता विस्तार गर्दछ। नेतृत्वले सङ्गठनको रणनीतिको कार्यान्वयनमा सहयोग पु¥याउँछ योजना र कार्यक्रमबीच अरुहरुसँग तारतम्य मिलाउँछ विविध विचार सुसङ्गठीत गर्दछ र अरूहरुको क्षमता पनि बढाउँदछ। निर्णय र जिम्मेवारी लिन वा दिन नेतृत्वको भूमिका औपचारिक पनि हुन सक्छ र अनौपचारिक पनि हुन सक्छ। नेपालको संविधानले कानुनको शासन, मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, लैङ्गिक समानता, समानुपातिक समावेशीकरण, सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्य व्यवस्थाको स्थापना गर्ने तथा परस्पर सहयोगमा आधारित संघीय इकाईबीचको सम्बन्ध सञ्चालन गर्ने र स्थानीय स्वायत्तता र विकेन्द्रिकरणको आधारमा शासन व्यवस्थामा समानुपातिक सिद्धान्तलाई आत्मसात गर्दै लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढ गर्ने उद्धेश्य लिएको छ। यस सन्दर्भमा, संविधानले निर्देश गरेका सिद्धान्तमा आधारीत भई देश र जनताका लागि परिलक्षीत दायित्व पूरा गर्न लोकतान्त्रिक प्रणालीमा विश्वास रहने गरी देश विकासमा टेवा दिन सक्ने, राजनीतिक र प्रशासनीक विषय वस्तुको पूर्ण ज्ञान भएको, सबै पक्षलाई समेट्न सक्ने र सकरात्मक धारण भएको नेतृत्वको विकास गर्नु आवश्यक छ।

यसै अनुरुप ताप्ली गापामा युवा र महिलाहरू बीच दूरदर्शी राजनीतिक, प्रशासनिक र व्यवस्थापकीय नेतृत्वको विकास गर्न ठोस प्रयास गर्न आवश्यक देखिन्छ। सक्षम नेतृत्वले सकारात्मक परिवर्तन ल्याउने छ, र प्रजातान्त्रिक मान्यतालाई बढावा दिनेछ जसले समृद्धिको लक्ष्य पूरा गर्न मद्धत गर्दछ। राजनीतिक नेतृत्व विकासको आवश्यकता मात्र नभई सामाजिक, आर्थिक क्षेत्रमा पनि नेतृत्वको आवश्यकता छ। यद्यपि राजनीतिक दलहरूले गापामा राजनीतिक नेतृत्वको विकासका लागि धेरै गतिविधिहरू आरम्भ गरेका छन् तर त्यस्ता प्रयासहरू नेतृत्व विकासको अन्य क्षेत्रमा अभाव देखिएको छ। गापामा नेतृत्व विकासको लागी युवामा लगानी तथा महिलामा सामाजिक परिवर्तन ल्याउन यस क्षेत्रले सकारात्मक भूमिका खेल्ने छ। यी आवश्यकता मनन गरी आगामी ५ वर्षमा नेतृत्व विकासका लागि ताप्ली गापाले निम्न सोंच, लक्ष्य, उद्धेश्य र गतिविधिहरु तर्जुमा गरेको छ:

### *नेतृत्व विकास उपक्षेत्रगत सोच*

गापामा प्रतिबद्ध, सक्षम, ईमान्दार र गतिशील नेतृत्वको विकास।

### *उपक्षेत्रगत लक्ष्य*

सामाजिक रूपान्तरणको लागि लोकतान्त्रिक सिद्धान्तहरूमा आधारित नेतृत्वको विकास गरी ताप्ली गापाको समाजिक तथा वातावरणीय समृि्द गर्ने।

### *उद्धेश्यहरू*

- अन्तर-पुस्तौ दिगो विकास (Inter-generational sustainable development) को भावनारूप सवल तथा प्रभावकारी नेतृत्व विकासको लागि योजना बनाउने।
- युवा नेताहरूको सक्रिय भूमिका र योगदानको लागि सम्मान कार्यक्रमको आयोजना गर्ने।
- राजनीतिक, प्रशासनिक, सामाजिक, उद्यमशील, र व्यावसायिक क्षेत्रमा सक्षम नेतृत्व विकास गने।
- निरन्तर नेतृत्वको विकासको लागि संस्थागत आधार विकास गर्ने।

### *अपेक्षित उपलब्धि*

- '*नेतृत्व उत्तराधिकार योजना*' को तर्जुमा हुने र यसको कार्यान्वयनका लागि जगेडा कोष र सरोकारवालाहरूसँग सहकार्य हुने।
- युवाहरुको प्रशंसनीय नेतृत्व भूमिकाका लागि कदर/सम्मान, युवा नेताहरूको लागि इंटर्नशिपको व्यवस्था र नेतृत्व प्रवर्द्धन र दिगो विकासका राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्मेलनहरूमा भाग लिन युवाहरूलाई सहयोग हुनेहसने ।

### *अनुमानित लागत*

यस उपक्षेत्रका कार्यक्रमहरुको कार्यन्वयनमा ५ वर्षको अवधिमा अनुमानित कुल बजेटको ०.२०% अर्थात नेरु. १८,३७५ ,००० लाग्नेछ। नेतृत्व विकासका रणनीति तथा कार्यक्रमहरु तल तालिकामा राखिएका छन्।

***नेतृत्व विकासका रणनीति तथा कार्यक्रमहरू***

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| 30 | **नेतृत्व विकास** | | | |
| 30.1 | ताप्ली गापाको अन्तर-पुस्तौं दिगो विकास (Inter-generational sustainable development) को भावनारूप सवल तथा प्रभावकारी नेतृत्व विकासको लागि योजना बनाउने । | दिगो विकास र वातावरणीय संवेदनशीलतामा मध्यदृष्टि गरी *'नेतृत्व उत्तराधिकार योजना'* {Leadership Succession Plan (LSP) को तर्जुमा । | LSP | १ |
| | | *'नेतृत्व उत्तराधिकार योजना'* कार्यान्वयनका लागि सरोकारवालाहरूसँग सहकार्य र यागजना कार्यन्वयनका लागि जगेडा कोष । | वैठक/कोष * वर्ष | ५ |
| | | तापली गापाका मूख्य कार्यक्रमा घटनाहरूमा युवाको संलग्नता । | घटना * वर्ष | १०० |
| 30.2 | ताप्ली गापाको समग्र विकास प्रक्रियामा युवा नेताहरूको सक्रिय भूमिका र योगदानको लागि सम्मान कार्यक्रमको आयोजना गर्ने । | ताप्ली गापामा युवाहरुको प्रशंसनीय नेतृत्व भूमिकाका लागि कदर/सम्मान कार्यक्रमहरुको आयोजन *(राष्ट्रिय एकता)* । | तयारी | ५ |
| | | ताप्ली गापा बाहिर अध्ययन गर्न युवा नेताहरूको लागि इंटर्नशिप । | युवा नेताहरु * वर्ष | २० |
| | | नेतृत्व प्रवर्द्धन र दिगो विकासका राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्मेलनहरूमा भाग लिन युवाहरूलाई सहयोग । | सम्मेलन | ५ |

### *अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध*

अन्तर्राष्ट्रिय आर्थिक सम्वन्धले आर्थिक संसाधनमा पार्ने असरहरू, उत्पादकको संसाधन र उपभोक्ताको प्राथमिकतामा अन्तर्राष्ट्रिय भिन्नता र उनीहरूलाई असर गर्ने अन्तर्राष्ट्रियसंस्थाहरूसँगको सर-सम्बन्धलाई जनाउँदछ। यसले व्यापार, लगानी र लेनदेन सहित विभिन्न देशका बासिन्दाहरूको बीच लेनदेन र अन्तक्रियाको स्वरुप र परिणामहरूको व्याख्या गर्दछ। कुनै पनि देशको समग्रमा आर्थिक उन्नतीमा अन्तर्राष्ट्रिय आर्थिक सम्वन्धको महत्वपूर्ण योगदान हुन्छ। नेपालको संविधानले परिभाषित गरेका राष्ट्रिय हितका आधारभूत विषय प्राप्त गर्न नेपालले बाह्य आर्थिक सम्बन्धलाई विशेष जोड दिदै आएको छ। यसै अनुरुप नेपालको आर्थिक कुटनीति मूलभुत रुपमा अन्तर्राष्ट्रिय आर्थिक सम्बन्धलाई मुलुकको समृद्धि र विकासमा परिचालन गर्ने दिशामा केन्द्रित रहेको छ।

गाउँपालिकामा अन्तर्राष्ट्रिय वित्तीय लगानी र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको पहलले सामाजिक र आर्थिक समृद्धि ल्याउन योगदान पुऱ्याउँछ। केही अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले गाउँपालिकामा पहिले नै आफ्ना गतिविधिहरू विस्तार गरिसकेका छन्। गापामा स्थानीय स्तरका संस्थाहरू र अन्तर्राष्ट्रिय संस्थाहरूसँगको संयोजनले उनीहरूको क्षमता सुदृढ पार्न र विकास प्रक्रियाको गति बढाउन सहयोग पुऱ्याउँछ। यस आवश्यकतालाई मनन गरी आगामी ५ वर्षमा अन्तर्राष्ट्रिय आर्थिक सम्बन्धका लागि ताप्ली गापाले निम्न सोंच, लक्ष्य, उद्धेश्य र गतिविधिहरु तर्जुमा गरेको छः

#### ***अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध उपक्षेत्रगत सोच***

ताप्ली गापाको समृद्धिका लागि गतिशील अन्तर्राष्ट्रिय आर्थिक सम्बन्धको विकास।

#### ***उपक्षेत्रगत लक्ष्य***

गापामा आर्थिक विकासका र समृद्धिका लागि गैरसरकारी तथा अन्य संस्थासँग सहकार्य गरी अन्तर्राष्ट्रिय लगानी र सम्बन्धको प्रबर्द्धन गने।

#### ***उद्धेश्यहरू***

- नेपाल स्थित आर्थिक र कूटनीतिक नीति तथा कार्यक्रमहरूको माध्यमद्वारा ताप्ली गापाको एकीकृत विकासका लागि आवश्यक अवसरहरूको खोजी गर्ने।
- गाउँपालिकामा अन्तर्राष्ट्रिय वित्तीय लगानी प्रबर्द्धन गर्ने।
- विकास सहयोगका लागि अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूसँग समन्वय गर्ने।

#### ***अपेक्षित उपलब्धि***

- नेपालमा कार्यरत विदेशी कूटनीतिक र आर्थिक सम्बन्ध भएका दूतावासहरू लगायतका संस्थासँग विकास पहलका लागि राज्य र केन्द्रका मन्त्रालय र विभागहरूसँग अनुमोदन लिन समन्वय हुने।
- रु. ५ करोड प्रति प्रस्तावना लागतका १० वटा प्रस्तावनापत्रमा गापाबाट १०% मिलान कोषको व्यवस्था हुने।
- स्थानीय क्लब र गैरसरकारी संस्थाहरूलाईस्रोतहरूको पहुँच र खोजीको लागि सहजीकरण हुने।

#### ***अनुमानित लागत***

यस उपक्षेत्रका कार्यक्रमहरुको कार्यन्वयनमा ५ वर्षको अवधिमा अनुमानित कुल बजेटको ०.७५% अर्थात नेरु. ७०,६००,००० लाग्नेछ।

अन्तर्राष्ट्रिय आर्थिक सम्बन्धका रणनीति तथा कार्यक्रमहरु तल तालिकामा राखिएका छन्।

***अन्तर्राष्ट्रिय आर्थिक सम्बन्धका रणनीति तथा कार्यक्रमहरू***

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| ३ | **विदेशी कूटनीतिक र आर्थिक सम्बन्ध** | | | |
| ३.१ | नेपाल स्थित आर्थिक र कूटनीतिक नीति तथा कार्यक्रमहरूको माध्यमद्वारा ताप्ली गापाको एकीकृत विकासका लागि आवश्यक अवसरहरूको खोजी गर्ने । | नेपालमा कार्यरत विदेशी कूटनीतिक र आर्थिक सम्बन्ध भएका दूतावासहरू लगायतका संस्थासँग ताप्ली गापाको विकास पहलका लागि राज्य र केन्द्रका सम्वन्धित मन्त्रालय र विभागहरूसँग अनुमोदन लिन समन्वय । | समन्वय | २० |
| | | रु. ५ करोड प्रति प्रस्तावना लागतका १० वटा प्रस्तावनापत्र क्षेत्रगत कार्यक्रमका लागि तयार र यसका लागि गापाबाट १०% मिलान कोषको व्यवस्था । | प्रस्तावनापत्र | १० |
| | | स्थानीय क्लब र गैरसरकारी संस्थाहरूलाई विदेशी संस्थाबाट प्राप्त हुनसक्ने स्रोतहरूको पहुँच र खोजीको लागि सहजीकरण । | प्रस्तावनापत्र | १० |

## निर्वाचन प्रणाली

लोकतान्त्रिक देशमामा निर्वाचन प्रणालीको एकदम महत्वपूर्ण भूमिका हुन्छ किनकि यसले जनताहरूलाई आफ्नो इच्छा बमोजिमको नेतृत्वबाछ सरकार छनौट गर्ने अधिकार दिन्छ  नेपालमा तीन प्रकारका चुनावहरू हुन्छन् जरुतै १) संघीय संसदको निर्वाचन, २) राज्यसभाको निर्वाचन, र ३० स्थानीय सरकारको चुनाव । यी प्रत्येक कोटिका चुनावमा उपचुनावका साथै आम चुनावहरू पनि हुनसक्छन् । हाल नेपालमा तीनवटा निर्वाचन प्रणाली प्रयोग गरिएको छः  प्रतिनिधि सभा र प्रान्तीय सम्मेलनहरूका लागि समानान्तर मतदान, राष्ट्रिय सभाको लागि एकल स्थानान्तरण भोट र स्थानीय चुनावको पहिलो पदको लागि चुनाव । नेपालको संविधानले स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा मतदानको अधिकारको प्रयोगको अधिकारलाई सुनिश्चित गरेको छ । आधुनिक प्रविधिको प्रयोग गरेर मतदाता सूची अद्यावधिक गर्नु एउटा चुनौती हो । निर्वाचन प्रणाली सुधारको गतिविधि धेरै हदसम्म संघीय सरकारले शुरु गर्नेछ र स्थानीय सरकारले संघीय सरकारको अनुशरण गर्नेछ । स्थानीय स्तरमा बिभिन्न राजनीतिक दलहरूबीच सद्भाव कायम गर्न स्थानीय तहको पहलले निर्वाचन प्रणाली सुधार गर्न मद्धत पुर्‍याउँछ । यसै क्रममा चरनाव प्रणालीलाई स्थानीय तहमा प्रभावकारी बनाउन आगामी ५ वर्षमा ताप्ली गापाले निम्न सोंच, लक्ष्य, उद्धेश्य र गतिविधिहरु तर्जुमा गरेको छः

### चुनाव प्रणलीका उपक्षेत्रगत सोच

स्वतन्त्र, स्वच्छ र निष्पक्ष चुनाव पद्धतिको विकास ।

### उपक्षेत्रगत लक्ष्य

स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र मितव्ययी निर्वाचनको सञ्चालन गर्दै सबै मतदाताहरुको राजनैतिक अधिकारको सम्मान गर्ने ।

### उद्धेश्यहरू

- निर्वाचन प्रक्रियालाई सुधारका निमित्त निर्वाचन आयोगसँग सहकार्य गर्ने ।
- चुनावको असल वातावरण र प्रभावकारी सुरक्षा व्यवस्थाका लागि राजनीतिक दल, सरोकारवाला र सुरक्षाका निकायहरूबीच समन्जस्य/सद्भाव सुनिश्चित गर्ने ।
- चुनाव सम्बन्धी कानून र कार्यहरू कार्यान्वयन गर्ने ।
- निर्वाचन प्रणालीको सुधारका लागि मतदाताहरूमा सचेतना जगाउने ।
- मतदाता सूची अद्यावधिक गर्न आधुनिक प्रविधि प्रयोग गर्ने ।

### अपेक्षित उपलब्धि

- प्रदेश र केन्द्रका  निर्वाचन आयोगसँग समन्वय हुने ।
- सबै वार्डमा आवधिक रूपमा मतदाता सूचीको अद्यावधिकीकरण हुन, मतदान प्रक्रिया बारे नागरिकहरूको सचेतना बढ्ने ।
- शान्तिपूर्ण चुनावका लागि राजनीतिक संस्था बीच स्थानीय तहमा आचारसंहिताको विकास र कार्यन्वयन हुने ।
- एफ.एम. रेडियो र अन्य स्टेशनहरूबाट चुनाव सम्बन्धित सूचनाहरू प्रसारण हुने ।

### अनुमानित लागत

यस उपक्षेत्रका कार्यक्रमहरुको कार्यन्वयनमा ५ वर्षको अवधिमा अनुमानित कुल बजेटको ०.०४% अर्थात नेरु.३९,७५,००० लाग्नेछ । निर्वाचन प्रणालीका रणनीति तथा कार्यक्रमहरु तल तालिकामा राखिएका छन् ।

***निर्वाचन प्रणालीका रणनीति तथा कार्यक्रमहरू***

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| 32 | **नर्वाचन प्रक्रियालाई सुधार** | | | |
| 32.1 | निर्वाचन प्रक्रियालाई सुधारका निमित्त निर्वाचन आयोगसँग सहकार्य गर्ने । | निर्वाचन पद्धतिमा सुधार गर्न प्रदेश र केन्द्रका निर्वाचन आयोगसँग समन्वय । | समन्वय | ५ |
| | | सबै वार्डमा आवधिकरूपमा मतदाता सूचीको अद्यावधिकीकरण । | सालाखाला * वर्ष | ५ |
| | | मतदान प्रक्रिया बारे स्थानीय नागरिकहरूको सचेतना । | घटनाहरु | १ |
| | | आवधिक निर्वाचन सबै कार्यक्रममा सहभागिता । | सालाखाला * वर्ष | ५ |
| 32 | ताप्ली गापामा चुनावको असल वातावरण र प्रभावकारी सुरक्षा व्यवस्थाका लागि राजनीतिक दल, सरोकारवाला र सुरक्षाका निकायहरूबीच समञ्जस्य⁄सद्भाव (Harmony) सूनिश्चित गर्ने । | निर्वाचन प्रक्रियामा सुरक्षाको स्थिति कायम ुराख्न सरोकारवाला, राजनीतिक दल र सुरक्षा संस्थाहरू बीच समन्वय । | समन्वय | १० |
| | | शान्तिपूर्ण चुनावका लागि राजनीतिक संस्था बीच स्थानीय तहमा आचारसंहिताको विकास र कार्यन्वयन । | आचारसंहिता | १ |
| | | एफ.एम. रेडियो र अन्य स्टेशनहरूबाट चुनाव प्रक्रियासँग सम्बन्धित सान्दर्भिक सूचनाहरूको प्रसारण । | प्रसारण | १५० |

### *मानवअधिकार*

मानव अधिकार जाति, लिङ्ग, राष्ट्रियता, जातीयता, भाषा, धर्म, वा कुनै पनि अन्य स्थितिको भेदभावविना जिवनयापन गर्न पाउने सबै मानिसको जन्मसिद्ध अधिकार हो । मानव अधिकारमा जीवन र स्वतन्त्रताको हक, गुलामी र यातनाबाट स्वतन्त्रता, विचार अभिव्यक्त गर्ने स्वतन्त्रता, काम गर्ने र शिक्षा पाउने अधिकार र अन्य धेरै मानव स्वतन्त्रता र हकहरु पर्दछन् । यो नितान्त नैतिक सिद्धान्त/मानदण्ड हो जसले मानव आचरण तथा व्यवहारको केहि मापदण्ड निर्धारित गर्दछ जो कानुनसम्मत राष्ट्र र अन्तराष्ट्रिय कानुनमा प्राकृतिक र कानुनी अधिकारको रूपमा सुरक्षित रहन्छ । यसले व्यक्तिलाई उनीहरूका आधारभूत आवश्यकताहरू जस्तै भोजन, आवास, र शिक्षा पूरा गर्न आवश्यक पर्ने साधनहरूको पनि ग्यारेन्टी गर्दछ ताकि उनीहरूले सबै अवसरहरूको पूर्ण फाइदा लिन सकुन । मानव अधिकारले जीवन, स्वतन्त्रता, समानता र सुरक्षाको ग्यारेन्टी गरेर व्यक्तिलाई अधिक शक्तिशाली व्यक्तिको प्रभावबाट हुने दुरुपयोगबाट मुक्त राख्दछ ।

मानव अधिकारको संरक्षण, प्रवर्द्धन र सम्मानका लागि नेपालको संविधानले आमनागरिकका आधारभूत अधिकारलाई मौलिक हकका रूपमा स्पष्ट व्यवस्था गरेको छ । संयुक्त राष्ट्र संघको बडापत्र एवम् मानव अधिकारको विश्वव्यापी घोषणापत्र, मानव अधिकार सम्बन्धी विभिन्न अन्तराष्ट्रिय महासन्धिको नेपाल पक्ष राष्ट्र भइसकेको छ । मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धनमा निरन्तर अन्तराष्ट्रिय प्रतिबद्धता जनाउँदै कार्यान्वयनका लागि संवैधानिक, कानुनी, नीतिगत एवम् संस्थागत संरचनाको व्यवस्था गर्दै आएको छ । मानव अधिकारको संरक्षण, संवर्द्धन र सम्मानका लागि स्थायी संरचना एवम् संस्थाहरू र विभिन्न तहका सरकारी निकायहरूका बीचमा समन्वय तथा सहकार्यगरी मानव अधिकार सम्बन्धी जनचेतनामूलक कार्यक्रमलाई थप सशक्त बनाइएको, समुदायमा मानव अधिकार सम्बन्धी अभिमुखीकरण तालम सञ्चालन गरिएको, विकासका मुद्दासँग मानव अधिकारलाई संरचनागत एवम् कार्यात्मक रूपमा जोड्दै लाने कार्य भइरहेको छ ।

समाजमा रहेको भेदभाव, छुवाछुत, लैङ्गिक हिंसा जस्ता कुप्रथा, मुलुकको भौगोलिक संरचना, पूर्वाधार एवम् सेवा सुविधाको उपलब्धता जस्ता कुराहरू मानव अधिकारको प्रत्याभूतिका लागि प्रमुख समस्याको रूपमा रहेका छन् । साथै, मानव अधिकारप्रतिको सचेतनामा अभिवृद्धि भएको भए तापनि सेवाग्राही नागरिक अधिकारका बाहक हुन् भन्ने मानव अधिकार संस्कृतिको विकास हुन नसक्नु, राजनीतिक, सामाजिक एवम् मानव अधिकारको आधारभूत ज्ञान, मूल्य-मान्यता र संस्कारको पद्धति स्थापित हुनु नसक्नु, संरचनागत रूपमा रहेको सामाजिक विभेदलाई अन्त्य गर्न नसक्नु जस्ता प्रमुख समस्या रहेका छन् । साथै, संविधान, कानुन र अन्तराष्ट्रिय प्रतिबद्धता अनुरूप दण्डहीनताको अन्त्य र प्रभावकारी रूपमा कानुनको परिपालना गर्नु, खिवकास निर्माणमा सामाजिक एवम् आर्थिक क्रियाकलाप मानव अधिकारमैत्री र संस्कारयुक्त बनाउनु, मानव अधिकारको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनमा दायित्वकर्ता र अधिकारकर्ताबीच प्रभावकारी समन्वय र साझेदारी निर्माण गर्न नसक्नु, मानव अधिकार सम्बन्धी सूचना, ज्ञान र जानका री सबै निकायका अधिकारी एवम् आमनागरिकको तहसम्म पुग्न नसक्नु जस्ता चुनौती रहेका छन् ।

विश्वमा सर्वस्वीकार्य भएका मानव अधिकारसम्बन्धी मूल्य र मान्यतालाई नेपालको संविधानले मौलिक हकको रूपमा प्रत्याभूत गर्नु, मौलिक हक कार्यान्वयनका लागि आवश्यक कानुनी व्यवस्था हुनु, मानव अधिकारसँग समुचित क्षेत्रीय, अन्तराष्ट्रिय महासन्धि, सन्धि, तथा ऐच्छिक आलेखको पक्ष राष्ट्र हुनु, संघ, प्रदेश र स्थानीय सरकारको क्षेत्राधिकार संविधानद्वारा नै स्पष्टगरी नागरिकले वास्तविक रूपमै मानव अधिकारको उपभोग गर्न सक्ने गरी संरचनात्मक व्यवस्था हुनु, संविधान एवम् कानुनद्वारा संरक्षित मानव अधिकारको कार्यान्वयनको अनुगमन गर्ने, मानव अधिकार उल्लंघनमा अनुसन्धान गर्ने लगायतका कार्य गने स्वतन्त्र र सक्षम संवैधानिक आयोगको व्यवस्था तथा न्याय सम्पादनका लागि स्वतन्त्र न्यायालयको व्यवस्था हुनु जस्ता मानव अधिकारको संरक्षण तथा सम्वर्द्धनको लागि महत्वपूर्ण अवसर हुन् ।

माथिका चुनौती र अवसरहरुका आधारमा ताप्ली गापामा मानव अधिकारका निमित्त निम्न सोच, लक्ष्य, उद्धेश्य र कार्यको तर्जूमा गरिएको छ :

#### ***मानव अधिकारका विषयगत सोच***

ताप्ली गापामा समावेशी, समतामूलक र अनुशासित समाजको निर्माणा ।

#### ***विषयगत लक्ष्य***

कानुनको शासन र सेवाको प्रभावकारी र्कान्वयनबाट मानव अधिकार सुनिश्चित गर्ने वातावरणको विकास गर्ने ।

***उद्धेश्यहरू***

- सबै कार्यक्रमहरू (Interventions) को योजना तर्जुमा, डिजाइन र कार्यन्वयन गर्ने कार्यमा मानव अधिकार सम्वद्ध प्रणाली अपनाउने ।
- जाति, लिङ्ग, राष्ट्रियता, जातीयता, भाषा, धर्म, वा कुनै पनि स्थितिको भेदभावविना सीमान्तकृत, वञ्चित, अल्पसंख्यक, अशक्त मानिसहरू र विपन्न वर्गको अधिकारको रक्षा गर्ने ।
- मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्न सहयोग गर्ने ।
- जनचेतना अभिबृद्धि गर्ने ।

***अपेक्षित उपलब्धि***

- मानव अधिकार सम्वद्ध योजनाको तर्जुमा र तथ्यपरक सूचनामा आधारित स्वतन्त्र न्याय प्रणालीका बारेमा *'न्यायीक समिति'* का सबै सदस्यहरूको क्षमता विकास हुने ।
- मानव अधिकार उल्लङ्घनका सबै प्रकारका सामाजिक विभेद निर्मूल गर्न २५ वटा सचेतन अभियान हुने ।
- मानव अधिकारमा योगदान पुऱ्याउनेलाई सम्मान प्रदान हुने ।

***अनुमानित लागत***

यस उपक्षेत्रका कार्यक्रमहरुको कार्यन्वयनमा ५ वर्षको अवधिमा अनुमानित कुल बजेटको ०.०२% अर्थात नेरु. १,८९१,000 लाग्नेछ ।

मानव अधिकारको विकास र व्यवस्थापनका लागि रणनीति तथा कार्यक्रमहरु तल तालिकामा राखिएका छन् ।

**नोटः** यसकार्यक्रमको प्रतक्ष्य सम्बन्ध *'राष्ट्रिय एकता'* को शिर्षकमा भएकोले यस कार्यक्रमको खर्चको व्यवस्था *'राष्ट्रिय एकता'* मा पनि राखिएको छ ।मानव अधिकारका रणनीति तथा कार्यक्रमहरु

***मानव अधिकारका सोँच तालिका***

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| 33 | **मानव अधिकार** | | | |
| 33.1 | गापामा लागु गरिने सबै कार्यक्रमहरू (Interventions) को योजना तर्जुमा, डिजाइन र कार्यन्वयन गर्ने कार्यमा मानव अधिकार सम्वद्ध प्रणाली अपनाउने । | मानव अधिकार सम्वद्ध योजनाको तर्जुमा र यसको कार्यन्वयनमा तथ्यपरक सूचनामा आधारित स्वतन्त्र न्याय प्रणालीका बारेमा *'न्यायीक समिति'* का सबै सदस्यहरूको क्षमता विकास गर्न तालिम *(न्याय प्रणाली र मानव संसाधन विकास)* । | तयारी | ३ |
| | | छुवाछूत जस्ता जातीय विभेद लगायत मानव अधिकार उल्लङ्घनका सबै प्रकारका सामाजिक विभेद निर्मूल गर्न सचेतन अभियान । | घटना * वर्ष | २५ |
| | | मानव अधिकारमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तिका लागि सम्मानका कार्यक्रमहरू *(राष्ट्रिय एकता)* । | तयारी | २ |

*न्याय प्रणाली*

कुने पनि न्याय प्रणलीमा कानुन तर्कसङ्गत र समानुपातिक हुन्छ । यसले हाम्रो नियन्त्रण भन्दा बाहिरका चीजहरूको लागि केहि पूर्वानुमान प्रदान गर्दछ, जसले गर्दा हामी हाम्रो जीवनका योजनाहरु बनाउन सक्दछौं र मानसिक तथा शान्तिका साथ बाँच्न सक्दछौं । न्याय प्रणालीले हाम्रो जटिल, सभ्य समाजमा सबैको जीवनलाई सम्भव बनाउँछ । यसले व्यक्ति र समूहहरूलाई उचित व्यवहार र सामाजिक, वातावरणीय र आर्थिक लाभहरूको एक निष्पक्ष हिस्सा दिने वातावरणको ग्यारेन्टी गर्दछ र समाजमा लाभ र हानिहरूको उचित वितरणको लागि प्रोत्साहित गर्दछ ।

संविधान र संघीयताको मर्म अनुसार नेपाली जनताको इच्छा र आकांक्षा तथा अन्तराष्ट्रिय मापदण्ड अनुरूप कानुन निमाीण गरी न्यायलाई सबैको पहुँचयोग्य, अनुमानयोग्य र विश्वसनीय बनाउनु आवश्यक छ । यसका लागि संविधान प्रदत्त मौलिक हकको कार्यान्वयन गरी नागरिक स्वतन्त्रताा, मानव अधिकार र मानवीय मूल्य-मान्यताको सम्मान, संरक्षण र सम्वर्द्धन गर्दै स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका मार्फत् छिटो-छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र उत्तरदायी न्याय व्यवस्था कायम गरी जनताले प्रत्यक्ष अनुभूति गर्न सक्ने न्याय प्रणाली सुनिश्चित गर्नु आवश्यक छ ।

नेपालको संविधान कार्यान्वयन गर्न आवश्यक पर्ने सबै कानुन तजुमा गनु, स्थानीय न्यायिक समितिको काम कारवाहीलाई गुणस्तरीय एवम् प्रभावकारी बनाउनु, निःशुल्क कानुनी सहायता सेवा सम्बन्धित सबैलाई उपलब्ध गराई न्यायमा पहुँच अभिवृद्धि गर्नु, फैजदारी एवम् देवानी कार्यविधि संहिताको पूर्ण पालनाक लागि सबै तह र निकायमा पर्याप्त नागरिक शिक्षा, सचेतना र दाक्षता अभिवृद्धि गर्नु, परम्परागत ढाँचाको अनुसन्धान प्रक्रियालाई वस्तुगत र वैज्ञानिक प्रमाणमा आधारित बनाउनु, अपराध पीडित तथा साक्षीको संरक्षण गरी कसुरदारलाई सजाय दिलाउनु, सरकारी सरोकारका मुद्धा सशक्त रूपमा प्रतिरक्षा गर्न पर्याप्त सोत-साधन र क्षमता विकास गर्नु, मुद्धाहरुको चापमा वृद्धि भएसँगै त्यसको सही व्यवस्थापन र फैसला कार्यान्वयनको लाखग पर्याप्त दक्ष जनशक्तिको व्यवस्था गर्नु,  कानुनको परिपालनामा नागरिकको कर्तव्य र दायित्वबोध वृद्धि गदै लैजानु, सबै सरोकारवालाबीच समन्वयको भूमिका निर्वाह गर्ने निकायको क्षमता सुदृढ एवम् आधुनिकीकरण गर्नु, कानुनी शिक्षा र शिक्षण प्रणालीलाई समाजको विकासक्रम एवम् आवश्यकता अनुरूप विशिष्टीकृत, गुणस्तरीय र आकर्षित बनाउँदै लैजाानु जस्ता विषयहरु  चुनौतीका रूपमा विद्यमान छन् ।

न्याय प्रयणली मजबुत बनाउन ताप्ली गापालाई ऐले सुनौलो अवसर प्राप्त भएको छ । जस्तै मुलुक संघीय शासन व्यवस्थामा प्रवेश गरेपछि संघ, प्रदेश र स्थानीय तहमा आवश्यकतानुसार प्राथमिकता निर्धारण गरी कानुन निर्माण गर्ने र कार्यान्वयन गर्ने महत्वपूर्ण अवसर प्रापत भएको छ । सूचना प्रविधिमैत्री न्यायसम्पादन, भौतिक पूर्वाधार विकास र न्यायिक जनशक्तिको क्षमता विकासका क्षेत्रहरूको पहिचानसहितको न्यायपालिकाको रणनीतिक योजनाले सुधारका क्षेत्र पनि पहिचान गरेको छ । सरकारी अभियोजन र सरकारी निर्णयको प्रतिरक्षाको लागि महान्यायधिवक्ता लगायत प्रदेशस्तरमा मुख्य महान्यायधिवक्ताको संवैधानिक व्यवस्था हुनु, स्थानीय न्यायिक समितिको व्यवस्था हुनु, नयाँ फौजदारी एवम् देवानी कार्यविधि संहिता तर्जुमा भइ लागु हुनु, निःशुल्क कानुनी सेवाको व्यवस्था हुनु, हिरासतमा रहेको थुनुवा र कैदीको मानव अधिकारको अनुगमन व्यवस्था हुनु, सरकारी वकिलको लागि छुट्टै सेवा शर्तसम्बन्धी कानुनी व्यवस्था हुनु, अपराध पीडितको हक, संरक्षण र सम्वर्द्धनमा विषयगत कानुन निर्माण हुनु गापाले अवसरका रूपमा लिनु पर्दछ । यिनै अवसरहरुका आधारमा ताप्ली गापामा न्याय प्रणालीका निमित्त निम्न सोच, लक्ष्य, उद्धेश्य र कार्यको तर्जूमा गरिएको छ :

***न्याय प्रणालीका विषयगत सोच***

स्वतन्त्र, निष्पक्ष, पहुँचयोग्य, सक्षम, र विश्वास योग्य न्याय प्रणाली

***विषयगत लक्ष्य***

द्रुत, निष्पक्ष, र सरल स्थानीय स्तरको न्याय प्रणालीको विकास गर्ने ।

***उद्धेश्यहरू***

- सूचनामा आधारित र प्रभावकारी स्वतन्त्र न्यायीक प्रणाली सेवामा सबै नागरिकहरूको पहुँचको सुनिश्चितता गर्ने ।
- गाउँपालिकाको न्याय समितिलाई सुदृढ गर्ने ।
- प्यारा (Para) कानुनी समितिको सुदृढीकरण गर्ने ।
- कानुनी सचेतना अभिबृद्धि गर्ने ।

***अपेक्षित उपलब्धि***

- तथ्यपरक सूचनामा आधारित स्वतन्त्र न्याय प्रणालीका बारेमा *'न्यायीक समिति'* का सबै सदस्यहरूको वर्षेनी क्षमता विकास हुने ।
- नि:शुल्क कानुनी सहयता कक्षको स्थापना हुने ।
- सबै क्षेत्रका कार्यालयहरूमा उजुरी पेटिका अनिवार्य, र २४ घण्टा भित्र गुनासोहरू सुनवाइको व्यवस्था हुने ।
- एफ.एम. रेडियोबाट कानूनी सचेतन समाग्री नियमित प्रसारण गर्न सरोकारवालाहरूसँग सहकार्य  हुने ।
- द्वन्द समाधान गर्न सबै वडामा *'मेलमिलाप इकाई'* गठन हुने ।

***अनुमानित लागत***

यस उपक्षेत्रका कार्यक्रमहरुको कार्यन्वयनमा ५ वर्षको अवधिमा अनुमानित कुल बजेटको ०.१०% अर्थात नेरु. ९,२६०,000 लाग्नेछ ।

न्याय प्रणालीको विकास र व्यवस्थापनका लागि रणनीति तथा कार्यक्रमहरु तल तालिकामा राखिएका छन् ।

***न्याय प्रणालीका रणनीति तथा कार्यक्रमहरू***

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| 3I | **न्यायीक प्रणाली** | | | |
| 3I.I | गापामा सूचनामा आधारित र प्रभावकारी स्वतन्त्र न्यायीक प्रणाली सेवामा सबै नागरिकहरूको पहुँचको सुनिश्चितता गर्ने । | मानव अधिकारलाई ध्यानमा राखी तथ्यपरक सूचनामा आधारित स्वतन्त्र न्याय प्रणालीका बारेमा *'न्यायीक समिति'* का सबै सदस्यहरूको क्षमता विकास गर्न तालिम *(मावन अधिकार)* । | तयारी | ५ |
| | | सबै नागरिकलाई निरन्तर नि:शुल्क कानुनी सेवा र परामर्शमा पहुँच बढाउन ताप्ली गापामा नि:शुल्क कानुनी सहयता कक्षको स्थापना । | मोटामोटी * महिना | ६० |
| | | विद्यालय लगायत सबै क्षेत्रका कार्यालयहरूमा उजुरी पेटिका अनिवार्य, र २४ घण्टा भित्र गुनासोहरू सुनवाइको व्यवस्था । | मोटामोटी * महिना | ६० |
| | | एफ.एम. रेडियोबाट कानूनी सचेतन समाग्री नियमित प्रसारण गर्न सरोकारवालाहरूसँग सहकार्य । | मोटामोटी * महिना | ६० |
| | | द्वन्द समाधान गर्न सबै वडामा *'मेलमिलाप इकाई'* गठन *(राष्ट्रिय एकता)* । | मेलमिलाप इकाई | ५ |

## सुशासन

असल सुशासनले प्रक्रिया र संस्थाहरूले उतम र विवादरअित परिणामहरू उत्पादन गर्ने व्यवस्थाको अर्थ राख्दछ जस्ले समाजको आवश्यकतालाई स्रोतहरूको उत्तम उपयोगगरी पूरा गर्दछ । यो समग्र र एकीकृत मानव विकासको प्रबर्द्धन र निरन्तरता हो । यो व्यवस्था जातीय, जाति, वर्ग, र राजनीतिक विचारधारा र सामाजिक उत्पत्तिलाई सोच्न सक्ने किसिमको भिन्नतालाई मध्यनजरगरी कसरी सरकारले आफ्नो जनतालाई सक्षम, सरलीकृत र अधिकृत गर्ने, र उनीहरूको हितमा असल तथा खास निर्णयहरू लिने भन्नेमा केन्द्रित छ जस्ले जनतालाई एक स्वच्छ, सभ्य, खुशी, र स्वायत्त अस्तित्वको नेतृत्व गर्न सक्षम बनाउँछ । यसका लागि

नागरिकका सामाजिक-आर्थिक आकांक्षा पूरा गदै अगाडि बढ्न शासन सञ्चालनका लागि उपयुक्त पद्धति र औजारलाई निरन्तर परिष्कृत गदै लैजानु पर्दछ । नागरिकले संविधान प्रदत्त आधारभूत मौलिक हकको वास्तविकत अनुभूति गर्न सक्ने वातालरण विकास गर्न समेत यो अपरिहार्य हुन्छ । राज्यका नीतिमा अन्तरिक सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पुहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने व्यवस्था छ । संघीय शासन प्रणाली अनुरूप सेवा प्रवाहका लागि आधार तयार भएसुँगै नयाँ प्रकृतिको अभ्यासलाई व्यवस्थित गर्ने, आवश्यक कानुनी ढाँचाको विकास गर्ने र विभिन्न तहबीच समन्वय र सहकार्यलाई अभ्यासमा उतार्ने काम भइरहेका छन् । स्थानीय निकायलाई संविधान निर्देशित उत्तदायित्व पूरा गर्न सक्षम तुल्याउन विधायिकी, व्यवस्थापकीय र न्यायिक क्षमता अभिवृद्धि गर्ने, विकासको व्यवस्थापन गर्न सक्षम तुल्याउने र आवश्यक सहयोग, समन्वय र अनुगमन सम्बन्धी कार्य हुँदै आइरेहका छन् । तथापि, संघीय शासन व्यवस्थाको अवलम्बन पश्चात् जनतासँग प्रत्यक्ष सम्बन्धित सेवाप्रवाह र विकासको व्यवस्थापन तथा सञ्चालनको दायित्व प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारी बमोजिमको क्षमता अभिवृद्धि नहुनु, सार्वजनिक सेवा प्रवाहका क्षेत्रमा नवीनतम विकास एवम् प्रविधिको समुचित उपयोग गर्न नसक्नु, पारदर्शिता र जवाफदेहिताको प्रणाली पूर्ण रूपमा विकास भइनसक्नु, विभिन्न तहबीच पर्याप्त समन्वय हुन नसक्नु, सुशासन र सार्वजनिक उत्तरदायित्व अपेक्षित रूपमा बहन हुन नसक्नु असल सुशासन स्थापनाका विद्यमान समस्या हुन् ।

संविधानले निर्देशित गरे अनुरूप सार्वजनिक क्षेत्रमा पारदर्शिता, निष्पक्षता र प्रभावकाररिरा कायम गरी उत्तरदायित्व बहन गर्दै जनताको घर-दैलोमा सेवा पुऱ्याउनु, विकास प्रशासनको क्षमतामा अभिवृद्धि गर्नु, सार्वजनिक व्यवस्थापनप्रति नागरिकको विश्वास बढाउनु, समन्वयको प्रभावकारी प्रणाली अवलम्बनगरी जनतामा उत्साह पैदा गर्नु, संघीय प्रणालीको कार्यान्वयनलाई कम खर्चिलो बनाउनु, पारदर्शिता र जवाफदेहिताको स्तर सुदृढ बनाउनु, शासन सञ्चालनमा सदाचार र मितव्ययीता कायम गर्नु भर्खरका स्थानीयका चुनौतीहरु हुन् । तथापि चुनैतीका साथै नयाँ संविधान बमोजिम निर्वाचनबाट सबै तहमा राजनीतिक संरचनाहरू तयार भई सकेको अवस्था हुनु, जनतामा शिक्षा र चेतनाको स्तर बढ्नु र नजिकको सरकारबाट काम कारवाहीमा उनीहरूको निगरानी हुन सक्ने सहज वातावरण तयार हुनु, विकास आयोजनाहरूको प्राथमिकीकरण र कार्यान्वयनमा स्थानीय जनताको सहभागिता बढाउन अनुकूल अवस्था रहनु, संविधानको कार्यान्वयन र विकासको लक्ष्यमा पुग्न अनुकूल वातावरण तयार हुनु असल सुशासन स्थापित गर्ने सुनौला  अवसरहरु पनि छुन् ।

माथिका चुनौती र अवसरहरुको आधारमा ताप्ली गापामा सुशासनका निमित्त निम्न सोच, लक्ष्य, उद्धेश्य र कार्यको तर्जूमा गरिएको छ :

### सुशासनका विषयगत सोच

पारदर्शी, जवाफदेही, जन-उत्तरदायी प्रविधिमा आधारित विधियुक्त प्रभावकारी प्रशासन ।

### विषयगत लक्ष्य

ह्लको शासन व्यवस्थामाथि जनताको विश्वास बृद्धिगरी विधिको शासन निर्माण गर्ने ।

### उद्धेश्यहरू

- गापाको सङ्गठनात्मक, नीतिगत तथा कानुनी संरचनाहरूको निर्माण गर्ने ।
- प्रभावकारी सेवा प्रदान गर्न सबै क्षेत्रगत कार्यालयको सुशासन प्रणालीहरू साधन-प्रविधियुक्त बनाउने ।

- द्वित्वात्मक योजना आचरण (Iterative planning approach) आवलम्वन गरी समकालीन र उदयीमान विषय/मुद्धाहरू (Contemporary and emerging issues) लाई सम्बोधन गर्न योजनाबद्ध प्राथमिकताका कार्यक्रमहरू र कार्यहरू कार्यन्वयन गर्ने ।
- सरकारी सेवाहरू पारदर्शी, जवाफदेही, जन उत्तरदायी, र प्रविधिमैत्री बनाउने र सरकारको डाटाबेस प्रणालीलाई प्रभावकारी सेवा पुऱ्याउन सुधार गर्ने ।
- प्रभावकारी अनुगमन प्रणालीको विकास गर्ने र शासन प्रणालीमा जनताको विश्वास बढाउने ।

***अपेक्षित उपलब्धि***

- विषयगत मन्त्रालय, राज्य र केन्द्रका विभागहरू, जिल्ला समन्वय समिति (DCC) र नेपालको गाउँपालिकाको राष्ट्रिय महासंघ र नीति/कानुनी निर्माणसँग आवद्ध सरोकारवालाहरूसँग कार्यतालिका सहितको समन्वय संयन्त्रको व्यवस्था हुने ।
- असल सुशासनका लागि निर्वाचित नेताहरुको क्षमता अभिवृद्धि गर्न मन्त्रालयहरू, विभागहरू, DCC र NARMIN सँग समन्वय हुने ।
- गापामा सञ्चालनमा रहेका सबै क्षेत्रहरूसँग सम्बन्धित ऐन, नियमहरू, कार्यनिर्देशहरू र मापदण्डहरू तयार तथा यिनीहरूको कार्यन्वयन (सबै क्षेत्रहरू) हुने ।
- सबै कार्यालय र संस्थामा नागरिक बडापत्र सूचित गर्ने व्यवस्था हुने ।
- सूचना कक्षका सुविधा र सेवाहरूमा सुधार, र सबै क्षेत्रहरूको भौगोलिक सूचना प्रणलीमा विकसित तथ्याङ्क व्यवस्थापनका लागि सूचना अधिकारीको क्षमता विकास हुने ।
- सबै क्षेत्रगत कार्यलयको वेबसाइट बनाई अध्यावधिकगरी गापाको वेबमा आवद्ध राख्ने र नियमितरूमा बिमोचन गर्ने (Press release) व्यवस्था हुने ।
- गापाको मूख्यालय र वार्ड कार्यालयहरूमा डिजिटल हाजिरी अभ्यासको प्रभावकारी कार्यन्वयन हुने ।
- सबै संस्थाका वित्तीय लेनदेनमा बैंङ्किङ्/डिजिटल प्रणालीको व्यवस्था हुने ।
- अनुप्रयोग (App based) प्रविधिबाट सबै सूचना, कार्यक्रम र कार्यको संचार/प्रसार हुने ।
- योजना/कार्यहरूको सहभागितामूलक/सह कार्यन्वयनका लागिसंस्थाहरूसँग सहकार्य हुने ।
- IRDP मा आधारित वार्ड स्तरीय वाषिक योजना तर्जुमा र योजना कार्यान्वयन हुने ।
- सेवाग्राहीलाई दिइने सबै किसिमका सेवा र कार्य सम्पादनमा *वार्षिक १० वोट वृक्षारोपण', 'बन्ध चरन', 'प्रचुर डालेघाँस', 'पोखरीयुक्त गाउँ', 'बैकल्पिक उर्जायुक्त घर', 'शौचालय र सेवा'* इ.) जस्ता 'जाँचसूची' को अनिवार्य मापन र प्रमाणीकरण व्यवस्थाको कार्यान्वयन  हुने ।
- जागिरे र गैससहरूलाई वृक्षारोपणका लागि सबै वडाको निर्दिष्ट स्थान प्रदान र वृक्षारोपण कार्यसम्पादन मूल्याङ्कनलाई तलब भुक्तानी, पदोन्नति, पुरष्कार र प्रोत्साहनको आधार बनाउने व्यवस्था कार्यन्वयन हुने ।

***अनुमानित लागत***

यस उपक्षेत्रका कार्यक्रमहरुको कार्यन्वयनमा ५ वर्षको अवधिमा अनुमानित कुल बजेटको ०.०७% अर्थात नेरु. ६,३१५,000 लाग्नेछ ।

सुशासनको व्यवस्थापनका लागि रणनीति तथा कार्यक्रमहरु तल तालिकामा राखिएका छन् ।

***सुशासन प्रणालीका रणनीति तथा कार्यक्रमहरू***

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| 35 | **सवल सुशासन** | | | |
| 35.1 | ताप्ली गापाको सवल सुशासनको मजबुत जग बनाउन गापाको सङ्गठनात्मक, नीतिगत तथा कानूनी संरचनाहरूको निर्माण गर्ने । | विषयगत मन्त्रालय, राज्य र केन्द्रका विभागहरू, जिल्ला समन्वय समिति (DCC) र नेपालको गाउँपालिको राष्ट्रिय महासंघ {National Association of the Rural Municipality of Nepal (NARMIN)} र नीति/कानूनी निर्माणसँग आवद्ध सरोकारवालाहरूसँग कार्यतालिका सहितको समन्वय संयन्त्रको व्यवस्था । | समन्वय | २० |
| | | असल सुशासनका लागि निर्वाचित नेताहरुको क्षमता अभिवृद्धि गर्न मन्त्रालयहरू, विभागहरू, DCC र NARMIN सँग समन्वय । | समन्वय | १० |
| | | ताप्ली गापामा सञ्चालनमा रहेका सबै क्षेत्रहरूसँग सम्बन्धित ऐन, नियमहरू, कार्यनिर्देशहरू र मापदण्डहरू तयार तथा यिनीहरूको कार्यन्वयन (सबै क्षेत्रहरू) । | तयारी | १ |
| 35.2 | ताप्ली गापाका वार्ड र हेडक्वार्टरका कार्यालयबाट प्रभावकारी सेवा प्रदान गर्न सबै क्षेत्रगत कार्यालयको सुशासन प्रणालीहरू साधन-प्रविधियुक्त बनाउने । | ताप्ली गापाका सबै कार्यालय र संस्थामा नागरिक बडापत्र सूचित गर्ने व्यवस्था । | मोटामोटी | १०० |
| | | सूचना कक्षका सुविधा र सेवाहरूमा सुधार, र सबै क्षेत्रहरूको भौगोलिक सूचना प्रणलीमा विकसित तथ्याङ्क (Geo-referenced data) व्यवस्थापनका लागि सूचना अधिकारीको क्षमता विकास *(मानव संसाधन विकास)*। | उपकरण * वर्ष | ५ |
| | | सबै क्षेत्रगत कार्यलयको वेबसाइट बनाई अध्यावधिकगरी ताप्ली गापाको वेबमा आवद्ध (Linked) राख्ने र नियमितरूमा बिमोचन गर्ने (Press release) व्यवस्था *(तथ्याङ्क प्रणाली)*। | तयारी | १० |
| | | ताप्ली गापाको मूख्यालय र वार्ड कार्यालयहरूमा डिजिटल हाजिरी अभ्यासको प्रभावकारी कार्यन्वयन । | हाजिरी * वर्ष | ५ |
| | | सबै संस्थाका वित्तीय लेनदेनमा बैंङ्किङ्/डिजिटल प्रणालीको व्यवस्था । | डिजिटल बैङ्किङ * वर्ष | २५ |
| | | अनुप्रयोग (App based) प्रविधिबाट सबै सूचना, कार्यक्रम र कार्यको संचार/प्रसार *(तथ्याङ्क प्रणाली)*। | तयारी | ५ |
| 35.3 | द्वित्वात्मक योजना आचरण आवलम्वन गरी समकालीन र उदयीमान विषय/मुद्धाहरू लाई सम्बोधन गर्न योजनाबद्ध प्राथमिकताका कार्यक्रमहरू र कार्यहरू ताप्ली गापामा कार्यन्वयन गर्ने । | योजना र कार्यहरूको सहभागितामूलक तथा सह कार्यन्वयनका लागि सरोकारवाला, निजी र अन्य संस्थाहरूसँग सहकार्य । | समन्वय | २५ |
| | | IRDP मा आधारित वार्ड स्तरीय वाषिक योजना तर्जुमा र योजना कार्यान्वयन । | योजना तर्जुमा | ५ |
| | | सेवाग्राहीलाई दिइने सबै किसिमका सेवा र कार्य सम्पादनमा *वार्षिक १० वोट वृक्षारोपण', 'बन्ध चरन', 'प्रचुर डालेघाँस', 'पोखरीयुक्त गाउँ', 'बैकल्पिक उर्जायुक्त घर', 'शौचालय र सेवा'* इ.) जस्ता 'जाँचसूची' को अनिवार्य मापन र प्रमाणीकरण व्यवस्थाको कार्यान्वयन । | सूची प्रमाणीकरण * वर्ष | १५०० |
| | | जागिरे र गैससहरूलाई वृक्षारोपणका लागि सबै वडाको निर्दिष्ट स्थान प्रदान र वृक्षारोपण कार्यसम्पादन मूल्याङ्कनलाई तलब भुक्तानी, पदोन्नति, पुरष्कार र प्रोत्साहनको आधार बनाउने व्यवस्था कार्यन्वयन । | सालाखाला * महिना | ६० |

### प्रशासकिय सुशासन

प्रशासकिय सुशासन नीति कार्यान्वयन गर्ने प्रणाली हो । शाासन प्रणालीलाई जनमुखी, सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउँदै लैजानु सुशासनको लागि आवश्यक हुन्छ । शासन प्रणालीमा सबै क्षेत्र, वर्ग, समुदाय र सरोकारवालाको पुहुँच र सहभागितालाई सुनिश्चित गर्न आवश्यक छ । संघीय प्रणालीमा आधारित लोकतान्त्रिक शासन व्यवस्थालाई व्यवहारमा कार्यान्वयन गर्दै जनविश्वास अभिवृद्धि गर्नु प्रशासकीय सुशासनको मूल मर्म हो । अन्तरसरकार समन्वय, शासन सञ्चालन र विकास. सेवा प्रवाह सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा भई नसक्नु, सबै तहमा संरचनागत व्यवस्था भइनसक्नु, सबै तहमा जनशक्तिको समुचित व्यवस्थापन हुन नसक्नु, जवाफदेहिता, जिम्मेवारीबोध र सेवाग्राहीमैत्री व्यवहार हुन नसक्नु र सदाचार कायम गर्न नसकिनु हालका प्रमुख समस्या हुन् ।

यस अवस्थामा लक्षित वर्गले लाभ लिन सक्ने गरी समावेशीकरण नीतिमा पुनरावलोकन गर्नु, जनताको बढ्दो अपेक्षा सम्बोधन गर्ने गरी सेवा प्रवाहमा सुधार गर्नु, सबै राष्ट्र सेवक कमिचारीको क्षमताको पूर्ण उपयोग हुने गरी संस्थागत क्षमतामा अभिवृद्धि गर्नु, संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी प्रशासकीय समन्वय कायम गर्ने गरी संरचनागत एवम् नीतिगत व्यवस्था गर्नु आवश्यक छ । तथापि, संघीय ढाँचा अनुरूप स्थानीय तहबाटै सेवा प्रवाह हुने अवस्था सृजना हुनु, सार्वजनिक व्यवस्थापनको क्षेत्रमा नयाँ प्रविधि, ज्ञान, सीप र क्षमता भएका जनशक्तिको प्रवेश हुँदै जानु, सार्वजनिक प्रशासन समावेशी हुँदै जानु, राजनीतिक र प्रशासनिक सुमधुर सह-सम्बन्धको माध्यमबाट विकास र सेवा प्रवाह प्रभावकारी हुँदै जानु अवसरका रूपमा रहेका छन् ।

ताप्ली गापाले आफ्नो क्षेत्रमा दिगो विकासको चाहनानुरुप प्रशाकिय सुशासनमा उल्लेखनीय सुधार ल्याउने सोच बनाएको छ । माथि उल्लेखित चुनौती, अवसर र गापाको चाहना अनुसार प्रशासकिय सुशासन सुधारका निमित्त निम्न सोंच, लक्ष्य तथा उद्धेश्य सहितका गतिविधिहरु तर्जुमा गरिएको छः

#### प्रशासकिय सुशासनका विषयगत सोच

परिणाममुखी तथा सार्वजनिक प्रशासनिक सुशासन पद्धतिको व्यवस्थापन ।

#### विषयगत लक्ष्य

जवाफदेही व्यवसायिक सक्षम सार्वजनिक प्रशासनबाट सार्वजनिक सेवाप्रति ताप्ली गापाको जनविश्वास जित्ने र समाजिक तथा वातावरणीय समृद्धि विकास गर्ने ।

#### उद्धेश्यहरू

- प्रभावकारी प्रशासनिक सेवा प्रदान र आवश्यकतानुरूप सीप विकास गर्न सरकारी कर्मचारीहरूको क्षमता अभिबृद्धि गर्ने ।
- गापामा हुने विकासका सबै कार्य र सेवाहरू प्रति नागरिकका सबै चासो/चिन्ताहरूलाई प्रशासनिक मूलधारमा प्रवाहित गर्ने ।

#### अपेक्षित उपलब्धि

- गुणस्तर प्रशासनिक सेवाको लागि मन्त्रालय र विभाग, DCC र NARMIN सँग समन्वय हुने, कर्मचारीको प्रशासनिक क्षमता बृद्धि आवश्यकतानुरूप गरिने, कर्मचारीको पदोन्नती, पुरष्कार र प्रोत्साहनका लागि विषयगत  मन्त्रालय र विभागहरूसँग समन्वय हुने ।
- गापाको प्रशासनिक व्यवस्थापनको लागि प्रशासनिक नीति पुस्तिका तयार हुने ।
- विकासका मुद्धाहरू, कार्यक्रम/घटनामा नागरिकको संलग्नता र गुनासोहरूको विश्लेषण र गुनासो सुनुवाईको संयन्त्रबारे छलफल गर्न त्रैमासिक कार्यक्रम हुने ।
- विकासका मुद्धाहरू, समस्या र अवरोधका कारणहरू एफ.एम. रेडियो र वेबसाइटबाट प्रसारण हुने र नागरिक र उनीहरूको संस्थाको चिन्ता र गुनासो समाहित गर्दै 'विकास बुलेटिन' को वार्षिक प्रकाशन हुने ।

#### अनुमानित लागत

यस उपक्षेत्रका कार्यक्रमहरुको कार्यन्वयनमा ५ वर्षको अवधिमा अनुमानित कुल बजेटको ०.०५% अर्थात नेरु. ४,५२५,000 लाग्नेछ । प्रसाशकिय सुशासनको व्यवस्थापनका लागि रणनीति तथा कार्यक्रमहरु तल तालिकामा राखिएका छन् ।

*प्रसाशकिय सुशासनका रणनीति तथा कार्यक्रमहरू*

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| 36 | **प्रभावकारी प्रशासनिक सेवा** | | | |
| 36.1 | गापामा प्रभावकारी प्रशासनिक सेवा प्रदान र आवश्यकतानुरूप सीप विकास (Need based skills development) गर्न सरकारी कर्मचारीहरूको क्षमता अभिबृद्धि गर्ने । | गुणस्तर प्रशासनिक सेवाको लागि कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्न विषयगत मन्त्रालय र विभाग, DCC र NARMIN सँग समन्वय । | समन्वय * पटक | १० |
| | | सरकारी कर्मचारीको प्रशासनिक क्षमताको लागि आवश्यकतानुरूप सीपमूलक तालिम । | तालिम * पटक | १० |
| | | कार्यसम्पादन मूल्याङ्कन अनुरुप सरकारी कर्मचारीको पदोन्नती, पुरष्कार र प्रोत्साहनका लागि विषयगत मन्त्रालय र विभागहरूसँग समन्वय । | समन्वय * पटक | १० |
| | | प्रशासनिक व्यवस्थापनको लागि प्रशासनिक नीति पुस्तिका तयार । | प्रशासनिक नीति पुस्तिका | १ |
| 36.2 | गापामा हुने विकासका सबै कार्य र सेवाहरू प्रति नागरिकका सबै चासो/चिन्ताहरूलाई प्रशासनिक मूलधारमा प्रवाहित गर्ने । | विकासका मुद्धाहरू, कार्यक्रम/घटनामा नागरिकको संलग्नता र गुनासोहरूको विश्लेषण र गुनासो सुनुवाईको संयन्त्रबारे छलफल गर्न त्रैमासिक कार्यक्रम । | घटना | १५ |
| | | विकासका मुद्धाहरू, समस्या र अवरोधका कारणहरू एफ.एम. रेडियो र वेबसाइटबाट प्रसारण । | प्रसारण * पटक | ६० |
| | | नागरिक र तिनीहरूको संस्थाको चिन्ता र गुनासो समाहित गर्दै *'विकास बुलेटिन'* को वार्षिक प्रकाशन । | वार्षिक प्रकाशन | ५ |

### *भ्रष्टाचार नियन्त्रण*

*'निजी लाभका लागि आफूमा निहित शक्तिको दुरुपयोग'* सामान्य अर्थमा भ्रष्टाचार भनिन्छ। शक्तिको दुरुपयोगबाट हुने पैसाको मात्रा र प्रवृतिका आधारमा भ्रष्टाचार ठूला, सानो र राजनैतिक रूपमा वर्गीकृत गर्न सकिन्छ। ठूला भ्रष्टाचारले सरकारको उच्च स्तरमा नीति-नियमलाई तोडमोडगरी राज्यको सार्वजनिक सम्पतिको विशेषगरी राजनीतिक तहबाट दुरुपयोग हुनेगर्दछ वा राजनीतिज्ञहरुको हितमा खर्च गर्न सहयोग पुऱ्याउँछ जस्ले नीति वा राज्यको केन्द्रीय कार्यलाई विकृत बनाउँदछ। साना भ्रष्टाचारले सामान्यतया मध्य-स्तरका सार्वजनिक अधिकारीहरूद्वारा नागरिकहरूसँगका हुने दैनिक सुम्पिएको शक्तिको दुरुपयोगलाई बुझाउँदछ जसले अक्सर अस्पताल, स्कूल, प्रहरी विभागहरू र अन्य निकायहरू जस्ता स्थानहरूमा आधारभूत सामानहरू वा सेवाहरूको पहुँचमा बिकृति ल्याउँदछ। राजनैतिक भ्रष्टाचार भनेको स्रोतको बाँडफाँड र वित्तपोषणमा नीति, संस्था र कानुनी प्रक्रियाहरूको हेरफेर हो जस्मा राजनीतिक निर्णयकर्ताहरूले आफ्नो शक्ति, स्थिति र सम्पत्ति कायम राख्न आफ्नो ओहदाको दुरुपयोग गर्छन्। कुनै पनि देशको समृद्धिका लागि यी तिनै प्रकारका भ्रष्टाचारका प्रवृति विरुद्ध नियन्त्रणमुखी व्यवस्था हुनु आवश्यक छ।

नेपालको संविधानमा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबााट प्राप्त हुने सेवा, सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चितगरी सुशासनको प्रत्यभूति दिने राज्यको नीति अनुरूप कानुनी र संरचनागत व्यवस्था गरिएको छ। भ्रषचार विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धि बमोजिम कानुनको पररमार्जनगरी सार्वजनिक, निजी लगायत सबै क्षेत्रमा हुने भष्टाचारजन्य कार्य, आर्थिक अनियमितालाई समेत कानुनको दायरामा ल्याउन आवश्यक कानुनी व्यवस्था तर्जुमा भइरहेका छन्। उक्त कानुनी व्यवस्था बमोजिम भष्टाचार नियन्त्रणसँग सम्बन्धित नियामक निकायको सबलीकरण गर्नु अहिलेको आवश्यकता हो। समाजको आर्थिक तथा सामाजिक पक्षमा भ्रष्टाचारले पारिरहेको प्रतिकूल असरलाई नियन्त्रण गर्ने सम्बन्धमा विहङ्गम दृष्टिकोण, प्रतिबद्धता एवम् सोही बमोजिमको गतिशीलता र व्यवहारमा प्रतिबिम्बित हुन पनि आवश्यक छ।

भड्किलो सामाजिक व्यवहार र संस्थागत भ्रष्टाचार बढनु, समाजमा आर्थिक अपराध विरुद्धको जनमत कमजोर हुनु, निजी क्षेत्रको आर्थिक अनियमिततालाई कानुनी कारवाहीको दायरमा पूर्णरूपमा ल्याउन नसक्नु, छानबिन तथा अनुसन्धानको सबल प्रणालीको विकास नहुनु, सार्ववनिक सेवा विशेष गरी खरिद तथा नागरिकसँग प्रत्यक्ष सरोकार रहने निकायबाट सम्पादन हुने काम कारवाहीलाई अनलाईन प्रणालीमा पूर्ण रूपमा आबद्ध गर्न नसक्नु, स्थानीय तहमा सार्वजनिक सेवालाई अनुमानयोग्य बनाउन नसक्नु हालको बढ्दो भ्रष्टाचारका दुबै समस्या र कारण हुन्। यद्यपि भ्रष्टाचार नियन्त्रणका अवसरहरु र आधारहरु पनि थुप्रै छन् जस्तै भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धि बमोजिम कानुन परिमार्जनको क्रममा रहेको कानुनले निजी क्षेत्रमा हुने भ्रष्टाचारजन्य कार्य एवम् आर्थिक अनियमितता समेत अनुसन्धानको दायरामा आउने सम्भावना बढाएको छ। मुलुकको संघीय संरचना बमोजिम सबै तहमा सबल सरकार गठन भएकोले गलत आर्थिक क्रियाकलापलाई नियन्त्रणागरी मुलुकको विकास गर्न उपयुक्त अवसर निर्माण भएको छ तथापि यस प्रावधानलाई अझ सहक्त बनाउनु जरुरी छ। समाजमा भष्टाचार विरुद्धको दृष्टिकोण परिवर्त्तन भएको छ। यसैगरी संवैधानिक एवम् कानुनी रूपमा सबल नियामक निकायको व्यवस्था हुनु, नागरिकमा भष्टाचार विरुद्धको सशक्त चेतनाको विकास हुनु, नियामक निकायको सबलीकरण एवम् अख्तियार दुरूपयोग अनुसन्धान आयोगको क्षेत्रीय कार्यालय एवम् सम्पर्क कार्यालयको विस्तारले भ्रष्टाचार विरुद्धको अभियानलाई थप प्रभावकारी रूपमा अगाडि बढाउने जस्ता अवसरहरु विद्यमान छन्।

ताप्लीमा हाल भ्रष्टाचारका कुनै घटना पाइएको छैन तथापि भविष्यमा हुनसक्ने भ्रष्टाचारको संभावनालाई मध्यनजरगरी आगामी ५ वर्षमा गापाले आफ्नो सुशासन तथा प्रसाशनिक पद्धतिमा सुधार गर्न निम्न सोंच, लक्ष्य, उद्धेश्य तथा गतिविधिहरु तर्जुमा गरेको छः

#### *भ्रष्टाचार नियन्त्रणका विषयगत सोच*

भ्रष्टाचारमुक्त सदाचार समाजको निर्माण।

#### *विषयगत लक्ष्य*

सबै प्रकारका भ्रष्टाचार नियन्त्रणगरी स्वच्छ समाजको निर्माण गर्ने।

***उद्धेश्यहरू***

- भ्रष्टाचारको बिरूद्ध *'शून्य-सहिष्णुता'* को सिद्धान्त आवलम्बन गर्ने ।
- सेवा खरिद विक्रिमा आधुनिक प्रविधि तथा विद्युतिय व्यवस्था लागु गर्ने ।
- भ्रष्टाचारको बिरूद्ध जनचेतना बढाउने तथा सार्वजनिक लेखा सुनुवाईको व्यवस्था लागु गर्ने ।

***अपेक्षित उपलब्धि***

- गैरभ्रष्टाचार पहलहरूका लागि सबै निकायहरूसँग सहकार्य हुने ।
- भ्रष्टाचारका प्रमाणहरु सहितका सूचनाहरूको सम्प्रेषण हुने ।
- *'अनलाइन खरिद र भुक्तानी'* हुने र सबै वित्तीय स्रोतको लेनदेनका सार्वजनिक सुनुवाई र लेखा परीक्षण हुने ।

***अनुमानित लागत***

यस उपक्षेत्रका कार्यक्रमहरुको कार्यन्वयनमा ५ वर्षको अवधिमा अनुमानित कुल बजेटको ०.०३% अर्थात नेरु. ३,०७५,000 लाग्नेछ ।

भ्रष्टाचार नियन्त्रणको व्यवस्थापनका लागि रणनीति तथा कार्यक्रमहरु तल तालिकामा राखिएका छन् ।

***भ्रष्टाचार नियन्त्रणका रणनीति तथा कार्यक्रमहरू***

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| 37 | **गैरभ्रष्टाचार** | | | |
| 37.1 | गापामा सबै प्रकारका भ्रष्टाचारको बिरूद्ध *'शून्य-सहिष्णुता'* को सिद्धान्त आवलम्बन गर्ने । | गैरभ्रष्टाचार सम्बद्व राज्य र केन्द्रका सबै संस्थाहरू बीच समन्वय, र गैरभ्रष्टाचार पहलहरूका लागि सबै निकायहरूसँग सहकार्य । | समन्वय | २० |
| | | भ्रष्टाचारका प्रमाणहरु सहितका सूचनाहरूको संङ्कलन र सो लाई राज्य र केन्द्रका सम्वन्धित भ्रष्टाचार निरोधक निकायहरूमा सम्प्रेषण । | सालाखाला | १० |
| | | ताप्ली गापमा *'अनलाइन खरीद र भुक्तानी'* प्रणालीको सुरुवात | सालाखाला | ५ |
| | | ताप्ली गापामा सरकारी र गैरसरकारी कार्यक्रम अन्तर्गतका सबै वित्तीय स्रोतको लेनदेन सहितका सबै कार्यक्रम र कार्यहरूको पारदर्शिताका लागि सार्वजनिक सुनुवाई र लेखा परीक्षण । | सार्वजनिक सुनुवाई | ५ |

### *मूल्याङ्कन तथा अनुगमन*

कुनै पनि योजना तथा कार्यक्रमको प्रगतिलाई उद्धेश्यहरू अनुरुप सम्पादन गर्न, व्यवस्थापन पक्षका निर्णयहरू मार्गनिर्देशित गर्न र उपलब्धीहरुलाई ट्र्याक गर्न जानकारी सङ्कलन, विश्लेषण र प्रयोग गर्न अपनाइने प्रणालीगत प्रक्रियालाई अनुगमन भनिन्छे। यो सामान्यतया प्रक्रियाहरूमा जस्तै गतिविधिहरू कहिले र कहाँ हुन्छन्, कसले तिनीहरूलाई डेलिभर गर्दछ र कति व्यक्तिहरू वा संस्थाहरू उनीहरूको  पहुँचमा छन् भन्नेमा केन्द्रित हुन्छ। यसैगरी गतिविधि, परियोजना, कार्यक्रम, रणनीति, नीति, विषय, विषयवस्तु, क्षेत्र, परिचालन क्षेत्र वा संस्थाको प्रदर्शनको व्यवस्थित मूल्याङ्कन हो। मूल्याकन अपेक्ष गरिएका वा हासिल गर्न खोजिएका परिणामको श्रृङ्खला (आगत, गतिविधि, परिणामहरू, परिणाम र प्रभावहरू), प्रक्रियाहरू, प्रासङ्गिक कारकहरू र कारणहरूको जाँच गर्दै, उपलब्धिहरू वा उपलब्धिहरूको अभाव बुझ्ने जस्ता कुराहरुमा केन्द्रित हुन्छ। मूल्याङ्कनको उद्देश्य कार्यक्रम तथा योजनाको सान्दर्भिकता, प्रभाव, प्रभावकारिता, दक्षता र हस्तक्षेपको स्थिरता र प्राप्त परिणामहरूमा हस्तक्षेपको योगदान निर्धारण गर्नु हुन्छ।

विकास नीति, योजना, कार्यक्रम तथा आयोजनाको सफल कार्यान्वयनका साथै विकास प्रक्रियालाई नतिजामूलक र पारदर्शी बनाई सार्वजनिक जवाफदेहिता सुनिश्चित गर्न अनुगमन तथा मूल्याङ्कनको महत्वपूर्ण भूमिका हुन्छ। संविधानले राष्ट्रिय नीतिको कार्यान्वयन तथा सुशासनको सन्दर्भमा समेत अनुगमन तथा मूल्याङ्कनलाई महत्व दिई फराकिलो दायरामा राखेको छ। हाल विकास आयोजनाहरूको व्यवस्थित अनुगमन तथा मूल्याङ्कनका लागि राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन-२०७५ कार्यान्वयनमा छ।स्थानीय तहको अनुगमन तथा मूल्याङ्कन प्रणाली विकासका लागि प्रदेश अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन-२०७५ (नमुना) तयारी र संप्रेषण गरी सहजीकरण गरिएको छ। दिगो विकास लक्ष्यमैत्री अनुगमन तथा मूल्याङ्कनका लागि सूचक तयार गरी प्रदेशगत रूपमा समेत तथ्याङ्कको व्यवस्थापन गरिएको छ।

अनुगमन तथा मूल्याङ्कनलाई अन्तरनिकाय र अन्तरसरकार तहको समन्वय र सहकार्यमा थप प्रभावकारी बनाउनु आवश्यक छ। आन्तरिक र तेस्रो पक्षको मूल्याङ्कन मार्फत् विकास नीति, योजना तथा कार्यक्रमको असर र प्रभाव अध्ययन गरी पृष्टपोषण प्रदान गर्ने प्रयासलाई सुदृढ बनाउने एवम् विकास आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कन कार्य छिटो, छरितो र व्यवस्थित बनाउन नवीन प्रविधिको प्रयोग र सञ्चालीकरण गर्नुपर्ने हुन्छ। योजनामा अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त अनुपोषणलाई तीनै तहको सरकारमा अनिवार्य गर्ने प्रणालीको विकासले स्थानीय विकासको महत्व अझै सान्दर्भिक बनाउँदछ। तथापि यो सरल कार्य ह्वैन र यसका धेरै चुनौतीहरु पनि छन्। जस्तै कि संघीय संरचना अनुरूप संघ, प्रदेश र स्थानीय तहको सहकार्य र समन्वयमा अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई संस्थागत हुन सकेको छैन। योजनाद्वारा परिलक्षित प्रगतिको एकीकृति  प्रतिवेदन तयार गर्नु, राष्ट्रिय लक्ष्यका सही तथा मापनयोग्य सूचकहरू निर्धारण गर्नु, दिगो विकास लक्ष्य लगायतका विषयमा असर र प्रभाव तहका सूचकहरूका खण्डीकृत एवम् सर्वेक्षणमा आधारित तथ्याङ्क, सूचना सृजनागरी प्रगति समीक्षा गर्नु, अनुगमन तथा मूल्याङ्कन क्षेत्रमा दक्ष जनशक्ति तयारगरी टिकाइराख्नु, नीति, योजना तथा कार्यक्रमको प्रभाव र असर मूल्याङ्कन गर्नु, मूल्याङ्कनबाट आएका पृष्टपोषणलाई अनिवायि कार्यान्वयन गराउनु र अनुगमन तथा मूल्याङ्कन कार्यमा प्रविधिको प्रयोगलाई व्यवहारमा लागु गर्नु हाल देखिएका अन्य चुनौतीहरु हुन्।

संविधानद्वारा तहगत सरकारको अधिकारको सूचीबाट कार्य जिम्मेवारीको बाँडफाँड भइसकेको छ। यस अर्थमा गापाले आफ्नो कार्य जिम्मेवारी अनुसार अनुगमन सूचक बनाई कार्य गर्ने अवसर प्रप्त भएको छ साथै संघीयताको कायीन्वियनसँगै प्रदेश र स्थानीय निकायहरू अनुगमन तथा मूल्याङ्कनमा सक्रिय हुनु, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी आवश्यक नीतिगत नमुना मार्गदर्श हुनु, मूल्याङ्कनका क्षेत्रमा प्रतिष्ठित राष्ट्रिय तथा अतर्राष्ट्रिय संस्थासँगको साझेदारी र सहकार्यमा वृद्धि हुनु र अनुगमन तथा मूल्याङ्कनको सबैले आत्मसात गर्ने बढ्दो परिपाटीलाई गापाले अवसरकोरुपमा आवलम्बन गर्नसक्नु पर्दछ।

मथिका वस्तुगत आवश्यकतालाई महशुसगरी ताप्ली गापाले आगामी ५ वर्षमा आफ्नो क्षेमा सबै योजना र कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने सबल पद्धति विकास गर्ने र त्यसको अभ्यास गर्ने अठोट लिई निम्न सोंच, लक्ष्य, उद्धेश्य तथा गतिविधिहरु तर्जुमा गरेको छः

#### ***मूल्याङ्कन/अनुगमनका विषयगत सोच***

ताप्ली गापामा नतिजामूलक अनुगमन तथा मूल्याङ्कन विधि सहितको सुशासन व्यवस्था।

***विषयगत लक्ष्य***

मापनयोग्य सूचक सहितको प्रभावकारी अनुगमन तथा मूल्याङ्कनको अभ्यासबाट ताप्ली गापाको समाजिक तथा वातावरणीय समृद्धिको दिगो विकास ।

***उद्धेश्यहरू***

- सबै क्षेत्रगत र वार्ड कार्यालयहरूका सबै कार्यक्रम र एकल कार्य प्रगतीहरूको अनुगमन/मूल्याङ्कन संयन्त्रको सुदृढीकरण गर्ने ।
- कर्मचारीको पदोन्नति र सुविधाहरूको लागि कार्यसम्पादन मूल्याङ्कनमा आधारित इनाम र सजायको संयन्त्र कार्यन्वयनको शुरुवात गर्ने ।
- सबै क्षेत्रगत प्रगतीको स्वतन्त्र अनुगमन/मूल्याङ्कनको लागि एक स्वतन्त्र अनुगमन-मूल्याङ्कन संयन्त्रको शुरुवात गर्ने ।
- गापाका विकासका सिकाइ र अनुभवलाई विभिन्न तहमा व्यक्ति तथा संस्थाहरुमा सम्प्रेषण गर्ने ।

***अपेक्षित उपलब्धि***

- अनुगमन, मूल्यांकन र सिकाइका लागि भूमिका र उत्तरदायित्व सहितको एक स्वतन्त्र कार्यन्वयन शिक्षण इकाई को स्थापना हुने, गतिविधि, आउटपुट, र परिणाम स्तरहरूमा मापन गर्न फ्रेमवर्कको विकास हुने, र अनुकूलन व्यवस्थापन (Adaptive management) को संयन्त्र विकास हुने ।
- कर्मचारीहरूलाई इनाम र दण्ड व्यवस्थाका लागि सूचकहरू (Performance indicators) को व्यवस्था हुने र कार्यप्रगती सुधारको लागि सुझाव प्रतिक्रियाको व्यवस्था हुने ।
- आउटपुट र परिणामात्मक तहमा गतिविधि, आउटपुट र परिणाम तहमा प्रभावकारी अनुगमनको ढाँचा सहितको स्वतन्त्र अनुगमन र मूल्याङ्कन गर्न विश्वविद्यालय र गैरसरकारी संस्हरूसँग सहकार्य र सम्झौता हुने ।
- त्रैमासिक र वार्षिक गतिविधिहरूको स्वतन्त्र अनुगमन कार्य सम्पादन हुने ।

***अनुमानित लागत***

यस उपक्षेत्रका कार्यक्रमहरुको कार्यन्वयनमा ५ वर्षको अवधिमा अनुमानित कुल बजेटको ०.१८% अर्थात नेरु. १६,७२५,000 लाग्नेछ ।

अनुगमन तथा मूल्याङ्कनको लागि रणनीति तथा कार्यक्रमहरु तल तालिकामा राखिएका छन् ।

***मूल्याङ्कन/अनुगमनका रणनीति तथा कार्यक्रमहरु***

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| 38 | **अनुगमन र मूल्याङ्कन** | | | |
| 38.1 | गापामा सबै क्षेत्रगत र वार्ड कार्यालयहरूका सबै कार्यक्रम र एकल कार्य प्रगतीहरूको अनुगमन र मूल्यांकन संयन्त्रको सुदृढीकरण गर्ने । | अनुगमन, मूल्यांकन र सिकाइका लागि मानव संसाधन, उपकरण, र सुविधायुक्त, स्पष्ट भूमिका र उत्तरदायित्व सहितको एक स्वतन्त्र कार्यन्वयन शिक्षण इकाई को स्थापना । | अनुगमन इकाई * महिना | ६० |
| | | सबै कार्यक्रम र कार्यका प्रगतीहरूलाई गतिविधि, आउटपुट, र परिणाम स्तरहरूमा मापन गर्न प्रभावकारी अनुगमन फ्रेमवर्कको विकास । | सोंच तालिका | ५ |
| | | आउटपुट र परिणाम स्तरीय सूचकहरूको (सोंच-तालिकाका सूचकहरू) त्रैमासिक र वार्षिक अनुगमन कार्य सम्पादन । | अनुगमन * पटक | २० |
| | | अनुगमन र मूल्याङ्कन इकाई को आधारमा अनुकूलन व्यवस्थापन को संयन्त्र विकास । | समीक्षा * पटक | १० |
| 38.2 | गापामा कर्मचारीको पदोन्नति र सुविधाहरूको लागि कार्यसम्पादन मूल्याङ्कनमा आधारित इनाम र सजायको संयन्त्र कार्यन्वयनको शुरुवात गर्ने । | कर्मचारीहरूलाई इनाम र दण्ड व्यवस्था गर्न कार्यप्रगती सूचकहरू को तयारी व्यवस्था । | प्रगतीसूचक तालिका | ५ |
| | | कर्मचारीरूको प्रगती मूल्याङ्कन कार्यसम्पादन र कार्यप्रगती सुधारको लागि सुझाव प्रतिक्रियाको व्यवस्था । | अनुगमन र मूल्याङ्कन * पटक | ५ |
| | | हरेक तीन बर्षमा सम्पूर्ण कार्यप्रगती मूल्याङ्कन प्रणालीको समीक्षा र पुनरावलोकन । | समीक्षा * पटक | ५ |
| 38.3 | गापामा सबै क्षेत्रगत प्रगतीहरूको स्वतन्त्र अनुगमन र मूल्याङ्कनको लागि एक स्वतन्त्र अनुगमन-मूल्याङ्कन संयन्त्रको शुरुवात गर्ने । | आउटपुट र परिणामात्मक तहमा कार्यक्रम र कार्यहरूको स्वतन्त्र अनुगमन र मूल्याङ्कन गर्न विश्वविद्यालय र गैरसरकारी संस्हरूसँग सहकार्य र सम्झौता । | घटना | १ |
| | | कार्यक्रम र कार्यहरूको स्वतन्त्र अनुगमनको लागि गतिविधि, आउटपुट र परिणाम तहमा प्रभावकारी अनुगमनको ढाँचा निर्माण । | अनुगमनको ढाँचा | ५ |
| | | आउटपुट र परिणाम स्तरको सूचकहरूको आधारमा त्रैमासिक र वार्षिक गतिविधिहरूको स्वतन्त्र अनुगमन कार्य सम्पादन । | अनुगमन * पटक | २० |

## ५.८ अन्तरसम्बन्धित विषय क्षेत्र

माथि उल्लेखित विकास तथा उपविकास विषय क्षेत्रहरुका कतिपय विषयवस्तु एकआपसमा अन्तरनिहित हुन्छन् । यस्ता प्रकृतिका विषयवस्तुलाई यस शिर्षक अन्तरगत समावेश गरिएको छ ।

### *तथ्याङ्क प्रणाली*

तथ्याङ्क तथा सूचनाको विस्तार दिगो विकासको आधार स्तम्भ हो । विगत अर्धदशकमा यस विधाले विश्वमा एकप्रकारको छलाङ्ग नै लगाएको छ । सन् २०१३ का दुई वर्षमा मात्र नपत्याउँदो हिसाबले प्रतिदिन २.५ quintillion bytes को दरले विश्वका ९०% तथ्याङ्कहरुसृर्जना गरिएका छन् । सबै प्रकारका तथ्याङ्कमासबैको पहुँच प्रभावकारी ढङ्गले विस्तारगरेमा सरकार र व्यवसायीद्वारा गरिने सबै प्रकारका सेवा वितरण, सार्वजनिक प्रशासन र उत्तरदायित्वमा उल्लेखनीय सुधार ल्याउन सकिन्छ । स्वतन्त्र रुपमा सबैको पहुँच पुग्ने, गुणस्तरीय तथा मानकीकृत, र मेशिन-पठनीय (Machine redeable) सरकारी तथ्याङ्कले विकासका कार्यक्रम र सेवा विस्तारमा जनताको सहभागिता बढाउन, नयाँ अवसरहरूको प्रवर्द्धन गर्न, पारदर्शिता बढाउन र संस्था तथा समुदायको दक्षता अभिबृद्धि गर्न सहयोग पुग्दछ । तथ्याङ्कमा आधारित जानकारीलाई जनता तथा अन्य निकायहरुले भ्रष्टाचार विरुद्ध लड्न र सरकारद्वारा निर्माण गरिएका विकासका कार्यक्रमहरु, व्यापार र अन्य प्रगतिहरुलाई नजिकबाट अनुगमन तथा मूल्याङ्कन गर्न सक्दछन् ।

नेपालको संविधानले विकेन्द्रीकृत प्रणाली मार्फत सरकारका तीन तह तहमा अधिकार र तथ्याङ्क व्यवस्थापनको प्रकारलाई स्पष्टरुपमा परिभाषित गरेको छ । राम्रोसँग व्यवस्थित तथ्याङ्कले विकासको दीर्घकालीन सोच,  दीघिकालीन सोच, दिगो विकास लक्ष्य तथा संविधानमा उल्लेखित राज्यका निर्देशक सिद्धान्त तथा नीतिबाट मार्गनिर्देशित कार्यक्रमहरूको कार्यान्वयनबाट अपेक्षित नतिजाको तर्जुमा गर्न, योजनाको उद्धेश्य तय गर्न, प्रभावकारीरुपले गतिविधिहरुको कार्यान्वयन गर्न, कार्यान्वयन पक्षको प्रभावकारिताको अनुगमन र ठोस मूल्याङ्कन गर्न र प्रगतीहरुलाई कुशलढङ्गले प्रस्तुत गर्न र भावि कार्यक्रमहरुलाई प्रक्षेपण गर्न बलियो आधार प्रदान गर्दछ । राम्रोसँग विकसित गरिएको आधार-तथ्याङ्कले विकास हस्तक्षेपी कार्यक्रमहरु (Interventions) का लागि स्पष्ट दिशानिर्देश प्रदान गर्दछ । यस अनुसार मुलुकको तथ्याङ्क प्रणाली सरकारका तिनै तहमा विकेन्द्रित प्रणालीको रूपमा सञ्चालनमा छ । तथ्याङ्कका संघीय क्रियाकलापमा केन्द्रीय तथ्याङ्क विभागको अतिरिक्त विभिन्न संवैधानिक आयोग, मन्त्रालय तथा विभागहरु, नेपाल राष्ट्र बैंङ्क लगायतका निकाय संलग्न छन् । यी निकायले आ-आप्नो विषयगत कार्यक्षेत्र अन्तगएतका तथ्याङ्क उत्पादन र आपूर्ति गर्दै आएका छन् । यसै शिलशिलमा तथ्याङ्क प्रणालीको विकासका लागि रीष्ट्रिय रणनीति तर्जुमा भएको र नयाँ तथ्याङ्क ऐन तर्जुमाको चरणमा छ ।

हाल ताप्ली गापाले व्यवस्थापनको तयारीमा प्राथमिक तथ्याङ्कको आधारमा सबै विषयगत क्षेत्रका पार्श्वचित्र तयार पारेको छ । यी तथ्याङ्कहरु गापाका अमूल्य स्रोत हुन र यसलाई हरेक वर्ष अध्यावधिक गर्दै केन्द्रीय तथ्याङ्क विभागको केन्द्रीय तथ्याङ्क प्रणलीसँग आवद्ध गर्दै लानु गापाको अबको महत्वपूर्ण हो जस्ले ताप्ली गापाको समाजिक तथा वातावरणीय समृद्धिको बाटो निर्माण गर्दछ । यिनै प्रावधान र गापाको विद्यमान अवस्थाका आधारमा ताप्ली गापामा तथ्याङ्क प्रणलीका निमित्त निम्न सोच, लक्ष्य, उद्धेश्य र कार्यको तर्जूमा गरिएको छ :

#### *तथ्याङ्क प्रणालीको विषयगत सोच*

गापाको समाजिक तथा वातावरणीय समृद्धिको लागि गुणस्तरीय तथ्याङ्क प्रणलीको विकास ।

#### *विषयगत लक्ष्य*

गापाको समन्यायिक समाजिक तथा वातावरणीय विकासका निमित संघीय शासन प्रणलीसापेक्ष गुणस्तरीय तथ्याङ्क उत्पादन, व्यवस्थापन र आपूर्ति प्रणालीको विकास ।

#### *उद्धेश्यहरू*

- नागरिकहरूको सुसूचित हुने र उनीहरूको सूचनामा पहुँचको अधिकारलाई सुनिश्चित गर्ने कुरालाई ध्यानमा राखी ताप्ली गापामा सूचना सञ्चारको लागि अनुगमन र शिक्षण इकाईको सुदृढीकरण गर्ने ।
- ताप्लीलाई  नेपालको चुस्त (Smart) गापाकोरुपमा विकास गर्न तथ्याङ्क सङ्कलन, विश्लेषण, अपडेट र तथ्याङ्क संग्रह र संग्रहित सूचनालाई पूनर्प्राप्त (Retrieve) र प्रसार व्यवस्था भएको कम्प्युटर प्रणालीको सुदृढीकरण गर्ने र सबै तथ्याङ्कलाई काठमाडौंको केन्द्रीय तथ्याङ्क विभागसँग लिङ्क गर्ने ।

- तथ्याङ्क प्रसारको दिगो व्यवस्था गर्ने ।

***अपेक्षित उपलब्धि***

- सबै क्षेत्रगत र वडा कार्यलयको वेब साइटको निर्माण र गापाको मूख्यालयका वेबपेजमा सबै वार्डको सूचना, सेवा-सुविधा र डेलिभरीहरूलाई नियमितरूमा संञ्चार प्रसारण हुने ।
- सबै प्रकारका महामारी, सुरक्षा, मौसम सम्बन्धी जानकारी, वातावरणीय विपद⁄जोखिमबारे पूर्वचेतावनीको व्यवस्था आदिका सबै विषयगत क्षेत्र, वार्ड र गापाको मूख्यालयहरूका सबै सूचना, तथ्याङ्क, प्रगती तथा अन्य गविधिहरू र नागरिकका गुनासाहरूको संङ्कलन र गुनासो सुनुवाई समेतका मोबाइल अनुप्रयोगमा आधारित (Mobile APP-based) संचारको विकास तथा अभ्यास हुने ।
- कृषि तथा पशु स्रोत, भूउपयोगका सबै वर्गमा पर्ने माटो, सरकारी जग्गा र नीजि जग्गाको जियोरिफरेन्स र नक्सा, जनसङ्ख्या र जनसाङ्ख्यिकी, स्वस्थ्य तथा पोषण, सङ्क्रमकरोगका महामारी र जोखिमस्थल, लैङ्गिक र गरीव वस्तीका नक्सा, वन र जैविक विविधताको स्थानीय ज्ञान, सीप र अभ्यासहरू सहितको सबै जैविकस्रोत, जैविक विविधताका नक्सा र प्रयोजनका आधारमा भूखण्डीकरण (Zonation), जलस्रोत र यसको बहुउपयोग प्रणालीको जियोरेफरेन्स्ड तथ्याङ्क⁄नक्सा, जेष्ठ नागरिक, अशक्त जनसङ्ख्या, दलित, विधवा र असहाय बच्चाहरू र अन्यको तथ्याङ्क आदिका आधारतथ्याङ्कको निर्माण तथा यी सबैका तथ्याङ्कका अध्यावधिकीकरण हुने ।
- नागरिक पंञ्जिकरण र जन्म, मृत्यु, विवाह, प्रवास, प्रवास आदि जस्ता गहन तथ्याङ्क (Vital Statistics) को अङ्कीयीकरण (Digitization) र यी सूचनालाई आधार-तथ्याङ्कसँग लिङ्क गर्ने व्यवस्था हुने ।
- वन, पानी, ऊर्जा र स्वास्थ्य क्षेत्रहरुलाई समेटी ताप्ली गापाको *'शिक्षा व्यवस्थापन सूचना प्रणाली'* (EMIS) को व्यवस्थापन र EMIS को वर्षिक अध्यावधिकता हुने ।

***अनुमानित लागत***

यस उपक्षेत्रका कार्यक्रमहरुको कार्यन्वयनमा ५ वर्षको अवधिमा अनुमानित कुल बजेटको ०.७९% अर्थात नेरु. ७४,३००,000 लाग्नेछ ।

तथ्याङ्क प्रणालीको विकास र व्यवस्थापनका लागि रणनीति तथा कार्यक्रमहरु तल तालिकामा राखिएका छन् ।

***तथ्याङ्क प्रणाली व्यवस्थापनका रणनीति तथा कार्यक्रमहरू***

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| 39 | **तथ्याङ्क प्रणाली** | | | |
| 39.1 | नागरिकहरूको सुसूचितहुने र उनीहरूको सूचनामा पहुँचको अधिकारलाई सुनिश्चित गर्ने कुरालाई ध्यानमा राखी ताप्ली गापामा सूचना सञ्चारको लागि अनुगमन र शिक्षण इकाईको सुदृढीकरण गर्ने । | सबै क्षेत्रगत र वडा कार्यलयको वेब साइटको निर्माण, र सबै साइटलाई ताप्ली गापाको वेबपेजमा आवद्धगरी सबै सूचना, सेवा-सुविधा र डेलिभरीहरूलाई नियमितरूमा संञ्चार प्रसारण । | वेवसाइट | १० |
| | | मानव र पशुधन स्वास्थ्य, महामारी, सुरक्षा, मौसम सम्बन्धी जानकारी, वातावरणीय विपद/जोखिमबारे पूर्वचेतावनीको व्यवस्था आदिलाई ध्यानमा राखी सबै विषयगत क्षेत्र, वार्ड र गापाको मूख्यालयहरूका सबै सूचना, तथ्याङ्क, प्रगती तथा अन्य गविधिहरूको अद्यावधिक सूचनाहरू र नागरिकका गुनासाहरूको संङ्कलन र गुनासो सुनुवाई समेतको व्यवस्था भएको मोबाइल अनुप्रयोगमा आधारित संचारको विकास *(सुशासन)*। | मोबाईल एप्पस् * प्रतिवर्ष सेवा | ५ |
| 39.2 | ताप्लीलाई नेपालको चुस्त गापाकोरुपमा विकास गर्न तथ्याङ्क सङ्कलन, विश्लेषण, अपडेट र तथ्याङ्क संग्रह र संग्रहित सूचनालाई पूनर्प्राप्त र प्रसार व्यवस्था भएको कम्प्युटर प्रणालीको सुदृढीकरण गर्ने र सबै तथ्याङ्कलाई काठमाडौंको केन्द्रीय तथ्याङ्क विभागसँग लिङ्क गर्ने । | ताप्ली गापाकाका सबै कृषि तथा पशु स्रोतहरुको नक्सा सहितको र सेवा प्रवाहबारे पूर्ण अभिलेख निर्माण तथा व्यवस्थापन *(कृषि विकास)*। | अभिलेख र अधयावधिकीकरण | १ |
| | | भूउपयोगका सबै वर्गमा पर्ने गापाका माटा, सरकारी जग्गा र नीजि जग्गाको जियोरिफरेन्स र नक्सा सहितको विस्तृत आधारतथ्याङ्क तयार *(भूउपयोग)*। | आधारतथ्याङ्क र अधयावधिकीकरण | |
| | | जनसङ्ख्या र जनसाङ्खियकी, स्वस्थ्य तथा पोषण, सङ्क्रमकरोगका महामारी र जोखिमस्थल, लैङ्गिक र गरीव वस्तीका नक्साका विस्तृत आधारतथ्याङ्क तयार र यी सबैका तथ्याङ्कका अध्यावधिकीकरण व्यवस्था *(जनसङ्ख्या र प्रवास, लैङ्गिक समा, र स्वास्थ्य र पोषण)*। | आधारतथ्याङ्क र अधयावधिकीकरण | ५ |
| | | वन र जैविक विविधताको दिगो व्यवस्थापनको लागि स्थानीय ज्ञान, सीप र अभ्यासहरू सहितको सबै जैविकस्रोत, जैविक विविधताका नक्सा र प्रयोजनका आधारमा भूखण्डीकरण (Zonation) आदिको जियोरेफरेन्स सहितको विस्तृत आधारतथ्याङ्क तयार र यी समाग्रीको प्रसार *(वन र जैविक विविधता)*। | आधारतथ्याङ्क र अधयावधिकीकरण | १ |
| | | सबै प्रकारका जलस्रोत र यसको बहुउपयोग प्रणालीको जियोरेफरेन्स्ड तथ्याङ्क/नक्सासहितको डाटा तयार *(जलस्रोत)*। | आधारतथ्याङ्क र अधयावधिकीकरण | |
| | | नागरिक पंञ्जिकरण र जन्म, मृत्यु, विवाह, प्रवास, प्रवास आदि जस्ता गहन तथ्याङ्क (Vital Statistics) को अङ्गीयीकरण गर्ने, र यी सूचनालाई आधार-तथ्याङ्कसँग लिङ्क गर्ने व्यवस्था *(जनसङ्ख्या र प्रवास)* । | नागरिक पंञ्जिकरण र वर्ष | ५ |
| | | ताप्ली गापाका जेष्ठ नागरिक, अशक्त जनसङ्ख्या, दलित, विधवा र असहाय बच्चाहरू र अन्यको तथ्याङ्क वार्षिकरूपमा अध्यावधिक कार्य सम्पादन *(समाजिक संरक्षण र सुरक्षा)*। | आधारतथ्याङ्क र वर्ष | ५ |
| | | वन, पानी, ऊर्जा र स्वास्थ्य क्षेत्रहरुलाई समेटी ताप्ली गापाको *'शिक्षा व्यवस्थापन सूचना प्रणाली'* (EMIS) को व्यवस्थापन र EMIS को वर्षिक अध्यावधिकता *(शिक्षा)*। | EMS र वर्ष | ५ |

## *गरिबी निवारण*

नेपालमा गरिबीलाई मुख्यतः ग्रामीण परिदृष्यकोरुपमा लिइन्छ जहाँ ७५% जनसङ्ख्या गाउँमा बसोबास गर्दछन् र उनीहरुको जिविकोपार्जनको मुख्य स्रोत कृषि हो । कुल गरिबमद्धे ९०% भन्दा बढी गाउँमा नै बसोबास गर्छन् । सहरी क्षेत्रमा गरिबीको घटना करीव २५% मात्र छ । समाजमा व्याप्त तल्लो-माथ्लो जातभातसँग गरिबीको सम्बन्ध छ र तल्लो जातकाहरुको आय वितरणमा कम पहुँच हुनाले उनीहरुको आय माथिल्लो जातका भन्दा कमी छ साथसाथै आदिवासी समुदाय, महिला र सामाजिकरुपमा तल्लो पहिचानकाहरु गरिबीबाट बढी ग्रस्त छन् ।

नेपालको संविधानले सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दै सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकिता प्रदान गर्ने नीति अङ्गीकार गरेको छ । दिगो विकास लक्ष्य-१ ले पनि सबै किसिमका गरिबीको अन्त्य गर्ने उद्धेश्य लिएको छ । नेपालमा विगत दुई दशकदेखि गरिबी निवारणलाई विकास प्रयासको प्राथमिकतामा राख्ने प्रयत्नको अभ्यास भइराखेको छ । दशौं योजना अवधिको समयदेखि, गरिबीलाई आय गरीबी, मानवीय गरिबी, र सामाजिक वञ्चितिकरण गरी तीन आयाममा वर्गिकरण गरिएको छ र गरिबी निवारणका ५० भन्दा बढी कार्यक्रमहरु सञ्चालनमा छन् । फलस्वरुप आ.व. २०७४/७५ सम्म आइपुग्दा गरिबीको अवस्थामा उल्लेखनीय सुधार भएको छ । हाल गरिबीको रेखामुनि रहेका १८.७% जनसङ्ख्या र बहुआयामिक गरिबी सूचकाङ्क २६.८% छ । यद्यपि गरिबी निवारण र आर्थिक असमानता न्यूनीकरणको क्षेत्रमा अपेक्षाकृत उपलखधि हासिल हुन सकेको छैन ।

गरिबी बहुआयामी घटना भएकोले गरिबी निवारणका लागि विभिन्न आयामहरूलाई सम्बोधन गर्नु आवश्यक छ । यसको मुख्य चुनौती भनेको गरिबी निवारणका लागि भएका कार्यक्रमहरू व्यावहारिक नहुनु र लक्षित वर्ग सम्म पुग्न नसक्नु हो यसका साथै बिभिन्न संगठनहरु बीच समन्वयको अभाव हुनु, गरिब लक्षित कार्यक्रम क्षमता विकासभन्दा वितरणमुखी हुनु, वास्तविक गरिबको पहिचान नहुनु,, राज्यको स्रोत-साधनमा गरिब जनताहरुको सहज पहुँच हुन नसक्नु, बैदेशिक रोजगारीबाट सङ्कलित आयलाई उत्पादनका क्षेत्रमा लगाउन नसक्नु, बौद्धिक पलायनको बढ्दो अवस्था, रोजगारीको अवसर कमी हुनु इत्यादि जस्ता चुनौतीहरु विद्यमान छन् ।

ताप्ली गापा आफैमा सम्पन्न गापा ह्वैन, यो खाद्यान्न र आर्थिक हिसाबले सुरक्षित छैन । सबै वडामा जमिनको जोतमा भन्दा पनि वार्षिक घरधुरीको आम्दानीमा असमानता रहेको छ  र गापाको औसत आम्दानीको गिनी कोफिसिएन्ट (G) ०.६५९ र जमिनको जोतको ०.५५६ रहेको छ जसले गापामा आम्दानीको असमानताको अवस्था धेरै रहेको जनाउँद छ ।  यसैगरी गापाको ३०% भन्दा बढी घरधुरीको आम्दानी रु. १८,४९८ छ जो प्रतिव्यक्ति राष्ट्रिय आम्दानी (रु. १२७,६००) भन्दा धेरै कम छ । त्यसैले आगामी वर्षहरुमा यहाँको नेतृत्वले समाजिक सुधारका कार्यक्रमलाई क्रमशः सुधार गर्दै र विग्रदो वातावरणलाई संरक्षण गर्दै गरिबी निवारणका कार्यक्रमलाई अन्य विषयगत क्षेत्रसँग एकिकृत गरी रणनीतिक हिसाबले अगाडि बढ्नु असल देखिन्छ । यिनै प्रावधान र गापाको विद्यमान अवस्थाका आधारमा ताप्ली गापामा गरिबी निवारणका निमित्त निम्न सोच, लक्ष्य, उद्धेश्य र कार्यको तर्जूमा गरिएको छ :

### ***गरिबी निवारणका विषयगत सोच***

सबै प्रकारको गरिबीबाट मुक्त ताप्ली समाज ।

### ***विषयगत लक्ष्य***

सबै घरधुरीको आय दोब्बर गर्दै समाजमा व्याप्त आर्थिक असमानताको अन्त्य गर्ने ।

### ***उद्धेश्यहरू***

- गापमा गरिबी निवारणका लागि नीति, कार्यक्रम र कार्यहरुको ढाँचा निर्माणगरी उपयुक्त वातावरण तयार पार्ने ।
- अन्य विषयगत क्षेत्रसँगको समन्वयमा गरिबी निवारणका कार्यक्रम सञ्चालन गर्ने ।
- आर्थिक र सामाजिक दुवैरूपमा गरिबहरुको सशक्तिकरण गर्ने ।
- राज्यको स्रोतमा गरिब घरधुरी र व्यक्तिको पहुँच बृद्धि गर्ने ।

***अपेक्षित उपलब्धि***

- विषयगत क्षेत्र सहितका सबै स्थलका जियोरेफरेन्स नक्सा सहितको गरिबीग्रस्त क्षेत्र पहिचान हुने र गापाको गरिबी निवारण नीति, कार्यक्रम र कार्यहरुको ढाँचा निर्माण हुने, संञ्चालन गर्न सहसम्बन्धको स्थापना हुने र कार्यन्वयन हुने ।
- प्रशासनिक प्रयोजनका निमित्त गरिबी घरधुरीको प्रमाणीकरण र परिचयपत्र प्रदान हुने ।
- गरिबी उन्मूलन कोष परिचालन गरी गरिबीग्रस्त क्षेत्रमा काम गर्न सरोकारवालाहरू र गैरसरकारी संस्थाहरूसँग सहकार्य हुने ।

***अनुमानित लागत***

यस उपक्षेत्रका कार्यक्रमहरुको कार्यन्वयनमा ५ वर्षको अवधिमा अनुमानित कुल बजेटको ०.२४% अर्थात नेरु. २२,३५०,000 लाग्नेछ ।

गरिबी निवारणको लागि रणनीति तथा कार्यक्रमहरु तल तालिकामा राखिएका छन् ।

**नोटः** गरिबी निवारणको यो कार्यक्रम अन्य विषयगत क्षेत्रमा रणनीतिक प्राथमिकताका रुपमा समावेश गरिएकोले ती कार्यहरुबाट गरिबी निवारण गरिने खर्च यस शिर्षकमा देखिदैन । गरिबी निवारणका लागि गरिने प्रतेक विषयगत क्षेत्रको खर्चलाई कार्यक्रमको पूर्ण सम्पादन पश्चात विवरण तयार पारी गापाको समग्र गरिबी निवारणको कार्यक्रमको एकमुष्ट प्रतिवेदन बनाउनु पर्दछ ।

***गरिबी निवारणका रणनीति तथा कार्यक्रमहरू***

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| 40 | **गरिबी उन्मूलन** | | | |
| 40.1 | गापामा गरिबी निवारणका लागि नीति, कार्यक्रम र कार्यहरुको ढाँचा निर्माण गरी उपयुक्त वातावरण तयार पार्ने । | गापाको गरिबी निवारण नीति, कार्यक्रम र कार्यहरुको ढाँचा निर्माण । | नीति, कार्यक्रम र कार्यहरुको ढाँचा | १ |
| | | क्षेत्रहरूको उत्पादकता बढाउन सबै क्षेत्र र उपक्षेत्रहरूमा गरीवी उन्मूलनको नीति, कार्यक्रम र कार्य ढाँचाको प्रभावकारी संञ्चालन गर्न सहसम्बन्धकोस्थापना । | समन्वय | २० |
| | | जियोरेफरेन्स नक्सा सहितको गरीबीग्रस्त क्षेत्र पहिचान र प्रशासनिक प्रयोजनका निमित्त गरीबी घरधुरीको प्रमाणीकरण र परिचयपत्र प्रदान । | नक्सा र घरधुरी | १ |
| | | गरीबी निवारण नीति, कार्यक्रम र कार्यहरुको ढाँचा कार्यन्वयनका लागि गरीबी उन्मूलन कोष परिचालन गरी गरीबीग्रस्त क्षेत्रमा काम गर्न सरोकारवालाहरू र गैरसरकारी संस्थाहरूसँग सहकार्य । | परियोजनाहरु | ५ |

## *मानव संसाधन विकास*

मानव संसाधनको विकास जनशक्ति निर्माण गर्ने व्यवस्था हो जसले स्रोत-साधनहरु परिचालनगरी विषयगत क्षेत्रमा उत्पादन बढाउँद छ र यो प्रविधि सापेक्ष हुन्छ । यसको अर्थ प्रविधिको विकासको साथसाथै मुलुकले, क्षेत्रले र संस्थाहरुले समयानुकूल मानव संसाधनको विकासगरी आफ्नो क्षेत्रको उत्पादकत्व बृद्धि गर्नुपर्दछ । यसका लागि कुनै पनि संस्था वा निकायहरुले समग्र प्रभावकारिता सुधार गर्न जनशक्तिको दक्षता विकास गर्न आवश्यक छ । आधुनिक समयमा व्यवस्थापन धेरै नै जटिल भएको छ र यसमा  नयाँ आयामहरू पनि थपिएका छन् । यस विधाले नयाँ चुनौतिहरूको सामना गर्न ब्यवस्थापनले जनशक्तिको क्षमताको विकास गर्नुपर्ने, विभिन्न तहका व्यक्तिहरू बीचको समन्वय चुस्त राख्नु पर्ने, उत्पादन लागत न्यूनतम गर्ने र उत्पादकत्वमा सुधार गर्ने जस्ता कुरालाई मान्यता दिन्छ ।

नेपालको संविधानले परिलक्षित गरेको समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्र दक्ष जनशक्ति बेगर संभव छैन । त्यसैगरी, संविधान प्रदत रोजगारीको मौलिक हकको कार्यान्वयन तथा दिगो विकासका लक्ष्यहरू ८ र १६ ले राखेको सम्मानजनक रोजेगारी प्राप्त गर्न समेत शिक्षालाई सीपसँग, सीपलाई उत्पादनसँग, उत्पादनलाई बजार तथा बजारलाई रोजगारी, अवसर र आर्थिक विकाससँग जोड्न मानव संसाधन विकास योजना आवश्यक पर्दछ । देशमा विद्यमान जनशक्ति उत्पादनको अवस्था र भविष्यमा आवश्यक पर्ने जनशक्तिको आँङ्कलन गर्ने प्रणाली हालसम्म पनि हुन नसक्नु, उत्पादित जनशक्ति र श्रम बजारको मागबीच तालमेल नहुनु, आन्तरिक श्रम बजारमा आवश्यक दक्ष जनशक्तिको अभाव हुनु, ठूलो सङ्ख्यामा अदक्ष कामदार विदेशमा जोखिमपूर्ण काम गर्ने अवस्था सृजना हुनु, विश्वविद्यालयबाट उत्पादित दक्ष जनशक्ति विदेशमा पलायन हुनु, उपलब्ध भएको प्राविधिक शिक्षाको गुणस्तर बजारको माग बमोजिको हुन नसक्नु, ज्ञान तथा सीप र कामको बीच तालमेल नभई बेरोजगारी झन् बढ्नु तथा विकास र समृद्धि हुन नसक्नु, गरिबी निवारण र उच्च आर्थिक विकासको मूख्य आधार ठानिएको मानव संसाधनको विकास प्राथमिकतामा पर्न नसक्नु हालका विसङ्गतिका साथै समस्या पनि हुन् ।

ताप्ली गापामा माथि उल्लेखित सबै समस्याहरु विद्यमान छन् । वर्षौंदेखि अदक्ष जनशक्ति रोजगारको लागि भौंतारिएको अवस्था छ र यस्ता जनशक्तिहरुको सङ्ख्या क्रमश: बढ्दो छ । गापामा विभिन्न प्राविधिक क्षेत्रमा आवश्यक सेवाहरू पुर्‍याउन पर्याप्त मानव संसाधनहरू लगभग सून्य झैं छ, तर विभिन्न उमेर समूहहरू बीच युवा र आर्थिक रूपमा सक्रिय जनसङ्ख्याको उच्च अनुपात गापामा पाउनु एक प्रमुख अवसर पनि हो । यिनै अवस्था र आवश्यकतालाई महशुस गरी ताप्ली गापामा मानव संसाधन विकासका निम्न सोच, उद्धेश्य तथा गतविधिहरु आगामी ५ वर्षका लागि तयार पारिएको छ:

### *मानव संसाधन विकासका विषयगत सोच*

सक्षम, दक्ष, उत्पादक मानव संसाधनको विकास

### *विषयगत लक्ष्य*

गापामा सामाजिक र आर्थिक रूपान्तरणको लागि सक्षम मानव संसाधनको विकास गर्ने ।

### *उद्धेश्यहरू*

- वातावरणीय स्थिरता र आर्थिक समृद्धिमा केन्द्रित दिगो विकासका लागि प्रभावकारी मानव संसाधन विकास संयन्त्रको स्थापना गर्ने ।
- प्राकृतिक स्रोत व्यवस्थापन, व्यापार, वाणिज्य र आपूर्तिसँग आवद्ध उद्यमशील योजना इत्यादिका लागि नागरिक र उनीहरूको सङ्गठन, किसान समूह, युवा र तिनका समूह, महिला र उनीहरूको समूहको क्षमता विकास गर्ने ।
- वन र जैविक विविधताको हैसियत बढाउन वन्यजन्तु सहितको समुदायिक वन र जैव विविधताको वैज्ञानिक व्यवस्थापनको लागि सावउस हरुलाई प्रशिक्षण दिन सरोकारवालाहरुसँग सहकार्य गर्ने ।
- साना-गरिब किसान र महिलाहरूको खाद्य सुरक्षा र पोषणको लागि सब्जी/पशु उत्पादनको आपूर्ति बढाउन र थप आम्दानीको लागि अतिरिक्त आपूर्ति बढाउन क्षमता अभिवृद्धि गर्ने ।
- वर्षाको पानी सङ्कलन प्रविधिलाई एकीकृत गर्न घरधुरी/किसानहरूको क्षमता विस्तार गर्ने ।
- युवा संञ्चालित साना व्यवसाय सामाजिक-पारिस्थितिकीय समृद्धिको जग हो भन्ने मान्यताका आधारमा विभिन्न विषयगत क्षेत्रमा प्राविधिक र व्यावसायिक सीपहरूको लागि युवाहरूको क्षमता अभिबद्धि गर्ने ।

- सुरक्षित प्रजनन स्वास्थ्य, परिवार नियोजन र सुरक्षित मातृत्व जस्ता अधिकार प्रदत प्रजनन सेवाहरुको सुनिश्चितका क्षमता अभिबृद्धि गर्ने ।
- कर्मचारी, नेता र अन्यहरुको सुशासन र ज्ञान व्यवस्थापन प्रणालीबारे क्षमता अभिवृद्धि गर्ने ।

***अपेक्षित उपलब्धि***

- गापाको *'मानव संसाधन विकास नीतिको ढाँचा'* निर्माण र कार्यान्वयन, र अनुगमन र मूल्याङ्कन व्यवस्था सहितको मानव संसाधन विकास कक्षको स्थापना हुने ।
- सबै क्षेत्रगत कार्यालयहरू र गैरसरकारी क्षेत्रहरूको क्षमता विकासका कार्यक्रमहरू र कार्यहरूको लागि आवश्यकता पहिचान मूल्याङ्कन हुने, १८० जना अगुवा कृषकलाई *'कृषि बाली तथा पशु विकासको व्यवसायिक योजना'* बनाउन र कार्यान्वयन गर्न तालिम, १० वटा *'जल व्यवस्थापन योजना'* बनाउन जल उपभोक्ता समूहहरुलाई तालिम, वन्यजन्तुको अवैध शिकार, छाडा वस्तु चरिचरन र अवैध रूख काट्ने जस्ता गतिविधि रोक्न ३६ वटा जनचेतना कार्यक्रम, वन/जैविक विविधताको हैसियत बढाउन र वैज्ञानिक व्यवस्थापनको लागि १० जना सावउसलाई प्रशिक्षण, वनको वैज्ञानिक व्यवस्थापनमा २५ जना युवालाई प्रशिक्षण, सावउस लाई सिल्विकल्चर र व्यवस्थापन गर्न ५ वटा तालिम, गाउँको एकीकृत व्यवस्थापन गर्न २ वटा तालिम, १ होमस्टे प्रशिक्षण र अवलोकन भ्रमण, १४ जनालाई हाटल-लज व्यवस्थापन गर्न तालिम, पर्यटन योजना बनाउन २० जनालाई तालिम, ग्रामीण संग्रहालयका लागि १० जनालाई तालिम, ताप्ली डाँडाको समिति व्यवस्थापनका लागि भ्रमण तथा प्रशिक्षण, १० महिला समूहलाई संस्थागत विकासका लागि तालिम हुने ।
- विपन्न महिलाका खाद्य सुरक्षाका लागि १० समूहलाई तालिम , डाले/भूई घाँस खेती र जैविकमललाई एकीकृत व्यवस्थापन गरी १००० कृषकलाई बाखा पालन, २५० लाई सुँगुर पालन, ४० जनालाई कुखुरा पालन गर्न तालिम र बाखा/सँगुरको उद्यमका लागि ५ वटा भ्रमण हुने ।
- तरकारीको टनेल खेती गर्न १७ कृषक, न्यून खाद्य सुरक्षाका १७ जना किसानलाई सौर्य-सिमसिमे सिंचाई प्रणालीका सिप विकासबाट आय बढाउन, ५ युवालाई बहुउद्धेशीय कृषि नर्सरीउद्यम, ३८ युवालाई किसानको रूपमा अग्रसर गराउन, १०० युवालाई कृषि-पशु विकास १५ स्किम गर्न, १० युवालाई खानेपानी मिस्त्री/सरसफाई, १५ जनालाई औषधि पसल गर्न, ७० युवालाई बाखा/ सँगुरको उद्यम-व्यवसाय गर्न, १० युवालाई होटल-लज व्यवस्थापन, र युवालाई संस्कृति संरक्षण गर्न क्षमता निर्माण हुने ।
- महिला र गरिब सहितका १७५ जना युवाहरुलाई व्यवसायिक/सीप र उनीहरुको व्यवसायिक योजनाहरू बनाउन, हाउस वाइरिङ्ग र विद्युतीय उपकरणहरु, सौर्य र वायोग्यास उपकरणहरु आदि जस्ता चीजहरुको मर्मत र सम्भार गर्न २५ युवालाई, ४ जनालाई एम्बुलेन्स सेवाका लागि, क्षमता विकास गर्न तालिम हुने ।
- सूँडेनीकासीप विकासका लागि ४५ जनालाई, खानेपानी आपूर्ति/ सरसफाईका स्किम प्रभावकारी बनाउन WUSA का १५ सदस्यहरूलाई र MUSS को मर्मत संभारका लागि ५ प्रशिक्षण हुने ।
- भूसूचना प्रणालीमा विकसित तथ्याङ्क उत्पादन, संग्रह र पूनर्पाप्त र प्रचार प्रसार गर्न सूचना अधिकृतको क्षमता विकास, सुरक्षा तथा कसूरका घटनाहरू बायोमेट्रिकमा दर्ता अभिलेख राख्नका लागि क्षमता विकास, मानव अधिकार सम्वद्ध योजनाको तर्जुमा र यसको कार्यन्वयनलाई ध्यानमा राखी तथ्यपरक सूचनामा आधारित स्वतन्त्र न्याय प्रणालीका बारेमा *'न्यायीक समिति'* का सबै सदस्यहरूको क्षमता विकास, *जनजनसङ्ख्याकार्यक्रम र कार्यको ढाँचा'* कार्यान्वयन गर्न र तथ्याङ्क सङ्कलन, विश्लेष र अभिलेखीकरण इ. समेतका प्रगतिहरूको अनूगमनका लागि गापाका *'सामाजिक विकास समिति'* का सदस्यहरुलाई प्रशिक्षण, ECD शिक्षकहरुलाई नयाँ प्रविधिको प्रयोग र शिक्षाका समकालीन मुद्धा/विषयहरु सहितको प्रशिक्षण हुने ।

***अनुमानित लागत***

यस उपक्षेत्रका कार्यक्रमहरुको कार्यन्वयनमा ५ वर्षको अवधिमा अनुमानित कुल बजेटको १.३५४% अर्थात नेरु. १२६,८५०,००० लाग्नेछ । मानव संसाधनका लागि रणनीति तथा कार्यक्रमहरु तल तालिकामा राखिएका छन् ।

**नोटः** यस शिर्षकमा हुने कार्यक्रमहरु विषयगत क्षेत्रमा पनि छन् । हरेक विषयगत क्षेत्रमा मानव संसाधनका प्रारम्भिक कार्यहरुमात्र हुन्छन् तर मानव संसाधनको विकासमा लाग्ने अधिकांश खर्च यस शिर्षकमा राखिएको छ । । मानव संसाधनका लागि गरिने प्रतेक विषयगत क्षेत्रको खर्चलाई कार्यक्रमको पूर्ण सम्पादन पश्चात विवरण तयार पारी गापाको समग्र मानव संसाधनको कार्यक्रमको एकमुष्ट प्रतिवेदन बनाउनु पर्दछ ।

***मानव संसाधनका रणनीति तथा कार्यक्रमहरू***

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| 41 | **मानव संसाधन विकास** | | | |
| 41.1 | गापाको वातावरणीय स्थिरता र आर्थिक समृद्धिमा केन्द्रित दिगो विकासका लागि प्रभावकारी मानव संसाधन विकास संयन्त्रको स्थापना गर्ने । | गापाको सामाजिक-पारिस्थितिकीय समृद्धिका निमित्त गापाको मानव संसाधन विकास नीतिको ढाँचा निर्माण र यस नीतिको कार्यान्वयन । | मानव संसाधन विकास नीतिको ढाँचा | १ |
| | | ताप्ली गापामा अनुगमन र मूल्याङ्कन व्यवस्था सहितको मानव संसाधन विकास कक्षको स्थापना । | HRD इकाई र वर्ष | ५ |
| | | सबै क्षेत्रगत कार्यालयहरू र गैरसरकारी क्षेत्रहरूको क्षमता विकासका कार्यक्रमहरू र कार्यहरूको लागि आवश्यकता पहिचान मूल्याङ्कन । | मूल्याङ्कन | ५ |
| 41.2 | प्राकृतिक स्रोत व्यवस्थापन, व्यापार, वाणिज्य र आपूर्तिसँग आवद्ध उद्यमशील योजना इत्यादिका लागि नागरिक र उनीहरूको सङ्गठन, किसान समूह, युवा र तिनका समूह, महिला र उनीहरूको समूहको क्षमता विकास गर्ने । | अगुवा कृषकलाई तुलनात्मक लाभ एवम् उच्च मूल्य *'कृषि बाली तथा पशु विकासको व्यवसायिक योजना'* बनाउन तालिम र योजना कार्यान्वयन गर्न तालिम *(कृषि विकास)* । | अगुवा कृषक | १८० |
| | | एकीकृत जलस्रोत व्यवस्थापनका लागि *'जल व्यवस्थापन योजना'* बनाउन जल उपभोक्ता समूहहरुलाई तालिम *(जलस्रोत)* । | तालिम/स्किम | १० |
| | | ताप्ली गापामा वन्यजन्तुको अवैध शिकार, छाडा वस्तु चरिचरन र अवैध रूख काट्ने जस्ता गतिविधि रोक्न जनचेतना कार्यक्रम *(वन र जैविक विविधता)* । | जनचेतना | ३६ |
| 41.3 | वन र जैविक विविधताको हैसियत बढाउन वन्यजन्तु सहितको समुदायिक वन र जैव विविधताको वैज्ञानिक व्यवस्थापनको लागि सावउस हरुलाई प्रशिक्षण दिन सरोकारवालाहरुसँग सहकार्य गर्ने *(मानव संसाधन विकास)* । | वन र जैविक विविधताको हैसियत बढाउन वन्यजन्तु सहितको समुदायिक वन र जैव विविधताको वैज्ञानिक व्यवस्थापनको लागि सावउस हरुलाई प्रशिक्षण (वन र जैविक विविधता) । | व्यक्ति | १०० |
| | | वन्यजन्तु सहितको जैविक विविधता तथा वनको वैज्ञानिक व्यवस्थापनमा युवाको बढ्दो भूमिकाको लागि २५ जना युवालाई प्रशिक्षण *(वन र जैविक विविधता र युवा विकास)* । | व्यक्ति | २५ |
| | | सावउस लाई सिल्विकल्चर र व्यवस्थापन प्रशिक्षण, र समाग्री सहयोग *(वन र जैविक विविधता)* । | प्रशिक्षण/समाग्री | ५ |
| | | गाउँको एकीकृत व्यवस्थापन गर्न गाउँलेलाई तालिम र गाउँलेद्वारा सञ्चालित गाउँ व्यवस्थापन समितिको गठन *(पर्यटन)* । | घटना | २ |
| | | ताप्लीमा उच्च मानभएको प्रकृतिक-सांस्कृतिक-पर्यटनको लागि होमस्टे सुविधाका लागि प्रशिक्षण र अवलोकन भ्रमण *(पर्यटन)* । | अवलोकन भ्रमण | १ |
| | | सम्भावित पर्यटनस्थलहरूमा खाना पकाउने र लज व्यवस्थापन गर्न, र होटल लजको व्यवसायिक योजना बनाउन तालिम *(पर्यटन)* । | तालिम * २० जना | १४ |
| | | कार्य योजना र सञ्चालन निर्देशिका सहितको ग्रामीण संग्रहालय सञ्चालन गर्न १० जनालाई प्रशिक्षण *(पर्यटन)* । | तालिम | २ |
| | | पर्यटन प्रवर्द्धनको लागि ताप्ली डाँडाको समिति व्यवस्थापनका लागि प्रशिक्षण *(पर्यटन)* । | तालिम, अवलोकन भ्रमण | ७ |
| | | सबै वार्डका सामाजिक र आर्थिकरुपमा गरीब महिला सदस्यहरुको महिला समूहको संस्थागत विकासका लागि तालिम (संस्था संञ्चालन, वचत/ऋण, हिसाव किताव व्यवस्था इ.) मार्फत् क्षमता अभिबृद्धि *((लैङ्गिक समानता र महिला सशक्तिकरण))* । | १० महिला समूह * ३ तालिम * वर्ष | १५० |
| 41.4 | साना-गरीब किसान र महिलाहरूको खाद्य सुरक्षा र पोषणको लागि सब्जी/पशु उत्पादनको आपूर्ति बढाउन र थप आम्दानीको लागि अतिरिक्त आपूर्ति बढाउन क्षमता अभिवृद्धि गर्ने *(आपूर्ति)* । | डाले/भूई घाँस खेती र जैविकमल व्यवस्थापनलाई बाखा पालनसँग एकीकृत गरी ताप्ली गापालाई कृषकको आकर्षक स्थलकोरुपमा पहिचान दिन घरधुरी/किसानहरूलाई प्रशिक्षण *(आपूर्ति)* । | तालिम *कृषक संङ्ख्या | १००० |
| | | बाखा र सँगुरको उद्यम-व्यवसायका लागि प्रशिक्षण र अध्ययन भ्रमण, र पुनर्ताजकिए कार्यक्रम (उद्योग) । | घटना | ५ |
| | | डाले/भूई घाँस खेती र जैविकमल व्यवस्थापनलाई सुँगुर पालनसँग एकीकृत गरी ताप्ली गापालाई कृषकको आकर्षक स्थलकोरुपमा पहिचान दिन घरधुरी/किसानहरूलाई प्रशिक्षण *(आपूर्ति)* । | तालिम * कृषक संङ्ख्या | २५० |
| | | डाले/भूई घाँस खेती र जैविकमल व्यवस्थापनलाई कुखुरा पालनसँग एकीकृत गरी ताप्ली गापालाई कृषकको आकर्षक स्थलकोरुपमा पहिचान दिन घरधुरी/किसानहरूलाई प्रशिक्षण *(आपूर्ति)* । | तालिम * कृषक संङ्ख्या | १५ |
| 41.5 | वर्षाको पानी सङ्कलन प्रविधिलाई एकीकृत गर्न घरधुरी/किसानहरूलाई प्रशिक्षण । | तरकारीको टनेल खेतीलाई वर्षाको पानी सङ्कलन प्रविधिसँग एकीकृत गरी ताप्ली गापालाई कृषकको आकर्षक स्थलकोरुपमा नेपाल मै पहिचान दिन घरधुरी/किसानहरूलाई प्रशिक्षण *(आपूर्ति)* । | तालिम * कृषक संङ्ख्या | ४० |

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| | | न्यून खाद्य सुरक्षा भएका साना किसानलाई सौर्य-सिमसिमे सिंचाई प्रणालीका मर्मत गरी सिंचाइको स्किमबाट थप आय बढाउन सिप विकासको तालिम *(सिंचाइ)*। | कृषक | १७ |
| 41.6 | युवा संञ्चालित साना व्यवसाय सामाजिक-पारिस्थितिकीय समृद्धिको जग हो भन्ने मान्यताका आधारमा विभिन्न विषयगत क्षेत्रमा प्राविधिक र व्यावसायिक सीपहरूको लागि युवाहरूको क्षमता अभिबद्धि गर्ने *(युवा विकास)*। | युवा किसानद्वारा सञ्चालित ग्रामीणस्तरीय बहुउद्धेशीय कृषि नर्सरीहरूमा फलफूल, तरकारी, डालेघाँस र रूखका प्रजातिहरूका लागि युवा उद्यमीलाई प्रशिक्षण। | नर्सरी | ५ |
| | | उच्च तुलनात्मक लाभको भौगोलिक क्षेत्रहरुमा युवालाई किसानको रूपमा उदयीमान गराउन उनीहरुलाई व्यापार योजनाहरु बनाउन र कार्यान्वयन गर्न प्रशिक्षण। | युवा | ३८ |
| | | १०० जना कृषकहरुलाई कृषि-पशु (Agro-vet) विकासका सेवाका लागि व्यवसायिक योजना लागु गर्न प्रशिक्षण। | व्यक्ति | १०० |
| | | कृषि-पशु विकासका सेवा र व्यवसायिक योजना बनाउन युवा किसानलाई प्रशिक्षण। | व्यवसायिक स्किम | १५ |
| | | १० जना युवालाई खानेपानी मिस्त्री र अन्य सीपहरूको लागि  तालिम। | व्यक्ति | १० |
| | | १५ जना युवाहरुलाई औषधि पसल संञ्चालन गर्न तालिम *(स्वास्थ्य र पोषण)*। | व्यक्ति | १५ |
| | | बाखा र सँगुरको उद्यम-व्यवसायका लागि ७० जनालाई प्रशिक्षण र अध्ययन भ्रमण, र पुनर्ताजकिए कार्यक्रममा युवाको संलग्नता *(उद्योग)*। | व्यक्ति | ७० |
| | | खाना पकाउने र लज व्यवस्थापनको प्रशिक्षणमा १० जना युवाको संलग्नता *(पर्यटन र युवा विकास)*। | | १० |
| | | संस्कृति संरक्षणका लागि संस्थागत विकास गर्न युवा क्लबहरुलाई तालिम *(पर्यटन र युवा विकास)*। | तालिम * वर्ष | ५ |
| | | महिला र गरिब सहितका १७५ जना युवाहरुलाई व्यवसायिक/सीप र उिनीहरुको व्यवसायिक योजनाहरू बनाउन तालिम *(मानव संसाधन विकास)*। | व्यक्ति | १७५ |
| | | हाउस वाइरिङ्ग र विद्युतीय उपकरणहरु, सौर्य र वायोग्यास उपकरणहरु आदि जस्ता चीजहरुको मर्मत र सम्भारको निम्ति युवाहरुलाइ तालीम *(उर्जा)* । | व्यक्ति | २५ |
| 41.7 | गापामा सूरक्षित प्रजनन स्वास्थ्य, परिवार नियोजन र सूरक्षित मातृत्व जस्ता अधिकार प्रदत प्रजनन सेवाहरुको सुनिश्चितका क्षमता अभिबृद्धि गर्ने। | एम्बुलेन्स सेवाको व्यवस्थापनका लागि क्षमता विकास गर्न प्रशिक्षण *(मानव संसाधन विकास)*। | व्यक्ति * पटक | ४ |
| | | सुँडेनीका  लागि सीप विकास तालिम र प्राथमिक उपचारका समाग्रीहरू (Medical kit) प्रदान *(स्वास्थ्य र पोषण)* / | ४५ TBA * वर्ष | २२५ |
| | | उदयीमान नयाँ प्रविधि र नविन अभ्यासहरूलाई मध्यनजर गरी खानेपानी आपूर्ति र सरसफाईका स्किमहरूको योजना, विकास र व्यवस्थापन प्रभावकारी बनाउन WUSA का सदस्यहरूलाई तालिम *(खाने पानीर सरसफाई)*। | तालिम | १५ |
| | | योजनाहरूको सञ्चालन र MUSS को मर्मत संभारका लागि प्रशिक्षण *(खाने पानीर सरसफाई)*। | मर्मत * वर्ष | ५ |
| 41.8 | गापाका कर्मचारी, नेता र अन्यहरुको सुशासन र ज्ञान व्यवस्थापन प्रणालीबारे क्षमता अभिवृद्धि गर्ने। | सबै विषयगत क्षेत्रहरूको भौगोलिक सूचना प्रणलीमा विकसित तथ्याङ्क  उत्पादन, संग्रह र पूनर्प्राप्त र प्रचार प्रसार गर्न सूचना अधिकृतको क्षमता विकास *(सुशासन)*। | तालिम * वर्ष | ५ |
| | | सबै प्रकारका सुरक्षा तथा कसूरका घटनाहरू बायोमेट्रिकमा दर्ता अभिलेख राख्नका लागि क्षमता विकास *(शान्ति र सुरक्षा)*। | तालिम * वर्ष | ५ |
| | | मानव अधिकार सम्वद्ध योजनाको तर्जुमा र यसको कार्यन्वयनलाई ध्यानमा राखी तथ्यपरक सूचनामा आधारित स्वतन्त्र न्याय प्रणालीका बारेमा  *'न्यायीक समिति'* का सबै सदस्यहरूको क्षमता विकास गर्न तालिम *(नव अकिार र न्याय प्रणाली)*। | तालिम * वर्ष | ३ |
| | | *'जनसंख्या कार्यक्रम र कार्यको ढाँचा'* कार्यान्वयन गर्न र तथ्याङ्क सङ्कलन, विश्लेष र अभिलेखीकरण इ. समेतका प्रगतिहरूको अनुगमनका लागि ताप्ली गापाका *'सामाजिक विकास समिति'* का सदस्यहरुलाई प्रशिक्षण *(मानव संसाधन विकास)*। | तालिम | ५ |
| | | ECD शिक्षकहरुलाई गुणस्तर शिक्षाका लागि नयाँ प्रविधिको प्रयोग र शिक्षाका समकालीन मुद्दा/विषयहरु सहितको प्रशिक्षण *(शिक्षा)* | तालिम * वर्ष | ३ |

## *अनुसन्धान तथा विकास*

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई समावेशिताका माध्यमबाट सुदृढ गर्न र विकास व्यवस्थापनलाई नतिजामुखी बनाउन अनुसन्धान तथा विकासको अपरिहार्य रहन्छ। वैज्ञानिक अध्ययन अनुसन्धान एवम् विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्न तथा वैज्ञानिक, प्राविधिक, बौद्धिकर विशिष्ट प्रतिभाहरूको संरक्षण गर्ने राज्यका नीति रहेको छ। नीति अनुसन्धानको क्षेत्रमा लामो समयदेखि वतावरण, स्वास्थ्य तथा जनसङ्ख्या अनुसन्धान केन्द्र, नेपाल स्वास्थ्य अनुसन्धान परिषद्, नेपाल कृषि अनुसन्धान परिषद्, शैक्षिक अनुसन्धान तथा विकास केन्द्र, आर्थिक विकास तथा प्रशासन अनुसन्धान केन्द्र, नेपाल एसियाली अध्ययन केन्द्र, नीति अनुसन्धान तथा खेष्ण केन्द्र, खक्रयाशील वन नेपाल, नीखि अनुसन्धान तथा विकास संस्था, परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान, विश्वविद्यालय तथा प्राज्ञिक संस्थाहारू, नेपाल प्रशासनिक प्रशिक्षण केन्द्र, नेपाल अध्ययन समूह लगायतका क्रियाशील संस्थाहरू रहेता पनि तिनीहरूको योगदानलाई राष्ट्रिय विकासका आयामहरूमा आन्तरिकीकरण गरी मुलुकले उचित लाभ लिन थप काम गर्न बाँकी नै छ। यसै क्रममा नेपाल सरकारबाट नीति अनुसन्धान प्रतिष्ठानको गठन समेत गरी तथ्यमा आधारित नीतिको अध्ययन एवम् अनुसन्धान गर्न खोजिएको छ।

*'समृद्ध नेपाल, सुखी नेपाली'* को राष्ट्रिय सोचलाई सफल बनाउन ऊर्जा, यातायात, पर्यटन, कृषि, शिक्षा, स्वास्थ्य, वन, वातावरण, शहरी विकास तथा वैदेशिक रोजगार र सामाजिक विकास जस्ता क्षेत्रगत विषयका नीतिहरू तर्जुमा र कार्यन्वयन गर्न अध्ययन र अनुसन्धानको गहन भूमिका रहेको छ। साथै, हालसम्म पहिचान नभएका स्रोत-साधन पहिचान र यसको परिचालन गर्न तथा उपलब्ध स्रोत-साधनको अत्युत्तम उपयोग गर्ने वातावरण सृजना गर्न र मूलतः विकास नीति तर्जुमा कार्यान्वयन एवम् पृष्ठपोषण गर्न अनुसन्धान तथा विकासको माध्यमबाट मार्ग प्रशस्त गर्नु आवश्यक हुन्छ।

अनुसन्धानको प्रकृति विकासका गतिविधि र आवश्यकताको आधारमा भर पर्दछ। यस आवश्यकतालाई महशुसगरी ताप्ली गापाले यस योजनाको प्रारम्भिक दुई वर्षभित्र योजनाको माग बमोजिमका सबै अध्ययन-अनुसंन्धान गर्ने रणनीति बनाएको छ जसमा आगामी ५ वर्षका लागि निम्न सोच, उद्धेश्य तथा गतविधिहरु रहेका छन्:

### *अनुसन्धान/विकासका विषयगत सोच*

तथ्य र ज्ञानमा आधारित ताप्ली गापाकोसामाजिक-वातावरणीय दिगो विकास।

### *विषयगत लक्ष्य*

गापाका सबै विषयगत क्षेत्रका आधार तथ्याङ्क र विकासका माग बमोजिम विषयगत अनुसन्धानगरी सत्यतथ्यका आधारमा दिगो विकास गर्ने।

### *उद्धेश्यहरू*

- दिगो विकासका लागि अनुसन्धानात्मक र विषयगत क्षेत्रका स्रोतको एकिकृत कार्यक्रमको कार्यन्वयनबाट स्रोतको उत्पादकत्व बढाउने।
- विकासका लागि आवश्यक तथ्याङ्क उत्पादन गर्ने, संग्रह गर्ने, तथ्याङ्क विरुतार गर्ने र उपयोग गर्ने।

### *अपेक्षित उपलब्धि*

- तुलनात्मक लाभ/उच्च मूल्य कृषिबाली तथा पशु उत्पादन, कृषिबनसँग र कृषि सहकारीको व्यवस्थापनबाट व्यवसायीकरण, वतावरण, जलवायु/विपत् मैत्री सर्वकालिन सिंचाइ (ठानागाँउ, रुपाटार, ईनामे र लेखगाँउमा), सौर्य पम्पद्वारा सिमसिमे सिंचाइ र यस प्रविधिको दिगो व्यवस्थापन,जलाशययुक्त सिंचाइ (ताप्लीडाँडा र कुभिण्डे खोलाबाट रुपाटारमा सिंचाई),र वार्डहरुको भू-प्रणाली र भू-क्षमताका लागि माटोको सर्वेक्षण र जोखिम मूल्याङ्कनबारे सम्भाव्यता तथ अन्य खोज अध्ययन हुने।
- सबै घरधुरी र जग्गाको जियोरिफरेन्स सहितको नापी र यसको लगत कम्प्युटरमा अध्यावधिक हुने, बाझो/खाली जग्गाको लगतसूची बनाइ जग्गाविहिनलाई उत्पादन बढाउन वितरण हुने साथै जग्गा/सम्पतिको एकीकृत मूल्याङ्कन हुने।

- वेसीं स्तरीय जल/जैविक विविधता, वन र वन्यजन्तुहरूको वैज्ञानिक व्यवस्थापनका बरे अनुसंधान गर्न विश्वविद्यालयसँग सम्झौता हुने ।
- पहिरो र नदी काटान र अन्य सम्भाव्य जोखिम क्षेत्रहरु सहितको मौसम परिवर्तन अनुकूलन र विपद्को जोखिम न्यूनीकरण मूल्याङ्कन गरिएको जोखिमस्थलको नक्साङ्कन हुने ।
- REDD++को महत्व र वन्यस्रोतको परिमाण सहित पार्श्वचित्र, जैव-संभाव्यता (Bio-prospecting) र समुदायको सम्पत्ती-अधिकारको पञ्जीकरण, भू-परिधि स्तरीय वन र जैविक विविधताको संरक्षण र वातावरणीय पर्यटन (ओख्ले र लेखगाँउको महाभारत पर्वत श्रृंखलामा पर्ने संगमस्थल) को सम्भाव्यता अध्ययन र खनिज सर्वेक्षण हुने ।
- एकीकृत पशुजन्य स्रोतमा आधारित उद्यमहरू (बाखा र सँगुर) र पशुको चाराको लागि कारखाना स्थापना गर्न सम्भाव्यता अध्ययन हुने ।
- दिगो काष्ठबाली र काठ कारखाना, बोतलमा पेय पानी र आलु चिप्सको कारखाना, सङ्कलन र चिस्यान केन्द्रहरू र निर्यातजन्य वस्तुहरू खोज, ताप्लीडाँडालाई उदयपुर गढी (उदयपुर) र हलेसी (खोटाङ्ग) सँग केबल कार र पर्यटन परिपथ, सुनकोशीमा नदी राफ्टिङ्ग र विजुवा खोला देखि वार्ड-५को मैयावारीमा जलाशय निर्माण सम्भाव्यता अध्ययन तथा अनुसन्धान हुने ।
- ठानागाउँमा चुनढुंगाको गुणस्तर र खानीयोग्य मात्राकाबारेमा अध्ययन र इजाजतपत्र प्रक्रिया  प्रक्रिया हुने ।
- सबै वार्डहरुमा निरक्षर व्यक्ति भएका स्थानहहरुको पहिचान हुने ।
- एक कृषि-पशु व्यावहारिक शिक्षा स्थापना गर्न र १०+२ विद्यालयहरुमद्धे एक उत्कृष्ट विद्यालयलाई उच्च तथा गुणत्मक शिक्षाका लागि प्रवर्द्धन गर्न मूल्याङ्कन अध्ययन हुने ।
- नूनेखोला, राकुला र यारी खोलामा जडित उर्जा स्किम मा संरचना सुधारको निम्ति मूल्याङ्कन हुने ।

***अनुमानित लागत***

यस उपक्षेत्रका कार्यक्रमहरुको कार्यन्वयनमा ५ वर्षको अवधिमा अनुमानित कुल बजेटको १.७२% अर्थात नेरु. १६१,८५०,००० लाग्नेछ ।

अनुसन्धान तथा विकासका लागि रणनीति तथा कार्यक्रमहरु तल तालिकामा राखिएका छन् ।

**नोटः** यस शिर्षकमा हुने कार्यक्रमहरु विषयगत क्षेत्रमा पनि छन् । हरेक विषयगत क्षेत्रमा अनुसन्धानका प्रारम्भिक कार्यहरुमात्र हुन्छन् तर अनुसन्धानमा लाग्ने खर्च यहाँ राखिएको छ । । अनुसन्धानमा गरिने प्रतेक विषयगत क्षेत्रको खर्चलाई कार्यक्रमको पूर्ण सम्पादन पश्चात विवरण तयार पारी गापाको समग्र अनुसन्धानको कार्यक्रमको एकमुष्ट प्रतिवेदन बनाउनु पर्दछ ।

***अनुसन्धान र विकासका रणनीति तथा कार्यक्रमहरू***

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| 42 | **अनुसन्धान तथा विकास** | | | |
| 42.2 | गापाको दिगो विकासका लागि अनुसन्धानात्मक र विषयगत क्षेत्रका स्रोतको एकिकृत कार्यक्रमको कार्यन्वयनबाट स्रोतको उत्पादकत्व बढाउने । | गापाका भौगोलिक क्षेत्रमा तुलनात्मक लाभ एबम् उच्च मूल्य कृषि बाली तथा पशु उत्पादन हुनसक्ने बस्तुहरुलाई कृषिबनसँग एकिकृत गर्दै कृषि सहकारीको व्यवस्थापनबाट व्यवसायीकरण गर्न सम्भाव्यता अध्ययन *(कृषि विकास(* । | अध्ययन | १ |
| | | वतावरण, जलवायु/विपत् मैत्री सर्वकालिन सिंचाइका लागि ठानागाँउ, रुपाटार, ईनामे र लेखगाँउमा सम्भाव्यता अध्ययन *(सिंचाई)* । | अध्ययन | १ |
| | | ताप्ली गापाका क्षेत्रमा सौर्य पम्प द्वारा सिमसिमे सिंचाई र यस प्रविधिको दिगो व्यवस्थापनबारे सम्भाव्यता अध्ययन *(सिंचाई)* । | अध्ययन | १ |
| | | जलाशययुक्त सिंचाइको लागि ताप्ली डाँडा र कुभिण्डे खोलाबाट रुपाटारमा सिंचाई गर्न सम्भाव्यता अध्ययन *(सिचाई)* । | अध्ययन | २ |
| | | राष्टिय् भू-उपयोग नितीको मर्मअनुरुप ताप्ली गापाका सबै वार्डहरुको भू-प्रणाली र भू-क्षमताका लागि मटोको सर्वेक्षण र जोखिम मूल्याङ्कन अध्ययन *(भू व्यवस्थापन)* । | सर्भे नक्सा | १ |
| | | गापाका सबै घरधुरी र जग्गाको जियोरिफरेन्स सहितको नापी गर्ने र यसको लगत कम्प्युटरमा अध्यावधिक राख्ने *(भू व्यवस्थापन)* । | नापी नक्सा | १ |
| | | प्रयोजन विहिन अवस्थाका सबै जग्गाको लगतसूची तयार र सो लाई जग्गाविहिन/सुकुम्वासीहरुलाई वितरण *(भू व्यवस्थापन)* । | पाशर्वचित्र | १ |
| | | सबै सराकारवालाहरुको जग्गा/सम्पतिको एकीकृत मूल्याङ्कन *(भू व्यवस्थापन)* । | पाशर्वचित्र | १ |
| | | वेसीं स्तरीय जल र जैविक विविधताबरे अनुसंधान गर्न अनुसंधान अनुदानका लागि विश्वविद्यालयसँग सम्झौता *(जलस्रोत* । | अनुसंधान | ५ |
| | | पहिरो र नदी काटान र अन्य सम्भाव्य जोखिम क्षेत्रहरु सहितको मौसम परिवर्तन अनुकूलन र विपद्को जोखिम न्यूनीकरण मूल्याङ्कन गरिएको जोखिमस्थलको नक्साङ्कन *(वातावरण, जलवायु परिवर्त्तन र प्रकोप न्यूनिकरण, र जलस्रोत)* । | जोखिमस्थलको नक्सा | १ |
| | | इन्टर्नशिप र अनुसन्धानहरू मार्फत वन र वन्यजन्तुहरूको वैज्ञानिक व्यवस्थापनका लागि विश्वविद्यालयसँग समझौता *(वन र जैविक विविधता)* । | अनुसंधान | १० |
| | | REDD++को महत्व र वन्यस्रोतको (जैविक विविधता र वन्यजन्तु) परिमाण सहितको पाश्वचित्र तयार *(वन र जैविक विविधता)*। | पाशर्वचित्र | १ |
| | | जैव-संभाव्यता र स्थानीय ज्ञान, सीप र अभ्यासहरु, स्थानीय संस्कृति, प्रणाली र समुदायको सम्पत्ती-अधिकार को पंजीकरण *(वन र जैविक विविधता)* । | रजिष्टर | १ |
| | | भू-परिधि स्तरीय वन र जैविक विविधताको संरक्षण र वातावरणीय पर्यटनका लागि ओख्ले र लेखगाँउको महाभारत पर्वत श्रृंखलामा पर्ने संगमस्थलको सम्भाव्यता अध्ययन *(वन र जैविक विविधता)* । | अध्ययन | १ |
| | | ताप्ली गापामा खनिज उत्खननका लागि सर्वेक्षण *(खनिव स्रोत) ।* | सर्भे | १ |
| | | एकीकृत पशुजन्य स्रोतमा आधारित उद्यमहरू (बाखा र सँगुर) र पशुको चाराको लागि कारखाना स्थापना गर्न सम्भाव्यता अध्ययन *( उद्योग)* । | अध्ययन | १ |
| | | दिगो काष्ठ बाली र काठ कारखानाको स्थापनाको लागि सम्भाव्यता अध्ययन *(उद्योग)* । | अध्ययन | १ |
| | | ताप्ली गापामा बोतलमा पेय पानी र आलु चिप्सको कारखाना स्थापना गरी निर्यात गर्न सम्भाव्यता अध्ययन *(उद्योग)* । | अध्ययन | १ |
| | | ठानागाउँका स्थानबाट चुनढुंगाको गुणस्तर र खानीयोग्य मात्राकाबारेमा सम्भाव्यता अध्ययन र इजाजतपत्र प्रक्रिया प्रक्रिया *(उद्योग)* | अध्ययन | १ |
| | | सङ्कलन र चिस्यान केन्द्रहरू र निर्यातजन्य वस्तुहरूको व्यवसायिक योजनाहरूको लागि सम्भाव्यता अध्ययन *(वाणिज्य)* । | संभाव्यता अध्ययन | १ |
| | | ताप्ली डाँडालाई उदयपुर गढी (उदयपुर) र हलेसी (खोटाङ्ग) सँग केबल कारले जोडी पर्यटन परिपथ निर्माण र सुनकोशीमा नदी राफ्टिङ्ग गर्न सम्भाव्यता अध्ययन *(पर्यटन र यातायात)* । | अध्ययन | १ |
| | | ताप्ली गापाका सबै वार्डहरुमा निरक्षर व्यक्ति भएका स्थनहहरुको पहिचान *(शिक्षा)* । | मूल्याङ्कन | १ |
| | | उच्च तुलनात्मक भूगोल भएको स्थानमा एक कृषि-पशु व्यावहारिक शिक्षा स्थापना गर्न र १०+२ विद्यालयहरु मद्धे एक उत्कृष्ट विद्यालयलाई उच्च तथा गुणत्मक शिक्षाका लागि प्रवर्द्धन गर्न मूल्याङ्कन अध्ययन ... *(शिक्षा)* । | अध्ययन | २ |
| | | विजुवा खोला देखि ताप्लीको वार्ड-५को मैयावारीमा MUSS अनुरूप बिजुवाबाट पानी डोहऱ्याई मागमा आधारित जलाशयको निर्माण गर्न सम्भाव्यता अध्ययन *(खाने पानी र सरसफाई)* । | अध्ययन | १ |
| | | नूनेखोला, राकुला र यारी खोलामा जडित उर्जा स्किम मा संरचना सुधारको निम्ति मूल्याङ्कन *(उर्जा)* । | ३ ठाउँमा मूल्याङ्कन | १ |

### *वातावरण, जलवायु परिवर्तन र विपद् व्यवस्थापन*

वातावरण समाजिक, आर्थिक तथा दिगो विकाससँग प्रत्यक्ष सम्बन्ध राख्ने विधा हो । नेपालको संविधानले स्वच्छ र स्वस्थ वातावरणमा बस्ने जनताको मौलिक अधिकारको रुपमा प्रत्याभूती गराएको छ र यसलाई राज्यले उच्च प्राथमिकतामा राखेको छ । यसका लागि नेपाल सरकारले वातावरण संरक्षण ऐन-२०७६ पनि लागु गरेको छ । स्थानीय तहमा वातावरणीय सक्षमता हासिल गर्न जलवायु अनुकूलन कार्यक्रम सञ्चालनमा पनि छन् । वातावरण संरक्षण स्थानीय तहको कार्यक्षेत्रभित्र पनि पर्दछ ।

जलवायु परिवर्त्तन विश्वव्यापी देखापरेको एक गम्भिर समस्या हो । नेपालको अधिकतम तापक्रम प्रतिवर्ष सरदर ०.०५६° सेल्सियसले बढेको छ । नेपालले कुल हरीतगृह ग्याँसको करीब ०.०२७% उत्सर्जन गरे पनि वायुमण्डलीय तापक्रम बृद्धि र भौगर्भिक/भू-बनोटका आधारमा जलवायु परिवर्त्तनको असर बढि परेकोछ र यसले सबै क्षेत्र कृषि, जल संसाधन, वन, जैविक विविधता, मानव स्वास्थ्य, पूर्वाधार र प्रकोपमा असर पारेको छ । राष्ट्रिय जलवायु परिवर्त्तन नीति-२०६७ कार्यान्वयन, राष्ट्रिय अनुकूलन कार्य-२०६७ र स्थानीय अनुकूलन योजना-२०६८ ले गापाको समग्र विकास योजनाको मूलधार जलवायु परिवर्त्तन अनुकूलनलाई सहयोग पुर्‍याउँछ । नेपाल कमजोर भौगर्भिक/भू-बनोट, मौसमको विषमता, जलवायु परिवर्त्तन, दोहोरीरहने बहुप्रकोप घटना, अव्यवस्थित पूर्वाधार, जोखिम तथा असंवेदनशील विकास निर्माण कार्य लगायतका कारण प्राकृतिक तथा गैरप्राकृतिक विपद्को अत्याधिक जोखिममा रहेको मुलुकमद्धे एक हो । अझ, सक्रिय भूकम्पीय क्षेत्र, गतिशील पर्वत्त श्रृङ्खला, अस्थिर र भिरालो जमिनका कारण नेपाल भूकम्पीय जोखिमको दृष्टिले विश्वमा ११ औं तथा बाढी पहिरोको दृष्टिले ३० औं अति जोखिम मुलुकको रुपमा चिनिन्छ ।

संबैधानिक प्रत्याभूति, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति-२०७५, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन-२०७४, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-२०३०) जस्ता राष्ट्रिय स्तरका नीतिहरुले विपद् र जोखिमबाट स्थानीय तहमा हुने क्षतिलाई न्यूनीकरण तथा व्यवस्थापन गर्ने आधार दिन्छ । संविधानले प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनिकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत तथा पुनर्स्थापना गर्ने नीति अवलम्बन गर्दै विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई स्थानीय तहको एकल अधिकार तथा संघ, प्रदेश तथा स्थानीय तहको साझा अधिकारको रुपमा राखेको छ । त्यसैगरी, प्राकृतिक तथा गैरप्राकृतिक विपद् पूर्व तयारी, उद्धार, राहत र पुर्नलाभ कार्य संघ र प्रदेशको साझा अधिकारको सूचिमा छ । यस जिम्मेवारीलाई योजनाबद्ध र व्यवस्थित ढङ्गले कार्यन्वायन गर्न विगतका विपद घटनाहरुबाट पाठ सिक्दै सेण्डाई कार्यढाँचा (२०१५-२०३०), जलवायु परिवर्तन सम्बन्धी पेरीस सम्झौता, अडिस अबाबा कार्ययोजना तथा दिगो विकासका लक्ष्यहरु ९ र ११ लगायतका अन्तराष्ट्रिय प्रतिबद्धताहरु समेटि विपद्बाट हुने जोखिम न्यूनिकरण/व्यवस्थापन गर्न सहयोग पुर्‍याउँछ ।

ताप्ली गापामा वातावरणीय मुद्धाहरू, फोहोर व्यवस्थापन र प्रदूषण नियन्त्रणमा जागरूकता बढेको त देखिन्छ तर अपेक्षित परिणाम भने हुनसकेको छैन । यस क्षेत्रमा मुख्य चुनौतीहरू भनेको पूर्वाधार विकास र वातावरण संरक्षण, ठोस फोहोर व्यवस्थापन, कृषि रसायन, र प्रदूषण नियन्त्रण बीच असंतुलन कायम हुनु हो । त्यस्तै गापामा पानीको स्रोतमा कमी हुनु, खडेरी तीव्र हुनु, जलवायु परिवर्त्तनको प्रभाव बढ्नु केही जल्दाबल्दा विकासका एजेण्डा हुन् । गापा प्राकृतिक प्रकोपको उच्च जोखिममा छ । बाढी, खडेरी र पहिरो गापामा सबैभन्दा बढी देखिने प्राकृतिक जोखिमहरू हुन् जस्तै वि.सं २०२२ को खडेरी र २०२८, २०४१ र २०५६ सालमा यारीमा आएको बाढीले धेरै कृषिभूमि र घरहरू क्षतिग्रस्त भए । खाद्यान्नको उपलब्धतामा राम्रो सुधार हुनाले प्रकोपको घटनाले गापालाई गम्भीर बनाए झैं लाग्दैन, यद्यपि गापामा पानीको उपलब्धता घट्दै गएको र खडेरीको प्रभाव पनि बढेको छ । नदीबाट हुने जग्गा कटानको समस्या अझै पनि विद्यमान छ । निर्माण कार्यहरू विशेषत: ग्रामीण सडकहरूको अत्यधिक निर्माणले उचित प्राविधिक निर्देशनहरूको अनुशरण नगर्दाको जोखिम सबैभन्दा भयावह छ । तथापि जमिन र पानीका संरक्षण गम्भिरताकासाथ कार्यान्वयन गरेमा पानीको उपलब्धतामा सुधार हुने, नदी कटानबाट जमिन बचाउन सकिने र समग्र विकासमा प्रकोप जोखिम व्यवस्थापनलाई संस्थागत र प्रवाहित गर्न सकिने अवसरहरु पनि छन् ।

माथिका विषयगत संवेदनशिलतालाई मध्यनजरगरी ताप्ली गापाको समाजिक तथा वातावरणीय विकासका निमित्त वातावरण, जलवायु परिवर्त्तन तथा विपद् व्यवस्थापनका आगामी ५ वर्षका लागि निम्न सोंच, लक्ष्य र उद्धेश्य तर्जुमा गरिएको छ:

***उपक्षेत्रगत सोच***

सन्तुलित वातावरण र विपद्बाट सुरक्षित ताप्ली गाउँपालिका ।

***उपक्षेत्रगत लक्ष्य***

जलवायु परिवर्तन र प्रकोप जोखिम व्यवस्थापनलाई ध्यानमाराखी प्रदूषण नियन्त्रण, फोहोर व्यवस्थापन, जल र हरियाली प्रवर्द्धन मार्फत दिगो विकास सुनिश्चित गर्ने ।

***उद्धेश्यहरू***

- पर्यावरणीय अखण्डता दिगो विकासको जग हो भन्ने मान्यताका आधारमा पूर्वाधार र औद्योगिक विकासका आयोजनाहरूबाट वातावरणमा पर्ने नकरात्मक प्रभावहरूलाई न्यूनीकरण गर्न स्थानीय संयन्त्रको स्थापना गर्ने ।
- ठोस फोहोर स्रोतहरूको परिचालनप्रति अनिच्छा (Refuse), पुनर्प्रयोग (Reuse) र पुनर्स्थापना (Recycle) का लागि संयन्त्रको स्थापना तथा *'सून्य ठोस फोहोर'* को सिद्धान्त अनुरुप ठोस फोहोर व्यवस्थापन गर्ने ।
- वन संरचना, जैविक विविधता र पानी व्यवस्थापनमा विशेष ध्यान दिएर भौतिक पूर्वाधार विकास र प्राकृतिक वातावरण संरक्षण बीच सन्तुलन कायम गर्न र सबै प्रकारको प्रदूषण न्यूनीकरण गर्ने ।
- मौसम परिवर्त्तन र विपद्को जोखिम न्यूनिकरणका मुद्धाहरू सम्बोधन गर्न संस्थागत संयन्त्र स्थापना गर्ने ।
- वातावरण, मौसम परिवर्त्तन र विपद्बाट जोखिम न्यूनिकरण गर्न स्थानीय समुदायमा जनचेतना बढाउने ।

***अपेक्षित उपलब्धि***

- *'वतावरण, मौसम परिवर्त्तन र विपद् व्वस्थापनको नीति, कार्यक्रम र कार्यको ढाँचा'* निर्माण हुने र सबै विकास परियोजनामा समाहित⁄प्रवाहित हुने, आइ.ई.ई, ई.आई.ए.का मापदण्डहरूको पालना हुनें, सरोकारवालाहरु⁄ गैरसरकारी संस्थाहरुसँग हरित परियोजनाहरुको सहकार्य हुने ।
- *'शुन्य ठोस फोहोर'* को सिद्धान्त सबै विद्यालयका पाठ्यक्रम र कार्यालयहरुमा समावेश हुने,  सबै विद्यालय, कार्यालय, र गाउँ-बजार केन्द्रहरूको मानकीकरण *'शुन्य ठोस फोहर'* को आधारमा र घरहरुको शौचालयको आधारमा जाँचसूची प्रमाणीकरणगरी अनुदानको व्यवस्था, पानीको स्रोत, वन जस्ता सार्वजनिक स्थान र संवेदनशील वातावरणीय क्षेत्रमा प्रदूषण र ठोस फोहोर व्यवस्थापनका लागि *'साइन पोस्ट', 'ठोस फोहर'* व्यवस्थापनमा योगदान पुऱ्याउनेलाई सम्मान तथा पुरष्कार इत्यादि हुने । विद्यालय, कार्यालय, बजार केन्द्रहरू र प्रमुख बस्ती क्षेत्रबाट सङ्कलन गर्न ढ्वाङ्ग राख्न गैरसरकारी संस्था र सामुदायिक सङ्गगठनहरूको परिचालन, वार्डमा ठोस फोहोर सङ्कलन केन्द्र को स्थापना हुने र प्लास्टिक, बोतल र कागजका प्याकिङ्ग बाकसहरुलाई *'फिर्ति योजना'* मार्फत् पुनर्स्थापना र ठोस फोहोरमा कटौती गर्ने कार्यको शुरुवात हुने ।
- विशेष भूमिका, जिम्मेवारी र जलवायु अनुकूलनको राष्ट्रिय कार्यक्रम NAPA लागु गर्न आवश्यक रकम सहितको गापाको मूख्यालयमा र प्रत्येक वार्डमा विपद् व्यवस्थापन समितिको गठन तथा विपद्को जोखिम न्यूनिकरण आपतकालिन कोषको स्थापना, ग्रामीण स्तरीय CCA/DRR समिति प्रत्येक वार्डमा गठन हुने, विद्यमान DRR उद्धार भवनमा भाँडा, अन्य वन्दोवस्तीका सामग्रीहरू र सुविधाहरूमा सुधार हुने, वार्डका प्रमुख विद्यालयहरूमा वातावरणीय अनुगमन केन्द्रको स्थापना र वातावरणीय तथ्याङ्क सङ्कलन गर्न शिक्षक र विद्यार्थीहरूको क्षमता अभिवृद्धि हुने ।
- मोबाइल Apps र एफ.एम. रेडियोबाट विपद् व्यवस्थापनबारे सूचना प्रसारण, जनचेतना अभियान, सबद्ध प्रमुख विश्व दिवशहरू मनाउने व्यवस्था, महिला समूह, युवा क्लब, पानी उपभोक्ता समिति, वातावरण संरक्षण क्लब र विद्यालयहरु परिचालन हुने ॥

***अनुमानित लागत***

यस उपक्षेत्रका कार्यक्रमहरुको कार्यन्वयनमा ५ वर्षको अवधिमा अनुमानित कुल बजेटको १.२५% अर्थात नेरु.११७, ६८५,००० लाग्नेछ ।

वातावरण, जलवायु परिवर्त्तन र विपद्को जोखिम न्यूनिकरणका उपक्षेत्रका रणनीति तथा कार्यक्रमहरु तलका तालिकामा राखिएका छन् ।

***वातावरण, जलवायु परिवर्तन र विपद् व्यवस्थापनका रणनीति तथा कार्यक्रमहरू***

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| 43 | **वातावरण, जलवायु तथा प्रकोप** | | | |
| 43.1 | गापामा पर्यावरणीय अखण्डता दिगो विकासको जग हो भन्ने मान्यताका आधारमा पूर्वाधार र औद्योगिक विकासका आयोजनाहरूबाट वातावरणमा पर्ने नकरात्मक प्रभावहरूलाई न्यूनीकरण गर्न स्थानीय संयन्त्रको स्थापना गर्ने । | वतावरण, मौसम परिवर्त्तन र विपद् व्यस्थापनको नीति, कार्यक्रम र कार्यको ढाँचा निर्माण कार्य । | नीति, कार्यक्रम र कार्यको ढाँचा | १ |
| | | वातावरणीय र हरित विकासको कार्यक्रमहरुको अवधारण सबै प्रकारका विकास परियोजनाहरुमा समाहित/प्रवाहित । | समन्वय * पटक | ३० |
| | | ताप्ली गापाका सबै विकास परियोजनाहरूमा आइ.ई.ई, ई.आई.ए. जस्ता सबै वातावरणीय मापदण्डहरूको कार्यान्वयन । | अनुगमन * पटक | २०० |
| | | हरित परियोजनाहरुको कार्यान्वयन गर्न सरोकारवालाहरु र गैरसरकारी संस्थाहरुसँग सहकार्य । | परियोजनाहरु | १० |
| 43.2 | गापमा *'सून्य ठोस फोहोर'* को सिद्धान्त अनुरुप ठोस फोहोर व्यवस्थापनको थालनी गर्ने । | *'0 ठोस फोहोर'* को सिद्धान्त सबै विद्यालयहरुका पाठ्यक्रममा  र कार्यालयहरुमा समावेश गर्ने कार्य । | पाठ्यक्रम/संहिता * वर्ष | १ |
| | | सबै विद्यालय, कार्यालय, र गाउँ-बजार केन्द्रहरूको मानकीकरण *'0 ठोस फोहर'* को आधारमा र सबै घरहरुको मापन अनिवार्य शौचालयको आधारमा जाँचसूची प्रमाणीकरण गरेर मात्र सरकारी अनुदान दिने व्यवस्था । | अनुगमन | २० |
| | | पानीको स्रोत, वन, बजार केन्द्र, स्कूल र कार्यालयहरू जस्ता सार्वजनिक स्थान र संवेदनशील वातावरणीय क्षेत्रहरूमा प्रदूषण र ठोस फोहोर व्यवस्थापनका लागि *'साइन पोस्ट'* राख्ने व्यवस्था । | साइन पोस्ट | १५० |
| | | *'ठोस फोहर'* रहित ताप्ली गापा बनाउन उल्लेख्य योगदान पुऱ्याउने विद्यालय, कार्यालय र गाउँहरूलाई सम्मान तथा पुरष्कार । | पुरष्कार * वर्ष | १५ |
| | | ठोस फोहोर व्यवस्थापनको लागि सचेतन अभियान । | अभियान * पटक * वर्ष | १५ |
| 43.3 | गापामा ठोस फोहोर स्रोतहरूको परिचालनप्रति अनिच्छा (Refuse), पुनर्प्रयोग (Reuse) र पुनर्स्थापना (Recycle) जस्ता व्यवहारिक सिद्धान्तहरु लागु गर्ने संयन्त्रको स्थापना गर्ने । | सबै विद्यालय, कार्यालय, बजार केन्द्रहरू र प्रमुख बस्ती क्षेत्रबाट सङ्कलन गर्न ढ्वाङ्ग राख्ने कामको शुरुवात गर्न  गैरसरकारी संस्था र सामुदायिक सङ्गठनहरूको परिचालन । | ५ परियोजना * वर्ष | २५ |
| | | व्यावासायिक समूहहरू परिचालन गरी फोहोर स्रोतहरूलाई छुट्याउन, पुनर्प्रयोग गर्न र पुनर्स्थापना गर्न प्रत्येक वार्डमा ठोस फोहोर सङ्कलन केन्द्रको स्थापना । | फोहोर सङ्कलन केन्द्र | ५ |
| | | प्लास्टिक, बोतल र कागजका प्याकिङ्ग बाकसहरुलाई *'फिर्ति योजना'* मार्फत् पुनर्स्थापना र ठोस फोहोरमा कटौती गर्ने कार्यको शुरुवात । | मोटामोटी * पटक | ५ |
| | | ठोस फोहोर गर्नेलमई कानूनी प्रावधान अनुरुप दण्ड सजायको व्यवस्था कार्यान्वयन । | अनुगमन *पटक * वर्ष | २५ |
| 43.4 | मौसम परिवर्त्तन र विपद्को जोखिम न्यूनिकरण {Climate Change Adaptation (CCA) and Disaster Risk Reduction (DRR)} का मुद्दाहरू सम्बोधन गर्न ताप्ली गापामा संस्थागत संयन्त्र स्थापना गर्ने । | विशेष भूमिका, जिम्मेवारी र जलवायु अनुकूलनको राष्ट्रिय कार्यक्रम NAPA लागु गर्न आवश्यक रकम सहितको गपाको मूख्यालयमा र प्रत्येक वार्डमा विपद् व्यवस्थापन समितिको गठन । | CCA/DDR * वर्ष | ३० |
| | | प्रत्येक वार्डका पहिरो र नदी काटान्, र अन्य सम्भावित जोखिम स्थल सहितको मौसम परिवर्त्तन अनुकूलन र विपद्को जोखिम न्यूनीकरणका लागि जोखिमस्थलहरूको नक्शाङ्कन *(अनुसंधान र विकास, र जलस्रोत)* । | तयारी | १ |

| | प्रमुख रणनीति | प्रमुख कार्यहरु | एकाइ | लक्ष |
|---|---|---|---|---|
| | | गाउँमा मौसम परिवर्त्तन र विपद्को जोखिम न्यूनिकरण गर्न विशेष भूमिका र जिम्मेवारी सहितको ग्रामीण स्तरीय CCA/DRR समिति प्रत्येक वार्डमा गठन । | समिति * वर्ष | १० |
| | | प्रत्येक समितिको लागि विपद्को जोखिम न्यूनिकरण आपतकालिन कोषको स्थापना । | DRR आपतकालिन कोष * वर्ष | ५ |
| | | विद्यमान DRR उद्धार भवनमा भाँडा, अन्य वन्दोवस्तीका सामग्रीहरू र सुविधाहरूमा सुधार । | समाग्री * वर्ष | २५ |
| | | प्रत्येक वार्डका प्रमुख विद्यालयहरूमा जल तथा मौसम विज्ञान विभागको समन्वयमा वातावरणीय अनुगमन केन्द्रको स्थापना, र विशेष निर्देशका सहित वातावरणीय तथ्याङ्क सङ्कलन गर्न शिक्षक र विद्यार्थीहरूको क्षमता अभिवृद्धि गर्ने व्यवस्था । | वातावरणीय केन्द्र | ५ |
| | | मोबाइल Apps र एफ.एम. रेडियो स्टेशनहरूबाट नियमित रूपमा विपद् जोखिम न्यूनीकरणबारे सूचना/समाग्री प्रसारण । | मोटामोटी * वर्ष | २० |
| 43.5 | गापामा वातावरण, मौसम परिवर्त्तन प्रभाव र विपद्बाट जोखिम न्यूनिकरण गर्न स्थानीय समुदायमा व्यापक जनचेतना बढाउने । | प्रत्येक वार्डमा स्कूलबाट घरधुरीसम्म वातावरण, मौसम परिवर्त्तनको प्रभाव र विपद्को जोखिम न्यूनीकरण जनचेतना अभियान । | अभियान * पटक * वर्ष | १५ |
| | | वातावरण, सिमसार, जैविक विविधता, मौसम परिवर्त्तन र विपद्सँग सबद्ध प्रमुख विश्व दिवशहरू मनाउने निरन्तर व्यवस्था । | पटक * वर्ष | ३० |
| | | मौसम परिवर्त्तन अनुकूलन, विपद् न्यूनिकरण र जलाधार संरक्षण गर्न अभिमूखीकीकरण, र महिला समूह, युवा क्लब, पानी उपभोक्ता समितिको परिचालन । | अभिमस्खीकरण * वर्ष | २५ |
| | | सबै विद्यालयका पाठ्यक्रममा संरक्षण शिक्षा लागु र अतिरिक्त गतिविधिहरु संञ्चालन । | विद्यालय * वर्ष | १९० |
| | | सबै विद्यालयमा वातावरण, मौसम परिवर्त्तन अनुकूलन र विपद् न्यूनिकरणबारे वातावरण संरक्षण क्लब र यसका गतिविधि नियमित गर्न सहयोग । | क्लबका गतिविधि | १९० |
| | | वार्षिक चाडहरू, स्कूल प्रतियोगिता, एफ.एम. रेडियो कार्यक्रमहरू जस्ता कार्यक्रम गरी मौसम परिवर्त्तन अनुकूलन र विपद् न्यूनिकरण, डीआरआर, जैवि विविधता संरक्षण आदिको लागि जनजागरण अभियान संञ्चालन । | अभियान * पटक | १२५ |

# भाग ५: योजनाका लागि अनुमानित बजेट

## ५ १ अनुमानित बजेट

ताप्ली गापाको एकीकृत ग्रामीण विकास योजनाको कार्यान्वयनका लागि आगामी ५ वर्षको लागि अनुमानित कुल बजेट नेरु ९ अरब ३९ करोड ५७ लाख ४९ हजार छ। यस बजेटसँगै गापाले ५ क्षेत्रिय र ४३ उपक्षेत्रीय क्षेत्रको समस्यालाई सम्बोधन गर्दै गापाको सामाजिक-वातावरणीय समृद्धि गर्न अग्रसर हरने छ (चित्र २२)।




*चित्र २२: विषयगत क्षेत्र अन्तर्गत ५ वर्षको लागि अनुमानित बजेटको अनुपात (रु ०००)*

कुल अनुमानित बजेटमध्ये, पूर्वाधार विकास क्षेत्रले गापाका विभिन्न संरचनाहरूको निर्माण सुधारको सबैभन्दा धेरै बजेटको माँग गर्दछ। यो क्षेत्रले कुल बजेटको ३८% (नेरु ३ अरब ६० करोड १२ लाख १२ हजार) खपत गर्दछ। बजेटको दोस्रो ठूलो अनुपात वरिष्ठ नागरिक, एकल पुरुष महिला जनसङ्ख्या, सामाजिक रूपबाट वञ्चित समुदाय, फरक क्षमता भएका व्यक्तिहरूको सम्मानमा सामाजिक सुरक्षा सुधार गर्नका साथै जनसङ्ख्या र आप्रवास, शिक्षा, स्वास्थ्य र पोषण, खानेपानी आपूर्ति र सरसफाई, युवा विकास, बालबालिका र किशोर किशोरी, खेलकुद आदि का लागि खर्च हुन्छ। यस रकमलाई अन्य अन्तर सम्वन्धित विषयका बाँकी क्षेत्रहरूमा एकीकृत गरी विकासको प्रतिफल सिनर्जीको सिद्वान्त अनुसार बढाउन सकिन्छ जस्ले ताप्ली गापालाई एक जीवन्त संस्थाको रूपमा स्थापित गर्ने छ।

आर्थिक क्षेत्रले कुल अनुमानित बजेटको १३% उपभोग गर्नेछ, जसले कृषि विकासको माध्यमबाट उत्पादकत्वमा बृद्धि गर्ने, खाद्य सुरक्षा र पोषण, सिंचाई, भूमि व्यवस्थापन, जल स्रोत, वन, जैविक वविविधता र खनिज संसाधनहरूबाट आर्थिक विकासको लागि बलियो आधार तयार गर्नेछ। यो क्षेत्रले प्राकृतिक संसाधनमा आधारित उद्योग, वाणिज्य र आपूर्तिका लागि अवसरहरू सृर्जना गर्दछ, जसले युवा र किसान अगुवाहरूलाई गहन रूपमा परिचालन गर्दछ, र उत्पादन क्षेत्रहरूमा बाह्य लगानीको लागि अवसर पनि सृर्जना गर्दछ। यस क्षेमा उद्योग, वाणिज्य र आपूर्ति उपक्षेत्रले १५% मात्र  नेरु १ अरब ३९ करोड ८३ लाख ७६ हजार प्रयोग गर्नेछ जुन बाखापालन, सुँगुरपालन र कुखुरा पालन, डेरी, खनिज पानी र कृषि उद्योग, र युवा तथा महिला विकास र सामाजिक रूपबाट वञ्चित समुदायका लागि वा द्वारा गरिने साना व्यवसायमा केन्द्रित हुनेछ।

बाँकीको अन्तरसम्बन्धित विषयगत क्षेत्रले (Cross-cutting sector) समुदाय र उनीहरुको समूह, युवा र सरकारी कर्मचारीको बिभिन्न क्षेत्रहरुमा क्षमता निर्माण गर्नेछ ताकि गापामा दिगो सामाजिक-वातावरणीय रूपान्तरण गर्न सकियोस जसले ताप्लीमा सीपयुक्त समाजको निर्माण हुनेछ। यस क्षेत्रले गापाका भरपर्दे डाटा प्रणाली सहितको तथ्याङ्क र जानकारीहरू उत्पादन गर्न, ़ग्रह र दस्तावेजीकरण गर्न र प्रसार गर्दछ। वातावरण संरक्षण, मौसम परिवर्तन र प्रकोप-जोखिम व्यवस्थापन यस विषयगत क्षेत्रको अभिन्न अङ्ग हो। यस विषयगत क्षेत्रले कुल बजेटको ६% भन्दा बढी उपयोग गर्नेछ (नेरु ५० करोड ३० लाख ३५ हजार)।

प्रजातन्त्र, मानव अधिकार र भ्रष्टाचार जस्ता गम्भिर विषयलाई ध्यानमा राखी शासनको सुदृढीकरण गर्नुपर्ने कार्य गापामा जरुरी देखिन्छ। यो क्षेत्रले कुल बजेटको २% उपयोग गर्दछ। यस अनुमानित खर्चमा सरकारी कर्मचारी र स्कूलका शिक्षकहरूका तलब र उनीहरूको सुविधाहरूलाएं समेट्दैन।

## ५ २ वार्षिक बजेटको प्रवाह

चित्र २३ ले गापामा लाग्ने बजेट प्रवाहको वार्षिक प्रवृतिलाई उल्लेख गर्दछ। पहिलो बर्षको बजेट नेरु ७ करोड ४१ लाख ( ८%) भन्दा बढी छ, जसले विभिन्न परियोजनाको ढाँचाको तयारी, सम्भाव्यता अध्ययन र स्वीकृति जस्ता सबै प्रारम्भिक पहलहरू गर्नेछ, जबकि दोस्रो र तेस्रो वर्षमा क्रमशः ४९% र २८% (क्रमशः  नेरु ३८ करोड २३ लाख भन्दा बढी र २ अरब ७३ करोड ८ लाख भन्दा बढी) बजेट प्रयोग हुन्छ जसले पहिलो वर्षमा शुरू गरिएका सबै परियोजनाहरू दोस्रो र तेस्रो वर्षमा आएर पूरा गर्दछ। औद्योगिक, सडक र यातायात र सञ्चार नेटवर्कका सबै विकासका कार्यहरु तेस्रो वर्ष सम्ममा पूर्णरुपमा सम्पादन हुनेछ। चौथो र पाँचौं बषको बजेटले नियमित कार्यहरु गर्दछ र यसको अधिकांश खर्च समुदायद्वारा सञ्चालित परियोजनाहरूमा बढी निकासा हुन्छ जसमा मर्मत सम्भारका साथै समाजिक सुरक्षा, पशुपालन र बालीनालीको स्वास्थ्य बीमामा लाग्ने खर्चहरु पर्दछन्।




*चित्र २३ सबै क्षेत्र र उप क्षेत्रका लागि ५ वर्षको बजेट व्यवस्था*

## ५ ३ क्षेत्रगत बजेट

प्रकृतिक स्रोत, कृषि तथा आर्थिक विकासका बजेटलाई ५.३.१ र ५.३.२ का बेग्लाबेग्लौ उप-शिर्षकमा तल बर्णन गरिएको छ।

### ५ ३ १ आर्थिक विकास

आर्थिक विकास क्षेत्रले कुल बजेटको १३%भन्दा बढी बजेट खपत गर्दछ जसमद्धे, पहिलो, दोस्रो र तेस्रो वर्षले अधिकांश अनुपातमा बजेट खपत गर्दछ भने चौथो र पाचौ बर्षमा कुल बजेटको १६% र १३% प्रतिशत मात्र खपत गर्ने छ।




*चित्र २४ आर्थिक विकास क्षेत्रमा वार्षिक बजेट वितरण*

तलिका २४ ले आर्थिक विकास विषयगत उपक्षेत्रहरूले गर्ने बजेटको अनुपात देखाउँदछ, जसले उपक्षेत्रले कुल बजेटको समानुपातिक बजेट खपतले प्रतेक उपक्षेत्रले गर्ने योगदानबारे झलक देखाउँदछ। यस योजनाले जलस्रोतलाई वातावरणीको महत्वपूर्ण अङ्ग निर्क्योल गर्दै  आर्थिक र अन्य विकासको प्राथमिकतामा राखी लगानी गरेको छ। यस योजनामा जलस्रोत र सिंचाई आर्थिक विकासको प्रमुख उपक्षेत्रहरू हुन् जसले कुल बजेटको क्रकशः २.६४% र २.३५% हिस्सा लिएको छ।

### ५.३.२ उद्योग, वाणिज्य, आपूर्ति र पर्यटन

उद्योग, वाणिज्य, आपूर्ति र पर्यटन विषयवस्तु ताप्ली गापाको एकिकृत विकास योजनाको मुख्य विषय हो । यो क्षेत्रले कुल अनुमानित बजेटको १५% उपभोग गर्ने अपेक्षा गरिएको छ (चित्र २५) । बजेटले व्यावसायिक रूपमा व्यावहारिक कृषि, पशुपालन र उत्पादनहरूको रणनीतिक हिसाबले अन्वेषण गर्नेछ, र प्राकृतिक स्रोत आधारित उद्योग स्थापना गर्न मद्धत गर्दछ । यस क्षेत्रले विशेष गरी व्यावसायिक बाख्रा पालन, मध्यम स्तरका खनिज, पानी उद्योग, र धेरै साना व्यवसायहरुका लागि बाह्य लगानी पनि परिचालन गर्नेछ ।



*चित्र २५: उद्योग, वाणिज्य आपूर्ति तथा पर्यटन अन्तर्गत वार्षिक बजेट वितरण*

यो क्षेत्रले ठूलो अनुपातमा ८५% भन्दा बढी बजेट दोस्रो र तेस्रो वर्षमा खपत गर्दछ ।

यस क्षेत्रमा पर्यटनले वार्ड २ को लेखगाउँको ताप्ली पोखरी र रुपाटाराको कुमाले डाँडामा पर्यटन पूर्वाधार विकासका लागि कुल बजेटको ९% भन्दा बढी प्रयोग गर्नेछ । बजेटको यो समानुपातिक खपत विभिन्न उपक्षेत्र जस्तै उद्योगले करिब २.५%, वाणिज्यले १.९६% र आपूर्तिले द्वारा १.०९% प्रयोग गर्द छ । उद्योग, वाणिज्य, आपूर्ति र पर्यटनबाट प्रत्येक वर्ष बजेट प्रयोग गर्ने विस्तृत प्रवृत्ति तालिका १२ मा छ ।

### ५.३.३ सामाजिक क्षेत्र

सामाजिक क्षेत्र गापाको सबैभन्दा ठूलो विषयगत क्षेत्र हो जसका प्रावधानहरुलाई गापाले संवेदनशिल भएर सम्बोधन गर्नुपर्दछ किनभने यसले गापामा राष्ट्रिय एकता तथा सामाजिक सद्भाव कयम राखी विकास गर्न सहयोग पुऱ्याउँदछ, । यस क्षेत्रले कुल बजेटको २६% हिस्सा प्रयोग गर्दछ । यो क्षेत्र गापाको विद्यमान ह्रसोन्मुख जनसङ्ख्याको घट्दो प्रवृत्ति जो एक प्रमुख चुनौती पनि हो लाई सम्बोधन गर्दै जनसाङ्यिकीय क्षेत्रमा सुधार गर्न समर्पित छ । यस क्षेत्रले ५ बर्षको अधिकांश बजेट दोस्रो, तेस्रो, चौथो र पाचौं वर्षमा प्रयोग गर्दछ ।



*चित्र २६. समाजिक क्षेत्र अन्तर्गत वर्षगत बजेट वितिरण*

यस विषयगत क्षेत्र भित्रको जनसङ्ख्या र वसाइसराई उपक्षेत्रले कुल बजेटको ०.२९% प्रयोग गर्नेछ जबकि अन्य उपक्षेत्र जस्तै शिक्षा उपक्षेत्रले ११.४४% प्रतिशत प्रयोग गर्नेछ भने स्वास्थ्य र पोषण उपक्षेत्रले १.७४%, खानेपानी र सरसफाइले १.७३%, युवा विकासले करीव ३%, लैङ्गिक र महिला सशक्तिकरणले ०.९३%, बाल तथा

किशोर-किशोरीहरूले १.५२%, जेष्ठ नागरिकले ०.१३%, फरक क्षमता भएका व्यक्तिले ०.२७%, खेल विकास १.३% र सामाजिक सुरक्षा र संरक्षणले कुल बजेटको ३.७% प्रयोग गर्नेछन (चित्र २६)।

सामाजिक क्षेत्रका सबै उपक्षेत्रहरूको वर्षगत बजेटको प्रयोगमा फरक प्रवृत्ति देखिन्छ, जुन तालिका १२ मा छ।

### ५.३.४ पूर्वाधार विकास

यो विषयगत क्षेत्र भित्र विभिन्न उपक्षेत्रहरु जस्तै ऊर्जा, यातायात, सूचना र सञ्चार, ग्रामीण पूर्वाधार, शहरी विकास र एकीकृत गाउँ विकास पर्लछन्। यी सबै उपक्षेत्र लामो समयदेखि स्थानीय वासिन्दाका विकासका सपना र चाहना पुरा गर्ने औजार हुन् जो विकास इकाइ पनि हुन। त्यसैले यस क्षेत्रले ताप्ली गापाको योजना कार्यान्वयनमा कुल निर्धारित बजेटको ३८% उपयोग गर्दछ। यस क्षेत्रको कुल अनुमानित बजेटको ५०% बजेट दोस्रो वषर्मा (करीव नेरु १ अरब ७९ कराड ६ लाख) र ३१% बजेट तेस्रो वर्षमा (नेरु १ अरब १० करोड ८ लाख) प्रयोग हुन्छ। यसैगरी, पहिलो वर्षमा यस क्षेत्रले नेरु १७ करोड भन्दा बढी, चौथो बर्षमा नेरु ३२ करोड भन्दा बढी र पाचौं बर्षमा नेरु २० करो ७ लाख भन्दा बढी खर्च गर्ने छ (चित्र २७)।




*चित्र २७: पूर्वाधार क्षेत्र अन्तर्गत वर्षगत बजेट वितरण*

सामाजिक क्षेत्रका सबै उपक्षेत्रहरूको वर्षगत बजेटको प्रयोगमा फरक फरक प्रवृत्ति देखिन्छ, जुन तालिका ११ मा छ।

### ५.३.५ लोकतन्त्र र सुशासन

यो विषयगत क्षेत्र नयाँ नेपालको गणतन्त्रात्मक साशन पद्धतिको मर्म र गापाको वासिन्दाको चाहना अनुरुप समाजिक तथा वातावरणीय समृद्धि गर्न आवश्यक आधारस्तम्भ हो। यो क्षेत्रले राष्ट्रिय एकता, शान्ति र सुरक्षा, नेतृत्व विकास, अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध, निर्वाचन प्रक्रियामा सुधार, मानव अधिकार, सुशासन, प्रशासनिक सुशासन, गैरभ्रष्टाचार र अनुगमन र मूल्याङ्कन जस्ता विषय र सवालहरूलाई सम्बोधन गर्दछ जसले यो योजनाको कार्यान्वयनमा कुल अनुमानित बजेटको २% खपत गर्दछ। यसै बजेट भित्रको लगभग बराबर बजेट प्रतिवर्ष गापाले प्रयोग




*चित्र २८. लोकतन्त्र र सुशासन विषयगत क्षेत्र अन्तर्गत वर्षगत बजेट वितरण*

गर्दछ। यी विषयतग क्षेत्रको अनुमानित बजेटको प्रबृति तालिका १२ मा दिइएको छ।

### ५.३.६ अन्तर सम्बन्धित विषयगत क्षेत्र

यस विषयगत क्षेत्रले माथि उल्लेखित सबै विषयगतक्षेत्र र उपक्षेका एक आपस दुबैमा का मिल्ने प्रकृतिका प्रसङ्ग र मुद्दाहरुलाई समेट्दछ जसले यो योजनाको कार्यान्वयनमा कुल बजेटको ६% प्रयोग गर्दछ । यो क्षेत्रले वातावरण न्याय र विपदलाई मूलाधारमा राखेर क्षमता अभिबृद्धि, तथ्याङ्क प्रणालीको प्रभावकारी व्यवस्थापन, अनुसन्धान र विकास, र गरिबी निवारणका मुद्दाहरू जस्ता धेरै कार्यक्रमहरु सञ्चालन गर्दछ जसले यस शिर्षकको अधिकांश बजेट दोस्रो वर्षमा नै प्रयोग गर्दछ।




*चित्र २९. अन्तर-सम्बन्धित क्षेत्र अन्तर्गत वर्षगत बजेट वितिरण*

यी विषयगत क्षेत्रको अनुमानित वार्षिक बजेट तालिका १२ मा दिइएको छ।

## ५.४ बजेटको सारांश

तालिका ११ मा प्रत्येक विषयगत क्षेत्रमा कुल बजेट तथा प्रतिवर्षको अनुमानित बजेटको सारांश छ। पूर्वाधार, सामाजिक क्षेत्र र उद्योग, वाणिज्य, आपूर्ति र पर्यटन जस्ता क्षेत्रहरूलाई बजेटको अधिक हिस्साको आवश्यक पर्दछ। वार्षिक बजेटको आकारको विश्लेषण गर्दा दोस्रो र तेस्रो वर्षहरूमा अरु वर्षहरु भन्दा प्राय: बजेटको माग बढी देखिन्छ।

अनुसूची ६ मा हरेक वर्षमा गरिने विषयगत क्षेत्र र उपक्षेत्रका गतिविधिहरुका लाग्न सक्ने अनरमानित बजटको श्रृङ्खला राखिएको छ।

*तालिका ११ अनुमानिक वार्षिक बजेटको क्षेत्रगत वितिरणको सारांश तालिका (ने.रु ०००)*

| प्रमुख रणनिति | आर्थिक | उद्योग, वाणिज्य आपूर्ति तथा पर्यटन | समाजिक क्षेत्र | पूर्वाधार क्षेत्र | लोकतन्त्र र सुशासनच | अन्तर-सम्बन्धित | कुल वार्षिक बजेट | (%) |
|---|---|---|---|---|---|---|---|---|
| पहिलो वर्ष | १७८,२०३ | ५१,७१९ | २३०,२२६ | १७०,२१७ | ३७,४०६ | ७३,४२१ | ७४१,१९२ | ७।९ |
| दोस्रो वर्ष | ३७३,९०१ | ६२३,४३७ | ७५५,१३७ | १,७९५,९२१ | ४७,६६५ | २२७,३९४ | ३,८२३,४५५ | ४०।७ |
| तेस्रो वर्ष | ३४३,८३० | ५१५,६९१ | ६६७,०५२ | ११०७८०५ | ३२,००३ | ७१,९१७ | २,७३८,२९८ | २९ |
| चौथो वर्ष | १९३,९७० | १३१,८४७ | ४४३,९१३ | ३२०,२९४ | ३६,२८३ | ६८,८११ | १,१९५,११८ | १३ |
| पाचौं वर्ष | १६१,४९४ | ७५,६८२ | ३६०,०४६ | २०६,९७४ | ३१,९९८ | ६१,४९२ | ८९७,६८६ | १० |
| क्षेत्र अनुसार कुल बजेट | **१,२५१,३९७** | **१,३९८,३७६** | **२,४५६,३७३** | **३,६०१,२१२** | **१८५,३५६** | **५०३,०३५** | ९,३९५,७४९ | १०० |
| % | **१३।३२** | **१४।८८** | **२६।१४** | **३८।३३** | **१।९७** | **५।३५** | | |

*तालिका १२ ताप्ली गापाको एकीकृत ग्रामीण विकास योजनाको कार्यान्वयनका लगि विषयगत क्षेत्र तथा उपक्षेत्रमा वितरण कुल अनुमानित वार्षिक बजेट*

| क्षेत्र | उप-क्षेत्र | प्रमुख रणनिति | वर्ष | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाचौं | | |
| आर्थिक | कृषि विकास | गापाका तुलनात्मक लाभ एबम् उच्च मूल्यका कृषि बाली तथा पशुपंक्षीको उत्पादनको बृद्धि र त्यस्ता बस्तुहरुको निकासीका निमित्त आवश्यक वातावरण तयार पार्ने । | ५,५३८ | ५,६८३ | ४,८०५ | ४,८०५ | १,९५५ | २२,७८५ | ०।२४ |
| | | शिक्षा, अनुसंधान र प्रचार-प्रसार कार्यक्रमहरुलाई तुलनात्मक लाभ एबम् उच्च मूल्यका कृषि बाली तथा पशुपंक्षीको उत्पादन, बस्तुहरुको विशिष्टिकरण र निकासी, र सेवा प्रवाहगर्ने क्षमता विकास गरी उत्पादनहरुको पूर्ण उपलब्धताको सुनिश्चितता गर्ने । | १,६७५ | १,८७५ | १,५०० | १,५०० | १,५०० | ८,०५० | ०।०९ |
| | | कृषि सहकारीको माध्यमबाट कृषि तथा पशुधनका उत्पादनलाई व्यसायीकरण गर्न र सेवास्तरका लागि कृषि तथा पशु सेवाकेन्द्रको क्षमता अभिबृद्धि गर्ने । | २१,४१० | २८,४४० | ५,८०० | ५,००० | ५,००० | ६५,६५० | ०।७० |
| | | ताप्ली गापामा कृषि र पशुधनको उत्पादन र निर्यात बढाउन निजी र सहकारी क्षेत्रको लगानी सुनिश्चित गर्ने *(उद्योग, वाणिज्य तथा आपूर्ति)* | १,६९८ | १,७१३ | १,६९० | १,०५० | १,०५० | ७,२०० | ०।०८ |
| | | ताप्ली गापाकामा तुलनात्मक भूगोल र विशेष उच्च लाभका कृषि बाली तथा पशु उत्पादन र बस्तुहरुलाई कृषिबनसँग एकिकृत गर्दै कृषि सहकारीको व्यवस्थापनबाट बजारीकरण गर्न अवसरहरुको सृजना गर्ने । | ४,८८७ | ४,८८७ | ४,८८७ | ४,८८७ | ४,८८७ | २४,४३५ | ०।२६ |
| | | **जम्मा** | **३५,२०७** | **४२,५९७** | **१८,६८२** | **१७,२४२** | **१४,३९२** | **१२८,१२०** | **१।३६** |
| | खाद्य सुरक्षा तथा पोषण | ताप्ली गापाकाका सबै नागरिकको खाद्य सुरक्षा र पोषण अवस्थालाई सम्वोधन गर्न एक दीर्घकालिन खाद्य संसाधन-संञ्चालन संयन्त्रको आवलम्बन गर्ने । | ४,०४५ | ७,०४५ | ३,०४५ | ३,०४५ | ३,०४५ | २०,२२५ | ०।२२ |
| | | ताप्ली गापमा कृषिका उत्पादकत्वको बृद्धि गरी खाद्य सुरक्षा सुनिश्चित गर्न खाद्य सुरक्षाको एकमुष्ट कार्यक्रम व्यवस्था अपनाई खाद्य सुरक्षा सुनिश्चित गर्ने *(उद्योग, वाणिज्य तथा आपूर्ति)* । | ६,०८० | ६,४४० | ६,०८० | ५,००० | ५,००० | २८,६०० | ०।३० |
| | | गैरकृषि व्यवसाय मार्फत् भूमिहिन तथा निम्न आय भएका घरधुरीहरुको आयबृद्धि गर्ने *( आपूर्ति)* । | १,१४० | १,१४० | ९८० | ९८० | ९८० | ५,२२० | ०।०६ |
| | | **जम्मा** | **११,२६५** | **१४,६२५** | **१०,१०५** | **९,०२५** | **९,०२५** | **५४,०४५** | **०।५८** |
| | सिंचाइ सुविधा | ताप्ली गापाका सबै सिचाईका परियोजनाहरुमा नेपालको राष्ट्रिय सिंचाई गुरु योजना, राष्ट्रिय कृषि विकास रणनीति (सन् २०१५-२०३५) र राष्ट्रिय जलवायु अनुकूलन कार्यक्रम (सन् २०१०) को प्रावधानहरुलाई समावेश गर्ने । | १,७०० | ५०० | १०० | १०० | १०० | २,५०० | ०।०३ |
| | | ताप्ली गापाका साना तथा विपन्न किसानहरुको आवश्यकतालाई मध्य नजर राखी कृषिका विशेष क्षेत्रमा वतावरण तथा जलवायु/विपद् मैत्री सर्वकालिन सिंचाई सुविधाको सुनिश्चितता गर्ने । | ५० | १९,४८० | १९,४८० | ५,०८० | ५,०८० | ४९,१७० | ०।५२ |
| | | ताप्ली गापाका उच्च भेग र सुख्खा क्षेत्रमा गैर-परम्परागत सिंचाई प्रविधि को वहुपयोगी सेवा विकास विस्तार गर्ने । | १० | १६,६०० | ५६,५०० | ४४,००० | ४४,००० | १६१,११० | १।७१ |
| | | किसानद्वारा संञ्चालित सिंचाई प्रणालीको मर्मत र संभार गर्न तथा यस्ता प्रणालीको दिगो व्यवस्थापनका लागि अन्य संभावनाको खोजी गर्न किसानहरुको क्षमता अभिबृद्धि गर्ने । | ८२७ | १,७८८ | १,७८८ | १,७८८ | १,७८८ | ७,९७७ | ०।०८ |
| | | **जम्मा** | **२,५८७** | **३८,३६८** | **७७,८६८** | **५०,९६८** | **५०,९६८** | **२२०,७५७** | **२।३५** |
| | भूमि व्यवस्थापन | नीतिगत एकरुपताबाट तथ्याङ्क व्यवस्थापन र प्रभावकारी सेवा विस्तार गरी ताप्ली गापाका सबैप्रकारका भूमिको उत्पादकत्व तथा भू-उपयोगको वहन क्षमताको बृद्धि गर्ने । | २१० | ५३० | १०६ | १०६ | १०४ | १,०५५ | ०।०१ |
| | | **जम्मा** | **२१०** | **५३०** | **१०६** | **१०६** | **१०४** | **१,०५५** | **०।०१** |

| क्षेत्र | उप-क्षेत्र | प्रमुख रणनिति | वर्ष | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाचौं | | |
| | जलस्रोत | राष्ट्रिय र राज्य नीति र अन्तराष्ट्रिय प्रतिबद्धता अनुरुप जलस्रोतको बहुउद्देश्यीय प्रयोजन तथा दिगो संरक्षणको लागि नीति र कानुनी संयन्त्र लागु गर्ने । | ५६५ | २,२१५ | १५ | १५ | १५ | २,८२५ | ०।०३ |
| | | दुइ वा सो भन्दा बढी सरकारी इकाईका सीमामा पर्ने जलस्रोतबाट दिगो र आपसी लाभको सुनिश्चितता गर्ने । | १० | ४,०६० | १०,०१० | ३,०१० | ३,०१० | २०,१०० | ०।२१ |
| | | विश्वविद्यालय र अन्य सरोकारवालाहरुको सहकार्यमा जलस्रोतको दिगो संरक्षण र बहुउद्देश्यीय उपयोगका लागि ज्ञान र प्रविधिको विस्तार गर्ने । | २२६ | ८७९ | ८७५ | ८७५ | ७०० | ३,५५५ | ०।०४ |
| | | संरचनागत र गैर संरचनात्मक प्रविधि र कार्यक्रमबाट पानीको मात्राको पुनर्स्थापना, मौसम परिवर्तन र विपद् जस्ता विषयलाई ध्यानमा राख्दै यारी खोलाको जलाधारक्षेत्रको प्रभावकारी व्यवस्थापन गर्ने । | १०,८४८ | २६,५६६ | २९,२४९ | २०,६८४ | १०,६०४ | ९७,९५० | १।०४ |
| | | पहिरो र नदी काटानको जोखिमबाट सूरक्षित राख्न ताप्लीका सबै वडामा भू-संरक्षण कार्यक्रम गर्ने । | १०,२०२ | ३२,५५८ | ३२,५५० | ३२,५५० | १५,५५० | १२३,४१० | १।३१ |
| | | **जम्मा** | **२१,८५१** | **६६,२७८** | **७२,६९९** | **५७,१३४** | **२९,८७९** | **२४७,८४०** | **२।६४** |
| | वन र जैविक विविधता | गापामा वन क्षेत्रको दिगो व्यवस्थापनका लागि प्रभावकारी अन्तर-सरकारी समन्वय र नीतिगत संसाधनमार्फत् उपयुक्त संयन्त्रको सुनिश्चितता गर्ने । | १,५६० | ३,२६० | १,०१० | १,०१० | १,०१० | ७,८५० | ०।०८ |
| | | गापामा वनको उत्पादकत्व बढाउन स्थानीय ज्ञान, सीप र अभ्यास सहितको वन र जैविक विविधताको वैज्ञानिक व्यवस्थापनका लागि समुदाय र उनीहरूको संस्थाको ज्ञान क्षमता बढाउने । | २,००३ | २,४२६ | ३,१६२ | २,०३७ | २,०३७ | ११,६६५ | ०।१२ |
| | | चरिचरन नियन्त्रण, गोठे घाँस/चारा ख्वाउने, र खुल्ला विग्रेका वनमा डाले घाँस र बाँस रोपी राष्ट्रिय, सामुदायिक र निजी वनको हैसियत र वन्यजन्तुको वासस्थानको स्थितिमा सुधार (सन् २०२४ सम्म वनछत ३०% ले बढ्ने) गर्ने । | १६,०५१ | ३०,११३ | २५,३८८ | २५,३८८ | २४,८६३ | १२१,८०५ | १।३० |
| | | गापाका वन र मानव बस्तीको अन्तर-क्षेत्रमा हुने मानव-वन्यजन्तु विचको द्वन्द  कमी गर्न एक दिगो संयन्त्रको विकास गर्ने । | ४,३९४ | ५,५०० | ५,५०० | ५,५०० | ५,४०६ | २६,३०० | ०।२८ |
| | | गापामा सडक, भवन, प्रसारण लाईन जस्ता पूर्वाधार निर्माणहरुको कारणले वनमा हुने क्षतिलाई कम गर्न उपयुक्त उपायहरू अपनाउने । | ३,०५० | ८,०५० | ९,३०० | ३,५५० | ३,८०० | २७,७५० | ०।३० |
| | | गापामा वातावरणीय पर्यटन र मनोरन्जनका मान्यता र मूल्यसँग सरोकार राख्ने वन, जैविक विविधता र वन्यजन्तुहरुको भू-परिधि स्तरमा  संरक्षण व्यवस्थापन प्रदर्शन गर्ने । | ८०,०११ | १६०,०१९ | १२०,०१० | २०,०१० | २०,०१० | ४००,०६० | ४।२६ |
| | | **जम्मा** | **१०७,०६९** | **२०९,३६८** | **१६४,३७१** | **५७,४९६** | **५७,१२७** | **५९५,४३०** | **६।३४** |
| | खनिज स्रोत | प्राकृतिक स्रोतहरुको दिगो उत्खननको लागि अवसरहरूको खोजी र अन्वेषण गर्ने । | १५ | २,१३५ | | २,००० | | ४,१५० | ०।०४ |
| | | **जम्मा** | **१५** | **२,१३५** | | **२,०००** | | **४,१५०** | **०।०४** |
| | | **आर्थिक क्षेत्रमा कुल जम्मा** | **१७८,२०३** | **३७३,९०१** | **३४३,८३०** | **१९३,९७०** | **१६१,४९४** | **१,२५१,३९७** | **१३।३२** |
| **उद्योग, वाणिज्य आपूर्ति तथा पर्यटन** | **उद्योग** | गापामा हरित आयको लागि रोजगार केन्द्रित प्राकृतिक संसाधनमा आधारित लघु उद्यम, कुटीर र साना उद्योग स्थापना गर्न राज्य सरकारसँग संयुक्त कार्यको शुरुवात गर्ने । | ५१५ | १,५२० | १५ | १५ | १५ | २,०८० | ०।०२ |
| | | स्रोत सम्पन्न र ठूला किसानहरूको पशुजन्य स्रोतमा आधारित उद्यमशीलतालाई कृषिवनसँग एकीकृत गरी ताप्ली गापामा प्रवर्द्धन गर्ने । | ३,१२१ | १०,२०१ | १०,५०६ | ४,५०६ | ३,००० | ३१,३३५ | ०।३३ |
| | | वन संसाधन आधारित उद्यम विकासबाट हरित-वित्तिय व्यवस्थाको प्रवर्द्धन तथा र हरित उद्यमका उद्यमीहरूको लागि वित्तीय संस्थाहरुसँगको पहुँच सुनिश्चित गर्ने । | ७५० | ८,७०० | ४,९५० | १,०५० | १,०५० | १६,५०० | ०।१८ |

| क्षेत्र | उप-क्षेत्र | प्रमुख रणनिति | वर्ष | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाचौं | | |
| | | गापामा साना उद्योग स्थापनाको लागि वित्तीय संस्थाहरुसँग उद्यमीहरुको पहुँच सुनिश्चित गर्न उपयुक्त वातावरण तयार पार्ने । | १०५ | ३,९४५ | | | | ४,०५० | ०।०४ |
| | | गापाको समृद्धिका लागि उच्च तुलनात्मक लाभ तथा उच्च मूल्यका खनिजहरुको उद्योग गर्न उपयुक्त वातावरण तयार पार्ने । | २,०३५ | १८,१५५ | २० | २० | २० | २०,२५० | ०।२२ |
| | | गापामा लघु उद्यम, कुटीर र साना उद्योगहरूको दिगो र प्रभावकारीरुपमा सञ्चालन गर्न क्षमता अभिवृद्धि, ऋणका लागि वित्तीय संस्थामा पहुँच र अन्य सहयोग गर्न एक संयन्त्रको विकास गर्ने । | ११,०१४ | ४८,०१४ | ५६,०१४ | ३४,५१४ | १०,५१४ | १६०,०७० | १।७० |
| | | **जम्मा** | **१७,५४०** | **९०,५३५** | **७१,५०५** | **४०,१०५** | **१४,५९९** | **२३४,२८५** | **२।४९** |
| | वाणिज्य | गापामा उच्च भूगोल र तुलनात्मक लाभका वस्तुहरूको अन्वेषण, उत्पादन र निर्यातका लागि उपयुक्त वातावरण तयार पार्ने । | २१५ | ९१५ | ९१५ | १५ | १५ | २,०७५ | ०।०२ |
| | | संस्था र व्यक्तिगत फर्महरुलाई ताप्ली गापामा प्राकृतिक स्रोत र कृषिजन्य वस्तुहरूको उत्पादन र निर्यातको लागि बैङ्क क्रेडिट र वित्तीय स्रोतहरूसँगको पहुँचको सुनिश्चितता गर्ने । | ११३ | ५२३ | ४५५ | ५ | ५ | १,१०० | ०।०१ |
| | | गापाबाट प्राकृतिक स्रोत र कृषिजन्य वस्तुहरूको गुणात्मक उत्पादन र निर्यात गर्न भण्डारण क्षमता, पारवाहन टचाङ्ग इ. जस्ता प्रभावकारी पूर्वाधारहरुको विकास गर्ने । | ३,१४० | १४४,९३५ | १९,५०० | ९,०५० | ४,५२५ | १८१,१५० | १।९३ |
| | | **जम्मा** | **३,४६८** | **१४६,३७३** | **२०,८७०** | **९,०७०** | **४,५४५** | **१८४,३२५** | **१।९६** |
| | आपूर्ति | गापामा स्थानीय उत्पादनको आपूर्ति बढाउन र बाहय उपभोग्य समाग्रीको आपूर्ति घटाउन, र मालको कृत्रिम अभाव कार्टलिङ्गको अन्त्य गर्न उपयुक्त वातावरण सिर्जना गर्ने । | १,५२० | ३२,५२० | ४,५२० | २,५२० | १,५२० | ४२,६०० | ०।४५ |
| | | कानूनी प्रावधान अनुसार चरम गरिबी, जेष्ठ नागरिक, एकल महिला र अन्य नागरिक घरधुरीका लागि खाद्य र आधारभूत सामग्रीको आपूर्ति गर्न एक स्थायी संयन्त्र स्थापना गर्ने *(खाद्य सुरक्षा)* । | १,१०५ | १,१०५ | ६८० | ६८० | ६८० | ४,२५० | ०।०५ |
| | | साना-गरीब किसान र महिलाहरूको खाद्य सुरक्षा र पोषणको लागि तरकारी/पशु उत्पादनको आपूर्ति बढाउन उनीहरुको पहुँच बढाउने, र उत्पादनको बचतबाट थप आम्दानी बढाउने *(खाद्य सुरक्षा)* । | ७८४ | २४,१७० | ३,०४८ | १,५३९ | ७८४ | ३०,३२५ | ०।३२ |
| | | साना-गरीब किसान र महिलाहरूको खाद्य सुरक्षा र पोषणको लागि तरकारी/पशु उत्पादनको आपूर्ति बढाउन र थप आम्दानीको लागि अतिरिक्त आपूर्ति बढाउन क्षमता अभिवृद्धि गर्ने *(मानव संसाधन र विकास)* । | २ | ६४ | ८ | ४ | २ | ८० | ०।०० |
| | | संवेदनशील वस्तुहरूको आपूर्तिको लागि डिपो स्थापना गर्ने *(यातायात)* । | ५३३ | १६,८०८ | २,१०० | १,०५० | ५२५ | २१,०१५ | ०।२२ |
| | | **जम्मा** | **३,९४४** | **७४,६६७** | **१०,३५६** | **५,७९३** | **३,५११** | **९८,२७०** | **१।०५** |
| | पर्यटन | गापाका सबै नागरिकलाई साझा फाइदा हुनेगरी सार्वजनिक-निजी साझेदारीको को मर्मानुरुप ताप्ली गापालाई पर्यटन गन्तव्यका रूपमा स्थापित गर्न उपयुक्त वातावरण तयार पार्ने । | ६७८ | ४,२५९ | १९९ | २० | २० | ५,१७५ | ०।०६ |
| | | गापामा सार्वजनिक-निजी उच्च कोटीको पर्यटन पहल प्रवर्द्धन गर्न वित्तीय स्रोतको पहुँचको सुनिश्चित गर्ने । | ३१० | १,२१० | ३१० | १,२१० | १० | ३,०५० | ०।०३ |
| | | गापामा उच्च मानभएको प्रकृतिक-सांस्कृतिक-पर्यटनको लागि समुदाय र ग्रामीण संस्थाहरुको क्षमताको विकास गर्ने । | ११६ | ६,७६७ | १,३७० | ९०५ | ४५३ | ९,६१० | ०।१० |
| | | सबै धार्मिक-सांस्कृतिक स्थल, मठ-मन्दिर र प्राकृतिक गुफा, स्मारकको पुनर्स्थापना गर्ने र ताप्ली गापाको संस्कृति संरक्षण र पर्यटन विकासको अभिन्न निधिको रूपमा गाउँ संग्रहालय | ३,७२६ | २७,३०५ | ३१,८९० | १०,७५० | ७,०५० | ८०,७२१ | ०।८६ |

| क्षेत्र | उप-क्षेत्र | प्रमुख रणनिति | वर्ष | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाचौं | | |
| | | स्थापना गर्ने । | | | | | | | |
| | | युवाहरुलाई दिगो विकासको निधिको रूपमा संस्कृति संरक्षणका लागि परिचालन गरी ताप्ली गापाका पर्यटन विकासको पहलमा योगदान पुऱ्याउने । | ३७५ | ३७५ | ३७० | ३७० | ३७० | १,८६० | ०।०२ |
| | | गापाको ताप्ली डाँडालाई उच्च महत्वको प्रमुख पर्यटन गन्तव्यस्थलको रूपमा प्रवर्द्धन गर्ने । | १८,०१३ | २२५,०७२ | २९५,०२२ | ४९,९८७ | ३१,४८७ | ६१९,५८० | ६।५९ |
| | | गापाको पर्यटन गन्तव्यस्थल बनाउने पहलमा प्रमुख भूमिका खेल्नसक्ने कुमाल्टार-हाडेचौर-रात्माटे क्षेत्रलाई मनोरञ्जनस्थलको रुपमा विकास गर्ने । | ३,५५० | ४६,८७५ | ८३,८०० | १३,६३८ | १३,६३८ | १६१,५०० | १।७२ |
| | | **जम्मा** | **२६,७६८** | **३११,८६२** | **४१२,९६०** | **७६,८७९** | **५३,०२७** | **८८१,४९६** | **९।३८** |
| | | **उद्योग, वाणिज्य आपूर्ति तथा पर्यटन क्षेत्रमा कुल जम्मा** | ५१,७१९ | ६२३,४३७ | ५१५,६९१ | १३१,८४७ | ७५,६८२ | १,३९८,३७६ | १४।८८ |
| समाजिक क्षेत्र | **जनसङ्ख्या तथा वसाई सराई** | गापामा जनसङ्ख्या व्यवस्थापनलाई दिगो विकासको अभिन्न अङ्को रूपमा एकीकृत गरी दिगो विकासकालागि प्रभावकारी समन्वय र संस्थागत विकास गर्ने । | ३,७५२ | १२,३५२ | २,८८५ | २,८८५ | २,८८५ | २४,७६० | ०।२६ |
| | | जनसङ्ख्या/जनसाङ्ख्यिकीय र अन्य सामाजिक विषयहरुको आधार-तथ्याङ्क/सूचनाहरु तयार तथा अध्यावधिक गरी सरोकारवालाहरूलाई नीति विकास र योजना तर्जुमा गर्न आवश्यक सूचना उपलब्ध गराउने *(तथ्याङ्क प्रणाली र मानव संसाधन विकास)*। | ५१४ | ५३२ | ५१४ | ५२४ | ५१२ | २,५९५ | ०।०३ |
| | | गापामा आप्रवासनको अवस्थालाई न्यूनस्तरमा ल्याउन प्रोत्साहन र सुविधाहरूको प्रभावकारी उपायहरु आवलंबन गर्ने *(युवा विकास)*। | १२० | २११ | १८८ | १५४ | १५४ | ८२८ | ०।०१ |
| | | रणनीतिक रूपमा जनसङ्ख्या वृद्धि दर विनियमित गर्न दुई वा सो भन्दा कम बच्चा भएका परिवारलाई 'प्रशंसा पुरष्कार' र उपलब्ध सुविधा सेवाहरुमा सरल उपाय अपनाई यस्ता परिवारको सेवा/सुविधामा पहुँच बढाउन प्रोत्साहन गर्ने । | १,७५० | १,७५० | १,७५० | १,७५० | १,७५० | ८,७५० | ०।०९ |
| | | **जम्मा** | **६,१३६** | **१४,८४५** | **५,३३८** | **५,३१४** | **५,३०१** | **३६,९३३** | **०।३९** |
| | **शिक्षा** | गापामा प्रारम्भिक बाल विकास र शिक्षा कार्यक्रमलाई शिक्षा प्रणालीको अभिन्न अङ्को रूपमा सबै बच्चाहरूको लागि अनिवार्य गर्न संरचना र सुविधाहरुमा सुधार र विस्तार गर्ने । | ४,२७० | ६,६०० | ६,०९० | ६,१०५ | ६,०९० | २९,१५५ | ०।३१ |
| | | गापाबाट सन् २०२४ सम्म निरक्षरता हटाउने । | ५,०१० | १,२०० | १,६०० | १,२०० | ( | ९,०१० | ०।१० |
| | | गापामा दिगो विकासको लक्ष्य-४ सँग सम्बद्ध सबै वालवालिकाहरुको निशुल्क: शिक्षाका लागि शिक्षाको पहुँचमा सुधार गर्ने । | ८८४ | ८३४ | ८८४ | ८३४ | ८८४ | ४,३२० | ०।०५ |
| | | गापाका छात्रा र फरक क्षमताका विद्यार्थीहरूको गुणस्तरीय शिक्षाको लागि शिक्षा केन्द्रहरूमा अनुकूल संरचना र सुविधामा सुधार गर्ने । | १८,४८० | २२७,४७७ | २२६,३९७ | २०४,९७७ | १२९,७३० | ८०७,०६० | ८।५९ |
| | | विद्यार्थी र शिक्षकहरू भविष्यका स्तम्भ हुन् भन्ने मान्यतालाई मूर्तरुप दिन क्षेत्रगत विषयका सबै मुद्धा र कार्यक्रमलाई अतिरिक्त पाठ्यक्रममा एकीकृत गराई विद्यार्थी र शिक्षकहरूको क्षमताको सुदृढीकरण गर्ने । | ( | ५,१२५ | ५,१२५ | ५,१२५ | ५,१२५ | २०,५०० | ०।२२ |
| | | गापालाई नेपालको पोलीटेक शिक्षा अध्ययनका निमित्त सर्वोत्तम शिक्षण गन्तव्यको रूपमा स्थापित गर्ने । | ३,५१० | ९२,६५३ | ९२,५६३ | ८,१८८ | ८,१८८ | २०५,१०० | २।१८ |
| | | **जम्मा** | **३२,१५४** | **३३३,८८८** | **३३२,६५८** | **२२६,४२८** | **१५०,०१७** | **१,०७५,१४५** | **११।४४** |
| | **स्वास्थ्य** | गापामा सूर्तिजन्य र मदिरा जस्ता स्वास्थ्यमा हानिकारक सर-सामान र उत्पादनहरू *'सबै नीतिमा स्वास्थ्य'* को कार्यनीति आवलंबन गरी सबै क्षेत्रको संलग्नतामा नियमन र कार्यन्वयन गर्ने । | ३२६ | ३२६ | ३२६ | ३२६ | ३२६ | १,६३० | ०।०२ |
| | | नीति निर्माण, अनुगमन र अन्य प्रयोजाका निमित्त स्वास्थ्यका तथ्याङ्को उत्पादन र प्रविधिमा आधारित स्वास्थ्य सूचना प्रणाली प्रविधि को व्यवस्था गर्ने । | २५० | २,२७० | | | | २,५२० | ०।०३ |

| क्षेत्र | उप-क्षेत्र | प्रमुख रणनिति | वर्ष<br>पहिलो | दोस्रो | तेस्रो | चौथो | पाचौं | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | गापामा संक्रामक र गैर-संक्रामक रोगहरूको प्रकोप विरूद्ध नियन्त्रणका उपायहरू अपनाउने । | ६,८०९ | १०,५५८ | १०,१३२ | २,४०३ | ३,५६९ | ३३,४७० | ०।३६ |
| | | गापामा प्रतिरोधात्मक, प्रवर्द्धक, उपचारात्मक र पुनर्स्थापनात्मक स्वास्थ्य हेरचाह र चिकित्साका सेवाहरूमा नागरिकहरूको पहुँच सुनिश्चित गर्ने *(सामाजिक सुरक्षा क्षेत्र)*। | ४,४२० | ४,४९५ | ४,४२० | ४,४२० | ४,४२० | २२,१७५ | ०।२४ |
| | | ताप्ली गापामा वालवालिकाको आधारभूत स्वास्थ्य र कुपोषणको घटनाहरू न्यूनीकरण गर्न स्वास्थ्य केन्द्रहरूमा सुविधा र सेवाहरूको सुनिश्चितता गर्ने । | ३० | ३० | ३० | ३० | ३० | १५० | ०।०० |
| | | गापाका विद्यमान स्वास्थ्य चौकीहरूमा नागरिकहरूको राम्रो स्वास्थ्य देखभालको लागि संरचना र चिकित्सा सुविधाहरूमा सुधार गर्ने । | १३,६५० | १७,४०० | ११,८५० | ३०० | ३०० | ४३,५०० | ०।४६ |
| | | गापामा सूरक्षित प्रजनन स्वास्थ्य, परिवार नियोजन र सूरक्षित मातृशिशुका लागि अधिकारसम्मत प्रजनन सेवाहरूको पहुँच सुनिश्चित गर्ने *(लैङ्गिक समानता, र महिला सशक्तिकरण)*। | १,७६४ | ५,७७२ | १,२६३ | ४१९ | ४१९ | ९,६३५ | ०।१० |
| | | गापामा आधुनिक स्वास्थ्य सेवा सुविधा, सेवाहरू (आपतकालीन शल्य-चिकित्सा र ट्रमा उपचार) र सिप विकासको लागि उच्च प्रविधि सहितको बहुउद्धेश्यीय स्वास्थ्य सेवा र सीप विकास केन्द्र स्थापना गर्ने । | ३०० | १४,२५० | १२,००० | १२,००० | १२,००० | ५०,५५० | ०।५४ |
| | | **जम्मा** | **२७,५४८** | **५५,१०१** | **४०,०२०** | **१९,८९७** | **२१,०६४** | **१६३,६३०** | **१।७४** |
| | **खानेपानी तथा सरसफाई** | गापामा पर्याप्त र सूरक्षित पानीको आपूर्ति र सरसफाईका सेवालाई गरीब, सीमान्तकृत र विपन्न घरधुरीलाई प्राथमिकता दिदै जलवायु परिवर्तन र विपद् व्यवस्थापनसँग आबद्ध गरी सबैलाई सेवा सुनिश्चित गर्न उपयुक्त वातावरण बनाउने । | ३९० | ३,३९० | १५ | १५ | १५ | ३,८२५ | ०।०४ |
| | | गापामा सहभागितामूलक व्यवस्थापनाबाट सूरक्षित र पर्याप्त पिउने पानी आपूर्ति र सरसफाई सेवाहरूको विस्तार क्षेत्र बढाउने । | २,४६९ | १८,५५० | १८,५५० | ४,६३८ | २,३१९ | ४६,५२५ | ०।५० |
| | | गापामा सेवा र विस्तारलाई दिगोरूपमा प्रदान गर्न पर्याप्त शुल्क सहितको मौसम परिवर्त्तन र विपद् व्यवस्थापनसँग सम्वद्ध खानेपानी, सरसफाई र सिंचाई जस्ता बहु-उपयोगी सेवा र सुविधाहरू मागमा आधारित जलाशयको निर्माण गर्ने । | ८,०६५ | ४०,०१५ | ३४,७६५ | ८,०१५ | ४,२६५ | ९५,१२५ | १।०१ |
| | | गापामा खानेपानी आपूर्तिका सबै योजनाहरूको माइक्रो बेसीं स्तरको जलाधारबाट पानीका सबै स्रोत र मुहानहरूको सुरक्षा गर्ने । | १,७५० | २,४२५ | २,३५० | १,३०० | ४७५ | ८,३०० | ०।०९ |
| | | खानेपानी आपूर्ति र सरसफाईका कार्यक्रमहरूको दिगोपनका लागि मौसम परिवर्त्तन र विपद्सँग सम्वद्ध गराई स्थानीय सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने । | १,७५५ | १,७५५ | १,६६५ | १,७५५ | १,६९५ | ८,६२५ | ०।०९ |
| | | **जम्मा** | **१४,४२९** | **६६,१३५** | **५७,३४५** | **१५,७२३** | **८,७६९** | **१६२,४००** | **१।७३** |
| | **युवा विकास** | गापामा युवाद्वारा सञ्चालित उद्यम तथा साना व्यवसायहरूलाई कृषिवनसँग आवद्ध गरी प्रवर्द्धन गर्न वित्त सहयोग सहितको प्रावधानको व्यवस्था गर्ने । | १,०२० | १,०२० | १,०२० | १,०२० | १,०२० | ५,१०० | ०।०५ |
| | | ताप्ली गापामा युवाद्वारा सञ्चालित साना व्यवसायका लागि विभिन्न क्षेत्रमा युवाहरूको प्राविधिक र व्यवसायिक सीपहरूको क्षमता अभिबृद्धि गर्ने । | १,७३२ | १,७४७ | १,३१८ | १,२७६ | १,२७६ | ७,३४९ | ०।०८ |
| | | गापामा युवा संलग्नता, कृषिवन र सहकारीलाई एकीकृत गरी उच्च तुलनात्मक लाभका भौगोलिक क्षेत्रहरूमा उच्च मूल्यको कृषि उत्पादनहरुको वाणिज्ययीकरण गर्ने । | ८५० | २,१२५ | ४२५ | ४२५ | ४२५ | ४,२५० | ०।०५ |
| | | क्षमता विकास र युवाका योजनाहरुबाट खाद्य सुरक्षाको स्थिति संबोधन गर्न स्थानीय संयन्त्र सबल बनाउने *(कृषि र उद्योग क्षेत्र र मानव संसाधन विकास)*। | १,३३६ | ४,९३८ | १,६०५ | ८४१ | ६८५ | ९,४०५ | ०।१० |
| | | युवाहरूको प्रवासनको प्रवृत्ति न्यूनिकरण गर्न ताप्ली गापामा अवसरहरूको सृजना गर्ने *(* | ( | ९८,००० | ७३,५०० | ३६,७५० | ३६,७५० | | २।६१ |

| क्षेत्र | उप-क्षेत्र | प्रमुख रणनिति | वर्ष | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाचौं | | |
| | | *जनसंङ्ख्या तथा बसाँईसराई)* । | | | | | | २४५,००० | |
| | | गापाका युवा शक्तिलाई रोजगार केन्द्रित कृषि, उद्यमशीलता, साना कुटीर र अन्य उद्योगहरूको मूलधारमा प्रवाहित गर्ने *(उद्योग)* । | १,७०० | १,७०० | १,६५० | १,६५० | १,६५० | ८,३५० | ०।०९ |
| | | **जम्मा** | **६,६३८** | **१०९,५३०** | **७९,५१८** | **४१,९६२** | **४१,८०६** | **२७९,४५४** | **३।९७** |
| | लैङ्गिक समानता र महिला सशक्तिकरणको कार्यक्रम | नीति, कानून र योजना तर्जुमाकै अवस्था देखि ताप्ली गापाका विकासका हरेक क्षेत्रका कार्यक्रम र कार्यहरुका ढाँचा निर्माण गर्दा महिलाको सहभागिता ५०% ले सुनिश्चित गरी लैङ्गिक समानताका लागि उपयुक्त वातावरण बनाउने । | ३,२१८ | ६२४ | ६२४ | १५५ | १५५ | ४,७७५ | ०।०५ |
| | | ताप्ली गापामा सबै क्षेत्रहरुमा लैङ्गिक समानता र महिला सशक्तिकरणको समीक्षाका लागि संयन्त्र विकास गर्ने *(तथ्याङ्ग प्रणाली)* । | २,००० | १,१२५ | १,१२५ | १,१२५ | १,१२५ | ६,५०० | ०।०७ |
| | | गापामा समाजिक र आर्थिक रूपबाट वञ्चित महिलाहरूको सामाजिक उत्थान र आर्थिक सार्वभौमताको लागि सशक्तिकरण गर्ने । | १०,०४६ | १०,३९६ | ९,४७१ | ९,४७१ | ९,४७१ | ४८,८५५ | ०।५२ |
| | | गापामा प्रसूति स्वास्थ्य हेरचाह, शिशु जन्मका आवश्यक सुविधा र राम्रो पोषणावस्थाका सुविधाहरुको सुनिश्चितता गर्ने *(स्वास्थ्य र पोषण)* । | १० | १० | १० | १० | १० | ५० | ०।०० |
| | | गापामा सबै प्रकारका घरेलु हिंसा र सामाजिक विभेदको बिरूद्ध महिलाहरूलाई सशक्त बनाउने । | ५,६२५ | ५,६२५ | ५,६२५ | ५,६२५ | ५,६२५ | २८,१२५ | ०।३० |
| | | **जम्मा** | **२०,८९९** | **१७,७८०** | **१६,८५५** | **१६,३८६** | **१६,३८६** | **८८,३०५** | **०।९४** |
| | बाल तथा किशोर | विषयगत निकायहरुको सहकार्यमा स्वास्थ्य केन्द्रहरूको सेवा संञ्चालनबाट ताप्ली गापामा बाल स्वास्थ्यका अवस्थामा सुधार गरी बाल मृत्युदर न्यून गर्ने *(स्वास्थ्य र सरसफाई, र शिक्षा)* । | ६,३६४ | ६,३६४ | ४,३२४ | २,२८४ | २,२८४ | २१,६२० | ०।२३ |
| | | दिगो विकासको लक्ष्य-४ अनुसार ताप्ली गापामा सबै बच्चाका लागि निःशुल्क बाल शिक्षामा समावेशी र समान पहुँचको प्रावधानको सुनिश्चित गर्ने । | २०,५३२ | २०,५३२ | २०,४५७ | २०,३८२ | २०,३८२ | १०२,२८५ | १।०९ |
| | | ताप्ली गापाका सबै बच्चा र किशोर किशोरीहरूलाई सबै प्रकारका घरेलु हिंसा र सामाजिक विभेदबाट सुरक्षित राखी सुरक्षा सुनिश्चित गर्ने । | ७३० | ७१० | ७१० | ७१० | ७१० | ३,५७० | ०।०४ |
| | | बच्चाहरूलाई सक्रिय र जिम्मेवार नागरिककारुपमा तयार पारी पुस्तान्तरणमा देशको भावि नेताकारुपमा तयार पार्दै लाने । | ३,११० | ३,११० | ३,११० | ३,११० | ३,११० | १५,५५० | ०।१७ |
| | | **जम्मा** | **३०,७३६** | **३०,७१६** | **२८,६०१** | **२६,४८६** | **२६,४८६** | **१४३,०२५** | **१।५२** |
| | जेष्ठ नागरिक | गापामा जेष्ठ नागरिकहरूको राम्रो हेरचाह र स्याहासुसारका लागि एक संयन्त्र व्यवस्था गर्ने *(स्वास्थ्य र पोषण)* । | २,१५७ | ३,५०७ | १,५८२ | १,५८२ | १,५८२ | १०,४१० | ०।११ |
| | | जेष्ठ नागरिक, सेवानिवृत्त कर्मचारी र अन्यको ज्ञान, सीप, र अनुभव अभ्यासहरूलाई अन्तर-युवापुस्ता सीप हस्तान्तरणको पहल गर्ने । | १५० | १५० | १५० | १५० | १५० | ७५० | ०।०१ |
| | | गापामा जेष्ठ नागरिकका लागि व्यवस्था गरिएका समाजिक सुरक्षा सहयोग लिन सरल व्यवस्था गर्ने *(सामाजिक सुरक्षा)* । | २०० | २०० | २०० | २०० | २०० | १,००० | ०।०१ |
| | | **जम्मा** | **२,५०७** | **३,८५७** | **१,९३२** | **१,९३२** | **१,९३२** | **१२,१६०** | **०।१३** |
| | भिन्न क्षमता भएका व्यक्तिहरु | गापामा उपलब्ध सबै सार्वजनिक भौतिक संरचना, कार्यालय भवन, यातायात, सेवा र सेवा केन्द्र, साधन र स्रोत, सञ्चार र सूचना र प्रविधिमा सबै अशक्तहरूको सरल पहुँचको सुनिश्चितता गर्ने *(सामाजिक सुरक्षा)* । | ४६ | ४६ | ४६ | ४६ | ४६ | २३० | ०।०० |
| | | ताप्ली गापाका अशक्त समुदायलाई उनीहरूको आर्थिक सार्वभौमता, शिक्षा र खेलकूदको | ५,२९० | ३,६०३ | ३,६०३ | ३,६०३ | ३,६०३ | १९,७०० | ०।२१ |

| क्षेत्र | उप-क्षेत्र | प्रमुख रणनिति | वर्ष पहिलो | दोस्रो | तेस्रो | चौथो | पाचौं | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | गतिविधिका निमित्त सशक्त बनाउने । | | | | | | | |
| | | गापामा अशक्तहरूका लागि व्यवस्था गरिएका समाजिक सुरक्षा सहयोग लिन सरल व्यवस्था गर्ने *(सामाजिक सुरक्षा)* । | ३०७ | १४२ | १४२ | १४२ | १४२ | ८७६ | 0।0१ |
| | | गापाका स्वास्थ्य केन्द्रहरूमा अशक्तहरूको लागि स्वास्थ्य सुविधा सुनिश्चित गर्ने *(सामाजिक सुरक्षा)* । | ९२६ | ९२६ | ९२६ | ९२६ | ९२६ | ४,६३० | 0।0५ |
| | | **जम्मा** | **६,५६९** | **४,७१७** | **४,७१७** | **४,७१७** | **४,७१७** | **२५,४३६** | **0।२७** |
| | खेलकुद विकास | गापामा खेलकुद र यसका सुविधालाई दिगो विकासको कोशेढुङ्गाकोरूपमा विकास गर्न दिगो संयन्त्र बनाउने । | ५,३८३ | ५,३६७ | ५,३६७ | ५,३६७ | ५,३६७ | २६,८५० | 0।२९ |
| | | गापामा गुणस्तरीय आउटडोर खेल गतिविधिहरू संञ्चालन गर्न खेल पूर्वाधारहरू सुधार गर्ने । | ४,१00 | ४0,१00 | २१,६00 | ६,६00 | ५,१00 | ७७,५00 | 0।८२ |
| | | गापामा सबै क्षेत्र विकासका कार्यक्रम र कार्यको ढाँचा विशेष गरी युवा र शिक्षा क्षेत्रको ढाँचासँग एकीकृत अवधारणा अनुसार खेलकुद प्रवर्द्धनको लागि पहल गर्ने । | २,0२९ | २,00४ | २,00४ | २,00४ | २,00४ | १0,0४५ | 0।११ |
| | | गापाका कापर्डी र डंण्डी/बियो जस्ता परम्परागत र स्थानीय खेलहरूलाई प्रवर्द्धन गर्ने । | १,६३0 | १,६३0 | १,६३0 | १,६३0 | १,६३0 | ८,१५0 | 0।0९ |
| | | **जम्मा** | **१३,१४२** | **४९,१0१** | **३0,६0१** | **१५,६0१** | **१४,१0१** | **१२२,५४५** | **१।३0** |
| | सामाजिक सुरक्षा | आय नभएका घरधुरी, अशक्त व्यक्ति, विधवा, अभिभावक विहिन/असहाय बच्चाहरू र परिवारविहिन व्यक्तिहरूलाई सामाजिक सुरक्षाको विद्यमान व्यवस्थानुसार संरक्षण गर्ने । | १३ | १२ | १२ | १२ | १२ | ६0 | 0।00 |
| | | गापाका सबै नागरिकलाई सामाजिक सुरक्षाका स्वास्थ्य सेवा, यात्रा र सामाजिक सुरक्षा भत्ता जस्ता सबै सुविधाहरूको सरल पहुँचको सुनिश्चितता गर्ने *(स्वास्थ्य र पोषण)* । | ६९,४५६ | ६९,४५६ | ६९,४५६ | ६९,४५६ | ६९,४५६ | ३४७,२८0 | ३।७0 |
| | | **जम्मा** | ६९,४६९ | ६९,४६८ | ६९,४६८ | ६९,४६८ | ६९,४६८ | ३४७,३४0 | ३।७0 |
| | | **समाजिक क्षेत्र मा कुल जम्मा** | **२३0,२२६** | **७५५,१३७** | **६६७,0५२** | **४४३,९१३** | **३६0,0४६** | **२,४५६,३७३** | **२६।१४** |
| **पूर्वाधार क्षेत्र** | **उर्जा** | राष्ट्रिय प्रसारण लाइन र उर्जा व्यवस्थापनबाट भरपर्दो बिजुली आपूर्तिको लागि पहुँच विस्तार गर्ने, र ताप्ली गापामा स्मार्ट मिटरिङ्गको व्यवस्था गर्ने । | ८,0४0 | २८,१00 | १,३५३ | १,३५३ | १,३५३ | ४0,२00 | 0।४३ |
| | | गापामा राष्ट्रिय प्रसारण लाइनको विद्युतको पहुँच बाहिर रहेका घरधुरीलाई सौर्य उपकरणबाट उर्जामा पहुँचको सुनिश्चितता प्रदान गर्ने । | ३,0६७ | ३,0६७ | ३,0६७ | १५0 | १५0 | ९,५00 | 0।१0 |
| | | गापामा दाउराको खपत कमी गर्न नयाँ उदीयमान बजार केन्द्रहरुका घरहरुमा वायोग्यास र हुड स्टोभ जस्ता प्रभावकारी उर्जावचत प्रविधि उपकरणहरुको प्रयोगलाई प्रवर्द्धन गर्ने । | ४,९२७ | ४,९२७ | ४,९२७ | २६0 | २६0 | १५,३00 | 0।१६ |
| | | गाउँपालिकामा हाउस वाइरिङ्ग, विद्युतीय उपकरणहरु, सौर्य उपकरणहरु आदि जस्ता चीजहरुको मर्मत र सम्भारको निम्ति समुदायको क्षमता बढाउने । | ३0५ | १,२२0 | | | | १,५२५ | 0।0२ |
| | | **जम्मा** | **१६,३३८** | **३७,३१३** | **९,३४७** | **१,७६३** | **१,७६३** | **६६,५२५** | **0।७१** |
| | **यातायात सञ्जाल** | गापाका उपयुक्त स्थानहरुमा सबै वातावरणीय सुरक्षा र सकेतहरु सहितको यातायात सञ्जालको दिगो विकासको निम्ति सहज वातावरण निर्माण गर्ने । | १,८२८ | ७0,७0३ | १५ | १५ | १५ | ७२,५७५ | 0।७७ |
| | | सबै वातावरणीय सुरक्षा सहितको एकीकृत र दिगो विकासको निम्ति रणनीतिक सडक संञ्जाल, व्यापारिक र बजार केन्द्रहरुसँग ताप्ली गापाको पहुँच पुऱ्याउन प्रदेश सरकारसँग सहकार्य गर्ने । | ७,२६५ | २५९,0१५ | २१,२६५ | १,२६५ | १,२६५ | २९0,0७५ | ३।0९ |
| | | गापाका सबै वडाहरुलाई जोड्ने सबै मौसममा चल्ने चक्रपथको विद्यमान अवस्थालाई सबै वातावरणीय सुरक्षा सहित स्तरोन्नति गर्ने । | २00 | ६५७,८00 | ५२0,000 | ९७,५00 | ३२,५00 | १,३0८,000 | १३।९२ |
| | | गापामा वातावरणीय सुरक्षा सहितको ग्रामीण शाखा सडकहरु निर्माण गर्ने स्थानीय | ५४,0८८ | १७७,४१३ | १५0,000 | ७२,000 | ६0,000 | ५१३,५00 | ५।४७ |

| क्षेत्र | उप-क्षेत्र | प्रमुख रणनिति | वर्ष पहिलो | दोस्रो | तेस्रो | चौथो | पाचौं | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | समुदायहरुको पहललाई सहयोग गर्ने | | | | | | | |
| | | गापामा सबै मौसममा याातायात सुविधाको निम्ति स्थायी पुल संरचना सहितको यातायात सञ्जालको सुधार गर्ने । | २०० | १८७,८०० | १४४,००० | २७,००० | ९,००० | ३६८,००० | ३।९२ |
| | | गापामा पर्यटन विकासको दृष्टिकोणले केबलकार र रोपवे जस्ता आधुनिक र उच्च प्रविधियुक्त यातायातका साधनहरुको निम्ति पहल गर्ने *(पर्यटन)*। | २४८ | २१,२७५ | १८,०१० | १० | १० | ३९,५५२ | ०।४२ |
| | | सवारी यातायातमा राम्रो पहुँच सहित नागरिकहरुको गुणस्तरीय जीवनयापनको निम्ति ताप्ली गापाका सबै बस बिसौनीहरुमा वातावरणीय सरसफाई र अन्य सुरक्षा उपायहरु अपनाई बस स्टेसनहरुमा यातायातका साधनहरु र सुविधाहरुको निर्माण गर्ने । | १,४०२ | ५२,६५४ | २०,००० | ३,७५० | १,२५० | ७९,०५६ | ०।८४ |
| | | **जम्मा** | **६५,२२९** | **१,४२६,६५९** | **८७३,२९०** | **२०१,५४०** | **१०४,०४०** | **२,६७०,७५८** | **२८।४३** |
| | **सूचना तथा संचार** | गापामा प्रभावकारी संचार तथा सूचना सेवामा सबै नागरिकहरुको पहुँच सुनिश्चित गर्ने । | २०५ | १,७५५ | १,२२२ | १२२ | १२२ | ३,४२५ | ०।०४ |
| | | गापाका सबै नागरिकहरूको सञ्चार र सूचनाको अधिकारको रक्षा गर्न सबै क्षेत्रगत प्रगति/मुद्दाहरु प्रसारण गर्न एफ.एम. रेडियो र टिभी स्टेशनहरूको स्थापना गर्न अवसरहरूको खोजी गर्ने । | १,६१० | १०,४१० | १,६७७ | १,६७७ | १,६७७ | १७,०५० | ०।१८ |
| | | गापामा सबै हुलाक सेवाहरुको दिगो संञ्चालनको निम्ति संरचना, सुविधा र क्षमतामा सुधार गर्ने । | ८,५२५ | १३,२७५ | ८,४०० | ८,४०० | ८,४०० | ४७,००० | ०।५० |
| | | **जम्मा** | **१०,३४०** | **२५,४४०** | **११,२९८** | **१०,१९८** | **१०,१९८** | **६७,४७५** | **०।७२** |
| | **गाउँपालिका संरचना** | गापामा कुशल एवं प्रभावकारी सेवा प्रवाह र विकासका कदमहरुको व्यवस्थापन सुनिश्चित गर्ने । | ५०० | ४,३०० | ४०० | ४०० | ४०० | ६,००० | ०।०६ |
| | | गापामा जेष्ठ नागरिकहरु, अपाङ्गता भएका व्यक्तिहरु र बालबालिकाहरुको सहज पहुँच सुनिश्चित हुनेगरी गाउँपालिकाको सचिवालय भवन र सेवा केन्द्रहरुको निर्माण गर्ने *(प्रशासकीय शासन)*। | ५,३५० | ९४,६५० | ३,९०० | ४,२६० | ४,४४० | ११२,६०० | १।२० |
